# कानुनी नेपाली भाषाको आलोचनात्मक सङ्कथन विश्लेषण

तीर्थराज खतिवडा

नेपाली शिक्षा विषयमा विद्यावारिधि उपाधिका लागि प्रस्तुत शोधप्रबन्ध

ग्राजुएट स्कुल अफ एजुकेशन

डिनको कार्यालय,

शिक्षाशास्त्र सङ्काय,

त्रिभुवन विश्वविद्यालय, काठमाडौँ, नेपाल ।

अक्टोबर, २०२४

CamScanner

# कानुनी नेपाली भाषाको आलोचनात्मक सङ्कथन विश्लेषण

तीर्थराज खतिवडा

नेपाली शिक्षा विषयमा विद्यावारिधि उपाधिका लागि प्रस्तुत शोधप्रबन्ध

ग्राजुएट स्कुल अफ एजुकेशन

डिनको कार्यालय,

शिक्षाशास्त्र सङ्काय,

त्रिभुवन विश्वविद्यालय, काठमाडौ नेपाल ।

अक्टोबर, २०२४

शिक्षाशास्त्र संकाय
डीनको कार्यालय
काठमाडौं

© तीर्थराज खतिवडा

२०२४

सर्वाधिकार सुरक्षित

# स्वघोषणा

यो शोधप्रबन्ध मेरो मौलिक हो । मैले यसमा कुनै पनि अंश पहिले कुनै पनि उपाधिका लागि कुनै विश्वविद्यालय वा संस्थामा यसका कुनै पनि अंश पहिले मूल्याङ्कनका लागि पेश गरेको छैन ।

तीर्थराज खतिवडा

शोधार्थी

२०८१।०७।१२

# शोधनिर्देशकको सिफारिस

शोधार्थी तीर्थराज खतिवडाद्वारा त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय डिनको कार्यालय, ग्राजुएट स्कुल अफ एजुकेशन, कीर्तिपुरमा विद्यावारिधि ( पिएच. डी) उपाधिका लाागि प्रस्तुत **कानुनी नेपाली भाषाको आलोचनात्मक सङ्कथन विश्लेषण** शीर्षकको शोधप्रबन्ध मेरो निर्देशनमा तयार पारिएको हो । परिश्रमपूर्वक गरिएको शोध कार्यबाट म पूर्णतः सन्तुष्ट छु । प्रस्तुत शोधप्रबन्धको बाह्य मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०८१।०७।१२

-------------------------

प्रा.डा. पारसमणि भण्डारी

(शोधनिर्देशक)

## मूल्याङ्कन समितिको स्वीकृति

शोधार्थी तीर्थराज खतिवडाद्वारा प्रस्तुत **कानुनी नेपाली भाषाको आलोचनात्मक सङ्कथन विश्लेषण** शीर्षकको शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, अनुसन्धान समितिको वाह्य मूल्याङ्कनबाट शिक्षाशास्त्रमा विद्यावारिधि (पिएच.डी.) उपाधिका निमित्त उपयुक्त ठहरिएकोले स्वीकृति प्रदान गरिएको छ ।

--------------------------------

प्रा.डा. चित्रबहादुर बुढाथोकी

(डीन तथा प्रमुख अनुसन्धान समिति, शिक्षाशास्त्र सङ्काय, त्रि.वि.)

--------------------------------

प्रा.डा. पारसमणि भण्डारी

(शोधनिर्देशक)

--------------------------------

प्रा.डा. गोविन्दराज भट्टराई

(वाह्य परीक्षक)

--------------------------------

प्रा.डा. राजेन्द्रप्रसाद पौडेल

(वाह्य परीक्षक)

--------------------------------

प्रा.डा. वेदराज आचार्य

(निर्देशक, ग्र्याजुएट स्कुल अफ एजुकेसन

तथा

अनुसन्धान समिति, सदस्य, शिक्षाशास्त्र सङ्काय, त्रि.वि.)

मिति : २०८१।०७।१२

## कृतज्ञताज्ञापन

कानुनी नेपाली भाषाको आलोचनात्मक सङ्कथन विश्लेषण शीर्षकको प्रस्तुत शोधकार्य नेपालमा कानुनी क्षेत्रको प्रयोजनपरक भाषामा आधारित भएर गरिएको अनुसन्धान हो । त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, डीनको कार्यालय, ग्राजुएट स्कुल अफ एजुकेशनबाट विद्यावारिधि उपाधिका लागि गरिएको यस शोधकार्यलाई टुङ्गोमा पुऱ्याउनु हुने शोधनिर्देशक आदरणीय गुरु प्रा.डा. पारसमणि भण्डारीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। वहाँको अन्तर्दृष्टिपूर्ण प्रतिक्रिया, सुझाव र प्रेरणाले मात्रै यो कार्य सम्पन्न हुन सकेको हो ।

शोधकार्यका क्रममा प्रा.डा.हेमाङ्गराज अधिकारी, प्रा.डा. रामचन्द्र लम्साल, प्रा.डा. केदारप्रसाद शर्मा, प्रा.डा. राजेन्द्रप्रसाद पौडेल, प्रा.डा. रामप्रसाद भट्टराई, प्रा.डा. ऋषिराम शर्मा, प्रा.डा. केशव पोखरेल, प्रा.डा. बालमुकुन्द भण्डारी, प्रा.डा. भीमसेन देवकोटा, प्रा.डा. गणेश सिँह ठकुरी, प्रा.डा. विनोद ढकालज्यूहरूको मार्गदर्शन, अभिप्रेरणा, सुझाव, र प्रतिक्रियाका लागि म उत्तिकै ऋणी छु । मलाई अनुसन्धान कार्यमा सदासर्वदा घच्घच्याएर अध्ययनका क्रममा आइपरेका हरेक दुविधाहरूलाई समाधान गर्न युक्ति सुझाएर र सन्दर्भ सामग्रीको सम्बन्धमा सल्लाह सुझाव तथा मार्गदर्शन गर्नु हुने शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड) प्रा.डा. कमलकुमार पौडेलज्यूप्रति कृतज्ञता व्यक्त गर्दछु ।

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्कायका डीन तथा अनुसन्धान समितिका प्रमुख प्रा.डा. चित्रबहादुर बुढाथोकी आन्तरिक परीक्षक तथा वाह्य परीक्षक आदरणीय गुरुहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै शिक्षा शास्त्र सङ्कायका डीनको कार्यालय परिवारलाई कार्यालयको तर्फबाट अध्ययन कार्यमा प्रदान गर्नु भएको सहयोग र सहकार्यका लागि हार्दिक आभार प्रकट गर्दछु ।

मलाई हौसला प्रदान गर्ने महेन्द्र रत्न क्याम्पसका पूर्व क्याम्पस प्रमुख सहप्रा श्री कृष्णप्रसाद ढकाल, क्याम्पस प्रमुख सहप्रा. श्री योगेन्द्रप्रसाद दाहाल, प्रा.डा. ऋषिराम रिजाल, सहप्रा. डा. केशव अधिकारी, महेन्द्र रत्न क्याम्पस नेपाली शिक्षा विभागका विभागीय प्रमुख सहप्रा डा. नेत्रप्रसाद पौडेल, उपप्राध्यापक भोजराज आचार्य, विश्वविद्यालय क्याम्पस कीर्तिपुरका सहप्राध्यापक डा. अमृतकुमार श्रेष्ठप्रति आभार प्रकट गर्दछु । मलाई तथ्याङ्क सङ्कलनमा सहजीकरण गर्ने सबै सहभागीहरूलाई धन्यवाद दिन चाहन्छु । यसै गरी यस शोधकार्यका क्रममा उपयोग गरिएका सैद्धान्तिक तथा प्रायोगिक सामग्रीका सर्जक तथा अनुसन्धाताप्रति आभारी छु । विद्यावारिधि तहको यस अनुसन्धानका लागि मलाई विद्वत्वृत्ति प्रदान गरी अध्ययन कार्यमा सहयोग र प्रेरित गर्ने विश्वविद्यालय अनुदान आयोगलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

शिक्षा क्षेत्रको उच्च तहसम्म कार्यमा लाग्न प्रेरणा, माया ममता दिएर हौसला प्रदान गर्नु हुने मेरा बुबाआमा माधवप्रसाद खतिवडा र नेत्रकुमारी खतिवडाप्रति म सदासर्वदा ऋणी छु । अध्ययन अनुसन्धान कार्यमा उपयुक्त वातावरण सिर्जना गरी श्रीमती भुवन र छोरी श्रेयाले हरतरहले पुऱ्याएको अविस्मरणीय योगदानले यो विद्यावारिधिको कार्य मेरो जीवनमा व्यावहारिक सत्य भएर देखिएको छ । मेरो अध्ययनप्रति चासो राखेर हौसला प्रदान गर्नु हुने विद्यालय तह तथा कलेज तहका सम्पूर्ण आदरणीय गुरुजन तथा मेरो शैक्षिक सफलतामा प्रसन्नता व्यक्त गर्दै सधैं हौसला प्रदान गर्ने सम्पूर्णमा हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

अन्त्यमा यस शोधप्रबन्धको अन्तिम रूप प्रदान गर्न प्राविधिक सहयोग गर्नु हुने 'जी' कम्प्युटर सेन्टर, कीर्तिपुरलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

शोधार्थी

मिति २०८१।०७।१२

तीर्थराज खतिवडा

शोधसार संकाय कार्यालय, काठमाडौं

**कानुनी नेपाली भाषाको आलोचनात्मक सङ्कथन विश्लेषण** शीर्षकको यो अध्ययन अदालती प्रक्रियामा प्रयोग हुने नेपाली भाषामा आलोचनात्मक सङ्कथन विश्लेषणका दृष्टिले के कस्ता विशेषता पाइन्छन् भन्ने प्राज्ञिक जिज्ञाशा पूरा गर्ने तथा यसको शैक्षिक उपादेयताको निक्यौल गर्ने उद्देश्यमा आधारित छ । काठमाडौं उपत्यकाका अदालतभित्रका भाषिक अन्तर्क्रिया तथा लिखित बयान र बकपत्रहरूलाई प्राथमिक तथ्याङ्कका रूपमा उपयोग गरी आलोचनात्मक सङ्कथन विश्लेषणको रूपरेखाबाट अध्ययन विश्लेषण गरिएको छ । वर्णनात्मक अनुसन्धान ढाँचामा आधारित अनुसन्धानमा गुणात्मक विधिको उपयोग गरिएको छ ।

यो अध्ययन संरचनात्मक भाषाविज्ञान, सामाजिक भाषाविज्ञान, मिसेल फुकोको शक्तिको सिद्धान्त, एन्टोनियो ग्राम्सीको प्रभुत्वको सिद्धान्त, अल्थुजरको संरचनात्मक मार्क्सवादी सिद्धान्त, प्रयोगार्थविज्ञानका सिद्धान्तहरूलाई अध्ययन विश्लेषणको आधार वनाइएको छ । यी सिद्धान्तको मार्गदर्शनका आधारमा अवधारणात्मक ढाँचा तयार गरी कानुनी नेपाली सङ्कथनमा अन्तर्निहित भाषिक विशेषता पहिचान गरी आलोचनात्मक सङ्कथन विश्लेषणको शैक्षिक उपादेयताको समेत समीक्षण गर्ने कार्य यस अध्ययनमा भएको छ । यस अध्ययनमा अदालती प्रक्रियामा उपयोग भएका सङ्कथनहरूलाई समीक्षा गरिएको छ । अदालती प्रक्रियामा उपयोग भएका सङ्कथनहरूको आलोचनात्मक विश्लेषणबाट प्राप्त नवीनतम तथ्यहरू प्राप्त भएका छन् ।

अदालती प्रक्रियामा प्रयोग हुने भाषामा सहभागीहरूको ओहदा/पद, कानुनी व्यवस्था, सहभागीहरूको आर्थिक अवस्था, ज्ञान वा शिक्षा, बल वा तागत र बोलाइको शैली भाषिक शक्तिका कारक हुन् । यिनै कारकले भाषिक अभिव्यक्ति प्रभावित हुन्छ । शक्तिका यी

कारक नेपाली भाषाका आदरार्थी शब्द र सम्बोधनबाट प्रकट हुन्छन् । समाजका दर्जाक्रम, वर्ग, लिङ्ग, शिक्षा, संस्कृतिबाट सिर्जित शक्तिले भाषिक भिन्नता सिर्जना गरेको छ । अदालतका सहभागी वक्ताहरूको भाषाको प्रयोगमा यी कारकहरूका कारणले भिन्नताजन्य भाषाको प्रयोग गर्दछन् । पदानुक्रमले भाषाको सम्बोधन प्रभावित हुन्छ र भाषिक भिन्नता सिर्जना हुन्छ भन्ने कुरा उच्च पदानुक्रममा रहने व्यक्तिलाई गरिने सम्मानसूचक सम्बोधनले पुष्टि गर्दछ । यसैगरी भाषिक शक्ति र भिन्नता कारणले अभिव्यक्तिमा विचारहरू अभिव्यक्त हुन्छन् । हरेक वक्ताले आफ्ना अभिव्यक्तिमा विचार वा आफ्ना दृष्टिकोणहरू प्रस्तुत गर्दछन् र ती विचारहरू समाजले स्वीकार गर्दछ । समाजमा हरेक व्यक्ति वा समुदायले पक्षधरता/स्वार्थ अनुकूलको सङ्कथनात्मक कार्य सम्पादन गर्दछ ।

समग्रमा उल्लिखित विविध किसिमका सङ्कथनात्मक अभ्यास, व्याख्या विश्लेषण तथा छलफलका आधारमा नेपाली भाषा त्यसमा पनि खासगरी कानुनी नेपाली भाषामा भाषिक प्रस्तुतिको भिन्नै ढाँचा र परम्परा स्थापित भएको छ । यो परम्परा नेपाली समाजको संरचना अनुकूल पदीय वा पदानुक्रमगत रूपमा स्थापित भएको छ । सामान्य नेपाली भाषाका प्रचलित आदरार्थी रूपहरू भन्दा भिन्न प्रकृतिका आदरार्थी (श्रीमान्, विद्वान्, हजुर, महोदया ) को प्रयोग परम्परा स्थापित हुनु नै कानुनी नेपाली भाषाको विशिष्टता हो ।

कानुनी नेपाली भाषाको आलोचनात्मक सङ्कथन विश्लेषणमा आधारित प्रस्तुत अध्ययनले नेपाली भाषाका लिखित र मौखिक पाठहरू, साहित्यिक र साहित्येर पाठहरूको आलोचनात्मक सङ्कथन विश्लेषण गर्नका लागि उपयोगी अध्ययन पद्धति रहेको कुरा स्पष्ट भएको छ । आलोचनात्मक सङ्कथन विश्लेषणले सामाजिक विज्ञानको भाषिक पक्षको अध्ययन विश्लेषणमा जोड दिन्छ । आलोचनात्मक सङ्कथन विश्लेषणका माध्यमवाट शिक्षाका सन्दर्भमा अर्थको निर्माण गर्न, अर्थ बोध गर्न, भाषा र समाज बीचको सम्वन्ध पत्ता

लगाउन सहज हुने देखिन्छ । प्रस्तुत अध्ययनको नतिजाबाट कक्षाकोठामा पठनपाठन सञ्चालन तथा सहजीकरण गर्दा सामाजिक संरचनालाई पनि ख्याल गर्नु पर्ने देखिन्छ ।

आलोचनात्मक सङ्कथन विश्लेषणले भाषाका चारवटै सीप सिकाइमा सहयोग पुऱ्याउँछ । मौखिक र लिखित भाषाको अध्ययनबाट भाषालाई विभिन्न दृष्टिले व्याख्या विश्लेषण गर्न सक्षम बनाउँछ । यसले विद्यार्थीहरूको तार्किक क्षमतालाई उजागर गरी बोध र अभिव्यक्ति क्षमताको विकास गर्दछ ।

आलोचनात्मक सङ्कथन विश्लेषणको अध्ययन विधिका आधारमा साहित्यिक र साहित्येतर रचनाहरूमा अन्तर्निहित भाषिक विशेषताहरूको खोजी गर्न सक्षम बनाउँछ । विद्यार्थीहरूलाई कक्षाकोठामा सङ्कथनात्मक विश्लेषणको अभ्यास गराउन समेत उपयुक्त देखिन्छ । यस प्रयोजनका लागि शिक्षकहरूको तयारी, पुनर्ताजगी, पेशागत विकास, तालिम आदि शैक्षणिक कार्यक्रमहरूमा सङ्कथन विश्लेषणको अवधारणा तथा अभ्यासलाई समावेश गरिनु पर्ने हुन्छ ।

यो अनुसन्धानले आलोचनात्मक सङ्कथन विश्लेषणको क्षेत्रमा अध्ययन अनुसन्धान गर्न रुचि राख्ने अध्येताहरूलाई सहयोग पुऱ्याउँछ भन्ने अपेक्षा गरिएको छ । शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विषयको पाठ्यक्रममा आलोचनात्मक सङ्कथन विश्लेषणको अध्ययन गर्न कुनै औपचारिक पाठ्यांश निर्धारण नभएको वर्तमान अवस्थामा नेपाली शिक्षा विषयको पाठ्यांशमा समावेश गर्न सिफारिस गरिएको छ । साथै नेपाली शिक्षामा यस विधाको समावेशनले भावी दिनमा यस क्षेत्रमा थप अध्ययन-अनुसन्धान गर्न समेत थप बल पुऱ्याउने देखिन्छ ।

अभिलेख संकलन केन्द्र ... काठमाडौं

# Abstract

This study, entitled 'Critical Discourse Analysis of Legal Nepali Language', is based on the objective of fulfilling an academic query of what characteristics are found in terms of critical discourse analysis of the Nepali language used in the legal process taking place in the court and to examine its educational benefits. The study has been analyzed applying the framework of critical discourse analysis using language interactions within the Kathmandu Valley courts and written statements and dossiers as primary data. Qualitative method has been used in the research which is based on the descriptive research design.

The study is takes basically from structural linguistics, sociolinguistics, Foucault's theory of power, Gramsci's theory of dominance, Althusser's structural Marxist theory, and empirical theories. Based on the guidance of these theories, a conceptual framework has been developed to identify the underlying linguistic features of legal Nepali discourse and also to review the educational utility of critical discourse analysis. In this study, the concepts used in the court process have been reviewed. Some novel facts have been obtained from a critical discourse analysis of the concepts used in the judicial process.

The language used in the court process is a cause of linguistic power, along with the position/ designation of the participants, the legal system, the economic status of the participants, knowledge or education, power and speech style. These factors affect languistic expressions. These factors of power are manifested through honorifics and address forms in the Nepali language. The power created by society's rank, class, gender, education, culture has created linguistic differences. Speaking participants in the court use different languages due to these factors in their use of language. The honorific address to the person in the higher designation confirms that the hierarchy

affects the speech of the language and creates linguistic differences. Similarly, ideas are expressed in utterances due to linguistic strengths and differences. Every speaker presents his/her ideas or views in their expressions and those ideas are accepted by the society. Every person or group in the society performs a discourse function of favoritism / interest.

Overall, on the basis of the various types of discourse practices, interpretation, analysis and discussion, a different patterns and traditions of linguistic presentation has been established in the Nepali language, especially in legal Nepali. This tradition has been established in a positional or hierarchical way to suit the structure of Nepali society. The typicality of the legal Nepali language is the establishment of a convention of using honorifics of a different nature (*shriman, vidwan, hajur, madam*) from the prevailing honorifics of the common Nepali language.

The present study based on the critical discourse analysis of the legal Nepali language has made it clear that it is a useful study method for conducting the critical discourse analysis of written and oral texts, and literary and non-literary texts of the Nepali language. Critical discourse analysis focuses on the study of the linguistic aspects of the social sciences. It seems to be easier, through critical discourse analysis in the context of education, to comprehend meaning, to discover the relationship between language and society. From the results of the present study, it seems that social structure should also be taken into account when conducting and facilitating teaching and learning in the classroom.

Critical discourse analysis helps in the learning of all four language skills. The study of oral and written language enables us to carry out the interpretation and analysis of language from different points of view. It exposes the logical abilities of the students and develops their comprehension and expression abilities.

The study of critical discourse analysis methodology enables seeking underlying linguistic characteristics in literary and non-literary works based on . It also seems suitable to get students to practice discourse analysis in the classroom. For this purpose, the concept and practice of discourse analysis should be included in pedagogic activities such as teacher preparation, refreshers, professional development training, etc.

This research is expected to help scholars who are interested in pursuing research in the field of critical discourse analysis. In the present situation where there is no formal curriculum prescribed for the study of critical analysis in the curriculum of the Nepali Education syllabus under the Faculty of Education, it is recommended to be included in the curriculum of the Nepali Education syllabus. Moreover, the incorporation of this genre in Nepali Education seems to support the enhancement of research in this area.

# सङ्क्षिप्त शब्द सूची

| | |
|---|---|
| कर्म | = कर्मचारी |
| काजिअ | = काठमाडौ जिल्ला अदालत |
| काव्या | = कानुन व्यवसायी |
| न्या | = न्यायाधीश |
| न्याप्रऐ | = न्याय प्रशासन ऐन |
| प्रव | = प्रतिवादीको वकिल |
| प्रवा | = प्रतिवादी |
| भजिअ | = भक्तपुर जिल्ला अदालत |
| माअविघो | = मानवअधिकारको विश्वव्यापी घोषणापत्र |
| मुअसं | = मुलुकी अपराध संहिता |
| मुदेसं | = मुलुकी देवानी संहिता |
| मुदेकासं | = मुलुकी देवानी कार्यविधि संहिता |
| मुफौकानि | = मुलुकी फौजदारी कार्यविधि नियमावली |
| मुफौकासं | = मुलुकी फौजदारी कार्यविधि संहिता |
| लजिअ | = ललितपुर जिल्ला अदालत |
| वा | = वादी |
| सं | = सङ्कथन |
| सअ | = सर्वोच्च अदालत |
| सव | = सरकारी वकिल |
| परि | = परिशिष्ट |

# 251664384विषय सूची

| | |
|---|---|
| | पृष्ठ |
| स्वघोषणा | ख |
| शोधनिर्देशकको सिफारिस | ग |
| मूल्याङ्कन समितिको स्वीकृति | घ |
| कृतज्ञताज्ञापन | ङ |
| शोधसार | छ |
| Abstract | ञ |
| सङ्क्षिप्त शब्द | ड |
| विषय सूची | ढ |
| चित्रहरूको सूची | न |

**अध्याय एक**

**परिचय**

| | |
|---|---|
| अध्ययनको उत्प्रेरणा | १ |
| अध्ययनको पृष्ठभूमि | २ |
| समस्याकथन | ११ |
| अध्ययनको उद्देश्य | १२ |
| अनुसन्धान प्रश्नहरू | १३ |
| अध्ययनको औचित्य र महत्त्व | १४ |
| अध्ययनको परिसीमा | १६ |
| शब्दावलीको परिभाषा | १७ |
| शोधप्रबन्धको रूपरेखा | १८ |
| अध्याय निष्कर्ष | २१ |

## 251655168अध्याय दुई

## पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणा

पूर्वकार्यको समीक्षा २३
अध्ययनको रिक्तता ४४
सैद्धान्तिक अवधारणा ४४
प्रयोगार्थविज्ञान ४५
सन्दर्भ ४७
परिस्थितिगत सन्दर्भ ( पाठभन्दा बाहिरको ) ४८
ज्ञान पृष्ठभूमि सन्दर्भ ( पाठ बाहिरको सन्दर्भ) ४९
अन्तर्पाठात्मक सन्दर्भ (पाठभित्रको सन्दर्भ) ५०
बोली अवस्थाका पक्ष ५०
निर्देशन ५१
सन्दर्भ र अनुमान ५२
पूर्वअवधारणा ५२
सहयोगात्मक सिद्धान्त ५३
गुणोक्ति ५३
परिमाणोक्ति ५४
सम्बन्धोक्ति ५४
व्यवहारोक्ति ५४
भद्रता ५४
वाक्क्रिया ५५
प्रतिनिधिमूलक वाक्क्रिया ५६
निर्देशनात्मक वाक्क्रिया ५६
प्रतिज्ञामूलक वाक्क्रिया ५७

251656192 अभिव्यक्तिमूलक वाक्क्रिया ५७

घोषणात्मक वाक्क्रिया ५७

व्यञ्जना ५८

आलोचनात्मक सङ्कथन विश्लेषण ६०

आलोचनात्मक सङ्कथन विश्लेषणको विकास ६४

पाठ (विवरण) ६९

सङ्कथनात्मक अभ्यास ( वर्णन ) ६९

सामाजिक अभ्यास (स्पष्टीकरण) ७०

आलोचनात्मक सङ्कथनसँग सम्बन्धित कार्य ७४

आलोचनात्मक सङ्कथन विश्लेषणका मुख्य अध्ययनीय पक्ष ९९

शक्ति ९९

भाषिक भिन्नता १०३

विचार र विचारधारा १०५

पक्षधरता वा स्वार्थ १०८

सैद्धान्तिक र अवधारणात्मक ढाँचा ११६

अध्याय निष्कर्ष ११७

**अध्याय तीन**

**अध्ययन विधि**

दार्शनिक आधार १२१

अनुसन्धान ढाँचा १२३

सहभागी तथा तथ्याङकको ढाँचा र स्रोत १२४

तथ्याङ्क सङ्कलनका विधि र साधन १२५

तथ्याङ्क सङ्कलनको कार्यविधि १२६

सहभागीहरू १२६

251657216तथ्याङ्क १२६

विश्लेषणको ढाँचा १२७

तथ्याङ्को व्यवस्थापन तथा अभिलेखीकरण १२८

तथ्याङ्को सङ्केतीकरण तथा वर्गीकरण १२८

विश्लेषण तथा व्याख्या १२९

अध्ययनको आचार १३०

अध्याय निष्कर्ष १३०


**अध्याय चार**

**सङ्कथनमा अभिव्यक्त भाषिक शक्ति**


सङ्कथनमा शक्ति १३३

पदीय/ओहदाका आधारमा सिर्जित शक्ति १३३

कानुन/ कानुनी अभ्यास / प्रमाणका आधारमा सिर्जित शक्ति १३७

आर्थिक स्थितिका आधारमा सिर्जित शक्ति १४३

शिक्षा/ज्ञानका आधारमा सिर्जित शक्ति १४७

बल वा तागतका आधारमा सिर्जित शक्ति १५१

मनोवैज्ञानिक / तार्किक आधारमा सिर्जित शक्ति १५५

अभिव्यक्तिको शिष्टता वा भद्रताका आधारमा सिर्जित शक्ति १५९

अध्याय निष्कर्ष १६२


**अध्याय पाँच**

**सङ्कथनमा भाषिक भिन्नता**


सङ्कथनमा भाषिक भिन्नता १६७

भाषामा वर्गीय भिन्नता १६८

भाषामा सामाजिक हैसियतले सिर्जित भिन्नता १७२

भाषामा लैङ्गिक भिन्नता १७६

भाषामा शैक्षिक कारणले सिर्जित भिन्नता १७९

अध्याय निष्कर्ष १८४

251675648**अध्याय छ**

**सङ्कथनमा भाषिक विचार**


| | |
|---|---|
| सङ्कथनमा भाषिक विचार | १८९ |
| नारीको इज्जतको संवेदनशीलता सम्बन्धी विचार | १९० |
| विवाह र बालविवाह सम्बन्धी विचार | १९८ |
| भाषा प्रयोग सम्बन्धी विचार | २०४ |
| प्रियजनले गल्ती (कसुर) गर्दैनन् भन्ने विचार | २०६ |
| कसुर सम्बन्धी विचार | २०८ |
| महिला हिंसा र अपराध सम्बन्धी विचार | २११ |
| सौतेलो सन्तानप्रतिको विचार | २१७ |
| अध्याय निष्कर्ष | २१९ |


**अध्याय सात**

**सङ्कथनमा भाषिक पक्षधरता/स्वार्थ**


| | |
|---|---|
| सङ्कथनमा पक्षधरता/स्वार्थ | २२३ |
| न्याय प्राप्तिको पक्षधरता/स्वार्थ | २२४ |
| सफाइ प्राप्तिको पक्षधरता/स्वार्थ | २२६ |
| तथ्य उजागरको पक्षधरता/स्वार्थ | २२७ |
| सजाय गराउने र न्याय दिलाउने पक्षधरता/स्वार्थ | २२९ |
| सफाइ दिलाउने पक्षधरता/स्वार्थ | २३१ |
| न्याय निरूपणको पक्षधरता/स्वार्थ | २३३ |
| अध्याय निष्कर्ष | २३६ |

## अध्याय आठ

## छलफल, निष्कर्ष र शैक्षणिक उपादेयता

छलफल २३९

निष्कर्ष २५३

सङ्कथनमा शक्ति २५३

सङ्कथनमा भाषिक भिन्नता २५५

सङ्कथनमा भाषिक विचार २५८

सङ्कथनमा भाषिक पक्षधरता/स्वार्थ २६५

शैक्षिक उपादेयता २६८

अनुसन्धानका लागि सम्भाव्य विषयहरू २७३

सन्दर्भ सामग्री सूची २७५

परिशिष्ट

परिशिष्ट क : मौखिक तथ्याङ्कहरूको लिखित रूपान्तरण २८४

परिशिष्ट ख : नेपाली कानुनी शब्दहरूको सूची ३६७

परिशिष्ट ग : शोधमा उपयोग भएका अङ्ग्रेजी नेपाली पारिभाषिक शब्द सूची ३७४

परिशिष्ट घ : अदालती प्रक्रियामा प्रयोग हुने भाषाका सङ्कथनहरू सहभागीहरूको स्थिति ३८२

251653120

# चित्र सूची


| | | |
|---|---|---|
| चित्र १ | वोडाक र मेरको आलोचनात्मक सङ्कथन विश्लेषणको ढाँचा | ७५ |
| चित्र २ | कानुनी नेपाली भाषाको आलोचनात्मक सङ्कथन विश्लेषणको अवधारणात्मक ढाँचा | ११७ |
| चित्र ३ | सङ्कथनमा शक्ति | १३३ |
| चित्र ४ | सङ्कथनमा भाषिक भिन्नता | १६७ |
| चित्र ५ | सङ्कथनमा  भाषिक विचार | १९० |
| चित्र ६ | सङ्कथनमा भाषिक पक्षधरता/स्वार्थ | २२४ |

# अध्याय एक

# परिचय

यस अध्यायमा अध्ययनको पृष्ठभूमिमा शोधार्थीलाई कानुनी नेपाली भाषाको अध्ययन गर्ने प्रेरक घटनाहरूलाई प्रस्तुत गरिएको छ । यी प्रेरक घटनाहरूका आधारमा आधारमा अध्ययनको उत्प्रेरणा, अध्ययनको पृष्ठभूमि अन्तर्गत भाषा, कानुनी भाषा, सङ्कथन विश्लेषण, आलोचनात्मक सङ्कथन विश्लेषणका बारेमा परिचयात्मक विषयवस्तु, समस्याकथन, अनुसन्धान प्रश्नहरू, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य र महत्त्व, अध्ययनको परिसीमा लगायतका विषयवस्तुका बारेमा परिचय दिइएको छ ।

## अध्ययनको उत्प्रेरणा

शोधार्थी इजाजत प्राप्त कानुन व्यवसायी भएकोले र अदालती अभ्यासमा सहभागी हुँदा जिल्ला अदालतमा जबरजस्ती करणी मुद्दाको पीडितका रूपमा उपस्थित हुनु भएकी महिलासँग बकपत्र लिने क्रममा अदालतका कर्मचारीले अश्लील, होच्याउने तथा खिसी गर्ने भावमा प्रश्न सोध्नुभयो । पीडित महिला रुन थाल्नु भयो । वहाँले कुनै प्रतिक्रिया दिन सक्नु भएन । छेवैमा बस्नु भएका वहाँका कानुन व्यवसायीले त्यस्ता प्रश्न गर्ने कर्मचारीका प्रश्नहरूको भाषाशैलीका बारेमा प्रतिवाद गरी वहाँको आत्मबल बढाएपछि मुद्दाको कारवाही अगाडि बढ्यो । पीडितले बयानका क्रममा आफ्ना पीडा खुलेर प्रस्तुत गर्न सक्नुभयो ।

एउटा जबरजस्ती करणी मुद्दामा पीडित महिला अदालतमा बकपत्र गर्नका लागि उपस्थित हुनुभयो । महिलासँग सम्बन्धित मुद्दा भएकोले बन्द इजलासमा न्यायाधीश, पीडितका कानुन व्यवसायी, सरकारी वकिल तथा अदालतमा बयानको टिपोट गर्ने महिला कर्मचारी हुनुहुन्थ्यो तर पीडितले सोधेका प्रश्नका उत्तर र आफ्ना पीडाका कुरा अभिव्यक्त

गर्न सक्नुभएन । पीडितले आफ्ना वकिलसँग मात्र आफ्ना पीडा व्यक्त गर्न सक्ने कुरा अभिव्यक्त गरेपछि पीडित, उनका वकिल र बयान टिपोट गर्ने कर्मचारी मात्र रहने अर्को एकान्त कोठाको व्यवस्था गरेपछि पीडितले खुलेर आफ्ना पीडा अभिव्यक्त गर्नुभयो ।

कानुनको बारेमा जानकारी नभएका शिक्षित वा अशिक्षित जोसुकै व्यक्ति मुद्दा लिएर शोधार्थीसँग आउँदा कानुनी क्षेत्रमा उपयोग गरिने सामान्य शब्द प्रयोग गरेर कुराकानी गर्दा पनि बुझ्न भन्ने गुनासो गर्नुहुन्छ र सामान्य बोलिचालीको भाषाका विषयवस्तुलाई प्रस्ट्याउँदा वहाँहरूले आफ्ना मर्का प्रस्टसँग बताउन सक्नुहुन्छ । वहाँहरू कानुनको भाषा बुझ्न कठिन हुन्छ भन्ने प्रतिक्रिया दिनुहुन्छ ।

यी प्रतिनिधि घटनाहरूका आधारमा शोधार्थी कानुनी नेपाली भाषाको विद्यार्थी भएको हुनाले अदालतमा मुद्दाका कारवाही र किनारा गर्ने क्रममा दैनिक सम्पर्कमा हुने मुद्दाका पक्षहरूले प्रयोग गर्ने भाषामा केन्द्रित भएर अध्ययन गर्ने प्रेरणा जागृत भयो । यो प्रेरणा सँगसँगै कानुनी नेपाली भाषाको भाषिक अभिव्यक्तिमा वक्ताको सामाजिक-आर्थिक स्थितिका कारणले अभिव्यक्त हुने भाषिक विविधताका कारणले न्याय सम्पादन प्रक्रियामा कस्तो प्रभाव पारिरहेको छ भन्ने कुराको जिज्ञासा पैदा भयो ।

**अध्ययनको पृष्ठभूमि**

भाषा सामाजिक वस्तु हो, यो विचार विनिमयको साधन हो । संस्कृत भाषाको 'भाष्' धातुबाट भाषा शब्द बनेको हो ( तिवारी, सन् १९९२, पृ १) । यसको अर्थ 'बोल्नु' भन्ने हुन्छ ।  अङ्ग्रेजी भाषाको 'ल्याङ्ग्वेज' शब्द फ्रेन्च भाषाको 'ल्याङ' बाट बनेको मानिन्छ भने नेपाली भाषामा 'भाषा' को शाब्दिक अर्थ बोली वा वाणी भन्ने लाग्छ । मानिसले आफ्ना उच्चारण अवयवका माध्यमबाट उच्चरित ध्वनि प्रतीकहरूको सार्थक रूपलाई नै भाषाका रूपमा अर्थ्याइन्छ । पूर्वीय र पाश्चात्य परम्परामा भाषालाई विभिन्न रूपमा परिभाषित

गरिएको छ । पूर्वीय मान्यता अनुसार निश्चित सन्दर्भमा उत्तेजना प्राप्त गरेपछि व्यक्त हुने बोली नै भाषा हो । यसलाई परा, पश्यन्ती, मध्यमा र बैखरीका रूपमा अर्थ्याइएको छ । पश्चिमा दार्शनिकहरूले पनि मानवीय विचारले लिएको ध्वन्यात्मक रूपलाई भाषा भनी अर्थ गरेका छन् (बन्धु, २०५३, पृ. १७) । समग्रमा भाषा भनेको यादृच्छिक वाक् प्रतीकहरूको त्यस्तो व्यवस्था हो जसबाट मान्छेले एकअर्कामा विचारको आदानप्रदान गर्दछन् ।

संसारमा हाल छ हजारभन्दा बढी भाषाहरू बोलिन्छन् भनिए पनि यसका बारेमा मतैक्य छैन । ती भाषाहरूलाई पनि भाषिक समानता र स्थानिक सामिप्यताका आधारमा (तिवारी, सन् १९९२, पृ १०२ ) दस परिवारमा वर्गीकरण गरिएको छ । नेपाली भाषालाई भारोपेली परिवार अन्तर्गत शतम् वर्ग अन्तर्गतको आर्य इरानेली शाखाको भाषा मानिन्छ । यो संस्कृत, प्राकृत र अपभ्रंश हुँदै विकसित भएको नेपालमा सबैभन्दा बढी वक्ता भएको भाषा हो । नेपाली भाषा नेपालमा व्यापक समुदायले प्रयोग गर्ने, साहित्य, कोश, व्याकरणको व्यापक विकास भएको, नेपालको संविधान तथा कानुनले समेत सरकारी कामकाजको भाषाको रूपमा परिभाषित गरेको भाषा हो । नेपाली भाषा शिक्षाको माध्यम तथा नेपालका अन्य मातृभापी समुदायलाई एक अर्कामा सम्पर्क गराउने सम्पर्क भाषाका रूपमा उपयोग गरिने भाषा हो । यसको प्रयोग क्षेत्रका आधारमा खास गरी पाँच ओटा भाषिका र विभिन्न उपभाषिका रहेको कुरा विद्वान्हरूले बताएका छन् (पोखरेल, २०५५, पृ. ४६) ।

भाषा विकसित हुँदै जाँदा एकातिर भूगोलको विस्तृत क्षेत्र ओगट्दै जान्छ भने अर्कातिर समाजका विभिन्न वर्गमा फैलिदै जान्छ । भूगोलको क्षेत्र फराकिलो हुँदै गएपछि भूबनोटमा पाइने भिन्नताका कारण भाषाको रूपमा परिवर्तन देखिदै जान्छ । यसैगरी समाजको संरचनाअनुसार पनि भाषाले आफ्नो रूपमा परिवर्तन ल्याउँदै जान्छ । यस्तो परिवर्तनबाट देखिने भेदलाई भाषिका भनिन्छ । भाषाका सामाजिक र भौगोलिक गरी दुई

किसिमका भेदहरू हुन्छन् । सामाजिक भाषिकामा पनि निश्चित प्रयोजन पूर्तिका लागि अर्को प्रयोजनपरक भेद देखा पर्दछ। यसकारण भाषिक भेद अन्तर्गत क्षेत्रीय, सामाजिक र प्रयोजनपरक भेद गरी तीन किसिमका भेदहरू पाइन्छन् (गौतम र चौलागाईं, २०६७, पृ १६-२२ ) ।

समाजमा विभिन्न पेसा व्यवसाय गर्ने मानिसहरूको बसोबास रहेको हुन्छ । शिक्षक, वकिल, व्यापारी आदिको कार्यक्षेत्र फरक फरक हुन्छ र यिनीहरूले प्रयोग गर्ने भाषाको स्वरूप पनि फरक फरक हुन्छ । पेसा, व्यवसाय आदिका आधारमा वा प्रयोग क्षेत्रका आधारमा भाषामा हुने भिन्नता नै प्रयोजनपरक भेद हो । ज्ञानविज्ञानका क्षेत्रमा भएको उच्चतम विकासले भाषामा प्रयोजनपरक भेदको जन्म भएको मानिन्छ । यसैले प्रशासन, प्रविधि, सञ्चार, अदालत, व्यापार लगायतका व्यवहारमा प्रयोग गरिने भाषाका पनि भेदहरू रहेका छन् । भाषाको प्रयोजनपरक भेद शब्दभण्डार, वाक्यात्मक संरचना आदिका आधारमा विभिन्न वर्गमा विभाजन गरिएको पाइन्छ । साहित्य, विज्ञान र प्रविधि, प्रशासन, सञ्चार, दैनिक व्यवहार, शिक्षा, कानुन जस्ता विषय क्षेत्रका आधारमा भाषाका यस्ता भेदहरू रहेका छन् । यिनै भेदहरूमध्ये कानुनी नेपाली भाषाको भेदलाई प्रयोजनपरक भेदको एक उपभेदका रूपमा देखाइएको छ । यसलाई विषयगत प्रयुक्तिका रूपमा वर्गीकरण गरिएको पाइन्छ ( यादव र रेग्मी, २०५८, पृ. २५) ।

दैनिक प्रयोगको भाषामा उपयोग नहुने कानुन विषय विशेषसँग सम्बन्धित शब्द र वाक्यहरूको संयोजनबाट कानुनी भाषाको निर्माण हुन्छ। यस्ता सन्दर्भगत विशिष्ट अर्थ प्रदान गर्ने र पारिभाषिक शब्द र पदावलीहरूको प्रयोग कानुनी संवादमा उपयोग गरिन्छ । यस्ता शब्द, पदावली र वाक्यहरूको व्याख्या अदालतमा न्यायाधीशहरूले गर्दछन् र त्यो व्याख्या नै कानुनी भाषाको सही अर्थ मानिन्छ (बर्लेस्की, सन् १९८५) । सामान्य भाषाभन्दा

भिन्न तार्किक र औपचारिक भाषा नै कानुनी भाषा हो । कानुनी भाषा एक औपचारिक भाषा हो जो तार्किक नियममा आधारित हुन्छ । यो सामान्य भाषाभन्दा रूप, शब्द, वाक्य र अर्थका दृष्टिले भिन्न विशेषता भएको भाषा हो । यो स्थिर, वैध, पूर्ण अर्थ दिने तथा वजनदार अर्थ र स्पष्ट अर्थ प्रदान गर्ने प्रकृतिको हुन्छ । कानुनी भाषा सामान्य वा प्राकृतिक भाषाका शब्दावली, रूपविज्ञान, वाक्य विज्ञान र अर्थ विज्ञानका भाषिक विशेषताहरू सङ्गति, वैधता, पूर्णता र स्पष्टता प्राप्त गर्नको लागि अन्य भाषिक विशेषताहरूबाट अलग हुन्छ । कानुनी भाषा भाषिक लाभका रूपमा विचार सम्प्रेषणको सहज, पूर्ण अर्थ भएको र खुला परिष्कृत भाषा हो । तथापि कानुनी भाषा सामान्य भाषा भन्दा पृथक सहभाषा वा उपभाषाका रूपमा प्रयोगमा आउँछ (भाटिया, सन् २००८) ।

कानुनी व्यवहारका फाँटमा प्रयोग गरिने कानुनी नेपाली भाषा अनेकौं प्रयोजनपरक भेदहरूमध्ये एक महत्त्वपूर्ण भेद हो (घिमिरे, २०६८, पृ १६) । कानुनी क्षेत्रका खास वक्ता वा लेखकले खास स्रोता वा पाठकका निमित्त उपयोग गर्ने भाषा नै कानुनी भाषा हो । खास किसिमका वक्ता वा लेखक भन्नाले कानुन विषयका लेखक, वकिल, न्यायाधीश, कानुनका प्राध्यापक शिक्षक, विद्यार्थी भन्ने बुझिन्छ । कानुनी नेपाली भाषामा लेख्य र कथ्य दुई रूपको उपयोग हुन्छ तर यी दुबै औपचारिक भाषाका रूपमा उपयोग गरिन्छ । इजलासमा वकिलले प्रस्तुत गर्ने वहस, कानुनका शिक्षार्थी समक्ष गरिने प्राध्यापन, कानुनी विषयमा गरिने पारस्परिक वार्तालाप, कानुनी शीर्षकमा दिइने प्रवचन, इजलाशमा न्यायाधीशले गर्ने प्रश्न आदि स्थानमा कथ्य भाषाको प्रयोग हुन्छ भने संविधान, कानुन, ऐन, नियम तथा अदालतका बयान, वकपत्र, फैसला, फिरादपत्र, पुनरावेदन पत्र आदिमा लेख्य भाषाको उपयोग हुन्छ । यसर्थ कानुनी नेपाली भाषामा मौखिक र लिखित रूपको समान प्रयोग गरिन्छ ।

कुनै पनि भाषा व्यवहारका विषय वा क्षेत्रका आधारमा वितरित हुने भिन्नताले प्रयोजनपरक भेद सिर्जना हुन्छन् । नेपाली समाजको भाषिक व्यवहार र आवश्यकताले विभिन्न प्रयोजनका आधारमा भेद सिर्जना गरेको छ । यस आधारमा नेपाली भाषालाई प्राविधिक, कुननी, प्रशासनिक, साहित्यिक आदि वर्गमा विभाजन गरिएको पाइन्छ। तिनै भेदमध्येका एक भेदका रूपमा कानुनी भाषालाई लिइन्छ । यस्तो भेदहरूको विभाजनको आधार भाषाको प्रयोजनपरक कार्यपक्ष हो (घिमिरे, २०६८, १६ ) हो ।

कानुनी भाषा कानुनी भाषिक अभिव्यक्तिको माध्यम हो । कानुनी भाषा भन्नाले कानुन र अदालत तथा अदालतसँग जोडिएका न्यायाधीश, वकिल, न्याय क्षेत्रका व्यक्तिहरूले न्याय सम्पादनका क्रममा उपयोग गर्ने भाषा र कानुनी प्रवचन, प्राध्यापन आदि क्षेत्रमा उपयोग गर्ने नेपाली भाषा भन्ने बुझिन्छ । प्रयोग माध्यमका आधारमा यसका लिखित र मौखिक भेद छन् । मौखिक भेद अन्तर्गत शैक्षिक, प्राज्ञिक र व्यावसायिक तीन उपभेदका रूपमा प्रयोगमा आउँछन् । शैक्षिक प्रयोगमा कक्षा प्रस्तुति वा व्याख्या र तार्किक अभिव्यक्तिका लागि उपयोग गरिन्छ भने प्राज्ञिक उपभेद अन्तर्गत व्यावसायिक अन्तर्क्रिया तथा पक्ष र कानुनव्यवसायीका बिचको परामर्श पर्दछन् भने व्यावसायिकभित्र वादी प्रतिवादी तथा साक्षी परीक्षण र अदालतका आदेश पर्दछन् । लिखित भेदअन्तर्गत प्राज्ञिक, न्यायिक र विधायिकी उपभेद पर्दछन् । प्राज्ञिक उपभेदअन्तर्गत पाठ्यपुस्तक र पत्रपत्रिका , न्यायिक उपभेदअन्तर्गत मुद्दाहरू र फैसलाहरू, तथा विधायिकी उपभेदअन्तर्गत करार सम्झौता आदि र विधायिकी कानुन र नियमहरू पर्दछन् ( भाटिया, सन् २००८) ।

कानुनी नेपाली भाषामा वकिलको बहस पैरवी, कानुन विषयको प्राध्यापन, कानुनी प्रवचन आदिमा प्रयोग हुने रूप कथ्य हो भने संविधान, कानुन, नियम, विनियम आदि लिखित सामग्रीमा प्रयुक्त भाषा लेख्य रूप हो । यस आधारमा पूर्ण कानुनी नेपाली भाषा र

अर्ध कानुनी नेपाली भाषा (घिमिरे, २०६८, पृ. १८) भनी वर्गीकरण गरिएको पाइन्छ । उनले कानुनी प्रयोजनका लागि अभिव्यक्त विचारवाहक तथा कुनै टिप्पणी र समालोचनाविहीन अभिव्यक्तिलाई पूर्ण कानुनी नेपाली भाषा र ती पूर्ण कानुनहरूलाई सर्वसाधारणले बोध गर्ने भाषा शैलीमा विवेचना टिप्पणी समेत भएका अभिव्यक्तिलाई अर्ध कानुनी नेपाली भाषा मानिएको छ ।

सार्वभौमसत्ता सम्पन्न राज्यको अनिवार्य तत्त्व र राज्यलाई व्यवस्थित रूपमा सञ्चालन गर्न बनाइएका नियमहरूको समष्टि रूप नै कानुन हो । नेपालको कानुन व्यवस्थालाई व्यवस्थित गर्न बनेका लिखित कानुन र कानुनी कार्य सम्पादन गर्दा प्रयोग गरिने मौखिक भाषा आम नेपालीका लागि बोधगम्य हुनुपर्दछ किनकि कानुनको सर्वमान्य सिद्धान्तका रूपमा 'कानुनको अनभिज्ञता क्षम्य हुदैन' भन्ने मान्यता स्थापित छ । एकातिर यो मान्यता सर्वत्र छ भने अर्कातिर कानुनी नेपाली भाषा जटिल, सर्वसाधारणले बोध गर्न नसक्ने खालको छ भन्ने मान्यता पनि स्थापित छ । यसरी कानुन जान्नै पर्ने तथा जान्नका लागि भाषाको बोधगम्यताको जटिलताले सर्वसाधारण खासगरी मुद्दाका पक्ष र आम जनतामा अनेकौ कठिनाई सिर्जना भएका छन् । यो जटिलता वा अबोधगम्यताको कारण कानुनी नेपाली भाषाप्रति किन यस्तो मान्यता विकसित भएको छ ?

सङ्कथन वाक्यीय संरचनाभन्दा माथिल्लो भाषिक एकाइ हो । अङ्ग्रेजीमा डिस्कोर्सको अर्थमा अभिव्यक्त गरिन्छ । यसमा कुराकानी, प्रश्नोत्तर, संवाद, वादविवाद, व्याख्या, प्रवचन, घोषण, चर्चा-परिचर्चा, विमर्श, लेख, प्रतिवेदन, गीत, गजल, विज्ञापन लगायतका साहित्य र साहित्येतर विधाहरू समेटिन्छन् । कतिपय अवस्थामा कृतिको अंश वा खण्ड अथवा परिच्छेद वा अनुच्छेद नै पनि सङ्कथनको रूपमा आउन सक्छ । सङ्कथनले भाषाको प्रयोगलाई सामाजिक अभ्यासका रूपमा बुझाउँछ (फेयर्क्लफ, सन् १९९५) ।

वाक्यात्मक संरचनाभन्दा माथिका अविच्छिन्न भाषिक एकाइहरूलाई अध्ययन गर्ने काम सङ्कथन विश्लेषणले गर्छ । यसरी भाषिक उपकरणलाई आधार बनाएर सङ्कथनको विश्लेषण गर्ने पद्धतिलाई सङ्कथन विश्लेषण भनिन्छ । सङ्कथन विश्लेषणमा सहभागी वा मूल वक्ताको आशयको खोजी गरिन्छ । सङ्कथन विश्लेषण भाषानिष्ठ पद्धति भएकाले यसको मूल आधार नै भाषालाई बनाइन्छ । पाठमा भएको भाषामा टेकेर सन्दर्भगत अर्थ पहिल्याइन्छ । "कुनै पनि पाठभित्र सहभागी (वक्ता तथा स्रोता) विषय (व्यक्ति, घटना, सन्दर्भ) र सन्दर्भ (स्थान, काल, समाज, परिवेश तथा परिस्थिति) र सूचना स्थिति (प्रयोक्ताको आशय, सन्देश, अभिप्राय, दृष्टिकोण आदि) पाइन्छ (गौतम, २०६८) । यही सङ्कथनभित्र रहेको आशय, सन्देश, अभिप्राय वा दृष्टिकोणलाई खोज्ने काम नै सङकथन विश्लेषण हो । सङ्कथन विश्लेषणमा संसक्ति र संयुक्तिलाई अध्ययनको मुख्य उपकरणका रूपमा उपयोग गरी अर्थको खोजी गरिन्छ । संसक्ति भनेको कुनै पनि पाठ भित्र हुने अन्तःसम्बन्ध हो, अनुच्छेद भित्रका वाक्यहरूमा भाव प्रवाह सिर्जना गर्ने विशिष्ट ढाँचा हो (गौतम, २०६८) । यसै गरी संयुक्ति पनि सङ्कथन विश्लेषणको अर्को महत्त्वपूर्ण उपकरण हो । संयुक्ति भनेको पाठमा निहित अन्तरसम्बद्धता हो । संयुक्तिलाई पाठमा निहित अनुक्रम वा सामञ्जस्यता पनि भनिएको पाइन्छ । संसक्तिको जगमा टेकेर संयुक्तिले पाठलाई सम्प्रेष्य बनाउँछ । यसैले संयुक्तिलाई पाठको आन्तरिक संरचना पनि भनिन्छ । संयुक्तिले पाठको अर्थ स्पष्ट गर्ने, पाठमा प्रयुक्त बहि सन्दर्भनका एकाइहरूलाई सन्दर्भयुक्त बनाउने र समग्र पाठमा तार्किक सुसम्बद्धता सुदृढ बनाउने कार्य गर्दछ । संयुक्ति साझा अनुभव वा पूर्वधारणाबाट समेत निर्देशित हुन्छ । फलतः संसक्तिका तहबाट प्राप्त गर्न नसकिएको अर्थ पनि संयुक्तिका तहबाट प्राप्त गर्न सकिन्छ (गौतम, २०६८) ।

अङ्ग्रेजी भाषामा प्रयोग हुने क्रिटिकल डिस्कोर्स एनालाइसिसलाई यहाँ आलोचनात्मक सङ्कथन विश्लेषण भनी अर्थ गरेर सोही अनुसार अध्ययनलाई अगाडि बढाइएको छ । सिफ्रीन डि., डिबोरा तनेन र हेइदी ई. ह्यामिल्टन (सन् २००१) ले सम्पादन गरेको द हेन्डबुक अफ डिस्कोर्स एनालाइसिस (सन् २००१) मा भान डाइकले सामाजिक र राजनीतिक सन्दर्भका बोली र पाठबाट सामाजिक शक्तिको दुरूपयोग, हेपाइ, र असमानताहरू क्रियाशील हुने, उत्पादित हुने र सबल हुने कुराको प्रारम्भिक अध्ययनमा केन्द्रित भएर गरिने सङ्कथनको विश्लेषणात्मक अनुसन्धान नै आलोचनात्मक सङ्कथन विश्लेषण हो । यो भिन्न खालको सरल अनुसन्धान हो जसले सामाजिक असमानताको बोध गर्ने, उजागर गर्ने र विरोध गर्ने कार्य गर्दछ भनी आलोचनात्मक सङ्कथन विश्लेषणलाई चिनाएका छन् ।

मानिसका हरेक अन्तर्क्रियाहरू सङ्कथन हुन् । सङ्कथनमा वक्ताले कुनै मान्यता विशेषमा आफ्ना अभिव्यक्ति प्रकट गरिरहेको हुन्छ । ती मान्यताका आधारमा प्रकटित त्यस्ता अभिव्यक्तिमा उसले आफ्नो भाषिक शक्तिका सहायताले स्रोतामा आफ्नो प्रभाव वा नियन्त्रण कायम राख्ने प्रयास गर्दछ वा अभिव्यक्तिका माध्यमबाट वक्ताले स्रोतालाई भ्रमित पार्दछ र मस्तिष्कलाई नै नियन्त्रण गर्दछ (भान डाइक, सन् २००१) । सङ्कथनमा फराकिलो दायराका स्रोतबाट सूचना आउँछन् । सङ्कथनहरू व्यक्तिगत ज्ञान, अनुभव, सांस्कृतिक मान्यता, सामाजिक अभ्यासका आधारमा अरूसँग गरिने कुराकानीका आधारमा प्रकट हुन्छन् । कुराकानी वा अन्तर्क्रियाहरूमा संस्थागत र गैरसंस्थागत सिकाइ वातावरणहरू, यसै गरी क्रमिक रूपमा प्राप्त हुने अनुभूतिहरू, सिद्धान्तहरू र अभ्यासहरू पनि समावेश हुन्छन् । तिनीहरू सार्वजनिक सञ्चारबाट दैनिक अनौपचारिक कुराकानी र अन्तर्क्रियाहरू जस्तै टेलिभिजन, रेडियो, समाचारपत्रहरू र पत्रिकाहरू, इन्टरनेट र यस्तै धेरै किसिमका

सङ्कथनहरू खासगरी राजनीतिक र बौद्धिक भाषण प्रकृतिका हुन्छन् । यस्ता विविध समय र विविध विषयका अन्तर्क्रियाहरूलाई विभिन्न अवस्था र मापदण्ड (डिग्री) को वैधता प्रदान गरिन्छ । भान डाइकका अनुसार हरेक सूचना प्रदान गर्ने अन्तर्क्रिया भाषा हो र यस अन्तर्क्रियाले मुखाकृति, हाउभाउ, स्वरप्रसारणसहित अन्य पक्षहरूको अर्थ निर्माण गर्न सङ्केत गर्दछ । यी सङ्केतका आधारमा भाषामा वक्ताको शक्ति, विचार र उसको भाषामा विभेद वा हेपाइ प्रकट हुन्छ । भाषामा प्रकट हुने यस्ता पक्षलाई आलोचनात्मक सङ्कथन विश्लेषणद्वारा व्याख्या गरिएको छ ।

कानुनी नेपाली भाषा प्रयोगका सन्दर्भमा वक्ता र स्रोता सहभागीका रूपमा कर्मचारी, मुद्दाका पक्ष, कानुन व्यवसायी र न्यायाधीश हुन्छन् । यी सहभागीहरूबाट अदालती कार्यका सन्दर्भमा विविध किसिमका सङ्कथनहरूको निर्माण हुन्छ । यी सङ्कथनहरूमा कानुन व्यवसायीले मुद्दाको पक्षलाई जसरी पनि आफ्ना तर्क र प्रश्नले काबुमा पार्न भाषिक शक्तिको प्रदर्शन गर्दछ । यस्तो अवस्थामा वकिलले अभियुक्त वा पक्षलाई भाषिक अभिव्यक्तिको शक्तिका माध्यमबाट नियन्त्रण गर्ने प्रयत्न गर्ने तथा न्यायाधीशले आफ्नो पदीय अधिकारको शक्तिका कारणले नियन्त्रण गर्न प्रयत्नशील रहने हुन्छ । यसमा पनि व्यक्तिभन्दा समूहको भाषिक शक्ति तागतिलो हुन्छ भन्ने मान्यता सर्वत्र छ ( भान डाइक, सन् २००१) । तसर्थ कानुनी क्षेत्रको सङ्कथनमा पनि भाषिक मान्यता वा विचारधारा र शक्तिको नियन्त्रणले भाषालाई विशिष्ट बनाएको हुन्छ । यस्ता विशिष्टताका कारणले आम कानुनका पालक नेपाली जनताले आफूले न्याय प्राप्तिका सन्दर्भका विद्यमान कानुनी नेपाली भाषामा के कस्ता भाषिक मान्यता र शक्तिले भाषिक अभिव्यक्तिमा के कस्तो प्रभाव पारेको छ भन्ने प्राज्ञिक जिज्ञासाको समाधानार्थ कानुनी नेपाली भाषाको आलोचनात्मक सङ्कथन विश्लेषणमा यो अध्ययन केन्द्रित रहेको छ ।

**समस्याकथन**

कानुनी नेपाली भाषा नेपालको कानुन, न्याय र अध्ययन अध्यापनमा समेत व्यापक प्रयोग हुने भएकोले कानुनी नेपाली भाषाको सङ्कथन विश्लेषण अध्ययन प्राज्ञिक दृष्टिले महत्त्वपूर्ण छ । कानुनी नेपाली भाषामा सामान्य नेपाली भाषाका तुलनामा भाषाको स्रोत, अर्थ र शैलीका दृष्टिले भिन्न भएको कुरा विभिन्न अध्ययनबाट प्रस्तुत भएको छ । भाषाको प्रयोजन क्षेत्रका आधारमा कानुनी नेपाली भाषाका प्रयोक्ता खासगरी अदालतका कर्मचारी, कानुन व्यवसायी, न्यायाधीश, कानुनका शिक्षकले कानुन विषयको अध्ययन तथा तालिमका कारणले स्तरीय कानुनी भाषाको प्रयोग गर्दछन् तर सोही भाषा सामान्य वा सर्वसाधारण (मुद्दाका पक्ष, अभियुक्त, साक्षी) ले बुझ्दैनन् । औपचारिक न्याय सम्पादनका क्रममा मुद्दाको सुनुवाइमा मुद्दाका पक्षले भाषिक कठिनाइका कारणले र कानुनको भाषा कठिन हुन्छ भन्ने मान्यताका कारणले खुलेर आफ्ना विचार अभिव्यक्त गर्न सक्दैनन् । अदालतमा न्यायाधीश, वकिल र मुद्दाका पक्षलाई गरिने सम्बोधनसूचक शब्दको प्रयोग र प्रयोग शैलीमा भिन्नता पाइन्छ (अधिकारी, २०६७ पृ १०८) । अदालतका पक्ष ( न्यायाधीश, वकिल र कर्मचारी) ले प्रयोग गरेको भाषामा मुद्दाका पक्ष (पीडित र पीडक) लाई काबुमा पार्न प्रयोग गरेको शक्ति (गौतम, २०७५ पृ. २६) तथा सो शक्तिले मुद्दाका पक्षलाई पारेको प्रभाव वा नियन्त्रणले पक्षले आफ्ना धारणा वा बचाउका कुरा अभिव्यक्त गर्न सक्दैन । कानुनी सङ्कथनमा पनि भाषाका प्रयोगार्थ पक्ष, पूर्वकल्पना वा पूर्वधारणा, वाक्क्रियाहरू तथा पालो प्रणाली र शब्दक्रमले मुद्दाका पक्षलाई काबुमा पार्न र मुद्दाका तथ्य खुलाउनका लागि कसरी भाषिक शक्तिको प्रयोग हुन्छ ?  कानुन र कानुनी भाषाका ज्ञाताले कानुन र कानुनी भाषाको बोध नभएका वक्तालाई यी भाषिक शक्तिका आधारमा कसरी नियन्त्रणमा पार्छन् भन्ने कुराको यसमा अध्ययन गरिएको छ । न्याय सम्पादनका क्रममा अपनाइने कार्यविधि अन्तर्गत न्याय सम्पादनका पक्षहरूका बिचको भाषिक अन्तर्क्रियामा हुने भाषिक भिन्नता वा हेपाइ ( गौतम

२०७५, पृ. ३६) पनि यस अध्ययनको समस्या रहेको छ । यसै गरी सङ्कथनात्मक अभ्यासका क्रममा भाषिक शक्ति र विभेदले के कस्ता मान्यता/विचारहरू ( गौतम २०७५, पृ. २५) को निर्माण गरेको भन्ने कुरा पनि अध्ययनको समस्याका रूपमा रहेको छ । न्याय सम्पादनका क्रममा न्यायालय सम्बद्ध सहभागी वक्ता तथा मुद्दाका पक्ष (वादी प्रतिवादी) का भाषिक अभिव्यक्तिमा हुने भाषिक पक्षधरधता वा स्वार्थ (भान डाइक, २००६) भाषामा कसरी अभिव्यक्त हुन्छन् भन्ने अर्को अध्ययनीय समस्या रहेको छ । हालसम्म नेपालमा कानुनी क्षेत्रमा प्रयोग हुने नेपाली भाषाका बारेमा केही अध्ययन भए पनि आलोचनात्मक अध्ययन भने पर्याप्त मात्रामा पाइदैनन् । तसर्थ कसरी भाषिक शक्तिले न्याय सम्पादनमा प्रभाव पारेको छ र शक्तिले मुद्दाका पक्षलाई कसरी नियन्त्रणमा राखेको छ तथा कानुनका जानकार, कानुनी रूपमा शिक्षित वक्ताले कानुनी भाषा नजान्ने मुद्दाका पक्षहरूसँग गर्ने व्यवहारले न्याय प्राप्तिमा पार्ने असमान पहुँचको खोजी नै यस अध्ययनको मूल शोध समस्या हो ।

**अध्ययनको उद्देश्य**

उल्लिखित शोध प्रश्नहरूको उत्तर प्राप्तिका लागि निम्नलिखित उद्देश्यहरू रहेका छन् :

क) कानुनी नेपाली भाषाका सङ्कथनमा अभिव्यक्त भाषिक शक्तिको विश्लेषण गर्नु,

ख) कानुनी नेपाली भाषाका सङ्कथनमा अभिव्यक्त भाषिक भिन्नता पहिल्याउनु ,

ग) कानुनी नेपाली भाषाका सङ्कथनमा अभिव्यक्त भाषिक विचारहरूको विश्लेषण गर्नु ,

घ) कानुनी नेपाली भाषाका सङ्कथनमा अभिव्यक्त भाषिक भाषिक पक्षधरता /स्वार्थको निरूपण गर्नु,

**अनुसन्धान प्रश्नहरू**

यो अध्ययन कानुनी नेपाली भाषाको आलोचनात्मक सङ्कथन विश्लेषण गर्ने मूल समस्यामा केन्द्रित रहेको र त्यसको स्पष्टीकरणका लागि निम्न लिखित शोध प्रश्नहरूमा केन्द्रित रहेको छ :

(क) कानुनी नेपाली भाषाका सङ्कथनको आलोचनात्मक सङ्कथन विश्लेषण कुन कुन पक्षमा गर्न सकिन्छ ?

अ) कानुनी नेपाली भाषाका सङ्कथनमा के-कस्ता भाषिक शक्तिको उपयोग हुन्छ ?

आ) कानुनी नेपाली भाषाका सङ्कथनमा के-कस्ता भाषिक भिन्नताहरू अभिव्यक्त हुन्छन् ?

इ) कानुनी नेपाली भाषाका सङ्कथनमा के-कस्ता भाषिक विचारहरू प्रकट भएका छन् ?

ई) कानुनी नेपाली भाषाका सङ्कथनमा अभिव्यक्त हुने पक्षधरता वा स्वार्थ के-कस्ता प्रकृतिका हुन्छन् ?

ख) आलोचनात्मक सङ्कथनको सीमाभित्रका नेपाली सामाजिक संरचनागत विशेषता मौखिक नेपाली भाषिक संरचनागत विशेषता विच के कस्तो तालमेल रहेको छ ?

अ) नेपाली भाषाका विभिन्न तह (ध्वनि, शब्दभण्डार, व्याकरण र अर्थ) मा रहेका भाषिक तत्वले सङ्कथनात्मक सामाजिक संरुचनागत विशेषता (शक्ति, भिन्नता, विचार र पक्षधरता/स्वार्थ) ले भाषिक संरचनालाई कसरी प्रभाव पारेका छन् ?

**अध्ययनको औचित्य र महत्त्व**

प्रयोजनपरक भाषिक भेद भाषाविज्ञानका अध्ययनका विभिन्न क्षेत्रहरूमध्ये एक महत्त्वपूर्ण विषय हो । अदालती प्रक्रियामा उपयोग हुने भाषिक भेद प्रयोजनपरक भाषाका अनेक भेदहरू मध्येको एक भेद हो । यो भेद समाजको 'कानुन' विषय वा क्षेत्रसँग सम्बन्धित छ । कानुनी क्षेत्रमा उपयोग हुने भाषाको अध्ययन विश्लेषणमा केन्द्रित रहेको हुनाले यो शोध कार्य महत्त्वपूर्ण बनेको छ । नेपाली भाषाका अध्ययनका सन्दर्भमा अन्य विभिन्न पक्षबाट भाषा वैज्ञानिक अध्ययन भए तापनि खास प्रयोजनपरक भाषाका सन्दर्भ र अदालती प्रक्रियामा प्रयोग हुने भाषाका सम्बन्धमा हालसम्म प्राज्ञिक शोधपरक अध्ययन कम भएका छन् ।

भाषाको कानुनी भेद अन्तर्गतको भाषा कानुनी व्यवहारका हरेक फाँटमा प्रयोग गरिने नेपाली भाषा नै वस्तुत कानुनी नेपाली भाषा हो ( घिमिरे, २०६८, पृ १७ ) । कानुनी प्रयोजन क्षेत्रको नेपाली भाषाका आफ्नै विशेषता छन् । यो सामान्य नेपाली भाषाभन्दा शब्दभण्डार, पदावली रचना, वाक्य संरचना जस्ता पक्षमा भिन्न रहेको छ। संस्कृत, अङ्ग्रेजी, अरबी, फारसी जस्ता स्रोतको बाहुल्य भएको तथा शब्दभण्डार, अर्थ र शैलीगत भिन्नताका कारणले सामान्य नेपाली भाषाका तुलनामा कानुनी नेपाली भाषाको प्रयोग विशिष्ट किसिमको छ । कानुनी नेपाली भाषामा सरल वाक्यका तुलनामा जटिल वाक्यको प्रयोग गर्ने प्रचलन छ । कारणबोधक शब्दहरूको प्रयोगले वाक्य लामा र जटिल भई

अभिव्यक्तिलाई पनि जटिल बनाएको छ । कानुनी नेपाली भाषामा पनि कानुनी शब्द र वाक्यको प्रयोग परम्पराका आधारमा सामान्य नेपाली भाषामा भन्दा विशिष्ट रहेको छ ।

कानुनी नेपाली भाषाका वाक्य ढाँचा सामान्य नेपाली भाषाका वाक्य ढाँचाका तुलनामा भिन्न र जटिल प्रकृतिका मानिन्छन् । कतिपय अवस्थामा कानुनी नेपाली भाषा असम्प्रेष्य र दुर्बोध्य भनेर पनि आरोप गर्ने गरिन्छ । यो अध्ययनमा अदालती प्रक्रियामा प्रयोग हुने भाषाको विशेषता पहिचान गर्न सक्षम बनाउन उपयोगी छ । अदालती प्रक्रियामा प्रयोग हुने भाषामा प्रयोग हुने आदरार्थी, सम्बन्धसूचक प्रयोग र भाषाशैलीले वक्ता र स्रोतका बिचमा सिर्जना गरेको भिन्नताको विन्यास गर्न पनि यो अध्ययन महत्त्वपूर्ण छ । कानुनी भाषाका ज्ञाताले भाषाको प्रयोग गर्दा भाषिक शक्तिका माध्यमबाट भाषामा के कस्तो नियन्त्रण गर्दछन् तथा भाषा शिक्षणमा आलोचनात्मक सङ्कथनको उपयोग के कसरी गर्न सकिन्छ ? भन्ने प्रश्नहरूको उत्तर खोजी गर्ने र भाषाका सीप शिक्षणमा आलोचनात्मक सङ्कथन विश्लेषणको उपयोगिता सुझाउन औचित्यपूर्ण र उपयोगी बन्ने छ । कानुनी नेपाली भाषा नेपाल कानुनका क्षेत्रमा अड्डाअदालत, न्यायिक र अर्धन्यायिक निकाय, कानुन सङ्काय, विद्यालय तहमा कानुनी नेपाली विषयको पठन पाठनका क्षेत्रमा व्यापक प्रयोगको भाषा हो । नेपालको सरकारी कामकाजको भाषा तथा नेपालका अदालतको माध्यम भाषा पनि नेपाली नै हो । तसर्थ यी विविध क्षेत्रका अध्ययनकर्ता, सरोकारवाला, शिक्षक, विद्यार्थी, वकिल र सबैलाई यस शोधकार्यबाट प्राप्त उपलब्धिले भाषाको प्रयोगमा तथा आलोचनात्मक सङ्कथन विश्लेषणका माध्यमबाट सहजता र सरलता प्राप्त हुने अपेक्षा समेत गरिएकोले यस विषयको अध्ययन आफैँमा औचित्यपूर्ण देखिन्छ ।

**अध्ययनको परिसीमा**

प्रस्तुत अध्ययनको क्षेत्र कानुनी नेपाली भाषाको आलोचनात्मक सङ्कथन विश्लेषणमा सीमित रहेको छ । आलोचनात्मक सङ्कथन विश्लेषणको सैद्धान्तिक अवधारणा र त्यसका उपकरण (भाषिक शक्ति, भाषिक भिन्नता, विचार र पक्षधरता/स्वार्थ) का आधारमा मात्र यो अध्ययन गरिएको छ । अदालतको अनुमति लिएर गरिएको यो अध्ययनमा कानुनी भाषा अन्तर्गत सरकार वादी फौजदारी मुद्दा अन्तर्गतका गम्भीर कसुर (मुफौकासं २०७४, पृ.१२०) का पीडित (जाहेरवाला) र  पीडक (अभियुक्त/प्रतिवादी) ले अदालतमा गरेका बयान र बकपत्र तथा कानुन व्यवसायी र मुद्दाका पक्ष (वादी र प्रतिवादी) सँग गरेको संवाद तथा सामान्य मुद्दाका पक्ष र कानुन व्यवसायी तथा न्यायाधीशका संवाद तथा मुद्दाका प्रतिवादीहरू र जाहेरवालाले अदालतमा दिएका बयान र बकपत्र मात्र सीमित छ । यी बयान, बकपत्र तथा संवादहरू काठमाडौँ जिल्ला अदालत, ललितपुर जिल्ला अदालत र भक्तपुर जिल्ला अदालतर सर्वोच्च अदालतमा २०७६/०७७ मा दर्ता भएका मुद्दामा आधारित रहेका छन् । जम्मा तीस ओटा बयान, बकपत्र तथा संवादमा यो अध्ययन सीमित रहेको छ । यी तीस ओटा पाठमा जम्मा ९० जना (परिशिष्ट घ) सहभागी रहेका छन् । यसमा मुद्दाका पक्ष अर्थात् जाहेरवाला, अभियुक्त, वादी र प्रतिवादीहरूले अदालत समक्ष गरेका बयान, बकपत्र तथा कानुन व्यवसायीसँग गरेका कुराकानीमा यो अध्ययन सीमित रहेको छ ।

**शब्दावलीको परिभाषा**

प्रस्तुत अध्ययनमा प्रयोग भएका प्रमुख अवधारणात्मक शब्द र शब्दावलीको परिभाषा यस प्रकार छ :

**सङ्कथन** : वाक्यीय संरचनाभन्दा माथिल्लो भाषिक एकाइ हो । यो आवश्यकताअनुसार शब्द, वाक्यांश र वाक्यभन्दा पनि परसम्म फैलिएको हुन्छ । मानवीय मौखिक र अमौखिक सङ्केत व्यवस्थाहरूमा प्रतिबिम्बित हुन्छ ।

**आलोचनात्मक सङ्कथन विश्लेषण** : सामाजिक र राजनीतिक सन्दर्भका बोली र पाठबाट सामाजिक शक्तिको दुरूपयोग, हेपाइ, र असमानताहरू क्रियाशील हुने, उत्पादित हुने र सबल हुने कुराको प्रारम्भिक अध्ययनमा केन्द्रित भएर गरिने सङ्कथनको विश्लेषणात्मक अनुसन्धान नै आलोचनात्मक सङ्कथन विश्लेषण हो । यसमा भाषामा अभिव्यक्त शक्ति, प्रभुत्व वा हैकम, विभेद, भिन्नता वा हेपाइ, विचार, पक्षधरता वा स्वार्थ जस्ता पक्षको खोजी गरिन्छ ।

**सङकथनात्मक अभ्यास** : सामाजिक परिवेश अनुसार समुदायमा मानिसले गर्ने भाषिक अन्तर्क्रिया नै सङ्कथनात्मक अभ्यास भनिन्छ ।

**पदानुक्रम** : सङ्कथनात्मक अभ्यासका क्रममा सामाजिक आर्थिक, शैक्षिक स्तरका आधारमा सहभागी वक्ताले प्रयोग गर्ने भाषामा विभिन्नताका आधारमा हुने भाषिक वर्गीकरण वा क्रमबद्धता नै पदानुक्रम हो । यो विभिन्नता सिर्जना गर्ने कारकका रूपमा पदानुक्रमलाई लिइएको छ ।

**शक्ति** : सामाजिक हैसियतअनुसार वक्ताको भाषामा अभिव्यक्त हुने र भाषाका माध्यमबाट अरूलाई नियन्त्रण गर्न र अरूद्वारा नियन्त्रित हुन प्रयोग हुने भाषिक तत्व नै शक्ति हो ।

**भाषिक भिन्नता** : हैकम, प्रभुत्व वा शक्तिका कारणले भाषिक रूपमा भिन्न प्रस्तुति गर्ने काम वा प्रक्रिया नै भाषिक भिन्नता हो । समाजका शक्तिशालीहरूले शक्तिहीनलाई आफ्नो नियन्त्रणमा राखेर भाषिक रूपमा भिन्न व्यवहार गर्ने कार्य नै भाषिक भिन्नता हो ।

**विचार** : सङ्कथनात्मक घटनाहरूबाट निर्मित मान्यतालाई नै विचार भनिन्छ । सबै किसिमका मौखिक अभिव्यक्ति वा संवाद तथा लिखित भाषाका माध्यमबाट नै विचार प्रकट हुन्छन् ।

**पक्षधरता/स्वार्थ** : आफ्नो मतलब वा उद्देश्यपूर्तिका निम्ति गरिने काम, आफ्नो मतलब वा आफ्नो भलाइ, निजी लाभ नै पक्षधरता वा स्वार्थ हो । भाषाका माध्यमबाट आफ्नो लाभका लागि गरिने भाषिक कार्यलाई नै भाषिक पक्षधरता वा स्वार्थ हो ।

**शोधप्रबन्धको रूपरेखा**

यो शोधप्रबन्ध जम्मा आठवटा अध्यायमा संरचित छ । अध्याय एकको परिचय खण्डमा अध्ययनको उत्प्रेरणा, अध्ययनको पृष्ठभूमि, समस्याकथन, अनुसन्धान प्रश्नहरू, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य र महत्त्व, अध्ययनको परिसीमा, शब्दावलीको परिभाषा र शोधप्रबन्धको रूपरेखा समावेश छन् । अध्याय दुईमा पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणा अन्तर्गत आलोचनात्मक सङ्कथन विश्लेषणमा आधारित भएर अध्ययन भएका शोधार्थीहरूका शोधकार्यको परिचर्चा छ । यसैगरी भाषाशास्त्रीहरूले गरेका अध्ययन सामग्रीअन्तर्गत पुस्तक तथा लेखहरूमा प्रकाशित अनुसन्धानात्मक सामग्रीहरूको समीक्षा प्रस्तुत गरिएको छ । यसका अतिरिक्त यस अध्यायमा सैद्धान्तिक अवधारणा शीर्षकअन्तर्गत प्रयोगार्थविज्ञानका सन्दर्भ, परिस्थितिगत सन्दर्भ, ज्ञानपृष्ठभूमिगत सन्दर्भ, अन्तर्पाठात्मक सन्दर्भ, बोली अवस्थाका पक्ष, निर्देशन, सन्दर्भ र अनुमान, पूर्वअवधारणाहरूको चर्चा छ । यसका अलावा सहयोगात्मक सिद्धान्तअन्तर्गत गुणोक्ति,

परिमाणोक्ति, सम्बन्धोक्ति, व्यवहारोक्ति, भद्रता, वाक्क्रिया, वाक्क्रियाका प्रकार, व्यञ्जनालाई चिनाइएको छ । यस अध्यायमा आलोचनात्मक सङ्कथन विश्लेषण, आलोचनात्मक सङ्कथन विश्लेषणको विकास, आलोचनात्मक सङ्कथनका पक्षहरू पाठ (विवरण), सङ्कथनात्मक अभ्यास (वर्णन), सामाजिक अभ्यास (स्पष्टीकरण), आलोचनात्मक सङ्कथनसँग सम्बन्धित कार्य, आलोचनात्मक सङ्कथन विश्लेषणका मुख्य अध्ययनीय पक्षअन्तर्गत शक्ति, भिन्नता/हेपाइ , विचार, पक्षधरता/स्वार्थ/स्वार्थका सैद्धान्तिक पक्ष समेटिएका छन् । यही पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणाका आधारमा अध्यायको अन्त्यमा सैद्धान्तिक र अवधारणात्मक ढाँचा प्रस्तुत छ ।

अध्याय तीन अध्ययन विधिसँग सम्बन्धित छ । यसमा दार्शनिक आधार, अनुसन्धान ढाँचा, सहभागी तथा तथ्याङ्कको ढाँचा र स्रोत, तथ्याङ्क सङ्कलनका विधि र साधन, तथ्याङ्क सङ्कलनको कार्यविधि, सहभागीहरूको अवस्था प्रस्तुत छ । यसैगरी तथ्याङ्कहरू, विश्लेषणको ढाँचाअन्तर्गत तथ्याङ्कको व्यवस्थापन तथा अभिलेखीकरण तथा तथ्याङ्कको सङ्केतीकरण तथा वर्गीकरण अनि विश्लेषण तथा व्याख्या र अध्ययनको आचार समाविष्ट छन् ।

अध्याय चार, अध्याय पाँच, अध्याय छ र अध्याय सात व्याख्या विश्लेषणको खण्ड हुन् । यी अध्यायहरूमध्ये क्रमश अध्याय चारमा कानुनी नेपाली सङ्कथनमा (परिशिष्ट क) मा प्रस्तुत भएका तथ्याङ्कहरूमा अभिव्यक्त भाषिक शक्तिको अध्ययन विश्लेषण छ । यस खण्डमा पदीय/ओहदाका आधारमा सिर्जित शक्ति, कानुन/कानुनी अभ्यास/प्रमाणका आधारमा सिर्जित शक्ति, आर्थिक स्थितिका आधारमा सिर्जित शक्ति, शिक्षा/ज्ञानका आधारमा सिर्जित शक्ति, मनोवैज्ञानिक/तार्किक आधारमा सिर्जित शक्ति र अभिव्यक्तिको शिष्टता वा भद्रताका आधारमा सिर्जित शक्तिको व्याख्या विश्लेषण छ । अध्याय पाँचमा अदालती

पक्रियामा प्रयोग हुने नेपाली भाषाका सङ्कथनमा हुने भाषिक शक्तिले सिर्जना गर्ने भाषिक भिन्नताको अध्ययन विश्लेषण गरिएको छ । यसमा भाषामा पाइने वर्गीय भिन्नता, सामाजिक भिन्नता, लैङ्गिक भिन्नता र शैक्षिक भिन्नताको अध्ययन विश्लेषण र अध्ययनको विश्लेषणको निष्कर्ष समावेश छ । अध्याय छ कानुनी नेपाली भाषाका सङ्कथनमा भाषिक शक्तिले सिर्जना गर्ने विचारहरूको विश्लेषणमा केन्द्रित छ । सङ्कथनमा अभिव्यक्त नारी सम्वेदनशीलता सम्बन्धी, विवाह र बालविवाह सम्बन्धी, भाषा प्रयोग सम्बन्धी, प्रियजनप्रतिको, कसुर सम्बन्धी, महिला हिंसा र अपराध सम्बन्धी तथा सौतेनी आमा सम्बन्धी निर्मित विचारहरूलाई सङ्कथनात्मक अभ्यास (परिशिष्ट क) का आधारमा खोतलिएको छ । अध्याय सातमा कानुनी नेपाली भाषाका सङ्कथनमा अभिव्यक्त पक्षधरता वा स्वार्थको अध्ययन विश्लेषण गरिएको छ । यसमा न्याय प्राप्तिको पक्षधरता वा स्वार्थ, मुद्दाबाट सफाइको पक्षधरता वा स्वार्थ, तथ्य उजागरको पक्षधरता वा स्वार्थ, सजाय गराउने र न्याय दिलाउने पक्षधरता वा स्वार्थ, सफाइ दिलाउने पक्षधरता वा स्वार्थ, न्याय निरूपणको पक्षधरता वा स्वार्थको अध्ययन विश्लेषण छ । यसका साथै यी चारवटै अध्यायमा गरिएका अध्ययन विश्लेषणका आधारमा भाषामा अभिव्यक्त शक्ति, भिन्नता, विचार र पक्षधरता वा स्वार्थलाई सङ्कथनात्मक अभ्यासका आधारमा चिनाउने काम भएको छ ।

अन्त्यमा अध्याय आठ छलफल, निष्कर्ष र शैक्षणिक उपादेयतामा केन्द्रित छ । छलफलमा माथिका व्याख्या विश्लेषणका अध्यायहरूमा गरिएको अध्ययन विश्लेषणहरूको सारांश प्रस्तुत छ । अध्याय चारदेखि अध्याय सातसम्म गरिएको अध्ययन विश्लेषणको मुख्य प्राप्तिलाई यहाँ निष्कर्षका रूपमा समाविष्ट छ । अन्त्यमा आलोचनात्मक सङ्कथन विश्लेषणको शैक्षिक उपादेयता औँल्याइएको छ । यसमा सम्भाव्य शोध शीर्षक पनि

समेटिएको छ । यसका अतिरिक्त सन्दर्भसामग्री, तथ्याङ्कहरूको क्रमबद्ध प्रस्तुति, पारिभाषिक शब्दसूची र अङ्ग्रेजी नेपाली शब्दसूची पनि यस शोधप्रबन्धमा समेटिएको छ ।

**अध्याय निष्कर्ष** : भाषाका सामाजिक र भौगोलिक गरी दुई किसिमका भेदहरू हुन्छन् । सामाजिक भाषिकामा पनि निश्चित प्रयोजन पूर्तिका लागि अर्को प्रयोजनपरक भेद देखा पर्दछ । भाषालाई विविध प्रयोजनले प्रयोग गर्ने क्रममा कानुनी नेपाली भाषाको भेदलाई प्रयोजनपरक भेदको एक उपभेदका रूपमा मानिएको छ । यस अनुसन्धानमा नेपालका अदालतहरूमा न्यायाधीश, अदालतका कर्मचारीहरू, मुद्दाका वादी प्रतिवादी तथा कानुन व्यवसायीहरूको मौखिक भाषा तथा अदालतमा मुद्दाका जाहेरवालाका लिखित बकपत्र तथा प्रतिवादीहरूका लिखित बयानको भाषाको अध्ययन गरिएको छ ।

अदालती प्रक्रियामा प्रयोग हुने भाषाका सङ्कथनमा पनि भाषिक मान्यता वा विचार र शक्तिको नियन्त्रणले भाषालाई विशिष्ट बनाएको हुन्छ । यस्ता विशिष्टताका कारणले आम कानुनका पालक नेपाली जनताले आफूले न्याय प्राप्तिका सन्दर्भका विद्यमान कानुनी नेपाली भाषामा के कस्ता भाषिक मान्यता र शक्तिले भाषिक अभिव्यक्तिमा के कस्तो प्रभाव पारेको छ भन्ने प्राज्ञिक जिज्ञासाको समाधानार्थ कानुनी नेपाली भाषाको आलोचनात्मक सङ्कथन विश्लेषणमा यो अध्ययन केन्द्रित रहेको छ ।

कानुनी नेपाली भाषा सामान्य नेपाली भाषाका तुलनामा भाषाको स्रोत, अर्थ र शैलीका दृष्टिले भिन्न भएको कुरा विभिन्न अध्ययनबाट प्रस्तुत भएको छ । भाषाको प्रयोजन क्षेत्रका आधारमा कानुनको अध्ययन गरेका प्रयोक्ताहरूले स्तरीय कानुनी भाषाको प्रयोग गर्दछन् तर सोही भाषा सर्वसाधारण वा मुद्दाका पक्ष, अभियुक्त, साक्षीले बुझ्दैनन् । औपचारिक न्याय सम्पादनका क्रममा मुद्दाको सुनुवाइमा मुद्दाका पक्षले भाषिक कठिनाइका कारणले र कानुनको भाषा कठिन हुन्छ भन्ने मान्यताका कारणले खुलेर आफ्ना विचार

अभिव्यक्त गर्न सक्दैनन् । यसै गरी अदालतका न्यायाधीश, वकिल र कर्मचारीले प्रयोग गरेको भाषामा मुद्दाका वादी र प्रतिवादी, पीडित र पीडकलाई काबुमा पार्न प्रयोग गरेको शक्तिले पारेको प्रभाव वा नियन्त्रणका कारणले आफ्ना धारणा वा बचाउका लागि विचार अभिव्यक्त गर्न सक्दैन । कानुनी सङ्कथनमा मुद्दाका पक्षलाई काबुमा पार्न र मुद्दाका तथ्य खुलाउनका लागि कसरी भाषिक शक्तिको प्रयोग हुन्छ ? कानुन र कानुनी भाषाका ज्ञाताले कानुन र कानुनी भाषाको बोध नभएका वक्तालाई यी भाषिक तत्त्वका आधारमा कसरी नियन्त्रणमा पार्छन् भन्ने कुराको यसमा अध्ययन गरिएको छ । न्याय सम्पादनका क्रममा अपनाइने कार्यविधि अन्तर्गत न्याय सम्पादनका पक्षहरूका बिचको भाषिक अन्तर्क्रियामा हुने भाषिक भिन्नताको विश्लेषण पनि यस अध्ययनको एक उद्देश्यका रूपमा रहेको छ । यसै गरी सङ्कथनात्मक अभ्यासका क्रममा भाषिक शक्ति र भिन्नताले निर्माण गरेका मान्यता/विचारको विश्लेषण पनि अध्ययनको समस्याका रूपमा रहेको छ । न्याय सम्पादनका क्रममा न्यायालय सम्बद्ध सहभागी वक्ता तथा मुद्दाका पक्ष (वादी प्रतिवादी) का भाषिक अभिव्यक्तिमा हुने भाषिक पक्षधरता/स्वार्थ भाषामा कसरी अभिव्यक्त हुन्छन् भन्ने अर्को अध्ययनीय समस्या रहेको छ । यिनै शोध समस्यामा केन्द्रित भएर कानुनी नेपाली सङ्कथनमा उपयोग हुने भाषिक शक्ति, अभिव्यक्त हुने भाषिक भिन्नता, प्रकट भएका विचारहरू तथा भाषिक स्वार्थको पहिचान गरी आलोचनात्मक सङ्कथन विश्लेषणको शैक्षिक उपादेयता पुष्टि गर्ने उद्देश्यका साथ यो अध्ययन गरिएको छ ।

कानुनी क्षेत्रका अध्येता तथा भाषा वैज्ञानिक अध्ययन गर्न चाहने सबैका लागि उपयोगी यो अध्ययन कानुनी सङ्कथनलाई मुख्य अध्ययनीय सामग्रीका रूपमा चयन गरेर आलोचनात्मक सङ्कथन विश्लेषणको सैद्धान्तिक अवधारणामा आधारित भएर गरिएको छ ।

# अध्याय दुई

## पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणा

यस अध्ययनमा आलोचनात्मक सङ्कथन विश्लेषणका क्षेत्रमा यस अध्ययनभन्दा अगाडि भएका विभिन्न अध्ययनहरूको पुनरावलोकन गरिएको छ । यस क्रममा यस खण्डमा विभिन्न विश्वविद्यालयमा प्रस्तुत भएका शोध प्रबन्धहरू, नेपालका विश्वविद्यालय स्तरीय शोधप्रबन्धहरू, अनुसन्धानात्मक लेख रचनामा भएका अनुसन्धान निष्कर्षहरूलाई सिलसिलेवार रूपमा प्रस्तुत गरिएको छ ।

### पूर्वकार्यको समीक्षा

आलोचनात्मक सङ्कथन विश्लेषणको विकासको पृष्ठभूमिका आधारमा तयार भएको सैद्धान्तिक ढाँचामा आधारित भएर अन्तर्राष्ट्रिय क्षेत्रमा धेरै अध्ययन भएका पाइन्छन् तर नेपालमा यस क्षेत्रमा त्यति धेरै अध्ययन भएको पाइँदैन । आलोचनात्मक सङ्कथन विश्लेषणको सैद्धान्तिक ढाँचामा रहेर सङ्कथन विश्लेषण गरिएका पूर्वकार्यहरूलाई यस खण्डमा प्रस्तुत गरिएको छ ।

भान डाइक (सन् २००१) का अनुसार आलोचनात्मक सङ्कथन विश्लेषणको विशिष्ट अनुसन्धानको निर्देशन छैन, यसको खास सैद्धान्तिक ढाँचा छैन । उनले यस किसिमका विश्लेषण, सैद्धान्तिक पक्षमा विविधता औंल्याएका छन् । मौखिक सङ्कथनको आलोचनात्मक विश्लेषण, समाचारपत्रको विश्लेषण वा पाठ र विद्यालय शिक्षणको विश्लेषण भन्दा भिन्न हुन्छ । उनले आलोचनात्मक सङ्कथन विश्लेषणका दृष्टिकोणहरू, साधारण उद्देश्य, समग्र अवधारणात्मक र सैद्धान्तिक ढाँचा प्रस्तुत गरेका छन् । साधारणतया सङ्कथनको संरचनालाई सामाजिक प्रभुत्व वा सामाजिक दवावको उपजका रूपमा लिइन्छ,

यद्यपि यस्ता सङ्कथन बार्तालापका अंश, वा समाचार प्रतिवेदनहरू र यस्तै विविध सन्दर्भहरू हुन्छन् । यसै आधारमा आलोचनात्मक सङ्कथन विश्लेषणका धेरै अध्येताहरूले शक्ति, प्रभुत्व, भ्रम वा अरूमाथिको अधीन, विचारधारा, वर्ग, लिङ्ग, जातजाति, विभेद, रुचि, उत्पादन, संस्था, सामाजिक संरचना र सामाजिक मर्यादा जस्ता विशेष शब्दावलीको प्रयोग गरे । यी विशेष शब्दावलीहरू नै विश्लेषणका आधारका रूपमा प्रस्तुत गरियो । आलोचनात्मक सङ्कथन विश्लेषणसँग सम्बन्धित सैद्धान्तिक विषयहरू तथा अवधारणाका पक्षहरू सङ्कथन, संज्ञान र समाजसँग सम्बद्ध छन् । उनले सङ्कथनको आलोचनात्मक विश्लेषणका तहका आधारमा सङ्कथन विश्लेषणलाई स्थूल र सूक्ष्म भनी वर्गीकरण गरेका छन् । भाषा प्रयोग, सङ्कथन, मौखिक बातचित, र सम्प्रेषण सामाजिक सम्बन्धका सूक्ष्म तहसँग सम्बन्धित पक्ष हुन् । यसको अर्थ स्थूल र सूक्ष्म दृष्टिकोणका बिचको दुरीको योजक नै आलोचनात्मक सङ्कथन विश्लेषणको सैद्धान्तिक पक्ष हो । दैनिक संवाद र अनुभवहरूमा सूक्ष्म र स्थूल तहमा समग्रमा सङ्कथनको निर्माण भइरहेको हुन्छ । उदाहरणका लागि संसदमा दिएको भाषण सूक्ष्म किसिमको सामाजिक अन्तर्क्रिया हो र यो विशेष अवस्थाको वादविवाद हो तर यही समयमा व्यवस्थापिकाको कुनै संवैधानिक शाखाले जातिवादी प्रस्तुति गरेमा त्यो स्थूल तहको सङ्कथन हुन्छ । यसका अतिरिक्त आलोचनात्मक सङ्कथन विश्लेषणलाई सङ्कथनका सहभागीका आधारमा, कार्यपद्धति (सामाजिक कार्य र सामाजिक प्रक्रियाहरू, जस्तै; व्यवस्थापिकामा सार्वजनिक महत्त्वका भाषण, समाचार निर्माण वा जातीय उत्थानका काम आदि), भाषिक अन्तर्क्रियाका आधारमा तथा व्यक्तिगत र सामाजिक संज्ञानका आधारमा पनि सङ्कथन विश्लेषण गर्न सकिने कुरा निर्देश गरिएको छ ।

भान डाइक (सन् २००१) का अनुसार आलोचनात्मक सङ्कथन विश्लेषणमा आलोचनात्मक कार्यको केन्द्रिय धारणा शक्ति हो र संस्था वा समूहहरूको सामाजिक शक्ति

अझ बढी विशिष्टीकृत रूप हो । सङ्क्षेपीकृत रूपमा जटिल दार्शनिक र सामाजिक विश्लेषणमा सामाजिक शक्तिलाई नियन्त्रणको अर्थमा अभिव्यक्त गरिन्छ, त्यसैले समूहसँग शक्ति हुन्छ । यदि कुनै समूहले अरू समूहका कार्य र सोचाइको नियन्त्रण गर्न सक्षम भए भने त्यसलाई शक्तिको नियन्त्रण मानिन्छ । शक्तिमा आधारित सुविधा वा क्षमता जो मुस्किलले सामाजिक स्रोतबाट प्राप्त हुन्छ भनी तर्क गरिन्छ । यस्ता शक्तिका कारक सामाजिक स्रोतहरू जस्तै; बल, पैसा, सामाजिक अवस्था, प्रशस्ति, ज्ञान, सूचना, संस्कृति र यस्तै धेरै किसिमका सामूहिक सङ्कथन र सम्प्रेषणात्मक अभिव्यक्ति हुन् । सैनिक र हिंसात्मक जमातको बलपूर्वकको शक्ति बलमा आधारित शक्ति, धनी मानिसको धनका कारणले हुने शक्ति, अभिभावकमा मनाउने वा फकाउने शक्ति, प्राध्यापक र पत्रकारको ज्ञान र सूचनामा आधारित शक्ति जस्ता विविध किसिमका शक्तिहरूको अभ्यास हुने गर्दछन् । आलोचनात्मक सङ्कथनले विश्लेषण गर्ने शक्ति यी शक्तिहरू भन्दा भिन्न प्रकृतिको हुन्छ । एक समूहले औसत (बढी वा घटी) अर्को समूहलाई नियन्त्रण गर्दछ अथवा विशेष अवस्था वा सामाजिक क्षेत्रमा तिनलाई नियन्त्रण गर्दछन् । दबिएका समूहहरू प्रायः यस्तो नियन्त्रण वा शक्तिको विरोध, स्वीकार, माफी, छुट, बेवास्ता, सहमत अथवा त्यस्ता शक्तिलाई जायज ठानी स्वीकार गर्दछन् । प्रभुत्वशाली समूहको शक्ति कानुन, नियम, मान्यता, बानी र यस्तै सामान्य सहमतिमा आधारित हुन्छन् । यस्ता शक्तिलाई ग्राम्सीले हेजीमोनी भने । यही हेजीमोनीका विशेषताका रूपमा वर्गीय प्रभुत्व, लिङ्गवाद, जातिवाद आएका छन् । शक्ति सधैँ प्रभुत्वशाली समूहबाट अपमानित कार्य गर्न वा दबाउन प्रस्तुत हुँदैन तर असीमित सङ्ख्यामा वा दैनिक जीवनका कार्यमा जातिवाद र लिङ्गवाद प्रस्तुत हुन्छ। शक्तिशाली समूहका सबै सदस्य सधैँ दबाइएका समूह भन्दा शक्तिशाली हुँदैनन् किनभने शक्ति व्यक्तिगत नभई सामूहिक रूपमा परिभाषित हुन्छ । सबैभन्दा पहिले यहाँ सङ्कथन र

शक्तिको सम्बन्धको खोजी गरिन्छ । त्यसैले विशेष ढाँचाका सङ्कथन पत्ता लगाउनुपर्छ जस्तै राजनीति, सञ्चार, अथवा विज्ञान जो आफैँमा शक्तिका स्रोत हुन् । कार्यहरू मस्तिष्कद्वारा नियन्त्रित छन् । त्यसैले पनि हामी मानिसको मस्तिष्कलाई प्रभावित पार्छौं भने तिनीहरूको ज्ञान वा विचार अप्रत्यक्ष रूपमा कार्यबाट नियन्त्रित हुन्छ । जुन समूहले प्रभावकारी सङ्कथनबाट नियन्त्रण गर्दछ त्यसले अरूको मस्तिष्क र कार्यको नियन्त्रण गर्ने मौका पाउँछ भनी निष्कर्षमा सङ्कथनलाई शक्ति घेराका रूपमा अर्थ गरिन्छ । यसरी भान डाइकले आलोचनात्मक सङ्कथन विश्लेषणको निश्चित विधि तथा पद्धति नभएको प्रस्ट पार्दै आलोचनात्मक सङ्कथनमा शक्ति सम्बन्धी दुई किसिमका आधारभूत प्रश्नमा केन्द्रित भएर धारणा प्रस्तुत गरेका छन् : पहिलो शक्तिशाली समूहले सार्वजनिक वा सामूहिक सङ्कथनबाट कसरी नियन्त्रण गर्छ ? र दोस्रो शक्तिशाली समूहले यस्तै सङ्कथनबाट कसरी विचार र कार्यलाई नियन्त्रण गर्न सक्दछ र यस्ता नियन्त्रणका सामाजिक परिणाम के छन् ? सामाजिक असमानता के कस्ता छन् ? यिनै प्रश्नहरूमा आधारित भएर भान डाइकले आलोचनात्मक सङ्कथन विश्लेषणका सैद्धान्तिक अवधारणा प्रस्तुत गरेका छन् ।

गुयरो (सन् २०१३) द्वारा भाषाको प्रयोगमा पूर्वानुमानको विश्लेषण, व्यञ्जना/ निहितार्थ, वाक्क्रिया र पालो प्रणालीको क्रमद्वारा शक्ति कसरी अभिव्यक्त वा प्रकट हुन्छ भन्ने कुराको अध्ययन गरिएको छ । कागजी अध्ययन अन्तरविषयक विधिका माध्यमबाट प्रकट गर्नका लागि भाषा र कानुन एकआपसमा जोडिएका विषयहरू हुन् । कानुनको भाषाका विभिन्न शक्ति सम्बन्धहरू, व्यावहारिक बानी वा विशेषताहरू, र वाक्यात्मक जटिलताहरू देखाउनका लागि लेखकहरूले विश्लेषणको एक विधिका रूपमा आलोचनात्मक सङ्कथन विश्लेषणलाई उपयोग गर्ने गर्दछन् । लेखकको अनुसन्धानको मुख्य उद्देश्य अदालती कारवाहीमा जिरहका क्रममा प्रश्न उत्तरको क्रममा कस्तो असमानता, दबाव र

नियन्त्रण हुन्छ भनी खोजी गर्दछन् । आलोचनात्मक सङ्कथन विश्लेषणलाई एक विधिगत दृष्टिकोणका रूपमा प्रश्नहरूमा आधारित उदाहरणहरूको भाषिक परीक्षणका लागि समाज संज्ञानात्मक पद्धतिले पाठको विश्लेषण गर्न सहयोग पुऱ्याउँछ । यस अध्ययनमा भाषाको प्रयोगमा पूर्वानुमानको विश्लेषण, भन्न खोजेको कुरा (व्यञ्जना वा निहितार्थ) भाषिक कार्य र पालो प्रणालीको क्रमद्वारा शक्ति कसरी अभिव्यक्त वा प्रकट हुन्छ भन्ने कुराको अध्ययन गरिएको छ । यसका अतिरिक्त लेखकले सङ्कथन शैलीका रूपमा जिरहको सम्बन्धमा सूचना पनि जोडेका छन् । यसमा अमेरिकामा सन् १९९१ मा घटेको रोड्नी किङ् नामक चर्चित मुद्दासँग सम्बन्धित घटनालाई लिएर सो मुद्दाका तहकिकात तथा अदालतमा लिइएका विविध वयान, बहस आदिलाई तथ्याङ्कका रूपमा लिएर आलोचनात्मक सङ्कथन विश्लेषण गरिएको छ । यस अध्ययनमा प्रश्नहरूको एकतर्फी प्रयोगले र असमान शक्तिको वितरणले सार्थक प्रयोगार्थ उपकरणहरू जस्तै पूर्वानुमान, व्यञ्जना वा निहितार्थ, र वाक्क्रियाहरूले साक्षीलाई सत्य प्रकट गर्न बाध्य बनाउँछ । यी उपकरणहरूको उपयोग गरेर मुद्दाको परीक्षण गर्दा मुद्दाका पक्षलाई सत्य बोल्न लगाउन सकिन्छ भन्ने निष्कर्ष यस मुद्दामा प्रस्तुत गरिएको छ । यसरी गुयरोले प्रयोगार्थविज्ञानसँग सम्बन्धित पक्षहरू व्यञ्जना, निहितार्थ, वाक्क्रिया आदिका आधारमा भाषाको अध्ययन गरिएको कुरा प्रस्तुत गरे ।

स्भोन्गोरो र अन्य (सन् २०१३) द्वारा अदालती भाषाको आलोचनात्मक सङ्कथन विश्लेषण गर्दै जिम्बाबेका स्थानीय मातृभाषा भएका मुद्दाका पक्षहरूले अदालतको औपचारिक अङ्ग्रेजी भाषा नबुझ्नेहरूले आफ्ना बयान, बकपत्रमा उपयोग गर्ने भाषाको उपयोग गर्दा के कस्ता भाषिक विशेषताहरूको उपयोग गर्दछन् ? आफ्ना बयानमा पुनरावृत्तिपरक शब्दावली र वाक्यात्मक विशेषताहरू के कस्ता प्रकृतिका छन् ? कुराकानी वा वयानका क्रममा के कस्ता गैरभाषिक सूचक वा सङ्केतहरूको प्रयोग गर्दछन् र

अदालतमा कानुनी प्रक्रियाका क्रमको वातावरण वा परिस्थितिले भाषिक विशेषताहरू कसरी सिर्जना गर्दछ भन्ने जिज्ञासामा केन्द्रित भएर यो अध्ययन गरिएको थियो । उत्प्रेरणाको गहिरो बोध प्राप्त गर्न लिखित र मौखिक भाषाबाट प्राप्त तथ्याङ्कका पूरकका रूपमा अन्तर्वार्ता विधिलाई पनि छनोट गरिएको थियो । जबरजस्ती करणी सम्बन्धी मुद्दाको संवेदनशीलताका तथा नैतिक र सांस्कृतिक कारणले साक्षी र अभियुक्तलाई छोडेर अदालतका अधिकारीहरू मात्र अन्तर्वार्ता लिइएको थियो । शोधकर्ताले जबरजस्ती करणी मुद्दासँग सम्बन्धित अदालतमा भाषाको उपयोगमा हुने आफ्ना अनुभवका बारेमा अन्तर्दृष्टि प्राप्त गर्न मजिस्ट्रेट र सरकारी वकिल दुबै पक्षसँग आमनेसामने भएर साक्षात्कार गरे । यो अध्ययन मुख्य रूपमा कानुनी भाषाका बारेमा विज्ञ अदालतका अधिकारी र कानुनी भाषाको बोध नभएका सामान्य मानिसका रूपमा रहेका अभियुक्तहरूका भाषिक विशेषताहरूको पहिचान गर्न केन्द्रित भएको छ । बलात्कारको अभियोगका सम्बन्धमा धेरै भाषिक विशेषताहरू अदालती सङ्कथनका विशेषताका रूपमा पहिचान भएका छन् । यस्ता भाषिक विशेषताहरूमा सहभागीबाट घुमाउरो पारामा अशिष्ट व्यवहारको अभिव्यक्ति मीठो वा मधुर शब्दमा र यौन अस्पष्ट प्रयोजनपरकता वा रजिष्टरको प्रयोग गर्दछन् । अदालतका अधिकारीहरू यस्ता घुमाउरा र यौनगत रजिष्टर भन्दा पनि यौनगत स्पष्ट भाषिक प्रयोगमा जोड दिन्छन् भन्ने यो अध्ययनको निष्कर्ष रहेको छ । यस्ता कोड खासगरी महिला र बालबालिका प्रयोग गर्दछन् । यसरी महिलाहरूले आफ्ना पीडा वास्तविक शब्दमा नबताई घुमाउरो वा मधुर शब्दमा बताउँदा आफ्ना प्रमाणहरू प्रस्तुत गर्नबाट रोक्छ र तिनीहरू झन बढी पीडित बन्न पुग्दछन् । यस्तो बलात्कार जस्तो अपराधमा आफ्ना पीडा यसरी घुमाउरो पारामा वा मिठो पारामा अभिव्यक्त गर्न वा यस्ता भाषिक पक्ष छनोटका मूल कारण भनेको सामाजिक सांस्कृतिक कारण हुन् । यसले सांस्कृतिक लैङ्गिक पहिचान स्थापित गर्न र सबल बनाउन

सहयोग गर्दछ । यस अध्ययनले मानव यौनिकताका लागि घुमाउरा सन्दर्भको प्रयोगबाट अफ्रिकी महिलाका रूपमा साक्षीहरूको अभिव्यक्तिले यौन शोषण, अनैतिक र अस्वीकार्य हो भन्ने निष्कर्ष निकालेको छ । यस अध्ययनले अदालती प्रक्रियामा प्रयोग हुने भाषाका विशेषताको खोजी गरेको छ । जसमा बयान, बकपत्रका क्रममा बालिकाले आफ्ना अभिव्यक्ति सोझो रूपमा प्रकट गर्ने र वयस्कले घुमाउरो शैलीमा यौन शोषणका बारेमा अभिव्यक्ति दिने निष्कर्ष प्रस्तुत भएको छ ।

अल गुब्लान् (सन् २०१४) ले कानुनी भाषाको आलोचनात्मक सङ्कथन विश्लेषण वाक्क्रिया सिद्धान्तका आधारमा गरेका छन् । यस अध्ययनमा वाक्क्रिया सिद्धान्तको प्रयोग गरेर विवादास्पद बनावटी वा झुटा आधारमा कानुनी नियमहरूको विश्लेषण गर्ने उद्देश्य राखिएको छ । यस पद्धतिले कानुन निर्माताको मनसायको व्यावहारिक जटिलतालाई मान्यता दिन्छ र कानुनका शाब्दिक पक्षलाई ध्यान दिदैन । यस अध्ययनमा वाक्क्रिया सिद्धान्त र जोसेफ राजको कानुनका सिद्धान्तको उपयोग गरी इराकका पूर्व राष्ट्रपति सद्दाम हुसेनले अदालतमा दिएको बयानलाई मुख्य तथ्याङ्कका रूपमा लिएर अध्ययन गरिएको छ । यस अध्ययनका आधारमा लिखित कानुनहरू एक अनिर्देशित र सामूहिक सम्बोधनका लागि तत्कालको आवश्यकता परिपूर्ति गर्न बनाइएको हुन्छ भन्ने तथ्य प्रस्तुत गरिएको छ । त्यसैले कानुनी नियम विवादास्पद र जटिल प्रकृतिका हुन्छन् । यसले गर्दा कानुनलाई व्यवहारमा उपयोग गर्दा विधायकीय अभिप्राय पहिचान गर्न कठिन हुन्छ । एक विशिष्ट स्वतन्त्र मौखिक कथनको सन्दर्भमा कथनकर्ताको कथनको विशिष्ट अर्थको अभिप्रायको विश्लेषण गर्न सम्भव छ । यस्तो विश्लेषण आलोचनात्मक सङ्कथन विश्लेषणका माध्यमबाट गरिन्छ । यस अध्ययनले सङ्कथनको एक मात्र लेखक हुँदैन र कुनै नियमलाई सङ्कथनको परिणाम मानिदैन । अदालती प्रक्रियामा उपयोग हुने भाषा सामूहिक सम्बोधनका लागि तत्कालीन

आवश्यकता परिपूर्तिका लागि निर्माण गरिने हुनाले जटिल प्रकृतिको हुने र यही जटिलताका आधारमा सन्दर्भपरक अर्थको खोजी गर्नु नै आलोचनात्मक सङ्कथन विश्लेषणको काम हो भन्ने नै यो अध्ययनको अभिप्राय हो ।

किगुरु (सन् २०१४) ले केन्याका तीन ओटा अदालतमा अभियुक्तले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान, जिरह तथा साक्षीको बकपत्र र जिरहको भाषालाई अध्ययनको सामग्रीका रूपमा उपयोग गरेका छन् । गुणात्मक अध्ययन विधिमा आधारित यस अध्ययनमा बयान र वकपत्रका समयमा कानुन व्यवसायीहरूले अपनाएका प्रश्नहरूका ढाँचाको अध्ययन गरिएको छ । मुद्दाको तहकिकातमा प्रहरीले प्रयोग गरेको भाषाका बिचमा भएको भिन्नता पत्ता लगाउन, अभियोग र प्रतिरक्षाद्वारा अदालती परीक्षण ( सोधपुछ) का क्रममा प्रतिरक्षाको निर्माण र अभियोग दावीको प्रयोगमा प्राप्त हुने सङ्कथानात्मक कार्यहरू पत्ता लगाउन यो अध्ययन केन्द्रित थियो । सुनुवाइको क्रममा प्रत्यक्ष परीक्षण र जिरह (क्रस परीक्षण) मा सङ्कथनका सहभागीहरूका बिचमा साक्षीहरूद्वारा शक्तिको असन्तुलन र प्रतिस्पर्धी लक्ष्यहरू कसरी प्रतिविम्बित गर्दछन् भनेर अध्ययन गरिएको थियो । अदालती सङ्कथनका विशेषता र विविध भाषिक कार्यहरूको प्रयोग, सहभागीहरू बिच शक्ति असन्तुलनको प्रतिविम्बनको तरिका स्थापित गर्ने उद्देश्यमा आधारित अध्ययन थियो । केन्याका छानिएका अदालतहरूमा चलेका फौजदारी मुद्दाहरूमा अभियुक्तहरूका बयान ती मुद्दाहरूमा साक्षीको बकपत्रमा प्रयोग भएको भाषालाई तथ्याङ्कका रूपमा सङ्कलन गरिएको थियो । यस अध्ययनमा सोधपुछ र जिरहका क्रममा मुद्दाको अनुसन्धान कर्ताले भाषिक शक्तिको उपयोग र शक्तिको पर्याप्त असन्तुलन देखाइएको छ । अनुसन्धान कर्ता र मुद्दाका पक्षका बिच भाषिक ज्ञानको अभाव भएका कारणले पनि अनुसन्धान कर्ताको भाषिक शक्ति प्रबल देखा पर्दछ । यस शोध प्रबन्धमा बयान र बकपत्रमा प्रयोग गरिने प्रश्नको

प्रकृति, ती प्रश्नमा शक्तिको प्रयोग र प्रभाव जस्ता पक्षलाई अध्ययन गरिएको छ । अदालती प्रक्रियामा कानुन व्यवसायीले मुद्दाका पक्षलाई सोध्ने प्रश्न र उत्तरका प्रकृतिको अध्ययनमा केन्द्रित यस शोधमा अदालती सङ्कथनका विशेषताको खोजी गरिएको छ । यसमा भाषामा प्रकट हुने शक्ति, शक्तिको उपयोगले भाषिक अभिव्यक्तिमा प्रभाव पार्दछ भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ ।

बिदुसी (सन् २०१६) द्वारा कक्षा १ देखि कक्षा ५ सम्म पढाइ हुने इङ्लिस फर टुडे नामक पुस्तकमा महिलाको स्थानका बारेमा गरेको अध्ययनमा भाषा वैज्ञानिक र शाब्दिक रूपमा महिलाको प्रतिनिधित्वको खोजी गरिएको छ । यस शोधप्रबन्धमा शोधकर्ताले पुस्तकका विषयवस्तुलाई अध्ययनका सामग्रीका रूपमा लिएर आलोचनात्मक सङ्कथन विश्लेषणका उपकरणको प्रयोग गरी विश्लेषण गरिएको पाइन्छ । अध्ययनले पाठ्यपुस्तकमा समाविष्ट विधाको लैङ्गिक प्रतिनिधित्व खासगरी महिला प्रतिनिधित्वको खोजीलाई मुख्य उद्देश्य राखेको छ । भाषिक रूपमा पाठ्यपुस्तकका शृङ्खलाहरूमा भाषिक रूपले महिलाको प्रतिनिधित्व के कस्तो छ ? पाठ्यपुस्तकमा महिलाको भाषेतर प्रतिनिधित्व के कस्तो छ भन्ने शोधप्रश्नमा आधारित भएर अध्ययन गरिएको छ । गुणात्मक विधिको प्रयोग गरिएको यस अध्ययनमा पाठ्यपुस्तकका पाठ र पाठमा समावेश गरिएका तस्वीरहरूलाई तथ्याङ्कका रूपमा चयन गरिएको छ । पाठ्यपुस्तकहरूमा महिलालाई सीमित रूपमा चित्रण गरिएको छ । पाठ्यपुस्तकमा प्रयोग गरिएको भाषा तथा चित्रहरूमा महिलाको भूमिका शिक्षकका रूपमा मात्र चित्रण गरिएको छ । आफ्ना छोराछोरीको स्वास्थ्य, शिक्षाका बारेमा र खाना बनाउने भूमिकामा मात्र महिलालाई सीमित गरिएको छ । यो अध्ययनले हजुरआमाहरूलाई सिलाई र बगैँचा गोडमेल गर्ने जस्ता काममा मात्र सहभागी भएको भनी महिलाको भूमिकालाई सङ्कुचित रूपमा प्रस्तुत गरिएको निष्कर्ष निकालेको छ । वर्तमान परिवेशमा

महिलाका पोसाकमा बहुलता आएको सन्दर्भमा पाठ्यपुस्तकमा महिलालाई परम्परित पहिरनमा मात्र सीमित गरिएको छ । यो अध्ययनले पाठ्यपुस्तकमा समाज सापेक्ष चित्रहरूको उपयोग नभएको र आलोचनात्मक सङ्कथन विश्लेषणमा लिखित र मौखिक अभिव्यक्तिको मात्र विश्लेषण नभई चित्रको पनि अध्ययन विश्लेषण गर्न सकिने निचोड प्रस्तुत गरेको छ ।

भास्करन (सन् २०१६) ले जबरजस्ती करणीका पीडितहरूको बयानलाई उत्तरआधुनिक दृष्टिकोणका आधारमा व्याख्या गरेका छन् । यस अध्ययनमा भाषिक र अर्थगत दुरूपयोगको प्रतिकुलताले पीडितको न्याय प्राप्तिमा पर्ने असरलाई हेरिएको छ । जबरजस्ती करणी मुद्दामा भाषाको प्रयोग, संस्कृति र तथ्यात्मकताका बिचको बलियो सम्बन्ध हुन्छ । यसमा प्रभुत्वका ढाँचाका हरेक समयका विन्दुहरूले भूमिका खेलिरहेका हुन्छन् । नारीको सामान्य दावीलाई स्थापित गर्न विभिन्न लाक्षणिक उपकरणहरूले भूमिका निर्वाह गरिरहेका हुन्छन् । यसमा कानुनी सङ्कथनको भाषिक र मनोविश्लेषणात्मक दृष्टिले व्याख्या गरिएको छ । यस अनुसन्धानमा अर्थहरू कसरी निर्माण हुन्छन् भनी हेरिएको छ । यो अध्ययनले कानुनी सङ्कथनका घटना वृत्तान्तको परम्परित व्याख्यामा प्रश्न उठाएको छ, जुन घटना प्रमाणमा नलाग्ने र यकिन गर्न नसकिने किसिमका हुन्छन् । वास्तवमा जबरजस्ती करणीबाट पीडित पक्ष अदालती प्रक्रियामा स्पष्ट आफ्ना पीडा व्यक्त गर्न सक्दैन ऊ घुमाउरो पाराले वा लाक्षणिक वा आलङ्कारिक ढाँचामा मात्र पीडा व्यक्त गर्दछ । उसले आफ्नो पीडा अरूको पीडाका रूपमा अप्रत्यक्ष कथनमा प्रस्तुत गर्दछ । यस्तो कुरा कानुनी सङ्कथनमा कठिन रूपमा मात्र थाहा पाउन सकिन्छ । कानुनी कथन दोहोरो अर्थ लाग्ने प्रकृतिका, कठोर र स्वायत्त हुन्छन् । कार्यान्वयनका सन्दर्भमा कानुन नरम र परिवर्तनीय हुनुपर्दछ भन्ने मान्यता छ । दिल्लीमा भएको क्रुर हमलापछि भारतमा

जबरजस्ती करणी सम्बन्धी कानुनको तर्जुमाका बारेमा धेरै बहस भयो । बलात्कार सम्बन्धी मुद्दा लागिहाले पनि भरसक पीडितलाई न्याय दिनुको सट्टा अपराधीलाई उम्काउने वा कमभन्दा कम सजाय दिने खालका सामग्री तयार पारिन्छ । कानुनी प्रणालीमा एक शिशु र अठार वर्ष उमेर पार गरेका महिलामाथि बलात्कार भएमा समान किसिमको कानुनी व्यवस्था गरिएबाट यस किसिमको गम्भीर अपराधका सम्बन्धमा असंवेदनशीलता र असक्षमता अपनाइएको छ । यस अध्ययनको मुख्य उद्देश्य बलात्कार पीडितका बयानको आलोचनात्मक विश्लेषण गर्नु र उक्त बयानसँग सम्बन्धित विभिन्न कारणहरू र दृष्टिकोणहरूलाई उजागर गर्ने रहेको छ । जात र वर्गले महिलामाथि हुने यस किसिमका हिंसामा के कस्तो प्रभाव पारेको हुन्छ ? यस्ता अपराधसँग सम्बन्धित साक्षीहरूलाई कसरी कमजोर बनाइएको हुन्छ ? कानुनी सङ्कथनमा सामाजिक सांस्कृतिक पक्षको के कस्तो भूमिका हुन्छ ? बलात्कारका मुद्दामा कसरी पीडित पक्षलाई सम्झौता गर्न बाध्य बनाइन्छ ? के कस्ता शक्तिले पीडितलाई नियन्त्रण र प्रभुत्वमा पारेका हुन्छन् ? यी जिज्ञाशाहरूको समाधानको खोजी यस शोधप्रबन्धमा गरिएको छ ।

लि (सन्, २०१६) ले आलोचनात्मक सङ्कथन विश्लेषणको सैद्धान्तिक ढाँचा प्रस्तुत गर्दै भाषालाई सामाजिक अभ्यासका रूपमा प्रस्तुत गरेका छन् । उनले भाषालाई सामाजिक अभ्यासका रूपमा, भाषा र विचारधारा अनि शक्ति र सङ्कथनका बारेमा अनुसन्धानात्मक लेखका माध्यमबाट भाषाले सामाजिक अर्थ बहन गर्ने, विभिन्न सामाजिक स्तर र समूहसँग अलग अलग भाषावैज्ञानिक संरचना उपलब्ध हुने कुरा प्रस्तुत गरेका छन् । भाषामा धेरै भिन्न भिन्न प्रकारका सङ्केत र संरचना समावेश हुन्छन् । जसमा सम्पूर्ण सामाजिक शक्ति वा बलहरू र विस्तृत सम्प्रेषणात्मक अवस्थाहरूमा विचारधाराका रूपमा प्रकट हुन्छ । सामान्यतया एक वार्ताकारको भाषिक व्यवहार अथवा विकल्प उसको सामाजिक, आर्थिक र

राजनीतिक प्रतिक्रिया वा पक्षबाट प्रभावित हुन्छ । उदाहरणका लागि एक कार्यालयको प्रबन्धकले आफ्ना कारखानाका मजदुरसँग फरक ढङ्गले भाषिक व्यवहार गर्दछ यदि कम्पनीको प्रबन्धक र मजदुर समान क्षेत्रमा आफ्ना अनुभव आदान प्रदान गर्दछन् भने भाषिक व्यवहार पनि उनीहरूको सामाजिक, आर्थिक र राजनीतिक अवस्थाका आधारमा भिन्न हुन्छ । तिनीहरूका बोलीमा भिन्नता हुन्छ, किनभने उनीहरूले प्रयोग गर्ने शब्दभण्डार, वाक्यात्मक संरचना र उच्चारण पनि सामान्य कामदारको भाषासँग विशेष किसिमका भिन्नता हुन्छन् । भाषावैज्ञानिक भिन्नता लेखाइ वा बोलीको भाषाको प्रकारमा स्वचालित रूपमा, सहभागीका सामाजिक, आर्थिक र राजनीतिक अवस्थाका बिचको अन्तरले प्रस्तुत गर्दछन् । यो भाषाको विविधताले संरचित सामाजिक विषमतालाई प्रस्तुत गर्दछ । वास्तविक उपयोगमा भाषाका संरचनाहरूका विविध विकल्पका कारण भाषामा निहित सामाजिक, आर्थिक र राजनैतिक पक्ष वक्ता र लेखकको नियन्त्रण बाहिर गएका छन् । एक जना भाषा प्रयोगकर्ता भाषा सम्प्रेषणका क्रममा ऊ र उसको सहभागी साथी र उसको सामाजिक र आर्थिक अवस्था अनुसारका उपयुक्त भाषिक संरचनाको छनोट र उपयोग गर्दछ । भाषाका साधनहरूको असमान उपयोग सामाजिक स्रोतहरूको असमान वितरणको पुन प्राप्ति र जोडको संयन्त्रको एक हिस्सा हो । भाषा केवल सामाजिक सङ्गठन वा अभ्यासका प्रभाव वा प्रतिबिम्ब होइन । यो सामाजिक अभ्यासको अंश हो । सङ्कथनले सामाजिक अर्थलाई व्यक्त गर्दछ तर एक विशेष सामाजिक र आर्थिक सन्दर्भमा अभिव्यक्तिको कार्यलाई परिवर्तित गर्दछ । सारांशमा सामाजिक स्रोतहरूको असमान वितरणले भाषाको प्रयोगमा असामान्जस्यता सिर्जना गर्दछ अनि भाषिक विविधता प्रकट हुन्छन् । त्यसैले आलोचनात्मक भाषाविद् भाषाका माध्यमबाट समाजको पुरै दृष्टि खुलस्त गरिने धारणा राख्दछन् । उनीहरूका अनुसार भाषिक विशेषताको पहिचान, गर्नु, वर्तमान सामाजिक संरचनालाई उजागर गर्नु र सामाजिक सचेतनाको विकास गर्नु नै आलोचनात्मक विश्लेषण हो ।

लिटल (सन् २०१७) ले अमेरिकामा यौन अपराधलाई नारीवादी सिद्धान्तका आधारमा विश्लेषण गरेका छन् । उनको यस अध्ययनमा अमेरिकी यौन सम्बन्धी कानुनहरूमा सरकारी र लैङ्गिक भाषाको प्रयोग शासकीय र फुकाका विचारका आधारमा विश्लेषण गरिएको छ । यसमा प्राचीन अमेरिकामा यौन व्यवसायको अवस्था र वर्तमान अमेरिकी समाजमा यो व्यवसायको अवस्थाको उजागर गरिएको छ । यो अध्ययनले विभिन्न राज्यका अपराध संहिताहरूमा भएका कानुनी भाषाले महिला यौनिकता र परम्परागत रूपमा यौन व्यवसायप्रतिको धारणालाई प्रस्ट पारेको छ । यसैगरी यौन व्यवसाय, यौन अपराध तथा लैङ्गिक विचारधारालाई समावेश गरी निर्माण गरिएका कानुनको पनि अध्ययन गरिएको छ । करणी सम्बन्धी किम्बदन्ती र परिचित करणीका सङ्कथनहरूको तार्किक खोज र यौनजन्य विचारधाराहरूका आधारमा प्रमाणीकरण गर्ने कार्य गरिएको छ । किम्बदन्तीले कसरी करणीलाई अझ प्रश्रय दिइरहेको छ र समाजमा साँस्कृतिक रूपमा कसरी वास्तविक करणीमा रूपान्तरित भइरहेको छ । यसका साथै यौनजन्य क्रियाकलाप कसरी आपराधिक बन्न पुगेका छन् भन्ने जिज्ञासाको खोजी पनि यस अध्ययनमा गरिएको छ । यौनजन्य अपराधमा कानुनले गरेको लैङ्गिक विषयलाई पाठगत दृष्टिकोण, कानुनी सिद्धान्त र सङ्कथन सिद्धान्तका आधारमा कानुनलाई जोड्दै यौनगत विचारधाराहरूको कसीमा अध्ययन गरिएको छ जसमा महिलाको अनुभवहरू र कानुनले गर्ने भनेको समान व्यवहारलाई वास्तविक जीवनमा के कस्तो छ भन्ने कुराको अध्ययन पनि यसमा गरिएको छ । समग्रमा यस अध्ययनमा लिखित कानुनका पाठ, पुराना किंवदन्ती तथा विद्यमान यौनजन्य सङ्कथनलाई मुख्य अध्ययनका सामाग्रीका रूपमा ग्रहण गरेर सङ्कथन विश्लेषण गरिएको छ । जुन विश्लेषणबाट कानुनले गरेको सांस्कृतिक परिवर्तन, कानुनी परिवर्तनले यौनजन्य अपराधको उन्मुलन, लैङ्गिक मुद्दाका बारेको सामाजिक मनोभावना, विशेष गरी

यौन र लिङ्गको विचारधारा लाई प्रस्ट पारेको छ । खासगरी शिक्षाले यौनजन्य अपराध घटाउने कार्य कसरी गरेको हुन्छ भन्ने कुराको उद्घाटन पनि यो अध्ययनको निष्कर्ष हो ।

आचार्य (२०४८) ले 'भाषाको प्रयोजनपरक भेद क्षेत्रीय तथा सामाजिक भाषिका भन्दा भिन्न कुरा हो' भन्दै अन्य भेदमा स्थायी विशेषता हुन्छ तर प्रयोजनपरक भेदमा स्थायी विशेषता हुँदैन भनेका छन् । आचार्यले भाषाशास्त्री फिसमनका अनुसार कसले, कससँग, कुन शैलीमा, कहिले र कुन उद्देश्यका निम्ति भाषा प्रयोग गरेको छ भन्ने आधारमा प्रयुक्तिका भेदहरूलाई स्पष्ट्याउन सकिन्छ भनेका छन् । कानुनी क्षेत्रमा आगन्तुक शब्द ( विशेषतः उर्दू तथा फारसी शब्द) को आधिक्य पाइनु, सरल वाक्यको कम प्रयोग हुनु र मिश्र, संयुक्त तथा मिलित वाक्यको प्रयोग ज्यादा पाइनु भाषाको कानुनी भेदको प्रमुख विशेषता रहेको कुरा उल्लेख गरिएको छ । यस अध्ययनमा अदालती प्रक्रियामा प्रयोग हुने भाषामा उपयोग हुने शब्दहरूको स्रोतका आधारमा अध्ययन गरिएको छ ।

भट्टराई र लुइँटेल (२०६१, सम्पा.) ले भाषाका स्वरूप र कार्य गरी दुई भिन्न पक्ष हुन्छन् भनेर प्रयोजनपरक भाषालाई संस्थागत, सन्दर्भपरक, कार्यपरक, व्यवहारमूलक, समाजपरक आदि विभिन्न नाम दिन सकिने उल्लेख गरेका छन् । यसमा प्रयोजनपरक भाषाको परिचय, प्रयोजनपरक भेदका आयाम, प्रयोजनपरक भेदका विशेषताहरू, प्रयोजनपरक नेपालीका शिक्षणको प्रयोजन तथा नेपालीका प्रयोजनपरक भेदहरू आदि उपशीर्षकमा अवधारणा तथा तथ्यहरू प्रस्तुत गरेका छन् । यसै पाठको अन्त्यमा तिन वटा परिशिष्ट दिई क्रमशः कानुन, इन्जिनियरिङ तथा चिकित्सामा प्रयुक्त भाषिक भेदको उदाहरणहरू प्रस्तुत गरिएको छ । कानुनी भाषाको उदाहरणमा चाहिँ कानुनका दफाहरू, शब्दार्थ, वाक्यमा प्रयोग, तथा वाक्यका विशेषता र ढाँचा प्रस्तुत गरिएको छ । यस अध्ययन कानुनी भाषाका शब्दभण्डारको स्रोत तथा वर्णविन्यासगत अध्ययन गरिएको छ ।

बन्जाडे (२०६४) ले नेपालको कानुनी इतिहासको सङ्क्षिप्त पृष्ठभूमि दिँदै लिच्छविकालीन अभिलेख, जयस्थिति मल्लको अभिलेख, दिव्योपदेश, १८२५ देखि १९१० सम्मका विभिन्न सनद, सवाल, लालमोहर र १९१० को मुलुकी ऐनको समेत भाषा शैली तथा विशेषतः वर्ण विन्यास पक्षको विश्लेषण गरेका छन् । यस लेखमा बन्जाडेले २०२० को मुलुकी ऐनको वर्ण विन्यास र चिह्न प्रयोगका साथै अरबी, फारसी शब्दावली र त्यसको नेपाली अर्थ समेत प्रस्तुत गरेका छन् ।

घिमिरे (२०६८) ले भाषालाई सामान्य भाषा र विशेष भाषा गरी दुई वर्गमा विभाजन गर्दै ज्ञान विज्ञान र सार्वजनिक क्षेत्रका खास खास विषयमा खास खास नेपालीका वक्ताले खास खास स्रोताका निम्ति प्रयोगमा ल्याउने नेपाली भाषा नै विशेष नेपाली भाषा भएको कुरा उल्लेख गरेका छन् । यसै सन्दर्भमा घिमिरेले कानुनी क्षेत्रमा प्रयोग हुने नेपाली भाषाको विशेष रूप नै कानुनी नेपाली भाषा रहेको खुलाउँदै कानुनी नेपाली भाषाको ऐतिहासिक पक्ष (विकासका चरणहरू), यसको भाषिक पक्ष (शब्दगत तथा वाक्यगत विशेषता), कानुनी नेपाली भाषाको शैली, व्याकरण, वर्णविन्यास आदि विषय सन्दर्भहरूको समेत चर्चा गरेका छन् । उनले सामान्य र कानुनी नेपाली भाषामा पाइने अन्तर, कानुनी नेपाली भाषाका शब्दगत, अर्थगत, वाक्यगत, अभिव्यक्तिगत, कानुनी नेपाली भाषाका बोध र अभिव्यक्ति, कानुनी नेपाली भाषाको व्याकरणगत पक्ष जस्ता विषयमा चर्चा गरेका छन् । यस पुस्तकमा प्रयोजनपरक नेपालीका रूपमा कानुन सङ्कायमा अध्ययन अध्यापन हुने विषयवस्तुलाई समेटी केही वाक्यात्मक विशेषताको चर्चा र बढी मात्रामा कानुनी नेपाली भाषाका पारिभाषिक शब्द र पदावलीहरूको सङ्कलन र प्रयोग प्रस्तुत गरिएको छ ।

फुयाल (२०७०) ले मुलुकी ऐनका समग्र पारिभाषिक (कानुनी) शब्दहरूको अध्ययन तथा विश्लेषण गरेका छन् । यस अध्ययनमा मुलुकी ऐनमा सामान्य र पारिभाषिक

(अर्धपारिभाषिक समेत) शब्दहरूको प्रयोग भएको, सामान्य सन्दर्भमा प्रयोग हुने शब्दले पनि पारिभाषिकताको स्थान ग्रहण गर्न सक्नुको मूल कारण प्रयोजनपरक अर्थतात्त्विक महत्त्व हुनु वा अर्थगत विशिष्टताको विशेषता रहेको कुरा निष्कर्षमा समावेश छ । यसै गरी कतिपय पारिभाषिक शब्दहरूमा ठ्याक्कै मिल्ने शब्द वा पदावलीगत समानार्थकताको कमी भएको, पर्यायवाची अध्ययनमा कानुनी प्रयोजनका पर्यायवाची शब्दहरू जस्ताको तस्तै उपलब्ध गराउन कठिन हुने भएकाले सामान्य रूपमा अन्य समकक्षी शब्दहरू खोज्नु पर्ने स्थिति पनि रहेको, नेपालीमा प्रचलित शब्दहरूलाई विपरीतार्थी रूपबाट प्रयोग गर्न खोज्दा अस्वाभाविक देखिने अवस्था रहेको कुरा पनि निष्कर्षमा प्रस्तुत गरिएको छ ।

नेपाली भाषामा पनि आलोचनात्मक सङ्कथन विश्लेषणको आरम्भ भएको पाइन्छ । पाण्डे (२०६९) ले स्वास्नी मान्छे उपन्यासको नेपाली अर्थ, राजनीति, धर्म, कानुन आदिका आधारमा उपन्यासलाई विवेचना गर्ने कार्य गरेकी छिन् अर्थात् यी उपकरणका आधारमा औपन्यासिक कृतिको अर्थ खोतल्ने प्रयास गरेकी छिन् । यस कृतिमा नारीको स्थिति र गतिलाई आलोचनात्मक पारामा प्रस्ट्याउने प्रयास गरिएको छ । यस कृतिमा आलोचनात्मक सङ्कथन विश्लेषणले गर्ने सामाजिक असमानतालाई चित्रण गरिएको छ । यस कृतिका नेपाली समाजमा राजनीति, कानुन, धर्म, रुढीगत मान्यताले जकडेको समाजलाई शिक्षााले परिवर्तन गरी चेतनामा परिष्कार गरेर सामाजिक दृष्टिकोणमा कसरी परिवर्तन आएको छ भन्ने कुराको प्रस्तुति गरिए पनि आलोचनात्मक सङ्कथन विश्लेषणले गर्ने भाषिक शक्ति, नियन्त्रण र प्रभुत्व जस्ता उपकरणका आधारमा भने यसको विवेचना पाइदैन ।

शिक्षाशास्त्र सङ्काय अन्तर्गत अङ्ग्रेजी शिक्षा विषयको स्नातकोत्तर अध्ययन गर्ने विद्यार्थीहरूबाट आलोचनात्मक सङ्कथन विश्लेषण सम्बन्धी शोध कार्यहरू भएका छन् । कक्षाकोठाको सङ्कथनको आलोचनात्मक विश्लेषण शीर्षकमा (भट्ट, २०१३) गरिएको

अध्ययनमा कक्षाकोठामा प्रयोग गरिने भाषाले कस्तो प्रकारको सङ्कथनात्मक अभ्यास र सामाजिक प्रभाव प्रतिविम्बित हुन्छ भनी पत्ता लगाउने प्रयास गरिएको छ । यस अध्ययनमा अन्तर्क्रियात्मक नियन्त्रण, विनम्रता, भाषिक शक्तिको अध्ययन तथा आलोचनात्मक सङ्कथन विश्लेषणको शैक्षिक उपादेयताको बारेमा अध्ययन गर्ने उद्देश्य राखिएको छ । यी उद्देश्य प्राप्तिका लागि शोधार्थीले फेयर्क्लफको त्रिआयामिक रूपरेखाको उपयोग गरेको पाइयो । यस अध्ययनमा शिक्षक विद्यार्थीका बिच भएको कुराकानीलाई तथ्याङ्कका रूपमा लिइएको छ । गुणात्मक ढाँचाको यस अध्ययनमा शिक्षकको भाषाको बर्चस्व, पालोप्रणाली, विषय परिवर्तन, विषय नियन्त्रण लगायतका अन्तर्क्रियाका सम्पूर्ण पक्षको अध्ययन गरिएको छ । शिक्षकको भाषामा यी सम्पूर्ण पक्षको प्रतिबिम्बन पाइएको, शिक्षकको बोलीमा प्रत्यक्ष र आदेशात्मक प्रकारको प्रस्तुति फेला परेको छ भने विद्यार्थीको बोलीमा हिचकिचाहट, बढी शिष्टता र सोझो भाषाको प्रयोग गरेको, शिक्षकका बोली र विद्यार्थीको बोलीमा धेरै पक्षका समान किसिमका विशेषता पाइए पनि शिक्षकको बोलीमा आवश्यकता भन्दा बढी नै बर्चस्वपूर्ण अभिव्यक्ति पाइएको निष्कर्ष प्रस्तुत भएको छ । यसैगरी अङ्ग्रेजी दैनिक पत्रिकामा प्रकाशित राजनीतिक समाचारहरूको आलोचनात्मक सङ्कथन विश्लेषण (चापागाईं २०१६) शीर्षकमा गरिएको शोधअध्ययनमा छापा समाचार पत्रका राजनीतिक समाचारहरूको रूपक, शैली, सकर्मकता तथा संकथानात्मक अभ्यासको विश्लेषण र विचारधारात्मक बर्चस्वको बारेमा फेयर्क्लफको त्रिआयामिक ढाँचाका आधारमा अध्ययन गरिएको छ । यसका साथै आलोचनात्मक संकथन विश्लेषणको शैक्षिक उपादेयताका बारेमा अध्ययन गरिएको छ । विज्ञापनमा प्रयोग भएको भाषाको आलोचनात्मक सङ्कथन विश्लेषण (साउद, २०१८) शीर्षकको शोधअध्ययनमा पनि फेयर्क्लोफको त्रिआयामिक ढाँचाका आधारमा अध्ययन गरेको पाइयो । यसमा अध्येताबाट विज्ञापनको भाषाको व्याकरणिक तह, संसक्ति, र रूपकको

प्रयोगको अवस्था पहिल्याइएको छ । प्राज्ञिक विज्ञापनको आलोचनात्मक सङ्कथन विश्लेषण (अधिकारी, २०२०) मा अध्येताबाट प्राज्ञिक विज्ञापनमा प्रयोग हुने शाब्दिक सन्दर्भ, विज्ञापनमा प्रयोग गरिएका सङ्कथन र चित्रको व्याख्या गर्न र केही शैक्षिक उपादेयताका बारेमा वर्णन गर्ने उद्देश्य छन् । यी सन्दर्भहरूको अध्ययन पनि फेयर्क्लफको त्रिआयामिक ढाँचा उपयोग भएको छ । अमेरिकाको राष्ट्रपति निर्वाचनका उम्मेदवारहरूले दिएको भाषणको आलोचनात्मक सङ्कथन विश्लेषण (ओझा, २०२२) मा भाषणका क्रममा उपयोग भएका सङ्कथनात्मक उपकरणहरू (सूक्ष्म तह) पत्ता लगाउनु,  सूक्ष्म तहका भाषिक पक्षहरूको सूक्ष्म तहका राजनीतिक घटनाक्रमसँगको सम्बन्ध पहिचान गर्नु तथा भाषणमा उपयोग भएका स्व सकारात्मक प्रतिनिधित्व र अन्यको नकारात्मक प्रतिनिधित्वको वैचारिक पक्षको भिन्नता पहिल्याउने उद्देश्य राखिएको छ । भान डाइकले प्रस्तुत गरेको विश्लेषणको ढाँचाका आधारमा गरिएको यस अध्ययनमा सङ्कथनात्मक उपकरणहरूलाई वर्गीकरण गरी वक्ताले प्रयोग गरेको भाषाको अध्ययन गरिएको छ । यस अध्ययनमा राजनीतिक वक्ताले २५ किसिमका सङ्कथनात्मक उपकरणको प्रयोग गरेर मतदाता वा स्रोताको मस्तिक नियन्त्रण गरेका, खासगरी राजनीतिज्ञले हामी शब्दका विरुद्धमा तिनीहरू भनेर सम्बोधन गरी स्रोताको मन जित्ने प्रयत्न गरेको, घरेलु मुद्दालाई सकारात्मक वैचारिकताका रूपमा र बाह्य मुद्दालाई नकारात्मक वैचारिकताका रूपमा प्रस्तुत भएका छन् । विज्ञापनमा प्रयोग भएको भाषाको आलोचनात्मक सङ्कथन विश्लेषण (साउद, २०१८) शीर्षकको शोधअध्ययनमा पनि फेयर्क्लफको त्रिआयामिक ढाँचाका आधारमा अध्ययन गरेको पाइयो । यसमा अध्येताबाट विज्ञापनको भाषाको व्याकरणिक तह, संसक्ति, र रूपकको प्रयोगको अवस्थाको अध्ययन गरिएको छ । समग्रतामा यी अध्ययनहरू आलोचनात्मक सङ्कथन विश्लेषणको ढाँचामा भाषाको अध्ययन, अन्तर्क्रियात्मक नियन्त्रण, विनम्रता, भाषिक शक्तिको

अध्ययन, व्याकरणिक तह, संसक्ति, र रूपकको प्रयोगको अवस्थाको अध्ययन, राजनैतिक भाषणमा सङ्कथनात्मक उपकरणहरू (सूक्ष्म तह)को उपयोगको अवस्थाको अध्ययन गरिएको पाइयो तर यी अध्ययनहरूमा भाषामा अभिव्यक्त हुने भाषिक शक्तिको स्वरूप, शक्तिबाट सिर्जित विभेद र शक्तिबाट सिर्जित विचार र स्वार्थको अध्ययन भएको पाइएन ।

धमला (सन् २०१७) द्वारा गरिएको अध्ययनमा भाषालाई राजनीतिक उद्देश्य पूर्तिका लागि कसरी उपयोग गर्न सकिन्छ भनी सामान्य उद्देश्यका रूपमा समावेश गरिएको छ भने अध्ययनको विशिष्ट उद्देश्यमा नेपालको सन्दर्भमा भाषा र राजनीतिको सम्बन्ध देखाइएको छ । यी उद्देश्य परिपूर्ति गर्न भाषा, विचार वा मान्यता र शक्तिका बिचको सम्बन्धको जाँच गरिएको छ । यसका लागि अध्येताले सपिर होर्फको भाषिक परिकल्पनाको भाषिक नियतवाद (भाषिक सापेक्षता) र जर्ज ओरबेलको विचारको नियन्त्रणको सिद्धान्तलाई सैद्धान्तिक अन्तर्दृष्टिका रूपमा ग्रहण गरेका छन् । यसका साथै आलोचनात्मक भाषाविद्का वैचारिक साधनहरूलाई उपयोग गरेर राजनीतिक नेताहरूको विचारहरूको व्याख्या गर्ने अवधारणात्मक ढाँचालाई अपनाइएको छ । यस अध्ययनमा प्राथमिक श्रोतका रूपमा नेपाली राजनीतिका पाँच राजनीतिज्ञका भाषणका भाषाका अंशहरूलाई लिइएको छ । यी भाषणका अंश अध्ययन गर्ने क्रममा खास गरी भाषणका आलङ्कारिक विश्लेषण र आलोचनात्मक सङ्कथन विश्लेषणका अध्ययन विधिलाई अपनाइएको छ । यसक्रममा सङ्कथनको भाषिक संरचना र सामाजिक अभ्यास दुबैको विश्लेषण यस शोध प्रबन्धमा पाइन्छ । भाषिक कलाको विश्लेषणमा विशिष्ट भाषिक संरचना देखिन्छ जस्तै विशेष चलन चल्तीका शब्दहरू, विशेष पद वा पदावलीहरू । आलोचनात्मक सङ्कथन विश्लेषण भाषिक संरचनाभन्दा पर सङ्कथनमा विभिन्न शक्ति संरचनाहरू बिचको शक्ति सम्बन्धको अध्ययन हुन्छ । यसले सामाजिक अभ्यासका आधारमा सङ्कथनमा अन्तर्निहित अर्थलाई उजागर गर्दछ ।

आलोचनात्मक सङ्कथन विश्लेषण सङ्कथन विश्लेषणको एक अन्तरविषयक दृष्टिकोण हो । यसले सामाजिक अध्यासका रूपमा भाषाको अध्ययन गर्दछ । राजनीतिक सङ्कथन विश्लेषण गर्न पनि यो दृष्टिकोणलाई उपयोग गर्न सकिन्छ किनभने राजनीतिक सङ्कथनका शक्तिको पर्याप्त अभ्यास भएको हुन्छ । यस शोध प्रबन्धमा महत्पूर्ण भाषाविद्का रूपमा नर्मन फेयर्क्लफ, ट्युन भान डाइक र रुथ वोडकलाई सन्दर्भित गरिएको छ । यस अध्ययनले भाषा राजनीतिको मालिक वा शक्ति होइन यसले विचारलाई नियन्त्रण गर्न सक्छ । भाषा प्रहरी जस्तो चिज होइन जसले मानिसलाई यो वा त्यो तरिकाले सोच्न बाध्य बनाउँछ । यसको मतलब भाषा स्वतन्त्र हुन्छ । भाषिक निर्धारणवादका केही सीमाका अतिरिक्त भाषा मानिसहरूको सोचाइलाई आकार दिने शक्तिका रूपमा लिइन्छ । भाषा सोचलाई प्रभावित गर्ने एक महत्पूर्ण भूमिका निर्वाह गर्दछ । भाषिक सापेक्षताको धारणा हालसम्म कायम छ भाषिक निर्धारणवाद कायम रहन मुस्किल हुन्छ । भाषिक सापेक्षताका अर्थमा राजनीतिज्ञद्वारा विचारधाराको निर्माणका लागि उपयोग गरिन्छ जुन विचारधारा मानिसहरूले सहज रूपमा ग्रहण गरुन् । निर्मित विचारधाराहरू भाषामा यसरी अन्तर्निभर हुन्छन् कि सामान्य मानिसका लागि अदृश्य हुन्छन् । यस प्रकार भाषालाई विचारको वाहकका रूपमा मानिन्छ भन्ने निष्कर्ष प्रस्तुत गरेको छ ।

यस अध्ययनमा नेपाली राजनीतिज्ञहरूको वैचारिक सैद्धान्तीकरणको साधनको रूपमा उनीहरूको भाषाको परीक्षण गरिएको छ । नेपाली राजनीतिज्ञहरूले खास विचारधाराको निर्माण गर्न के कस्ता अस्पष्ट, दोहोरो अर्थ दिने भाषाको प्रयोग गर्दछन् भन्ने कुराको अध्ययन गरिएको छ । उनीहरूको निर्माण गरेको विचारधारा निरङ्कुश वा प्रजातान्त्रिक, अधीनायकवादी वा स्वतान्त्रतावादी, रुढिवादी वा उदारवादी परम्परागत वा आधुनिक प्रकृतिका प्रगतिशील हुन् । बढी प्रभावशाली नेपाली राजनीतिक नेताहरूले वैचारिक

अन्तर्द्वन्द्वका माध्यमबाट सम्बन्धित राजनीतिक दलहरूको ब्यानरमा विशाल जनसमुदाय व्यवस्थित वा आकर्षित गर्दछन् । आफ्नो भाषामा निश्चित किसिमका भ्रमपूर्ण शब्दावलीको प्रयोग गरेर हरेक राजनीतिज्ञले वैचारिक शक्तिले जनतालाई आकर्षित गरे । मार्क्सवादी विचार निकट नेताले मार्क्सवादी शब्दावलीको प्रयोगबाट जनतामा भ्रम वा द्विविधा सिर्जना गरी वैचारिक शक्तिको प्रभाव सम्प्रेषण गरेको पाइन्छ भन्ने अध्ययनको परिणाम प्रस्तुत गरिएको छ । यसै गरी नेपाली राजनीतिको क्षेत्रमा प्रयोग भएका द्विविधात्मक शब्द वा भाषाले शक्तिलाई बढाउँछ तर त्यो शक्ति राजनीतिक विचार निश्चित हदसम्म मात्र सीमित हुन्छ । यो राजनीतिक विचारमा आबद्ध हुन्छ जुन साधारण मानिसलाई विभाजन गर्न र एकत्रित बनाउन वा सङ्गठित बनाउन उपयोग गरिन्छ तर विचारधारा कसरी निर्माण भएका हुन्छन् र शक्तिमा रहेका मानिसहरूले उनीहरूलाई कसरी उपयोग वा उत्प्रेरित गर्छन् भन्ने ज्ञान विना नै मानिसहरू राजनीतिक व्यक्तिका भाषाका आधारमा उनीहरूको प्रभुत्व स्वीकार गरिरहेका हुन्छन् भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ ।

पौडेल (सन् २०२१) ले मौखिक नेपाली भाषाको अध्ययन गरेका छन् । उनले कार्यात्मक भाषा विज्ञानको ढाँचामा रहेर वाणिज्य क्षेत्रमा प्रयोग हुने भाषाको सङ्कथनात्मक अभ्यासलाई मुख्य अध्ययन सामग्रीका रूपमा लिइएको छ । यसमा सामाजिक भाषाविज्ञान र प्रकार्यात्मक भाषाविज्ञानको सैद्धान्तिक धरातलमा व्यापारिक नेपाली भाषाको आलोचनात्मक अध्ययन गरिएको छ ।

समग्रमा माथि प्रस्तुत गरिएका पूर्वकार्यहरूमा आलोचनात्मक सङ्कथन विश्लेषणको निश्चित पद्धति नभए पनि सङ्कथनमा अभिव्यक्त हुने भाषिक शक्ति, भाषिक भिन्नता वा विभेद र अन्याय जस्ता पक्षको अध्ययन भएको पाइन्छ । यसका अतिरिक्त भाषाका विशेषताको खोजी समेत गरिएको छ । यी माथिका अध्ययनहरूले अदालती प्रक्रियामा

उपयोग हुने नेपाली भाषाका सङ्कथनका सहभागीहरूको भाषिक अभिव्यक्तिमा के कस्ता भाषिक शक्तिको उपयोग हुन्छ र ती भाषिक शक्तिले भाषाको प्रयोगमा के कस्तो प्रभाव पारेका छन् भन्ने पक्षको खोजी नभएकोले यो अध्ययन यही पक्षको अध्ययनमा केन्द्रित रहेको छ ।

**अध्ययनको रिक्तता**

कानुनी नेपाली भाषा प्रयोगको क्षेत्र व्यापक छ । माथि प्रस्तुत भएका अध्ययनहरूले कानुनी नेपाली भाषाका शब्दभण्डारको अध्ययन गरी समग्रमा यस प्रयोगमा अधिकांश आगन्तुक शब्दहरूको प्रयोग पाइएको नेपालीकै प्रयोग परम्परा र संस्कृत मूलका शब्दहरू कम पाइएको निष्कर्ष प्रस्तुत गरिएको छ । भाषाको अध्येताहरूले हालसम्म सामान्य नेपाली भाषामा आधारित भएर विविध क्षेत्रमा अध्ययन गरेको पाइए पनि कानुनी नेपाली भाषाका आलोचनात्मक सङ्कथन विश्लेषण गरिएका अध्ययन अनुसन्धानमूलक सामग्री पर्याप्त मात्रामा उपलब्ध नभएकोले कानुनी नेपाली भाषाको आलोचनात्मक सङ्कथन विश्लेषण गरी भाषिक विशेषताको पहिचान गर्नु यस अध्ययनको रिक्तताका भएकोले यो अध्ययन यसै विषयमा आधारित छ ।

**सैद्धान्तिक अवधारणा**

कानुनी नेपाली भाषा समाजले निश्चित प्रयोजन पूर्ति गर्न उपयोग गर्ने हुनाले यो सामाजिक भाषा विज्ञानको विषय क्षेत्रका रूपमा अध्ययन गरिन्छ । यसको प्रयोजनपरकताका बारेमा धेरै भाषा वैज्ञानिक अध्ययन भए पनि कानुनी प्रयोजनमा उपयोग हुने नेपाली भाषाको अध्ययन भने पर्याप्त मात्रामा भएको पाइदैन । कानुनी नेपाली भाषाको अस्तित्व भिन्न प्रकारको भएको हुँदा यसको प्रयोगलाई सहज र सरल बनाउन शब्दकोशहरूको निर्माण भएको पाइन्छ । अदालती प्रयोगको भाषाका बारेमा पर्याप्त अध्ययनको आवश्यकता

छ । आलोचनात्मक सङ्कथन विश्लेषणका सन्दर्भमा कुनै खास अध्ययन विधि निर्धारित नभएको, व्यापक सैद्धान्तिक ढाँचाका आधारमा पाठकको सिर्जनात्मकता र रचनात्मकताका आधारमा अध्ययन विश्लेषण गरेको पाइन्छ ( विलिङ्स, २०१४) । प्रचलित मान्य सिद्धान्तका आधारमा सङ्कथनको अध्ययन विश्लेषण गर्ने परम्परा भने पाइन्छ । यस अध्ययनका लागि अङ्गीकार गरिएका सैद्धान्तिक पक्षलाई यस खण्डमा सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ ।

**प्रयोगार्थविज्ञान** : प्रयोगार्थविज्ञानले मानिसले बोलेको प्रत्येक बोलीमा शाब्दिक अर्थ मात्र समावेश भएको नभई बोली भित्र एक विशिष्ट भित्री अर्थ समावेश भएको हुन्छ भन्ने कुराको अध्ययन गर्दछ । भाषामा बोलीको अर्थ वक्ताको उच्चारणको समयको सन्दर्भमा निर्भर हुन्छ । यसकारणले प्रत्येक व्यक्ति वा स्रोताले सम्भवत फरक व्याख्या गर्दछ वा फरक फरक अर्थ लगाउँछन् (ग्रुन्डी, २००८, पृ. ८७) । यसैले यस किसिमको भाषा प्रयोगको अध्ययन महत्त्वपूर्ण छ । प्रयोगार्थविज्ञान मानिसहरूद्वारा प्रयोग गरिने भाषाबाट उनीहरू सम्प्रेषण साधनका रूपमा कसरी वास्तविक अर्थ बोध गर्दछन् भन्ने कुरासँग सम्बन्धित छ (विडोसन, सन् १९९६) यसको तात्पर्य यसले वास्तविक उच्चारण वा बोली विशेष सन्दर्भमा विशेष किसिमका सम्प्रेषणहरू प्रकट हुन्छन् र यिनका अर्थ पनि सन्दर्भगत हुन्छन् भनी अध्ययन गर्दछ जबकि मानिसहरूलाई अभिव्यक्तिको अर्थ के हुन सक्छ भनेर थाहा नहुन पनि सक्छ । यो तत्कालीन प्रयोगसन्दर्भका आधारमा भाषाको अर्थ खोज्ने कार्यमा उपयोग गरिन्छ ।

प्रयोगार्थविज्ञानले भाषा प्रयोगका तरिकाका बारेमा बताउँछ, यसले मानिसहरूले आफ्ना भाषिक उद्देश्य परिपूर्ति गर्न के गरिरहेका हुन्छन् भन्ने थाहा पाउने बनाउँदछ (मेइ, सन् १९९३) । प्रयोगार्थविज्ञान मानिसहरूलाई आफना भाषिक उद्देश्य परिपूर्ति गर्न सीमा र सुविधा प्रदान गर्ने विज्ञान हो । मानिसले प्रयोगार्थको बोध पछि मात्र भाषाको प्रकृति बोध

गर्न सक्दछन् । विचारको विनिमय वा सञ्चारमा भाषा प्रयोगको तरिकाको अध्ययन प्रयोगार्थविज्ञानमा गरिन्छ (ग्रुन्डी, २००८, पृ ९३) । मानिसहरूले जुन उद्देश्यले उच्चारण गरेर बोलिरहेका हुन्छन्, उनीहरूले व्यक्त गरेको बोलीमा समान अर्थ प्रकट भइरहेको हुँदैन । वक्ताहरू उद्देश्यमूलक रूपमा सन्दर्भ वा परिस्थिति अनुसार कुराकानी भएको ठाउँमा केही व्यक्त गरिरहेका हुन्छन् (लिच, सन् १९८३) । त्यसकारण प्रयोगार्थविज्ञानले बोली वा उच्चारणहरूका परिस्थितिगत सन्दर्भहरूका आधारमा भाषा वा बोलीका अर्थहरू हुन्छन् भनी परिभाषित गर्दछ ।

जर्ज युल (सन् १९९६) ले प्रयोगार्थविज्ञानलाई परिभाषित गर्दै यसले भाषिक ढाँचा र ती भाषिक ढाँचाका प्रयोकर्ताका बिचको सम्बन्धको अध्ययन गर्दछ । उनले प्रयोगार्थविज्ञानका अध्ययनका चार क्षेत्रहरूको चर्चा गरेका छन् । पहिलो यसले वक्ताको अर्थको अध्ययन गर्दछ । यो दृष्टिकोण वक्ता (लेखक) द्वारा सम्प्रेषण गरिएको कुराको शाब्दिक अर्थ नखोजी बोलीको वास्तविक गहन अर्थको खोजीमा केन्द्रित हुन्छ । दोस्रो यसले सन्दर्भपरक अर्थको अध्ययन गर्दछ । यो वार्तालापको सन्दर्भसँग सम्बन्धित हुन्छ । यस किसिमका अध्ययननले मानिसको भनाइलाई विशेष सन्दर्भमा कसरी अर्थ गर्न सकिन्छ र कसरी सन्दर्भले बोलीलाई प्रभाव पार्दछ भन्ने कुरासँग सम्बन्धित हुन्छ । यसमा कसले कहिले कहाँ, र कुन परिस्थितिमा उनीहरू कुरा गरिरहेछन् भन्ने कुरामा आधारित भएर भाषाको अध्ययन गरिन्छ । तेस्रो के भनियो भन्दा पनि कसरी धेरै अर्थ प्रकट गर्ने सम्प्रेषण गरियो भन्ने कुराको अध्ययन नै प्रयोगार्थविज्ञानको अध्ययन हो । यसले स्रोताहरूले वक्ताबाट भनिएको कुराको अभिप्राय प्राप्त गर्न र अर्थको व्याख्या गर्न तथा अदृश्य अर्थको अनुसन्धान गर्न सघाउ पुऱ्याउँछ । वार्तालापमा वक्ताले नभनेको सम्प्रेषणको त्यस्तो भागको बारेमा वा वक्ताको भनाइको अभिप्रायको अर्थको व्याख्यामा केन्द्रित हुन्छ । यसैले यसले

अदृश्य अर्थ वा वक्ताको बोली वा उच्चारको अव्यक्त पक्षलाई उजागर गर्दछ । चौथो यो सापेक्ष दुरीको अभिव्यक्तिको अध्ययनका रूपमा पनि अर्थ्याइएको छ । यस दृष्टिकोणले व्यक्त र अव्यक्तका बिचको दुरी निर्धारण गर्दछ । स्रोता कति नजिक वा टाढा छ भन्ने धारणामा वक्ताले कति बोल्ने भन्ने कुरा निर्धारण गर्दछन् । यसरी जर्ज युलले भाषिक ढाँचा र वक्ता र स्रोताका बिचको सम्बन्धलाई भाषिक अध्ययनका क्षेत्रका रूपमा औँल्याएका छन् ।

कटिङ (सन् २००८) का अनुसार प्रयोगार्थविज्ञान र सङ्कथन विश्लेषणले भाषाको सन्दर्भपरक पृष्ठमूमिगत विशेषताहरूको अध्ययन गर्दछ जुन सन्दर्भ, पाठ र प्रकार्यसँग सम्बन्धित छ । प्रयोगार्थविज्ञान स्पष्ट नभएको कुरामा र परिस्थितिगत सन्दर्भहरूमा एउटा बोली वा उच्चारणलाई व्याख्या गर्ने तरिका प्रस्ट पार्न केन्द्रित हुन्छ । तिनीहरू जोडसँग वा शक्तिका साथ के भनियो भन्ने अर्थमा बढी केन्द्रित नभई शिष्टता र शैलीबद्ध एउटा उच्चार वा बोलीद्वारा के सम्प्रेषण गरियो भन्ने कुरामा केन्द्रित हुन्छन् ।

भाषाको अध्ययन गर्ने क्रममा प्रयोगार्थविज्ञानको दृष्टिकोणका आधारमा भाषाको प्रकृतिको बोध गर्न अग्रसर बनाउँछ । यसले एक वक्ताको अभिव्यक्तिमा निहित सन्देशको गहिरो विश्लेषण हुन्छ । यसले व्यक्तिहरूको अभिप्रायगत अर्थहरू, उनीहरूका अनुमानहरू, उनीहरूका उद्देश्य वा लक्ष्यहरू र बोलीमा प्रदर्शन गरिएका कार्यहरूका प्रकारहरूका बारेमा कुरा गर्न सक्ने फाइदाहरू दिन्छ । प्रयोगार्थविज्ञानले पाठ वा सङ्कथनलाई निम्नलिखित क्षेत्रका आधारमा अध्ययन विश्लेषण गर्न सहयोग गर्दछ ।

**सन्दर्भ** : सन्दर्भ मौखिक र लिखित भाषामा भएका अस्पष्टताहरू औल्याउने एक महत्त्वपूर्ण उपकरण हो। वक्ताका लिखित र मौखिक अभिव्यक्तिलाई स्पष्टसँग बोध गर्न सन्दर्भलाई बोध गर्नु आवश्यक हुन्छ । एउटा बोली वा उच्चारणको व्याख्याको महत्त्वपूर्ण तत्त्व भनेकै उच्चारको सन्दर्भ नै हो । मेइ ( सन् १९९३) का अनुसार वरिपरिको सन्दर्भले

सहभागीलाई सम्प्रेषण प्रक्रियामा अन्तर्क्रिया गर्न सक्षम बनाउँछ अनि यसले भाषिक अभिव्यक्तिलाई सहज ढङ्गले बुझ्ने बनाउँछ । मेइले जस्तै नुनान (सन् १९९३) का अनुसार सन्दर्भले सङ्कथनलाई जन्म दिइरहेको हुन्छ, जसभित्र सङ्कथन बाँधिएको वा सङ्गठित भइरहेको हुन्छ । कटिङ ( २००८) ले तिन किसिमका सन्दर्भहरू प्रस्ताव गरेका छन् : परिस्थितिगत सन्दर्भ, ज्ञान पृष्ठभूमि सन्दर्भ र अन्तर्पाठात्मक सन्दर्भ ।

***परिस्थितिगत सन्दर्भ :*** परिस्थितिगत सन्दर्भ भनेको वक्ताले बोल्दाका समयमा वरिपरि देखेर जानेको सन्दर्भ हो अर्थात् यो पाठबाहिरको सन्दर्भ हो । परिस्थितिगत सन्दर्भ शारीरिक सहउपस्थिति हो, कुराकानी भइरहेको अन्तक्रियाले लिएको स्थान र परिस्थिति हो । यसबाहेक हाइम्स (ब्राउन र युल, सन् १९८३ मा) ले स्पिकिङ शब्दलाई विस्तृतिमा सन्दर्भलाई वर्णन गरेका छन् ।

*परिस्थिति (सिचुएसन) :* परिस्थिति बोलीको अवस्थाको दृश्य र अवस्थितिबाट निर्मित भएको हुन्छ । अवस्थिति भौतिक वातावरण हो जसमा भाषण निर्भर हुन्छ । दृश्य मनोवैज्ञानिक अवस्थिति हो जसले साँस्कृतिक परिभाषा अनसार एक किसिमको बोलीलाई बुझाउँछ ।

*सहभागी (पार्टिसिपेन्ट) :* सहभागी भित्र वक्ता-स्रोता, सम्बोधक-सम्बोधी, प्रेषक-प्रापक समावेश हुन्छन् । यसले को कोसँग बोल्दै छ भन्ने कुराको चर्चा गर्दछ । सामाजिक कारकहरू जस्तै उमेर, लिङ्ग, स्थिति (सामाजिक-आर्थिक-शैक्षिक), सामाजिक दुरी र भूमिका वा सहभागीहरूको पेसाको पनि यसमा विचार गरिन्छ । यी सबैका आधारमा बोलीको सन्दर्भ निर्धारण हुन्छ ।

*उद्देश्य वा लक्ष्य (इन्ड) :* भाषण वा बोलीको अन्त्य यसको परिणाम र लक्ष्यहरूमा विभाजित गर्न सकिन्छ । बोलीको परिणाम परम्परागत रूपमा अपेक्षित साँस्कृतिक

दृष्टिकोणबाट प्राप्त हुन्छ । यसै गरी लक्ष्य व्यक्तिगत उद्देश्य प्राप्तिका लागि हुन्छ । हरेक बोलीको अन्त्य एक निश्चित परिणाम र लक्ष्यमा आधारित हुन्छ ।

*कार्य अनुक्रम (एक्ट सिक्वेन्स) :* कार्य अनुक्रम वास्तविक बोली र सन्दर्भमा के भनियो, यथार्थ शब्दहरू कसरी प्रयोग भए र बोलीको शीर्षक अनुसार भनिएको कुरासँगको सन्दर्भसँगको सम्बन्धलाई यसमा समावेश गरिन्छ ।

*उपाय/जुक्ती/कुञ्जी (कि) :* कुञ्जी वा उपाय स्वर(), सभ्याचार(), सम्प्रेषण गरिएको विशेष सन्देशको गति वा अभिप्राय हो । जुन हृदयस्पर्शी, गम्भीर, औचित्यपूर्ण, पाण्डित्यपूर्ण, उपहासपूर्ण, व्यङ्ग्यात्मक र यस्तै प्रकृतिका हुन्छन् ।

*साधन वा माध्यम (इन्स्ट्रुमेन्ट) :* साधन वा माध्यममा माध्यम र भाषण वा बोलीको रूप दुबै समावेश हुन्छन् । माध्यममा मौखिक वा लिखित भाषा र टेलिग्राफ, सेमाग्राफ, धुमसङ्केत वा ढोलपिट्ने समावेश हुन्छन् । बोलीको रूपमा भाषा र यसका उपविभाजकहरू जस्तै भाषिका, सङ्केतहरू, उपभाषिकाहरू र प्रयोजनपरक भेदहरू समावेश हुन्छन् ।

*मापदण्ड (नर्म्स) :* मापदण्डमा अन्तर्क्रिया र व्याख्या दुबै समावेश हुन्छन् । यसले विशेष व्यवहार र गुणलाई सङ्केत गर्दछ ती बोलाइसँग जोडिएका हुन्छन् । यो कसैले कसरी कसरी नियालिरहेको हुन्छ तर अनुभव बाढिदैन जस्तै चर्को स्वर, मौनता र एकोहोरोपना ।

*विधा (जेनर) :* विधाहरूले कविता, किंबदन्ती, हितोपदेश, व्याख्यान र व्यावसायिक सन्देश समेट्दछन् । विधाको धारणाले बोलीमा विविध किसिमका विधा अभिव्यक्त हुन्छन् भन्ने कुरा दर्शाएको छ ।

***ज्ञान पृष्ठभूमि सन्दर्भ :*** वक्ताका बोलीको पूर्ण अर्थ स्थानीय सन्दर्भ र सहभागीको ज्ञानमा निर्भर हुन्छ । अर्थको अनुमानको आधार स्थानीय सामाजिक सांस्कृतिक ज्ञानका

आधारमा मानिसले उनीहरूको जीवनमा अर्थ ग्रहण गर्दछन् । जस्तै अस्पतालमा उपचारका लागि भर्ना भएका विरामीको पहिचान नर्सहरूले तिनीहरूको विरामको नामका आधारमा गर्दछन् । यो पनि स्थानीय सन्दर्भ हो । यसलाई पाठबाहिरको सन्दर्भ पनि भनिन्छ ।

***अन्तर्पाठात्मक सन्दर्भ :*** अन्तर्पाठात्मक सन्दर्भ पाठभित्रको सन्दर्भ हो । फिन्च (सन्.२000) का अनुसार अन्तर्पाठात्मक सन्दर्भको अर्थ समान समयमा समान अर्थ दिने भनी गरेका छन् । यो ध्वनि, शब्द, पदावली आदिमा एक अर्का विशेष वाक्य वा बोलीमा मिलेर आउन सक्छ । वाक्यका प्रत्येक शब्दबाट बोली बुझ्न सकिन्छ । उदाहरणका लागि रमेश चलचित्र हेर्न गयो । ऊ एक्लै गयो । भन्दा ऊ रमेशमा आधारित भएर व्यक्त भएको छ । यहाँ ऊ अन्तर्पाठात्मक सन्दर्भको काम गरेको छ ।

**बोली अवस्थाका पक्ष** : भाषाविज्ञानको उद्देश्यका लागि प्रयोगार्थविज्ञानले भाषणको अवस्थाको सम्बन्धमा अर्थको अध्ययन हो । वाचन स्थितिको निम्नलिखित पक्षमध्ये एक वा बढी सन्दर्भहरू मापदण्डका रूपमा आउने छन् (लिच, सन् १९८३) ।

*सम्बोधक र सम्बोधी :* सम्बोधक र सम्बोधीले वक्ता र स्रोतालाई बुझाउँछन् । सम्बोधक र सम्बोधीका बिचमा महत्त्वपूर्ण भिन्नता बनाउन यी शब्दावलीलाई प्रापक अनि एक सम्बोधी भनी सम्बोधन गरिन्छ । एउटा प्रापक त्यस्तो व्यक्ति हो जसले सन्देश र व्याख्या पाउँछ जब एक सम्बोधी त्यस्तो व्यक्ति हो जसले सन्देश प्राप्त गर्ने इच्छा राख्दछ ।

*बोलीको सन्दर्भ :* प्रयोगार्थ दृष्टिमा सन्दर्भलाई कुनै पनि ज्ञानको पृष्ठभूमिका रूपमा वक्ता र स्रोताद्वारा वितरित गरिएको हुन्छ जसमा स्रोताले बोलीद्वारा के अर्थ दिन्छ भनी सन्दर्भका आधारमा व्याख्या गर्दछ ।

*बोलीको लक्ष्यहरू :* बोलीको लक्ष्य वा प्रकार्य वक्ताको मनसाय उसको बोलीको वाक्यमा निहित हुन्छ ।

*बोली एक कार्य वा क्रियाकलापको ढाँचामा (वाक्क्रिया ) :* प्रयोगार्थविज्ञानले भाषा विज्ञानका अन्य शाखाहरूभन्दा भिन्न ढङ्गले भाषाको अध्ययन गर्दछ जस्तै कि वाक्यहरूको वाक्य विज्ञानमा र अर्थसम्बन्धहरू अर्थविज्ञानमा प्रयोगार्थविज्ञानले मौखिक क्रिया वा विशेष अवस्था र समयमा गरिएका मौखिक क्रियाहरूको बारेमा चर्चा गर्छ । यसकारण प्रयोगार्थविज्ञानले भाषाका बारेमा व्याकरणलेभन्दा बढी ठोस तहमा व्यवहार गर्दछ ।

*उच्चार वा बोली मौखिक क्रियाको उपजका रूपमा :* उच्चार वा बोली प्रयोगार्थविज्ञानमा विभिन्न अर्थमा प्रयोग हुन सक्छ । यसले मौखिक कार्यको सट्टा मौखिक कार्यको उत्पादनलाई बुझाउँछ । एक उच्चार वा बोली वाक्य-उदाहरण वा वाक्य-सङ्केत हुन सक्छ तर यो वाक्य हुन सक्दैन । उच्चार वा बोली भाषाको एक टुक्रा हो जुन कि लामो वा छोटो हुन सक्छ यस्ता एकल वाक्यको अर्थको अध्ययन प्रयोगार्थविज्ञानमा गरिन्छ ।

**निर्देशन** : भाषाका माध्यमबाट कुनै कुरा देखाउनु वा औंल्याउनु नै निर्देशन हो (युल, सन् १९९६) । भाषामा यसरी कुनै कुरालाई निर्देशन गर्न वा देखाउन प्रयोग गरिने कोटिहरू हुन्छन् । ती कोटीहरूलाई निर्देशक कोटि भनिन्छ । यो, त्यो, यता, त्यता निर्देशक कोटिहरू हुन् । यस्ता निर्देशक कोटिहरूको अर्थ तिनले निर्देशित गरेको वस्तुका सापेक्षतामा मात्र खुल्छ अर्थात् भाषामा प्रयोग गरेर मात्र तिनको अर्थ स्पष्ट हुन्छ । यी कोटिहरूको अध्ययन पनि प्रयोगार्थविज्ञानले गर्दछ (यादव र रेग्मी, २०५८) । यी निर्देशनहरू व्यक्तिवाची, स्थानवाची, समयवाची गरी तीन किसिमका हुन्छन् । भाषा प्रयोगमा वक्ता, स्रोता वा तीदेखि बाहेकको अरू कुनै वस्तु व्यक्ति (असहभागी) को निर्देशन नै व्यक्तिवाची निर्देशन हो । नेपालीका पुरुषवाचक सर्वनामहरू र क्रियाहरू व्यक्तिवाची निर्देशक कोटि हुन् (यादव र रेग्मी, २०५८) । यस किसिमको निर्देशनले मानिसलाई निर्देशन गर्न उपयोग हुन्छ। स्थानवाची निर्देशनमा भाषामा प्रयोग हुने दर्शक सर्वनाम र केही गतिबोधक क्रियाले

स्थानको निर्देशन गर्दछन् । यस किसिमको निर्देशनमा सन्दर्भ विन्दु, दुरता, र दिशा उल्लेख्य पक्षहरू हुन् । भाषामा समयको निर्देश गर्ने कार्य समयवाची निर्देशनको हो । समयवाची निर्देशन कालबाट गरिन्छ । कालव्यवस्था भाषाअनुसार फरकफरक हुन्छ । नेपाली भाषामा भूत र अभूत गरी दुई किसिमका काल रहेका छन् । समयवाची निर्देशनमा वर्तमानलाई सन्दर्भ विन्दु मानेर बितेको समय र नबितेको समयलाई निर्देशित गरिन्छ (यादव र रेग्मी, २०५८) ।

**सन्दर्भ र अनुमान** : युल (सन् १९९६) ले अनुमान यस्तो एउटा क्रिया हो जसले वक्ता वा लेखकले स्रोता वा पाठकलाई केही कुराको पहिचान गराउन उपयोग गरिने भाषिक ढाँचा हो । सन्दर्भ वक्ताको लक्ष्य (केही कुरा पहिचान गर्न) र वक्ताको विश्वास (स्रोता पनि विशेष केही जान्न सक्ने बनाउन) सँग सम्बन्धित छ । सही सन्दर्भ पहिल्याउन सही अनुमान आवश्यक हुन्छ जुन वक्ताको विशेष सर्न्दभपरक अभिव्यक्तिका आधारमा पहिचान गर्न सकियोस् ।

**पूर्वअवधारणा** : पूर्वधारणा वक्ता र स्रोता वा भाषाका प्रयोग्ताहरू बिचको साझा विश्वास हो (यादव र रेग्मी,  २०५८) । यसलाई स्रोताको पूर्वानुमान पनि भनिन्छ (युल, सन् १९९६) । यसलाई वक्ताले बोलेको बोलीको निहितार्थका रूपमा पनि अर्थ्याउन सकिन्छ । निहितार्थलाई कुनै भाषिक उच्चार (अटरेन्स) अन्तर्गतका प्रतिज्ञप्ति (प्रोपोजिसनस्) हरू बिचको आर्थी सम्बन्ध पनि भन्न सकिन्छ । प्रतिज्ञप्ति अर्थको एकाइ भएकोले यो वाक्यबाट स्वतन्त्र हुन्छ । पूर्वधारणा पनि यस्तै प्रतिज्ञप्तिहरू बिचको सम्बन्ध नै हो । निहितार्थ वाक्यात्मक संरचना वा भाषिक उच्चारको सत्यता मूल्य (ट्रुथ भ्याल्यु) माथि निर्भर रहन्छ भने पूर्वधारणा वक्ता र स्रोता बिचको साझा विश्वास वा पृष्ठभूमिको जानकारीमा निर्भर रहनछ (यादव र रेग्मी, २०५८) । निहितार्थ हुन प्रतिज्ञप्ति सत्य हुनुपर्छ । पूर्वधारणा हुन

प्रतिज्ञप्ति सत्य भए पनि नभए पनि हुन्छ । पूर्वधारणा र निहितार्थ दुबैलाई अकरण परीक्षणबाट पुष्टि गर्न सकिन्छ । निहितार्थ अकरणमा सुरक्षित हुदैन भने पूर्वधारणा अकरणमा सुरक्षित हुन्छ (युल, सन् १९९६) ।

**सहयोगात्मक सिद्धान्त** : छलफलको प्रक्रियामा वा संवाद प्रक्रियामा वक्ता र स्रोताका बिच संवादलाई सफल बनाउन एक अर्कालाई सहयोग गर्नु पर्छ भन्ने सिद्धान्त नै सहयोगात्मक सिद्धान्त हो (युल, सन् १९९६) । यो भाषाको कथ्य रूपमा प्रयोग हुन्छ । ग्राइसले सन् १९६७ मा हार्भड विश्वविद्यालयमा विलियम जेम्स भाषणमाला अन्तर्गत दिएको व्याख्यानहरूबाट यस सिद्धान्तको स्थापना भएको हो । सन् १९७५ मा छापिएको लोजिक एन्ड कन्भरसेसन (तर्क र संवाद) शीर्षक लेखमा र अरू केही लेखहरूमा यस सिद्धान्तबारे पढ्न सकिन्छ । यस सिद्धान्तको सार आफू सहभागी भएको संवादका स्वीकृत उद्देश्य र दिशा अनुरूप जब आफ्नो पालो आउँछ त्यस अवस्थामा आवश्यक परे जति योगदान गर भन्ने हो । उक्त आवश्यक योगदान के हो भन्ने बारेमा उनले चारवटा उक्ति वा सूत्रबाट स्ष्ट पारेका छन् (यादब र रेग्मी, २०५८) ।

***गुणोक्ति :*** संवादका पक्षले आफ्नो योगदानलाई सत्य बनाउने कोशिस गर्नु पर्छ अर्थात् गुणात्मक कथनको सूत्रलाई नै गुणोक्ति भनिएको हो । गुणोक्तिका सम्बन्धमा दुईवटा कुरा महत्त्वपूर्ण छन् (युल, सन् १९९६) :

(क) आफूलाई असत्य लागेको कुरा नभन ,

(ख) आफूसँग पर्याप्त प्रमाण नभएका कुरा नभन ।

***परिमाणोक्ति :*** संवादमा आफ्नो योगदान आवश्यक पर्ने परिणाममा गर्नु पर्छ भन्ने कुरा प्रस्तुत गर्दछ । परिमाणोक्तिलाई प्रस्ट पार्न दुई बुँदा प्रस्तुत गरिएको छ : (युल, सन् १९९६) ।

(क) आफ्नो योगदानलाई तत्कालीन कुराकानीको उद्देश्यअनुरूप आवश्यक पर्ने जति सूचनात्मक बनाऊ ।

(ख) आफ्नो योगदानलाई आवश्यक पर्नेभन्दा बढी सूचनात्मक नबनाऊ ।

***सम्बन्धोक्ति :*** यसले आफ्नो योगदान संवादको दिशा र उद्देश्यसँग सम्बन्धित ( रिलेभेन्स) हुनुपर्छ भन्दछ । असम्बन्धित संवादले संवादलाई सहज बनाउँदैन (यादब र रेग्मी, २०५८) ।

***व्यवहारोक्ति :*** संवादमा आफ्नो योगदान स्पष्ट वा सुबोध हुनु पर्छ भन्ने मान्यता यसले प्रस्तुत गर्दछ । यसलाई चारओटा बुँदामा प्रस्ट पारिएको छ : ( युल, सन् १९९६) ।

(क) अभिव्यक्तिको अस्पष्टताबाट बच,

(ख) संदीग्धताबाट बच,

(ग) सङ्क्षेप बनाऊ (अनावश्यक झर्कोलाग्दो पुनरावृत्ति/लम्बाइ हटाऊ)

(घ) क्रमबद्ध बनाऊ ।

**भद्रता :** अन्तर्क्रियाका क्रममा व्यक्तिका अनुहारमा देखिने सचेतता नै भद्रता वा शिष्टता हो । अन्तर्क्रिया वा संवादका क्रममा मानिसलाई एक अर्कामा नजिक र टाढा बनाउने धेरै तत्त्वहरू हुन्छन् । यस्ता केही तत्त्वहरू बाह्य हुन्छन् भने केही आन्तरिक । यस्ता तत्त्वहरूमा खासगरी सहभागीका सामाजिक स्थिति, सामाजिक मूल्य, उमेर र शक्तिजस्ता तत्त्वले निर्धारण गरेका हुन्छन् । यसैगरी परिचित र अपरिचित व्यक्ति, विषय आदिका आधारमा पनि अन्तर्क्रिया प्रभावित हुन्छ । यो अन्तर्क्रियालाई प्रभाव पार्ने तत्त्वलाई नै भद्रता वा शिष्टता भनिएको छ । यो अन्तर्क्रियाको निश्चित अवधारणाको रूपमा शिष्ट सामाजिक व्यवहार वा सास्कृतिक रूपमा एक सदाचारका रूपमा ग्रहणीय छ । सामाजिक

अन्तर्क्रियामा संस्कृति विशेषमा शिष्टताका भिन्न भिन्न सिद्धान्तहरू रहेका हुन्छन् । तीमध्ये समझदार, उदार, नम्र वा विनीत, सहानुभूतिशील र यस्तै अरू पनि विभिन्न । कामको प्रकृति र स्वरूपका आधारमा शिष्टतालाई अर्थ्याउने गरिन्छ । शिष्टतालाई परिभाषित गर्न अनुहारको धारणा आवश्यक पर्छ (युल, सन् १९९६) । मानिसको अनुहारको धारणा दुई किसिमको हुन्छ, पहिलो नकारात्मक शिष्टताको धारणा दिने । यस किसिमको धारणा भएको शिष्टताले आफूलाई स्वतन्त्रता खोज्दछ । कार्यको स्वतन्त्रता चाहन्छ, अरूबाट लादिएर काम गर्न चाहदैन । दोस्रो किसिमको शिष्टताको धारणा सकारात्मक हुन्छ । यसमा संवादमा सहभागीले सहयोगी र एउटै परिवारको सदस्यले झैँ गरी आफ्ना विचार साटासाट गर्दछ ( युल, सन् १९९६) ।

**वाक्क्रिया** : भाषाको उच्चारण वा प्रयोगबाट कुनै कार्य सम्पादन हुन्छ भने त्यसलाई वाक्क्रिया भनिन्छ । अस्टिनले भाषाको प्रयोगबाट कुनै विषयमा सूचना दिने काम मात्र नभई कार्य सम्पादन पनि हुन्छ भन्ने मान्यता अगाडि सारे । उनले यस्तो कार्य सम्पादन गर्ने क्रियालाई सम्पादनकारी क्रिया भनेका छन् भने यस्ता क्रियाहरूबाट कार्य सम्पादन गर्न केही शर्त पूरा गर्नु पर्ने बताएका छन् ( यादव र रेग्मी, २०५८) । अस्टिनको यो अवधारणालाई सिद्धान्तका रूपमा विकास र विस्तार गर्ने काम जोन आर सर्ल ले गरे । अस्टिनले क्रिया सम्पादनकारी र सूचनामूलक गरी दुई किसिमका हुने कुरा बताए । सम्पादनकारी क्रियाले कार्य सम्पादन गर्छ भने सूचनामूलक क्रियाले कुनै घटना वा कार्यको सूचना सम्प्रेषण गर्दछ । घोषणा गर्नु, प्रतिज्ञा गर्नु, राजिनामा गर्नु, माफी माग्नु जस्ता कार्य सम्पादनमूलक क्रिया हुन् । अस्टिनका यिनै सम्पादनकारी क्रियाबाट सम्पन्न हुने कार्य वा कार्य सम्पादनलाई नै सर्लले वाक्क्रिया भने र यसलाई सिद्धान्तका रूपमा स्थापित गरे । उनले सन् १९६९ का वाक्क्रिया (स्पीच एक्ट) शीर्षकमा पुस्तक प्रकाशित गरेपछि वाक्क्रिया

सिद्धान्त भाषाको अध्ययन गर्न उपयोग हुन थाल्यो ( यादव र रेग्मी, २०५८) । वाक्क्रियामा उच्चारणका साथ एकैपटक तिनवटा कार्य हुने कुरा सर्लले बताए । एक उद्देश्य र एक विधेय भएको अर्थयुक्त वाक्य जसलाई उनले लोक्युसनरी क्रिया भने । यस्ता वाक्यमा निहित लोक्युसनरी शक्तिले यी क्रियालाई अर्थयुक्त बनाउँछ । दोस्रो कार्य इल्लोक्युसनरी क्रिया हो । उच्चरित वाक्यबाट वक्ताले स्रोतालाई केही कार्य गर्न वा कार्य सम्पादन गर्न प्रेरित गर्दछ । यस्ता कार्य वाक्यमा निहित इल्लोक्युसनरी शक्तिबाट सम्पन्न हुन्छन् । भाषिक उच्चारणबाट सम्पादन हुने तेस्रो किसिमको कार्य स्रोतालाई प्रभाव पार्ने कार्यं हो । यसलाई सर्लले पर्लोक्युसनरी क्रिया भनेका छन् । यस किसिमको कार्यले वक्ताको उच्चारणबाट स्रोता दिक्क, लाज, दुःखी, खुसी, उत्तेजित आदि हुने गर्छ (यादव र रेग्मी, २०५८) । वक्ताको अभिप्राय स्रोतामा पर्ने प्रभावका आधारमा प्रतिनिधिमूलक, निर्देशनात्मक, प्रतिज्ञामूलक, अभिव्यक्तिमूलक र घोषणामूलक गरी पाँच प्रकारमा वाक्क्रियालाई विभाजन गरी चर्चा गरिएको छ ( गौतम र चौलागाइँ, २०६७) ।

***प्रतिनिधिमूलक वाक्क्रिया :*** यस किसिमको वाक्क्रियाले प्रतिज्ञप्तिको सत्यतालाई समर्थन जनाउँछ । निश्चय गर्छु, विश्वास गर्छु , समर्थन गर्छु, निष्कर्ष निकाल्छु, निर्णय गर्छु जस्ता क्रियापद यस किसिमको वाक्क्रियामा प्रयोग हुन्छन् । जस्तै : म भोलि लुम्बिनी जान्छु । ऊ आज अमेरिकाबाट आउँदैछ । म नेपाल समृद्ध हुन्छ भन्ने विश्वास गर्छु ।

***निर्देशनात्मक वाक्क्रिया :*** स्रोतालाई कुनै कार्य गर्न निर्देशन दिने क्रिया प्रयोग भएका वाक्यमा यस किसिमको वाक्क्रिया पाइन्छ । यसमा वक्ताले स्रोतालाई सोध्छ, अनुरोध गर्दै केही काम गर्न लगाउँछ । यसैले यसमा निर्देशन दिनु, सोध्नु , अनुरोध गर्नु , आदेश दिनु जस्ता क्रियाको प्रयोग हुन्छ । जस्तै : तिमी परीक्षाका लागि तयारी गर । तपाई सरासर घर जानुहोस् ।

***प्रतिज्ञामूलक वाक्क्रिया :*** वक्ताले कार्यका विषयमा आफ्नो प्रतिवद्धता गर्न सङ्कल्प गर्ने वा प्रतिज्ञा गर्ने प्रकृतिका वाक्क्रिया यस वर्गमा राखिएको छ । वाचा गर्नु, प्रतिज्ञा गर्नु, कसम खानु जस्ता क्रियापद यस किसिमको वाक्क्रिया प्रयोग भएका वाक्यमा प्रयोग हुन्छन् ।

म अन्याय नगर्ने वाचा गर्दछु ।

***अभिव्यक्तिमूलक वाक्क्रिया :*** वक्ताले धन्यवाद दिने, बधाई दिने जस्ता विषयका बारेमा अभिव्यक्ति प्रकट गर्नुलाई अभिव्यक्तिमूलक वाक्क्रिया भनिन्छ । बधाइ दिनु, क्षमा माग्नु, धन्यवाद दिनु जस्ता क्रियापद यस किसिमको वाक्क्रियामा प्रयोग हुन्छन् । जस्तै : आज प्रधानमन्त्रीले छिमेकी देशका प्रधानमन्त्रीलाई स्वागत गर्नु भयो । मैले दिएको वचन पुरा गर्न नसकेकोमा क्षमा चाहन्छु ।

***घोषणात्मक वाक्क्रिया :*** वक्ताले कुनै कार्य गर्न घोषणा गर्ने प्रकृतिका वाक्क्रियालाई यस वर्गमा राखिएको छ । यसमा राजिनामा दिने, विवाह गर्ने, उत्सव मनाउने आदि जस्ता क्रियापदको प्रयोग गरी घोषणा गरिएको हुन्छ । जस्तै : हरिले आफ्नो पदबाट राजिनामा दियो । ऊ यो महिनामा विवाह गर्दै छ ।

यी विभाजनका अतिरिक्त सर्लले वाक्क्रियालाई प्रत्यक्ष र अप्रत्यक्ष वाक्क्रियाका रूपमा पनि विभाजन गरेका छन् । उनले प्रत्यक्ष रूपमा र सोझो अर्थ व्यक्त हुने वाक्क्रियालाई प्रत्यक्ष वाक्क्रिया भने । सामान्यतः बोलीचालीको भाषा, पत्रकारिताको भाषा र सञ्चारको भाषा यस वर्गमा पर्दछन् । सम्पादनको सहज तरिका यस किसिमका वाक्क्रियामा अपनाइन्छ । क्रियाबाट स्पष्ट र सोझो अर्थ प्रकट नभई अन्य कुनै अर्थ व्यञ्जित भएमा त्यो अप्रत्यक्ष वाक्क्रिया हुन्छ । आलङ्कारिक भाषामा अप्रत्क्ष वाक्क्रिया हुन्छ (युल, सन् १९९६) ।

वाक्क्रिया सम्पन्न हुन चार किसिमका सर्त पूरा हुनु पर्ने कुरा बताइएको छ । वक्ताको कथनको अर्थ उपयुक्त हुनु पर्ने प्रतिज्ञप्तिपरक वस्तुको सर्त, वक्ताले कुनै पनि कथन प्रयोग गर्नका लागि त्यसभन्दा अघिका सम्पूर्ण आवश्यक प्रक्रिया पूरा गरेको हुनु पर्ने पूर्व तयारी सर्त (प्रिपरेटरी कन्डिसन) हुनु पर्छ । पूर्व तयारी सर्तमा वक्ताले जुन वाक्क्रिया सम्पन्न गर्न लागेको छ, त्यो वाक्क्रिया स्रोताबाट सम्पन्न हुन सक्छ भन्ने सर्तमा मात्र वाक्क्रिया सम्पादन गर्न पर्छ । यसै गरी तेस्रो सर्तका रूपमा सद्भावनाको सर्तमा वक्ताले आफ्नो कथनलाई सद्भावपूर्वक ग्रहण गर्न सक्ने वातावरणको तयारी हुनु पर्छ । यसैगरी चौथो सर्त आधारभूत सर्तमा वाक्क्रिया सम्पन्न गर्न आवश्यक सम्पूर्ण वातावरण तयार भएको हुनुपर्छ अर्थात् वक्ताको कथनका कार्यलाई स्रोताले पूर्ण रूपमा सम्पन्न गर्ने वातावरण भएमा मात्र वाक्क्रिया सम्पन्न हुन्छ (युल, सन् १९९६) ।

**व्यञ्जना** : वक्ताले बुझाउन खोजेको भाषिक संरचनाबाट प्राप्त हुने अर्थ र सोभन्दा भिन्न अर्थ नै व्यञ्जना हो (यादव र रेग्मी, २०५८) । यसलाई गैरप्राकृतिक अर्थको एक शाखा मानिन्छ । व्यञ्जनालाई उच्चार वा भनाइको निहित अर्थका रूपमा अर्थ्याइएको पाइन्छ । यस्ता निहित अर्थ वा व्यञ्जना कथित र व्यञ्जित गरी दुई किसिमका हुन्छन् । भाषिक संरचनाबाट प्राप्त हुने अर्थ वा वाच्यार्थ नै कथित व्यञ्जना हो । जस्तै : गोरुले काम बिगाऱ्यो । यस उदाहरणमा अर्थ वाच्यार्थ वा गोरुले काम बिगाऱ्यो भन्ने अर्थ हो भने यस्तो व्यञ्जना कथित व्यञ्जना हो । यसको सट्टामा बुद्धू मान्छेले काम बिगाऱ्यो भन्ने हो भने यो वाच्यार्थभन्दा भिन्न निहित अर्थ वा व्यञ्जनार्थ हो । विचारको आदान प्रदान गर्ने उद्देश्यले मानिसहरूले भाषाको प्रयोग गर्दछन् । उनीहरूको बोलीमा कुनै मनसाय वा निहित अर्थ रहेको हुन्छ । मानिसहरूका भनाइमा के भन्न खोजिएको छ त्यो भन्न खोजिएको कुरा वक्ताको बोलीलाई स्रोताले गहिरिएर सुनेमा मात्र लुकेर रहेको निहित अर्थको जानकारी प्राप्त हुन्छ । यही लुकेर रहेको निहित अर्थ नै व्यञ्जना/ निहितार्थ हो (लेभिन्सन, सन्

१९८३) । एक वक्ताले कुराकानीका क्रममा सम्प्रेषण गरेको कुरा उसले सिधा व्यक्त गरेको कुरा भन्दा धेरै गुणा बढी अर्थ दिने प्रकृतिको हुन्छ । निहितार्थ वा व्यञ्जना त्यस्तो अर्थ हो जो सोभ्कै भनिदैन तर सोभ्को अर्थ भन्दा धेरै भिन्न हुन्छ । वक्ताले बोलेको कुरालाई स्रोताले सुनेर गहिरो गरी व्याख्या गर्दा शाब्दिक अर्थ भन्दा भिन्न अर्थ आउँछ । मानिसहरू सामान्यतया निहितार्थ व्यक्त गर्ने मनसायले विचार प्रकट गर्दछन् ( ग्रुन्डी, सन् २००८) ।

व्यञ्जना परम्परागत र संवादात्मक गरी दुई किसिमका हुन्छन्। भाषाको परम्परागत प्रयोग साहित्य तत्त्वका रूपमा रहेको व्यञ्जना ( शर्मा,  २०५८) परम्परागत व्यञ्जना हो । यसलाई साहित्य तत्त्वका रूपमा पूर्वीय साहित्य शास्त्रीहरूले उपयोगका ल्याएका थिए । संवादको पृष्ठभूमिबाट प्राप्त हुने व्यञ्जना संवादात्मक व्यञ्जना हो । वक्ताले अभिव्यक्त गरेको कुराको अर्थ स्रोताले बोध गरी निष्कर्षमा पुग्नु नै संवादात्मक निहितार्थ वा व्यञ्जना हो (कटिङ, सन् २००५) । भाषाका माध्यमबाट मानिसहरूले सन्देश सम्प्रेषण गर्दा उनीहरूले के अर्थमा बोलिरहेका छन् भन्ने स्पष्ट हुँदैन त्यसैले स्रोताले वक्ताको बोलीको अर्थ लगाउनु पर्ने हुन्छ । यही स्रोताले लगाएको अर्थ नै संवादात्मक निहितार्थ वा व्यञ्जना हो ।

ग्राइसले दुई किसिमका संवादात्मक व्यञ्जना हुने कुरा बताएका छन् ( लेभिन्सन,सन् १९८३) । ती हुन् सामान्यीकृत संवादात्मक व्यञ्जना र विशेषीकृत संवादात्मक व्यञ्जना । सामान्यीकृत संवादात्मक व्यञ्जना कुनै विशेष प्रसङ्ग वा विशेष परिदृश्यविना आवश्यकता उत्पन्न हुने व्यञ्जना हुन् । जब कुनै सन्दर्भगत अतिरिक्त अर्थको लेखाजोखा गर्न कुनै विशेष ज्ञानको आवश्यकता नभएको बेलामा यस किसिमको व्यञ्जना देखिन्छ । यो आवश्यकीय निचोड निकाल्न विशेष परिस्थिति बिना देखिन्छ (युल, सन् १९९६) । उदाहरणका लागि *एक दिन म बगैँचामा बसिरहेको थिएँ । एउटा बालकले बारतिर हेर्‍यो ।*

यस उदाहरणमा *बगैँचाको* सट्टामा *मेरो बगैँचा र एउटा बालकको* सट्टा *मेरो बालक* पनि भन्ने अर्थ लगाउन सकिन्छ । यसलाई सामान्यीकरण गरेर पनि अर्थ गर्न सकिन्छ । यसै गरी जुनसुकै सन्दर्भमा अर्थ गर्न नसकिने उच्चारण पनि हुन्छन् । सामान्यतया विशेष अवस्थामा विशेष अर्थबाट मात्र भनाइको तात्पर्य खुल्ने किसिमका व्यञ्जनालाई विशेषीकृत संवादात्मक व्यञ्जना भनिन्छ । जस्तै *राम : आज साँझ मेरो घरको पार्टीमा आउनु है ।*

*श्याम : मेरा अभिभावकहरू घुम्न जादै हुनु हुन्छ ।* यस उदाहरणमा श्याम पनि अभिभावकसँग घुम्न जाने हुनाले पार्टीमा सरिक हुन नसक्ने अर्थ व्यक्त गरिरहेको छ । यो चाहि विशिष्टीकृत संवादात्मक व्यञ्जना हो ।

**आलोचनात्मक सङ्कथन विश्लेषण :** विडोसन (सन् १९९६) ले सामाजिक राजनीतिक शक्तिको अभ्यास, मान्यता वा विचारधारा र सामाजिक विश्वासका लागि भाषाको प्रयोग (दुरूपयोग) सँग सम्बन्धित दृष्टिकोणका रूपमा आलोचनात्मक सङ्कथन विश्लेषणलाई परिभाषित गरेका छन् । फेयर्क्लफ (१९८९) का अनुसार यो मौलिक रूपमा भाषामा दृश्य र अदृश्य (पारदर्शी र अपारदर्शी) रूपको विश्लेषणसँग सम्बन्धित छ । संरचनाको सम्बन्ध प्रभुत्व, भेदभाव, शक्ति र नियन्त्रणका रूपमा भाषामा प्रकट भएको हुन्छ । सङ्कथनात्मक अभ्यासहरू, कार्यहरू र पाठहरू, फराकिला सामाजिक र सांस्कृतिक संरचनाहरू सम्बन्ध र प्रक्रियाहरूका बिचको अन्तरसम्बन्ध र तथ्यपूर्ण अपारदर्शी सम्बन्धहरूलाई व्यवस्थित रूपमा बाहिर ल्याउने लक्ष्य आलोचनात्मक सङ्कथन विश्लेषणको हुन्छ । भान डाइक (सन् २०१५) का अनुसार आलोचनात्मक सङ्कथन विश्लेषणको कार्य भाषा, समाज, शक्ति, मान्यता, मूल्यहरू र विचारहरूलाई उदाङ्गो पार्नु हो ।

आलोचनात्मक सङ्कथन विश्लेषण एउटा अनुसन्धान कार्य हो जसले भाषा र समाजका बिचको सम्बन्धलाई आलोचनात्मक रूपले विश्लेषण गर्दछ । अझ स्पष्ट रूपमा यो त्यस्तो प्रकारको सङ्कथन विश्लेषणात्मक अनुसन्धान हो जसमा पाठबाट उत्पादित सामाजिक र राजनीतिक सन्दर्भहरूका माध्यमबाट विचार र विचारधारा, पहिचान र असमानताका पक्षहरूको अध्ययन गरिन्छ (भान डाइक, सन् २०१४) । वोडाक र मेर (सन् २००१) का अनुसार भाषा विचारधारा निर्माण गर्ने र त्यसलाई कायम राख्ने तत्त्व हो, यसका माध्यमबाट सामाजिक पहिचानहरू र असमानताहरूलाई प्रस्ट रूपमा देख्न वा पहिचान गर्न सकिन्छ । आलोचनात्मक सङ्कथन विश्लेषणसँग परम्परागत रूपमा सङ्कथनका केही विषय क्षेत्र र शैलीमा कुनैमा नश्लवाद, जेनोफोविया र राष्ट्रिय पहिचान, लैङ्गिक पहिचान तथा असमानता, सञ्चार सङ्कथन अनि राजनीतिक सङ्कथन समावेश छन् ।

भान डाइक (सन् २०१५) ले विगतको परिभाषालाई केही विस्तार गर्दै आलोचनात्मक सङ्कथन विश्लेषण सङ्कथनको विश्लेषणात्मक अनुसन्धान हो जो मुख्य रूपमा सामाजिक शक्तिको दुरूपयोग र असमानताका तरिकाको अध्ययन गर्दछ तथा बोली र पाठद्वारा सामाजिक र राजनीतिक सन्दर्भमा पुनःप्रस्तुति, नियमशासित समर्थन र विरोध गर्दछ । यसै गरी असन्तुष्ट वा असहमत अनुसन्धान, आलोचनात्मक सङ्कथन विश्लेषणले प्रस्ट स्थान ओगट्दछ र अनि बुझ्न, प्रकट गर्न र अन्तत सामाजिक असमानतालाई चुनौती दिन चाहन्छ । विश्लेषकहरू यसलाई प्रतिबद्ध सामाजिक आन्दोलनका रूपमा वर्णन गर्दछन् । यसमा सिद्धान्त र विधिलाई कम महत्त्व दिइएको छ भने आलोचनात्मक अनुसन्धाताहरूको उद्देश्य र स्वार्थलाई बढी महत्त्व दिएर परिभाषा गरिएको छ तर सम्पूर्ण विद्वान्हरू यो परिभाषासँग सहमत छैनन् ।

आलोचनात्मक सङ्कथन विश्लेषण पाठ र बोलीले समाजमा असमानता, अन्याय र उत्पीडन कायम राख्ने र त्यसलाई वैध बनाउन मुख्य भूमिका निर्वाह गरेको हुनाले त्यसलाई अन्तर्दृष्टि प्रदान गरी उजागर गर्न स्थापना भएको हो । यस किसिमको सङ्कथन विश्लेषणले समाजमा भाषाको प्रयोगका विविध पक्ष (आस्पेक्ट) का बारेमा जागरुक बनाउँछ र यसको निष्कर्षका आधारमा समाजलाई परिवर्तनका लागि तर्क दिन सकिन्छ ।

टेक्सास विश्वविद्यालयले आलोचनात्मक सङ्कथन विश्लेषण उत्तर आधुनिक सिद्धान्त र विनिर्माणवादमा आधारित छ भनी भिन्न दृष्टिकोण अगाडि सार्‍यो । यस दृष्टिकोणका आधारमा यो नत भाषावैज्ञानिक र न पाठ विश्लेषण हो बरु यो त सहज र व्यवस्थित रूपमा अनुवांशिक तरिकाबाट समस्याको समाधान गर्ने मेटा दृष्टिकोण हो (वोडाक र मेर सन् २००१) ।

सङ्कथन विश्लेषण भाषा अध्ययनको एक विशेष विधि भए पनि यसलाई समस्याका बारेमा सोच्ने तरिकाका रूपमा चित्रण गर्न सकिन्छ । यस अर्थमा सङ्कथन विश्लेषण न गुणात्मक न सङ्ख्यात्मक अनुसन्धान विधि हो तर गुणात्मक र सङ्ख्यात्मक अनुसन्धानका आधारभूत मान्यताका आधारमा प्रश्न वा जिज्ञासा प्रकट गर्ने तरिका हो। आजको चलनचल्तीका शब्दावलीमा व्यक्त आलोचनात्मक सङ्कथन विश्लेषण वा सङ्कथन विश्लेषण निर्णायक पठन र पाठ वा समस्याको व्याख्या गर्ने तरिका मात्र हो । सङ्कथन विश्लेषण आफू भित्र र अरू मानिसमा लुकेर रहेको उत्प्रेरणालाई उच्च जागरण वा सचेतना जगाउने अर्थमा बुझिन्छ । त्यसैले हामी वास्तविक समस्या समाधान गर्न सक्षम बनूँ नकि अनावश्यक उत्तर प्रदान गर्ने बरु आफूलाई नै तत्वशास्त्रीय र ज्ञानशास्त्रीय प्रश्न सोध्ने बनाउने कार्य सङ्कथन विश्लेषणले गर्दछ ( वोडाक र मेर सन् २००१) । वास्तवमा आलोचनात्मक सङ्कथन विश्लेषणका बारेमा भएका समग्र लेखहरू, हातेपुस्तक वा परिचयले धेरै परिभाषाहरूबाट यसलाई बुझ्न सकिन्छ ।

यी माथिका समग्र छलफलका आाधारमा भाषाशास्त्री रुथ वोडाकले आलोचनात्मक सङ्कथन विश्लेषणलाई यस प्रकार चिनाएकी छिन् : उनका अनुसार यो धेरै सिद्धान्तद्वारा विशेषतायुक्त छ । उदाहरणका लागि सम्पूर्ण दृष्टिकोणहरू समस्यामा केन्द्रित छन्, अनि आवश्यक मात्रामा अन्तरविषयक र उदार पनि । यसका अतिरिक्त यो सामान्य हित वा आमसमुदायको हितमा आधारित विचार र विचारधाराहरू र शक्तिका माध्यमबाट साङ्केतिक तथ्याङ्क (लिखित, मौखिक वा दृश्य) को व्यवस्थित र तार्किक खोजमा आधारित विशेषताहरूको खोजी हो । आलोचनात्मक सङ्कथन विश्लेषणका शोधकर्ता आफ्ना सम्बन्धित वैज्ञानिक विधिहरूको कायम राख्दै आफ्ना स्थान वा भूमिका वा स्वार्थहरू स्पष्ट गर्नका प्रयासरत छन्, त्यस बेलासम्म जुन बेलामा स्वयम्मा अनुसन्धान प्रक्रिया आत्मप्रतिविम्बन (सेल्फ रिफ्लेक्टिभ) हुँदैन । उदाहरणका लागि विचारधाराको मुख्य अवधारणाको सम्बन्धमा भान डाइकले विचारधारलाई विश्वदृष्टिका रूपमा प्रस्तुत गरेका छन् जसको निर्माण सामाजिक संज्ञान तथा सामाजिक संरचना र सामाजिक व्यवहारका आधारमा हुने गर्दछ । उदाहरणका लागि स्कीमा, जसमा गोराहरूको कालाहरूका बारेमा एक भिन्न दृष्टिकोण निर्माण भएको हुन्छ जुन एक किमिमको दृष्टिकोण हो ।

यस प्रकार आलोचनात्मक सङ्कथन विश्लेषण र विश्लेषकहरूलाई न प्रतिबन्धात्मक र सिद्धान्तवादी अध्ययन पद्धति न सैद्धान्तिक अकाट्य नियम के हो भन्ने कुरामा एकजुट बनाउँछ तर, यसको मौन समान लक्ष्य छ कि पाठबाट सिर्जित समकालीन समाजमा विद्यमान अन्याय र अत्याचार, हेपाइ, असमानता सङ्कथनहरूको हेजेमोनिक (भ्रमपूर्ण) चुनौती र आलोचना नै आलोचनात्मक सङ्कथन विश्लेषण हो । आलोचनात्मक सङ्कथन विश्लेषणमा अनुसन्धानकर्ताहरू विभिन्न व्याकरणिक पद्धतिहरूमा भर पर्छन । त्यसैले यस सम्बन्धी कुनै पनि किसिमका आलोचनाहरू सधैं विशिष्ट हुन्छन् जुन अनुसन्धान र अनुसन्धातासँग सम्बन्धित छन् (वोडाक, मेर, सन् २००१) ।

**आलोचनात्मक सङ्कथन विश्लेषणको विकास** : आलोचनात्मक सङ्कथन विश्लेषणको विकासमा आलोचनात्मक भाषा विज्ञानको ठूलो भूमिका छ । आलोचनात्मक सङ्कथन विश्लेषणको उदय आलोचनात्मक भाषाविज्ञानबाट भएको विश्वास गरिन्छ । विशेष रूपमा आलोचनात्मक भाषा विज्ञानको उपजको रूपमा आलोचनात्मक सङ्कथन विश्लेषणलाई मानिए पनि सङ्कथन विश्लेषणले आलोचनात्मक दृष्टिकोणलाई व्यापक बनाएको छ । आलोचनात्मक भाषा विज्ञान भन्ने शब्द पहिलो पटक सन् १९७९ मा रोजर फाउलर र गुन्थर क्रेसले लेखेको **भाषाविज्ञान** नामक पुस्तकमा प्रयोग गरेका थिए ( फाउलर र अन्य, १९७९ पृ.१८५) । उनीहरूको पुस्तकमा ह्यालिडेको व्यवस्थापरक कार्यात्मक भाषा विज्ञानलाई मौलिक सिद्धान्तका रूपमा लिएर सोही सैद्धान्तिक ढाँचामा आधारित भएर उनीहरूले निम्नलिखित दृष्टिकोणका आधारमा अनुसन्धान गरे : अधिक शब्द निर्माण, वर्गीकरण, ढाँचा, सकर्मकता । फाउलर र क्रेसका अनुसार आलोचनात्मक भाषिक विश्लेषण एक विचारधारात्मक प्रक्रियाको अध्ययनका लागि शक्तिशाली उपकरण हुन सक्छ जसले शक्ति र नियन्त्रणको सम्बन्धलाई मध्यस्थता गर्दछ ( फाउलर र अन्य, १९७९ पृ.१८६) । जसमा रोजर फाउलरको अध्ययन मुख्यतया सिद्धान्तहरू र पद्धतिहरूमा आधारित थियो भने क्रेसको अध्ययन आलोचनात्मक भाषिक सिद्धान्तको विशिष्ट प्रयोगमा आधारित थियो । क्रेसका अनुसार आलोचनात्मक सङ्कथन विश्लेषण एक प्रकारको भाषिक उपकरण हो जुन वास्तविक वा अभ्यासपरक सङ्कथन विश्लेषण अवस्थाका लागि उपयोगी हुन सक्छ जस्तै लोकप्रिय सङ्कथनको विश्लेषण । यस अवधिमा सामाजिक र भाषिक विश्लेषणका विधिको माध्यमबाट रोजर फाउलर, गुन्थर क्रेस र अन्य धेरै आलोचनात्मक भाषाविद्हरूले राजनीतिक प्रक्रिया र विचाराधारात्मक प्रक्रिया दुबैमा सङ्कथनले कसरी काम गर्दछ भन्ने अनुसन्धानको एक शृङ्खला तयार गरे ।

रोजर फाउलर र गुन्थर क्रेसले नयाँ दृष्टिकोण अगाडि सारेपछि यसैलाई पछ्याएर अन्य भाषाविद्हरू र विद्वानहरू आलोचनात्मक सङ्कथन विश्लेषणको विकासमा लागेका छन् । मुख्य शब्दावली र अवधारणा सम्बन्धी उनीहरूको व्याख्या, विश्लेषणात्मक दृष्टिकोण र आलोचनात्मक सङ्कथन विश्लेषणसँग सम्बन्धित सैद्धान्तिक ढाँचा धेरै भाषाविद्हरूका आफ्नै अध्ययनहरूमा आधारित छन् । विगत केही दशकहरूमा ती सबैले आलोचनात्मक सङ्कथनको विकासमा ठूलो योगदान दिएका छन् (विदुसी, २०१६) ।

सन् १९८० को दशकको शुरुमा फाउलरले आफ्नो अध्ययनलाई आलोचनात्मक भाषा विज्ञानको अध्ययनमा केन्द्रित गरे र खासगरी साहित्यिक आलोचनावाद र भाषाविज्ञानका अन्तविषयक/ अन्तरअनुशासनात्मक अध्ययनमा केन्द्रित भए । यसले गर्दा आलोचनात्मक सङ्कथन विश्लेषणको विकासको गति अलि ढिलो भयो । यसपछि गुन्थर क्रेस (१९९०) ले आलोचनात्मक भाषाविज्ञानका सन्दर्भमा आफ्नो निजी विचार प्रस्ताव गर्दै आलोचनात्मक भाषिक अध्ययनको प्रवृत्ति भनेको पाठकमुखी हुनु हो, सामाजिक विचारधारात्मक आलोचनाको कार्यलाई अनुभूत गरी त्यसका माध्यमबाट विद्यमान अनुसन्धान उपलब्धिहरूको उपयोग गर्नु हो भने ।  यसपछि सन् १९८६ मा फाउलरले **भाषिक आलोचनावाद** प्रकाशित गरे । यसै गरी फाउलरले **आलोचनात्मक भाषाविज्ञानका बुँदा** लेखे जसमा उनले आलोचनात्मक सङ्कथन विश्लेषण प्रक्रियामा पुनः निरन्तरता दिदैं आफ्नो अनुसन्धानलाई अगाडि बढाए (बिदुसी, सन् २०१६) । सन् १९८०  को दशकमा यसका बारेमा विस्तृत अनुसन्धान र अध्ययनहरू देखिए जुन विभिन्न पुस्तकहरूले प्रतिनिधित्व गरेका छन् जसमा **प्रेजुडिस इन डिस्कोर्स** (भान डाइक, सन् १९८४), **ल्याङ्वेज, पावर एन्ड आइडियोलोजी** (वोडाक, सन् १९८९) **ल्याङ्वेज एन्ड पावर** (फेयर्क्लफ, सन् १९८९) (बिदुसी, सन् २०१६ )।

आलोचनात्मक सङ्कथन विश्लेषणको सिद्धान्तको जन्मले दुईवटा दृष्टिकोणबाट यसलाई बुझ्न सकिन्छ । एकातिर यसले 'आलोचना' शब्दलाई अगाडिका आलोचनात्मक अध्ययनको सारका रूपमा लिएको छ भने अर्कोतिर 'भाषाविज्ञान' शब्दको सट्टामा 'सङ्कथन विश्लेषण'को प्रयोग गरेर आलोचनात्मक सङ्कथन विश्लेषण परम्परागत रूपमा ह्यालिडेको व्यवस्थापरक कार्यात्मक भाषाविज्ञानको ढाँचामा सीमित छैन भनेर सङ्केत गरेको छ किनकि सङ्कथनको अवधारणा सामाजिक विज्ञानबाट स्वीकार गरिएको हो । अर्को शब्दमा आलोचनात्मक सङ्कथन विश्लेषणले आलोचनात्मक भाषाविज्ञानका आलोचनात्मक सुविधालाई अँगाल्दछ, यसले सङ्कथन विश्लेषणमा प्रयोग गरिएको विश्लेषणात्मक दृष्टिकोणलाई आलोचनात्मक दृष्टिकोणबाट विस्तार गर्दछ । सन् १९९० पछि संस्थागत रूपमा ट्युन भान डाइक, नर्मन फेयर्क्लफ , गुन्थर क्रेस, थियो भान लिउएन र रुथ वोडाक सबैले मिलेर आलोचनात्मक सङ्कथन विश्लेषण सम्बन्धी सेमिनार सम्पन्न गरे जसले आलोचनात्मक सङ्कथन विश्लेषणका विभिन्न विचारधारात्मक समूह निर्माण गऱ्यो र प्रत्यक्ष रूपमा विचारको आदान प्रदान गरायो (बुखारी र भिुयोयाङ, सन् २०१३) ।

यस अवधिमा आलोचानात्मक सङ्कथन विश्लेषणका सन्दर्भमा फेयर्क्लफले समाजशास्त्र, सामाजिक ध्वनि वा विचारको अध्ययन व्यवस्थापरक कार्यात्मक भाषाविज्ञान ( एसएफएल) लाई सैद्धान्तिक र भाषिक अध्ययनको आधारका रूपमा उपयोग गरे । रुथ वोडाकले सङ्कथन भित्र ऐतिहासिक प्रसङ्ग ( समाज र राजनीतिसहित ) र आलोचनात्मक सङ्कथन विश्लेषणलाई ऐतिहासिक दृष्टिकोणबाट ऐतिहासिक सङ्कथन विश्लेषणको दृष्टिकोणका रूपमा, भान डाइकले खासगरी पाठ भाषिकता र संज्ञानात्मक भाषाविज्ञानमा केन्द्रित भएर सामाजिक संज्ञानात्मक दृष्टिकोणका आधारमा सङ्कथनको विश्लेषण गर्ने, पाउल चिल्टनको विकासात्मक मनोविज्ञान र संज्ञानात्मक विज्ञानमा आधारित भएर अध्ययन

गर्ने दृष्टिकोण छ । आलोचनात्मक सङ्कथन विश्लेषणको अध्ययनको विकास र विस्तारका क्षेत्रमा योगदान गर्ने प्रमुख विद्वानहरूमा नर्मन फेयर्क्लफ, रुथ वोडाक र ट्युन ए भान डाइक अग्रपङ्तिमा छन् ।

नर्मन फेयर्क्लफ आलोचनात्मक सङ्कथन विश्लेषणसँग सम्बन्धित अध्ययनको क्षेत्रका मान्य संस्थापक हुन् । खासगरी 'क्रिटिकल डिस्कोर्स एनालाइसिस' पदावली फेयर्क्लफद्वारा लेखिएको पुस्तक **ल्याङ्वेज एन्ड पावर** मा चर्चा गरी यसका विशेषताहरूको वर्णन गरेपछि आएको हो । यही पुस्तक आलोचनात्मक सङ्कथन विश्लेषणको इतिहासमा कोसेढुङ्गाको रूपमा रहेको छ । **ल्याङ्वेज र पावर** भन्ने पुस्तकमा फेयर्क्लफले आलोचनात्मक सङ्कथन विश्लेषणका बारेमा केही अवधारणात्मक पक्ष जस्तै सङ्कथन, शक्ति, विचारधारा, सामाजिक अभ्यास, सामान्य चेतना आदिको बारेमा प्रस्ट पारेका छन् । यो विषय आलोचनात्मक सङ्कथन विश्लेषणका विश्लेषणात्मक पद्धतिसँग एकदमै निकट रहेको छ । फेयर्क्लफको मुख्य दृष्टिकोणमा धेरै व्यवस्थापरक कार्यात्मक भाषाविज्ञान सिद्धान्त र समाजशास्त्रीय सिद्धान्तबाट विचार वा सिद्धान्त ग्रहण गरिएको छ । यस दृष्टिकोणले भाषालाई सामान्य भाषिक वा वैचारिक घटनाको सट्टा सामाजिक अभ्यासका रूपमा तर्क गरिन्छ । त्यसैले भाषालाई लिखित र मौखिक दुबै सङ्कथनका रूपमा अध्ययन गर्नुपर्छ । यसका अतिरिक्त उनले पाठलाई मानिसहरूको सम्प्रेषण प्रक्रियाका रूपमा हेरेको देखिन्छ । आलोचनात्मक सङ्कथन विश्लेषणको परिप्रेक्ष्यमा भाषा विश्लेषणको माध्यमबाट यसको अन्तिम उद्देश्य शोषणकारी सामाजिक सम्बन्धतर्फ मानिसहरूको चेतना जगाउनु हो (फेयर्क्लफ, सन् १९८९) ।

आलोचनात्मक सङ्कथन विश्लेषणको सैद्धान्तिक छलफलका आधारमा फेयर्क्लफले पहिलो पटक आलोचनात्मक सङ्कथन विश्लेषणको त्रिआयामिक दृष्टिकोण आफ्नो पुस्तक

**डिस्कोर्स एन्ड सोसियल चेन्ज** (सन् १९९२) मा प्रस्तुत गरे । प्रारम्भिक तीन आयामिक दृष्टिकोणमा फेयर्क्लफ सुझाव दिन्छन् कि त्यहाँ सङ्कथनका तीन आयाम छन् जुन क्रमशः पाठ, अन्तर्क्रिया र प्रसङ्ग हुन् (फेयर्क्लफ , सन् १९९२) । सन् १९९२ मा प्रारम्भिक तीन आयामिक दृष्टिकोणमा आधारित सङ्कथनलाई फेयर्क्लफले सन् २०१० को प्रकाशनमा केही परिमार्जन गरे र सङ्कथनका तीन आयामका रूपमा पाठ, विवादास्पद अभ्यास (सङ्कथनात्मक अभ्यास) र सामाजिक अभ्यासलाई प्रस्तुत गरे ।

पाठ सम्प्रेषण प्रक्रियाको वा सङ्कथनात्मक अभ्यासको उपजका रूपमा यस विश्लेषणात्मक पद्धतिले सङ्केत गर्दछ । पाठको उत्पादन प्रक्रियामा सङ्कथनात्मक अभ्यासका माध्यमबाट उत्पादन, वितरण र खपत समावेश भएका हुन्छन् । यी सबै सामाजिक अभ्यासद्वारा प्रभावित वा निर्धारित छन् । अर्को शब्दमा सामाजिक अभ्यास र पाठका बिचको सम्बन्ध सङ्कथनात्मक अभ्यासका माध्यमबाट उत्पादन, वितरण र खपतद्वारा मध्यस्थता (मिलाइएको) गरिन्छ ।

सङ्कथनका तीन तह अनुरूप फेयर्क्लफले आलोचनात्मक सङ्कथन विश्लेषणका तीन चरणको विकास गरे र यी तीन चरणलाई उनले आफ्नै विशिष्ट नामकरण गरी प्रस्ट्याएका छन् : *विवरण, व्याख्या* र *स्पष्टीकरण* । उनका अनुसार सङ्कथन एक प्रकारको सामाजिक अभ्यास हो जुन सामाजिक संरचनाको मूर्त रूप हो । सङ्कथन सन्दर्भ, अन्तर्क्रिया र पाठको एकता हो । यीमध्ये पाठ सबभन्दा तल वा आधारभूत तह हो जुन अन्तर्क्रियाको परिणाम हो । उत्पादनको प्रक्रिया र व्याख्याको प्रक्रिया दुबै सन्दर्भमा निर्भर गर्दछन् (फेयर्क्लफ, सन् १९९२) । उनले सङ्केत गरेका तीन चरणलाई पनि प्रस्ट पारेका छन् ।

***पाठ (विवरण) :*** पाठ वा विवरण चरणमा भाषिक विशेषताहरू जस्तै शब्दभण्डारको चयन (शब्दचयन), व्याकरण (कर्मकता, वाच्यात्मकता) र पाठ संरचना (विषयवस्तुको छनोट, पालो प्रणाली ) जस्ता विकल्पहरू व्यवस्थित रूपमा विश्लेषण गर्नु पर्छ । यो पहिलो चरण हो जसमा पाठ वस्तु हो ।

*विवरण* भनेको त्यो चरण हो जुन पाठको औपचारिक सम्पत्तिसँग सम्बन्धित छ (फेयर्क्लफ, सन् १९८९) । अर्को शब्दमा विवरणात्मक चरणमा पाठका भाषिक विशेषताहरूको खोजी गरिन्छ । यस चरणमा खासगरी शब्दभण्डार खण्ड, व्याकरण खण्ड र पाठ संरचना खण्डको विवरण प्रस्तुत गरिन्छ । शब्दावलीको खण्डमा मुख्यतया फरक शब्दको छनोटसँग सम्बन्धित छ, व्याकरण व्याकरणिक विशेषताहरूका बारेमा जुन ह्यालिडेको व्यवस्थापरक कार्यपरक व्याकरणसँग सम्बन्धित छ जबकि पाठात्मक संरचना सङ्कथनको सिङ्गो संरचनालाई सङ्केत गर्दछ ।

***सङ्कथनात्मक अभ्यास ( वर्णन ) :*** फेयर्क्लफ  व्याख्या पाठ र अन्तर्क्रिया बिचको सम्बन्धलाई उत्पादनको प्रक्रियाको उत्पादनका रूपमा पाठलाई हेर्ने कुरासँग सम्बन्धित र वर्णनको प्रक्रियाको स्रोतका रूपमा मान्दछन् (फेयर्क्लफ , सन् १९८९) । व्याख्याको चरणमा सङ्कथन र यसको उत्पादन तथा यसको खपत वा उपयोगका बिचको सम्बन्धको पनि वर्णन गर्नु पर्छ । यसका अतिरिक्त सङ्कथनलाई केवल पाठका रूपमा मात्र लिइदैन तर यस चरणको मुख्य पक्ष भनेको सङकथनात्मक अभ्यास पनि हो जसको अर्थ भाषिक विशेषताहरू र पाठ संरचनाको विश्लेषणका अलावा वाक्क्रिया र अन्तर्पाठात्मकता ( दुविधा, भ्रम, अन्य भाषाबाट आयातित शब्दबाट भिन्न अर्थ लाग्ने, व्यङ्यात्मकता, बहुअर्थ आदि) को पनि व्याख्या गरिन्छ । यी तत्त्वहरू वा कारकहरूले पाठलाई यसको सन्दर्भसँग जोड्दछन्  ।

यो आयाम (सङ्कथनात्मक अभ्यासका रूपमा पाठ) मा दुई प्रक्रियाहरू समावेश छन् । एउटा संस्थागत प्रक्रिया (सम्पादकीय प्रक्रिया) हो र अर्को सङ्कथन प्रक्रिया हो ( पाठका माध्यमबाट उत्पादन र खपत वा उपभोगमा रूपान्तरण) । यहाँ अन्तपाठात्मकको मुख्य अवधारणा सङ्कथन प्रक्रियालाई व्याख्या गर्न अत्यधिक अनुकूल छ । अर्को शब्दमा यो चरण पाठ र पाठको सङ्गठन बिच अन्तरपाठात्मक सम्बन्धको खोजसँग सम्बन्धित छ । सङ्कथनलाई भाषिक संस्करणका रूपमा मात्र लिनु हुँदैन बरु एक किसिमको सङ्कथनात्मक अभ्यास पनि हो । यी कारकहरूका माध्यमबाट कसरी मानिसहरूले सङ्कथनको उत्पादन र व्याख्या गर्दछन् भन्ने कुरामा ध्यान दिनुपर्छ, सङ्कथनका स्रोत र सन्दर्भहरू व्याख्यात्मक चरणमा खोजपरक हुनु पर्छ (फेयर्क्लफ, सन् १९९५) ।

***सामाजिक अभ्यास (स्पष्टीकरण) :*** फेयर्क्लफका अनुसार स्पष्टीकरण सामाजिक प्रतिबद्धताको उत्पादनको प्रक्रिया र व्याख्या अनि तिनीहरूको सामाजिक प्रभावसँग अन्तर्क्रिया र सामाजिक सन्दर्भ विचको सम्बन्धसँग सम्बन्धित छ । अर्कातिर स्पष्टीकरण पक्षमा विश्लेषण गर्दा ऐतिहासिक, सामाजिक र साँस्कृतिक सन्दर्भमा हुनुपर्छ ।

सङ्कथन विश्लेषणमा खासगरी शक्ति, विचारधारा र भाषाका नखोजिएका वा अन्वेषण नगरिएका सूचनाहरू खोजी गरिने छन् र संस्थागत सन्दर्भ र सामाजिक सन्दर्भ दुबै सन्दर्भमा स्पष्टीकरण वा व्याख्या गरिने छ (फेयर्क्लफ, सन् १९९५) । आयामको स्पष्टीकरण वा व्याख्याको चरण 'सङ्कथन सामाजिक अभ्यासका रूपमा' अझ स्पष्ट रूपमा 'सामाजिक-सांस्कृतिक अभ्यास' सँग मिल्दो छ। यस चरणमा विचारधारा अथवा शक्ति जस्ता कारकहरूलाई ध्यान दिई सामाजिक सांस्कृतिक सन्दर्भ र पाठको उत्पादन र उपभोग वा खपतका बिचको अन्तर्क्रियाको पनि पूर्ण व्याख्या गरिन्छ ।

फेयर्क्लफले आलोचनात्मक सङ्कथन विश्लेषणको सिद्धान्तमा सङ्कथनका तीन आयामसँग भिन्न तीन खुट्किला वा चरणहरू समावेश गरेका छन् जुन वर्णनको तह, विवेचनाको तह र व्याख्याको तह । उनका अनुसार पहिलो चरण पाठको औपचारिक र संरचनात्मक विशेषताहरूको वर्णन गर्नु, दोस्रो चरणमा पाठ र अन्तर्क्रियाको विचको सम्बन्धको विवेचना र तेस्रो चरणमा सामाजिक सन्दर्भ र अन्तर्क्रिया बिचको सम्बन्धको व्याख्या आउँछ (फेयर्क्लफ, सन् १९८९) ।

फेयर्क्लफ (सन् १९९२, १९९५) र चौलीयारीकी (सन् १९९९) ले आलोचनात्मक सङ्कथन विश्लेषणलाई समृद्ध बनाउने अनुसन्धान कार्यलाई अगाडि बढाउँदै समाजमा केही समकालीन परिवर्तनहरूको सङ्कथनात्मक प्रकृति उजागर गर्न यसको उपयोगिता र महत्त्वको व्याख्या गरे (वोडाक, सन् १९८९) । सङ्कथनका पक्षहरूको सन्दर्भमा फेयर्क्लफले सञ्चार सङ्कथनको अध्ययनमा रुची राखेको पाइन्छ जसमा उनले स्रोताको भूमिका विश्लेषण  गरेका छन् । वर्तमान समयमा उनले सङ्कथनका केही नयाँ पक्षहरूमा केन्द्रित भएर अध्ययन गरेका छन् जस्तै भूमण्डलीय पूजीँवादसँग सम्बन्धित सङ्कथन, नवपुजीँवाद र नवउदारवाद । फेयर्क्लफका उपलब्धिहरू उनले गरेका सम्मानजनक गुणात्मक कार्यहरूमा निहित छन् उनका केही कामहरू ल्याङ्वेज एन्ड पावर (सन् १९८९), डिस्कोर्स एन्ड सोसल चेन्ज (सन् १९९२), क्रिटिकल डिस्कोर्स अवार्नेस (सन् १९९२) मिडिया डिस्कोर्स (सन् १९९५), क्रिटिकल डिस्कोर्स एनालाइसिस (सन् १९९५) आदि (क्यान र फ्यान, सन् २०१६) ।

रुथ वोडाकले समाजमा भेदभाव, पूर्वाग्रह, जातिवाद आदि सम्बन्धी विशेष सङ्कथनहरूमा आधारित विभिन्न अध्ययनहरू प्रस्ताव गरेकी छन् । उनले सन् १९९० मा प्राचीनता विरोधी सङ्कथनको अध्ययन गरेर सङ्कथन विश्लेषणमा ऐतिहासिक सन्दर्भको

चर्चा गरेकी छिन् (वोडाक, सन् २००१) । वोडाकको सङ्कथनको परिभाषा फेयर्क्लफसँग मिल्दोजुल्दो छ । उनी तर्क गर्छिन कि बोलाइ र लेखाइ दुबै माध्यमको भाषा एक किसिमको सामाजिक अभ्यास हो जसको अर्थ सङ्कथनमा दुई किसिमका अभिव्यक्ति हुन्छन् : भाषण र लेखन । ऐतिहासिक सङ्कथन विश्लेषण पद्धतिलाई अन्य पद्धतिहरू बाहेक सेट गर्ने विशिष्ट विशेषताहरू मध्ये एक हो वर्णन र व्याख्यामा सङ्कथनको ऐतिहासिक सन्दर्भलाई जोड दिने । वोडाकको अध्ययनले विशेष रूपमा जातीय विभेद र राजनीतिक सङ्कथनमा जोड दिएको छ र उनको विश्लेषणत्मक पद्धतिको विचारको आधार फेङ्फर्ट स्कुल र वेस्टिनेनियन परम्परामा समाजशास्त्रीय छ । त्यसैले धैरै विषयहरूका विचार र धारणाहरूलाई अन्तरविषयक दृष्टिकोणबाट आत्मसात गरेर यो पद्धतिले काम गरेको छ (वोडाक, र मेर सन् २००१) ।

यसबाहेक बोडाक र लुडविग (सन् १९९९) शक्ति र विचारधारालाई आलोचनात्मक सङ्कथन विश्लेषणको क्षेत्रका दुई महत्त्वपूर्ण अवधारणहरू मान्दछन् । जब कुनै शक्ति सम्बन्ध हुँदैन वा मूल्य र मान्यताका बीचमा कुनै सम्पर्क हुँदैन, हामीले भन्ने अन्तर्क्रिया वा सङ्कथन अवस्थित वा अस्तित्व हुने छैन । त्यसैले स्रोता वा पाठकहरू जसको फरक फरक अवस्था र विचारधारा हुन्छ एउटै सङ्कथनमा पनि भिन्न भिन्न कार्य हुन्छन् (वोडाक, र मेर सन् २००१) । फलस्वरूप शक्ति र विचारधारा आलोचनात्मक सङ्कथन विश्लेषणमा अनिवार्य विचारका रूपमा ग्रहण गरिएको छ ।

सन् २००० मा वोडाकले भान डाइकसँग मिलेर छ युरोपेली देशहरूमा बसाइसराइ समस्यालाई लिएर संसदीय सङ्कथनको अध्ययन गरे । उनीहरूको अध्ययनको निष्कर्षले केही मुद्दाहरू विशेष सन्दर्भमा निर्भर हुने कुरा दर्शाएको थियो । हालसालै उनले युरोपेली

सङ्घमा पहिचानको राजनीति र निर्णय लिने तरिकालाई बल पुग्ने अध्ययन गरेकी थिइन् ( वोडाक, सन् २०११)


भान डाइक सङ्कथनलाई सम्प्रेषणात्मक घटनाका रूपमा तथा विभिन्न अर्थ दिने एक प्रकारको घटनाको मान्दछन् । उनी खासगरी पाठ भाषाविज्ञान र संज्ञानात्मक भाषा विज्ञानमा जोड दिन्छन्, अनि सङ्कथन विश्लेषण सामाजिक संज्ञानात्मक पद्धतिमा आधारित भएर गर्नुपर्छ भन्ने कुरामा जोड दिन्छन् । संज्ञान शब्दावली बोध गर्न कठिन छैन कि यो पद्धतिले संज्ञानको अध्ययनलाई रचनात्मक रूपमा परिचित गराउँछ । संज्ञानात्मक घटना र सङ्कथन संरचना तथा सामाजिक संरचना बिचको अन्तरसम्बन्धको विस्तारद्वारा आलोचनात्मक सङ्कथन विश्लेषणद्वारा भाषाको विश्लेषणत्मक अध्ययन गर्न सकिन्छ । अर्को शब्दमा यो सङ्कथन, संज्ञान र समाजको त्रिकोणात्मक ढाँचामा भान डाइकको सामाजिक संज्ञान पद्धति संरचित भएको छ भन्न सकिन्छ । भान डाइकको अर्को महत्त्वपूर्ण कुरा आलोचनात्मक सङ्कथन विश्लेषणको मुख्य मुद्दा सङ्कथन र यसको सन्दर्भका बिचको अन्तरसम्बन्ध हो । सङ्कथन र सन्दर्भ बिचको सम्बन्ध एकप्रकारको दृढसङ्कल्प होइन र यी दुई तत्त्वका बिचको समायोजनको तह हो । भान डाइक विस्वास गर्छन कि यो सामाजिक प्रतिनिधित्व हो जसले ज्ञान, मनोवृत्ति, विचारधारा आदिलाई समावेश गर्छ र संज्ञानात्मक मानसिक मोडलद्वारा सङ्कथनमा मूर्त रूप लिएको हुन्छ । उनी क्रिटिकल डिस्कोर्स एनालाइसिस शब्द प्रयोग गर्नुको सट्टा उनले क्रिटिकल डिस्कोर्स स्टडिजको प्रयोग गर्न रुचाउँछन् । उनका अनुसार आलोचनात्मक सङ्कथन विश्लेषणस एक विधिमात्र नभएर यसले मनोविज्ञान, आलोचनात्मक भाषाविज्ञान, सामाजिक विज्ञान र मानविकीबाट विविध विधि र विचारहरू समावेश गरेको छ (भान डाइक, सन् २००९) । भान डाइकले संज्ञान, संज्ञान जस्तै, संज्ञानात्मक प्रक्रिया, विचारधारा आदिसँग सम्बन्धित केही कुन्जीहरूको

परिभाषा र परिचय आफ्नो पुस्तकमा दिएका छन् ( भान डाइक, सन् २००९) । यद्यपि एउटा महत्त्वपूर्ण बुँदामा अझ सजग हुनु पर्छ कि देखावटी सामाजिक संज्ञान पद्धति सामाजिक र संज्ञानात्मक अध्ययनहरूमा मात्र सीमित छैन । विशिष्ट हुनका लागि यसले सङ्कथन प्रयोगकर्ताको मानसिक प्रतिनिधित्व, सङ्कथनको उत्पादन प्रक्रिया र बोध प्रक्रिया यसै गरी समाजद्वारा बाँडिएको विचारधाराको पनि अन्वेषण वा खोजी गर्दछ । उदाहरणका लागि भान डाइकको अध्ययनमा जातीवाद र विचारधारा दुबै सामाजिक र मानसिक घटना उनकै विश्लेषणात्मक पद्धतिकै उपज हुन् ।

भान डाइक सामाजिक असमानता र शक्तिको दुरूपयोगको उत्पादनमा बढी सजग भएर जोडिएका छन् । यसका अतिरिक्त उनी सङ्कथन उत्पादनमा सन्दर्भको महत्त्व र सन्दर्भ मोडलको प्रस्तुतिद्वारा सङ्कथनको बोधको खोजी गर्न पनि उनको ठूलो योगदान छ। आलोचनात्मक सङ्कथन विश्लेषणको विकास गर्ने क्रममा भान डाइकले केही महत्त्वपूर्ण सामग्री तयार गरेका छन् : **न्युज एज डिस्कोर्स** (सन् १९८८), **रेसियम एन्ड द प्रेस** (सन् १९९१), **डिस्कोर्स, पावर एन्ड एसेस** (सन् १९९५), **पोलिटिकल डिस्कोर्स एन्ड आइडियोलोजी** (सन् २०००) आदि ।

**आलोचनात्मक सङ्कथनसँग सम्बन्धित कार्य** : वोडाक र मेर (सन् २००१) ले सम्पादन गरेको मेथड्स अफ क्रिटिकल डिस्कोर्स एनालाइसिस नामक पुस्तकमा आलोचनात्मक सङ्कथन विश्लेषणलाई सिद्धान्तका रूपमा चर्चा गरेका छन् । यसमा विभिन्न सिद्धान्तहरूका आधारमा विधिहरूको सन्दर्भका साथै सिद्धान्तहरूको व्यापकताको खोजी गरिन्छ जसमा सूक्ष्म समाजशास्त्रीय दृष्टिकोणदेखि मिसेल फुकोको समाज र शक्ति, सामाजिक संज्ञान र व्याकरणको सिद्धान्त यसैगरी सैद्धान्तिक परम्पराबाट विकसित भएका ठूला सिद्धान्तहरूका आधारमा व्यक्तिगत अवधारणाहरू पनि समावेश हुनेछन् (वोडाक र मेर

२००१) । यसका अतिरिक्त मुख्य रूपमा ज्ञानको क्षेत्रको वर्णन गर्न भिन्न रूपले विभिन्न चरणमा वर्णनात्मक विधिबाट पाठलाई विश्लेषण गर्न सकिन्छ । अनुभवजन्य सामाजिक अनुसन्धानमा प्रश्नहरूबाट तथ्यको खोजी र मूल्याङ्कन विधिका बिचबाट भिन्नता निर्धारण गर्न, तथ्याङ्क सङ्कलनका तरिकाहरू ( प्रयोगशाला अथवा क्षेत्रकार्य) र प्रक्रियाका बीचमा तथ्याङ्क सङ्कलनको विश्लेषणका लागि आलोचनात्मक सङ्कथन विश्लेषणको विकास गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि अनुसन्धानात्मक प्रक्रिया अन्तर्गत अवलोकन गरिन्छ जबकि मूल्याङ्कनका तरिकामा सूचनालाई तथ्याङ्कमा परिवर्तन गरेर अनुमान र व्याख्याका अवसरका तरिकामा सीमित गरिन्छ । आलोचनात्मक सङ्कथन विश्लेषण आफैं ग्राउन्डेड थ्योरीको परम्परालाई बढी पछ्याउँछ जहाँ तथ्याङ्क सङ्कलन एक चरण होइन जो विश्लेषण शुरु हुनुभन्दा पहिले नै समाप्त हुनु पर्छ तर यसमा तथ्याङ्क सङ्कलन र विश्लेषण प्रक्रिया सँगसँगै चलिरहन्छ ( वोडाक र मेर, सन् २००१) । यसलाई चित्रका आधारमा वर्णन गरेर प्रस्तुत गरेका छन् ।




(वोडाक र मेर २००१)

*चित्र १,* वोडाक र मेरको आलोचनात्मक सङ्कथन विश्लेषणको ढाँचा

आलोचनात्मक सङ्कथन विश्लेषणको दृष्टिकोण भित्र पाठकहरूले समाजशास्त्रीय र सामाजिक मनोवैज्ञानिक सिद्धान्तका सबै सैद्धान्तिक पक्षहरू प्राप्त गर्दछन् । वोडाक र मेर,

२००१ ले आलोचनात्मक सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार प्रस्तुत गर्दै आफ्ना दृष्टिकोण अगाडि सारेका छन् ।

सामान्य सामाजिक सिद्धान्त जसलाई व्यापक सिद्धान्तहरू (ग्रान्ड थ्योरी) भनिएको छ जसले सामाजिक संरचना र सामाजिक कार्यका बिच वैचारिक बदलाव ल्याउन कोशिस गर्दछ अनि सूक्ष्म र ठूला सामाजिक घटनाहरूलाई जोड्ने काम गर्दछ । यस स्तरभित्र व्यक्ति अधिक संरचनावादी र अधिक व्यक्तिवादी दृष्टिकोणका बिच फरक पत्ता लगाउन सक्छ । यसलाई सरल रूपमा पहिले वा अग्रभागमा उर्ध्वतल व्याख्या गर्दछ भने पछि तलदेखि माथि व्याख्या (कार्य/संरचना) गर्दछ । धेरै आधुनिक सिद्धान्तहरूले यो स्थिति र ज्ञानलाई समावेश गर्ने कोशिस गरेको छ र सामाजिक क्रिया र सामाजिक संरचना बिच कुनै प्रकारको पारस्परिकता सिर्जना गरेको छ ।

मध्यमस्तरका सिद्धान्तहरू कि विशिष्ट सामाजिक घटना (जस्तै सङ्घर्ष, संज्ञान, सामाजिक सञ्जालहरू) कि समाजका विशिष्ट उपव्यवस्था ( उदाहरणका लागि अर्थव्यवस्था, राजनीति, धर्म) मा केन्द्रित हुन्छन् । सूक्ष्म समाजशास्त्रीय सिद्धान्तहरू सामाजिक अन्तर्क्रियाहरूको वर्णन गर्न कोशिस गर्दछन् अथवा समाजका सदस्य आफ्नो सामाजिक व्यवस्था निर्माण गर्नका लागि दैनिक प्रक्रियाको पुनः निर्माण गर्दछन् जुन इथ्नोमेथोडोलोजीको उद्देश्य हुन्छ । सामाजिक मनोवैज्ञानिक सिद्धान्तहरू संज्ञान र संवेगको सामाजिक स्थितिमाथि ध्यान केन्द्रित गर्दछन् र सूक्ष्म समाजशास्त्रको तुलना गरेर, अर्थको बोध गर्नका लागि पाठको व्याख्या वा स्पष्टीकरणलाई प्राथमिकता दिन्छन् । सङ्कथन सिद्धान्त एक सामाजिक घटनाका रूपमा सङ्कथनको अवधारणा लक्षित छ र यसको उत्पत्ति र संरचनाको व्याख्या गर्न कोशिस गर्दछ । भाषिक सिद्धान्तहरू उदाहरणका लागि तार्किकताको, व्याकरणको, अलङ्कार (लाक्षणिकता वा व्यङ्ग्यात्मकता) को सिद्धान्तहरूका

आधारमा विशिष्ट भाषिक व्यवस्था र मौखिक सम्प्रेषणको ढाँचाहरूको वर्णन र व्याख्या गर्न कोशिस गर्दछ । यी सबै सैद्धान्तिक स्तरहरू आलोचनात्मक सङ्कथन विश्लेषणमा पाउन सकिन्छ । पहिले हेराइमा आलोचनात्मक सङ्कथन विश्लेषणलाई सैद्धान्तिक स्थितिमा भन्दा अनुसन्धान प्रशनहरूको विशिष्टता हेरिन्छ (वोडाक र मेर, सन् २००१) ।

वोडाक र मेरले बोलीको समस्टिगत धारणाका रूपमा सङ्कथनको धारणालाई जोडे, जुन कार्य र शक्तिको अभ्यासलाई निर्धारण र समाहित गर्दछ । यहाँ फुकोको सङ्कथनको परिभाषालाई नयाँ ढङ्गले परिभाषित गर्न प्रयास गरे जो मौखिक रूपमा जोडले समातिन्छ । यसकारण फुकोको डिस्पोजिटिभको अवधारणालाई दुबै सङ्कथनात्मक र असङ्कथनात्मक अभ्यास र भौतिकीकरण दुबैलाई ढाक्ने काम गरेका छन् ।

भान डाइक आलोचनात्मक सङ्कथन विश्लेषणको क्षेत्रमा सामाजिक मनौवैज्ञानिक क्षेत्रका अध्येता हुन् । उनी सिद्धान्तलाई शास्त्रीय सम्बन्धका आधारमा नहेरी सामाजिक यथार्थवादी घटनालाई व्यवस्थित गर्ने एक रूपरेखाका रूपमा हेर्दछन् । उनी सङ्कथन, संज्ञान र समाजका बिचको त्रिकोणात्मक सम्बन्धका रूपमा राख्दछन् । उनी एक संवादात्मक घटनाका रूपमा सङ्कथनलाई परिभाषित गर्दछन् जसमा संवादात्मक अन्तर्क्रिया, लिखित पाठ यसैगरी हाउभाउ, मुखाकृति, चित्रांकित ढाँचा, तस्वीर र अन्य यस्तै सङ्केतात्मक अथवा अर्थ वा अभिप्रायको बहुसञ्चारिक आयाम पर्दछन् । भान डाइक सामाजिक संज्ञानात्मक सिद्धान्तमा निर्भर गर्छन् र भाषा विज्ञानका व्यापक संरचनात्मक कार्यात्मक अर्थमा बोध गर्दछन् । उनी आलोचनात्मक सङ्कथन विश्लेषण सन्दर्भको एक ध्वनि सिद्धान्तमा आधारित हुनु पर्दछ । यस भित्र सामाजिक प्रतिनिधित्वको सिद्धान्तको मुख्य भूमिका हुने कुरा उनी बताउँछन् (वोडाक र मेर, सन् २००१) ।

सङ्कथनमा सामेल सामाजिक अभियन्ताहरू विशेष रूपमा आफ्ना व्यक्तिगत अनुभव र रणनीतिहरू उपयोग गर्दैनन् । मुख्य रूपमा अवधारणाहरूको सामूहिक ढाँचा जसलाई सामाजिक प्रतिनिधित्व भनी उनीहरू भरोसा गर्दछन् । यी सामाजिक रूपमा आदानप्रदान गरिएका धारणाहरू सामाजिक व्यवस्था र व्यक्तिगत संज्ञानात्मक व्यवस्था एकआपसमा जोडिएर सजातीयता र सहयोगात्मकता बाहिरी आवश्यकता र विषयगत अनुभवका बिच रूपान्तरित हुन्छन् भन्ने परिकल्पना नयाँ होइन । १९ औँ शताब्दिको आधातिर इमाइल दुर्खिमले सामूहिक विचारको महत्त्व दर्शाएका थिए । जसले सामाजिक चेतनाका लागि र समाज सुधारका लागि मदत गर्दछ । सर्ज मोस्कोविसीले धारणाहरूको सङ्ग्रहका रूपमा, विचारहरूका रूपमा, प्रवृत्ति, मूल्याङ्कन, भाव, र व्याख्याका रूपमा विचारको आदानप्रदान वा कम्युनिकेसनद्वारा सामाजिक प्रतिनिधित्वको धारणालाई रचना गरे । जसको परिणाम दैनिक जीवन र सम्प्रेषणद्वारा सबल भएका छन् । सामाजिक समूहका सदस्यहरूका बिचमा सामाजिक प्रतिनिधित्वको साझेदारी भएका छन् । त्यसैले सामाजिक समूहका सदस्यहरू नै आधारभूत रूपमा व्यक्तिगत सामाजिक पहिचान हुन् (वाग्नर, सन् १९९४) । सामाजिक प्रतिनिधित्वहरू विशिष्ट सामाजिक समुहहरूका लागि बाध्य छन् र समग्र रूपमा समाजलाई विस्तार गर्दैन । तिनीहरू गतिशिल संरचना हुन् र स्थायी परिवर्तनका अधीनमा छन् । साथै तिनीहरू एकआपसमा निर्भर र क्रमिकताको क्रममा सङ्गठित हुन्छन् ।

भान डाइकले यस परम्परालाई स्पष्ट रूपमा सामाजिक मनोवैज्ञानिक अनुसन्धानका लागि मात्र सन्दर्भित गरेनन् । उनले संज्ञानात्मक मनोविज्ञानमा वर्तमान सिद्धान्त अनुरूप एक विशिष्ट प्रकारको मानसिक स्वरूपमा जुन शृङ्खलाबद्ध रूपमा दीर्घकालीन स्मृतिका रूपमा सङ्ग्रहीत हुन्छन्, जुन मानिसहरूको व्यक्तिगत अनुभवका रूपमा भण्डार हुन्छ (भान

डाइक) भने । उनले सन्दर्भ मोडलहरू वा नमूनाहरूको धारणाको पनि परिचय गराए, जुन संम्प्रेषणात्मक अवस्थाको संरचनाको मानसिक प्रतिनिधित्वका रूपमा बुझिन्छन् र ती सङ्कथनात्मक सान्दर्भिकतामा सहभागिका लागि हुन् । ती सन्दर्भ नमूनाले सङ्कथनको प्रयोगार्थ (प्राग्माटिक) पक्षलाई नियन्त्रण गर्दछन् जबकि घटनापरक मोडलले आर्थी पक्षलाई नियन्त्रण गर्दछन् । भान डाइकले सङ्कथनको बोधका लागि सान्दर्भिक सामाजिक प्रतिनिधित्वका तीन रूपका नामकरण गरेका छन्, पहिलो ज्ञान (व्यक्तिगत, सामूहिक र सांस्कृतिक), दोस्रो प्रवृत्ति (समाजमनोवैज्ञानिक बुझाइ वा समझमा होइन), र तेस्रो मान्यता वा विचारधाराहरू । सङ्कथनहरूले समाज भित्रै स्थान ग्रहण गर्छन् र सामाजिक अवस्थाको, क्रियाकलापको, सामाजिक संरचना र त्यसका सहभागीहरूका अन्यक्रियामा बोध गर्न सकिन्छ । भान डाइक सामाजिक प्रतिनिधित्वका माध्यमबाट सामाजिक संरचनाको प्रभावको अवधारणा राख्दछन् ( वोडाक र मेर,सन् २००१) ।

रुथ वोडाक गनिएका आलोचनात्मक सङ्कथन विश्लेषणका विद्वान्हरूमध्ये सबभन्दा बढी भाषा वैज्ञानिक सिद्धान्तका आधारमा विश्लेषण गर्ने अध्येता मानिन्छन् । उनले मार्टिन रेइसिगलका साथ मिलेर सङ्कथन सिद्धान्तको स्थापना गर्न महत्त्वपूर्ण योगदान दिएकी छिन् । उनीहरूले सङ्कथनलाई ‘समकालीन र कालक्रमिक अन्तरसम्बन्धित भाषिक कार्यको एक जटिल बन्डल’ का रूपमा बोध गरे जो कार्यको सामाजिक क्षेत्रअन्तर्गत र सबै क्षेत्रअन्तर्गत साङ्केतिक रूपमा, मौखिक वा लिखित रूपमा जसलाई पाठका रूपमा चिनिन्छ (वोडाक र मेर २००१) । सङ्कथन ऐतिहासिक दृष्टिकोणमा कार्यको क्षेत्रहरू, शैलीहरू ( जेनर्स), सङ्कथन र पाठका बिच सम्बन्धको वर्णन र आकारीकृत गरिएको छ । यद्यपि सङ्कथन ऐतिहासिक दृष्टिकोणको महत्त्वपूर्ण सिद्धान्त सामान्य सामाजिक सिद्धान्तलाई ऋणी ठान्दछ । सामान्य सामाजिक सिद्धान्तले सङ्कथन ऐतिहासिक विश्लेषणका तुलनामा एक

नगन्य भूमिका निभाउँदछ, सन्दर्भलाई मुख्यत ऐतिहासिक रूपमा बोध गरिन्छ। फेयर्क्लफ मार्क्सवादी परम्परामा सामाजिक संघर्षमा ध्यान केन्द्रित गरी अभिव्यक्तिमा प्रकट भएका प्रभुत्व, भिन्नता र प्रतिरोधका विशेष तत्त्वहरू सङ्कथनमा पत्ता लगाउने कोसिस गर्दछन्। फेयर्क्लफका अनुसार प्रत्येक सामाजिक अभ्यासमा एक भाषिक तत्त्व (सङ्केत, मुखाकृति, हाउभाउ आदि) हुन्छ । जसमा उत्पादक क्रियाकलाप, उत्पादनका साधन, सामाजिक सम्बन्धहरू, सामाजिक पहिचानहरू, सांस्कृतिक मूल्यहरू, सचेतना, र सामाजिक सम्बन्धका द्वन्द्वात्मक तत्त्वहरू सम्बन्धित भएका हुन्छन् (वोडाक र मेर २००१, पृ २३) । उनले आलोचनात्मक सङ्कथन विश्लेषणलाई भाषिक सङ्केतहरू (भाषा र भाषेतर पक्ष) तथा सामाजिक अभ्यासका अन्य तत्त्वहरूका बिचको द्वन्दात्मक सम्बन्धको विश्लेषणका रूपमा बोध गरेका छन्। ती सामाजिक अभ्यास वा सम्पर्कको अर्थगत पक्ष शैली र ढाँचाको तरिकाका लागि जिम्मेवार हुन्छन् । सामाजिक क्रम वा शृङ्खलाको अर्थगत पक्षलाई सङ्कथनको क्रम वा शृङ्खला भनिन्छ । उनको आलोचनात्मक सङ्कथन विश्लेषण दृष्टिकोण एक संरचना केन्द्रित र एक कार्य केन्द्रितका बिच झुन्डिएको छ । दुबै रणनीतिहरूमा आधारित समस्या हुनुपर्दछ । जुनसुकै किसिमले आलोचनात्मक सङ्कथन विश्लेषण गरिए पनि यसका अनुकरणीय उद्देश्यहरूलाई पछ्याएर समस्याहरूमा केन्द्रित भएर सामाजिक जीवनलाई विशेष रूपमा गुमाएको रूपमा हेर्नु पर्छ (वोडाक र मेर सन् २००१, पृ २३) । फेयर्क्लफले ह्यालिडेको व्यवस्थापरक कार्यपरक भाषाविज्ञानमा आधारित एक विशेष भाषिक सिद्धान्तको खाका तयार पारे, जुन सामाजिक सेवाका लागि आएका सामाजिक कार्यद्वारा भाषाको संरचनाको रूपमा विश्लेषण गरिन्छ।

रोन स्कोलनलाई सङ्कथन विश्लेषणका क्षेत्रमा सूक्ष्म समाजशास्त्रीका रूपमा चिनिन्छ । उनी आफ्नो दृष्टिकोणलाई मध्यस्थ सङ्कथन विश्लेषण भन्दछन् । जुन

आलोचनात्मक सङ्कथन विश्लेषणका लक्ष्यसँग मिल्दाजुल्दा छन् वा आलोचनात्मक सङ्कथन विश्लेषणका लक्ष्यसँग सापटी लिइएका छन् तर उनका अनुसार सामाजिक समस्या वा मुद्दालाई सङ्कथनमा ध्यान केन्द्रित गर्दै अध्ययनका उद्देश्य निर्धारण गर्न सकिन्छ । यसका माध्यमबाट सामाजिक पात्र वा सहभागी इतिहासको निर्माण गर्दछन् र यो उनीहरूको दैनिक जीवनको आदत बन्दछ जुन समाजको जगबाट उत्पादन र पुनरुत्पादन हुन्छ (स्कोलन, सन् २०१४) । मध्यस्थ सङ्कथन विश्लेषणको लक्ष्य ती सङ्कथन र सामाजिक कार्यहरूका बीचमा सम्बन्ध स्थापित गर्नु हो जहा विश्लेषणको ध्यान सामाजिक कार्यमा हुन्छ । स्कोलन यस कुरामा जोड दिन्छन् कि सबै सामाजिक क्रियाहरूको मध्यस्थता साँस्कृतिक साधनद्वारा गरिन्छ जसमा यी मध्य युगीन साधनहरूमा यिनै सबभन्दा बढी सामर्थ्यपूर्ण र सर्वव्यापक छन् । मध्यस्थ र मध्यस्थताको साधनहरू ( साँस्कृतिक उपकरणहरू) को अवधारणाको उपयोग गरेर स्कोलनले केवल एकल कार्य बाहिरका अभ्यासहरूको निर्माणको व्याख्या नगरी आफ्ना सूक्ष्म र बृहत् योगको निर्माण पनि गरेर सावधानीपूर्वक सामाजिक संरचनाको धारणाबाट बचाउन सकिन्छ ।

आलोचनात्मक सङ्कथन विश्लेषणका बारेमा माथि छलफल गरिए अनुसार सही तरिकाले परिभाषित अनुभवजन्य विधिको संरचना तयार गर्दैन बरु एक समान सैद्धान्तिक आधार र समान अनुसन्धान प्रश्नका साथ दृष्टिकोणको एक क्लस्टर यहाँ स्पष्ट पारिएको छ। आलोचनात्मक सङ्कथन विश्लेषणमा तथ्याङ्क सङ्कलन गर्ने कुनै विशिष्ट तरिका छैन । कुनै पनि लेखकले यसको तथ्याङ्क सङ्कलन विधिको चर्चा गरेका छैनन् अनि अन्य समाजशास्त्रीय क्षेत्रदेखि बाहेकका परम्पराहरूमा भर परेका छन् । यसकारण आलोचनात्मक सङ्कथन विश्लेषणको तथ्याङ्क सङ्कलन विधि कतै एक किसिमको ग्राउन्डेड थ्योरीको समान लाग्दछ, जसमा तथ्याङ्क सङ्कलनलाई अनुसन्धान विधिको एक विशिष्ट कार्य

मानिदैन जुन विश्लेषण हुनुभन्दा पहिलै पूरा गरिसक्नुपर्दछ । ग्राउन्डेड थ्योरीमा तथ्याङ्क सङ्कलनलाई विशिष्ट मानिदैन जसमा विश्लेषण शुरु हुनुभन्दा पहिला नै विश्लेषण पूरा हुनु पर्छ । पहिले तथ्याङ्क सङ्कलन गरेपछि विश्लेषण यसमा हुँदैन । यसमा पहिला विश्लेषण सोभन्दा पछि सङ्कलन । विशेष अवधारणाका लागि सङ्केतक खोजी गर्नु, श्रेणीहरूमा अवधारणाको विस्तार गर्नु यसैको परिणाम हो । यी परिणामहरूका आधारमा अगाडिका तथ्याङ्कहरू सङ्कलन वा एकत्रित गर्नु ( सैद्धान्तिक नमुनाकरण) पर्दछ । यस किसिमको प्रक्रियामा तथ्याङ्क सङ्कलनको प्रक्रियालाई पूरै रूपमा भिन्न गरिदैन र नयाँ प्रश्न सधैँ उठ्छन् जुन त्यसबेला समाधान हुन्छन् जब नयाँ तथ्याङ्क सङ्कलन वा एकत्रित हुन्छन् वा पहिलेका तथ्याङ्कलाई पुन जाँच गरिन्छ (वोडाक र मेर, सन् २००१) ।

यसका पद्धतिगत चरणको विस्तृत चर्चा रोन स्कोलोनद्वारा प्रदान गरिएको हो । उनले तर्क गरेका छन् कि कमसेकम सहभागीको अवलोकन आलोचनात्मक विश्लेषणका लागि तथ्याङ्कलाई निकाल्नका लागि प्राथमिक अनुसन्धान उपकरण हो । यो तर्क एक मजबुत एथ्नोग्राफिक परम्परामा छ । जे होस् अवलोकनात्मक विधिले विश्लेषणमा महत्त्वपूर्ण भूमिका खेल्दछ यसको मतलब यो होइन कि स्कोलनले संरचनात्मक र असंरचित विधिहरूको अवशिष्ट विविधिता समावेश गर्दैनन् ( वोडाक र मेर, २००१) ।

आलोचनात्मक सङ्कथन विश्लेषण परम्पराभन्दा वर्णनात्मक (व्याख्यात्मक) पद्धतिलाई महत्त्व दिन्छ । परिणामस्वरूप तथ्याङ्क सङ्कलन र विश्लेषणका बिचमा कुनै स्पष्ट रेखा खिच्न सकिँदैन । आलोचनात्मक सङ्कथन विश्लेषण सबल रूपमा भाषिक श्रेणीमा निर्भर गर्दछ । यसको अर्थ यो होइन कि शीर्षक र विषयवस्तुले कुनै भूमिका खेल्दैनन् तर अभिनेता, मोड, समय, काल, तार्किकता, र यस्तै रूपमा मुख्य मूख्य सञ्चालकको भाषिक अवधारणामा निर्भर गर्दछ । जेसुकै भएपनि आलोचनात्मक सङ्कथन

विश्लेषणका लागि सान्दर्भिक भाषिक उपकरणहरूको निश्चित सूची दिन सकिदैन किनकि तिनीहरूको चयन मुख्यतया विशिष्ट अनुसन्धान प्रश्नहरूमा निर्भर गर्दछ ।

सेइग्फ्रिड जेइगरले पहिलो संरचनाको विश्लेषण विषयवस्तु केन्द्रित चरण र दोस्रो राम्रो विश्लेषण बढी भाषा केन्द्रित चरणका बिचमा भिन्नता प्रस्तुत गरे (वोडाक र मेर, सन् २००१) । संरचना विश्लेषणभित्र मिडियाका चरित्रचित्रण र सामान्य निष्कर्ष बनाइन्छ । राम्रो विश्लेषणभित्र उनले सन्दर्भमाथि, पाठसतही र लाक्षणिक अर्थमा केन्द्रित भए । व्यङ्ग्यत्मकता, शब्दभण्डार र तार्किकताका प्रकार भाषिक उपकरणहरूका उदाहरणहरू हुन् । उनले यी विशेषताका आधारमा गुणात्मक र मात्रात्मक दुबै दृष्टिकोणका सुविधाहरू अपनाउँछन् । जेइगरका अनुसार विश्लेषण गर्ने आधारहरूमा तार्किकताका ढाँचा र प्रकार, निश्चित तार्किकताका रणनीतिहरू, अन्तर्निहित तर्क र पाठको बोध, कुनै पनि किसिमबाट अन्तर्निहित र खराब निष्कर्ष, सामूहिक प्रतीकवाद वा व्यङ्ग्यात्मकता, प्रतीकवाद, रूपकवाद र भाषा र ग्राफिक सन्दर्भहरू (तथ्याङ्कहरू, फोटोहरू, नक्साहरू, अभिनयहरू र यस्तै अन्य), पदावलीहरू, कहानीहरू, थेगो, शब्दभण्डार, शैली, अभिनेता/सहभागीहरू, सन्दर्भहरू, उदाहरणका लागि विज्ञान, विशेष ज्ञानका श्रोत र यस्तै अन्य (वोडाक र मेर, सन् २००१) पर्दछन् ।

सामान्यतया भान डाइकले आलोचनात्मक सङ्कथन विश्लेषण शोधमा पाठ वा कुराकानीको ठूलो एकाइमा पूर्ण सङ्कथन विश्लेषण हुने तर्क अगाडि सारेका छन् यसैले यो पूर्ण रूपमा प्रश्नदेखि बाहिर छ । यदि शोध वा अनुसन्धानको ध्यान त्यस तरिकामा हुन्छ जसमा कुनै लेखक वा वक्ता आफ्ना सङ्कथनद्वारा या त शक्तिको प्रयोग गर्छन् तब अध्ययनको ध्यान सामाजिक शक्तिका कार्यका रूपमा भिन्न हुन सक्छ । भान डाइकले विश्लेषणका लागि भाषिक सङ्केतहरू बलाघात र आरोह अवरोह, शब्दक्रम, शाब्दिक शैली,

संसक्ति, स्थानीय बोलीको अर्थ (स्थानीय बोलीचाली) जस्तै अस्वीकरण, शीर्षक चयन, वाक्क्रिया, योजनाबद्ध सङ्गठन वा रेखाचित्रात्मक सङ्गठन, सन्दर्भपरक भनाइ वा भनाइका हाउभाऊ मुखाकृति आदिका आधारमा आउने अर्थ, वाक्यात्मक संरचना, प्रस्तावित संरचना, पालो प्रणाली, सुधार वा मर्मत, हिचकिचाहट (वोडाक र मेर, सन् २००१) हरू प्रस्ताब गरेका छन् । उनी माथि प्रस्तुत गरिएका अधिकांश कुराकानीका रूपका उदाहरण हुन् जो सिद्धान्तका रूपमा वक्ताका बोलीको नियन्त्रणका लागि अति संवेदनशील छन् भन्ने कुरा मान्दछन् । तर वक्ताद्वारा कम सचेत रूपमा नियन्त्रण वा नियन्त्रण योग्य हुन्छन् । अन्य संरचनाहरू जस्तै कि शब्दका ढाँचा वा रूपा र धेरै वाक्य संरचनाहरू व्याकरणिक रूपमा अनिवार्य र प्रासङ्गिक रूपमा अपरिवर्तनीय हुन्छन् र यसका लागि अधिकांश रूपमा वक्ता नियन्त्रण र सामाजिक शक्तिका अधीनमा हुदैन । उनी अघिल्ला विश्लेषणमा छ चरणका सुझाव दिन्छन् :

**सूक्ष्मसंरचनाको अर्थगत विश्लेषण** : शीर्षक र सूक्ष्मसंरचना

**स्थानीय अर्थको विश्लेषण**, जहाँ विविध ढाँचाका निहितार्थ अथवा अप्रत्यक्ष अर्थहरू हुन्छन्, जस्तै निहितार्थ, पूर्वअवधारणा, भ्रम, व्यापकता, लोप र विपरीतार्थ मुख्यहरूमा रुचिकर छन् ।

**रहस्यमय औपचारिक संरचनाको विश्लेषण** : यहाँ उल्लेख गरिएका अधिकांश भाषिक सूचकहरूको विश्लेषण गरिन्छ ।

**विश्वव्यापी र स्थानीय सङ्कथन ढाँचाहरू वा संरचनाहरूको विश्लेषण ।**

**विशिष्ट भाषिक समझको विश्लेषण,** उदाहरणका लागि अतिशयोक्तिपूर्ण, नकारात्मकतामा सकारात्मक अभिव्यक्ति

**सन्दर्भको विश्लेषण** (वोडाक र मेर, सन् २००१) ।

तिनीहरूको जातीय र विभेदयुक्त सङ्कथनको अध्ययनमा रुथ वोडाक र मार्टिन रेइसिगलले (रेइसिगल र वोडाक सन् २००१) ले विश्लेषणका चार चरणका रणनीतिहरू विकास गरे : पहिलो जातिवादी, पुरातन विरोधी, राष्ट्रियतावादी, वा जातीय समूहसँग सम्बन्धित विशिष्ट सङ्कथनका विशिष्ट शीर्षकहरू वा विषयवस्तु स्थापित गरिएका, दोस्रो सङ्कथनात्मक रणनीतिहरू (तार्किकता सहितको रणनीति ) खोज वा अनुसन्धान गरिएका थिए । तेस्रो भाषिक साधन (प्रकारका रूपमा) र अन्त्यमा विशिष्ट सन्दर्भ निर्भर भाषिक समझदारी वा बोधीकरणको भेदभाव जन्य परम्पराहरूको परीक्षण गरियो ।

यी अध्ययनहरूमा सङ्कथन ऐतिहासिक दृष्टिकोण निम्नलिखित सङ्कथनात्मक रणनीतिहरूमा केन्द्रित छन् :

**सन्दर्भात्मक रणनीति वा मनोनयनको रणनीति**, जहाँ भाषिक शृङ्गारका उपकरणहरू रूपकहरू र उपमा (नजिकको अर्थ दिने जस्तै प्रधानमन्त्रीको कार्यालयलाई सिँहदरबारले बुझाए जस्तै) तथा सङ्केतार्थ वा अशांर्थ हुन् ।

**अनुमानको रणनीतिहरू** जुन निश्चित धारणात्मकतामा, सकारात्मक वा नकारात्मक व्यवहारका लक्षणहरूमा तथा प्रत्यक्ष वा अप्रत्यक्ष धारणामा देखिन्छन् ।

**तार्किकताको रणनीतिहरू** जुन राजनीतिक समावेश र असमावेशको प्रमाणीकरण गर्नका लागि निश्चित शीर्षकमा केन्दित हुन्छन् ।

**दृष्टिकोणको रणनीति,** सङ्कथन प्रतिनिधित्व वा संरचनाकृत कथन वा घटनाहरूको उक्ति वा उद्धरण, वर्णन, रिपोर्टिङ ( प्रतिवेदन) का साधनको उपयोग हुन्छ ।

**तीब्रता र मन्दताको रणनीति**, कथनको सञ्चारात्मक प्रभाव समन वा मन्दता वा कमी अथवा तीब्रताका लागि कोशिस गर्दछ ।

यस अध्ययन पद्धतिको उद्देश्य कारणसहितको तार्किकता र प्रयोगार्थ हुनु हो, किनभने विश्लेषणका कोटिहरू वा श्रेणीहरू पहिलो पटक अनुसन्धान प्रश्नहरूका आधारमा तयार गरिएका हुन् अनि सिद्धान्त र प्रयोगात्मक वा अनुभवजन्य तथ्याङ्कका बिचमा अपरिवर्तनीय सञ्चालनको सम्बन्ध छ ।

सूक्ष्म सङ्कथन विश्लेषणको दृष्टिकोणमा रोन स्कोलनले मुख्यतया चार किसिमका तथ्याङ्कहरूमा केन्द्रित छन् : सदस्यहरूको सामान्यीकरण, तटस्थ (उद्देश्य) अवलोकन, व्यक्तिगत सदस्यको अनुभव, अवलोकनकर्ताको सदस्यहरूसँग अन्तक्रिया (सहभागी अवलोकन) ।

चयन गरिएका दृष्टिकोणहरू भित्र स्कोलनले सबैभन्दा विस्तृत र सामान्यीकृत विश्लेषणात्मक योजना प्रस्तुत गरे जुन उनको सैद्धान्तिक ढाँचामा जोडिएको छ । यसैले उनले सबभन्दा पहिले कार्यहरू, दोस्रो अभ्यासहरू, तेस्रो मध्यस्थ साधनहरू वा माध्यमहरू, चौथो अभ्यासको शृङ्खला, र अन्त्यमा अभ्यासको समुदायको विश्लेषण गरेका छन् :

***कार्य*** *:* कार्य भनेको के हो ? शृङ्खला अथवा मध्यस्थ कार्यका शृङ्खलाहरू कति सान्दर्भिक छन् ? प्रतिबद्धताको सोली वा चिम्नी के हो ? कुन वर्णनात्मक र पूर्वअनुमानित सङ्कथनहरू (सङ्कथन सङ्कथनकै बारेमा) वा प्रतिबिम्बित संरचना (प्राज्ञिक लेखन वा कथनको संरचनाबाट प्राप्त हुने सन्दर्भपरक सन्देश) प्रदान गर्दछ ?

***अभ्यास*** *:* स्वीकृतिको क्षेत्र जुन उत्पादनको लागि विच्छेद गर्नको लागि के अभ्यासहरू छन् ? यी अभ्यासहरूमा कस्तो रीतिस्थितिको ऐतिहासिकता छन् तिनीहरूको विकास प्रक्रिया के हो ? यी रचनात्मक अभ्यासहरूमा अरू कार्यहरू के छन् ?

***मध्यस्थता साधन :*** यस कार्यमा मध्यस्थताका के कस्ता साधन उपयोग हुन्छन् ? कुन विशिष्ट विश्लेषणको ढाँचा मध्यस्थताको विश्लेषणमा उपयोग हुन्छ ? अभ्यास/आनीबानी वा रीतिरिवाज भित्र कहिले कसरी ती मध्यस्थताका साधनहरूको उपयोग गरिएका थिए ? यस कार्यमा ती मध्यस्थताका साधन कसरी उपयोग गरिएका छन् ? ती मध्यस्थताका साधनहरूको अर्थगत विशेषता कुन रूपका छन्, कार्यका लागि ती सहज वा बाधा के छन् ? यी प्रश्नहरूको उत्तर स्कोलनले संवाद विश्लेषणका विधिमा सुझाएका छन् । उनले लाक्षणिक विश्लेषण र दृश्यात्मक एकशब्दे सङ्कथन विश्लेषणका विधि बताएका छन् ।

***अभ्यासको शृङ्खला (नेक्सस) :*** एउटा अभ्यासको शृङ्खलाबाट अभ्यासका बीच के सम्बन्ध हुन्छ ? अभ्यासको शृङ्खलालाई कसरी पहिचान गर्न सकिन्छ ? समूहका रूपमा, स्थिति वा अवस्थाका रूपमा र पक्ष (शैली) का रूपमा अभ्यासको शृङ्खलाका बिचमा उपयोगी भिन्नता कुन सीमासम्म हुन्छ ?

***अभ्यासको समुदाय :*** अभ्यासको शृङ्खला कुन सीमासम्म प्रविधियुक्त भई विस्तार भएको छ ? यसका पहिचान के हुन् ( दुबै वाह्य र आन्तरिक) ? जो अभ्यास सदस्यताको समूहद्वारा उत्पादित गरिएका हुन्छन् ?

स्कोलनले प्रस्ततु गरेका प्रत्येक विश्लेषणात्मक तहका विषयमा धेरै प्रश्न तयार गरे तर इथ्नोग्राफी परम्पराका साथ यहाँ जसको विश्लेषण गर्नु पर्ने थियो उनले विश्लेषणात्मक विधि वा भाषिक विस्तारकको प्रस्तुति गरेनन् ।

नर्मन फेयर्क्लफले विश्लेषणको तयारीमा एक चरणबद्ध प्रक्रियाको सुझाव दिएका छन् रुथ वोडाकले जस्तै । उनले एक प्रयोगार्थ, समस्या केन्द्रित दृष्टिकोणलाई प्राथमिकता

दिएका छन् जहाँ विश्लेषण गर्नका लागि सामाजिक समस्याको पहिचान र वर्णन गर्नु पहिलो चरण हो । उनको प्रक्रियाको प्रस्तावलाई यसप्रकार प्रस्तुत गरेका छन् :

> एक विशिष्ट सामाजिक समस्यामा केन्द्रित हुनु पर्छ जुन चाहि साङ्केतिक/भाषेतर पक्षको होस्, पाठदेखि बाहिर गएर समस्याको वर्णन र यसको भाषेतर पक्षका आधारमा पहिचान गर्नु पर्छ ।
>
> पक्षहरू, यसका सङ्कथन निर्माण गर्ने साङ्केतिक/भाषेतर पक्षको निर्माण गर्ने प्रभावशाली शैलीको पहिचान,
>
> यस पक्षभित्र विभिन्न श्रेणीका शैलीमा निहित भिन्नता र विविधता, प्रकार, सङ्कथनहरूमा ध्यान दिनु,
>
> प्रभावशाली शैलीहरू, प्रकारहरू र सङ्कथनहरूद्वारा निस्पादित औपनिवेशीकरण प्रक्रियाका विरुद्ध प्रतिरोधको पहिचान गर्नु (वोडाक र मेर २००१ ) ।

यो प्रारम्भिक चरणका पछाडि जुन सामग्री छनोट गर्न पनि सहयोग गर्दछ, उनी पहिले सबै संरचनात्मक विश्लेषणको सुझाब दिन्छन् र त्यसपछि अन्तर्क्रियात्मक विश्लेषण, जुन भाषिक विशेषतामा केन्द्रित छ, जस्तै एजेन्ट, समय, काल, मोडालिटी, वाक्यविन्यास वा गठन र अन्यमा अन्तरसङ्कथनात्मकताको विश्लेषण गर्नु पर्छ जो सङ्कथनको प्रभावशाली र टिकाउ किनाराको तुलना गर्न चाहन्छ ।

आलोचनात्मक सङ्कथन विश्लेषणका लागि अलग अलग दृष्टिकोणहरूमा लागु मुख्य प्रक्रियाहरूका एक संक्षिप्त रूपरेखा दिनु पूर्ववर्ती वर्गको लक्ष्य थियो । अन्त्यमा यो कुरा बताउनु पर्छ कि हालसम्म कुनै विशिष्ट खालको आलोचनात्मक सङ्कथन विश्लेषणको अध्ययन पद्धति विकास भएको छैन केही विशेषताहरू अधिकांश आलोचनात्मक सङ्कथन

विश्लेषण दृष्टिकोणहरूका लागि समान छन् । पहिलो तिनीहरू समस्या केन्द्रित छन् र विशिष्ट भाषिक वस्तुमा केन्द्रित छैनन् । फेरि पनि भाषिक विशेषज्ञा विशिष्ट वस्तुहरूको चयन गर्नका लागि अनिवार्य छ । दोस्रो सिद्धान्तका साथसाथै उदार अध्ययन विधि हो, दुबै एकीकृत रूपमा सामाजिक समस्या माथिको खोजका लागि बुझ्न सहयोगी छन् (वोडाक र मेर, सन् २००१) ।

आलोचनात्मक सङ्कथन विश्लेषणका अध्येताहरूका अनुसार आलोचनात्मक सङ्कथन विश्लेषणको विशिष्ट विशेषता भनेकै यसको विविधता हो । यस विविधता भित्र पनि केही सीमाहरू यसमा इङ्गित गरिएका छन् -

क) यसको सैद्धान्तिक पृष्ठभूमिमा चासो राख्दै आलोचनात्मक सङ्कथन विश्लेषणले धेरै अर्थमा सर्वोत्तम काम गर्छ । यसले महान् सिद्धान्तहरूदेखि लिएर भाषिक सिद्धान्तहरूसम्म छोएको छ यद्यपि हरेक व्यक्तिगत दृष्टिकोणहरू विभिन्न स्तरमा जोड दिएका छन् ।

ख) तथ्याङ्क सङ्कलनको कुनै स्वीकृत विधि छैन,

ग) कार्यप्रणाली वा खोजविन प्रक्रिया र विश्लेषण समस्या केन्द्रित छ र यसको भाषिक विशेषज्ञले उपयोग गर्दछन् ( वोडाक र मेर २००१) ।

अधीनस्थ, एकल (असमावेसी), क्रम निर्माण वा निर्धारण र सामाजिक शक्तिको प्रक्रिया, क्रम निर्माण वा निर्धारण, एकल वा असमावेशी र अधीनस्थमा सबभन्दा बढी समानता नै यी तत्त्वको साझा रुचि हो । आलोचनात्मक सिद्धान्तको परम्परामा आलोचनात्मक सङ्कथन विश्लेषणको उद्देश्य सामाजिक विषमताहरू र असमानताहरूका सङ्कथनात्मक पक्षलाई पारदर्शी बनाउनु हो । अधिकांश समस्याहरूमा आलोचनात्मक

सङ्कथन विश्लेषण असुविधासम्पन्न वा पिछडिएका वर्गा र समुदायहरूलाई भाषिक साधनको प्रयोगद्वारा सुविधा उपलब्ध गराएर सामाजिक असमानतामा समर्थवान बनाउनु हो ।

यसै गरी रुथ वोडाक र माइकल मेरले सम्पादन गरेको मेथड्स अफ क्रिटिकल डिस्कोर्स एनालाइसिस नामक पुस्तकमा सामाजिक वैज्ञानिक अनुसन्धान एक विधिका रूपमा आलोचनात्मक सङ्कथन विश्लेषण भनी नर्मन फेयर्क्लफले प्रस्तुत गरेको विधिलाई सविस्तार चर्चा गरिएको छ । यसमा उनले नयाँ पुँजीवादमा भाषा भिन्न भिन्न रूपमा कसरी अभिव्यक्त हुन्छ भन्ने बारेमा अध्ययन गरेका छन् । सोही आधारमा भाषाको अध्ययन विधिका बारेमा प्रकाश पारेका छन् । उनले सामाजिक अभ्यासको गतिका रूपमा सङ्कथनलाई अर्थ्याउँदै आलोचनात्मक सङ्कथन विश्लेषणको सैद्धान्तिक अवस्थाको विवेचना गरेका छन् ( वोडाक र मेर, सन् २००१) । फेयर्क्लफका अनुसार भाषा भौतिक सामाजिक प्रक्रियाको एक अभिन्न अङ्ग हो । यसमा भौतिक सामाजिक प्रक्रियाको एक अखण्डनीय दृष्टिकोणको सङ्केतका रूपमा आधारित छ । सङ्केतको अर्थभित्र दृश्यात्मक तस्वीर, हाउभाउ र भाषाका सबै रूप समावेश हुन्छन् । हामी सामाजिक जीवनका (अभ्यासका) विविध प्रकारहरू (आर्थिक, राजनीतिक, सांस्कृतिक, र यस्तै अन्य सञ्जाल) लाई जोड्दछौँ । हरेक सामाजिक अभ्यास वा सङ्केत (भाषा र भाषेतर तत्त्व दुबैमा) एक अर्थतत्व वा सङ्केतक निहित हुन्छ (वोडाक र मेर, सन् २००१, पृ १२३) । सामाजिक अभ्यासका आधारमा भाषाको अध्ययन केन्द्रित गर्नका लागि यसको संरचना र कार्यलाई संयोजित गर्नु पर्दछ । सामाजिक अभ्यास सामाजिक अभिनयको एक स्थायी उपाय हो जुन अभ्यासको संरचित सञ्जालभित्र अवस्थित हुन्छ र सामाजिक कार्य र अन्तर्क्रियाको एक डोमेन जो दुबै संरचनाहरूलाई परिवर्तन गर्ने क्षमता राख्दछ । यसको अर्थ सामाजिक अभ्यासभित्र समग्र

भाषिक क्रियाकलापहरू संरचित रहेका हुन्छन् । यसर्थ सम्पूर्ण भाषिक अभ्यासहरू अभ्यास वा क्रियाकलापका उत्पादन हुन् । आर्थिक, राजनीतिक, सांस्कृतिक या दैनिक जीवनका गतिविधिमा जोडिने सामाजिक जीवनबाट उत्पन्न हुने भाषिक क्रियाकलाप समग्रमा साामाजिक अभ्यास हुन् । हरेक सामाजिक अभ्यासमा उत्पादक क्रियाकलाप, उत्पादनका साधन, सामाजिक सम्बन्धहरू, सामाजिक पहिचान वा रीतिरिवाजहरू, सांस्कृतिक मूल्यहरू, चेतना तथा भाषिक सङ्केत (भाषिक र भाषेतर पक्ष) जस्ता तत्त्वहरू समावेश हुन्छन् ( वोडाक र मेर, सन् २००१) ।

यी माथि उल्लेख गरिएका तत्त्वहरू द्वन्द्वात्मक रूपमा सम्बन्धित छन् । यसो भन्न सकिन्छ कि यी भिन्न भिन्न तत्त्व हुन् तर एकदमै अलग, पूरा स्वतन्त्र तत्त्व होइनन् । यी भिन्न भए पनि हरेकसँग केही न केही अन्तरनिर्भरता हुन्छ । उदाहरणका लागि सामाजिक सम्बन्धहरू, सामाजिक पहिचानहरू, सामाजिक मूल्यहरू र चेतना भाषिक र भाषेतर सङ्केत (सेमिओटिक) का पक्ष हुन् । तर यसको मतलब यो होइन कि सामाजिक सम्बन्धको उदाहरणका लागि त्यही किसिमको अनुसन्धान गरिन्छ जसरी भाषाको शोध गरिन्छ तर तिनीहरूका बिचमा केही भिन्न अनुशासन वा विधि हुन्छ । यसको तात्पर्य यी सामाजिक सम्बन्धका तत्त्वहरू पनि आलोचनात्मक सङ्कथन विश्लेषणको अनुसन्धानका विषयवस्तुका रूपमा प्रस्तुत हुन सक्छन् ( वोडाक र मेर, सन् २००१)।

आलोचनात्मक सङ्कथन विश्लेषणले भाषाको सन्दर्भगत अर्थ र सामाजिक अभ्यासका अन्य तत्त्वहरूका बिचमा द्वन्द्वात्मक सम्बन्धको विश्लेषण गर्दछ । यसले विशेष गरी समकालीन सामाजिक जीवनमा आमूल परिवर्तनका लागि पारेको प्रभावको बारेमा चासो राख्दछ, यो परिवर्तनको प्रक्रियामा सन्दर्भगत अर्थ कसरी प्रकट हुन्छ र सामाजिक अभ्यासको सञ्जाल भित्र साङ्केतिक वा सन्दर्भपरक अर्थ विभाजन कसरी हुन्छ र

सन्दर्भपरक अर्थ र अन्य सामाजिक तत्त्वका बिचको सम्बन्धमा कस्तो परिवर्तन आउँछ । सहायताका लागि सामाजिक अभ्यासमा साङ्केतिक अर्थ खुट्याउन सकिदैन । विश्लेषणका माध्यमबाट यसलाई स्थापित गर्नु पर्दछ । साङ्केतिक अर्थ एक अभ्यास वा अन्य अभ्यासका समूहका तुलनामा कम वा बेसी महत्त्वपूर्ण हुन सक्छ र समयका साथ साथ महत्त्वपूर्ण रूपमा परिवर्तन हुन सक्छ ।

सन्दर्भपरक अर्थ प्रकट गर्ने सङ्केतमा तीन तरिकामा सामाजिक अभ्यासहरू छन् । पहिलो यो एक अभ्यासभित्र सामाजिक गतिविधिको एक भागका रूपमा छ । उदाहरणका लीग नोकरीको एक हिस्सा (जस्तै पसलको सहायक वा बिक्री सहयोगी ) जसले एक विशेष प्रकारको भाषाको प्रयोग गर्दछ, यसैले यस प्रकारको समाज विशेषको भाषा हो । दोस्रो सेमिओसिसको सङ्केत प्रतिनिधित्वमा छ । कुनै पनि सामाजिक अभ्यास भित्र सामाजिक अभियन्ता वा सहभागी अन्य अभ्यासहरू गर्दा आफूभित्रका गतिविधिहरूलाई पनि प्रतिनिधित्व गरिरहेको हुन्छ । अर्थात् सामार्जिक अभ्यासका क्रममा सहभागी भाषामा आफूलाई पनि समाहित गरिरहेको हुन्छ । सहभागीले अन्न्य सहभागीहरूका अभ्यासहरूलाई पनि ग्रहण गर्दछ । सहभागी साामाजिक अभ्यासका क्रममा आफ्ना गतिविधिमा अन्यलाई पनि सामेल गराउँछ । प्रतिनिधित्व अभ्यासको सामाजिक संरचनाको प्रक्रिया हो जसमा प्रतिबिम्बात्मक स्वनिर्माण समावेश भएको हुन्छ । प्रतिनिधित्व सामाजिक प्रक्रिया र अभ्यासमा प्रवेश र आकार दिने काम गर्दछ । तेस्रो सामाजिक अभ्यास भित्र विशेष स्थितिको प्रदर्शनमा सन्दर्भपरक अर्थ प्रकट गर्ने सङ्केत । एक अभ्यासको स्थितिमा काम गर्ने मानिसकहरूको पहिचान केवल अभ्यासद्वारा निर्दिष्ट गरिन्छ । त्यस्ता मानिस जो सामाजिक वर्ग, लिङ्ग, राष्ट्रियता, जातीय वा सांस्कृतिक सदस्यता र जीवनका अनुभवमा एक विशेष स्थितिको भिन्न भाषिक प्रदर्शनमा फरक हुन्छन् र तिनले भिन्न किसिमको भाषा उत्पादन गर्दछन् ।

सामाजिक क्रियाकलाप वा गतिविधिको भाग वा पक्षका रूपमा सन्दर्भपरक अर्थको निर्माण हुन्छ। सामाजिक जीवनको क्रममा भाषिक कार्य वा भाषिक अभिनयका शैलीहरू वा प्रकारहरू विविध तरिका हुन्छन्। उदाहरणका लागि दैनिक कुराकानी, विविध किसिमका सङ्घसंस्थाका बैठकमा, राजनीतिक र अन्य विविध किसिमका अन्तर्वार्ता र पुस्तक समीक्षाहरू । सङ्केतक वा प्रतिनिधित्व र सामाजिक अभ्यासमा स्वप्रतिनिधित्वले सङ्कथनहरको निर्माण गर्दछन् । सङ्कथनहरूले सामाजिक जीवनको विविध प्रतिनिधित्व गर्दछन् जुन स्वाभाविक रूपमा अवस्थित रहेको, भिन्न किसिमले अवस्थित रहेको हुन्छ र भाषाको वक्ता वा सामाजिक कलाकार/सहभागी सोही अनुसार देखिएको हुन्छ र अन्य विविध किसिमले सामाजिक जीवनको प्रतिनिधित्व गरिरहेको हुन्छ। उदाहरणका लागि गरिव र पिछडिएका वा सुविधा नपाएका जनताहरूको प्रतिनिधित्व सरकार, राजनीति, चिकित्सा र सामाजिक विज्ञानका विषयवस्तु सामाजिक अभ्यासमा विविध सङ्कथनका माध्यमबाट प्रस्तुत हुन्छन्, यी हरेक अभ्यासहरूमा भिन्नभिन्न अवस्थाका सामाजिक वक्ताहरू (कलाकार) सहभागी हुन्छन् । सङ्केतक ( वक्ताको बोलीको स्वरूप) बाट वक्ताको अवस्थितिको निर्माण देखिन्छ । उदाहरणका लागि डाक्टर, शिक्षक वा सरकारी मन्त्रीका अभ्यासमा उनीहरूको पदका कार्यस्वरूपका आधारमा समान किसिमका शैलीहरू हुँदैनन्, प्रत्येक स्थितिको पहिचानका आधारमा विविध शैलीमा प्रस्तुति भिन्न भिन्न हुने गर्दछन् । वक्ताको अवस्था, काम वा सामाजिक अभ्यासको भिन्नताका आधारमा शैली पनि भिन्न भिन्न हुन्छन्। तसर्थ शैली सङ्केतकको पहिचान र प्रस्तुतिको तरिकाका आधारमा निर्धारित हुन्छन्।

एउटा सामाजिक व्यवस्था सामाजिक अभ्यासको विशेष तरिकाबाट गठन भई सञ्चालन गरिएको हुन्छ, उदाहरणका लागि हालसालै आएका नवपुँजीवादको वर्तमान

नवउदारवादी विश्वव्यापी आदेश, वा एक अधिक स्थानीय तह, कुनै विशेष समयमा एक विशेष समाजमा शिक्षाको सामाजिक क्रम । सामाजिक व्यवस्थाको साङ्केतिक क्रमलाई हामी सङ्कथनको क्रमका भन्न सक्छौँ । यसले विविध पक्ष र सङ्कथनलाई सँगसँगै जोडेर राख्दछ। सङ्कथनको क्रम सेमोटिक भिन्नताको सामाजिक संरचना हो - जुन विभिन्न सङ्कथन र शैलीमा प्रकट हुन्छ र एक विशेष सामाजिक क्रमका आधारमा विभिन्न तरिकाले अर्थ निर्माण गर्दछ । यहाँ विशेष सामाजिक क्रम भन्नाले दमन हो । यस क्रमको एक पक्ष दमन हो : अर्थ निर्माण गर्ने केही तरिका सङ्कथनको कुनै विशेष क्रममा प्रभावकारी या बृहत् हुन्, अरू सीमान्तीकृत वा विरोधी, वा वैकल्पिक हुन् । उदाहरणका लागि ब्रिटेनमा डाक्टरले रोगीसँग गर्ने परामर्शको प्रभावकारी तरिका हुन सक्छ तर त्यहाँ अन्य विविध तरिका हुन सक्छन् जुन प्रमुख तरिकाका विरोधमा अधिक वा कम हदसम्म अपनाउन वा विकसित गर्न सकिन्छ । प्रभावकारी तरिका अहिले पनि डाक्टर र रोगीका बिच सामाजिक दुरी बनाइरहन्छ र डाक्टरको अन्तर्क्रिया गर्ने अधिकारीलाई अतिक्रमण गरिन्छ, तर त्यहाँ अन्य प्रजान्तात्रिक उपायहरू पनि छन् जहाँ डाक्टर आफ्ना अधिकारहरू निर्वाह गर्दछन् । आधिपत्य वा प्रभुत्वको राजनीतिक अवधारणा सङ्कथनको क्रमको विश्लेषण गर्न उपयोगी हुन सक्छ ( फेयर्क्लफ, सन् १९९२), । एक विशेष सामाजिक संरचना जो अन्तरविरोधी र अन्तरप्रभुत्व बन्दछ, सामान्य ज्ञानलाई वैध बनाउने हिस्सा बन्छ । जसले बर्चस्व वा प्रभुत्वका सम्बन्ध बनाइरहन्छ तर प्रभुत्वशाली सङ्घर्षका लागि सधैँ कम वा बेसी सीमासम्म सङ्घर्ष गरिरन्छ । सङ्कथनको क्रम बन्द वा कठोर प्रणाली होइन, यो त एक खुला प्रणाली हो जुन वास्तविक कुराकानीमा हुने जोखिमसँग जोडिन्छ ।

आलोचनात्मक सङ्कथन विश्लेषण संरचनामाथि ध्यान केन्द्रित गर्ने र कार्य (भाषिक) प्रति ध्यान केन्द्रित गर्ने दुई कुराका बीचमा झुण्डिएको छ, सन्दर्भगत विविधताका

आधारमा सामाजिक संरचनाको परिवर्तन र उन्नत सन्दर्भगत कार्यमा ध्यान दिने कुराका बिच (सङ्कथनको क्रम) जुन विशेष पाठ र अन्तर्क्रियामा आधारित हुन्छ ।

दुबै दृष्टिकोणमा केन्द्रिय चासो प्रकार, सङ्कथन, र शैलीका बीचको उच्चारणगत बदलाबमा हुन्छ, तिनीहरूका बिच सामाजिक संरचनाको सम्बन्धमा बदलाब जुन सङ्कथनको क्रममा सापेक्ष स्थीरता र प्रस्तुतिमा पुग्छ अनि पाठ र अन्तर्क्रियाहरूमा तिनीहरूका बिचको निरन्तरको सम्बन्ध हुन्छ । अन्तरसङ्कथनात्मकता भन्ने शब्दावली अन्तरपाठात्मकताको एक भाग हो , एउटा प्रश्न उठ्छ कि कुन पक्ष, सङ्कथन र शैलीमा आधारित छ र यी सम्पूर्ण पक्षले विशेष उच्चारणमा कसरी काम गर्दछन् ?

आलोचनात्मक सङ्कथन विश्लेषण गर्दा योजनाका रूपमा एक विश्लेषणात्मक ढाँचा तय गरिन्छ । यसमा निम्नलिखित चरण अपनाइन्छ :

१. सामाजिक समस्या माथि सेमिओटिक दृष्टिले ध्यान केन्द्रित गर्नु,

२. विश्लेषणका माध्यमबाट यससँग जुध्ने अवरोधहरू पहिचान गर्नु,

   क) अभ्यासहरूको सञ्जाल यसभित्र अवस्थित छ ,

   ख) विशेष अभ्यासहरू भित्र अन्य तत्त्वहरूसँग ( अर्थ स्पष्ट पार्न आउने भाषिक र भाषेतर पक्षको सम्बन्ध छ ।

   ग) सङ्कथन

   अ) संरचनाको विश्लेषण : सङ्कथनको क्रम

   आ) अन्तर्क्रियात्मक विश्लेषण,

   इ) अन्तरसङ्कथनात्मक विश्लेषण,

   ई) भाषिक र लाक्षणिक अर्थ  विश्लेषण

३. सामाजिक क्रम (अभ्यासहरूको सञ्जाल) को एक अर्थमा 'आवश्यकता' समस्या ।

४. बितेका अवरोधहरू पार गर्ने सम्भावित तरिकाहरू पहिचान गर्नु

५. विश्लेषणमा आलोचनात्मकताको प्रतिविम्बन (१-४)

यस ढाँचाको पहिलो चरणले आलोचनात्मक सङ्कथन विश्लेषण  मा यो दृष्टिकोण समस्यामा आधारित छ भन्ने देखाउँछ। यो आलोचनात्मक सामाजिक विज्ञानको एक रूप हो जसलाई सामाजिक विज्ञानले सामाजिक जीवनमा विशेष किसिमले सामना गरिरहेका समस्याहरूमा प्रकाश पार्दछ । यसले मानिसहरूले समस्याहरूको सामाना गर्न र त्यसमाथि विजय हासिल गर्ने उपाय पत्ता लगाउन पनि सहयोग गर्दछ। वास्तवमा यसले कसको लागि भनेर प्रश्न गर्दछ ?

सामान्यतया आलोचनात्मक सामाजिक विज्ञान जस्तै आलोचनात्मक सङ्कथन विश्लेषणका स्वतन्त्र उदेश्यहरू हुन्छन् र हामी त्यस्ता समस्याहरूको सामना केन्द्रित हुन्छौँ जुन हामी सामाजिक जीवनको खास किसिमका 'गुमाउनेहरू' भनी उल्लेख गर्न सक्छौँ- गरिब, सामाजिक रूपमा उपेक्षित, उत्पीडित जाति वा लिङ्ग र यस्तै । यसले सामाजिक समस्याहरूको स्पष्ट पहिचान र विवादास्पद सूची प्रदान गर्दैन बरु समस्या के हो र कसरी परिवर्तन गर्न सकिन्छ र समाजमा स्वाभाविक रूपमा प्रतिस्पर्धी र विवादास्पद विषय के हुन् ? भन्ने कुराको खोजी गर्दछ । आलोचनात्मक सङ्कथन विश्लेषण अपरिहार्य रूपमा सामाजिक द्विविधात्मक र बहसमा सामाजिक जीवनका निश्चित विशेषता वा सुविधाहरूलाई समस्याका रूपमा ध्यान केन्द्रित गरी अध्ययन गर्नका लागि उपयोग गरिन्छ।

आलोचनाको दोस्रो चरण समस्याको अप्रत्यक्ष रूपमा निदान गर्ने उपायको बारेमा चर्चा गर्दछ। आउने समस्याको कसरी सामना गरिन्छ भनेर यसले प्रश्न गर्दछ। यो त्यस

तरिकाका बारेमा के हो जसमा सामाजिक जीवन संरचित र सङ्गठित हुन्छ, जसले सजिलो गरी समाधान गर्न समस्यालाई प्रतिरोधक बनाउँछ ।

यसमा आलोचनात्मक सङ्कथन विश्लेषण भित्रको संरचनाकेन्दी र कार्यकेन्द्री पक्षका बारेमा माथि चर्चा गरिएको छ । संरचनाकेन्द्री अध्ययनमा सङ्कथनको क्रम र विशेष अन्तर्क्रिया कसरी अगाडि बढ्छ भन्ने कुरामा केन्द्रित हुन्छ । यहाँ सामाजिक संरचनासँग सङ्कथनका सेमिओटिक भिन्नताका कारणले समस्याको सामना गर्न अवरोध भएका छन् । उदाहरणका लागि पछि पारिएकाहरूको सङ्कथनले शिक्षा जस्ता सार्वजनिक सेवाका पक्षहरूलाई उपनिवेश वा सीमान्तीकृत रूपमा प्रस्तुत गरेका छन् । तिनीहरू अन्तर्क्रियाको प्रवाहमय तरिका वा प्रभावशाली तरिका, अन्तर्क्रियामा प्रयोग गर्ने भाषाको तरिकाको एक भाग वा पक्ष मात्र हुन् । यसको अर्थ हामीले अन्तर्क्रियाहरूको विश्लेषण गर्नु पर्दछ ।

अन्तर्क्रियात्मक विश्लेषणका दुई पक्ष छन् । पहिलो अन्तरसङ्कथनात्मक विश्लेषण, कसरी विशेष प्रकारको अन्तक्रियाले विभिन्न विधा, सङ्कथन र शैलीहरू सँगसँगै अभिव्यक्त वा स्पष्ट पार्दछ ? यहाँ धारणा यो छ कि एक अन्तर्क्रिया (वा पाठ) सामान्यतया विधा, सङ्कथन र शैलीहरूको सन्दर्भमा वर्णशङ्कर हो । विश्लेषणको भागमा विशेष किसिमको अन्तर्क्रियाको विशेष मिश्रित विशेषताहरूका कमीकमजोरी पहिल्याएर विवेचना गरिन्छ । दोस्रो पक्ष भाषिक र अन्य ढाँचाका भाषेतर रूपहरूको विश्लेषण ( उदाहरणका लागि दृश्य तस्वीरहरूको विश्लेषण) गरिन्छ । यहाँ भाषिक विश्लेषणका बारेमा थोरै चर्चा गरिने छ ।

भाषा विज्ञानमा विशेषज्ञता नभएका मानिसहरूलाई पर्ने एउटा समस्या यो हो कि अन्तर्क्रियाको भाषामा भएका विभिन्न पक्षहरू जुन आलोचनात्मक विश्लेषणले सान्दर्भिक हुन सक्छन् । त्यहाँ भाषिक सुविधाहरूको चेकलिस्टहरू छन् जुन आलोचनात्मक विश्लेषणमा भाग लिनका लागि विशेष योग्य हुन्छन् । आलोचनात्मक सङ्कथन विश्लेषणले एक विशिष्ट

भाषिक सिद्धान्त, व्यवस्थापरक कार्यपरक भाषाविज्ञान, ह्यालिडे, २००४), लाई आकर्षित गर्दछ जुन कार्यपरक हुने सकारात्मक गुण हो । यसले कुनै भाषाको आकार ( यहाँसम्म कि यसको व्याकरणमा) लाई सामाजिक कार्यका अनुसार हेर्दछ र त्यसको विश्लेषण गर्दछ । यसले सामाजिक विश्लेषणका कोटिहरू भाषिक विश्लेषणका कोटिहरूसँग कसरी जोड्न सक्छन् भनेर हेर्नका लागि तुलनात्मक रूपमा सजिलो बनाउँछ ।

विश्लेषणको तेस्रो चरण, सामाजिक व्यवस्थामा समस्याको आवश्यकता छ कि छैन भनेर अप्रत्यक्ष रूपमा जोड्ने काम गर्दछ । सामाजिक व्यवस्थाले स्वाभाविक रूपमा ठूला समस्याका शृङ्खला उत्पन्न गर्न सक्दछ, जसलाई आफू कायम रहिरहन आवश्यकता छ यसले आमूल सामाजिक परिवर्तनका लागि योगदान गर्दछ । विचारधारा वा मान्यताको प्रश्न यहाँ पनि उठ्दछ : सङ्कथन वैचारिक हो जहाँसम्म यो शक्ति र वर्चस्व वा प्रभावका बिचमा विशेष सम्बन्ध बनाइरहन योगदान दिन्छ ।

विश्लेषणको चौथो चरण नकारात्मकबाट सकारात्मक आलोचनामा फर्किन्छ - परिवर्तनका लागि चिजहरू भित्र छन्, हालसम्म महसुस नगरिएका वा पूर्ण रूपमा महसुस नगरिएिका पहिचानहरू । यो सामाजिक व्यवस्थामा वर्चस्व वा प्रभुत्वभित्र विरोधाभास वा अन्तर देखाउने कुरा हो । उदाहरणका लागि विरोधाभासमा प्रभावशाली प्रकारका अन्तर्क्रिया अथवा फरक र टिकाउ देखाउने कुरा हुन्छ ।

अन्त्यमा पाँचौ चरण त्यो चरण हो जसमा विश्लेषण आफसे आफ फर्किन्छ उदाहरणका लागि यो भनौ कि यो आलोचकका लागि कति प्रभावकारी छ, कि यसले सामाजिक मुक्तिका लागि योगदान गर्छ वा गर्न सक्छ, कि यसले शैक्षिक वा प्राज्ञिक अभ्यासमा आफ्नो स्थितिका माध्यमबाट सम्झौता गर्दैन जुन आजभोलि बजार र राज्यसँग एकदम नजिकको सञ्जाल मा छन् ।

**आलोचनात्मक सङ्कथन विश्लेषणका मुख्य अध्ययनीय पक्ष :** माथि चर्चा गरिएका पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणाका आधारमा भाषाको आलोचनात्मक सङ्कथन विश्लेषणका विविध पक्षबाट अध्ययन गर्न सकिने भए पनि मुख्य रूपमा निम्नलिखित अध्ययनीय पक्षमा आधारित भएर यो अध्ययन गरिएको छ ।

***शक्ति :*** शक्तिलाई विभिन्न अर्थमा अर्थ्याइएको छ । मानिसको दैनिक जीवनमा शक्तिको विभिन्न अर्थमा उपयोग गरिन्छ । सामान्य बोलीचालीमा शक्तिको उपयोग विशेष किसिमको हुन्छ भने प्रयोजनपरक बोलीचालीमा भिन्न किसिमले शक्तिको उपयोग हुने गर्दछ । राजनीतिक भाषामा शक्तिको उपयोग विशेष महत्त्व राख्दछ । भाषामा शक्तिको उपयोग व्यापक अर्थमा गरिँदै आएको छ । सामान्यत : शक्ति त्यस्तो सामर्थ्य वा सामर्थ्यको समूह हो, जसको उपयोग गरेर एक व्यक्ति अर्को व्यक्तिलाई आफ्नो हितमा उपयोग गर्दछ ।

शक्तिको धारणा सर्वव्यापी छ । मानव जीवनका हरेक क्षेत्रमा यो विद्यमान रहेको हुन्छ । शक्ति राजनीति, धर्म, सैन्य आदि क्षेत्रमा कार्य गर्दछ । प्राचीन कालमा पनि शक्तिलाई शारीरिक शक्तिका रूपमा ग्रहण गरी जो शारीरिक रूपमा शक्तिवान् छ, उसैलाई नेतृत्व प्रदान गरिन्थ्यो । समयको क्रमसँगै शारीरिक आवश्यकताभन्दा पर मानिसका सोचाइ र आवश्यकता को विकास र विस्तार हुँदै गयो । समाजमा शारीरिक शक्ति भन्दा मानिसमा प्रेम सद्भावको विकास भयो । शारीरिक शक्तिभन्दा प्रेमले मानिस सुरक्षित अनुभव गर्न थाल्यो । मास्लो (सन् १९०८-१९७०) को आवश्यकताको सिद्धान्तअनुसार मानिसले आफ्ना निम्नस्तरका आवश्यकता परिपूर्ति भएपछि उच्चस्तरका आवश्यकता परिपूर्ति गर्नतर्फ प्रेरित हुन्छ । यस्ता आवश्यकता परिपूर्ति गर्ने क्रममा आआफ्ना सङ्गठनसँग मनोवैज्ञानिक र व्यवहारिक मुद्दा स्थापित गर्न शक्ति नै अगाडि आउँछ ।

आलोचनात्मक सङ्कथन विश्लेषणमा शक्ति भाषाका माध्यमबाट अरूलाई नियन्त्रण गर्न र अरूद्वारा नियन्त्रित हुन प्रयोग हुन्छ । आलोचनात्मक सङ्कथन विश्लेषणमा भाषा र शक्तिका बिचको सम्बन्धको खोजी गरिन्छ । भाषिक शक्तिका कारणले विषमता र विभेद सिर्जना हुन्छ । यही भाषामा भएको शक्तिका कारणले विचारधाराको प्रतिनिधित्व हुन्छ । भाषामा यसरी प्रकट हुने शक्तिलाई प्रतिकात्मक रूपमा बुझिन्छ । भाषामा इच्छित शक्ति भौतिक शक्ति होइन, जुन बल वा भयमा आधारित हुन्छ । यो मानिसलाई प्रभावित र परिवर्तित बनाउन संवाद गरिन्छ ।

यस खण्डमा दुई कार्य छन् । पहिलो कार्ल मार्क्स ( सन् १८१८-१८८३) का अनुसार सामाजिक विज्ञानमा भएको शक्तिका विभिन्न विचारमा आधारित, त्यसपछि अल्फ्रेड एडलर (सन् १८७०-१९३७) मनोवैज्ञानिक सिद्धान्त र फ्रेडरिक नित्से ( सन् १८४४-१९००) को दर्शनका आधारमा शक्तिको विवेचना गरिन्छ । यी विभिन्न सन्दर्भमा आएका दर्शन तथा सिद्धान्तमा आएका शक्तिका आआफ्नो सन्दर्भअनुसारका परिभाषाहरू छन् । जबकि भाषामा हुने शक्तिका बारेमा समकालीन सिद्धान्तकारका सिद्धान्तमा आधारित भएर अध्ययन गरिन्छ । समकालीन सिद्धान्तकै आधारमा आलोचनात्मक सङ्कथन विश्लेषण एक सिद्धान्तका रूपमा विकसित भएको छ ।

शक्ति सम्बन्धी अवधारणाको विकास पहिलो विश्वयुद्धभन्दा अघि सोह्रौं शताब्दि भन्दा पहिले नै म्याकियाभेली (सन् १४६९-१५२७) को समयदेखि नै आएको हो । यसपछि सत्रौं शताब्दिमा थोमस हब्स (सन् १५८८-१६७९) ले यसलाई राजनीतिशास्त्रमा थप चर्चा गरे । म्याकियाभेलीले राज्यको संरचना तथा विकेन्दीकृत शासन प्रणालीमा शक्तिको प्रयोगका बारेमा आफ्ना धारणा अगाडि सारे भने हब्सले राज्यको सम्प्रभुता र आफ्नो उदारवादी सोचका आधारमा कल्याणकारी राज्यको अवधारणामा शक्तिलाई परिभाषित गर्ने

प्रयत्न गरे । यी दुबै प्रयासमा खासगरी राज्य सञ्चालन तथा राज्य शक्तिको बारेमा चर्चा गरियो । हब्सले मानिसको सहमतिका आधारमा शासन सञ्चालन हुनु पर्ने र सबै पुरुषहरूका प्राकृतिक समानताका आधारमा शासनमा पहुँचको राजनीतिक शक्तिको प्रतिनिधित्वको चर्चा गरे र सत्ता शक्तिशाली वर्गले सञ्चालन गर्ने र शक्तिहीन वर्ग शक्तिशालीको अधीनमा रहनु पर्ने विचार प्रकट भयो । यस नियमका आधारमा सम्प्रभुसम्पन्न राज्य नागरिक, सेना, न्यायालय र धार्मिक शक्तिलाई नियन्त्रणमा राख्दछ ।

दोस्रो विश्वयुद्ध पछि चार्ल्स राइट मिल्स (१९५६) ले आफ्नो अनुसन्धानका माध्यमबाट सत्ताका सभ्रान्त वर्गलाई निर्देशित गरे । उनले सत्ता वा शक्ति र नियन्त्रण ती मानिसहरूमा सीमित हुनुपर्दछ जोसँग राजनीतिक, सेना र आर्थिक शक्ति केन्द्रित हुन्छ भन्ने विचार प्रस्तुत गरे । यस्तो शक्तिको अभ्यास गर्ने समूहलाई मिल्सले अभिजात वर्ग भनी नामकरण गरे । यो अभिजात वर्गको नियन्त्रणमा राज्यका सबै क्षेत्रका सदस्यहरू - (शिक्षाविद्, राजनेता, सञ्चार, सेना र सेवाकर्मी तथा उच्चपदस्थ व्यक्तिहरू) सामेल हुन्छन् ।

मिसेल फुको (सन् १९७९) ले शक्ति सबै क्षेत्रमा व्यापक हुन्छ भन्ने अवधारणा प्रस्तुत गरे । उनका अनुसार शक्ति सवै क्षेत्रमा व्याप्त हुन्छ र शिक्षा, भाषा, कला, चिकित्सा, विज्ञान सवै क्षेत्रको आलोचनाका लागि यो उपयोगी हुन्छ भन्ने हो । उनले मार्क्सवाद र मार्क्सवादी समाजशास्त्रका मान्यता अनुसार सत्ता शासक वर्गमा केन्द्रित र आर्थिक जडमा रहेको हुन्छ र वर्ग सङ्घर्षका आधारमा सत्ता कब्जा हुन्छ तथा आर्थिक रूपमा विपन्न वर्ग वा शोषित पीडित वर्गले सङ्घर्षका माध्यमबाट सत्ता प्राप्त गर्दछन् र विश्वात्मा भनेकै आर्थिक शक्ति हो ( गौतम, २०७५, पृ २६) भन्ने मान्यताका विरुद्धमा फुकोले आफ्ना धारणा अगाडि सारे । उनका अनुसार शक्ति समूह र व्यक्ति दुबैमा हुन्छ र यो शक्ति केवल आर्थिक कुरामा मात्र नजोडिई समाजका हरेक पक्षमा केन्द्रित भएको हुन्छ भन्ने हो । सामाजिक विचारधाराले शक्तिको निर्माण गर्दछ भन्ने विचार फुकोको रहेको छ । फुकोका

अनुसार शक्ति ज्ञानमा आधारित हुन्छ। पुरातन चिन्तन अनुसार शक्तिलाई बुझ्नु हुँदैन । शक्ति मानिसको आन्तरिक क्षमतामा निर्भर हुन्छ।

ज्ञान तथा सत्य शक्तिका विविध रूप हुन् । शक्ति उर्जा हो । यसैले ज्ञान र बुद्धि त्यही शक्तिका आधारमा पैदा हुने भएकोले भौतिक हो । शक्ति अन्तर्निहित क्षमता हो । यसबाट नै व्यक्ति, समाज, संस्था र राज्यहरू सञ्चालित हुन्छन् । शक्ति एकआपसका अन्तर्क्रियाका आधारमा प्रकट हुन्छ । शक्तिका साथमा प्रतिरोध पनि सँगसँगै हिड्दछ (टेलर, २०१२) ।

भाषाको उपयोग कहीँ पनि तटस्थ हुँदैन (फेयर्क्लफ, १९८९) । यो कुनै न कुनै रूपमा पक्षपातपूर्ण हुन्छ । कुनै पनि सङ्कथन शक्ति र शक्तिको प्रयोगबाट मुक्त हुँदैन । शक्ति भाषाबाट प्राप्त हुँदैन । शक्तिलाई चुनौति दिन भाषाको उपयोग गरिन्छ । भाषा आफैमा शक्तिशाली हुँदैन बरु शक्तिशाली व्यक्तिहरूले उपयोग गर्दा यसले शक्ति प्राप्त गर्दछ ।

ग्राम्सीले हैकमका रूपमा शक्तिलाई अर्थ गरेका छन् । उनी शक्तिका रूपमा हैकम वा हेगेमोनी भन्दछन् । एउटा वर्गले अर्को वर्गमा हैकम जमाउनुलाई उनले हेगेमोनी भनेका छन् । उनका अनुसार हैकम भनेको राजनीतिक, बौद्धिक र नैतिक नेतृत्व हो जो प्रभुत्वशाली वर्गले लिएको हुन्छ र आफ्नो र अन्य समुदायको स्वार्थ अनुकूलित गर्छ । यसमा दमन नभई सहमति वा सम्मति निर्माण गरिन्छ । अनेक तरहले प्रभुत्वशाली वर्गले अन्य समुदायलाई आफ्ना मान्यता स्वीकार गर्न बाध्य बनाउछन् (ग्राम्सी, २०११) ।

शक्ति वा बल जबरजस्ती अन्य व्यक्ति वा समूह विरुद्धमा गरिने कार्य होइन, यो त अचेतन सामाजिक दवाव र विचारधारामा लुकेर बसेको विशेषताको उत्पादन हो (एन्डरसन १९८८) । थम्सन (१९९०) का अनुसार विचारधाराको अवधारणा अठारौँ शताब्दिको अन्त्यमा

फ्रान्समा प्रकट भएको हो र यो दुई शताब्दिसम्म कायम रह्यो । उक्त समयमा यसले विविध कार्य र रूपमा प्रकट भयो । फेयक्र्लफ (१९८९) का अनुसार विचारधारा सधैँ दुई भिन्न भिन्न सन्दर्भमा परिभाषित हुन्छ , पहिलो द्वितीय विश्वयुद्ध पछि संयुक्त राज्य अमेरिका र ब्रिटेनसँग सम्बन्धित छ, जसमा कुनै पनि सामाजिक नीति पूर्ण वा आंशिक रूपमा सामाजिक सिद्धान्तबाट व्युत्पत्ति हुन्छ वा सचेत तरिकाका आधारमा मानिसको सामाजिक अन्तर्क्रियाका माध्यमबाट विचारधाराको जन्म हुन्छ । दोस्रो मार्क्सवादी परम्पराका आधारमा विचारधारको जन्म हुन्छ । विचारधारा यस्तो विचार हो जो सत्ता सङ्घर्षका क्रममा भौतिक हितका लागि एक निश्चित समूहद्वारा उत्पन्न हुन्छ (फेयक्र्लफ , १९८९, पृ ९४) ।

***भाषिक भिन्नता*** *:* यहाँ भाषिक भिन्नता भन्नाले वक्ताले स्रोताका लागि उपयोग गर्ने भाषिक सम्बोधनसूचक शब्दको प्रयोग तथा अभिव्यक्तिगत शैलीमा हुने भिन्नतालाई जनाउँछ । यही भाषिक भिन्नताबाट नै समाजमा अन्याय सिर्जना हुने गर्दछ । मानव विकासको क्रमसँग समाजमा शक्तिशाली व्यक्ति वा समूहले कम शक्ति भएका वा शक्तिहीनलाई आफ्नो नियन्त्रणमा राख्ने परम्पराको विकास भयो । यही परम्पराबाट समाज विकास हुँदै आयो । समाजमा आर्थिक पक्षसँग मानिसका स्वार्थ जोडिन थालेपछि कसले धेरै अर्थ उपार्जन गर्ने भन्ने होड तथा भौतिक सुख सुविधा हासिल गर्ने नाममा विभेद सिर्जना भयो । मानिस गरिब र धनीमा वर्गीकृत हुन थाले । फलस्वरूप वर्गसङ्र्षको अवधारणा विकास भयो । अर्थतन्त्रमा, उत्पादनका स्रोतमा कब्जा जमाउनेले उत्पादनका स्रोतमा आश्रित वर्ग विभेदमा पर्न थाल्यो । उत्पादनका श्रोतमा कब्जा जमाउनेकै विचारधारा गरिब वर्गले मान्नु पर्ने भयो र शासनको जिम्मा पनि शक्तिशाली वर्गले नै लिन थाल्यो । समाजका जुनसुकै क्षेत्रमा अभिव्यक्तिगत भिन्नता वा विभेद सिर्जना भयो । यी सबको कारण आर्थिक शक्ति थियो (गौतम, २०७५ पृ. २६) । यही विभेदका कारणले वर्गसङ्घर्ष भएर सर्वहारा

वर्गको शासन सत्ता स्थापना हुन पुगे । यसर्थ यहाँ पनि वर्गीय रूपमा विपन्न वा गरिव वर्गको बलको शक्तिका कारणले हेपाइको प्रतिरोध भयो । यसैले मार्क्सवादी दर्शनका आधारमा समाजमा हेपाइ हुन्छ र त्यो हेपाइ अन्तत वर्गसङ्घर्षमा रूपान्तरित हुन्छ भन्ने दृष्टिकोण स्थापित भयो ।

मार्क्सवादले विभेदको मूल कारणका रूपमा आर्थिक पक्षलाई अगाडि सारेको थियो । अर्थतत्वमा, उत्पादनका स्रोतमा जसको कब्जा छ, उही शासन गर्छ, उसकै आइडोलजी अरूमा थोपरिन्छ ( गौतम २०७५, पृ. ३६) भनेर अर्थतत्वलाई जग र समाजका अन्य पक्ष जस्तै कला साहित्य, विचारधारा आदिलाई अधिरचना मानियो । समयको अन्तरालसँगै मार्क्सवादी मान्यतामा प्रश्न उठ्न थाले । विभेदको मूल कारण आर्थिक पक्ष मात्र होइन । समाजका अन्य पक्षले पनि समाजमा विभेद सिर्जना गर्दछ भन्ने नवीन दृष्टिकोण अगाडि सारे । मार्क्सवादी अवधारणामा विश्वास नगरी नयाँ ढङगका सोचाइहरू अगाडि आए । एन्टोनियो ग्राम्सी (१८९१) मार्क्सवादी मान्यतालाई परिवर्तित रूपमा प्रस्तुत गर्न सफल भए । उनले विभेद वा हेपाइको मूलकारण आर्थिक पक्ष मात्र होइन । हेपाइ हैकम/प्रभुत्व वा शक्तिबाट सिर्जित हुन्छ । मार्क्सवादले आर्थिक पक्षको मारमा परेको वर्ग आफ्नो वर्गको मुक्ति वा हेपाइबाट मुक्तिका लागि हतियार नै उठाउँछ वा विद्रोह गर्दछ भन्दछ भने ग्राम्सी राजनीतिक, बौद्धिक र नैतिक रूपमा प्रभुत्वशाली वा शक्तिशाली वर्गले कम शक्ति भएका वर्गलाई आफ्नो अनुकूल सहमतिमा हिडाउँछ तर त्यहाँ भौतिक दमन हुँदैन ( गौतम २०७५, पृ. ४३) । ग्राम्सीले परम्परागत मार्क्सवादी चिन्तनमा नयाँ दृष्टिकोण अगाडि सारे जसमा शक्तिकै कारण विभेद सिर्जना हुन्छ र यस्तो विभेदको कारक आर्थिक पक्ष मात्र नभएर हैकम वा प्रभुत्व/ शक्ति नै हो भन्ने अवधारणा प्रस्तुत गरे (ग्राम्सी २०११) । यही हेपाइ भाषामा पनि प्रकट हुन्छ । प्रभुत्वशाली वा शक्तिशाली समुदायले कम शक्तिशाली

समुदायमा आफ्नो वर्चस्व स्थापित गर्दा हेपाइ सिर्जना हुन्छ जुन भाषिक रूपमा अभिव्यक्त हुन्छ ।

***विचार र विचारधारा :*** सङ्कथनात्मक घटना आफैँ विचारको वैकल्पिक अवस्थिति हो । सङ्कथनात्मक घटनामा विचार एउटा प्रक्रियाका रूपमा प्रतिनिधित्व गर्दछ । विचारहरू सङ्कथनात्मक घटनाहरूमा अवस्थित हुन्छन् । यस्ता घटनाहरूलाई दर्शाउने संरचनामा नै विचार जोडिएका हुन्छन् । सबै किसिमका मौखिक अभिव्यक्ति वा संवाद तथा लिखित भाषामा पनि विचारधारा प्रकट भएका हुन्छन् । किताबका लेखका संरचना र विषयवस्तुमा विचारात्मक संरचना अवस्थित हुन्छ । विचारलाई लेखबाट अलग्याएर पढ्न सम्भव हुँदैन । यसलाई विवेचना वा व्याख्याका माध्यमबाट उजागर गर्न सकिन्छ । लेखहरू विविध व्याख्याका लागि खुल्ला हुन्छन् साथै विचारात्मक प्रक्रियाहरू पूर्ण सामाजिक घटनाका रूपमा रहेका सङ्कथनहरूसँग सम्बन्धित हुन्छन् । विचारहरू मानिसहरूका बिचका प्रक्रिया हुन् जुन लेखहरूसँग जोडिएर उत्पादित, वितरित र विवेचित हुन्छन् । लेख विश्लेषणबाट मात्र विचारधारात्मक प्रक्रिया पत्ता लाग्दछ ।

'विचारधारा' सम्बन्धी धारणा सर्वप्रथम अठारौँ शताब्दिको अन्त्यतिर फ्रान्समा शुरु भएको हो र यो विगत दुई सय वर्षदेखि नै निरन्तर रूपमा प्रयोगमा आइरहेको छ । यस शब्दको अर्थ  र कार्यहरू भने समय सँगसँगै परिवर्तन भएको पाइन्छ । विचारधारा सामाजिक स्वरूप र प्रक्रियाहरू हुन् जसका कारणले सामाजिक विश्वमा साङ्केतिक स्वरूपहरू सम्प्रेषित हुन्छन् ।  आलोचनात्मक संकथन विश्लेषणका सन्दर्भमा 'विचारधारा' लाई हेर्ने हो भने यो असमान शक्ति सम्बन्धको स्थापना र कायम गर्नका लागि प्रयोग हुने एक महत्त्वपूर्ण पक्ष हो । आलोचनात्मक भाषा विज्ञानले भाषाले कसरी विभिन्न सामाजिक संस्थाहरूमा विचारधारा लाद्नका लागि मध्यस्थकर्ताको भूमिका खेल्छ भनेर अध्ययन गर्छ थोम्सन, १९९१) ।

मानिस विविध परिवेशमा समाहित भएको हुन्छ । यही परिवेश अनुसार उसले आफ्ना व्यवहारहरू सञ्चालन गर्दछ । मानिसमा परिवेशको दबाब रहन्छ । यही परिवेशले मानिसमा विचार निर्माण गर्दछ (गौतम २०७५, पृ. २५) । मार्क्सवादी विचारमा अर्थतत्वमा, उत्पादनका श्रोतमा जसको कब्जा छ उसैले शासन गर्दछ, उसकै आइडोलोजी अरूमा थोपरिन्छ (गौतम २०७५, पृ. २५) । यस दृष्टिकोणका आधाारमा आर्थिक विकासको आधारमा चेतनाको विकास हुन्छ । आइडोलोजी वा विचारधारा भनेको विचार, भावना र विश्वासहरूको समष्टी हो । यो विचार भावना र विश्वास आर्थिक विकासमा निर्भर हुन्छ । यसैले विचारधारा वा आइडियोलोलीलाई अधिरचना मानिएको हो (गौतम २०७५, पृ.३२) । यस विचार अनुसार अर्थतत्व जग हो भने कला, साहित्य, भाषा, विचारधारा अधिरचना हुन् । यसैको जगमा विचारधारा निर्माण हुन्छ ।

अन्टोनियो ग्राम्सी ( १८९१-१९३७) ले मार्क्सवादी आइडोलजीलाई भिन्न रूपमा प्रस्तुत गर्दै यसलाई हैकम वा प्रभुत्व भने । उनले आइडोलोजीका कारणले मान्छेले आफूलाई बुझ्दछ, आफ्नो कार्यको दिशा पहिल्याउँदछ । हैकम भनेको राजनैतिक, बौद्धिक र नैतिक नेतृत्व हो जो प्रभुत्वशाली वर्गले लिएको हुन्छ र आफ्नो र अन्य समुदायको स्वार्थ अनुकूल उपयोग गर्दछ । हैकम दमनबाट नभई सहमतिबाट सिर्जना गरिन्छ । ग्राम्सीले विचारधारालाई हैकम वा हेगेमोनी भनेर शासक वर्गले सहमतिबाट आफ्ना एजेन्डाहरूलाई अनुमोदन गर्छ र शक्तिशाली बन्दछ जसलाई उनले जनप्रिय सम्मति वा पपुलर कन्सेन्सस भने (गौतम २०७५, पृ. ४३) । यो हैकम बुर्जुवा वर्गको हैकम हो । यसमा शोषितले म शोषणमा परिरहेको कुरा पत्तै पाउँदैन । अर्थात् शासक वा बुर्जुवा वर्गको विचारात्मक हैकम शक्तिशाली भएर स्थापित हुन्छ । समाजमा धेरै किसिमका विचारहरू हुन्छन् र ती विचारहरू एक अर्कामा संघर्षरत हुन्छन् (मर्फिन र रे, १९९८) । मार्क्सवादी विचारमा आर्थिक पक्षले

विचारहरूको निर्माण गर्दछ भने ग्राम्सीका मान्यतामा आर्थिक पक्ष मात्र विचार निर्माणको कारक होइन । मार्क्सवादी विचारलाई अल्थुजरले पुनर्पठन र पुर्नलेखन गरे (गौतम, २०७५ पृ. १७६) । मार्क्सवादी मान्यतालाई परिवर्तन गर्दै उनले विचार निर्माणको जग वा आधार आर्थिक कुरा मात्र होइन र विचारधारा जो अधिरचनाका रूपमा रहेको हुन्छ त्यो निष्क्रिय छाया मात्र हुदैन । उनका अनुसार मान्छेले विचार निर्माण गर्दैन विचारले मान्छे बनाउँछ । मानिस जन्मेपछि ऊ आइडोलोजीभित्र पस्छ र यसैभित्र आफूलाई म को हुँ भन्ने बुझ्दछ । सामाजिक मान्यता वा समाजमा प्रचलित विचारहरू अनुरूप मानिसले आफूलाई समाहित गर्दै जान्छ । पुँजीवादी समाजमा राज्यका दुई किसिमका संयन्त्र विद्यमान हुन्छन्, दमनात्मक र विचारधारात्मक । दमनात्मक अन्तर्गत सेना, प्रहरी, जेल, न्यायालय आदि तथा विचारधारात्मक अन्तर्गत विद्यालय, मठ मन्दिर, मिडिया, कानुन, परिवार, श्रमसङ्गठन, संस्कृति आदि पर्दछन् । यी दुई किसिमका संयन्त्रका माध्यमबाट राज्यले वर्गीय समाज निर्माण गर्दछ (गौतम २०७५, पृ. १७६) । पुँजीवादी समाजमा शिक्षाले नै व्यक्तिका विश्वास, आस्था र विचारको रचना गर्छ र विचारधारालाई आकारीकृत गर्छ । हरेक मानिसको पहिचान वा कर्तृत्व समाजमा उसको सामाजिक हैसियत वा अवस्थिति (बुद्धिजीवी, व्यापारी, राजनीतिकर्मी) ले उसलाई विचारधाराले उपलब्ध गराउँछ । मानिसलाई वास्तविक मानिस विचारधाराले बनाउँछ भन्ने धारणा अल्थुजरको रहेको छ (अल्थुजर, २००१, पृ. १५८) । विचारधारा काल्पनिक, अवचैतनिक तत्त्व हो । त्यो बिम्ब एवम् मिथकहरूमा प्रकटीकरण हुन्छ । अल्थुजरका दृष्टिमा विचारधारा डिस्कोर्सहरूमा प्रकट हुन्छ । विचारधारा यथार्थमा प्रकटीकरण हुन्छ भन्ने मान्यता उनको रहेको छ (गौतम २०७५, पृ. १७७) । विचारधारा धार्मिक, नैतिक, कानुनी, राजनैतिक आदि विविध फाँटबाट प्रकट हुन्छ । यी सबैलाई वर्ल्ड आउटलुक्स वा विश्वदृष्टि भनिएको छ । यी विचारधाराहरू यथार्थजस्तो लागे पनि

वास्तविक रूपमा यथार्थ नभई भ्रमको सिर्जना गर्न सक्षम हुन्छन् तथापि तिनले यथार्थको सूचना भने सम्प्रेषण गर्दछन् (थमसन, १९९०) । मार्क्सवादी विचारमा बलिया विचारलाई शासक वर्गका वा प्रभुत्वशाली वर्गका विचारका रूपमा अर्थ गरियो तर अल्थुजरले वर्ग समाजको निषेधात्मक उत्पादन विचारधारा हो भन्ने कुरा अस्वीकार गर्दै हरेक समाजमा विचारधारा आवश्यक हुन्छ भन्ने कुरा बताए । उनका अनुसार आइडोलोजी वा विचारधारा सबै समाजको आङ्गिक अंश हो समाजको अस्तित्वका लागि यसको आवश्यकता हुन्छ । विचारधारा अभ्यासमा प्रकट हुन्छ -अल्थुजर, २००१) ।

विचारधाराहरू निश्चित किसिमका विचार अथवा विश्वास हुन् (ब्लोर एन्ड ब्लोर २०१३, पृ. १०) । विश्वास र विश्वास प्रणालीहरूका पक्षहरूको लेखाजोखा गर्न संज्ञानात्मक पक्षको आवश्यकता पर्दछ र यही आधारमा विचारधाराको निर्माण हुन्छ । यस्ता विश्वास प्रणालीहरू सामाजिक अभियन्ताबाट साटासाट गरिएका र सामाजिक अन्तर्क्रियाका माध्यमबाट विकसित हुन्छन् । यसर्थ विचारधाराहरू समग्र मानसिक प्रणालीहरू हुन् जसले सामाजिक रूपमा साझा मनोवृत्तिहरूलाई प्रतिनिधित्व गर्दछ । समाजका सदस्यहरूद्वारा प्रकट गरिएका साझा विश्वास र विचारहरू नै समग्रमा विचारधारा हुन् (ब्लोर एन्ड ब्लोर २०१३, पृ. १०)

***पक्षधरता वा स्वार्थ :*** पक्षधरता वा स्वार्थ भन्नाले आफ्नो मतलब वा उद्देश्यपूर्तिका निम्ति गरिने काम, आफ्नो मतलब वा आफ्नो भलाइ, निजी लाभलाई बुझिन्छ । यो व्यक्तिवादी दर्शनमा आधारित छ । व्यक्तिवाद एक नैतिक, राजनीतिक र सामाजिक दृष्टिकोण हो जसले व्यक्तिको स्वतन्त्रता र व्यक्तिगत स्वतन्त्रतालाई समर्थन गर्दछ । सामान्यतया स्वार्थलाई समर्थन गर्ने प्रवृत्ति नै व्यक्तिवाद हो (किङ्डम १९९२) । स्वार्थ मानिसको व्यक्तिगत विशेषता हो । यसले स्वयम् व्यक्ति र समाजमा समस्या सिर्जना गर्दछ । स्वार्थले समाज कमजोर बन्दै जान्छ ।

भाषाका माध्यमबाट आफ्नो लाभका लागि गरिने भाषिक कार्यलाई नै भाषिक पक्षधरता वा स्वार्थ भन्न सकिन्छ । भाषा सामाजिक वस्तु हो । मानिसले समाजमा भाषाको उपयोग आफ्नो उद्देश्यपूर्तिका लागि आफ्नो स्वार्थ अनुकूल उपयोग गर्दछ । सोही अनुरूपको अर्थमा उपयोग गर्दछ । यसैले भाषामा स्वार्थ लुकेको हुन्छ भनिएको हो । जसले भाषालाई आफ्नो पक्षमा वा स्वार्थ अनुकूल उपयोग गर्न सक्दत उसैले हरेक क्षेत्रमा प्रभाव जमाउन सक्छ र पक्षधरता/स्वार्थमा काम गर्न सक्छ । विषय क्षेत्रका आधारमा पक्षधरता वा स्वार्थ भिन्न भिन्न हुन्छन् ।

पक्षधरता/स्वार्थपूर्ण अभिव्यक्तिलाई अझ प्रभावकारी बनाउने साधनका रूपमा भाषिक चलाखी कपटको शाब्दिक अर्थ छकाएर, झुक्याएर वा सत्यलाई लुकाएर कसैलाई दिइने धोका, छल, छक्याहट रहेको छ । वक्ताको भाषिक अभिव्यक्तिमा पनि यो स्वार्थसाधक वा कपट निहित रहेको हुन्छ । वक्ताले प्रयोग गरेको भाषामा स्वार्थ के कसरी निहित भएको छ भनेर आलोचनात्मक सङ्कथन विश्लेषणका माध्यमबाट अध्ययन गर्ने जमर्को गरिएको छ । स्वार्थपूर्ण भाषाका बारेमा सङ्कथन, अनुभूति र समाजको त्रिकोणात्मक ढाँचामा अध्ययन गरेर व्याख्या गरिएको छ (डाइक, २००६) । आलोचनात्मक सङ्कथन विश्लेषणमा अधिकांश स्वार्थपूर्ण प्रस्तुति पाठ र कुराकानीमा निहित हुन्छन् भन्ने दृष्टिकोण यसको रहेको छ । भाषिक स्वार्थमा मिसिएर आउने चलाखीपूर्ण प्रस्तुति मनोवैज्ञानिक प्रक्रिया हो अर्थात् संज्ञानात्मकताले नै भाषालाई कपट वा चलाखीपूर्ण बनाउँछ (डाइक, २००६) । यसैगरी भाषिक चलाखी कुराकानीको एक रूप हो जुन शक्तिको दुरूपयोगबाट सिर्जना हुन्छ। यसकारण यो सामाजिक दृटिकोणले महत्त्वपूर्ण छ ।

भाषाका माध्यमबाट आफ्नो वा समूहको लाभ वा स्वार्थ पूरा गर्नका लागि गरिने भाषिक कार्यलाई नै भाषिक चलाखी वा स्वार्थपूर्ण अभिव्यक्ति भन्न सकिन्छ । भाषा

सामाजिक वस्तु हो । मानिसले समाजमा भाषाको उपयोग आफ्नो उद्देश्यपूर्तिका लागि आफ्नो स्वार्थ अनुकूल उपयोग गर्दछ । सोही अनुरूपको अर्थमा उपयोग गर्दछ । सङ्कथनात्मक अभ्यासका क्रममा हरेक भाषिक कार्य उद्देश्यमूलक हुन्छ र ती उद्देश्य प्राप्तिका लागि वक्ताले भाषाको उपयोग गर्दछ । यस्ता उद्देश्य व्यक्तिगत र संस्थागत दुई प्रकृतिका हुन्छन् । सामाजिक भाषा विज्ञानका दृष्टिले यही उद्देश्यपूर्ण (घिमिरे २०६५, पृ. १०५) अभिव्यक्तिलाई भाषिक स्वार्थका रूपमा अर्थ गरिएको छ । यसकारण भाषामा स्वार्थ लुकेको हुन्छ भनिएको हो । जसले भाषालाई आफ्नो स्वार्थ अनुकूल उपयोग गर्न सक्दछ उसैले हरेक क्षेत्रमा प्रभाव जमाउन सक्छ र पक्षधरता/स्वार्थमा काम गर्न सक्छ । विषय क्षेत्रका आधारमा स्वार्थ भिन्न भिन्न हुन्छन् । कानुनी क्षेत्रमा पक्षले आफ्नो हितमा भाषालाई प्रयोग गर्दछ । अर्थात् वक्ताले भाषालाई आफ्नो स्वार्थ अनुकूल आफ्नो हितमा उपयोग गर्दछ ।

आलोचनात्मक सङ्कथन विश्लेषणका सन्दर्भमा भाषाको आलोचनात्मक विश्लेषणका उजागर भएका धेरै पक्षहरूका बारेमा ध्यान दिनु आवश्यक छ किनकि सङ्कथनात्मक शक्तिको दुरूपयोगले भाषालाई भिन्न रूपले प्रस्तुत गरेको पाइन्छ । जसलाई स्वार्थपूर्ण अभिव्यक्तिका रूपमा चित्रित गर्न सकिन्छ । अझ यसलाई चतुऱ्याइँपूर्ण ढङ्गले आफ्नो हितमा भाषिक अभिव्यक्ति दिनु (अङ्ग्रेजीमा म्यानिपुलेसन) पनि भन्न सकिन्छ । भाषिक अध्ययनका क्षेत्रमा यस किसिमको स्वार्थपूर्ण अभिव्यक्तिको खास सिद्धान्त पाइदैन (डाइक, २००६) । यस अवधारणामा सङ्कथनले अनुभूति र समाजलाई जोड्ने काम गर्दछ । यो स्वार्थपूर्ण अभिव्यक्ति खासगरी मानिसको दिमाग वा संज्ञानात्मक पक्षसँग जोडिएको छ किनकि यसमा भाषिक अभिव्यक्तिका माध्यमबाट आफ्ना हित परिपूर्ति गर्ने अधिकाधिक प्रयत्न गरिन्छ । यो भाषिक शक्ति र त्यो शक्तिको सामाजिक दृष्टिले दुरूपयोगको अवस्थामा

मात्र सम्भव छ । यसकारण स्वार्थपूर्ण भाषिक अभिव्यक्ति सामाजिक भाषाविज्ञानकै उपज ठानिएको छ । स्वार्थपूर्ण अभिव्यक्तिमा वक्ता र स्रोता दुबै पक्षको संज्ञानात्मकता गाँसिएको हुन्छ । यस किसिमको भाषिक स्वार्थ हरेक क्षेत्र वा विषयक्षेत्र विशेषका वक्तामा पाइन्छ । सामान्यतया स्वार्थपूर्ण अभिव्यक्तिले वक्ताले बोलेका विषयवस्तुले स्रोतालाई नियन्त्रणको प्रयास गर्दछ । सामान्यतया यस किसिमको स्वार्थपूर्ण अभिव्यक्ति समाजमा स्वीकार्य हुँदैन । स्वार्थी अभिव्यक्तिलाई खराब कार्यका रूपमा अर्थ गरिन्छ (ऐ) । स्वार्थपूर्ण अभिव्यक्तिमा शक्ति समाहित मात्र हुने नभई सङ्कथनात्मक अभ्यासको दुरूपयोग पनि हुन्छ । स्वार्थपूर्ण अभिव्यक्तिमा अनुनय, आदेश, विरोध, निषेध, माग, प्राप्ति, आदि भाषिक कार्य समाहित हुन्छन् ।

भाषालाई हेर्ने यस दृष्टिकोणका बारेमा भान डाइकले धेरै वकालत गरे (भान डाइक २००६) । यद्यपि सामाजिक, अन्तर्क्रियात्मक र सङ्कथनात्मक दृष्टिकोणहरू महत्त्वपूर्ण छन् । उनले भाषिक चलाखीमा सधैं मानसिक चलाखी समावेश हुने हुनाले संज्ञानात्मक आयाम महत्त्वपूर्ण हुने कुरा औंल्याए । यो चलाखीलाई उनले भाषिक स्वार्थको साधनका रूपमा वर्णन गरे ।

भाषामा पक्षधरता वा स्वार्थ सम्प्रेषणात्मक र अन्तर्क्रियात्मक अभ्यासका क्रममा देखा पर्दछ जसमा वक्ताले अन्य मानिसमा उनीहरूको इच्छा र चाहना विपरीत नियन्त्रण कायम गर्दछ । दैनिक प्रयोगको भाषामा चलाखीपूर्ण सहचार्य छ, भाषिक चलाखीको कार्य खराब हो किनकि यस किसिमको अभ्यासले सामाजिक मापदण्डलाई समेत उल्लङ्घन गर्दछ । भाषिक स्वार्थलाई सफल बनाउने साधन भाषिक चलाखी वा भाषिक कपटलाई विशिष्ट किसिमले पर्यवेक्षण गर्नु पर्छ । भाषाको प्रयोगकर्ताले आफूले प्रयोग गरेको भाषालाई नै चलाखीपूर्ण बनाउन सक्दछन् । चलाखीपूर्ण कुराकानीको विश्लेषणका लागि कतिपयले

संवाद विश्लेषणका आधारमा पनि अध्ययन गरेका छन् भने यसलाई आलोचनात्मक दृष्टिकोणले पनि अध्ययन भएको पाइन्छ (भान डाइक २००६) ।

चलाखीपूर्ण अभिव्यक्तिमा केवल शक्ति सामेल हुन्छ र यसमा विशेष रूपमा शक्तिको दुरूपयोग हुन्छ त्यो प्रभुत्व हो । सङ्कथनका माध्यमबाट सङ्कथनको विश्वसनीयताका लागि चलाखीलाई गलत ढङ्गले उपयोग गरी स्रोतालाई विश्वास दिलाउन वा हित वा स्वार्थपूर्ण अभिव्यक्तिका माध्यमबाट प्रभावित पार्ने कार्य हुन्छ (भान डाइक १९९७) ।

नकारात्मक सहचार्य विना नै स्वार्थपूर्ण अनुनयको ढाँचामा प्रकट हुन्छ (डिलार्ड र पिफु २००२) । यस सन्दर्भमा अनुनयमा वार्ताकार वा वक्ता विश्वास गर्न वा कार्य गर्न स्वतन्त्र हुन्छन् । यसमा अनुनयकर्ताका तर्क स्वीकार गर्ने र नगर्ने कुरामा निर्भर गर्दछ जुनबेला चलाखीपूर्ण अभिव्यक्ति प्रापक वा स्रोताको भूमिका निष्कृय हुन्छ, ती स्रोता वा प्रापक चलाखीका कारणले पीडित हुन्छन् । चलाखीपूर्ण सङ्कथन त्यसबेला नकारात्मक बन्दछ जुनबेला स्रोता वा प्रापकले चलाखीपूर्ण बोली वा कार्य बोध गर्न नसकोस् । यस्तो अवस्था प्रापकको विशेष किसिमको ज्ञानको अभावका कारणले सिर्जना हुने गर्दछ (वोडाक १९८७) । चलाखीपूर्ण अभिव्यक्ति वक्ताले आफ्नो स्वार्थ पूरा गर्नका लागि उपयोग गर्दछ ।

निश्चित रूपमा चलाखी (अनुचित बोली) र अनुनय (उचित बोली) अस्पष्ट, र सन्दर्भ वीचका सीमामा निर्भर गर्दछन् । केही प्रापक वा स्रोताहरू भाषिक सन्देशबाट उनीहरू अरूलाई प्रभावित पार्न सक्दैनन् । विशेष परिस्थितिमा प्रापक वा स्रोता भिन्न सन्दर्भ र घटनामा धेरै भन्दा धेरैलाई प्रभावित पार्न सक्छन् ।

स्वार्थपूर्ण सङ्कथनको विश्लेषण र बोधका लागि सबभन्दा पहिले यसको सामाजिक वातावरण वा सन्दर्भको बारेमा बुझ्न महत्त्वपूर्ण हुन्छ । स्वार्थपूर्ण अभिव्यक्तिको विशेषतामध्ये यो एक किसिमको अनुनय हो जसमा शक्ति अथवा प्रभुत्व सामेल हुन्छ ।

सामान्य अनुनयमा शक्ति वा प्रभुत्व हुँदैन तर पक्षधरता वा स्वार्थपूर्ण अभिव्यक्तिमा जहाँ चलाखीको मिश्रण हुन्छ त्यहाँ शक्ति वा प्रभुत्व अनिवार्य हुन्छ । यसमा समावेश हुने शक्तिको आयामको लेखाजोखा सामाजिक अभियन्ता वा सामाजिक समूहहरूले अरूमाथि प्रदर्शन गर्ने शक्तिमा निर्भर गर्दछ । यसमा के अनुमान गर्न सकिन्छ भने जस्तै स्रोता वा प्रापकलाई विश्वास दिलाएर मस्तिष्कको नियन्त्रण गरी वा चलाखीपूर्ण विश्वास सिर्जना गरी प्रापकलाई प्रभाव पार्ने अप्रत्यक्ष किसिमका नियन्त्रणपूर्ण कार्य गरेर वक्ताले स्वार्थ पूर्ति गर्दछ (भान डाइक २००१) ।

यसका अतिरिक्त सामाजिक रूपमा पक्षधरता/स्वार्थलाई प्रभावकारी बनाउने साधन वा विशेषता भनेको वक्ताको सामाजिक व्यक्तित्वले पनि भूमिका खेल्दछ । वक्ताको बौद्धिकताले प्रस्तुतिलाई प्रभाव पार्दछ । चलाखीपूर्ण अभिव्यक्तिमा वर्चस्वको विश्लेषण, शक्तिको दुरूपयोग, दुर्लभ सामाजिक संसाधनमा विशेष पहुँच वा नियन्त्रणको आवश्यकता हुन्छ । निश्चित रूपमा अन्य विभिन्न क्षेत्रमा पाठ र बोलीका माध्यमबाट चलाखीपूर्ण प्रभाव जमाउन सकिन्छ जस्तै संसदीय छलफलहरू, समाचारहरू, लेखका विचारबाट, पाठ्यपुस्तकहरू, वैज्ञानिक लेखहरू, उपन्यासहरू, टेलिभिजन सोहरू, विज्ञापनहरू इन्टरनेट र यस्तै अन्यबाट । चलाखीपूर्ण अभिव्यक्तिमा शक्तिको उपयोग संस्थागत शक्ति बढी प्रभावकारी हुन्छ । एकल व्यक्तिको चलाखीपूर्ण अभिव्यक्तिले भन्दा सामूहिक वा संस्थागत अभिव्यक्ति प्रभावकारी हुन्छ ।

चलाखी मिश्रित स्वार्थपूर्ण अभिव्यक्ति जस्तै प्रकरणार्थविज्ञानमा गुणोक्ति (ग्राइस १९७५) को चर्चा गरिएको छ जसमा संवाद सत्य, वैध, पूर्ण हुनु पर्ने कुरा औंल्याएको छ । वास्तविक वा स्वाभाविक रूपको कुराकानी र पाठहरूमा गुणोक्तिलाई उपयोग गर्न कठिन हुन्छ, मानिसहरू झुठ पनि बोल्छन् जुन सधैं गलत नहुन सक्छन् । असल कामको

परिणामका लागि झुट बोलिएको हुन सक्छ । कहिलेकाहीँ मानिसले आधा कुरा मात्र भन्दछ जुन अन्तर्क्रियाको एक स्वरूप हो यसलाई चलाखी भन्न सकिन्न ।

अर्को शब्दमा चलाखीपूर्ण बोली वा स्वार्थपूर्ण बोली गलत नहुन सक्छन् किनभने यिनले संवादात्मक गुणोक्ति वा अन्य संवादका मापदण्ड उल्लङ्घन गरेका हुन्छन् यद्यपि यसमा कुराकानी र पाठको एक आयाम हुन सक्छ । यसबाट यो भन्न सकिन्छ कि प्रजातान्त्रिक समाजमा चलाखीपूर्ण बोली अबैध वा असङ्गत छ किनकि यसले असमानता जन्माउँछ । कपटपूर्ण बोली यस्तो (प्रजातान्त्रिक) समाजमा शक्तिशाली समूहको वा वक्ताको हित वा स्वार्थमा हुन्छ भने कम शक्तिशाली समूह र वक्तालाई चोट पुऱ्याउने खालको हुन्छ ।

चलाखी मिश्रित स्वार्थपूर्ण भाषाको प्रयोग कानुनी भाषामा अधिकाधिक भएको पाइन्छ । कानुनी भाषामा कुनै निर्णयमा पुग्नका लागि न्यायाधीशले तर्कका माध्यमबाट विषयवस्तुलाई आफ्नो अनुकूल व्याख्या गर्दछन् र निर्णय सुनाउँछन् ।

**अभिव्यक्तिमा चलाखीका प्रकार**

वक्ता र स्रोताका आधारमा : प्रत्यक्ष र अप्रत्यक्ष

वक्ता र स्रोताको अन्तक्रियाको विशेषता अनुसार चलाखी मिश्रित स्वार्थपूर्ण अभिव्यक्ति प्रत्यक्ष र अप्रत्यक्ष हुन सक्छ (प्रत्यक्षमा जस्तै वक्ताले खुला रूपमा उसका मागहरू स्रोतासँग चलाखीपूर्ण ढङ्गले राख्न सक्छ ।) अप्रत्यक्षमा जस्तै : चलाखी स्रोता लक्षितभन्दा वातावरणबाट निर्देशित हुन्छ । भाषिक चलाखीको प्रत्यक्ष विधिमा भाषाको निश्चित व्यवस्थामा व्यवस्थित हुन्छन् जुन वक्ताको सम्प्रेषणका उद्देश्य समाहित भएका हुन्छन् । प्रत्यक्ष विधिको भाषिक चलाखीमा प्रत्यक्ष रूपमा अर्थ दिने अभिव्यक्ति समावेश हुन्छन् जस्तै वक्ताको सम्प्रेषणात्मक उद्देश्य अनुरूपको अभिव्यक्ति । उदाहरणका लागि

निश्चयात्मक र प्रश्नवाचक भनाइ । अप्रत्यक्ष ढाँचामा वक्ताले सोभै आफ्ना कुरा अभिव्यक्त गर्दैन । यस किसिमको अभिव्यक्तिमा इलोक्युसन बल अभिव्यक्तिको अर्थसँग जोडिएको हुँदैन ।

**भाषिक कार्यको सचेतताका आधारमा चलाखीपूर्ण अभिव्यक्ति**

उद्देश्यमूलक र उद्देश्यविहिन

उद्देश्यमूलक भाषिक चलाखीमा वक्ताले आफ्ना अभिव्यक्तिमा निश्चित उद्देश्य र परिणामका आधारमा हित अनुकूल भाषाको प्रयोग गर्दछ । उद्देश्यरहित भाषिक चलाखीमा स्रोताबाट केही अपेक्षा राखिएको हुँदैन । भाषिक अभिव्यक्तिमा कुनै स्वार्थ हुँदैन । भाषिक कार्यका अनुसार कपट यस किसिमका हुन सक्छन् :

सामाजिक (गैरसूचनामूलक भाषिक कार्यहरू जसमा अभिवादन, प्रार्थना आदि पर्दछन् ।)

स्वेच्छिक (वक्ताको इच्छाअनुसारका भाषिक कार्यहरू जस्तै अनुरोध, विरोध, सुझाव आदि)

जानकारीमूलक वा लेखाजोखामूलक (सार्वजनिक नैतिक, कानुनी, पारस्परिक भावनात्मक सम्बन्धहरू इन्कार, प्रसंशा, साविती, मानहानी, धम्की आदिका रूपमा स्थापित गर्दछ ।)

**परलोक्युसनरी मापदण्ड (अर्थात् वक्ताले स्रोतालाई प्रभाव पार्ने उच्चारण वा बोली) यस किसिमका भाषिक चलाखीहरू**

मूल्याङ्कनात्मक (वक्ता र स्रोताको सम्बन्धको परिवर्तन, वक्ताका लागि स्रोताको लक्ष्यार्थ वा गुढार्थ भनाइ)

संवेगात्मक / भावनात्मक (सामान्य भावनात्मक अवस्थाको प्रस्तुति)


तर्कसँगत - वैयक्तिक विवेक वा सझका आधारमा संरचनाको पुनसंरचना, नयाँ वर्गीकरणको परिचय)

सङ्कथनका सहभागीहरूको अभिमुखीकरणका आधारमा

व्यक्तिमुखी र समाज मुखी । व्यक्तिमुखी चलाखीमा व्यक्तिलाई प्रभाव पार्ने गरीका प्रस्तुति हुन्छन् भने समाजमुखी चलाखीमा समग्र समाजलाई प्रभाव पार्ने प्रस्तुति हुन्छ ।

**सैद्धान्तिक र अवधारणात्मक ढाँचा**

प्रस्तुत अध्ययन आलोचनात्मक सङ्कथन विश्लेषणका आधारहरूमा आधारित भएर गरिएको छ । जसमा तेन ए भान डाइक,फेयर्क्लफ ,फुको जस्ता विद्वानहरूले प्रस्तुत गरेका शक्तिको नियन्त्रण, मान्यता जस्ता उपकरणहरूको उपयोग गरिएको छ भने बयान, वकपत्रमा गरिने प्रश्नहरूको प्रकृतिको अध्ययन, कानुनी सङ्कथनात्मक कार्यहरूको पनि अध्ययन गरिएको छ । यसमा कानुनी नेपाली भाषामा प्रयोग गरिने वाक्य संरचनामा खासगरी प्रश्नहरूको प्रकृति, ती प्रश्नहरूमा समावेश भएका वाक्यहरूको संरचनाको प्रकृति तथा सङ्कथनका पक्षहरूमध्ये अदालतसम्बद्ध पक्षले प्रयोग गरेको भाषाका सङ्कथनात्मक कार्यहरू, शक्तिको प्रयोग तथा शक्ति तथा भाषाको बोधगम्य जटिलताका कारणले आम सर्वसाधारणको न्यायको पहुँचमा पारेको नकारात्मक प्रभावको अध्ययन गरिएको छ । यस अध्ययनका लागि माथि चर्चा गरिएको पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणाका आधारमा अवधारणात्मक ढाँचा निम्नानुसार तयार गरिएको छ ।




*चित्र २* कानुनी नेपाली भाषाको आलोचनात्मक सङ्कथन विश्लेषणको अवधारणात्मक ढाँचा

**अध्याय निष्कर्ष**

पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणाको अध्ययन गर्ने क्रममा विदेशी तथा स्वदेशी विद्वान्हरू तथा विश्वविद्यालयका अध्ययनहरूलाई चर्चा गरियो । ती अध्ययनहरूमा प्रयोग भएका सैद्धान्तिक पक्ष, विधि तथा निष्कर्षहरूले आलोचनात्मक सङ्कथन विश्लेषणको अवधारणात्मक ढाँचा तयार पार्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

किगुरु (सन् २०१४), लिटल (सन् २०१७), खालिद अल गुब्लान् (सन् २०१४), विधुसी (सन् २०१६), भास्करन (सन् २०१६), ले अदालती भाषाको आलोचनात्मक सङ्कथन विश्लेषण गरेका छन् । गुणात्मक विधिको उपयोग गरी गरिएका यी अध्ययनहरूले

अदालतका बयान, बकपत्र, अदालतमा प्रयोग हुने कानुनको भाषा, यौन कार्यसँग सम्बन्धित किंवदन्ती र पुरातनवादी चिन्तन, पाठ्पुस्तकमा महिलाको पहिचानको अवस्था, जबरजस्ती करणी पीडित महिलामाथि हुने भाषिक उत्पीडन जस्ता पक्षलाई आलोचनात्मक सङ्कथनको सैद्धान्तिक धरातलमा व्याख्या र विश्लेषण गरिएको छ ।

यसै गरी नेपाली भाषाका सन्दर्भमा भएका कानुनी भाषा सम्बद्ध अध्ययन पनि यस खण्डमा रहेका छन् । नेपाली भाषाको शोधग्रन्थका रूपमा परिचित **राष्ट्र भाषा** (पोखरेल २०५५) नामक पुस्तक, **हाम्रो भाषा** (आचार्य, २०४८), **डा. बल्लभमणि दाहालका भाषिक चिन्तन** (भट्टराई र लुइँटेल (२०६१, सम्पा.) जस्ता अनुसन्धामूलक कृतिले कानुनी भाषालाई नेपाली भाषाको प्रयोजनपरक भेदका रूपमा प्रस्ट्याउँदै यसका विशेषताको चर्चा गरेका छन् । यसै गरी घिमिरे (२०६७) ले कानुनी नेपाली भाषालाई आधारभूत रूपमा चिनाउने काम गरेका छन् । **मुलुकी ऐनमा प्रयुक्त कानुनी शब्दभण्डार** (फूयाल २०७०) शीर्षक दर्शनाचार्यको शोध प्रबन्धमा मुलुकी ऐनका समग्र पारिभाषिक (कानुनी) शब्दहरूको अध्ययन तथा विश्लेषण गरेका छन् । यसैगरी **नेपाली उपन्यासमा लैङ्गिकता,** (पाण्डे २०६९) शीर्षक कृतिमा उपन्यासको आलोचना गरिएको पाइन्छ । यद्यपित यसमा आलोचनात्मक सङ्कथन विश्लेषणले गर्ने भाषिक शक्ति, नियन्त्रण र प्रभुत्व जस्ता उपकरणका आधारमा भने यसको विवेचना पाइँदैन ।

धमला (सन् २०१७) ले विद्यावारिधिको शोध प्रबन्धमा भाषालाई राजनीतिक उद्देश्य पूर्तिका लागि कसरी उपयोग गर्न सकिन्छ ? भनी सामान्य उद्देश्यका रूपमा समावेश गरिएको छ भने अध्ययनको विशिष्ट उद्देश्यमा नेपालको सन्दर्भमा भाषा र राजनीतिको सम्बन्ध देखाउनु रहेको छ । यी उद्देश्य परिपूर्ति गर्न भाषा, विचार वा मान्यता र शक्तिका बिचको सम्बन्धको जाँच गरिएको छ । यसका लागि अध्येताले सपिर होर्फको भाषिक

परिकल्पनाको भाषिक नियतवाद (भाषिक सापेक्षता) र जर्ज ओरवेलको विचारको नियन्त्रणको सिद्धान्तलाई सैद्धान्तिक अन्तर्दृष्टिका रूपमा ग्रहण गरेका छन् । यसका साथै आलोचनात्मक भाषाविद्का वैचारिक साधनहरूलाई उपयोग गरेर राजनीतिक नेताहरूको विचारहरूको व्याख्या गर्ने अवधारणात्मक ढाँचालाई अपनाइएको छ ।

कानुनी नेपाली भाषा प्रयोगको क्षेत्र व्यापक छ । माथि प्रस्तुत भएका अध्ययनहरूले कानुनी नेपाली भाषाका शब्दभण्डारको मात्र अध्ययन गरेका छन् । भाषाको अध्येताहरूले हालसम्म सामान्य नेपाली भाषामा आधारित भएर विविध क्षेत्रमा अध्ययन गरेको पाइए पनि कानुनी नेपाली भाषाका आलोचनात्मक सङ्कथन विश्लेषण गरिएका अध्ययन अनुसन्धानमूलक सामग्री पर्याप्त मात्रामा उपलब्ध नभएकोले कानुनी नेपाली भाषाको आलोचनात्मक सङ्कथन विश्लेषण गरी भाषिक विशेषताको पहिचान गर्न पनि शोध कार्य आवश्यक भएकोले यो अध्ययन यसै विषयमा आधारित भएर अगाडि बढेको छ ।

कानुनी नेपाली भाषा समाजले निश्चित प्रयोजन पूर्ति गर्ने उपयोग गर्ने हुनाले यो सामाजिक भाषा विज्ञानको विषय क्षेत्रका रूपमा अध्ययन गरिन्छ । कानुनी नेपाली भाषाको अस्तित्व भिन्न प्रकारको भएको हुँदा यसको प्रयोगलाई सहज र सरल बनाउन शब्दकोशहरूको निर्माण भएको पाइन्छ । यसै गरी विभिन्न उद्देश्य पूर्तिका लागि अध्ययन भएका छन् । आलोचनात्मक सङ्कथन विश्लेषणका सन्दर्भमा कुनै खास अध्ययन विधि निर्धारित नभएको, व्यापक सैद्धान्तिक ढाँचाका आधारमा पाठकको सिर्जनात्मकता र रचनात्मकताका आधारमा अध्ययन विश्लेषण गरिन्छ (विलिङ्स, २०१४) । प्रचलित मान्य सिद्धान्तका आधारमा सङ्कथनको अध्ययन विश्लेषण गर्ने परम्परा विकास भएको छ । यसका लागि प्रयोगार्थविज्ञान, सहयोगात्मक सिद्धान्त, वाक्क्रिया सिद्धान्त, आलोचनात्मक सङ्कथन विश्लेषणको अध्ययनका सन्दर्भमा भएका अध्ययनहरू (फेयर्क्लफ, १९९२, १९९८,

२०१०, भान डाइक, २००१, २००८, वोडाक, २००१, २०१५) तथा फेयर्क्लफ (२०१०) ले प्रस्तुत गरेको आलोचनात्मक सङ्कथन विश्लेषणको त्रिआयामिक ढाँचा समेतका आधारमा अवधारणात्मक ढाँचा निर्माण गरी अध्ययनलाई अगाडि बढाइएको छ ।

विभिन्न सैद्धान्तिक अवधारणाहरूका अध्ययनका आधारमा कानुनी नेपाली भाषाको आलोचनात्मक सङ्कथन विश्लेषण गर्नका लागि कानुनी नेपाली भाषाका सङ्कथनहरूमा अन्तर्निहित भाषिक शक्ति, भाषिक हेपाइ, विचारधारा र स्वार्थको खोजी यस अध्ययमा गरिएको छ । जसका लागि फुको (१९७९) को शक्तिको सिद्धान्त, ग्राम्सी (१८९१) को हैकम वा प्रभुत्व, अल्थुसर (१९१८) को संरचनात्मक माक्सवादका सैद्धान्तिक धरातलामा आधारित भएर अवधारणात्मक ढाँचा निर्माण गरी कानुनी नेपाली भाषाको आलोचनात्मक सङ्कथन विश्लेषण गर्ने कार्य गरिएको छ । कानुनी नेपाली भाषाको आलोचनात्मक सङ्कथन विश्लेषण गर्ने क्रममा सङ्कथनमा शक्ति अन्तर्गत पदीय/ओहदा, कानुन/प्रमाण/अभ्यास, आर्थिक स्थिति, शिक्षा/ज्ञान, बल/तागत, मनोवैज्ञानिक, शिष्टता/ भद्रता जस्ता पक्षका आधारमा भाषामा अन्तनिर्हित शक्तिको पहिचान गर्ने कार्य यस अध्ययनमा भएको छ । यसै गरी सङ्कथनमा भाषिक भिन्नता अन्तर्गत नेपाली समाजका वर्गीय, सामाजिक, लैङ्गिक र शैक्षिक क्षेत्रले सिर्जना गरेको विभेदका आधारमा सिर्जित भाषिक भिन्नतालाई पहिचान गरिएको छ । कानुनी नेपाली सङ्कनात्मक अभ्यासका क्रममा निर्मित भएका विचारहरूको विश्लेषण पनि यसमा गरिएको छ भने वक्ताको बोलीमा पक्षधरता वा स्वार्थ विभिन्न कारणले सिर्जना हुने तथ्यलाई पनि विश्लेषण र व्याख्या गरिएको छ ।

## अध्याय तीन

## अध्ययन विधि

यस अध्यायमा अध्ययन विधिका बारेमा छलफल गरिएको छ । कानुनी भाषाको आलोचनात्मक सङ्कथन विश्लेषण गर्न यस शोधमा सैद्धान्तिक अवधारणा तथा पूर्वकार्यका आधारमा निश्चित अवधारणात्मक ढाँचा निर्माण गरी सोही आधारमा अध्ययनलाई अगाडि बढाइएको छ । प्रस्तुत अनुसन्धानमा आलोचनात्मक सङ्कथन विश्लेषणको सिद्धान्तलाई मूल सैद्धान्तिक आधारका रूपमा र मौखिक अभिव्यक्तिको कानुनी भाषालाई र अदालतमा पीडक र पीडितले गरेका बयान र बकपत्रका सङ्कथनहरूलाई विश्लेष्य सामग्रीका रूपमा लिइएको छ । अध्ययनलाई विश्वसनीय र आधिकारिकताका लागि सम्बन्धित क्षेत्र संस्थासँग अनुमति लिएर आधिकारिक तथ्याङ्कको सङ्कलन गरिएको छ ।

### दार्शनिक आधार

दार्शनिक रूपमा यो अध्ययन प्रकरणार्थवाद (प्राग्माटिजम) मा आधारित छ । प्रकरणार्थवाद एक दार्शनिक परम्परा हो, जसले वास्तविकतालाई सन्दर्भ अनुसार प्रस्तुत गर्दै थप विविध अर्थ र व्याख्याहरूका लागि स्वतन्त्र छोडिदिन्छ । प्रकरणवाद समस्याहरूको समाधान गर्नका लागि व्यवहारिक कार्यका माध्यमबाट अर्थ निकाल्न र विभिन्न क्रियाकलापका माध्यमबाट संसारलाई बोध गर्न मानिस सक्रिय र सिर्जनात्मक छ भन्ने मान्दछ, । यसले भाषालाई उपकरणका रूपमा उपयोग गरी मानिसलाई असल काममा लगाउँछ । प्रकरणवाद भाषाविज्ञानका क्षेत्रमा सन् १९६० को दशकपछि प्रयोगमा आयो । यसमा प्रयोक्ताका परिवेशमा भाषाको अध्ययन गर्न जोड दिइन्छ (तिवारी, १९९३, पृ २१८) । यो दर्शन भाषाको प्रकरणार्थ विज्ञानका रूपमा विकास भयो । यसर्थ प्रकरणवादका धेरै कुरा प्रकरणार्थ विज्ञानसँग समान रहेका छन् । आलोचनात्मक सङ्कथन विश्लेषणले पनि

समाजमा मानिसले प्रयोग गर्ने भाषाको अर्थगत स्वरूपलाई अध्ययन गर्ने हुनाले अध्येताबाट यही दार्शनिक तथा भाषावैज्ञानिक आधारमा यो अध्ययन गरिएको छ ।

**तत्त्वविधा/ तत्त्वमिमांशा (अन्टोलोजी)** : भाषाको प्रयोग समाजमा हुने गर्दछ । यो ध्वनिप्रतीकका माध्यमबाट प्रकटित हुन्छ । कानुनी भाषा पनि समाजकै उपज भएको हुनाले त्यस क्षेत्रमा प्रयोग हुने मौखिक भाषाको प्रयोग यस अध्ययनमा गरिएको छ । भाषाको प्रयोग विविध प्रयोजन पूरा गर्नका लागि हुन्छ । कानुनी प्रयोजन पूर्तिका लागि प्रयोग गरिने कानुनी भाषाका सहभागीहरूमा रूपमा अदालतका न्यायाधीश, कानुन व्यवसायी, मुद्दाका पक्ष (वादी), विपक्ष (प्रतिवादी), अदालतका कर्मचारीहरू हुन्छन् । यी सहभागीहरू भिन्न भिन्न सामाजिक पृष्ठभूमिका हुने र यी विविध सहभागीहरूले प्रयोग गर्ने भाषिक अभिव्यक्तिमा पनि विविधता हुन्छ । यो अध्ययन कानुनी भाषामा पनि विविधता हुन्छ भन्ने यथार्थ अर्थात् तत्त्वमिमांशा (अन्टोलोजी) मा आधारित छ ।

**ज्ञानमिमांसा (इपेस्टोमोलोजी)** : विविध सामाजिक पृष्ठभूमिका वक्ताले प्रयोग गर्ने मौखिक भाषाका माध्यमबाट सामाजिक समस्याहरू प्रतिविम्बित हुन्छन् । कानुनबमोजिम न्यायाधीशको सामाजिक आर्थिक हैसियत उच्च हुन्छ (नेपालको संविधान, २०७२) भने मुद्दाका पक्ष (आम नागरिक) को निम्न हुन्छ । यही हैसियतले भाषाको प्रयोगमा भिन्नता सिर्जना गर्दछ । सामाजिक विविधताले भाषाको प्रयोगमा पनि विविधता सिर्जना गर्दछ तथा भाषिक प्रयोगमा सन्दर्भलाई साक्षी राखेर विषयपरक ढङ्गले ज्ञान निर्माण गर्न सकिन्छ भन्ने कुरा नै यस अध्ययनको ज्ञानमिमांसा (इपेस्टोमोलोजी) हो । कानुनी क्षेत्रमा प्रयोग हुने भाषामा वक्ता (परिशिष्ट-क) सहभागीको विविधताका आधारमा भाषामा शक्ति, हेपाइ, विचारधारा, र स्वार्थ प्रकट हुन्छन् ।

**मूल्यमिमांसा (एक्जिओलोजी)** : अदालतमा सहभागी वक्ता न्याायाधीश, वकिल, मुद्दाका वादी र प्रतिवादी, पक्ष र विपक्ष, पीडित र  पीडकका भाषालाई सङ्कलन गरी प्राप्त तथ्याङ्कका आधारमा गरिएको यस अध्ययनले कानुनी भाषाको अध्ययन गर्न चाहना राख्ने विद्यार्थी, कानुन व्यवसायी, न्याय क्षेत्रका व्यक्तिहरू तथा समग्र पाठकलाई भाषामा के कस्ता शक्ति, भाषिक भिन्नता, विचारहरू, र पक्षधरता वा स्वार्थ के कसरी अभिव्यक्त हुँदा रहेछन् भन्ने कुराको जानकारी प्रदान गर्नु, विद्यार्थीहरूलाई कक्षाकोठामा आलोचनात्मक सङ्कथन विश्लेषणका माध्यमबाट भाषा शिक्षण गर्न सहज बनाउनु नै यस अध्ययनको मूल्य हो ।

प्रस्तुत अध्ययनका उद्देश्य पूरा गर्न अध्येताले सहभागीहरूसँगका प्रत्यक्ष भेटघाट, कुराकानी तथा उनीहरूले प्रयोग गरेको मौखिक भाषाको अवलोकन गरेर तथ्याङ्क सङ्कलन गरेको थियो (परिशिष्ट (क) । यिनै तथ्याङ्कहरूका आधारमा सहभागीहरूले विभिन्न सामाजिक सन्दर्भमा प्रयोग गर्ने मौखिक भाषाको अध्ययन गरियो । तथ्याङ्क सङ्कलन गर्दा प्राकृतिक परिवेशमा रेकर्डिङ, अन्तर्वार्ता, अवलोकन, टिपोट जस्ता प्रविधिको प्रयोग गरिएको थियो ।

**अनुसन्धान ढाँचा**

आलोचनात्मक सङ्कथन विश्लेषणका सन्दर्भमा कुनै खास अध्ययन विधि निर्धारित नभएकोले व्यापक सैद्धान्तिक ढाँचाका आधारमा पाठकको सिर्जनात्मकता र रचनात्मकताका आधारमा अध्ययन विश्लेषण गरिन्छ (विलिङ्स, २०१४) भनी उल्लेख भएको छ भने यसलाई उत्तरआधुनिक ढाँचामा (लेभी २०१४, पृ ९०) पनि विश्लेषण गर्न सकिने कुरा अभिव्यक्त भएको छ । यो अध्ययन भने गुणात्मक विधिमा आधारित रहेको छ । यसमा वर्णनात्मक अनुसन्धान ढाँचा तथा नमुना छनोट, तथ्याङ्क सङ्कलन, र तथ्याङ्क विश्लेषण गरिएको छ । वर्णनात्मक अनुसन्धानले व्यक्तिगत र सामूहिक विशेषताको खोजी गर्न उपयोग

गरिन्छ । यो शोध कार्य इजलास भित्र मुद्दाका पक्षहरूले बयान र बकपत्रका क्रममा गर्ने संवादलाई आलोचनात्मक सङ्कथन विश्लेषणका सैद्धान्तिक धरातलमा अध्ययन र विश्लेषण गरिएको छ । आलोचनात्मक सङ्कथन विश्लेषणसँग सम्बन्धित आधिकारिक सामग्री तथा आलोचनात्मक सङ्कथन विश्लेषणको सैद्धान्तिक धरातलमा आधारित भएका संसारका विभिन्न विश्वविद्यालयबाट भएका शोध प्रबन्धहरूको अध्ययन गरी अवधारणात्मक ढाँचा तयार पारिएको छ । यो अध्ययन कानुनी सङ्कथनमा प्रयोग भएको भाषामा सङ्कथनका सहभागीको भाषिक शक्ति, भाषिक भिन्नता, विचार र पक्षधरता वा स्वार्थको खोजीमा केन्द्रित छ । आगमनात्मक पद्धतिमा आधारित यस अध्ययनमा आलोचनात्मक सङ्कथन विश्लेषणका सैद्धान्तिक मान्यताका आधारमा अध्ययन विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

**सहभागी तथा तथ्याङ्कको ढाँचा र स्रोत :** यस अध्ययनमा नेपालका अदालतहरू र तिनमा दर्ता भएका मुद्दा, ती मुद्दासँग जोडिएका कानुन व्यवसायी, मुद्दाका पक्ष, साक्षी, अभियुक्त, अदालतका कर्मचारी र न्यायाधीश जनसङ्ख्याका रूपमा रहेका छन् । धेरैजसो सरकार वादी मुद्दाको शुरु कारवाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई हुने (न्याप्रऐ २०४८ ) भएको हुनाले सङ्ख्यात्मक रूपमा मुद्दाको चाप हुने काठमाडौँ उपत्यकाका काठमाडौँ ललितपुर र भक्तपुर जिल्ला अदालतमा २०७६/७७ मा दर्ता भएका र अदालतमा बयान हुन बाँकी भएका सरकारवादी फौजदारी मुद्दाका पीडक र पीडितको बयान, बकपत्र तथा कानुन व्यवसायीका ल च्याम्बर र अदालतको परिसरमा न्यायका लागि आएका मानिसहरूका संवाद र अध्ययन क्षेत्रका अदालतमा दर्ता भई बयान र बकपत्र भइसकेका मुद्दाका बयान र बकपत्रको लिखित प्रतिलिपि उतार गरी तयार पारिएका सङ्कलित सामग्रीलाई छनोट गरी अध्ययन गरिएको छ । मुद्दा परेको अवस्था विचार गरेर

तत्काल पीडित र पीडकको बयान कार्य सम्पन्न हुने हुनाले टाढाका अदालतमा बयान सङ्कलन गर्न कठिनाइ हुने भएको हुनाले पनि यी तिन जिल्ला अदालत पहुँच र अध्ययनकर्ताको सहजताका लागि छनोट गरिएको छ। सरकारवादी फौजदारी मुद्दाका पीडित वा जाहेरवाला र पीडक वा प्रतिवादीको अदालत समक्ष गरेको बयान र बकपत्र नै अध्ययनको मुख्य स्रोत रहेका छन्। यस अध्ययनमा यही बयान र बकपत्रको भाषाको आलोचनात्मक सङ्कथन विश्लेषण गरिएको छ।

**तथ्याङ्क सङ्कलनका विधि र साधन** : तथ्याङ्क सङ्कलनका लागि सहभागीको संवादको मौखिक भाषालाई भण्डार (रेकर्ड) गरिएको तथा अदालतमा मुद्दाका प्रतिवादी, जाहेरवाला, वादीले गरेका बयान बकपत्रको लिखित भाषालाई लिइएको छ। मौखिक भाषा मुद्दाका पक्ष वा सहभागीहरूको संवादमा आधारित छ। यसका लागि तारबिहीन ( वायरलेस) अडियो रेकर्डरको उपयोग गरी सहभागीले बोलेको भाषालाई रेकर्ड गरी तथा अदालतमा मुद्दाका वादी र प्रतिवादीले गरेका बयान बकपत्रका प्रतिलिपि उतार गरी प्राथमिक सामग्री सङ्कलन गरिएको छ । सङ्कलन गरिएका मौखिक भाषालाई कम्प्युटरमा भण्डार गरी देवनागरिमा लिप्यान्तरण गरिएको छ। दोस्रो किसिमको तथ्याङ्क सङ्कलन विधि अवलोकन हो। यसमा सहभागीले अदालतमा बयान गर्दा उसले प्रयोग गरेका भाषेतर पक्ष; शारीरिक सन्दर्भ, हाउभाउ, मुखाकृति लगायतका समग्र साङ्केतिक पक्षको स्वतन्त्र रूपमा अवलोकन गरेर बुँदा टिपोट गरिएको छ। सहभागीले भरसक आफूलाई कुनै दबाब बिना आफ्ना कुरा स्वतन्त्र ढङ्गले राख्न सकोस् भन्ने अपेक्षाका साथ तथ्याङ्क सङ्कलन भएको छ। अवलोकनबाट टिपोट गरिएका तथ्याङ्कलाई संवाद विश्लेषणमा सहयोगी सामग्रीका रूपमा उपयोग गरिएको छ।

**तथ्याङ्क सङ्कलनको कार्यविधि** : यस अध्ययनका लागि सहभागी (मुद्दाका पक्ष) हरूको बयानको प्रत्यक्ष रेकर्ड गरी तथ्याङ्क सङ्कलन गर्न सम्बन्धित अदालतबाट अनुमति प्राप्त गरिएको छ । सम्बन्धित जिल्ला अदालतका मुख्य न्यायाधीशहरू र श्रेस्तेदार ( प्रशासन प्रमुख) अदालत समक्ष अनुमतिका निवेदनपत्र प्रस्तुत गरी निवेदनका आधारमा मुद्दाका वादी प्रतिवादीका बयान र बकपत्रको प्रतिलिपि उतार गर्न र पक्षसँग कुराकानी गर्न अनुमति लिइयो । नेपाल कानुन र मुद्दाका पक्षको गोपनीयताको हकलाई सुरक्षित गर्दै कानुन व्यवसायीकै रूपमा मुद्दाका पक्षहरूको बयानमा सरिक भई दुबै विधिबाट तथ्याङ्क सङ्कलन गरियो । श्रव्य रेकर्डरलाई सक्रिय बनाई अदृश्य रूपमा सहभागीको स्वाभाविक बोलीलाई सङ्कलन गरियो । अदालतमा बयान भइसकेको मुद्दाका अभिलेखका आधारमा मिसिलमा भएका प्रतिवादीहरूका बयानलाई प्रतिलिपि उतार गरियो ।

**सहभागीहरू** : यस अध्ययनमा सहभागीका रूपमा मुद्दाका पक्ष अर्थात् वादी र प्रतिवादी, न्यायाधीश, अदालतका कर्मचारी, वादी प्रतिवादीका वकिल गरी कुल ९० जना वक्ता सहभागीहरू रहेका छन् । जसमा न्यायाधीश १२ जना, कानुन व्यवसायी २३ जना, सरकारी वकिल ७ जना, अदालतका कर्मचारी ७ जना, प्रतिवादी २८ जना, अन्य ७ जना सहभागी रहेका छन् (परिशिष्ट घ) । तथ्याङ्क सङ्कलन कार्य सहभागीले स्वाभाविक रूपमा भाषिक अन्तर्क्रिया गरेको अवस्थामा भएको छ ।

**तथ्याङ्क** : यस अध्ययनमा २०,२२९ शब्द भएको प्रारम्भिक तथ्याङ्क सङ्कलन भएको छ । यी तथ्याङ्कमा पीडक (अभियुक्त) का बयान, पीडित (जाहेरवाला) को बयान, न्यायाधीशको प्रश्न उत्तर, मुद्दाका पक्ष (अभियुक्त/प्रतिवादी, पीडित/जाहेरवाला) सँग बयान बकपत्रका क्रममा कर्मचारीले गरेको संवाद, वादी प्रतिवादीका कानुन व्यवसायीले इजलाश समक्ष गरेको बहस पैरवी, मुद्दाका पक्षले कानुन व्यवसायीसँग न्यायका लागि सहयोग माग्दा

गरेका अन्तर्क्रिया तथा मुद्दाका वादी र प्रतिवादीले अदालतमा गरेका बयान र बकपत्रमा आधारित छन् । यी संवादमा शोधार्थीले सहभागीको कुराकानी र अन्तर्क्रिया गर्दा उपयोग गरेको हाउभाउ लगायत समग्र वस्तुस्थितिका बारेमा गरेको टिपोट सबै अध्ययनका लागि उपयोगी तथ्याङ्क छन् । यी सबै तथ्याङ्कहरू वास्तविक र मौलिक छन् । यसरी प्राप्त गरिएका तथ्याङ्कहरूलाई कम्प्युटरमा भण्डारण गरी तिनीहरूलाई देवनागरिमा लिप्यान्तरण गरी तथा अदालतबाट प्रतिलिपि उतार गरिएका बयान र बकपत्रका वास्तविक नामलाई वादी वा पक्ष र प्रतिवादी वा विपक्ष भनी परिवर्तन गरी (परिशिष्ट 'क') प्रशोधन गरी व्याख्या र विश्लेषण गरिएको छ ।

**विश्लेषणको ढाँचा**

श्रव्य सामग्रीमा सङ्कलन गरिएका अध्ययनका सहभागी (मुद्दाका पक्ष) हरूका बोलीलाई विस्तारो गतिमा सुन्दै, सुनाइ पुनरावृत्ति गर्दै देवनागरिमा लिप्यान्तरण गरी सोही दिन कम्प्युटरमा भण्डार गरियो । बोलीलाई लेखाइमा परिवर्तन गर्दा सहभागीको लवज तथा वर्णविन्यासलाई परिवर्तन नगरी जस्ताको त्यस्तै अवलोकनका क्रममा टिपोट गरिएका बुँदालाई पनि समावेश गरी लेखिएको छ । यसै गरी अदालतमा वादी प्रतिवादीले गरेका बयान र बकपत्रलाई पनि तथ्याङ्कमा समावेश गरी अध्ययन गरिएको छ । लिप्यान्तरण गरिएका सङ्कथनात्मक पाठलाई अध्ययनका उद्देश्य अनुरूपमा विभाजन गरी पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणामा आधारित भएर निर्माण गरिएको अवधारणात्मक ढाँचाका  आधारमा अध्ययन विश्लेषण गरिएको छ । यस अध्ययनमा तथ्याङ्क विश्लेषणका तीन वटा चरणहरूको परिकल्पना गरिएको छ । जसमा तथ्याङ्कको व्यवस्थापन तथा अभिलेखीकरण, सङ्केतीकरण तथा वर्गीकरण तथा विश्लेषण र व्याख्या छन् । हरेकलाई निम्नलिखित उपशीर्षकमा चिनाइएको छ ।

**तथ्याङ्को व्यवस्थापन तथा अभिलेखीकरण** : तथ्याङ्को सङ्कलन प्रक्रियासँगै तथ्याङ्को व्यवस्थापन र सङ्गठन पनि गरिएको छ । यसमा रेकर्डरमा भण्डार गरिएका तथ्याङकहरूलाई अध्येताको व्यक्तिगत कम्प्युटरमा बचत/भण्डार गरी विश्लेषकको हैसियतले ती संवादात्मक तथ्याङ्कहरूलाई नेपाली भाषामा जस्ताको त्यस्तै, वक्ताले बोलेका कुरालाई क्रमबद्ध रूपमा सुन्दै लेखन गरिएको छ । यसरी सबै मौखिक भाषालाई अध्येताले रेकर्ड गर्दाका अवस्थामा वक्ताको अवस्थाको अवलोकन गरेर टिपोट गरिएको सामग्री समेतको सहयोगमा लेखबद्ध गर्ने काम तथा अदालतबाट मुद्दाका वादी र प्रतिवादीका बयान बकपत्रको उतार सम्पन्न भएपछि अध्ययनका शीर्षकका आधारमा कोडबुक (साल्डाना, २००९) को प्रयोग गरियो । यस पुस्तकमा गुणात्मक तथ्याङ्क सङ्कलन र विश्लेषणका लागि सङ्क्षिप्त लेखन तरिका, सङ्केत विधिहरू र तिनको चयन तरिका, सङ्केतका उदाहरण र अभ्यास प्रस्तुत गरिएको छ ।

**तथ्याङ्को सङ्केतीकरण तथा वर्गीकरण** : गुणात्मक अनुसन्धानमा प्रायः शब्द वा छोटो वाक्यांशमा प्रतीकात्मक रूपमा प्रस्तुत गर्ने एक विधि हो । भाषामा आधारित, श्रव्य दृश्य तथ्याङ्कलाई एकल शब्द वा वाक्यांशमा शीर्षकीकरण गर्ने काम पहिलो चरणमा गरियो । यसै गरी पहिलो चरणको सङकेतीकरण पछि अध्ययनको उद्देश्यअनुरूपताका आधारमा ठ्याक्कै मिल्ने गरी सङ्केतीकरण गरियो ( साल्डाना २००९) । यस अध्ययनमा श्रव्य माध्यमबाट भण्डार गरी लेखबद्ध गरिएका तथ्याङ्कहरू ( परिशिष्ट 'क') लाई भिन्न भिन्न रङ्गका कलमको प्रयोग गरी सङ्केतीकरण गरी हरेक शीर्षक र उपशीर्षकका आधारमा भिन्न भिन्न वर्गमा भण्डार गरियो । ( साल्डाना, २००९) ।

तथ्याङ्को सङ्केतीकरणको परिणामस्वरूप भाषाको शक्ति, भाषिक भिन्नता, विचार र पक्षधरता/स्वार्थसँग सम्बन्धित पक्षलाई वर्गीकरण गरियो । यी हरेक वर्ग अन्तर्गत

भाषामा हुने शक्तिका विभिन्न रूपहरूका उपवर्गमा विभाजन गरियो । जसमा 'पदीय/ओहदा', 'कानुन/प्रमाण/ अभ्यास', 'आर्थिक स्थिति', 'शिक्षा/ज्ञान', 'बल/तागत', 'मनोवैज्ञानिक', 'शिष्टता वा भद्रता' रहेका छन् । यसैगरी भाषिक भिन्नताको वर्गका उपवर्गमा 'वर्गीय भिन्नता, 'सामाजिक भिन्नता', 'लैङ्गिक भिन्नता', 'शैक्षिक भिन्नता', रहेका छन् । विचार वा विचारधाराअन्तर्गत नेपाली समाजमा स्थापित भएका परम्पराले निर्माण गरेका विचार वा विचारधारालाई सङ्केतीकरण गरिएको छ भने पक्षधरता वा स्वार्थअन्तर्गत भाषाका वक्ता सहभागीले आफ्नो हित वा भलाइका लागि अथवा आफ्नो स्वार्थ पूरा गर्न भाषाको उपयोग गर्ने कुरालाई सङ्केतीकरण गरिएको छ । जसमा सङ्कथनका वक्ता सहभागी, मुद्दाका पक्ष (अभियुक्त, जाहेरवाला, वादी, प्रतिवादी), न्यायाधीश, कर्मचारी, वादी प्रतिवादीका वकिलले आआफ्ना स्वार्थ अनुकूलका भाषाको प्रयोग गरेको पाइएकोले सोही अनुसार सङ्केतीकरण गरिएको छ । जसमा 'न्याय प्राप्तिको पक्षधरता/स्वार्थ, 'सफाइ पाउने पक्षधरता/स्वार्थ', 'तथ्यको उजागरको पक्षधरता/स्वार्थ', 'सजाय गराउने र न्याय दिलाउने पक्षधरता/स्वार्थ', 'सफाइ दिलाउने पक्षधरता/स्वार्थ', 'उचित न्याय निरूपणको पक्षधरता/स्वार्थ' रहेका छन् ।

**विश्लेषण तथा व्याख्या**

प्रस्तुत अध्ययनमा सङ्कलित तथ्याङ्कहरूमा केही लामा र केही छोटा सङ्कथनात्मक पाठहरू रहेका छन् । अध्ययन विश्लेषणका क्रममा सङ्कलित पाठबाटै सन्दर्भ अनुसारका तथा सङकेत अनुसारका पाठहरूलाई छनोट गरी उपयोग गरिएको छ । तथ्याङ्कहरूलाई दुई किसिमले विश्लेषण गरिएको छ । पहिले पाठगत आधारमा र पछि सबै पाठमा मिल्दा तथ्याङ्कहरूलाई आधार बनाएर व्याख्या विश्लेषण गरिएको छ । निर्धारित शीर्षक र उपशीर्षकका आधारमा गरिएका सङ्केतीकरणका आधारमा व्याख्या र विश्लेषण

गरिएको छ । वक्ता सहभागीले बोलेको सङ्कथनात्मक अभ्यासलाई सामाजिक अभ्यासका आधारमा अध्ययन विश्लेषण गरिएको छ। हरेक शीर्षक र उपशीर्षकलाई सैद्धान्तिक ढाँचाका आधारमा वर्णन, स्पष्टीकरण र व्याख्या गरिएको छ।

**अध्ययनको आचार**

तथ्याङ्क सङ्कलनका क्रममा अदालतको लिखित र मौखिक अनुमति लिएर मात्र सुरक्षित गरिएको छ। यस क्रममा मुद्दाका पक्षहरूको बयान तथा बकपत्र सम्बन्धित जिल्ला अदालतबाट औपचारिक अनुमति लिएर मात्र सङ्कलन गरिएको छ । यसै गरी सहभागीहरूले अदालतमा गरेको वा अदालतको तर्फबाट तयार गरिएको लिखित बयानको लिखतलाई पनि अदालतबाट प्रमाणित गरी सुरक्षित गरिएको छ । यसै गरी कानुन व्यवसायीहरूले मुद्दाका पक्षसँग गरेको कुराकानी सम्बन्धित पक्षसँग अनुमति लिएर सङ्कलन गरिएको छ। गम्भीर प्रकृतिका फौजदारी कसुर सम्बन्धी मुद्दाको सुनुवाई प्रक्रिया तथा मुद्दासँग सम्बन्धित सामग्री मुद्दाका पक्षको गोपनियता सुरक्षित गरिएको छ । यसैले यस शोधप्रबन्धमा कुनै फोटो र वास्तविक नाम राखिएको छैन ।

**अध्याय निष्कर्ष**

यो अध्ययन **व्याख्यात्मक प्रतिमानमा** आधारित छ। बहुसत्यमा आधारित, सहभागीले प्रयोग गरेको भाषाका आधारमा कानुनी भाषामा विविधता हुन्छ भन्ने वास्ताविकतामा आधारित यस अध्ययनको तत्त्वमिमांसा हो । ज्ञानका स्रोतका रूपमा मुद्दाका पक्ष, वकिल र न्यायाधीशका मौखिक अभिव्यक्ति रहेका छन् । विविधतायुक्त समाजमा प्रयोग हुने भाषामा विविध किसिमका समस्याहरू हुन्छन् भन्ने यसको ज्ञान मिमांशा  हो ।

यो अनुसन्धान गुणात्मक विधिमा आधारित छ । यो वर्णनात्मक ढाँचामा रहेको छ । तथ्याङ्क संकलनको श्रोत वा क्षेत्रका रूपमा नेपालका अदालतलाई लिइएको छ । नेपालका अदालतका न्यायाधीश, कर्मचारी, मुद्दाका वादी, प्रतिवादी, जाहेरवाला, अभियुक्त सहभागीका रूपमा रहेका छन् । यो क्षेत्रका यी सहभागीमध्ये अध्ययन क्षेत्रको गम्भीरतालाई मध्यनजर गरी काठमाडौँ, ललितपुर र भक्तपुर जिल्ला अदालतलाई अध्ययनको क्षेत्र छनोट गरिएको छ। मुद्दाका पक्षको बयान, बकपत्र, वकिलको बहस तथा न्यायाधीशको प्रश्नोत्तरको भण्डार (रेकर्ड) तथा अवलोकन र टिपोटका माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ । वायरलेस अडियो रेकर्डरका माध्यमबाट मौखिक भाषाको (बयान, बकपत्र, बहस, प्रश्नोत्तर) रेकर्ड गरिएको छ । मौखिक भाषाको अबलोकन गरी भाषेतर शारीरिक सन्दर्भ, हाउभाउ, मुखाकृतिको अवलोकन र टिपोट गरिएको छ । तथ्याङ्क सङ्कलन सम्बन्धित अदालतबाट अनुमति लिई सहभागीको अनुमतिमा गरिएको छ । यसैगरी अदालतमा विचाराधीन मुद्दामा मुद्दाका प्रतिवादीले गरेका लिपिबद्ध बयान तथा जाहेरवाला वा पीडितले गरेका लिपिबद्ध बकपत्रलाई समेत उतार गरी सामग्री सङ्कलन गरिएको छ ।

सङ्कलित सामग्रीको व्याख्या विश्लेषणका लागि तथ्याङ्कलाई कम्प्युटरमा भण्डार गरी, मौखिक भाषालाई जस्ताको त्यस्तै, लेखबद्ध गरिएको छ । यसक्रममा अवलोकन गरी बनाइएको टिपोटको पनि उपयोग गरिएको छ । लेखबद्ध तथ्याङ्कलाई अध्ययनका उद्देश्य अनुरूप सैद्धान्तिक आधारमा तयार पारिएको अवधारणात्मक ढाँचाका आधारमा सङ्केतीकरण गरिएको छ । सङ्केतीकरणको विविधिताका आधारमा तथ्याङ्को वर्गीकरण गरी वर्गगत रूपमा भण्डार गरिएको छ । यसरी भण्डार गरिएको तथ्याङ्कलाई शीर्षक र उपशीर्षकका आधारमा सैद्धान्तिक ढाँचाका आधारमा वर्णन, स्पष्टीकरण र व्याख्या गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

# अध्याय चार

## सङ्कथनमा अभिव्यक्त भाषिक शक्ति


प्रस्तुत अध्याय तथ्याङ्कहरूको सङ्गठन, प्रस्तुतीकरण, विश्लेषण तथा व्याख्यामा केन्द्रित छ । कानुनी भाषाको आलोचनात्मक सङ्कथन विश्लेषणका लागि अदालत परिसर भित्र न्यायाधीश र वकिल, वकिल र मुद्दाका पक्ष, प्रतिवादी (पीडक) का बयान, वकिलका बहस, वकिलको कार्यालयमा वकिल र मुद्दाका पक्षको कुराकानी तथा पीडितले सम्बन्धित मुद्दाका बारेमा आफ्नो पीडा बताएको बयान तथ्याङ्कहरूका रुमपा अङ्गीकार गरिएको छ । यसरी विश्लेषण गर्दा पूर्व निर्धारित अवधारणात्मक ढाँचालाई आधार बनाइएको छ । अतः प्रस्तुत विश्लेषणमा आलोचनात्मक सङ्कथन विश्लेषणका दृष्टिले तथ्याङ्कहरूलाई वर्गीकरण गर्दा सिर्जना भएका मुख्य चारओटा अवधारणात्मक शीर्षक अन्तर्गत सङ्गठित गरी प्रस्तुत गरिएको छ । अत : ती शीर्षकहरू निम्नलिखित रहेका छन् :

शक्ति वा नियन्त्रण सिर्जित सङ्कथन, भाषिक भिन्नता सिर्जित सङ्कथन, विचार सिर्जित सङ्कथन, पक्षधरता/स्वार्थ मिश्रित सङ्कथन । यी चार प्रकारका कानुनी भाषाका सङ्कथनहरूमध्ये भाषिक शक्तिको विश्लेषण यस अध्यायमा गरिएको छ :

कानुनी भाषामा भएका सङ्कथनहरू अन्तर्गत पर्ने सङ्कथनमा शक्ति, सङ्कथनमा भाषिक भिन्नता, सङ्कथनमा पक्षधरता/स्वार्थ र सङ्कथनमा अभिव्यक्त विचार मुद्दाका पक्षहरूले अदालत परिसर भित्र र बाहिर व्यक्त गरेका मौखिक अभिव्यक्तिमा अन्तर्निहित छन् । यस अध्यायमा यी हरेक शीर्षकहरूलाई क्रमिक रूपमा विभिन्न उपशीर्षकहरूमा विभाजन गरेर विश्लेषण गरिएको छ । यी शीर्षकहरूमा आधारित उपशीर्षकहरूले कानुनी भाषामा विभिन्न किसिमले सिर्जित सङ्कथनहरूका प्रकारलाई चिनाएका छन् ।

**सङ्कथनमा शक्ति**

मुद्दाका पक्षहरूले कानुनी भाषाको प्रयोग गर्दा सङ्कथनात्मक अभ्यासका क्रममा सहभागीहरूमध्ये माथिल्लो दर्जाक्रममा भएका सहभागीहरूको पदीय अवस्था, देशको कानुनी व्यवस्था तथा प्रमाण कानुनको प्रयोग, सहभागीको आर्थिक स्थिति वा समाजको आर्थिक स्थिति, सहभागीको शिक्षा वा ज्ञानको अवस्था, समाज र व्यक्तिको मनोवैज्ञानिक पक्ष, बल वा तागत, बोलाइको शैली वा शालिनता वा भद्रता जस्ता शक्तिका कारकका आधारमा कम शक्ति प्राप्त वा तल्लो दर्जाका मानिनेहरू सहभागीहरू बिचको अन्तर्क्रियामा प्रस्ट भेद देखिने भाषाको प्रयोग भएको पाइन्छ । अर्थात् पद, प्रतिष्ठा, शिक्षा अनुसारको बोली हुनु पर्ने कुरा प्रतिबिम्बित भएको पाइन्छ । कानुनी नेपाली भाषामा यस्ता अन्तर देखाउन सूचकका रूपमा सङ्कथनका सहभागीहरूले प्रयोग गरेको आदरार्थी सूचक शब्दहरू, भाव/वृत्ति सूचक क्रियापदहरू, विशेष किसिमका शब्दहरूको चयन गरेको पाइन्छ ।




*चित्र ३* सङ्कथनमा शक्ति

**पदीय/ओहदाका आधारमा सिर्जित शक्ति** : सङ्कथनका सहभागीको सामाजिक ओहदा वा पदका आधारमा भाषा अभिव्यक्त भएको देखिन्छ अर्थात् भाषाका माध्यमबाट वक्ताको सामाजिक प्रतिनिधित्व प्रतिबिम्बन भएको देखिन्छ । यस्तो शक्ति खास गरी

सम्बोधनसूचक शब्द तथा आदरार्थीको प्रयोगबाट प्रकट भएको पाइन्छ । प्रस्तुत सङ्कथनहरूले यस किसिमको शक्तिलाई प्रतिनिधित्व गरेका छन् :

(१) न्या : के *गर्छौं* त *गुरुङ्जी,* अब खत्तम *गरेछौ त* ? रातभरि बसेको भन्छन् त सँगै ।

(२)पक्ष : काँ बस्ने *हजुर* ? बसेको छैन ।

(३)न्या : त्यो दिदीलाई चै बाहिर निकालेर बहिनीसँग मात्रै *बसेको* ?

(४)पक्ष : होइन नि *हजुर* ? पुलिस बोलाको, पुलिसलाई बोलार पुलिसलाई बुझार पठाको *हजुर*। सिसी क्यामेरा नै देखेछ ।

(५) न्या : कुरै *बुझ्दैनौ* अरू के भन्नु ? अहिले त छोरा मान्छेलाई कानुन नै छैन । छोरा मान्छेका लागि कानुनै छैन । घरकै बुढीले त कतिलाई रेपमा हालिराछन् । के गर्छौ त भन ? कि चाँहि मासु फिरीमा देर अर्कोतिर *लागेको* ?

(६) पक्ष : होइन *हजुर*।

(७) न्या : के *गर्छौं* ? अब अहिले त म केही गर्न सक्दिन । अब बस । साक्षी आएर के भन्छन् ? ती महिलाले आएर होइन भन्दिन भने *तिम्रो* कल्याण होला नत्र त खत्तम छ । ती १४ वर्षकी नानीको माल टन्ट्याङ्मन्ट्याङ भारछ । *तिमीले* गऱ्या हो कि अरूले गऱ्या हो ? (परि. क )

प्रस्तुत पाठका संस्थागत पदीय दृष्टिले उच्च ओहदामा न्यायाधीश रहेका छन् भने मुद्दाका पक्ष सामाजिक रूपमा निम्न तहका सहभागी रहेका छन् । यसरी उच्च ओहदामा रहेका वक्ता सहभागी न्यायाधीशले अर्को सहभागी मुद्दाको पक्षका लागि प्रयोग गरेको भाषामा उच्च शक्ति प्रस्ट रूपमा देखिन्छ । न्यायाधीशले प्रयोग गरेको कथनमा मध्यम

आदरवाची क्रिया ( 'गर्छौ', 'गरेछौ', 'बुझ्दैनौ', 'भन' ) को प्रयोग भएको छ (सं.१), (सं.५), (सं.७) ) । यस प्रयोगले न्यायाधीशको सम्बोधनमा आफू उच्च ओहदाको र मुद्दाको पक्ष वा अर्को सहभागी कुनै न कुनै किसिमले निम्न ओहदा वा शक्तिको भएको प्रस्ट हुन्छ । मुद्दाको पक्षले न्यायाधीशका लागि 'हजुर' सर्वनामको (सङ्कथन (सं.२), (सं.४), (सं.६)) प्रयोग गरेको छ । नेपाली भाषामा उक्त सर्वनामले उच्चतर आदर (अधिकारी २०४९ पृ १०२) दर्शाउँछ । न्यायाधीशले पदीय शक्तिका कारणले मुद्दाका पक्षमाथि मध्यम आदर (तिमी) भनेर सम्बोधन गरेको छ भने पक्षले न्यायाधीशको शक्तिलाई स्वीकार गरेर आफू निम्न शक्ति भएकोले अतिउच्च आदरको प्रयोग गरेको छ । यसै गरी न्यायाधीशले पक्षलाई 'गुरुङजी अब खत्तम गरेछौ ' भनी अतिउच्च आदरार्थीसूचक विशेषण 'जी' को प्रयोग मध्यम आदरार्थी 'गरेछौ' क्रियापदसँग गरेकाले यहाँ उपहासपूर्ण सङ्कथानात्मक अभिव्यक्तिको प्रयोग पाइन्छ ।

प्रयोगार्थ विज्ञानका दृष्टिले सामाजिक निर्देशन (युल, सन् १९९६ पृ.१५६) अन्तर्गत सन्दर्भित आदरार्थीका रूपमा प्रयोग भएको पाइन्छ । तलका पाठका अंशहरूबाट यस कुराको पुष्टि भएको छ :

प्रव. : *श्रीमान्* पसलेको छेउमा सिसि क्यामेरै रैछ के । (सं २४)

न्या : सरकारी वकिल आउनु भएन । (वकिलहरूलाई प्रश्न गर्दै)*विद्वान्*हरू कसको पक्षबाट आउनु भएको हो ? ल शुरु गरौँ । सरकारी वकिल आउदै गर्नु होला । (सं ६१)

प्रव : (उठेर रोस्टममा उभिदै) हस् *श्रीमान्* । म प्रतिवादीको तर्फबाट कानुन व्यवसायी अधिवक्ता बहस पैरवी गर्न उपस्थित भएको छु । *श्रीमान्* म मुद्दाको तथ्यका अतिरिक्त आफ्ना भनाइ राख्ने अनुमति चाहन्छु । (सं ६२)

न्या : *विद्वान्*सँग मेरो जिज्ञासा, जुन यो...ले वडाको सिफारिस सहित निवेदन पेश गरेको छ नि यसको सक्कल त मिसिलमा देखिदैन ? के हो कुरो स्पष्ट पारौँ न । (सं २३६)

प्रव : *श्रीमान्, श्रीमान्* ( हो हो भन्ने आशयमा सहमति दर्शाउँदै ) (सं २३७)

प्रव : हजुर *श्रीमान्* ( सहमति दर्शाउँदै) (सं २४४)

प्रव : *श्रीमान्* ! ठिक छ *श्रीमान्* म आउँछु *श्रीमान्* ! (सं २५२)

न्या : ल, *विद्वान्*का कुरा सुनौँ न त । ( सं.२५५) ( परि. क )

यस्तै इजलासमा न्यायाधीश समक्ष बहस पैरवी गर्दाको अवस्थामा न्यायाधीशले वकिललाई 'विद्वान्' (सं ६१, सं. २३६, सं २५५) भनेर तथा वकिलले न्यायाधीशलाई 'श्रीमान्' (सं २४, सं ६२, सं २३७, सं २४४, सं. २५२) सम्बोधन सूचक प्रयोग भएको पाइन्छ । वकिलले न्यायाधीशलाई सम्बोधन गर्ने 'श्रीमान्' शब्दको अधिक पुनरावृत्ति पाइन्छ तर पदीय शक्तिका रूपमा रहेका न्यायाधीशले वकिललाई गर्ने सम्बोधन 'विद्वान्' को पुनरावृत्ति अत्यन्त न्यून रहेको छ । यसका आधारमा न्यायाधीश पदीय दृष्टिले यस किसिमको प्रयोग गर्दछन् भने वकिलको सम्बोधनमा न्यून शक्तिका कारणले पुनरावृत्तिपरक शब्द प्रयोग भएको देखिन्छ । यी प्रयोगहरू आआफ्नो समुदाय (न्यायाधीश र वकिल) मा प्रयोग प्रचलनमा भएका सम्बोधन सूचक शब्दहरू र यिनले ती समुदायगत शक्तिको प्रतिनिधित्व गरेका छन् । यहाँ न्यायाधीशले भाषाको प्रयोगका माध्यमबाट आफ्नो पदीय हैकम/शक्ति (ग्राम्सी, सन् २०११, पृ. ३७७) प्रस्तुत भएको छ । यी तथ्यहरूले कानुनी भाषाको प्रयोगमा सहभागीले पदीय शक्तिको प्रभावले भाषिक अभिव्यक्ति पनि प्रभावित हुन्छ, उपल्लो ओहदामा रहनेले तल्लो तहकालाई भाषिक रूपमा पनि दमित गर्छन् भन्ने कुरा देखिएको छ । नेपाली भाषामा

सामाजिक भेदका आधारमा आदरार्थी नाम र सर्वनाम (अधिकारी, २०४९, पृ.१०३) को प्रयोग हुन्छ तर कानुनी नेपालीमा प्रयोग हुने श्रीमान्, विद्वान् जस्ता नामवाची आदरार्थीगत भेद ओहदा विशेषका आधारमा प्रयोग गर्ने परम्परा स्थापित भएको पाइन्छ ।

**कानुन/ कानुनी अभ्यास / प्रमाणका आधारमा सिर्जित शक्ति** : सङ्कथनमा राज्यको कानुन, कानुनी अभ्यास तथा सामाजिक मान्यता जस्ता कुराका आधारमा भाषा अभिव्यक्त भएको छ । प्रचलिन कानुनी अभ्यास र कानुनी बन्धनको शक्ति सङ्कथनमा अभिव्यक्त भएको पाइन्छ । यी पाठहरूमा यस किसिमको शक्ति प्रकट भएको पाइन्छ ।

(१) प्रव : बिचरा वहाँको जिन्दगी *बर्बाद बनाइदि* ।

(२) न्या : बर्बादै बनाइ दि ।

(३) न्या : मैसँग रह्यो भने त एक महिनामा हेर्दिउँला काँ बाडिन्छ मुद्दा ?

(४) प्रव : *कानुनै कडा छ दाइ के गर्नु ?*

(५) न्या : *फेरि सुन १८ वर्ष मुनिकालाई त ( हातले इसारा गर्दै) यसो पनि गन हुदैन । सुन फेरि नागरिक्ता सोराँ बन्छ, १८ नागिसकेपछि चै त्यो गन पाइन्छ । ब्या चै २० यता गर्न पाइदैन है । कुरा बुझ ।* ( परि. क )

कानुनी भाषामा कानुन, कानुनी अभ्यास र प्रमाणको ठूलो भूमिका हुन्छ । माथिका सङ्कथनात्मक अभ्यासमा सहभागी वक्तामध्येका वकिलले प्रतिवादीलाई जाहेरवालाले अनाहकमा फसाएर (सं. १) जीवन बर्बाद पारिदिएको अभिव्यक्ति दिएका छन् । वक्ताले यहाँ जबरजस्ती करणी जस्तो गम्भीर कसुरको बात लागेपछि कानुन बमोजिम थुना वा कैदमा बस्नै पर्ने र प्रतिवादीको जीवन बर्बाद भएको अभिव्यक्तिमा कानुनी शक्ति प्रकट भएको छ । यसै गरी कानुन बमोजिम सजाय भोग्ने पर्ने कुरा सहभागी वक्ताले *कानुनै कडा छ दाइ* (सं.

(४) भन्ने अभिव्यक्तिमा पनि कानुनको शक्तिका बारेमा विचार अभिव्यक्त भएको छ । यसै गरी (सं. ५) सहभागीको अभिव्यक्तिमा कानुनी शक्तिको बारेमा विचार अभिव्यक्त भएका छन् । उक्त संवादमा कानुनी आइडोलोजिकल सुपरस्ट्रक्चरद्वारा हेपिएको वा कानुनी हैकम/शक्तिबाट सहमत हुन पुगेको सहभागी वक्ताको प्रतिनिधित्व भएको छ (गौतम, २०७५, पृ. ४५) । यसबाट कानुनी शक्तिका माध्यमबाट भाषिक रूपमा मानिसलाई सहमत गराउन सक्छ भन्ने कुरा स्थापित भएको छ ।

१) न्या. : यसमा अभियोगका साथ पीडित पनि आको छ वकिलसाब ?

२) सव. : पीडित लिएर आएकी छु श्रीमान् ।

३) न्या. : *अब यसपछि के छ त ? प्राक्टिसमा नआएको विषय त ? अब उसको (पीडितको) बकपत्र गराएर थुनछेकको बहस गर्ने गऱ्या छ कि के छ त ?*

४) सव. : श्रीमान् मैले नै १ नं. श्रीमान्कोमा पेश गरेको एउटा मुद्दामा प्रतिवादीको बयान गराए पछि थुनछेकको आदेशमा नै तत्काल पीडितको बयान गर्ने आदेश भयो र भोलिपल्टै बयान भयो श्रीमान् ।

५) न्या. : भने पछि थुनछेकको भोलिपल्ट ?

६) सव. : थुनछेकको आदेश पछि श्रीमान् ।

७) न्या. : त्यसो हो भने थुनछेकको आदेशमै पीडितको यस दिन बकपत्र गराउनु भनेर आदेश गर्नु पऱ्यो ?

८) सव. : श्रीमान् । श्रीमान् ।

९) न्या. : थुनछेकको आदेश पछि सोही दिन पीडितको बयान हुने भयो होइन ? (प्रतिवादीको वकिलतिर फर्कंदै ) हँ वकिलसाब यस्तो प्राक्टिस पो हुने भयो त ?

१०) प्रव. : मैले पनि ललितपुर जि अ मा एउटा मुद्दामा बहस गरेको थिएँ श्रीमान् । त्यसमा प्रतिवादीको बयान भयो त्यसपछि तत्काल पीडितको बयान भयो त्यसपछि थुनछेकको बहस भयो श्रीमान् ।

११) सव. : एक नम्बर श्रीमान्ले पहिले थुनछेकको बहस गरौं त्यसपछि पीडितको बयान गरौं भन्नु भयो । आदेश नै त्यही अनुसार भयो अनि त्यसै गरियो श्रीमान् ।

१२) प्रव. : *हाम्रो अहिलेको फौजदारी कार्यविधि नियमावली २०७५ ले के भन्छ भन्दा श्रीमान् अभियोग पत्र साथ पेश भएका प्रतिवादीको बयान गराउनु पर्ने र अन्यको पनि बयान गराउनु पर्ने भनेको छ भन्दा के भयो भने श्रीमान् प्रतिवादीको बयान समाप्त भएपछि थुनछेकको आदेश गरेर सोही आदेश बमोजिम पीडितको बयान गराउनु पर्ने हुन्छ ।*

१३) न्या : त्यो चै काँ निर भन्छ मैले अघिदेखि त्यही खोजिरा क्या ?

१४) प्रव. : *यो चै श्रीमान फौजदारी कार्याविधि नियमावलीमा भएको व्यवस्था हो अब यहाँको चलन अनुसार चल्नु पर्ने भो श्रीमान् कानुन भन्दा पनि चलन हेनु पर्ने भो ।*

१५) न्या. : अरूले गरेको भन्दा पनि हामीले आफ्नै अदालतले जे गरेको हो त्यही अनुसार गर्नु परो नि ।

१६) प्रव. : मैले भने नि कार्यविधि त्यही हो । सिस्टम के छ त्यसमा जाऊँ श्रीमान् ।

१७) न्या. : *यो भनेको कार्यविधिमा अझ प्रस्ट्याउनु पर्ने हुन्छ ।* (परि. क )

प्रस्तुत पाठमा सहभागीहरूले जबरजस्ती करणी मुद्दामा उपस्थित भएकी जाहेरवालाको बयान थुनछेकको क्रममा नै गराउने वा थुनछेकको आदेश पछि गराउने भन्ने कानुनी व्यवस्था, अदालती अभ्यासका आधारमा मात्र गराउन सकिने (सं. (३) र (१२) कुरामा सङकथनात्मक अभ्यासका क्रममा सहभागीहरूले सहमती दर्शाएका कारणले यस सङ्कथनमा कानुनी व्यवस्था र कानुनी अभ्यासको शक्ति भाषामा प्रकट भएको छ । कानुनी व्यवस्थाको परिपालना गर्न र गराउन भाषिक शक्तिको महत्त्वपूर्ण भूमिका हुन्छ । यस पाठका सङ्कथनात्मक अभ्यासका क्रममा सहभागी न्यायाधीशले कानुन व्यवसायीहरूलाई कानुनद्वारा निर्देशित कार्यविधिको मात्र परिपालना गर्ने सन्दर्भ (सं. (१३), (१७) ) अभिव्यक्त गर्नु कानुनी अभ्यास र प्रमाणको शक्तिका रूपमा प्रकट भएको छ ।

अदालतमा प्रयोग हुने भाषामा कानुन, प्रमाण र कानुनी अभ्यासको भाषिक शक्तिका रूपमा अभिव्यक्त हुन्छ । यहाँ कानुन तथा नेपाली कानुनी प्रणाली नै शक्तिशाली भएको र यही सुपरस्ट्रक्चरका ( गौतम, २०७५, पृ ४५) आधारमा भाषिक क्रियाकलाप पनि निर्देशित हुने र सोही अनुसार सहभागी वक्ताले भाषिक अभिव्यक्ति प्रकट गर्ने तथ्यका बारेमा तलका विभिन्न पाठमा भएका सङ्कथनात्मक अभ्यासहरू प्रस्तुत गरिएको छ ।

न्या. : त्यसो हो भने यो बहस गर्दा चै नबसिदिनु होला ल । वकिलसाबहरूले बहस शुरु गर्नु *भो भने बन्द इजलाश हुन्छ । अरू मानिसलाई बस्न मिल्दैन है । यहा महिलाले बस्न मिद्ल्दैन ।* (सं. २८४)

प्रव : ठिक छ जति गन्थन गरेपनि यही हो । तपाईले यहाँ भित्र बस्दा निस्कने मात्र होइन *म सात वर्ष यही भित्र बस्नु पनि पर्न सक्छ भन्ने मानसिकता बनाउनु होला । भरसक हामी प्रयास गर्छौं । हाम्ले पनि त्यही मिसिल भित्रबाट बोल्ने हो । सफाइ पाउनु भयो भने राम्रो । प्रयास गरौंला* । सं. ४२६)

प्रव : (निरास मुद्रामा) *म सड्ने भएँ यही सर । मलाई जसरी भए पनि निकालिदिनु पर्‍यो । म त बर्बादै हुन्छु ( रुन खोज्दै) मलाई सजाय भयो भने म त यही मछु होला सर ( हातजोड्दै) जसरी भएपनि सफाइ दिलाइदिनु परो सर।* (सं. ४२७)

महिला : *अब त्यो त अदालतले भन्छ नि सही गलत के हो त ।* ( सं. ४४५)

महिला : *जुन गल्ती गर्ने मेन मान्छे ले नै यो न्यायालयमा आएर साँचो भनो भने त ठिकै हो।* (सं. ४६१)

वकिल : यो चै अलि अप्ठ्यारो हुन्छ । *यसमा चै के हुन्छ भने कानुनले दुई तिनटा कन्डिसन राखेको छ केटाले हकमा । पहिलो बिहा गरेर तीन वर्ष सम्म लोग्ने स्वास्नी अलग अलग बसेका हुनु पर्छ । यसको जस्टिफिकेसन हुनुपर्छ । अब या तीन वर्ष भको छैन।* (सं.५५२)

पक्ष : *दुई वर्ष मात्रै हुदैछ।* (सं.५५३)

वकिल : त्यसबाट हामी पछि पर्‍यौं । त्यसमा हामी प्रमाण गुजार्न सक्दैनौं । *बिहे भएपछि तीन वर्ष अलग बसेको हुनुपर्नेमा न्यूनतम मापदण्ड पुगेन । दोस्रो अवस्था भनेको केटीले केटालाई शारीरिक र मानसिक क्षति पुग्ने कुनै कार्य गरेको देखिनु पर्छ । उल्लेचै गम्भीर किसिमको कुटपिट गरेको हुनुपरो।* (सं.५५४)

न्या. : (आदेशात्मक पारामा ) *तपाईहरू यहाँ बस्न मिल्दैन । यो बन्द इजलास हो । यहाँबाट बाहिर जानुहोस् ।* (सं.६१९)

प्रवा : *सातसयजना पढ्ने स्कुलको आमनेसामने हुने ठाउँमा जबरजस्ती हुन्छ कि हुँदैन श्रीमान् ? जुन भनेको दिन छ सर म त्यो दिन म मेरै कुखुरा फारममा बसेको*

*छ । जुन दोस्रो घटना भएको भनेको छ तयो दिन विदेशबाट आएको मेरो सालो भाइलाई क्वारेन्टायनबाट छुटाएर मेरो नालामा भएको ससुराली मेरो मिसेसको साथमा गएको छु ।* (सं.६२६)

वकिल : अनि अंश मुद्दा परेपछि मानाचामलमा दावी गरेपछि श्रीमतीलाई मानाचामल त भर्नु परिहाल्छ नि । अनि । (सं ६४२) (परि. क )

माथिका सङ्कथनात्मक अभ्यासमा कानुनको शक्तिबाट मानिस नियन्त्रित हुन्छ र सोही शक्तिका कारणले कानुन मान्न बाध्यकारी हुन्छ भन्ने तथ्य प्रकट (सं.२८४) भएको छ। यस सङ्कथनमा नेपालको कानुनले महिलाहरूको इज्जतको संवेदनशीलता र गोपनियताको रक्षाका लागि आवश्यक कानुनी व्यवस्था गरेको छ (सं ६१९) (मुफौकासं. २०७४, पृ २०६ दफा १२९) । महिलासँग सम्बन्धित मुद्दा बन्द इजलासमा सुनुवाई गर्ने र यस्तो अवस्थामा इजलासमा मुद्दाका पक्ष, निजका कानुन व्यवसायी र आदलतका कर्मचारीलाई मात्र प्रवेश पाउने व्यवस्था नेपाल कानुनले गरेकोले प्रस्तुत (सं २८४) सङ्कथनमा न्यायाधीशको सङ्कथनमा यही शक्ति निहितार्थका रूपमा प्रकट भएको छ। यसै गरी कानुनी शक्ति तथा न्यायालयको शक्तिका कारणले मानिसले जेलको सजाय पनि भोग्न पर्छ भन्ने प्रतिवादी सहभागीका अभिव्यक्ति (सं ४२६ र सं.४२७ ) बाट प्रकट भएको छ । यसै गरी समाज कानुनद्वारा निर्देशित र सोही बमोजिम नियन्त्रित हुन्छ अर्थात् कानुनको शक्तिका आधारमा भाषिक अभिव्यक्ति निर्माण हुन्छन् (सं ४४५, सं.४६१) । यी सङ्कथनहरूमा कानुन/अदालती अभ्यासका शक्तिले भाषिक अभिव्यक्ति प्रभावित भएका छन् भन्ने तथ्यलाई औँल्याएका छन् । यदि कानुनले निर्धारण गरेका प्रमाण छन् भने नबिराउनु नडराउनु भने झैँ प्रमाणकै आधारमा मानिसले कुनै पनि कसुर वा आरोपबाट मुक्ति पाउन सक्छ भन्ने भाषिक अभिव्यक्ति पनि यसै किसिमको भाषिक शक्तिको प्रस्तुति हो

(सं ६२६ र सं ६४२) । समाजलाई नियन्त्रण गर्ने बल मात्र नभई बलबाहेकका धर्म, संस्कृति, कानुन जस्ता तत्त्व पनि विचारधारात्मक अधिरचनाका रूपमा आउँछन् (ग्राम्सी, २०११ पृ.३७६) । यी माथिका सङ्कथनहरूमा कानुन र कानुनी भाषाका माध्यमबाट सहभागीलाई सोही हैकम/शक्तिको प्रयोग गरी सहमत गराइएको छ ।

**आर्थिक स्थितिका आधारमा सिर्जित शक्ति** : सङ्कथनका सहभागीको आर्थिक स्थिति र आर्थिक परिवेश आधारमा भाषा अभिव्यक्त भएको छ । भाषामा समाजको आर्थिक अवस्था, सहभागीको आर्थिक अवस्था तथा विविध आर्थिक परिवेशले प्रभाव पारेको पाइन्छ । सङ्कथनात्मक अभ्यासमा न्यायबाट बिमुख हुन पर्ने कारण, अन्यायको कारण, न्यायको पहुँचमा बाधा जस्ता अभिव्यक्ति यही शक्तिका कारणले सिर्जित भएको पाइन्छ । तलको पाठले यस किसिमको शक्तिको प्रस्तुत गरेको छ ।

वकिल : मुद्दा लड्ने कुरो सजिलो पनि छैन । तपाईको अंश मुद्दा लड्ने कुरो डेढ दुई वर्ष लाग्छ । है *जल्ले जे भने पनि कम्तीमा दुई वर्ष लाग्छ है । मुद्दा लड्ने कुरो उत्तिकै सहज हुँदैन । याँ सधैँ तारिखमा आउनु पर्‍यो, बहस हुन्छ तारेख हुन्छ, वकिललाई फि बुझाउनु पर्छ । होइन ? अनि केही आउने छ राम्रै छ भने चैं तपाईले अंश नै दावी गर्न मिल्यो । वहाँले दिन्न भन्न पाउनु हुन्न । यहाँबाट मालपोतमा चिठी लेखेर सबै बुझेर गर्दिन्छ । वहाँको कति दाजु भाइ हो बुबा आमा सबैको भाग लगाएर वहाँको भागबाट आधा तपाईले पाउने हो । अब छोरी भको हुनाले छोरीको विवाह खर्च यता उता भन्ने पनि हुन्छन् । छोरीलाई पाल्न परो, हुर्काउन परो होइन ? उसका लागि पनि निश्चित रकम त चाइयो नि त । अब वाँको के कति सम्पत्ति छ भन्ने त हाम्लाई थाहा हुदैन तपाइलाई थाहा होला । (सं १४५)*

पीडित : *म सँग त पैसा छैन सर, मत झाडु लाएर हिड्ने मान्छे।* मेरो त पछाडि खर्च गर्दिने पनि मान्छे छैनन् । मलाई त सम्पत्ति त चाहिदैन । नानीका लागि चै पढाइको खर्च पाए हुने थियो । *(सं १४६)*

वकिल : तपाईले खर्चै नभएर अंश नपाउने भन्ने होइन के । यहाँ पनि वैतनिक कानुन व्यावसायीको व्यवस्था हुन्छ प्रत्येक अदालतमा हैन । *जल्ले खर्च गर्न सक्दैन नि हो त्यस्तालाई सहयोग गर्ने वकिल हुन्छन् यही सरकारले नियुक्त गरेर राखेका हुन्छन् । वहाँले सहयोग गर्नु हुन्छ । तर तपाईको लोग्नेबाट तपाईले अंश पाउने सम्पत्ति छ भने ती वकिलसँग सहयोग मागेर मुद्दा लड्नु होस् नभए लफडा नगर्नु राम्रो हुन्छ । मेरो कुरा बुझ्नु भो नि । (सं १४७)* ( परि. क )

प्रस्तुत सङ्कथनमा वकिलले आर्थिक कारण नै न्यायको पहुँचसम्म पुऱ्याउने साधनका रूपमा अर्थ गरेर आफ्ना अभिव्यक्ति केन्द्रित गरेका छन् । अदालती कार्यविधि ढिलो हुने र अदालतमा न्याय माग्न जानेले वकिलको शुल्कका अतिरिक्त धेरै खर्च बेहोर्नु पर्ने (सं १४५) वास्तविकतालाई आफ्ना अभिव्यक्ति मार्फत प्रकट गरेका छन् । वकिल बिना शुल्क काम गर्दैनन् (सं १४६) र उनीहरूलाई शुल्कको व्यवस्था अदालतले पनि गरिदिएको हुन्छ (सं १४७) भन्ने भाव प्रकट गर्दै यदि अदालतले त्यस्ता वकिल उपलब्ध गराउन नसकेमा अन्यायमा परेका मानिसले न्याय नपाउने कुराको प्रस्ट अभिव्यक्ति पाइएको छ । यसै गरी प्रस्तुत पाठमा सहभागीको निम्न वर्गीय बोली (सं २) प्रस्ट रूपमा झल्कन्छ। *म सँग त पैसा छैन सर, मत झाडु लाएर हिड्ने मान्छे। मेरो त पछाडि खर्च गर्दिने पनि मान्छे छैनन्* यसरी पीडित सहभागीले आफ्नो गरिबी, गरिबीका कारणले अन्यायमा परेको कुरा प्रकट गरी आर्थिक शक्ति नै समाजमा अन्यायको कारक हो भन्ने कुरालाई प्रस्ट पारेकी

छिन् (सं. १४६) । समाजमा मानिस अन्यायमा पर्छ, अन्यायमा परेका विपन्नहरूलाई न्यायदिने न्यायालय/ अदालतले त्यस्ता सामाजिक उत्पीडनमा परेका मानिसहरू आर्थिक शक्तिका कारणले अन्यायमा पर्नु पर्दैन (सं. १४७) भन्ने कुरा पनि वकिल सहभागीका अभिव्यक्तिमा अभिव्यक्त भएको छ । समाजका अन्यायको कारक आथिक शक्ति नै हो भन्ने तथ्यलाई तलका सङ्कथनहरूबाट पुष्टि हुन्छ ।

पक्ष : त्यै बेलादेखि छोडेको । आइलेसम्म काँइ दायाँबायाँ छैन । ऊ आमाछोरी गाउँलेहरू सबै थाभएकै कुरा हो । गाउलेहेरु सबै त्यतै छन् नि उसको । *अनि हजुरले हेरिसके पछि त्यो फिहेरु चाही कसरी हो त्यो भन्नुपरो । वहाँहरूसँग हामीहरूसँग पनि छैन त्यस्तै फेमिलीमै हामी गुज्रेको हैन* । (सं. ५९)

वकिल : अब यस्तो हुन्छ । *फिको कुरा के हुन्छ भने मुद्दा कति लामो हुन्छ त्यै अनुसार फि बड्दै जानेकुरा भयो है । शुरुमा लेख्ने कुरा हो । लेख्ने फि चाहियो । पछि बहस गर्दै जाँदा बहस फि चाहिन्छ । अब अहिले समस्या छ भने त्यै अनुसार मिलाएर गरौँला ।* (सं ६०)

पीडित : *झ्याउ हुँदो रछ, भूकम्पको पैसा आउन आँट्या छ । पैसो आएर एउटा छाप्रो हाल्न पाए हुन्थ्यो भनेको* । (सं. २२२)

पीडित : इन्जिनियरले *सित्तैमा नक्सा बनाइदिन्छु भन्नुभा छ । इन्जिनियर आफ्नै मान्छे छन् नक्सा बनाको पैसो लिँदैनन् । आफूसँग त दिने पैसो नै छैन ।* किन्ने मान्छे को रहेछ ? आयो भने त्यसलाई चुट्टेर लखेट्ने हो । (सं. २२३)

पीडित : *बुबा काममा जाने आमा घरमा बस्ने, यी* ***क*** *.की आमाले बिहान बेलुकी काम सघाउँछे दिउँसो नजिकैको स्कूलमा भर्ना गरिदिन्छु भनी बुबासँग मागेर मलाइ एकवर्ष अगाडि लिएर जानु भएको हो । म सधैँ* ***क*** *कै घरमा बस्थेँ । त्यहीबाट स्कुल जान्थेँ ।* ( सं. ५१३)

पीडित : *मलाई यस्तो गरेपछि कसैलाई नभन्नु भनेर मलाई स्कूलजाँदा खाजा खानु भनेर पैसा दिनुहुन्यो ।* घरमा मेरो काम पनि सघाउनु हुन्थ्यो । मैले पहिला कसैलाई भनिन । पछि धेरै दुख दिन थाल्यो अनि भागेर घर गएर मेरी मिल्ने साथीलाई सुनाएँ । उसले मेरो बुबालाई भनेपछि बुबाले पुलिसमा उजुर गर्नु भयो । (सं. ५१७) (परि. क )

यी माथिका तथ्यहरूबाट आर्थिक शक्तिका कारणले समाजमा अन्यायमा पर्ने तथा न्यायको पहुँचभन्दा टाढा रहनु पर्ने कुरा पाइन्छ । न्याय प्राप्तिका लागि आर्थिक पक्ष शक्तिशाली हुने हुनाले भाषिक अभिव्यक्तिमा समेत आर्थिक स्थिति कमजोर हुने सहभागी (सं. ५९) र आर्थिक पक्ष सबल हुने सहभागी (सं.६०) का भाषिक अभिव्यक्तिमा भिन्नता पाइन्छ । आर्थिक शक्तिका कारणले मानिस अन्यायको शिकार बन्नु पर्ने, घरबारबिहिन बन्नु पर्ने र भाषामा आक्रोष समेत आर्थिक शक्तिले सिर्जना (सं. २२२, सं २२३) गर्दछ भन्ने तथ्य स्थापित भएको छ । फुकोको शक्ति डिस्कोर्सको टेक्स्टमा अन्तर्निहित हुन्छ भन्ने मान्यतामा आधारित छ (गौतम, २०७१ पृ.११२) । समाजमा आर्थिक रूपमा सम्पन्नले विपन्नलाई विभिन्न किसिमका दबाब, प्रलोभन, फुस्ल्याहटमा पारेर आफ्ना गैरकानुनी इच्छाहरू पुरा गर्छन् (सं. ५१३) र यस्ता गैरकानुनी इच्छा पूरा गरी आर्थिक रूपले कम शक्ति भएकाहरू आर्थिक कारणले नै न्यायको पहुँच भन्दा टाढा रहन्छन् (सं. ५१७) । यी भाषिक अभिव्यक्तिका आधारमा आर्थिक शक्तिले सङ्कथनात्मक अभ्यास पनि पनि प्रभावित हुन्छन्, भन्ने तथ्य पाइन्छ ।

**शिक्षा/ज्ञानका आधारमा सिर्जित शक्ति** : सङ्कथनमा शिक्षा/ज्ञानका आधारमा पनि सहभागी शक्तिशाली र कम शक्ति भएका पाइए । शिक्षा/ज्ञानको शक्ति भएका सहभागीहरूले भाषाका माध्यमबाट कम शक्ति भएका सहभागीहरूलाई नियन्त्रणमा राखेको

पाइन्छ । शिक्षा /ज्ञानका आधारमा सिर्जित शक्ति भाषामा अभिव्यक्त हुँदा वक्ता सहभागीले स्रोता सहभागीलाई नियन्त्रण गर्दछ तर त्यहाँ अन्याय भने भएको हुँदैन । भाषामा सल्लाह, सुझावका रूपमा शिक्षित शक्तिवाला सहभागीले अशिक्षित (शिक्षा कम) भएको सहभागी समक्ष प्रस्तुत गर्दछ । यस्तो शक्ति सङ्कथनका सहभागीहरूका अभिव्यक्तिमा प्रकट हुन्छ । यी पाठहरूमा यस किसिमको शक्ति प्रकट भएको छ ।

प्रव : त्यसैले तपाईले त्याँ गएर *अमिनलाई भनेर न्याँको लोकेसन पत्ता लगाएर कित्ता नम्बर पत्ता लाउनुहोस् । पत्ता लाएपछि मालपोतमा गएर हेर्नु पर्छ । (सं ३९)*

पक्ष : मालपोतमा त उसैले हेर्छ कि हामीलाई एकैचोटी डाइरेक्ट पर्सनल्ली हेर्न दिन्छ ? (सं ४०)

प्रव : होइन त्याँ हेर्न दिदैन । अव त्याँ कोइ मान्छे लगाउनु पर्ने अवस्था रहन्छ । (सं. ४१)

पक्ष : त्यस्तै परेछ भने त दिन्छ पनि होला । (सं ४२)

प्रव : *होइन सरोकारवालालाई त नदिने भन्ने कुरो होइन त्यही अमिन ले गएर पनि खोजिदिन सक्छ है उसलाई था भैहाल्छ । कस्को नाममा फिल्डबुक छ कस्का नाममा छ भन्न था भै हाल्छ । त्यो बिबरण आएपछि हामी जिल्ला अदालतमा अंश मुद्दा हाल्छम् बरु गोर्खाको उसको नागरिक्ता नम्बर तपैंको ससूराकै नाममा छ मानबाहादुरकै नाममा होला । त्याँ गएर मालपोतमा खोजे पछि फेला परिहाल्छ ।* (सं ४३)

पक्ष : गोर्खामा गएर सर ? (सं ४४)

प्रव : गोर्खामा । (सं ४५)

प्रव : *अहिले हामीले कुनै पत्ता लाएनौ भने पनि पछि अदालतमा मुद्दा दर्ता भएपछि अदालतबाट तायदाती फाँटबारी भन्ने माग्छ । त्यो बेला उसले दिनै पर्छ । पत्ता लागेन भने उसले दिनै पर्छ कुरो बुझ्नु भएन नि । त्यही भएर पत्ता लागेन भने उसले दिनै पर्छ । पत्ता लाग्यो भने रोक्का राख्थेम् हामी तुरुन्तै । पत्ता लागेन भने जहिले दिन्छ त्यहीले रोक्का राख्न हामी सक्छम् कुरा बुझ्नु भो ?* (सं ४६)

पक्ष : हजुर हजुर । (सं ४७)

प्रव : अब दुई छोराको पनि नाम पत्ता लाउनु परो तपैंको । साइली खत्री हो कि के हो त्यो प्रतिवादीको त्यो पत्ता लाउनुस् हैन ? पवनकली (परिवर्तित नाम) यो नागरिक्ता ल्याइहाल्नु भो हैन ? (सं ४८)

पक्ष : पवनकली खत्री त आमाको भो । (सं ४९)

प्रव : आमाको भो अब वहाँको भैगो । *अब जिल्ला अदालतमा मुद्दा दर्ता गर्नु परो अंश मुद्दा मानाचामल*। दुईजना साक्षी ल्याउनु पर्छ । साक्षी को राख्ने ? (सं ५०)

पक्ष : साक्षी हाम्रो तर्फबाट ? अब त्यहीको जानेमानेहरू बसे भने राम्रो हुन्छ नि ? (सं ५१) (परि. क )

प्रस्तुत पाठमा कानुनको अध्ययन गरेका ज्ञानात्मक शक्ति भएका वक्ताको भूमिकामा रहेका वकिलले अर्का सहभागी पक्ष शिक्षा र कानुनको ज्ञान नपाएका सर्वसाधारण समाजका

आम मानिसको प्रतिनिधित्व गर्ने वक्ता हुन् । सङ्कथनात्मक अभ्यासका क्रममा वकिल सहभागीमा शिक्षा र कानुनी ज्ञानको शक्ति प्रस्ट रूपमा प्रकट भएको पाइन्छ । उनले प्रयोग गरेको भाषामा *अमिन,(सं ४३) फिल्डबुक, (सं. ४३) तायदाती फाँटवारी, (सं. ४६) मानाचामल* (सं. ५०) जस्ता कानुनी क्षेत्रका पारिभाषिक शब्दहरूको प्रयोग भएको छ भने वकिल सहभागीले पक्ष सहभागीलाई अंश मुद्दा अदालतमा दायर गर्न पुऱ्याउनु पर्ने प्रमाण सङ्कलन गर्ने तौर तरिका सिकाएको पाइन्छ । यसरी शिक्षा/ज्ञानको शक्तिले भाषामा पर्याप्त सूचना प्रदान गरेको छ भने यहाँ शक्तिले विभेद अन्याय नगरी नियन्त्रण गरेको पाइन्छ । सङ्कथनात्मक अभ्यासका क्रममा पक्ष सहभागीका जिज्ञासालाई कानुनी शिक्षाको शक्तिका माध्यमबाट वकिल सहभागील प्रस्ट्याएको पाइन्छ । यसकारण शिक्षा/ज्ञानबाट सिर्जित अधिक शक्तिले कम शिक्षा प्राप्त समुदायका वक्तामा नियन्त्रण गरेको पाइन्छ ।

सङ्कथनात्मक अभ्यासका क्रममा वक्ता सहभागीको शिक्षा/ज्ञानका कारणले पनि भाषिक अभिव्यक्ति शक्तिले प्रमावित पारेको  हुन्छ भन्ने तथ्यलाई तलका सङ्कथनात्मक अभ्यासले उजागर गरेको पाइन्छ ।

न्या. : अभियुक्ततिर फर्केर अलि जोसिलो पाराले ) *तपाईले चै वकिल राख्नु भा छ छैन* ? (सं ११४)

प्रवा : (डराएको भावमा) छ । ? (सं. ११५)

न्या. : *हुनुहुन्छ भन्नु न । को हुनुहुन्छ ? यो कोर्ट हो के यहाँ सम्मान गर्ने भाषा प्रयोग गर्नु पर्छ । त्यसरी बोल्नु हुदैन* (हप्काउँदै सम्झाएको भावमा ) ?(सं. ११६)

प्रवा : हुनुहुन्छ । ? (सं. ११७)

न्या : (अलि कडा स्वरमा ) *मैले तपाई भनिराछु । सम्मान गरिराछु । आफूले सम्मान गरे मात्र अरूले सम्मान गर्छन् बुझ्नु भो ।* ? (सं. ११८)

वा : आज तै *पेस्की* की तारिख के छ भनेर । को नि के *ओकिल* कि ठूलो सर भा ठाममा मुद्दा जान्छ रे अनि आएका । *नामै आएन कोनि के भा ठाम* (सँगै बसेकी अलि प्रौढ महिलालाई संकेत गर्दै ) तपाई भन्नु न । (सं. १७९)

वा : *अर्को सर*को मा मुद्दा जान्छ भनेर भन्नु हुन्थ्यो ओकिलले ? (सं.१८०)

व : ए न्यायाधीशकोमा जान्छ मुद्दा भन्नुभा थ्यो हजुरको वकिल साबले ? (सं.१८१)

(परि. क )

माथिका तथ्यहरू न्यायाधीशले प्रतिवादीलाई (सं ११४) वकिल राख्नु पर्ने, तथ्य (सं ११६) र (सं. ११८ ) मा सम्मानसूचक शब्दको प्रयोग गर्नु पर्ने, तथ्य (सं.१७९) मा पीडितले पेशी र अदालतका बारेमा थाहा जानकारी नपाउने कुरा, तथा तथ्य (सं १८०) मा ओकिलले भन्नुभएको कुरा र तथ्य (सं १८१) मा मुद्दा न्यायाधीशकोमा जाने कुरा बताउने कुरा भाषामा आएका शिक्षा/ज्ञानका आधारमा सिर्जित शक्तिका रूपमा अभिव्यक्त भएका छन् । मिसेल फुकोका अनुसार ज्ञान तथा शक्ति केही होइनन्, शक्तिका विविध रूप हुन्, शक्ति भनेको उर्जा हो । त्यसैले ज्ञानका आधारमा निर्मित शक्ति पनि उर्जा हो जसबाट व्यक्ति, समाज, संस्था परिचालित हुन्छन् (गौतम, २०७१ पृ. ११२) । यी तथ्यहरूले शिक्षा/ज्ञानक आधारमा सिर्जित शक्तिले अन्याय वा भेद सिर्जना नगर्ने तर यस्तो शक्तिले बढी शक्ति भएका समुदायले कम शक्ति भएका समुदायलाई सल्लाह दिएको पाइन्छ ।

**बल वा तागतका आधारमा सिर्जित शक्ति** : सङ्कथनमा बल वा तागतका आधारमा पनि सहभागी शक्तिशाली र कमशक्ति भएका पाइन्छन् । बल वा तागतको शक्ति भएका सहभागीहरूले भाषाका माध्यमबाट कम शक्ति भएका सहभागीहरूलाई नियन्त्रणमा राखेको पाइन्छ । बल वा तागतका आधारमा सिर्जित शक्ति भाषामा अभिव्यक्त हुँदा वक्ता सहभागीले स्रोता सहभागीलाई नियन्त्रण गर्ने र अन्याय तथा विभेदको अवस्था सिर्जना भएको देखिन्छ । आफ्नो अनुकूलको काम लगाउन शक्तिवाला सहभागीले कम शक्ति भएका सहभागी बल वा तागत भाषाका माध्यमबाट अभिव्यक्ति गर्ने गरेको पाइन्छ । सङ्कथनात्मक अभ्यासका क्रममा यस किसिमको शक्ति  देखिन्छ :

पीडित : एक महिना पछि एकदिन स्कूल बिदा थ्यो । बिहान आन्टीलाई खाना पकाउन, घर सफा गर्न सघाएँ । खाना खाएर अंकल आन्टी काममा जानु भयो । दाइ र म मात्र घरमा थियौं । म भान्सामा खाना खाएका भाँडा सफा गरिरहेको थैं । *त्यै बेला ऊ आएर मलाई पछाडिबाट च्याप्प समात्नु भयो । पछाडिबाटै मेरा दुध समातेर माड्न थाल्नु भयो । अनि गालामा किस पनि । यस्तो नगर्नु यो राम्रो होइन भनेर मैले उम्कन बल गरैं तर मलाई जोडले समात्नु भयो र माया पो गरेको त रिसाउनु पर्छ त भनेर कसैलाई नभन्न भन्नु भयो ।* मलाई कस्तो कस्तो भैरह्यो । मैले घरको धन्दा सकेर टि भि हेरेर बसिरहेको बेलामा पनि मभए ठाउँमा आएर *मलाई त्यसै गर्नु भयो । मैले उम्कन खोजैं तर सकिन । उल्ले मलाई त्यही लडार कराइस् भने कुट्छु भनी डरदेखाउनुभयो । अनि मेरो सुरुवाल खोलेर उसको पनि लुगा खोलेर उसको पिसाब फेर्ने ठूलो बनाएर मेरो पिसाब फेर्ने ठाउँमा छिराउन खोजनु भयो मलाई एकदम दुख्यो । म रोएँ ।*

*उसले बिस्तारै गर्छु भनेर फेरि २ /३ पल्ट छिरायो । तर भित्र पसाउन सकेन । मलाई एकदमै दुख्यो ।* मलाई सारै पीर भएपछि मैले मेरी साथीलाई यो सबै कुरा भनेर घर भागेर गएँ । मेरी साथीले मेरो बुबालाई भने पछि बुबाले पुलिसमा उजुर गरेछन् । (सं ५१९)

काव्या : यो क ले यस्तो नराम्रो काम गरेको कुरा उसका बुबा आमालाई किन नभनेको त ? (सं ५२०)

पीडित : उसका बुबा आमा उसलाई धेरै माया गर्नु हुन्थ्यो । *घरमा उसले काम बिगारे पनि मलाई नै गाली गर्नु हुन्थ्यो । पिट्नु हुन्थ्यो । ह्वाँहरूले नपत्याउनु होला भनेर डरले नभनेको ।* (सं ५२१)

काव्या : उसले तपाईसँग बिहे गर्छु । श्रीमती बनाउछु पनि भनेको थियो कि ? (सं ५२२)

पीडित : थिएन । (सं ५२३)

काव्या : तपाईलाई प्रहरी कार्यालयमा र अदालतमा प्रश्न सोद्धा कसैले केही नराम्रो भने? (सं ५२४)

पीडित : प्रहरी कार्यालयमा चाहिँ पुलिस दाइहरूले माड्दा मजा भएन, छिराउँदा कस्तो भयो जस्ता अनेक कुरा भनेर मलाई गिज्याउनु भयो । *मलाई मर्नु जस्तो लाग्यो ।* तर अदालतमा राम्रो व्यवहार भयो । वहाँहरूले नडराई सबै कुरा भन भन्नु भयो । मैले सबै कुरा बताएँ । (सं ५२५)

काव्या : पुलिस कार्यालयका पुलिस दाइहरूले के भने ? (सं ५२६)

पीडित : छाडा छाडा बोले । (सं ५२७)

काव्या : के भने भन्न सक्नु हुन्छ ? (सं ५२८)

पीडित (लजाएर घोसे मुन्टो लगाएर ) *के मजा आयो । कस्तो हुँदो रहेछ भनेर गिज्याए । मैले सबै कुरा भन्न सकिन । के के लेखेर सही गर भने मैले सही गरिदिएँ*। (सं ५२९)

काव्या : तपाईलाई पढेर सुनाए कि सुनाएनन् ? (सं ५३०)

पीडित : सुनाएनन् । (सं ५३१) (परि. क )

प्रस्तुत पाठमा जबरजस्ती करणीबाट पीडित बालिकाले आफू पीडकबाट बल वा तागतका कारणले बलात्कृत भएको कुरालाई आफ्नो अभिव्यक्ति (सं. ५१९) मा प्रकट गरेकी छिन् । भाषिक अभिव्यक्ति वक्ताको बल वा तागतमा पनि निर्भर हुन्छ र मानिसले बल र बलपूर्वक प्रस्तुत गरेको अभिव्यक्तिले एकले अर्कोलाई दबाउने गर्दछ भन्ने तथ्य पनि यस सङ्कथनमा पाइन्छ । यो एन्टोनियो ग्राम्सीको दृष्टिकोणमा भाषिक हैकम (गौतम २०७५, पृ ४३) हो । समाजमा बालिका, महिला शारीरिक र भाषिक रूपमा प्रयोग हुने बलका कारणले बलात्कार जस्तो जघन्य हिंसाको शिकार हुनु परेको तथ्य (सं. ५१९ र (सं. ५२१) प्रकट भएको छ । पीडकले प्रयोग गरेको भाषाको शक्तिले बालिका अन्यायमा परेको प्रस्ट देखिन्छ । *माया पो गरेको त रिसाउनु पर्छ, कसैलाई नभन्नु नि (सं ५१९), नपत्याउनु होला भनेर डरले नभनेको (सं. ५२१)* जस्ता अभिव्यक्तिमा पीडकको भाषाका बलको शक्ति पाइन्छ । बलात्कारजस्तो जघन्य हिंसाको सिकार भएर अदालतमा न्याय माग्न पुगेकी बालिकालाई न्याय अन्याय छुट्याउन प्रमाण सङ्कलनको प्रमुख दायित्व बोकेको प्रहरी

प्रशासनबाट बल र बर्दीको आडमा (सं ५२५ ), ( सं. ५२९) अश्लील र अभद्र अभिव्यक्तिका माध्यमबाट भाषिक बलको प्रयोग गरेर भौतिक रूपमा बलात्कारको शिकार बनेकी बालिकालाई भाषिक र मानसिक रूपमा पनि बलात्कारको शिकार भई दोहोरो अन्यायमा परेको देखिन्छ । यसरी भाषिक बल वा तागतको कारणले मानिस समाजमा अन्यायको भागीदार बन्नु परेको तथ्यलाई यस पाठका घटनाले पुष्टि गरेको छ ।

बल वा तागत सिर्जित शक्तिका कारणले सङ्कथनात्मक अभ्यासका क्रममा वक्ता सहभागीले स्रोता सहभागी माथि हेपाहा अभिव्यक्ति प्रस्तुत गर्ने तथ्यलाई तलका सङ्कथनहरूले प्रस्तुत गरेका छन् :

प्रवा. : मैले त्यस्तो गरेकै छैन भन्दा पनि चौकीको सरहरूले जबरजस्ती आफैँ कागज बनाएर सही गर्न लगाउनु भयो । (सं ९५)

प्रवा. : म २ क्लास पडेर छोड्नुभो । प्रहरीहरू आइरहनु हुन्थ्यो । *तिमीले यो कागजमा सही गऱ्यौ भने छुट्छौ* चाँडै भन्नु हुन्थ्यो सही गर्न लगाउनु हुन्थ्यो अनि मैले सही गर्दिएँ । (सं. ९९)

पुरुष : त्यो *झुटो कुरो चाहीँ नभन है रन्डी । साला छौडा । अहिले हान्दिन्छु अनि* । (हात उजाउदै लरबरिएको बोलीमा) (सं.१५२)

पीडितः मलाई सम्सेर तामाङ भन्ने मान्छेले बिहे गर्छु भनेर उसको दिदीको घरमा लगेर एकरात राखेर *जबरजस्ती गरेर मेरो इज्जत लुटेर मलाई छोडी भागी गयो* । मैले प्रहरीमा उजुरी गर्यो अनि पक्रेर राखेको छ अरे । अदालतमा बयान दिन बोलाकोले आकी । (सं. ४८७) ( परि. क )

यी सङ्कथनहरूमा प्रतिवादीले कसुरमा इन्कार गर्दा गर्दै प्रहरीले बोलीको बल वा तागतका आधारमा सही गर्न बाध्य बनाइएको (सं. ९५), कागजमा सही गरेमा थुनाबाट मुक्त हुने भाषिक बल (सं. ९९), लोग्नेले स्वास्नीलाई अश्लील गाली गलौज गरेर कुट्छु, पिट्छु (सं. १५२ ), भन्ने भाषिक बल प्रयोग गरेको, यस्तै जबरजस्ती गरेर इज्जत लुटेको ( सं ४८७) कुरा जबरजस्ती गर्ने पुरुषको शारीरिक र भाषिक बलसँग सम्बन्धित शक्तिको प्रतिनिधित्व भएको छ । यसरी शारीरिक रूपमा बलिया वा शारीरिक शक्तिशालीले कम शक्ति भएका मानिसप्रति भौतिक र भाषिक दुबै रूपमा शक्तिको प्रयोग गरेर अन्याय गर्छन् भन्ने कुरा यी माथिका सङ्कथनात्मक संरचनाबाट पुष्टि भयो ।

**मनोवैज्ञानिक / तार्किक आधारमा सिर्जित शक्ति** : सङ्कथनमा मनोविज्ञान वा तर्कका आधारमा पनि सहभागी शक्तिशाली र कमशक्ति भएका पाइन्छन् । मनोवैज्ञानिक / तार्किक शक्ति भएका सहभागीहरूले भाषाका माध्यमबाट कम शक्ति भएका सहभागीहरूलाई नियन्त्रणमा राखेको पाइन्छ । मनोवैज्ञानिक / तार्किक आधारमा सिर्जित शक्ति भाषामा अभिव्यक्त हुँदा वक्ता सहभागीले स्रोता सहभागीलाई नियन्त्रण गर्दछन् र हेपाइको अवस्था सिर्जना भएको पाइन्छ । आफ्नो अनुकूलको काम लगाउन शक्तिवाला सहभागीले कम शक्ति भएका सहभागीलाई मनोवैज्ञानिक वा तार्किक भाषाका माध्यमबाट अभिप्रेरित गरेको पाइन्छ । यस किसिमको शक्तिलाई पाठमा प्रस्तुत गरिएको छ :

पीडितः *मो बिरामी थ्यो । देउता बिग्रेर एस्तो भएको भनेर झारफुक गर्ने मान्छेले जाति बनाउँछ भनेर म आमा र दिदीसँग झारफुक गर्ने मान्छेको डेरामा गयो ।* अनि मलाई झारफुक गार्छ भनेर एक्लै कोठामा थुनेर जबरजस्ती गरेकोले पुलिसलाई उजुर गरेको हो । (सं. २५३)

सव : तपाईलाई ती झारफुक गर्ने (प्रतिवादी) ले के गरे ? (सं. ५३४)

पीडितः साउनको २३ गते दिउँसो *म दिदी र आमासँग झारफुक गर्ने मान्छेको मा गाको । आमा र दिदीलाई कोठा बाहिरै बस्न भन्यो मलाई झारफुक गर्ने मान्छेले भित्र लग्यो । मलाई भित्र लगेपछि पाहिले आँखा बन्द गरेर बस् भन्यो । एकछिन के के मन्त्र पढ्यो । मलाई आँखा बन्द गरी मुख आँ गर्न भन्यो । पानीले छर्कियो । मलाई शान्त भएर बस्न भन्यो । एकछिन पछि केही तातो तातो चिज मेरो मुखमा हालेर भित्र बाहिर गर्न थाल्यो र भन्यो आँखा नखोल म तिम्रो भूत भगाउदैछु भन्यो* एकछिन पछि तातो तातो पानी जस्तो मेरो मुख भरि खस्यो आँखा खोल्दा त मेरो मुखमा उसको पिसाब फेर्ने ठाडो पारेर हालेर निकालेर सेतो पानी मेरो मुखमा पारेको देखेपछि म आत्तिएर चिच्याएँ । मलाई बान्ता भयो । म कराएको सुने पछि दिदी र आमा कराउनु भयो । ढोका ढकढक गर्नु भयो । उसले लुगा लगाएर ढोका खोली आमा र दिदीलाई यो कुरा कसैलाई नभन्नु भनी पैसाको बिटो दियो । हामीलाई चाहिदैन तँलाई जसरी पनि कारवाही गर्छौं भनी आमा र दिदीले भन्नु भयो । त्यसपछि त्यो भाग्यो । हामीले प्रहरीमा गयो र भन्यो । (सं ५३५)

सव : अनि तपाईलाई आँखा बन्द गरेपछि के गर्न लाग्दैछ भनेर हेर्न मन लागेन ? (सं ५३६)

पीडितः *म बिरामी थियो । सबैले यो जान्नेले झारफुक गरेर निको पार्छ भन्ने सुनेर आकोले निको पार्न यसो गरेको होला भनेर जे भान्छ गऱ्यो ।* (सं ५३७) (परि. क)

यस पाठमा शक्ति अन्धविश्वास माथिको अति विश्वास गर्ने मनोविज्ञानबाट सिर्जित भएको छ । सहभागी पीडित नेपाली समाजमा व्याप्त झारफुक जस्तो अन्धविश्वासी परम्पराको मनोवैज्ञानिक कारणबाट अन्यायको शिकार बनेको तथ्य प्रस्तुत भएको छ । यस पाठमा मनोवैज्ञानिक शक्तिका रूपमा अन्धविश्वास तथा समाजमा संस्कृतिका रूपमा स्थानान्तरण गर्दै लैजाने झारफुके धामीहरूको हिंसाजन्य क्रियाकलाप र त्यस्तो क्रियाकलापबाट पीडित बन्न पुगेको यथार्थ प्रकट भएको छ । मानिस देउता रिसाएर वा देउता बिग्रिएर बिरामी पर्छ र देउतालाई खुसी बनाउने निश्चित जान्ने मान्छे वा झारफुक गर्ने मान्छे हुन्छन् तिनीहरूले बिरामी निको बनाउँछन् ( सं १) भन्ने अन्धविश्वास र यो अन्धविश्वास नेपाली समाजमा खराब संस्कृतिका रूपमा रहेको कुरा पीडित सहभागीले अभिव्यक्त गरेकी छिन् । यसै गरी यस्ता झारफुक गर्ने मानिसले जे भने पनि परीक्षण बेगर विश्वास गर्ने प्रचलन रहेको तथ्य (सं. (३) मा अभिव्यक्त भएको छ । यहाँ पीडितको भाषिक अभिव्यक्तिमा मनोविज्ञानिक शक्तिको प्रबलता देखिन्छ । झारफुक गर्ने मान्छे र त्यस्तो अन्धविश्वासी मनोविज्ञानबाट पीडितको अभिव्यक्तिमा सो सामाजिक विकृति अभिव्यक्त भएको पाइन्छ । समग्रमा यस पाठमा (सं. ५) अन्धविश्वासका कारणले मनोविज्ञानमा पारेको प्रभाव र सो प्रभावबाट अन्यायमा पर्नु परेको तथ्य उद्घाटन भएको पाइन्छ ।

मिसेल फुकोले शक्ति बल वा तागतमा मात्र सीमित नभई शक्ति सम्बन्ध समाजका हरेक पक्षमा अन्तरसम्बन्धित भएर रहेको हुन्छ (गौतम २०७१, पृ. ११३) भनी बताएअनुसार यी माथिका सङ्कथनहरूमा मनोवैज्ञानिक पक्षसँग शक्ति अन्तिर्निहित भएर भाषिक रूपमा प्रकट भएको छ । समाजमा मानिसको मनोविज्ञान वा समाजले सिर्जना गरेको मनोवैज्ञानिक संरचनाले मानिसका अभिव्यक्ति पनि सोही अनुसार प्रकट हुन्छन् भन्ने तथ्यलाई तलका पाठका अंश/सङ्कथनहरूले अझ स्पष्ट पारेका छन् :

प्रवा : *तिमीले यो कागजमा सही गर्‍यौ भने छुट्छौ चाँडै भन्नु हुन्थ्यो सही गन लगाउनु हुन्थ्यो अनि मैले सही गर्दिएँ।* (सं ९९)

वकिल : *ल ल गर्नु होस् । अब हिम्मत नै हार्नु हुँदैन न्याय पाइन्छ । आफ्नो हकको जति काँही कसैले हरण गरेर लान सक्दैन।* (सं. २३०)

बालक : (निन्याउरो अनुहार लगाएर) त्यो दाइसँग पहिले देखि नै चिनजान थियो । *कहिले काँही हामीलाई घुम्न जाऊँ भन्नुहुन्थ्यो अनि हामीलाई मिठाइ किनेर दिनु हुन्थ्यो । अँगालो हाल्नु हुन्थ्यो । मेरो भाइ भनेर गालामा किस पनि खानु हुन्थ्यो । एकदम माया गर्नु हुन्थ्यो । अस्ति पनि दाइले घुम्न जाऊँ म तिमीलाई जुस किनेर खुवाउँछु आउ मेरो भाइ भनेर कपाल सुम्सुम्याउनु भयो । अनि मलाई दाइको कोठामा लग्नु भो । कोठामा पसेपछि कोठाको चुकुल लगाउनु भयो । त्यसपछि त्यो दाइले...।* (सं ५२२) ( परि. क )

यी माथिका तथ्यहरूमा (सं. ९९) सही गरेमा तत्काल प्रहरी हिरासतबाट छुट्ने मनोविज्ञान, *ल ल गर्नु होस् । अब हिम्मत नै हार्नु हुँदैन न्याय पाइन्छ । आफ्नो हकको जति काँही कसैले हरण गरेर लान सक्दैन* (सं. २३०) भनेर आफ्नो हकका लागि र न्याय प्राप्तिका लागि कानुनी लडाइँ लड्नु पर्छ भन्ने भरोसाले मनोवैज्ञानिक शक्ति प्रदान गरेको तथा (सं. ५२२) बालकलाई माया ममता देखाएर नजिक बनाउने मनोवैज्ञानिक शक्तिले बालक अन्यायमा परेको तथ्यलाई उजागर गरेको पाइन्छ । यी तथ्यहरूका आधारमा सहभागी वक्ताहरूका अभिव्यक्तिमा मनोवैज्ञानिक शक्तिका आधारमा सिर्जित शक्तिले प्रहरीको मनोवैज्ञानिक दबाबबाट पनि भाषामा हेपाइ प्रकट गर्दछ भन्ने देखिन्छ ।

**अभिव्यक्तिको शिष्टता वा भद्रताका आधारमा सिर्जित शक्ति** : सङ्कथनका सहभागीको सामाजिक आर्थिक अवस्था, पदीय हैसियत र संस्थागत संलग्नताका आधारमा भाषिक शैली निर्धारण गरेको हुन्छ । वक्ताले बोल्ने शैलीमा पनि भाषिक शक्ति प्रकट भएको देखिन्छ । यसले पनि वक्ताले बोलेका अभिव्यक्तिले सहभागीलाई हेपाइ सिर्जना गरेको पाइन्छ । अभिव्यक्तिगत शैली (शालीनता, भद्रता) ले सिर्जना गरेको शक्तिलाई यस पाठमा प्रस्तुत गरिएको छ :

न्या : *मेडम भन्नु होस् न । हजुर कस्को पक्षबाट ? (सं २३९)*

प्रव : *श्रीमान् म प्रतिवादीको पक्षबाट श्रीमान्* । यो मिसिल भरि सबैतिर मुद्दा चाहि लिखत सम्बन्धी कसूर भनेको छ अनि मागदावी चै दफा ३४ लगाएको छ । यो के कस्तो किसिमको अभियोग दावी हो श्रीमान् ? अभियोग नै स्पष्ट छैन । यसमा अभियोग पूरा भा हो कि उद्योग मात्र हो भन्ने कुरा मिसिलले *बोलेकै छैन श्रीमान्* । (सं २४०)

न्या.: के अनुसन्धान गर्छन् ? *विद्वान महोदया,* यी अनुसन्धान अधिकारीहरू ? बिजोग छ । (सं २४१)

प्रवः अव यसमा अर्को पनि कानुनी त्रुटि के छ भन्दा *श्रीमान्,* यो वारिसनामा बन्या छ पचहत्तरको असारको ३१ *गते श्रीमान्* । अनि श्रीमान् साउनको आठ गते वारिसनामाका आधारमा सिफारिस माग भा छ । (सं. २४२)

न्या : *वकिल साव, वारेसनामा कहिले बन्यो ? असारको ३१ गते ? (सं २४३)*

प्रव: *हजुर श्रीमान् । (सं २४४)*

न्या.: यो ता अब घरायसी लिखत भयो ठिकै छ, केही भएन । *(सं २४५)*

प्रव: *घरायसी लिखत भन्दा पनि अझै छ श्रीमान् (सं २४६)*

न्या.: *प्लिज प्लिज, अगाडि जानु होस् । (सं २४७)* (परि. क)

यस पाठमा एक सहभागीले अर्को सहभागीप्रति सम्मानको भाव प्रकट गरेको छ । यी अभिव्यक्तिमा प्रयोग भएको भद्रता शिष्टताका रूपमा रहेका छन् । यहाँ कानुन व्यवसायीबाट न्यायाधीशलाई सम्बोधन गर्दा उच्चताभाव झल्कने *'श्रीमान्'* शब्द (सं २४०), (सं २४२), (सं २४४), (सं २४६) प्रयोग भएको छ । त्यही शिष्टतालाई अझ शालीन रूपमा प्रस्तुत गर्न पुनरावृत्तिपरक प्रयोग भएको पाइन्छ । यस्तै न्यायाधीशबाट वकिललाई *'विद्वान', 'मेडम' 'हजुर'* ( सं. २४१), *'विद्वान महोदया '* (सं. २४३), *'वकिल साब'* (सं. २४५) जस्ता भद्रता वाचक सम्बोधन गरिएको छ । सङ्कथनमा संस्थागत संलग्नताका आधारमा शालीनता वा भद्रता निर्धारण भएको पाइन्छ । कानुनी नेपाली भाषाको प्रयोगमा पनि न्यायाधीशले वकिललाई गर्ने भाषिक व्यवहार, वकिलले न्यायाधीशमाथि गर्ने भाषिक व्यवहार, वकिलले पक्षमाथि गर्ने भाषिक व्यवहार, कर्मचारीले मुद्दाका पक्षमाथि गर्ने भाषिक व्यवहार भिन्न भिन्न रहेको पाइन्छ। यो भिन्नतामा पनि भाषिक हेपाइ प्रस्ट रूपमा देखिन्छ । प्रस्तुत पाठमा पनि भद्रताभित्र न्यायाधीशले वकिललाई गर्ने सम्बोधनमा औपचारिक भाषाका रूपमा चलनचल्तीको सम्बोधन वा सांस्कृतिक रूपमा स्थापित सम्बोधनको प्रयोग भएको छ भने न्यायाधीशबाट पनि वकिललाई सोही अनुसारको सम्बोधन र भाषिक शैलीको प्रयोग भएको छ । यसरी हेर्दा वक्ताले बोलेको कुरा प्रभावकारी रूपमा सम्पादन गर्न भद्रता सिर्जित शक्तिको महत्त्वपूर्ण भूमिका देखिन्छ ।

शिष्टता वा भद्रता पनि शक्ति सम्बन्धको एक प्रमुख कारक हो । शिष्ट वा भद्र भाषिक प्रस्तुतिका माध्यमबाट पनि सहभागी वक्ताले अर्को सहभागीमाथि अन्याय गरिरहेको हुन्छ । भद्रताका पनि विविध रूप हुने हुन्छन् । कुनै भद्रताले सहभागी वक्ताले स्रोतलाई इज्जत, मान मर्यादा गर्दछ भने कुनै भद्रता व्यङ्ग्यका रूपमा प्रकट भई स्रोतालाई हेप्ने र अन्याय गर्ने प्रकृतिका हुने तथ्यलाई तलका विभिन्न सङ्कथनहरूले प्रस्तुत गरेका छन् ।

| | |
|---|---|
| न्या : | *के गर्छौ* त गुरुङजी, अब खत्तम *गरेछौ* त ? रातभरि बसेको भन्छन् त सगैं । (सं. १) |
| पक्ष : | काँ बस्ने *हजुर* ? बसेको छैन । (सं. २) |
| न्या : | सरकारी वकिल *आउनु भएन* ? (वकिलहरूलाई प्रश्न गर्दै) *विद्वानहरू* कसको पक्षबाट आउनु भएको हो ? ल शुरु गरौँ । सरकारी वकिल आउदै गर्नु होला । (सं. ६१) |
| प्रवः | (उठेर रोस्टममा उभिदै) *हस् श्रीमान्* । म प्रतिवादीको तर्फबाट कानुन व्यवसायी अधिवक्ता .बहस पैरवी गर्न उपस्थित भएको छु । (सं ६२) |
| प्रवा : | *सर* यो मुद्दा अब कति समयमा सकिन्छ ? (सं ४१७) |
| प्रव : | हिजो आदेश भएको मेडिकल रिपोट जति छिटो आँउँछ त्यति नै छिटो सकिन्छ । ( सं. ४१८) |
| प्रवा. : | मेरो पहिलेको वकिलले मलाई किन ढाँटेको ( रिसाउँदै) हिजो मेरो परिवारसँग अब सात दिनमा सकिन्छ *भन्यो रे* । यो मुद्दा *उसैले* बिगारेको हो सर । (सं. ४२१) |
| | ( परि. क ) |

यहाँ (सं. १) का तथ्यहरूमा न्यायाधीशले मुद्दामा पक्ष वा प्रतिवादीलाई विभेदजन्य भद्रताको उपयोग गरेका छन् । यसमा शिष्टता वा भद्रतालाई शक्तिका रूपमा उपयोग गर्दै

हेपाइ /उपहास (अधिकारी, २०७६, पृ.१०६) को भाव वा व्यङ्ग्यात्मक भाव प्रकट गरेको पाइन्छ । यस पाठमा पक्ष वा प्रतिवादी हेपेर विभेदमा पारिएको रूपमा सम्बोधन गरिएको छ। सङ्कथनात्मक अध्यासका क्रममा हेपिनु संस्कार ( सं. २) का रूपमा स्थापित देखिन्छ । यसै गरी न्यायाधीशले आफ्नो आशनमा (सं. ६१) बसी बसी सम्बोधन गरेका छन् भने वकिलले आफ्नो प्रस्तुतिका क्रममा शालीन ढङ्गले उठेर ( सं. ६२) अभिवादनसहित आफ्नो अभिव्यक्ति दिएका छन् । यस पाठमा शिष्टताको प्रयोग भए पनि भद्रता वा शिष्टताको शैलीले वकिल हेपिएको प्रस्ट भएको छ । यस्तै प्रतिवादी वक्ताले विषयका रूपमा रहेको अदृश्य सहभागीलाई विभेदजन्य शिष्टताको प्रयोग (सं.४१७) गरेबाट मानिस स्रोताको अनुपस्थिति ( सं. ४२१) मा शिष्टताबाट सिर्जित शक्तिको प्रयोग गरी भाषिक अन्याय गर्दछ भन्ने पाइन्छ ।

**अध्याय निष्कर्ष**

निष्कर्षमा कानुनी भाषाको प्रयोगमा विभिन्न किसिमका शक्तिका कारकले भाषालाई प्रभावित पारेका हुन्छन् । सहभागीहरूको पदीय अवस्था, देशको कानुनी व्यवस्था तथा प्रमाण कानुनको प्रयोग, सहभागीको आर्थिक स्थिति वा समाजको आर्थिक स्थिति, सहभागीको शिक्षा वा ज्ञानको अवस्था, समाज र व्यक्तिको मनोवैज्ञानिक पक्ष, बल वा तागत, बोलाइको शैली वा शालिनता वा भद्रता जस्ता शक्तिका कारक हुन् । तल्लो दर्जामा भएका सहभागीहरू जो शक्ति अप्राप्त छन् तिनका बिचको अन्तर्क्रियामा शक्ति प्राप्त व्यक्ति र शक्ति अप्राप्त व्यक्ति बिच प्रस्ट भेद देखिने भाषाको प्रयोग भएको पाइन्छ । कानुनी सङ्कथनका सहभागीहरूमा न्यायाधीश उच्च ओहोदामा बस्ने भएकोले न्यायाधीशले प्रयोग गर्ने भाषामा सामान्य आदर, मध्यम आदर र अनादरवाची भाषाको प्रयोग भएको पाइन्छ । यसै गरी निम्न ओहोदामा रहने वकिल र मुद्दाका पक्षले माथिल्लो ओहदामा रहने

न्यायाधीशका लागि अतिउच्च आदर र उच्च आदरको मात्र प्रयोग गरेको पाइन्छ । यसका आधारमा न्यायाधीश पदीय दृष्टिले यस किसिमको प्रयोग गर्दछन् भने वकिलको सम्बोधनमा न्यून शक्तिका कारणले पुनरावृत्तिपरक प्रयोग भएको देखिन्छ। यी प्रयोगहरू आआफ्नो समुदाय (न्यायाधीश र वकिल) मा प्रयोग प्रचलनमा भएका सम्बोधन सूचक शब्दहरू र यिनले ती समुदायगत शक्तिको प्रतिनिधित्व गरेका छन् । यी पाठहरूमा प्रयोगार्थ विज्ञानका दृष्टिले सामाजिक निर्देशन अन्तर्गत सन्दर्भित आदरार्थीका रूपमा प्रयोग भएको पाइन्छ । कानुनी भाषामा कानुन, कानुनी अभ्यास र प्रमाणको ठूलो भूमिका हुन्छ। सङ्कथनात्मक अभ्यासमा वक्ताले यहाँ जबरजस्ती करणी जस्तो गम्भीर कसुरको बात लागेपछि कानुन बमोजिम थुना वा कैदमा बस्नै पर्ने र प्रतिवादीको जीवन बर्बाद भएको अभिव्यक्तिमा कानुनी शक्ति प्रकट भएको छ । यसै गरी कानुन बमोजिम सजाय भोग्ने पर्ने कुरा सहभागी वक्ताका अभिव्यक्तिमा पनि कानुनको शक्तिका बारेमा विचार अभिव्यक्त भएको छ । संवादमा कानुनी शक्तिका कारणले मानिसलाई कानुनको अधीनस्थ हुनुपर्छ भन्ने बाध्यात्मक अवस्था भएको कुरा प्रस्ट पारेको छ ।

कानुनी सङ्कथनका आर्थिक शक्तिले पनि भाषामा प्रभाव पारेको हुन्छ । वकिलले आर्थिक कारण नै न्यायको पहुँचसम्म पुऱ्याउने साधनका रूपमा अर्थ गरेर आफ्ना अभिव्यक्ति केन्द्रित गरेका छन् । अदालती कार्यविधि ढिलो हुने र अदालतमा न्याय माग्न जानेले वकिलको शुल्कका अतिरिक्त धेरै खर्च बेहोर्नु पर्ने वास्तविकतालाई आफ्ना अभिव्यक्ति मार्फत प्रकट गरेका छन् । वकिल बिना शुल्क काम गर्दैनन् र उनीहरूलाई शुल्कको व्यवस्था अदालतले पनि गरिदिएको हुन्छ भन्ने भाव प्रकट गर्दै यदि अदालतले त्यस्ता वकिल उपलब्ध गराउन नसकेमा अन्यायमा परेका मानिसले न्याय नपाउने कुराको प्रस्ट अभिव्यक्ति पाइएको छ । पाठमा सहभागीको निम्न वर्गीय बोली प्रस्ट रूपमा

झल्कन्छ । सङ्कथनका सहभागीका अभिव्यक्तिबाट आफ्नो गरिबी, गरिबीका कारणले अन्यायमा परेको कुरा प्रकट गरी आर्थिक शक्ति नै समाजमा अन्यायको कारक हो भन्ने कुरालाई प्रस्ट भएको छ । समाजमा मानिस अन्यायमा पर्छ, अन्यायमा परेका विपन्नहरूलाई न्यायदिने न्यायालय/अदालतले त्यस्ता सामाजिक उत्पीडनमा परेका मानिसहरू आर्थिक शक्तिका कारणले अन्यायमा पर्नु पर्दैन भन्ने कुरा पनि वकिल सहभागीका अभिव्यक्तिमा अभिव्यक्त भएको छ ।

सङ्कथनमा बल वा तागतका आधारमा पनि सहभागी शक्तिशाली र कमशक्ति भएका हुन्छन् । बल वा तागतको शक्ति भएका सहभागीहरूले भाषाका माध्यमबाट कम शक्ति भएका सहभागीहरूलाई नियन्त्रणमा राख्दछन् । बल वा तागतका आधारमा सिर्जित शक्ति भाषामा अभिव्यक्त हुँदा वक्ता सहभागीले स्रोता सहभागीलाई नियन्त्रण गर्दछन् र अन्याय तथा विभेदको अवस्था सिर्जना हुन्छ । आफ्नो अनुकूलको काम लगाउन शक्तिवाला सहभागीले कम शक्ति भएका सहभागी बल वा तागत भाषाका माध्यमबाट प्रस्तुत गर्दछन् । यस्तो शक्ति सङ्कथनका सहभागीहरूका अभिव्यक्तिमा प्रकट हुन्छ । जबरजस्ती करणीबाट पीडित बालिकाले आफू पीडकबाट बल वा तागतका कारणले बलात्कृत भएको कुरालाई प्रकट गरेकी छिन् । समाजमा बालिका, महिला शारीरिक र भाषिक रूपमा प्रयोग हुने बलका कारणले बलात्कार जस्तो जघन्य हिंसाको शिकार हुनु परेको तथ्य प्रकट भएको छ । पीडकले प्रयोग गरेको भाषाको शक्तिले बालिका अन्यायमा परेको प्रस्ट देखिन्छ । बलात्कारजस्तो जघन्य हिंसाको सिकार भएर अदालतमा न्याय माग्न पुगेकी बालिकालाई न्याय अन्याय छुट्याउन प्रमाण सङ्कलनको प्रमुख दायित्व बोकेको प्रहरी प्रशासनबाट बल र बर्दीको आडमा अश्लील र अभद्र अभिव्यक्तिका माध्यमबाट भाषिक बलको प्रयोग गरेर भौतिक रूपमा बलात्कारको शिकार बनेकी बालिकालाई भाषिक र मानसिक रूपमा पनि

बलात्कारको शिकार भई दोहोरो अन्यायमा परेको देखिन्छ । यसरी भाषिक बल वा तागतको कारणले मानिस समाजमा अन्यायको भागीदार बन्नु परेको तथ्यलाई यस पाठका घटनाले पुष्टि गरेको छ ।

सङ्कथनका सहभागीको सामाजिक आर्थिक अवस्था, पदीय हैसियत र संस्थागत संलग्नताका आधारमा भाषिक शैली निर्धारण गरेको हुन्छ । वक्ताले बोल्ने शैलीमा पनि भाषिक शक्ति प्रकट हुन्छ । यसले पनि वक्ताले बोलेका अभिव्यक्तिले सहभागी हेपाइमा पर्छ । अभिव्यक्तिगत शैली (शालीनता, भद्रता) ले सिर्जना गरेको शक्तिलाई यस पाठले प्रतिविम्बित गरेको छ । सङ्कथनमा एक सहभागीले अर्को सहभागीप्रति सम्मानको भाव प्रकट गरेको छ । यी अभिव्यक्तिमा प्रयोग भएको भद्रता शिष्टताका रूपमा रहेका देखिए । यहाँ कानुन व्यवसायीबाट न्यायाधीशलाई सम्बोधन गर्दा उच्चताभाव झल्कने *‘श्रीमान्’* शब्द प्रयोग भएको छ । त्यही शिष्टतालाई अझ शालीन रूपमा प्रस्तुत गर्न पुनरावृत्तिपरक प्रयोग भएको पाइन्छ । यस्तै न्यायाधीशबाट वकिललाई *‘विद्‌वान’, ‘मेडम’ ‘हजुर’, ‘विद्वान महोदया’,‘वकिल साब’* जस्ता भद्रता वाचक सम्बोधन गरिएको छ । सङ्कथनमा संस्थागत संलग्नताका आधारमा शालीनता वा भद्रता निर्धारण भएको पाइन्छ । कानुनी नेपाली भाषाको प्रयोगमा पनि न्यायाधीशले वकिललाई गर्ने भाषिक व्यवहार, वकिलले न्यायाधीशमाथि गर्ने भाषिक व्यवहार, वकिलले पक्षमाथि गर्ने भाषिक व्यवहार, कर्मचारीले मुद्दाका पक्षमाथि गर्ने भाषिक व्यवहार भिन्न भिन्न रहेको पाइन्छ। यो भिन्नतामा पनि भाषिक हेपाइ प्रस्ट रूपमा देखिन्छ। प्रस्तुत पाठमा पनि भद्रताभित्र न्यायाधीशले वकिललाई गर्ने सम्बोधनमा औपचारिक भाषाका रूपमा चलनचल्तीको सम्बोधन वा सांस्कृतिक रूपमा स्थापित सम्बोधनको प्रयोग भएको छ भने न्यायाधीशबाट पनि वकिललाई सोही अनुसारको सम्बोधन र भाषिक शैलीको प्रयोग भएको छ। यसरी हेर्दा वक्ताले बोलेको कुरा प्रभावकारी रूपमा सम्पादन गर्न भद्रता सिर्जित शक्तिको महत्त्वपूर्ण भूमिका देखिन्छ।

न्यायाधीशले मुद्दामा पक्ष वा प्रतिवादीलाई विभेदजन्य भद्रताको उपयोग गरेका छन् । यसमा शिष्टता वा भद्रतालाई उनले शक्तिका रूपमा उपयोग गरेको देखिन्छ । यस पाठमा पक्ष वा प्रतिवादी हेपिएको विभेदमा पारिएको रूपमा सम्बोधन गरिरहेको छ । यस पाठमा हेपिनु संस्कारका रूपमा स्थापित देखिन्छ । न्यायाधीशले आफ्नो आशनमा बसी बसी सम्बोधन गरेका छन् भने वकिलले आफ्नो प्रस्तुतिका क्रममा शालीन ढङ्गले उठेर अभिवादनसहित आफ्नो अभिव्यक्ति दिएका छन् । यस पाठमा दुर शिष्टताको प्रयोग भए पनि भद्रता वा शिष्टताको शैलीले वकिल हेपिएको प्रस्ट भएको छ । प्रतिवादी वक्ताले विषयका रूपमा रहेको अदृश्य सहभागीलाई विभेदजन्य शिष्टताको प्रयोग गरेबाट मानिस स्रोताको अनुपस्थितिमा शिष्टताबाट सिर्जित शक्तिको प्रयोग गरी भाषिक अन्याय गर्दछ भन्ने देखिन्छ ।


समग्रमा सामाजिक, आर्थिक, शैक्षिक रूपमा माथिल्लो दर्जाको वक्ताले तल्लो दर्जाको वक्तालाई सम्बोधन गर्दा माथिल्लो आदरसूचक रूपले ( विभिन्न किसिमका सर्वनाम, क्रियापद) का माध्यमद्वारा हेपाइ, उपहास तथा व्यङ्ग्य गरेको पाइन्छ ।

# अध्याय पाँच

## सङ्कथनमा भाषिक भिन्नता

### सङ्कथनमा भाषिक भिन्नता

मुद्दाका पक्षहरूले कानुनी भाषाको प्रयोग गर्दा सङ्कथनात्मक अभ्यासका क्रममा सहभागीहरूको सामाजिक संरचनाका आधारमा वर्गीय, लैङ्गिक, शैक्षिक र सांस्कृतिक पक्षले भाषिक अभिव्यक्ति प्रभावित हुन्छ । शक्तिको कारणले नै भाषाका विभिन्न विशेषताहरू पाइन्छन् । वर्गीय, लैङ्गिक, शैक्षिक, र सांस्कृतिक शक्ति नेपाली समाजको संरचनामा रहेका र यी शक्तिका आधारमा सहभागी वक्ताहरूले भाषाको प्रयोग गर्ने गर्दछन् । वक्ताले प्रयोग गर्ने मौखिक भाषामा समाजमा रहेका उल्लिखित शक्तिका कारणले भाषिक भिन्नता सिर्जना हुने गरेको छ । अदालती प्रक्रियामा प्रयोग हुने सङ्कथनमा धनी वर्गबाट गरिब वर्गमाथि पुरुषबाट महिलामाथि हुने अभिव्यक्तिमा भाषिक भिन्नता प्रस्ट देखिन्छ । जातीय तथा पद प्रतिष्ठा वा सामाजिक हैसियतले भाषामा प्रत्यक्ष रूपमा भिन्नता देखिन्छ । यी सबै तथ्यहरूलाई तालिकाबाट प्रस्ट्याइएको छ :




*चित्र ४* सङ्कथनमा भाषिक भिन्नता

**भाषामा वर्गीय भिन्नता :** कानुनी सङ्कथनमा सहभागीका आर्थिक हैसियतले भाषाको प्रयोगमा पनि प्रतिबिम्बित भएको पाइन्छ । आर्थिक हैसियत उच्च भएका वक्ताको बोली र निम्न भएका वक्ताको बोलीमा ठूलो अन्तर देखिन्छ । यस्ता सहभागीको मौखिक अभिव्यक्तिका क्रममा गर्ने सम्बोधन, आदरार्थीको प्रयोगमा यो भिन्नता पाइन्छ । आर्थिक शक्ति नै अभिव्यक्तिगत भिन्नताको प्रमुख कारकका रूपमा देखिन्छ। उच्च आर्थिक हैसियत भएका वक्ताको बोलीले निम्न आर्थिक अवस्था भएका मानिसमा भाषिक रूपमा भिन्न व्यवहार गरेको पाइन्छ। जसलाई निम्ननिखित तथ्यले प्रस्ट पारेको छ।

वकिल मुद्दा लड्ने कुरो सजिलो पनि छैन / *तिमी*लाई अंश मुद्दा लड्ने कुरो डेढ दुई वर्ष लाग्छ । है जल्ले जे भने पनि कम्तीमा दुई वर्ष लाग्छ है । मुद्दा लड्ने कुरो उत्तिकै सहज हुँदैन । याँ सधैँ तारिखमा आउनु पर्यो , बहस हुन्छ तारेख हुन्छ, वकिललाई फि बुझाउनु पर्छ । होइन ? *उसले* दिन्न भन्न पाउँदैन । *उसको* कति दाजु भाइ हो बुबा आमा सबैको भाग लगाएर वहाँको भागबाट आधा तिर्मीले पाउने हो । अब छोरी भको हुनाले छोरीको विवाह खर्च यता उता भन्ने पनि हुन्छन् । *उसका लागि पनि निश्चित रकम त चाइयो नि त ।* अब वाँको के कति सम्पत्ति छ भन्ने त हाम्लाई थाहा हुदैन *तिमी*लाई थाहा होला । (सं १४५)

महिला *म सँग त पैसा छैन सर, मत झाडु लाएर हिड्ने मान्छे । मेरो त पछाडि खच गर्दिने पनि मान्छे छैनन् । मलाई त सम्पत्ति त चाहिदैन । नानीका लागि चैं पढाइको खर्च पाए हुने थियो ।* (सं १४६)

वकिल *तिमी*ले खर्चै नभएर अंश नपाउने भन्ने होइन के । *जल्ले खर्च गर्न सक्दैन नि हो त्यस्तालाई सहयोग गर्ने वकिल हुन्छन् यही सरकारले नियुक्त गरेर राखेका*

*हुन्छन् । वहाँले सहयोग गर्नु हुन्छ ।* तर *तिम्रो* लोग्नेबाट *तिमीले* अंश पाउने सम्पत्ति छ भने ती वकिलसँग सहयोग मागेर मुद्दा *लड* नभए लफडा नगर्नु राम्रो हुन्छ । मेरो कुरा *बुझ्यौ* नि । (सं १४७) ( परि. क )

माथिका सङ्कथनमा सहभागी वकिल आर्थिक रूपले सम्पन्न र मुद्दाका पक्ष महिला र पुरुष आर्थिक रूपले विपन्न छन् । दुबै सहभागीका लवाई तथा बोलाइले यस कुराको प्रतिबिम्बन गरेको छ। आर्थिक रूपमा सबल वकिलले मुद्दाका पक्षलाई सम्बोधन गर्दा मध्यम आदर (सं १४५) का रूपमा '*तिमी*' र निम्न आदर (सं १४५) '*उसले*' को प्रयोग गरेको छ । नेपाली समाजमा आर्थिक रूपमा सम्पन्नले विपन्न वर्गका मानिसहरूलाई आफूभन्दा तल्लो स्तरको रूपमा हेर्ने र सोही अनुरूपको सम्बोधन गर्ने कुराको प्रतिबिम्बन यस सङ्कथनमा पनि पाइन्छ । यहाँ वकिल आफू आर्थिक रूपमा सम्पन्न भएर मुद्दाका पक्षलाई मध्यम आदर र अनादरवाची सम्बोधन गरेको छ । यसै गरी सङ्कथनात्मक अभ्यासका क्रममा वकिलले मुद्दाका क्रममा धेरै खर्च लाग्ने, वकिललाई खर्च दिन पर्ने, लामो समय लाग्ने हुनाले धेरै खर्च हुने भन्ने जस्ता सहभागी वक्ताका अभिव्यक्तिमा वर्गीय कारणले पनि भाषिक भिन्नता प्रकट भएको छ ।

आर्थिक शक्तिका कारणले मुद्दाका पक्ष वकिल र न्यायको पहुँचबाट टाढा तथा भिन्नतामा पर्न बाध्य भएको तथ्य पाइन्छ । यस्तो भिन्नता भाषामा अभिव्यक्त भएको प्रस्ट देख्न सकिन्छ । कानुनी सङ्कथनमा निम्नलिखित किसिमका वर्गीय कारणले सिर्जना हुने भाषिक भिन्नताहरू देखिन्छन् :

पक्ष : त्यै बेलादेखि छोडेको । आइलेसम्म काँइ दायाँबायाँ छैन । ऊ आमाछोरी गाउँलेहरू सबै थाभएकै कुरा हो । गाउलेहेरु सबै त्यतै छन् नि उसको । *अनि **हजुर**ले हेरिसके पछि त्यो फिहेरु चाही कसरी हो त्यो भन्नुपरो । वहाँ हरूसँग हामीहरूसँग पनि छैन त्यस्तै फेमिलीमै हामी गुज्रेको हैन ।* (सं ५९)

वकिल अब यस्तो हुन्छ । *फिको कुरा के हुन्छ भने मुद्दा कति लामो हुन्छ त्यै अनुसार फि बड्दै जानेकुरा भयो है ।* शुरुमा लेख्ने कुरा हो । लेख्ने फि चाहियो । *पछि बहस गर्दै जाँदा बहस फि चाहिन्छ ।* अब अहिले समस्या छ भने त्यै अनुसार मिलाएर गरौंला । (सं. ६०)

पीडित *मुद्दा झ्याउ हुँदो रछ , भूकम्पको पैसा आउन आँट्या छ । पैसो आएर एउटा छाप्रो हाल्न पाए हुन्थ्यो भनेको।* (सं २२२)

पीडित : इन्जिनियरले नक्सा बनाइदिन्छु ***भन्नुभा छ***। *इन्जिनियर आफ्नै मान्छे छन् , नक्सा बनाको पैसो लिन्न भनेका छन् ।* किन्ने मान्छे को रहेछ *? हामी गरिबलाई मार्ने, आयो भने त्यसलाई चुट्टेर लखेट्ने हो ।* (सं. २२३)

वकिल: *अब आते जाते खर्च वकिल खर्च धेरै दु:ख हुने भो है।* (सं २७६)

पक्ष : *हमी गरिब मान्छे **हुजुर** । अब कसरी आनेजाने गर्ने । आज पनि मुद्दा भएन अब कहिले हुन्छ ?* (सं. २७७)

पक्ष : *सर अस्ति पनि पाँच लाख बुझाएर निक्ले अब फेरि कति माग्ने हो ? म त मर्ने भएँ ।* (सं ४३१) ( परि. क )

यहाँ सङ्कथनात्मक अभ्यासका क्रममा (सं. ५९) सहभागीले मुद्दाका पक्ष वा पीडित गाउँले भएको, आर्थिक स्थिति कमजोर भएको, कमजोर आर्थिक स्थिति भएकोले मुद्दा गर्न शुल्क तिर्न असमर्थ भएकोले कानुनी रूपमा पनि भिन्न र कानुनी उपचारका लागि आर्थिक भिन्नताका कारणले असमर्थ हुनुपर्ने सन्दर्भलाई प्रस्तुत गरेको छ । यहाँ वर्गीय रूपमा (सं. ६०) वकिल उच्च आर्थिक अवस्थाको प्रतिनिधित्व गर्ने र मुद्दाका पक्ष निम्न आर्थिक अवस्थाको प्रतिनिधित्व गर्ने सहभागीका रूपमा प्रस्तुत भएका छन् । आर्थिक अवस्था कमजोर भएका कारण भिन्नतामा परेको कुरा यसमा अभिव्यक्त भएको छ । वर्गीय रूपले उपल्लो वर्गका वकिलले न्यायका लागि आर्थिक पक्ष नै प्रमुख हुने र गरिबले पनि आफ्नो आर्थिक दायित्व निर्वाह गर्ने पर्ने कुरालाई अभिव्यक्त गरेका छन् । यसैगरी मुद्दाका पक्षले (सं. २२२) सामाजिक रूपमा अन्यायमा परेका मानिसहरू न्याय प्राप्तिको लडाइँमा आर्थिक कारणले भाषिक भिन्नता (सं. २२३) मा परेको अभिव्यक्ति प्रकट भएको छ । भाषिक भिन्नताको मूल कारक नै आर्थिक पक्ष भएको र सोही कारणले अन्यायमा पर्नु परेको तथ्यलाई यसमा सहभागीले व्यक्त गरेका छन् । सहभागीले आफू सामाजिक अन्यायमा परेको (सं. २७६) तथा न्यायका लागि अदालतमा आउँदा अझै समस्यामा परेको तथ्यलाई (सं. २७७) प्रस्तुत गरेका छन् । (सं ४३१) आफू अन्यायमा परेको र अदालती प्रक्रियाले आफू अझ बढी आर्थिक रूपमा अन्यायमा परेको कुरा प्रकट भएको छ । यसका साथै माथिका सङ्कथनात्मक अभ्यासमा सहभागी वक्ताहरू निम्नवर्गका रहेको र स्रोता सहभागी वकिल उच्च वर्गका भएकोले निम्नवर्गका व्यक्तिले उच्च वर्गका व्यक्तिलाई सम्बोधन गर्दा आदरसूचक तपाईं, हजुर, सर आदिले सम्बोधन गरिएको छ । समग्रमा माथिका तथ्यहरूले वर्गीय/आर्थिक कारणले मानिस भाषिक रूपमा भिन्नतामा परेको तथ्य प्रकट भएको छ ।

**भाषामा सामाजिक हैसियतले सिर्जना गर्ने भिन्नता :** सङ्कथनमा सहभागीका सामाजिक हैसियतले भाषाको प्रयोगमा पनि प्रतिबिम्बित भएको पाइन्छ । सामाजिक हैसियत उच्च भएका वक्ताको बोली र सामाजिक हैसियत निम्न भएका वक्ताको बोलीमा ठूलो अन्तर देखिन्छ । यस्ता सहभागीको मौखिक अभिव्यक्तिका क्रममा गर्ने सम्बोधन, आदरार्थीको प्रयोगले यो भिन्नता दर्शाएको पाइन्छ । सामाजिक हैसियत वा पदीय हैसियत नै भिन्नताको प्रमुख कारकका रूपमा देखिन्छ । उच्च सामाजिक हैसियत भएका वक्ताको बोलीले निम्न सामजिक हैसियत भएका मानिसमा भिन्न भाषिक व्यवहार गरेको पाइन्छ । जसलाई निम्ननिखित तथ्यले प्रस्ट पारेको छ :

न्या : के गर्छौ त गुरुङजी, अब खत्तम गरेछौ त ? रातभरि बसेको भन्छन् त सगैं । (सं १)

पक्ष : काँ बस्ने हजुर ? बसेको छैन । (सं २)

न्या : त्यो दिदीलाई चै बाहिर निकालेर बहिनीसँग मात्रै बसेको ? (सं. ३)

पक्ष : होइन नि हजुर ? पुलिस बोलाको, पुलिसलाई बोलार पुलिसलाई बुझार पठाको हजुर । सिसी क्यामेरा नै देखेछ । (सं. ४)

न्या : कुरै बुझ्दैनौ अरू के भन्नु ? अहिले त छोरा मान्छेलाई कानुन नै छैन । छोरा मान्छेका लागि कानुनै छैन । घरकै बुढीले त कतिलाई रेपमा हालिराछन् । के गर्छौ त भन ? कि चाँहि मासु फिरीमा देर अर्कोतिर लागेको ? (सं. ५)

पक्ष : होइन हजुर । (सं ६)

न्या : के गर्छौ ? अब अहिले त म केही गर्न सक्दिन । अब बस । साक्षी आएर के भन्छन् ? ती महिलाले आएर होइन भन्दिन् भने तिम्रो कल्याण होला नत्र त खत्तम छ । ती १४ वर्षकी नानीको माल टन्ट्याङ्मन्ट्याङ भारछ । तिमीले गऱ्या हो कि अरूले गऱ्या हो ? (सं ७) (परि. क)

यस पाठका संवादका सहभागीका रूपमा न्यायाधीश र मुद्दाका पक्ष/प्रतिवादी रहेका छन् । न्यायाधीश सामाजिक आर्थिक रूपमा सबल सहभागी हुन् । सामाजिक आर्थिक सबलताका कारणले आफूभन्दा सामाजिक आर्थिक रूपमा दुर्बललाई भिन्न किसिमको भाषिक प्रयोग गर्नुपर्छ भन्ने मान्यता/विचारका आधारमा प्रतिवादी वा पक्षलाई न्यायाधीशले आफ्ना अभिव्यक्तिमा गर्छौ, गरेछौ (सं. १), बसेको (सं ३) तिम्रो, तिमीले (सं. ७) जस्ता मध्यम आदरवाची सूचकको प्रयोग गरेका छन् । न्याय सम्पादन गर्ने, औपचारिक भाषाको अनिवार्य प्रयोग गर्नुपर्ने तथा कानुनमै न्याय सम्पादनका क्रममा न्यायालयमा मुद्दाका पक्षलाई आदरभाव जनाउने भाषाको प्रयोग गर्नुपर्छ भन्ने बाध्यकारी व्यवस्थाको (मुलुकी फौजदारी कार्यविधि नियमावली २०७५, नियम ५४, पृ २०) प्रतिकुल भिन्न किसिमको प्रयोग गरेको पाइन्छ । प्रतिवादी सहभागीले सामाजिक आर्थिक स्तर कमजोर भएका कारणले आफूलाई मध्यम आदर गरी गरिएको भिन्नताप्रति आपत्ति प्रकट नगरी न्यायाधीशलाई अति उच्च आदरवाची 'हजुर' ( सं. २) सम्बोधन गरेको छ । यसले भाषिक भिन्नताको एक कारकका रूपमा सामाजिक आर्थिक अवस्था हो भन्ने तथ्यलाई पुष्टि गरेको छ ।

अदालती काम कारवाहीमा सङ्कथनात्मक अभ्यासका क्रममा प्रत्येक सहभागीहरूले सामाजिक हैसियत अनुसारको भाषाको उपयोग गर्ने र त्यस किसिमको भाषाले भिन्नता

सिर्जना गर्ने गरेको पाइन्छ। तलका विभिन्न सन्दर्भका सङ्कथनहरूमा सामाजिक हैसियतका आधारमा हुने भेदहरू प्रस्तुत गरिएको छ :

न्या : सरकारी वकिल आउनु भएन । (वकिलहरूलाई प्रश्न गर्दै) *विद्वानहरू* कसको पक्षबाट आउनु भएको हो ? ल शुरु गरौँ । *सरकारी वकिल* आउदै गर्नु होला । (सं ६१)

वकिल: (उठेर रोस्टममा उभिदै) हस् श्रीमान् । म प्रतिवादीको तर्फबाट कानुन व्यवसायी अधिवक्ता बहस पैरवी गर्न उपस्थित भएको छु । *श्रीमान्* म मुद्दाको तथ्यका अतिरिक्त आफ्ना भनाइ राख्ने अनुमति चाहन्छु। (सं. ६२)

कर्म : तपाई यहाँ किन *आउनु भएको हो थाहा छ ? (कड्किएर)* (सं. ६४)

न्या : हुनुहुन्छ भन्नु न। को हुनुहुन्छ ? यो कोर्ट हो के यहाँ सम्मान गर्ने भाषा प्रयोग गर्नु पर्छ। त्यसरी बोल्नु हुदैन - (हप्काउँदै सम्झाएको भावमा ) (सं ११६)

प्रवा : हुनुहुन्छ। (सं ११७)

न्या : (अलि कडा स्वरमा ) मैले तपाई भनिराछु। सम्मान गरिराछु। आफूले सम्मान गरे मात्र अरूले सम्मान गर्छन् बुझ्नु भो। (सं. ११८)

वकिल: *केटी चै कहाँकी रहिछे ?* (सं ३३४)

न्या : *तपाईको* कुरा के हो लौ सुनौ त, अनि तपाईको उता चलेको मुद्दा ?(सं ६०३)

प्रवा : *उता सकियो हजुर। सफाइ भयो। हजुर पुर्पक्षका लागि थुनामा बसेँ केन्द्रिय कारागारमा।* (सं ६०४)

न्या : अनि यहाँ चै के हो त यो फरक हो कि उताको एउटै हो ? (सं ६०५)

प्रवा : *हो हजुर* । एउटै मान्छेले दुईतिर मुद्दा हालेको हो । (सं. ६०६ ) ( परि. क )

माथिका सङ्कथनात्मक अभ्यासका क्रममा सहभागीले प्रयोग गरेको भाषामा सामाजिक हैसियतका आधारमा भएको प्रत्यक्ष भिन्नता देखिन्छ । (सं. ६१) मा न्यायाधीशले वकिललाई विद्वान् र 'तपाईँ' भनी सम्बोधन गरेको छ भने (सं. ६२) मा वकिलले 'श्रीमान्' भनेर उच्च आदरार्थीको प्रयोग गरेको छ । नेपाली समाजमा न्यायाधीशको सामाजिक हैसियत अन्य पदीय हैसियतका दृष्टिमा भिन्न रूपमा परिभाषित भएको र सोही अनुसार न्यायाधीशले वकिल र अन्य सर्वसाधारणलाई भिन्न भिन्न किसिमको सम्बोधन गरेको छ । अदालतका कर्मचारीले प्रयोग गर्ने भाषामा पनि सामाजिक हैसियतका आधारमा हुने भिन्नता प्रस्ट देखिन्छ (सं ६४) । यस अभिव्यक्तिमा कर्मचारीको प्रस्तुतिको शैली/कड्काईमा भिन्नता स्पस्ट देखिएको छ । यस्तै न्यायाधीशले इजलासको मर्यादा तथा औपचारिक भाषाको प्रयोगका लागि (सं. ११६) अनुरोध गर्नु पर्नेमा सामाजिक हैसियतका दृष्टिले कमजोर सामाजिक हैसियत भएका प्रतिवादीलाई (सं. ६४), (सं. ११८) कड्किएर हप्काएको सन्दर्भले न्यायालयमा भाषिक रूपमा पनि सामाजिक हैसियत कमजोर भएकाहरूप्रति भाषिक रूपमा भिन्न व्यवहार गर्नुपर्ने तथ्यलाई उद्घाटन गरेको छ । वकिल सहभागीले मुद्दाका पक्षका बारेमा सोधेको प्रश्नमा (सं. ३३४) महिलालाई *'केटी चै कहाँकी रहिछे ?'* भनी अनादरवाची भाषाको प्रयोग गरेको पाइन्छ । सामाजिक हैसियत उच्च भएका न्यायाधीशले मुद्दाका पक्षलाई प्रश्न गर्दा आदेशात्मक शैलीको प्रयोग गरी भिन्न किसिमको अभिव्यक्ति प्रस्तुत गरिनु (सं ६०३) र सहभागी प्रतिवादीले आफू कमजोर सामाजिक हैसियत भएको ठानी सोही अनुसार न्यायाधीशलाई उच्च आदरसूचक सम्बोधन 'हजुर' (सं. ६०४) (सं. ६०६) को प्रयोग गर्नु नै सामाजिक हैसियतका आधारमा हुने भिन्नता हो । अल्थुजरका अनुसार राज्यले दमनात्मक शक्तिको प्रतिनिधित्व गर्न सामाजिक हैसियत उच्च भएका

व्यक्तिले यस्तै भिन्न किसिमको सम्बोधन गर्दछन् ( गौतम २०७१ पृ. १७६) । यसरी सामाजिक हैसियतले भाषिक अभिव्यक्तिमा प्रत्यक्ष प्रभाव पार्ने र भाषाका माध्यमबाट मानिसहरू अन्यायमा पर्ने वास्तविकतालाई यी तथ्यहरूले प्रस्ट पारेका छन् ।

**भाषामा लैङ्गिक भिन्नता** : सङ्कथनात्मक अभ्यासका क्रममा पुरुष वक्ताको बोली र महिला वक्ताको बोलीमा ठूलो अन्तर पाइन्छ । लैङ्गिक शक्तिका कारणले सहभागीहरूले मौखिक अभिव्यक्तिका क्रममा गर्ने सम्बोधन, आदरार्थीको प्रयोगमा भिन्नता सिर्जना भएको पाइन्छ । पुरुष वक्ताको बोलीले नारीप्रति भिन्न व्यवहार गरेको पाइन्छ। जसलाई निम्ननिखित तथ्यले प्रस्ट पारेको छ :

| | |
|---|---|
| पीडितः | माइतीको । म उसको त्यस्तो तालबाट वाक्क भएर हामीलाई घरबेटीले पनि निकालिदियो । म चार बर्ष देखि माइतीमै छु । *ऊ त्यही आएर मलाई सताउँछ*। *म ऊ देखि छुटकारा चाहान्छु*। (सं १५१) |
| पीडकः | त्यो झुटो कुरो चै *नभन है रन्डी । साला छौंडा । अहिले हान्दिन्छु अनि। (हात उजाउदै लरबरिएको बोलीमा) (सं. १५२)* |
| वकिलः | *तिमी* यसरी *नकराऊ*। तिमी यहाँ पनि यसरी बोल्छौ भने त कुटेन भनेर कसरी मान्नु त नि । (सं १५३) |
| पीडकः | दुइ महिनाको भाडा तिर्न थियो । (श्रीमतीतिर देखाउँदै ) *साला यो रन्डीले तिरिन,* त्यै तिर्न बाँकी भएर घरबेटीले त्यसो भनेको हो । (सं १५४)( परि. क ) |

प्रस्तुत सङ्कथनमा वकिल सहभागीसँग सम्बन्ध विच्छेद मुद्दाका पीडित महिला आफूलाई अन्याय गर्ने पतिसँग सम्बन्ध विच्छेद गर्नका लागि (सं. १५१) गुनासो गर्दैछिन् । यसमा महिला सहभागीलाई परेको कानुनी अन्याय हेपाइका अतिरिक्त महिला सहभागीका पति पुरुष सहभागीले महिला सहभागीलाई विभिन्न असामाजिक शब्द ‘नभन्’, ‘रण्डी’, ‘साला’, ‘छौडा’ (सं १५२) को प्रयोग गरी गाली गलौज गरेका छन् । यहाँ पुरुष सहभागीले

महिला सहभागीलाई भाषिक रूपमा भिन्न प्रकृतिका शब्दहरूको प्रयोग गरेको छ। कानुनी रूपमा पीडित महिला भाषिक रूपमा समेत अदालत परिसरजस्तो सार्वजनिक स्थलमा समेत लैङ्गिक भाषिक भिन्नताको सिकार बन्नु परेको पाइन्छ । महिला सहभागीको अभिव्यक्तिमा पुरुष सहभागी (महिला सहभागीको पति) ले पारिवारिक पीडा दिएको र आफू कानुनी रूपमा अन्यायमा परेको कुरा प्रकट गर्दा भाषिक रूपमा समेत भिन्न व्यवहार देखिन्छ । (सं. १५४) । यसरी सङ्कथनमा वक्ताले अभिव्यक्तिका माध्यमबाट भाषिक शाब्दिक तहमा समेत भिन्नता भएको कुरा यस सङ्कथनबाट पुष्टि भएको छ ।

नेपाली समाज पुरुष प्रधान छ । महिलाप्रतिको दृष्टिकोण भिन्न प्रकृतिको छ भन्ने तथ्यलाई विभिन्न सङ्कथनात्मक अभ्यासका क्रममा अभिव्यक्त भाषाले प्रस्ट पारेको छ । भिन्न भिन्न सन्दर्भमा कानुनी सङ्कथनमा निम्नलिखित किसिमका लैङ्गिक आधारमा अभिव्यक्तिगत भिन्नता पाइन्छन् :

प्रव : *खेती नै रहेछ*। (सं २०)

न्या : तिमीलाई पैसावाल देखी, २।४ लाख झार्न खोजेकी हो । (सं. २२)

पक्ष : *म सारै पीडामा छु सर, यो* (झुत्रे झाम्रे र निधारमा चोट लागेको, गालामा निल डाम भएको पुरुष) *मान्छेले मलाई सारै दुख दियो* । यो मेरो लोग्ने हो । हामी सुकेधारामा डेरा गरी बसेका थियौ । *जतिखेर पनि जाड रक्सी खाएर पिट्न थाल्यो*। यसले दिक्दार बनायो । डेरा बसेको घरबेटीले रातीको ९ बजे ढोका लगाउनु हुन्थ्यो । ऊ राती मातेर घर आएर झगडा गर्थ्यो । सानो बच्चा जन्मेको थियो । अप्रेसन गरेको थियो अनि म बिरामी थियो । सधैँ मातेर आएर झगडा गरेपछि यसलाई छोडेर माइती गएर बस्न थालेँ । त्यही गएर दुख दिन थाल्यो ।

अब यससँग सँगै बस्न सकिदैन त्यसैले अदालतले हामी लोग्ने स्वास्नीलाई छुट्याइदिन्छ रे कहाँ के गर्न पर्छ हजुर सारै अन्यायमा परेँ । (सं १४२)

पीडितः मलाई सम्सेर तामाङ भन्ने मान्छेले बिहे गर्छु भनेर उसको दिदीको घरमा लगेर एकरात राखेर जबरजस्ती *गरेर मेरो इज्जत लुटेर मलाई छोडी भागी गयो* । मैले प्रहरीमा उजुरी गर्यो अनि पक्रेर राखेको छ अरे । अदालतमा बयान दिन बोलाकोले आकी । (सं ४८७) ( परि. क )

प्रस्तुत सङ्कथनात्मक अभिव्यक्तिमा लैंगिक भिन्नता प्रस्ट देख्न सकिन्छ । यी सङ्कथनमा महिलालाई विभेदजन्य अभिव्यक्तिका माध्यमबाट वक्ताले सम्बोधन गरेको छ । महिला यौन व्यवसाय गर्ने पात्र हुन् ( सं २०) र यस मुद्दाकी पीडित भनिएकी महिला पनि त्यस्तै यौन व्यवसाय गर्ने मध्येकी एक हुन् ( सं २२) भन्ने आरोप वक्ताको बोलीमा प्रस्ट देखिन्छ । समाजमा सामाजिक गल्ती महिलाबाट मात्र हुन्छन् त्यसमा पनि यौनजन्य क्रियाकलापमा महिला नै दोषको भागीदार बन्नु पर्छ भन्ने मान्यताका आधारमा १४ वर्षकी पीडित बालिका माथि समाजको सचेत, सम्पन्न, र सामाजिक शक्ति भएका वकिल र न्यायाधीशबाट यस किसिमको विचार प्रकट भएर कानुनी सङ्कथनमा भाषिक रूपमा लैङ्गिक आधारमा पनि महिला पीडित भाषिक भिन्नताको शिकार बन्नु पर्ने देखिन्छ । सहभागी पत्नी वक्ताले आफ्नो अभिव्यक्तिमा आफू पतिबाट पीडित भएको, महिला हिंसामा परेको, लैङ्गिक शक्तिका कारणले सिर्जित अभिव्यक्तिगत भिन्नता भएको कुरा देखिन्छ (सं १४२) । समाजमा पुरुषवादी अहम्का कारणले नारी वर्ग भाषिक भिन्नताको शिकार बन्न पुगेको कुरालाई यो सङ्कथनात्मक अभ्यासमा पाइन्छ । पुरुषवादी अहम्, बल तथा लैङ्गिक हिंसाका कारणले सयौँ नारीहरू अन्यायमा पर्नु परेको वास्तविकतालाई यस सङ्कथनमा देखिन्छ । यस्ता अभिव्यक्तिगत भिन्नताबाट मुक्तिका लागि महिलाले न्यायालयको ढोका कुर्न

वाध्य भएको तथ्य यसमा पाइन्छ । कानुनी सङ्कथनमा सहभागी महिला वक्ताले आफूलाई लैङ्गिक आधारमा पुरुषले ललाइ फकाइ अन्यायमा पारेको तथ्यलाई प्रस्तुत गरेको पाइन्छ (सं. ४८७) । समाजमा महिलाहरू भाषिक रूपमा पनि भिन्न हुन्छन् (भान डाइक, २००१, पृ ३६५) । महिलालाई गरिने सम्बोधन भिन्न प्रकृतिका हुन्छन् भन्ने पुरुषवादी अवधारणाका रूपमा सङ्कथनमा पुरुष सहभागी वक्ताले भिन्न किसिमका भाषिक अभिव्यक्ति प्रस्तुत गरेको छ ।

**भाषामा शैक्षिक कारणले हुने भिन्नता** : कानुनी सङ्कथनमा शिक्षित वक्ताको बोली र कम शिक्षित वा अशिक्षित वक्ताको बोलीमा ठूलो अन्तर देखिन्छ । यस्ता सहभागीको मौखिक अभिव्यक्तिका क्रममा गर्ने सम्बोधन, आदरार्थी, तथा समग्र भाषिक अभिव्यक्तिमा भिन्नता देखिन्छ । शैक्षिक शक्ति नै भाषिक भिन्नताको प्रमुख कारकका रूपमा देखिएको छ । शिक्षित वक्ताको बोलीले कम शिक्षित वा अशिक्षितप्रति भिन्न रूपको भाषिक व्यवहार गरेको पाइन्छ । जसलाई निम्नलिखित तथ्यले प्रस्ट पारेको छ :

प्र.व. ...श्रीमान् । ... *यी जाहेरवाली भनिएकी जो पीडित हुनु हुन्छ वहाँको जाहेरी र मौकाको निवेदनमा हेर्नु पर्ने कुरा एउडै छ जबरजस्ती करणीको परिभाषा भित्र पर्छ वा पर्दैन ? साबालक रहेको छ, शिक्षित व्यक्ति हुनु हुन्छ । विवाहित महिला हुनु हुन्छ र आफ्नो पति साथमा रहेको, विवाहित महिलाको आफ्नो जीवन साथी साथमा रहँदा रहँदै परपुरुषसँग होटल होटल हिड्नु पर्ने कारण के ? परपुरुषसँग अपरिचित व्यक्तिसँग होटलमा हिड्नु पर्ने कारण के ?* यो वादी पक्षले स्थापित गर्नु पर्दैन ? ७ वर्ष देखि १० वर्षसम्मको जबरजस्ती करणीको कसुर लिएर आउने कर्ताले प्रमाण ऐनको दफा २५ ले पीडित प्रतिवादीसँग हिड्नु पर्ने कारण के त्यो स्थापित गर्नु पर्छ श्रीमान् । अनि त्यसपछि मेरो पक्षले यी पीडित भनिएको

व्यक्तिलाई *ललाई फकाई प्रलोभन दिई गफलतमा पारी लिएर गएको हो ? श्रीमान् । गलत आशयले लगेको हो श्रीमान् होइन नि ? यिनलाई के जुरुक्क उठार लेर गको अवस्था हो र ? होइन नि । भरखर मैले सिडिमा हेरें , यी सक्षम छन्, सबल छन्, सहमतिमा ट्याक्सीमा चडेर काष्ठमण्डप होटलमा गएका छन् । दरबारमार्ग होटलमा गएर नास्ता खाएको छ ।* दरबार मार्ग होटलमा नास्ता खाने अवस्थामा मेरो पक्षको हातमा वियरको ग्लास परेको अवस्था छैन । होटलमा काम गर्ने कामदारको हातबाट ग्लासमा मदिरा परेको छ । त्यो मदिरा मेरो पक्षले भन्दा उल्ले छिटो छिटो खाएको अवस्था देखिन्छ । अब भन्नु पर्‍यो कि वादी नेपाल सरकारले जाहेरी दिएर मात्र हुँदैन, अभियोग पत्र दिएर मात्र हुँदैन श्रीमान् । मेरो पक्षले यी जाहेरवालीको हात समातेर जबरजस्ती मुखमा कोच्याइदिएको हो र ? तो मदिरा खाएको तथ्यबाट यी महिला २१ गते भन्दा पहिले पनि मदिरा खाने बानी परेकी रहिछन् । मेरो पक्षले भन्दा बढी तिनले रक्सी खाएको रहेछ । भन्ने कुराका आधारमा के तथ्य स्थापित हुन्छ भने श्रीमान् *मेरो पक्षले जाहेरवालीलाइ मदिरा सेवन गराएको होइन । मेरो पक्षका विरुद्धमा तो जाहेरी प्रमाण लाग्न सक्दैन दोस्रो* । तेस्रो मेरो निवेदन गराई अघि नै मैले अर्को अर्थ नलागेका भनिसकेको छु । यी जाहेरवालीलाई मेरो पक्षले यदि जबरजस्ती करणी गरे भने काठमाडौं जिल्लाको मुटुमा रहेको, दरबारमार्गमा होटल रहेको त्याँ होटलका कामदार, होटलका म्यानेजरहरू, हुन्छन् श्रीमान् । मलाई रोसन ओभ्फाले बहिनीको नाता बनाएर लेर आर जबरजस्ती करणी गरे मलाई सहयोग गरिदिनु पर्‍यो सुरक्षा दिनु पर्‍यो सम्बन्धित निकायमा जानकारी गराउन उचित पहल गरिदिनु पर्‍यो भनेर वहाँले भन्नु पर्ने नि श्रीमान् । (सं. २५७) ( परि. क )

प्रस्तुत सङ्कथनात्मक अभ्यासमा प्रतिवादी पक्षका वकिल सहभागीले कानुनी ज्ञानको उपयोग गरी आफूभन्दा कम शिक्षित व्यक्ति पीडितलाई लक्षित गरेर उनको पीडालाई भिन्न ढङ्गले भिन्न अभिव्यक्तिका माध्यमबाट अन्याय गरेको स्पष्ट देखिन्छ। पीडित महिला आफू बलाकृत भएको तथ्यलाई आफ्नो कानुनी ज्ञानका आधारमा वकिलले *साबालक रहेको छ, शिक्षित व्यक्ति हुनु हुन्छ । विवाहित महिला हुनुहुन्छ र आफ्नो पति साथमा रहेको, विवाहित महिलाको आफ्नो जीवन साथी साथमा रहँदा रहँदै परपुरुषसँग होटल होटल हिड्नु पर्ने कारण के ? परपुरुषसँग अपरिचित व्यक्तिसँग होटलमा हिड्नु पर्ने कारण के ?* भन्दै महिलाको चारित्रिक पक्षलाई भिन्न तरिकाले व्याख्या गर्न आफ्नो कानुनी ज्ञान/शिक्षाको उपयोग गरेका छन् । यसै गरी सहभागी वकिलले पीडित आफू खुसी बलात्कृत हुन होटलसम्म मन्जुरीले गएको तथ्य स्थापित गर्नका लागि पीडितको पीडालाई आफ्नो कानुनी शिक्षाको उपयोग गर्दै भाषिक अभिव्यक्ति दिनु पनि शिक्षाका कारणले हुने अभिव्यक्तिगत भिन्नता प्रस्ट रूपमा देख्न सकिन्छ । जसलाई वकिलको सङ्कथनको अंशले प्रस्ट पारेको छ : *अनि त्यसपछि मेरो पक्षले यी पीडित भनिएको व्यक्तिलाई ललाई फकाई प्रलोभन दिई गफलतमा पारी लिएर गएको हो ? श्रीमान् । गलत आशयले लगेको हो श्रीमान् होइन नि ? यिनलाई के जुरुक्क उठार लेर गको अवस्था हो र ? होइन नि ।* यसरी सङ्कथनात्मक अभ्यासका क्रममा सहभागी वक्ताको शिक्षा/ज्ञानका कारणले पनि अशिक्षिति वा कम शिक्षा पाएका व्यक्ति भाषिक भिन्नताको शिकार बन्नु पर्ने अवस्था हुन्छ भन्ने कुरा यस तथ्यबाट देखिन्छ।

सहभागी वक्ताको शिक्षा/ज्ञानको स्तरले पनि भाषिक अभिव्यक्तिमा भिन्नता सिर्जना हुन्छ र मानिस अन्यायमा पर्ने तथ्यलाई तलका विभिन्न सङ्कथनात्मक अभ्यासबाट अझ प्रस्ट हुन्छ :

न्या : *कुरै बुझ्दैनौ* अरू के भन्नु ? अहिले त छोरा मान्छेलाई कानुन नै छैन । छोरा मान्छेका लागि कानुनै छैन । घरकै बुढीले त कतिलाई रेपमा हालिराछन् । के *गर्छौ त भन* ? कि चाँहि मासु फिरीमा देर अर्कोतिर लागेको ?(सं. ५)

वकिल: को वकिल साब चै ? (सं २१७)

पीडित: खोइ नाम चै मलाई पनि था भएन । यतापट्टि बस्नु हुन्छ नि पछाडि । मलाई नाम चै था भएन । दिदीले गर्नु हुन्छ कि । (सं २१८)

प्रव: फौजदारी अपराध जस्तो गम्भीर अपराधमा कार्य भयो कि भएन भनेर हेर्दा *श्रीमान्* यो डक्टरी रिपोटले पनि धेरै कुरा क्लियर गर्दछ श्रीमान् । यो परोपकार प्रसूति अस्पतालको रिपोर्ट अनुसार श्रीमान् पीडित भनिएकी व्यक्तिको शारीरिक र मानसिक अवस्था सामान्य देखिन्छ निजको कन्या जाली पुरानो च्यातिएको देखिन्छ नयाँ होइन, निजको बुट्टे रंगको पेन्टी फोरेन्सिक जाँचका लागि पठाइएको छ भन्ने रिपोट यो परोपकार प्रसुति सेवाको रहेको छ श्रीमान् । यहाँ अर्को रिपोर्ट यौनजन्य आपराधिक परीक्षण प्रतिवेदनमा पनि छ जसमा पीडितको भनेको रिपोटमा हाइमेन ओल्डटियर भन्छ श्रीमान् । लिबिया मेजोरा भनेको छ । स्कलन भित्रै भयो भनेको छ । शारीरिक घर्षण भएको छेन । यी पीडित भनिएकीको भनाइ र मेडिकल रिपोर्टका आधारमा मेरो पक्ष अहिले नै दोषी छन् भन्ने नदेखिने हुनाले मेरो पक्षलाई नोमिनल धरौटीमा राखी तारेखमा राखी मुद्दाको पुर्पक्ष गरी पाऊँ । (सं ४१६)

न्या : खोइ मुद्दामा त यसो भनेको छैन । सर्बोच्चको फैसला बदर मात्र माग गरेको छ । म त सर्बोच्चको फैसला भन्दा त गर्न सक्दिन । *तपाईहरू*ले कुरै बुझ्नु भा छैन । (वकिलतिर फर्कदै) ए वकिल साब कुरा बुझाउनु भएन । कि वकिल साबले पनि बुझ्नु भा छैन ? (सं ४३९)

पीडित मो बिरामी थ्यो । देउता बिग्रेर एस्तो भएको भनेर झारफुक गर्ने मान्छेले जाति बनाउँछ भनेर म आमा र दिदीसँग झारफुक गर्ने मान्छेको डेरामा गयो । अनि मलाई झारफुक गार्छ भनेर एक्लै कोठामा थुनेर जबरजस्ती गरेकोले पुलिसलाई उजुर गरेको हो । (सं ५३३) (परि. क)

सङ्कथनात्मक अभ्यासका क्रममा वक्ता सहभागी न्यायाधीशले स्रोता सहभागी पीडितलाई जबरजस्ती करणी कसुर र त्यस सम्बन्धी कानुनी परिणामका बारेमा सम्झाउने क्रममा वक्ता सहभागीले आफ्नो शैक्षिक ज्ञानका आधारमा अशिक्षित स्रोतालाई गर्ने सम्बोधनमा प्रयुक्त मध्यम आदरार्थी (सं. ५) तथा अभिव्यक्तिगत अशिष्टताले स्रोता अशिक्षाका कारणले वक्ताबाट भाषिक भिन्नतामा परेको प्रत्यक्ष देखिन्छ । यस सङ्कथनमा स्रोता सहभागी अशिक्षित भएको र शिक्षित न्यायाधीश वक्ताको *'कुरै बुझ्दैनौ',* 'के गर्छौ भन ?' पदावलीको प्रयोग गरी अभिव्यक्तिगत भिन्नता दर्शाइएको छ । यसमा स्रोता सहभागी मासु व्यापारी भएकोले न्यायकर्मीका रूपमा बसेका शिक्षित र न्यायमूर्तिले मासु दिएर जबरजस्ती करणी गरेको जस्तो अभिव्यक्ति दिएर भाषिक भिन्नता प्रस्ट देखिन्छ । कानुनी शिक्षाको अभावले कानुनी शिक्षा नपाएका वा नभएका मानिसहरू आफ्नो काम गरिदिने वकिलको बारेमा अनभिज्ञता प्रकट गर्दछन् (सं ४१७, सं ४१८) । यसै गरी जबरजस्ती करणी मुद्दाकी पीडित महिला जो आफू जबरजस्ती करणी जस्तो जघन्य अपराधको शिकार बनेर न्यायको याचना गरिरहेको अवस्थामा उनलाई वक्ता सहभागीले

आफ्नो कानुनी शिक्षा र तार्किक शक्तिको आडमा भाषिक रूपमा अर्को अन्याय गर्दै कन्या जाली पुरानो च्यातिएको र अहिले करणी भएको होइन भनेर पीडितको पीडामा थप पीडा थप्ने कार्य गरिरेहेको तथ्य देखिन्छ (सं ४१६) । अदालतमा न्याय माग्न जाने मुद्दाका पक्षलाई अदालतले आफ्ना सबै समस्या समाधान गरिदेओस् भन्ने लाग्छ तर निवेदन वा फिरादपत्रमा जे कुराको माग हुन्छ सोही बमोजिम मात्र न्याय दिन सकिने कुरा अशिक्षित पीडितलाई वक्ता सहभागी न्यायाधीशले सम्झाउदै छन् (सं. ४३९) । यसमा न्यायापेक्षी मानिसहरू कानुनी शिक्षाको अभावमा पनि न्यायमा वञ्चित हुन पर्ने तथ्य स्थापित भएको देखिन्छ । मिसेल फुकोले भनेझैँ यहाँ शैक्षिक शक्तिले भाषिक रूपमा भिन्नता/विभेद सिर्जना गरेको छ ( गौतम २०७५, पृ. १२३) । पीडित सहभागीबाट अशिक्षाकै कारणले पीडित बन्न परेको कुरा अभिव्यक्त भएको छ । मानिस अशिक्षाका कारणले अन्यायमा परेको तथ्य वक्ता सहभागी पीडितले आफू बिरामी परेर त्यसको उपचार झारफुकबाट हुने विश्वासमा परेर जबरजस्ती करणीको शिकार भएको तथ्य बताएकी छिन् ( सं ५३३) । यसमा शिक्षा नभएका कारणले अपराध पीडित बन्न परेको तथ्यलाई यसले प्रस्तुत गरेको छ । यी सङ्कथनहरूका आधारमा कानुनी अभ्यासका क्रममा समाजमा मानिस शिक्षा प्राप्त गरेर वा नगरेर दुबै किसिमले भाषिक भिन्नताको शिकार बन्ने तथ्य प्रस्तुत भएको छ ।

**अध्याय निष्कर्ष**

मुद्दाका पक्षहरूले कानुनी भाषाको प्रयोग गर्दा सङ्कथनात्मक अभ्यासका क्रममा सहभागीहरूले सामाजिक संरचनाका आधारमा वर्गीय, लैङ्गिक, शैक्षिक, र सांस्कृतिक रूपमा अभिव्यक्तिगत भिन्नता हुन्छ भन्ने तथ्य माथिको अध्ययनले प्रस्ट पारेको छ । कानुनी सङ्कथनमा सहभागीका आर्थिक हैसियतले पनि भाषाको प्रयोगमा भिन्नता सिर्जना गरेको पाइन्छ । आर्थिक स्थितिले सङ्कथनमा सहभागीको मौखिक अभिव्यक्तिका क्रममा गर्ने सम्बोधन, आदरार्थीको प्रयोगले यो भिन्नता दर्शाएको पाइन्छ । उच्च आर्थिक हैसियत भएका

वक्ताको बोलीले निम्न आर्थिक अवस्था भएका मानिसमा भाषिक रूपमा भिन्न व्यवहार गरेको पाइन्छ । आर्थिक रूपमा सबल वकिलले मुद्दाका पक्षलाई सम्बोधन गर्दा *मध्यम आदर* र *निम्न आदर*को प्रयोग गरेको पाइन्छ । नेपाली समाजमा आर्थिक रूपमा सम्पन्नले विपन्न वर्गका मानिसहरूलाई आफूभन्दा तल्लो स्तरको रूपमा हेर्ने र सोही अनुरूपको सम्बोधन गरी भाषिक रूपमा भिन्नता पाइन्छ । आर्थिक शक्तिका कारणले मुद्दाका पक्ष वकिल र न्यायको पहुँचबाट टाढा तथा हेपिन बाध्य भएको तथ्य पाइन्छ । मुद्दाका पक्ष वा पीडित गाउँले, विपन्न र मुद्दाको शुल्क तिर्न असमर्थ भएकोले कानुनी रूपमा पनि भिन्न र कानुनी उपचारका लागि आर्थिक विभेदका कारणले असमर्थ हुनु पर्ने कुरालाई प्रस्तुत गरेको पाइन्छ । वर्गीय रूपले उपल्लो वर्गका वकिलले न्यायका लागि आर्थिक पक्ष नै प्रमुख हुने र गरिबले पनि आफ्नो आर्थिक दायित्व निर्वाह गर्ने पर्ने कुरालाई अभिव्यक्त गरेको पाइन्छ । यसैगरी सामाजिक रूपमा अन्यायमा परेका मानिसहरू न्याय प्राप्तिको लडाइँमा आर्थिक कारणले पनि भाषिक भिन्नतामा पर्ने तथ्यलाई मुद्दाका पक्ष सहभागीको अभिव्यक्तिले प्रस्ट पारेको पाइन्छ ।

अदालती प्रक्रियामा प्रयोग हुने भाषाका सङ्कथनमा सहभागीका सामाजिक हैसियतले भाषाको प्रयोगमा पनि भिन्नता सिर्जना भएको पाइन्छ । कानुनी सङ्कथनमा संवादका सहभागी वक्ता न्यायाधीश सामाजिक हैसियत उच्च छ भने मुद्दामा पक्षको निम्नस्तरको छ । सामाजिक हैसियत उच्च भएका वक्तामा निम्नस्तरका हैसियत भएका मानिसहरूलाई भाषिक रूपमा भिन्न सम्बोधन गर्नुपर्छ भन्ने मान्यता/विचारका आधारमा प्रतिवादी वा पक्षलाई न्यायाधीशले आफ्ना अभिव्यक्तिमा *मध्यम आदरवाची* सूचकको प्रयोग गरेको पाइन्छ । न्यायसम्पादन गर्ने, औपचारिक भाषाको अनिवार्य प्रयोग गर्नु पर्ने तथा कानुनमै न्याय सम्पादनका क्रममा न्यायालयमा मुद्दाका पक्षलाई आदरभाव जनाउने भाषाको प्रयोग गर्नु पर्छ भन्ने बाध्यकारी कानुनी व्यवस्थाको प्रतिकुल भिन्न किसिमको प्रयोग गरेको

पाइन्छ । प्रतिवादी सहभागीले सामाजिक आर्थिक स्तर कमजोर भएका कारणले आफूलाई मध्यम आदर गरी गरिएको भाषिक भिन्नताप्रति आपत्ति प्रकट नगरी भाषिक रूपमा आफू भिन्नतामा परे पनि न्यायाधीशलाई अति उच्च आदरवाची सम्बोधन गरेको पाइन्छ । कानुनी सङ्कथनमा न्यायाधीशले वकिललाई *विद्वान्* र *तपाइँ* भनी सम्बोधन गरेको छ भने वकिलले *श्रीमान्* भनेर उच्च आदरार्थीको प्रयोग गरेको छ । नेपाली समाजमा न्यायाधीशको सामाजिक हैसियत अन्य पदीय हैसियतका दृष्टिमा भिन्न रूपमा परिभाषित भएको र सोही अनुसार न्यायाधीशले वकिल र अन्य सर्वसाधारणलाई भिन्न किसिमको सम्बोधन गर्ने गरेको पाइन्छ । यस्तै न्यायाधीशले इजलासको मर्यादा तथा औपचारिक भाषाको प्रयोगका लागि अनुरोध गर्नु पर्नेमा सामाजिक हैसियतका दृष्टिले कमजोर सामाजिक हैसियत भएका प्रतिवादीलाई कड्किएर हप्काएको सन्दर्भले न्यायालयमा भाषिक रूपमा पनि सामाजिक हैसियत कमजोर भएकाहरूलाई भिन्न किसिमको भाषिक व्यवहार गरिन्छ भन्ने तथ्यलाई उद्घाटन गरेको पाइन्छ । अदालती भाषामा सामाजिक हैसियत कमजोर भएकाहरूलाई भाषिक रूपमा पनि भिन्न किसिमको सम्बोधन गरिन्छ् भन्ने तथ्यलाई भाषाका माध्यमबाट स्पष्ट पारेको पाइन्छ । वकिल सहभागीले मुद्दाका पक्षका बारेमा सोधेको प्रश्नमा महिलालाई अनादरवाची भाषाको प्रयोग गरेको पाइन्छ । यसरी सामाजिक हैसियतले भाषिक अभिव्यक्तिमा प्रत्यक्ष प्रभाव पार्ने र भाषाका माध्यमबाट मानिसहरू अन्यायमा पर्ने वास्तविकतालाई यी तथ्यहरूले प्रस्ट पारेका छन् ।

कानुनी सङ्कथनमा सहभागीको मौखिक अभिव्यक्तिका क्रममा गर्ने सम्बोधन, आदरार्थीको प्रयोगले लैङ्गिक भिन्नता दर्शाएको पाइन्छ । लैङ्गिक शक्ति भाषिक भिन्नताको प्रमुख कारकका रूपमा देखिन्छ । सङ्कथनमा महिला सहभागीका पति पुरुष सहभागीले महिला सहभागीलाई विभिन्न असामाजिक शब्द *रन्डी, छौँडा, साला* आदिको प्रयोग गरी गाली गलौज गरेको पाइन्छ ।

जबरजस्ती करणीको शिकार भएर अन्यायमा परेका महिला यौन व्यवसाय गर्ने पात्र हुन् र यस मुद्दाकी पीडित भनिएकी महिला पनि त्यस्तै यौन व्यवसाय गर्ने मध्येकी एक हुन् भन्ने आरोप वक्ताको बोलीमा प्रस्ट देखिन्छ । समाजमा सामाजिक गल्ती महिलाबाट मात्र हुन्छन् त्यसमा पनि यौनजन्य क्रियाकलापमा महिला नै दोषको भागीदार बन्नु पर्छ भन्ने मान्यताका आधारमा १४ वर्षकी पीडित बालिका माथि समाजको सचेत, सम्पन्न, र सामाजिक शक्ति भएका वकिल र न्यायाधीशबाट यस किसिमको विचार प्रकट भएर कानुनी सङ्कथनमा भाषिक रूपमा लैङ्गिक आधारमा पनि मानिस खासगरी महिला पीडित वा भिन्नताको शिकार बन्नु पर्ने देखिन्छ । सहभागी पत्नी वक्ताले आफ्नो अभिव्यक्तिमा आफू पतिबाट पीडित भएको, महिला हिंसामा परेको, लैङ्गिक शक्तिका कारणले सिर्जित भिन्न भएको कुरा देखिन्छ । पुरुषवादी अहम्, बल तथा लैङ्गिक हिंसाका कारणले सयौँ नारीहरू अन्यायमा पर्नु परेको वास्तविकतालाई यस सङ्कथनमा देखिन्छ । यस्ता अभिव्यक्तिगत भिन्नताबाट मुक्तिका लागि महिलाले न्यायालयको ढोका कुर्न वाध्य भएको तथ्य यसमा पाइन्छ ।

अदालती प्रक्रियामा प्रयोग हुने भाषाका सङ्कथनमा शिक्षित सहभागी वक्ताको बोली र कम शिक्षित वा अशिक्षित वक्ताको बोलीमा ठूलो अन्तर देखिन्छ । यस्ता सहभागीको मौखिक अभिव्यक्तिका क्रममा गर्ने सम्बोधन, आदरार्थी, तथा समग्र भाषिक अभिव्यक्तिमा भिन्नता देखिन्छ । शिक्षितले कम शिक्षित वा अशिक्षितप्रति भाषिक रूपमा भिन्न व्यवहार गरेको पाइन्छ । पुरुषप्रधान समाजमा पुरुषले गरेका कमजोरीका बारेमा कसैले प्रश्न नउठाउने तर नारी वर्गले नगरेका कुरामा कमजोरी देखाएर व्याख्या गरी भाषिक रूपमा अन्याय गर्ने पुरुषवादी व्यवहार कानुन व्यवसायीका तार्किक भाषिक अभिव्यक्तिमा प्रकट भएको छ । शैक्षिक शक्तिको उपयोग गरी आफूले प्राप्त गरेको अदालतमा बोल्न पाउने अधिकार तथा कानुनका ज्ञाताले आफूले प्राप्त गरेको शिक्षालाई

फरक ढङ्गले उपयोग गरी महिलामाथि भाषाका माध्यमबाट अन्याय गर्न उपयोग गरेको कुरा यस सङ्कथनमा वकिलले पीडित महिलालाई गरेको भाषिक आरोपले पुष्टि गरेको छ । यसैले शैक्षिक पक्ष पनि भाषिक भिन्नताको मूल कारण रहेको देखिन्छ। वक्ता सहभागी वकिलले आफ्नो शैक्षिक ज्ञानका आधारमा अशिक्षित स्रोतालाई गर्ने सम्बोधनमा प्रयुक्त मध्यम आदरार्थी तथा अभिव्यक्तिगत अशिष्टताले स्रोता अशिक्षाका कारणले वक्ताबाट भाषिक रूपमा भिन्न व्यवहार भएको प्रत्यक्ष देखिन्छ। सङ्कथनमा स्रोता सहभागी वक्ताको बोलीबाट भिन्न छ । सङ्कथनमा जबरजस्ती करणी मुद्दाकी पीडित महिला जो आफू जबरजस्ती करणी जस्तो जघन्य अपराधको शिकार बनेर अन्यायमा परेर न्यायको याचना गरिरहेकी छिन्, उनलाई वक्ता सहभागीले आफ्नो कानुनी शिक्षा र तार्किक शक्तिको आडमा भाषिक रूपमा अर्को अन्याय गर्दै कन्न्या जाली पुरानो च्यातिएको र अहिले करणी भएको होइन भनेर पीडितको पीडामा थप पीडा थप्ने कार्य गरिरेहेको तथ्य देखिन्छ । सङ्कथनमा अदालतमा न्याय माग्न जाने मुद्दाका पक्षलाई अदालतले आफ्ना सबै समस्या समाधान गरिदेओस् भन्ने लाग्छ तर निवेदन वा फिरादपत्रमा जे कुराको माग हुन्छ सोही बमोजिम मात्र न्याय दिन सकिने कुरा अशिक्षित पीडितलाई वक्ता सहभागी न्यायाधीशले सम्झाउदै छन् । यसमा न्यायापेक्षी मानिसहरू कानुनी शिक्षाको अभावमा पनि न्यायमा वञ्चित हुन पर्ने तथ्य स्थापित भएको देखिन्छ। अशिक्षा, अन्धविश्वासले पनि भाषिक रूपमा हेपिएको तथ्यलाई स्थापित गरेको पाइन्छ । समग्रमा पीडित सामाजिक रूपले अन्यायमा परेर अदालतको शरणमा आउँदा पुनः भाषिक रूपमा पनि न्यायालयकै सहभागी वक्ताको भिन्नताजन्य बोलीबाट भाषिक रूपमा अन्याय वा विभेदमा परेर थप हेपाइ वा अन्यायको शिकार बन्नुपर्ने तथ्य यी सङ्कथनात्मक अभ्यासहरूबाट प्रकट भएको छ ।


# अध्याय छ

## 251650048 सङ्कथनमा अभिव्यक्त विचार

यस अध्यायमा अदालती प्रक्रियामा प्रयोग हुने भाषाका सङ्कथनमा अभिव्यक्त विचारहरूको विश्लेषण गरिएको छ । सङ्कथनका सहभागीहरूका अभिव्यक्तिमा प्रकट भएको शक्ति र भाषिक भिन्नताले निर्माण गरेका विचारहरूलाई यस खण्डमा व्याख्या र विश्लेषण गरिएको छ ।

### सङ्कथनमा भाषिक विचार

कानुनी सङ्कथनमा पनि सङ्कथनात्मक घटनाहरूले विभिन्न विचारहरू/मान्यताहरूलाई उजागर गरेको पाइन्छ । सहभागीहरूले अभिव्यक्त गरेको भाषामा प्रकट भएको शक्ति र हेपाइ/विभेदबाट नै विचारधाराको जन्म भएको पाइन्छ । यस किसिमका सङ्कथनमा सामाजिक घटना वा अभ्यासहरूले विचारहरूको निर्माण गरेको पाइन्छ। नेपाली समाजमा व्याप्त मान्यताहरू/विचारहरू कानुनी भाषाबाट कुनै न कुनै ढङ्गले मुखरित भएको पाइन्छ। यस अध्यायमा न्याय सम्पादन गर्ने क्रममा भाषाका माध्यमबाट अभिव्यक्त भएका विचारहरूलाई निरूपण गरिएको छ । कानुनी नेपाली सङ्कथनमा निर्मित निम्नलिखित विचारलाई यी तथ्यहरूले प्रस्ट पारेका छन् :




*चित्र ५ , सङ्कथनमा भाषिक विचार*

(१) **नारी इज्जतको संवेदनशीलता सम्बन्धी विचार :** जहाँ स्त्रीको पूजा हुन्छ, त्यहाँ देवताको बास हुन्छ अनि जहाँ स्त्री जातिको पूजा वा सम्मान हुदैन त्यहाँ गरिएका सबै असल काम पनि निष्फल हुन्छन् (मनुस्मृति ३/५६) भन्ने मान्यताबाट विकसित पूर्वीय दर्शनका आधारमा विकास भएको नेपाली समाजमा पनि सङ्कथनात्मक अभ्यासका क्रममा सहभागी वक्ताहरूबाट सोही बमोजिमको विचार अभिव्यक्त भएको पाइन्छ । यहाँ प्रस्तुत गरिएको सङ्कथनात्मक अभ्यासले यही कुरालाई दर्शाएको छ :

न्या : कुरै बुझ्दैनौ अरू के भन्नु ? अहिले त छोरा मान्छेलाई कानुन नै छैन । छोरा मान्छेका लागि कानुनै छैन । *घरकै बुढीले त कतिलाई रेपमा हालिराछन्* । के गर्छौ त भन ? कि चाँहि मासु फिरीमा देर अर्कोतिर लागेको ? (सं. ५)

न्या : के गर्छौ ? अब अहिले त म केही गर्न सक्दिन । अब बस । साक्षी आएर के भन्छन् ? *ती महिलाले आएर होइन भन्दिन् भने तिम्रो कल्याण होला नत्र त खत्तम* छ । ती १४ वर्षकी नानीको माल टन्ट्याङ्मन्ट्याङ भारछ । तिमीले गऱ्या हो कि अरूले गऱ्या हो ? (सं ७) ( परि. क )

नेपाली समाजको मान्यताअनुसार महिलालाई उनीहरूको इच्छा विपरीत कुनै पनि कार्य गर्नु हुँदैन (सं ५) भन्ने विचारको निर्माण भएको छ । महिलाको इज्जतको संवेदनशीलताका कारणले महिलामाथि हुने सामान्य हिंसाजन्य घटनामा पनि पुरुषले गम्भीर सजायको भागीदार बन्नु पर्ने अभिव्यक्ति सहभागी वक्ता न्यायाधीशबाट (सं ५) विचार व्यक्त भएको छ । समाजको चेतनाका कारणले पुरुषहरूले महिलामाथि गर्ने दुर्व्यवहार कम भएको तथा पुरुषमाथि आरोप मात्र लगाए पनि पुरुषले उन्मुक्ति नपाउने विचार पनि सहभागी वक्ता आफ्नो अभिव्यक्ति (सं ७) मार्फत प्रकट भएको पाइन्छ । नेपालको प्रचलित कानुनी व्यवस्थाका कारणले न्यायाधीशले पनि जबरजस्ती करणी आरोप लागेका पुरुषलाई विना कारण आरोप गरिएको अवस्था भए पनि सजायबाट छुटकारा दिलाउन नसकिने अवस्थाको अभिव्यक्ति सहभागी न्यायाधीशबाट (सं. ७) प्रकट भएको पाइन्छ । आरोप गर्ने महिलाले नै अदालतमा उपस्थित भएर पुरुष माथि आफूले लगाएको जबरजस्ती करणीको आरोपको खण्डन गरेमा मात्र आरोपित पुरुषले उन्मुक्ति पाउने (सं. ७) वास्तविकतालाई यस सङ्कथनमा अभिव्यक्त भएको पाइन्छ । यसर्थ यस सङ्कथनात्मक अभ्यासबाट महिला हिंसा समाजमा कठोर रूपमा लिइएको छ । यस किसिमका अपराधमा कठोर सजाय हुने भाषिक अभिव्यक्ति पाइन्छ । यसरी महिलाको इज्जत संवेदनशील हुन्छ भन्ने विचार यस सङ्कथनात्मक अभ्यासबाट अभिव्यक्त भएको छ ।

अपराधको शिकार बनी पीडित नारीहरू भाषिक रूपमा पनि समाजमा अपहेलित बन्न पुग्दछन् । नेपाली समाजको स्वरूप पुरुषप्रधान भएकोले पुरुषले जेजस्ता कुकार्य गरे पनि समाजले भरसक त्यस्ता कार्यका बारेमा औंला ठड्याउदैन तर नारीले नगरेका काम कुराका बारेमा पनि अपजस र आरोप खेप्नु पर्ने तितो यथार्थलाई सङ्कथनात्मक घटनाले (सं ५) देखाएको छ । त्यसैले नेपाली समाजमा नारीको इज्जत सियोको टुप्पोमा हुन्छ भन्ने भनाइ यही परम्परागत विचारधाराका आधारमा निर्माण भएको छ । तलको सङ्कथनले यही कुरालाई उजागर गरेको पाइन्छ ।

कर्म : तपाईलाई छ नि यो मुद्दामा जुन पीडित छ नि उसको सांकेतिक राखेको छ उसको वास्ताविक नाम राख्न भन्न मिल्दैन हाम्ले, उसको गोपनियताका लागि, अनि उसको नाम चैं परिवर्तित नाम चाहै चापागाउँ 'झ' कुमारी भन्ने छ कि, *अब तपाईलाई चापागाउँ झ कुमारी उसको नाम सम्बोधन गरेर भन्छु तपाईले चै त्यही यिनै पीडित भनेर बुझ्नु होस् ल । चापागाउ झ कुमारी भन्ने चाही पीडित र चापागाउँ 'घ' एकबहादुर भन्ने चाहि जाहेरवाला भनेर बुझ्नु है*। अब म जति प्रश्न सोध्छु नि सांकेतिक नामबाट सोध्छु है । नबुझे सोध्नु न है ल । (सं. ७६) ( परि. क )

नेपाली समाजमा कायम भएको लैङ्गिक भेदभावका कारणले पुरुष र महिलालाई समाजले हेर्ने दृष्टिकोणमा ठूलो अन्तर छ भन्ने कुरालाई सङ्कथनात्मक घटनाले देखाएको छ । विभिन्न अपराधका पीडित व्यक्तिहरूमा विशेष गरी महिलाहरूको सामाजिक सुरक्षालाई ध्यानमा राखेर कानुनी रूपमा नै गोपनियताको हक सुरक्षित गर्दै स्वच्छ सुनुवाइको हक सुरक्षित गर्न पीडित व्यक्तिको सामाजिक इज्जत प्रतिष्ठामा प्रतिकुल प्रभाव पर्न सक्ने वा निज उपर अभियुक्त वा अनय कुनै पक्षबाट अनुचित डर, त्रास वा भय हुन सक्ने वा निजको जिउ ज्यानको सुरक्षामा प्रतिकुल असर पर्न सक्ने देखिएमा त्यस्तो व्यक्तिको नाम,

थर, वतन, बुबा आमाको नाम वा परिचय गोप्य राख्ने कानुनी व्यवस्था (मुफौकासं २०७४ को दफा १८३, पृ २३७) बमोजिम नेपाली समाजमा महिलालाई कुनै अपराध गरेको अभियोग लाग्यो वा कुनै अपराधीबाट पीडित बन्नु पर्‍यो भने समाजले राम्रो नजरले नहेर्ने हुनाले मुद्दाको कारवाही प्रक्रियामा वा कारवाही समाप्त भएपछि पनि त्यस्ता पीडित महिला वा बालबाललिकालाई कुनै पनि सामाजिक अपहेलनामा पर्न नपरोस् भनेर कानुनी सुरक्षा प्रदान गरिएको कुरा (सं. ७६) अभिव्यक्त भएको पाइन्छ । यस सङ्कथनका आधारमा नेपाली समाजमा नारीको इज्जत संवेदनशील हुन्छ भन्ने विचार निर्माण भएको कारणले कानुनले महिलाको मर्यादा जोगाउन गोपनियता राख्ने बाध्यकारी कानुनी व्यवस्था गरेको पाइन्छ ।

समाजमा नारीको इज्जतलाई अत्यन्त संवेदनशील मानिन्छ । यही संवेदनालाई ध्यानमा राखी नेपाल कानुनले पनि नारीप्रति भएका अन्याय तथा नारी जोडिएका मुद्दाको कारवाही र किनारा गर्दा सम्पूर्ण कानुनी प्रक्रियालाई सरोकारवालासँग मात्र राय परामर्श (मुफौकासं.२०७४,पृ २०६) गरेर बन्द इजलासमा न्यायको निरूपण गरेको पाइन्छ । सङ्कथनात्मक अभ्यासका क्रममा यो विचार अभिव्यक्त भएको छ ।

| | |
|---|---|
| न्या : | *अब याँ त बन्द इजलाश हुन्छ । अब बहस गर्दा चै यो बन्द इजलाश हुन्छ के । तपाईको कै थ्यो ? भन्नुपर्ने केही छ ?* ( सं २८२) |
| महिला : | छैन (डराएको भावमा) । (सं. २८३) |
| न्या : | त्यसो हो भने यो बहस गर्दा चै नबसिदिनु होला ल । वकिलसाबहरूले बहस शुरु गर्नु भो भने बन्द इजलाश हुन्छ । अरू मानिसलाई बस्न मिल्दैन है । *यहा महिलाले बस्न मिद्ल्दैन ।* **(सं. २८४)** |

महिला : म उसको (प्रतिवादीतिर देखाउँदै) आमा हो के मैले यहाँ छलफल भको कुरो सुन्न हुँदैन र ? मैले केही भन्न मिल्दैन र ? (सं. २८४)

प्रव.: तपाईले केही कुरा छ भन्नु भा थ्यो नि ? केही कुरा छ भने यहाँ कुरा राख्नु । अब यसपछि बहस हुन्छ त्यसमा चै तपाई बाहिर गएर बस्नु पर्छ है । यहाँ बालबालिका, महिलाको इज्जतसँग सम्बन्धित कुरा हुने भएको हुनाले *त्यसबेलामा यहाँ कोही पनि बस्न पाउँदैन क्या । केही छ भने भन्नु ।* **(सं. २८५)**

न्या : के हो त घटना ? लु तपाईको भनाई के हो त सुनौँ न । (न्यायाधीशले इजलासमा बहस सुन्न बस्ने ठाउँमा बसेका मानिसहरूलाई देखाउँदै प्रतिवादीलाई पुन : प्रश्न गर्छन् ) वहाँहरू को नि ? (सं ६१७)

प्रवा : वहाँहरू एकजना मेरो दिदी र अर्को जना मेरो आफन्त । (सं. ६१८)

न्या : आदेशात्मक पारामा ) तपाईहरू यहाँ बस्न मिल्दैन । यो बन्द इजलास हो । *यहाँबाट बाहिर जानुहोस् ।* ( सं ६१९) ( परि. क )

नेपाली समाज पुरुषप्रधान समाज हो । नेपालको कानुन यही सामाजिक मान्यताका आधारमा निर्मित भएको छ । प्रस्तुत पाठमा सहभागी वक्ता न्यायाधीशले जबरजस्ती करणी मुद्दाको सुनवाइ बन्द इजलासमा हुने (सं २८२) र बन्द इजलासमा अन्य मानिसले बस्न नहुने (सं. २८४) सङ्केत गरेका छन् तर महिला सहभागीले सो सन्दर्भ नबुझेपछि प्रतिवादीका वकिलले स्पष्ट रूपमा महिला सहभागीलाई बन्द इजलास तथा मुद्दा तथा मुद्दामा महिलाको सामाजिक इज्जत प्रतिष्ठाका कारणले महिलाका बारेमा गरिएका बहस छलफलमा अन्य बेसरोकारका मानिसहरूले सुन्न हुँदैन (सं. २८५, सं. ६१९) भनेर स्पष्ट पारेका छन् । नारी जातिको इज्जतको संवेदनशीलताको यही विचारलाई नेपाल कानुनले

पनि व्यवस्थित गरेको कुरा माथिको सङ्कथनमा प्रकट भएको छ । तसर्थ नारीको इज्जतको गोपनीयता संवेदनशील हुन्छ भन्ने विचारका आधारमा उनीहरूको गोपनियताको हक बमोजिम प्राप्त गर्ने अधिकारका कारणले नारी र नारीको इज्जतसँग जोडिएका मुद्दाको सुनुवाइ गर्दा पनि बन्द इजलासमा गर्नु पर्छ भन्ने कानुनी व्यवस्था भएको छ ।

**समाजले नारीको सतित्वको संवेदनशीलतालाई उचो दर्जामा राख्दछ :** सतित्वलाई नारीको गहनाका रूपमा लिइएको छ । नेपाली समाजमा नारीको सतित्व अत्यन्त मूल्यवान भएको तथ्यलाई सङ्कथनात्मक अभ्यासका क्रममा सहभागीले प्रकट गरेको पाइन्छ ।

सव रेप मुद्दामा श्रीमान् कसैले पनि देख्ने कुरा हुदैन यसमा डाइरेक्ट विटनेस भनेको पीडितै हो श्रीमान् । र भनिन्छ श्रीमान् पीडितको शरीर नै स्वयम् घटनास्थल हो । यसकारण पीडितले भनेको भनाइ, आफ्नो पतिलाई समेत दाउमा राखेर यस्तो यस्तो यस्तो हो भनेर स्पष्ट रूपमा किनभनेदेखि मलाई फलानाले रेप गऱ्यो भनेर हतपति महिलाले पतिलाई सुनाउदैन किनभने बाँकी उसको भोलिको जीवनसँग सम्बन्धित प्रश्न हुने छ सँगसगै श्रीमान् यो त महिलाको शारीरिक, मानसिक, सामाजिक ,आर्थिक, सांस्कृतिक सम्पूर्ण अधिकारमाथिको अपराध हो श्रीमान् । साइक्लोजिकल इफेक्ट ठूलो हुन्छ भनिन्छ श्रीमान् र राइट टु चेस्टिटी भनेर हाम्रो कानुनले पनि ज्यादै उचो दर्जामा राखेको छ तो फन्डामेन्टल भोइसको पनि हनन हो श्रीमान् रेप भनेको । (सं. ६६७) ( परि. क )

यस सङ्कथनमा वक्ता सहभागीले इजलाश समक्ष बहस पैरवी गर्ने क्रममा नारीको सामाजिक हैसियत तथा समाजले नारी सतित्व वा इज्जतको चर्चा गरेका छन् । नेपाली समाज पुरुषप्रधान समाज हो । नारी र पुरुष विचका हरेक विवादमा नारीका कमी कमजोरी

केलाउने र पुरुषले जस्ता सुकै कमी कमजोरी गरेको भएपनि सजायको भागीदार नारी हुनु पर्ने परम्परागत मान्यता पौराणिक कालदेखि वर्तमानसम्म स्थापित भएको छ । पुरुषले नैतिकता विरोधी गतिविधि गरेमा औलो नठड्याउने समाज नारीले नगरेका कमी कमजोरीको खोजीमा सधैं क्रियाशील हुने गर्दछ । यस सङ्कथनमा पनि वक्ता सहभागीले यही परम्परागत मान्यताका कारणले नारी आफ्नो सामाजिक इज्जत गुम्ने डरले आफूमाथि भएका अपराध खुलेर भन्न, उजुर गर्न नसक्ने कुरा प्रकट गर्दछन् (सं ६६७) । यस सङ्कथनमा वक्ताले नारीले अति भएपछि सामाजिक इज्जतको वास्ता नगरी विष्फोट स्वरूप आफूमाथि भएको सतित्व सम्बन्धी अत्याचारको बारेमा खुलेर भन्न बाध्य हुने तथ्यलाई उजागर गरेको छ । यसर्थ यस सङ्कथनका आधारमा नारीका लागि आफ्नो सतित्व ज्यादै प्रिय हुन्छ, समाजले पनि नारीको सतित्वको संवेदनशीलतालाई उचो दर्जामा राख्दछ भन्ने विचार स्थापित भएको छ ।

**श्रीमतीलाई इज्जत अनुसार खानलाउन नदिए अंश दिनु पर्छ** : मानिसको बाच्न पाउने अधिकार (माअविघो १९४८) लाई नेपालको संविधान (२०७२) ले पनि व्यवस्थित गरेको छ । सो अनुसार कानुन पनि निर्माण भएका छन् । विवाहलाई सामाजिक र कानुनी बन्धनका रूपमा ग्रहण गरेपछि श्रीमान् र श्रीमतीलाई एक रथका दुई पाङ्ग्रा मानी श्रीमान्ले श्रीमतीप्रति निर्वाह गर्नु पर्ने कानुनी दायित्व र श्रीमतीले श्रीमान्प्रति गर्नु पर्ने कानुनी दायित्वलाई परिभाषित गरेको छ । आदिकालदेखि एक अर्काका परिपूरक रहेका पतिपत्नीका बिचको सम्बन्धलाई कानुनले पनि व्यवस्थित गर्दै पुरुषप्रधान समाजको विशेषता अनुरूप सम्पत्तिको श्रोत पतिमा निहित हुने हुनाले पत्नीप्रतिको आर्थिक दायित्व पतिमा निर्भर हुने र पत्नीले पतिबाट इज्जतआमद अनुसार स्याहार, सम्भार, खानलाउन सबै पाउने नपाएमा अंश पाउने गरी व्यवस्थित गरेको छ । यहाँ सङ्कथनात्मक अभ्यासका क्रममा सहभागीले यही मान्यतालाई अभिव्यक्त गरेको पाइन्छ ।

पक्ष : *अँ मानाचामल, तलबबाट नै काटेर पो पठाउन भनेर पो आदेश गरो त सर।* अनि सम्बन्ध विच्छेदको मुद्दा परिसकेपछि श्रीमान् श्रीमतीको सम्बन्ध हुँदैन भने पछि पनि मैले पैसा दिनु पर्ने हो र सर ? (सं ६४१)

काव्या: अनि अंश मुद्दा परेपछि मानाचामलमा दावी गरेपछि श्रीमतीलाई मानाचामल त भर्नु परिहाल्छ नि । अनि *आफूले बिहे गरेकी श्रीमतीलाई खर्च दिन्न भन्न मिल्दैन नि । बिहे गरेर ल्याएकी श्रीमतीलाई केही पनि दिन्न भन्न मिल्छ र ?* (सं ६४२) ( परि. क )

प्रस्तुत पाठमा नेपाली कानुनी व्यवस्था पुरुषप्रधान समाजको संरचना अनुसार निर्माण भएको छ । नेपाली समाजमा विवाह गरेर आफ्नो घरमा भित्र्याएकी पत्नीलाई पतिले इज्ज्जत आमद अनुसार पालनपोषण गर्नु पर्छ र यदि इज्जत अनुसार पालन पोषण नगरेमा अंश दिनु पर्छ भन्ने व्यवस्था गरेको पाइन्छ । अंश पनि नदिने र पालनपोषण पनि नगरेमा न्यायालयले पत्नीलाई कानुन बमोजिम पतिबाट पालनपोषण खर्च भराइदिने कानुनी व्यवस्था छ (मुदेस, २०७४, पृ ३५) । यही व्यवस्थाको कार्यान्वयन गरेको भाषिक प्रस्तुतिका रूपमा सहभागी पक्ष ( सं ६४१) प्रस्तुत भएका छन् । नेपाली समाजमा रहेको पुरातन मान्यता अनुसारको खुट्टा भए जुत्ता कति कति भन्ने उखान विस्थापित भई अहिले नेपाली समाजले नयाँ मान्यता वा विचार निर्माण गरेको कुरा (सं ६४२) यस सङ्कथनात्मक अभ्यासका क्रममा सहभागीले व्यक्त गरेको छ । पुरुष प्रधान समाजमा भरसक पुरुष नारीलाई दमित भावनाले नै हेर्ने र सोही अनुसारका व्यवहार गर्दछ। ऊ पत्नीको सुख भन्दा पनि आफ्नो कपट र सुखलाई बढी प्राथमिकता दिन्छ। कसरी पत्नीलाई सम्पत्तिबाट बिमुख गर्न सकिन्छ भनेर अनेक उपाय अबलम्बन गर्छ । यो पाठमा पनि मुद्दाको पक्ष सहभागीले वकिलसँग पत्नीलाई कसरी पालनपोषण खर्च दिन नपर्ने (सं. ६४१) भन्ने युक्तिको खोजी

गरेको छ । यहाँ वकिलले पक्षलाई कानुनी व्यवस्था अनुरूप श्रीमतीलाई इज्जत अनुसार खानलाउन नदिए अंश दिनु पर्छ भन्ने विचार प्रकट गरेको छ ।

माथिका समग्र सङ्कथनात्मक अभ्यासका आधारमा नारीको इज्जत संवेदनशील हुन्छ भन्ने मान्यतामा आधारित छन् । अल्थुजरका अनुसार ( गौतम २०७१, पृ. १७८) राज्यका दुई औजारमध्ये विचारात्मक औजारका आधारमा समाजमा सहमति कायम गरिन्छ । यो समाजको संस्कृतिमा निर्भर हुन्छ । नेपाली संस्कृतिका आधारमा निर्मित मान्यताले कानुन निर्माणमा भूमिका निर्वाह गरेको र सोही अनुसार कानुनी र भाषिक व्यवहार निर्देशित हुने तथ्यलाई प्रस्तुत गरिएको छ ।

(२) **विवाह र बालविवाह सम्बन्धी विचार :**

**बालविवाह गैरकानुनी कार्य हो** : नेपाली समाजमा पुरानो विचारको अन्त्य भई नयाँ विचारको निर्माण भएको पाइन्छ । बालविवाह गैरकानुनी वा अपराधजन्य कार्यका रूपमा नेपाली समाजले स्वीकार गरिसकेको छ र सोही अनुसार कानुन निर्माण पनि भएका छन् (मुअसं २०७४) । जसमा विवाहका लागि योग्यता २० वर्ष निर्धारण गरेको छ (मुअसं. २०७४, पृ ६६) । यो उमेरभन्दा तलका मानिसले विवाह गरे गराएमा बालविवाह गरेको कसुर हुने भनी परिभाषित गरिएको छ । नेपाली समाजमा स्थापित मान्यताका आधारमा कानुन निर्माण भएका र यी कानुनी व्यवस्थाको बर्खिलाप हुने गरी विवाह गरे गराए, जबरजस्ती करणी गरे गराएमा गम्भीर कसुर मानी सजाय गरिने व्यवस्था भएको हुनाले बालविवाहलाई गैरकानुनी मानिएको कुरा यस सङ्कथनात्मक अभ्यासका तथ्यले प्रस्तुत गरेको पाइन्छ ।

वकिल : *कानुनै कडा छ दाइ के गर्नु ?* (सं ३३)

न्या : *फेरि सुन १८ वर्ष मुनिकालाई त ( हातले इसारा गर्दै) यसो पनि गर्न हुदैन।* सुन *फेरि नागरिक्ता सोराँ बन्छ, १८ नागिसकेपछि चै त्यो गर्न पाइन्छ।* ब्या चै २० यता गर्न पाइदैन है। कुरा बुझ। (सं ३४) ( परि. क )

प्रस्तुत सङ्कथनात्मक अंशमा बालबिबाह बारे कानुनी व्यवस्था कडा रहेको (सं. ३३) अभिव्यक्तिले बालविवाह गर्न नहुने निहितार्थ प्रकट गरेको छ। यसै गरी १८ वर्ष मुनिका महिलासँग शारीरिक सम्बन्ध स्थापित गर्न नहुने कुरा भाषेतर अभिव्यक्ति (सं. ३४) का माध्यमबाट प्रकट गरिएको छ। यसै गरी महिला २० वर्ष पूरा भएपछि मात्र विवाहका लागि योग्य हुने हुनाले त्यसभन्दा पहिले शारीरिक सम्बन्ध राख्ने मनसायले गरेका हरेक कार्य दण्डनीय हुने हुनाले २० वर्ष मुनिका महिलालाई बालिकाका रूपमा परिभाषित गरेर बालविवाह गैरकानुनी कार्य हो भन्ने सामाजिक मान्यतालाई कानुनले व्यवस्थित गरेको कुरा यहाँ विचारका रूपमा प्रस्तुत भएको पाइन्छ।

**सामाजिक बन्धनका रूपमा रहेको विवाह बेमेल भएमा कानुनी रूपमा अन्त्य गर्नु पर्छ :** नेपाली समाजमा विवाहलाई सामाजिक बन्धनका रूपमा अङ्गीकार गरिएको थियो र यही विचार वा मान्यता स्थापित थियो तर समयको विकाससँगसँगै सामाजिक मूल्य र मान्यतामा पनि परिवर्तन आए। यो सामाजिक बन्धनमा समस्या सिर्जना भयो भने वा कुनै एक पक्षले अर्को पक्षको हित विपरीतका कार्य गऱ्यो भने सहेर बस्न हुँदैन। त्यसको कानुनी समाधान खोज्नु पर्छ भन्ने विचार स्थापित भयो। विवाह गरेपछि अलग भिन्न बस्दैमा सामाजिक बन्धनका रूपमा रहेको वैवाहिक सम्बन्ध अन्त्य नहुने यसलाई कानुनी रूपमा नै अन्त्य गर्नु पर्दछ भन्ने विचारका आधारमा कानुन निर्माण भयो। विवाहलाई नेपाली समाजले सामाजिक बन्धनका रूपमा मानेको छ भने हाम्रो कानुनले सामाजिक तथा कानुनी बन्धन (मुदेसं.२०७४) का रूपमा व्यवस्थित गरेको छ। विवाह बन्धनमा बाधिएको विवाहित

जोडी एकआपसमा मेलमिलाप गरेर जीवन यात्रा अगाडि बढाउन नसक्ने भएमा कानुनी रूपमा नै सो सम्बन्ध टुटाउन सक्छन् भन्ने विचार निर्माण भएको पाइन्छ । यही विचार तलको सङ्कथनात्मक अभ्यासमा पनि देखिन्छ ।

| | |
|---|---|
| महिलाः | वहाँहरू त भरसक मिलेर बस भन्नु हुन्छ (३) तर यससँग बस्न सकिदैन । (सं १५९) |
| वकिलः | केही समय मिलेर बस्ने प्रयास गर्नु नि त । (सं १६०) |
| महिलाः | नाई सर म त मिलेर बस्न सक्दिन । (सं १६१) |
| वकिलः | अब तपाई डिभोर्स नै गर्ने हो त ? (सं.१६२) |
| महिलाः | मलाई डिभोस चाहियो । (सं १६३) |
| वादी १ः | यो मेरो भान्जा सर । दुई वर्ष अगाडि धनकुटाको केटीसँग बिहे भयो । यिनीहरू केटाकेटी बिहे गरेर त्यही चार पाँच दिन सँगै बस्यो होला । सँगै सुतेन पनि भन्छ मेरो भान्जा । लोग्ने स्वास्नीका बिच हुने केही सम्बन्ध भएन । मेरो भान्जा विदेश रोजगारीका लागि बिहे पछि जापान गयो । अहिले आएको छ । केटी तँसँग बस्दिन भन्छ । *अब यिनीहरूका बिच डिभोर्स हुन्छ कि हुँदैन । डिभोर्स गर्न के पो गर्नु पर्छ ?* (सं ५४१) |
| वादी २ : | केटीसँग उसको चै फिजिकल रिलेसनसम्म पनि नभको आइलेसम्म ।(सं.५४५) |
| का.व्या | *नाम मात्रको बिहे भए पनि र फिजिकल रिलेसन नभए पनि त्यो बिहे नै हो । बिहे भए पछि कानुनी रूपमा मात्र अन्त्य हुन्छ । त्यतिकै लोग्ने स्वास्नीको नाता सकिदैन ।* (स.५४६) ( परि. क ) |

विवाह सामाजिक बन्धन हो । यसलाई लोग्ने स्वास्नीले समान रूपमा निर्वाह गर्नु पर्छ । समाजमा विवाह गरेपछि समभ्रुदारी कायम गरेर जीवन पर्यन्त कायम राख्नु पर्छ भन्ने पुरानो विचार वा मान्यता रहेको छ । हरेक अभिभावकले यही विचारका आधारमा आफ्ना छोरा छोरीले पनि मिलेर बसून् भन्ने (सं. १५९) चाहना राख्दछन् । यदि वैवाहिक सम्बन्धमा बेमेल भएमा कानुनी रूपमा विवाहलाई अन्त्य गर्नु पर्छ, पुरानो मान्यता अनुसार बाँधिएर बस्नु पर्दैन भन्ने मान्यता (सं ५५६) अभिव्यक्त भएको छ ।  नेपाली समाजमा यदि लोग्ने स्वास्नीका बिचमा बेमेल भयो भने कानुनी रूपमा नै अलग अलग वा सम्बन्ध बिच्छेद गर्न सकिन्छ भन्ने अभिप्राय प्रकट भएको छ । साविक र वर्तमान नेपाल कानुनले पनि यही विचारका आधारमा कानुनी व्यवस्थालाई व्यवस्थित गरेर विवाह सामाजिक बन्धन हो भन्ने पुरानो मान्यतालाई भत्काएर यदि वैवाहिक जीवनमा कुनै एक पक्षले अर्को पक्षको हित विपरीतका कार्य गर्दछ भने कानुन बमोजिम नै अलग अलग भएर जीवन बिताउन सक्छन् भन्ने मान्यतालाई कानुनले पनि व्यवस्थित गरेको छ ( मुदेसं २०७४,३२) ।

प्रस्तुत पाठमा नेपाली समाजमा विवाह बन्धनमा बाँधिएपछि पतिले पत्नीलाई जहिलेसुकै जुनसुकै अवस्थामा पनि त्याग गर्न सक्छन् वा पतिले चाहेको बखतमा अर्की पत्नी ल्याउन सक्छन् । खुट्टा भए जुत्ता कति कति भन्ने मान्यताबाट जनसाधारणको मानसिकतामा परिवर्तन भई नयाँ विचारको निर्माण भएको तथ्यलाई स्थापित गरेको छ । विवाहित पुरुष र महिलाका बिच विवाह भएपछि शारीरिक सम्बन्ध स्थापित नभए र साथमा नबसे (सं ५४५) पनि उनीहरू पति पत्नी नातामा बाँधिएका हुन्छन् । यसरी स्थापित भएको वैवाहिक बन्धन सामाजिक बन्धन मात्र नभएर यो कानुनी बन्धन पनि हो, वैवाहिक सम्बन्धलाई कानुनी रूपमा मात्र अन्त्य गर्न सकिन्छ भन्ने विचारको निर्माण मुद्दाका पक्ष र कानुन व्यवसायीका सङ्कथनात्मक अभ्यासबाट (सं. ५४६)  प्रकट भएको छ ।

**विवाह पवित्र बन्धन हो :** विवाहलाई नेपाली समाजमा पवित्र सामाजिक बन्धनका रूपमा परिभाषित गरिएको छ। नेपाल कानुनले पनि विवाह पुरुष र महिला बिच दाम्पत्य तथा पारिवारिक जीवन प्रारम्भ गर्नका लागि कायम भएको एक स्थायी, अनतिक्रमय, तथा स्वतन्त्र सहमतिमा आधारित एक पवित्र सामाजिक तथा कानुनी बन्धन (मुदेस,पृ २६) का रूपमा अर्थ गरेको छ तर यही पवित्रतामा पनि अपवित्रता हुन्छ भन्ने तथ्यलाई तलका सङ्कथनात्मक अभ्यासले प्रस्ट्याएको छ।

प्रव.: ...१८ वर्ष कटेको विवाहित महिला हुन् । ७७ साल असारमा यिनको विवाह भएको छ । पलस्टु गरेकी छन् । काठमाडौं जिल्ला गंगबुमा यिनको डेरा कोठा छ । मिसिलमा रहेको जाहेरीको प्रकरण १ नम्बरमा उल्लेख छ । वहाँको माइती नुवाकोट छ । भएको अवस्था देखिन्छ र यी व्यक्ति मेरो पक्ष प्रतिवादीसँग विगत लामो समयदेखि चिरपरिचित हो त ? होइन । धादिङबाट काठमाडौं आउँदा बसमा चिरपरिचित । मलाई श्रीमान्‌बाट आज्ञा भएको कोइसनलाई पुष्टि गर्दै छु नेगेटिभमा पनि पोजेटिभमा पनि श्रीमान् । विषय वा प्रसङ्गले अर्को अर्थ नलागेका मेरो पक्षको हकमा असर नपरोस् म निवेदन गरैं मेरो पक्षसँग यी व्यक्तिको लामो समयदेखि चिरपरिचित भको, फेसबुकमा कुराकानी भको बसउठ भको अवस्था यदि थियो भने तो किसिमको तथ्य वादी नेपाल सरकारले प्रमाण ऐन २०३० को दफा २५ अनुसार दावी गर्नु पर्छ । तो विषयमा छैन । दोस्रो कुरो यी जाहेरवाली भनिएकी जो पीडित हुनु हुन्छ वहाँको जाहेरी र मौकाको निवेदनमा हेर्नु पर्ने कुरा एउडै छ जबरजस्ती करणीको परिभाषा भित्र पर्छ वा पर्दैन ? साबालक रहेको छ, शिक्षित व्यक्ति हुनु हुन्छ । *विवाहित महिला हुनु हुन्छ*

*र आफ्नो पति साथमा रहेको, विवाहित महिलाको आफ्नो जीवन साथी साथमा रहँदा रहँदै परपुरुषसँग होटल होटल हिड्नु पर्ने कारण के ? परपुरुषसँग अपरिचित व्यक्तिसँग होटलमा हिड्नु पर्ने कारण के ?* यो वादी पक्षले स्थापित गर्नु पर्दैन ? ७ वर्ष देखि १० वर्षसम्मको जबरजस्ती करणीको कसुर लिएर आउने कर्ताले प्रमाण ऐनको दफा २५ ले पीडित प्रतिवादीसँग हिड्नु पर्ने कारण के त्यो स्थापित गर्नु पर्छ श्रीमान् । अनि त्यसपछि मेरो पक्षले यी पीडित भनिएको व्यक्तिलाई ललाई फकाई प्रलोभन दिई गफलतमा पारी लिएर गएको हो ? श्रीमान् । *गलत आशयले लगेको हो श्रीमान् होइन नि ? यिनलाई के जुरुक्क उठार लेर गको अवस्था हो र ? होइन नि । भरखर मैले सिडिमा हेरेँ यी सक्षम छन्, सबल छन्, सहमतिमा ट्याक्सीमा चडेर काष्ठमण्डप होटलमा गएका छन्* ।( सं. २५७) ( परि. क )

वर्तमान नेपाल कानुनले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जबरजस्ती करणी गरेको मानिनेछ (मुअसं. २०७४, पृ.८२) भनी व्यवस्था गरेको छ । यो व्यवस्थाका आधारमा माथिको सङ्कथनमा पनि प्रतिवादी पक्षका वकिलले आफ्नो पक्ष वा यो सङ्कथनले सङ्केत गरेको प्रतिवादीले पीडित भनिएकी महिलालाई जबरजस्ती करणी नगरेको कुरा अभिव्यक्त गरेका छन् । यहाँ कानुनी व्यवस्थाका आधारमा मञ्जुरी लिएर गरिएको करणी जबरजस्ती नहुने भन्ने कुरा कानुन व्यवसायीको सङ्कथको अंश *विवाहित महिला हुनु हुन्छ र आफ्नो पति साथमा रहेको, विवाहित महिलाको आफ्नो जीवन साथी साथमा रहँदा रहँदै परपुरुषसँग होटल होटल हिड्नु पर्ने कारण के ? परपुरुषसँग अपरिचित व्यक्तिसँग होटलमा हिड्नु पर्ने कारण के ? ले* (सं २५७)

आसय प्रकट गरेको घटनासँग सम्बन्धित छ । विवाहिता पत्नीले आफ्नो पतिसँग मात्र शारीरिक सम्बन्ध स्थापित गर्नु पर्छ र विवाह पवित्र बन्धन हो भन्ने विचार स्थापित छ । ग्राम्सीका अनुसार पुरुषप्रधान समाजमा महिलाहरूलाई पुरुषको हैकम सहमतिमा स्वीकार गर्न लगाउने (गौतम २०७५, पृ ४३) विचारका रूपमा विवाहलाई परिभाषित गरिएको छ ।

(३) **भाषा प्रयोग सम्बन्धी विचार :** औपचारिक स्थलमा औपचारिक सम्बोधनको प्रयोग गर्नु पर्छ भन्ने विचार निर्माण भएको पाइन्छ । यस्तो भाषामा उच्च आदरवाची (अधिकारी, १६) सम्बोधनका माध्यमबाट सम्मानसूचक शब्दका रूपमा वक्ता सहभागीले अभिव्यक्त गर्नुपर्छ भन्ने कुरा तलको सङ्कथनात्मक अभ्यासले प्रकट गरेको पाइन्छ ।

प्रवा.: घरबेटीले मलाई रिपोट नल्याई घरभित्र छिर्नै दिएन अनि रिपोट बनाउन गएँ त्यो त था छैन । कुन हो भन्ने । (सं.११३)

न्या : (अलि जोसिलो पाराले) तपाईले चै वकिल राख्नु भा छ छैन ? (सं ११४)

प्रवा.: (डराएको भावमा) *वकिल छ*। (सं.११५)

न्या : *हुनुहुन्छ भन्नु न । को हुनुहुन्छ ? यो कोर्ट हो के यहाँ सम्मान गर्ने भाषा प्रयोग गर्नु पर्छ । त्यसरी बोल्नु हुदैन* (हप्काउँदै सम्झाएको भावमा ) (सं. ११६)

प्रवाः *हुनुहुन्छ ।* (सं. ११७)

न्या : (अलि कडा स्वरमा ) मैले तपाई भनिराछु । सम्मान गरिराछु । आफूले सम्मान गरे मात्र अरूले सम्मान गर्छन् बुझ्नु भो । (सं. ११८) ( परि. क )

भाषा सामाजिक व्यवहार भएकोले समाजलाई शिष्ट र सभ्य बनाउन औपचारिक भाषाको प्रयोग गर्नु पर्छ भन्ने तथ्य अभिव्यक्त भएको पाइन्छ । औपचारिक भाषाको प्रयोगमा आदरार्थी भाषाको प्रयोग अनिवार्यतालाई अभिव्यक्त गरेको पाइन्छ (अधिकारी, २०६४) । माथिको सङ्कथनात्मक अभ्यासका क्रममा आफूलाई सताउने, महामारी फैलिएको समयमा स्वास्थ्य सतर्कताका लागि घरबेटीले घरमा आउन नदिदाँ आफूलाई आश्रय प्रदान गर्ने व्यक्तिप्रतिको प्रतिशोध वा विरोध जनाउन भाषिक कार्यका रूपमा अनादर वाची *'छिर्नै दिएन'* क्रियापदको प्रयोग (सं ११३) गरी भाषाको उपयोग गरेको पाइन्छ । सामाजिक आर्थिक हैसियत कमजोर भएको प्रतिवादीले आफ्नो घरबेटीलाई अनादरवाची भाषाको प्रयोग गरेको छ । औपचारिक भाषाको प्रयोगमा आदरवाची सम्बोधन गर्नु पर्छ भन्ने विचार स्थापित भएको छ । यही कुराको बोध न्यायाधीशबाट (सं ११६ र सं.११८) अभिव्यक्त भएको र प्रतिवादी सहभागीबाट पनि न्यायाधीशको आदेशात्मक भनाइलाई अनुसरण (सं ११७) गरिएको पाइन्छ । यहाँ अल्थुजर भनेझैँ समाजमा प्रचलित विचारलाई आत्मसाथ गरिएको छ (गौतम २०७१, पृ. १७६) । सभ्य समाजमा हरेक वक्ताले सम्मानसूचक भाषाको प्रयोग गर्नु पर्दछ भन्ने मान्यता स्थापित भएकोले न्यायाधीशको सङ्कथनमा अभिव्यक्त भएको छ । औपचारिक सम्बोधनमा दूर शिष्टताको प्रयोग गर्नुपर्दछ । औपचारिक भाषामा आदरार्थी सम्बोधनसूचकको प्रयोग अनिवार्य हुन्छ भन्ने विचार यस सङ्कथनमा अभिव्यक्त भएको छ ।

(४) **प्रियजनले गल्ती (कसुर) गर्दैनन्** : बुबा आमाले आफ्ना छोराछोरीले कहिलै पनि अपराधिक कार्य गर्दैनन् भन्ने आत्मविश्वास हुन्छ । विभिन्न अपराधमा संलग्न भएका मानिसका आमाबुबाले यही आत्म विश्वास बोकेका हुन्छन् भन्ने तथ्य यस सङ्कथनमा भाषाका माध्यमबाट अभिव्यक्त भएको पाइन्छ ।

| | |
|---|---|
| महिला: | (हात जोड्दै न्यायाधीस तिर फर्कर्दै ) अरू त केही छैन हजुर । आमाको मन । रातभर चिसो प्रहरीको खोरमा कसरी बस्यो होला मेरो बाबु । हजुर एउटी आमालाई कति मन दुखेको होला । जसरी पनि यहाँबाट घर पठाइदिनुहोला । म सँगै लिएर जान्छु । *मेरो बाबुले यस्तो काम गर्दैन । गरेको होइन*। (सं २८७) |
| काव्या | अनि तपाईलाई छोरोले बदमासी गऱ्यो भन्ने लाग्छ कि ? (सं ३९५) |
| आमा : | लाग्दैन हजुर । केटीले नै फसाको हो । मेरो छोरो सोझो छ हजुर । ऊ निर्दोष छ । (सं ३९६) |
| आमा: | मैले फोन गरेँ । छोरो घर आएन । के भयो भनेर फोन गर्दा एकै चोटि दरबार मार्गको एस पीले फोन उठाउनुभयो र तपाईको छोरो पक्राउ परेको छ भन्नु भयो । कुन केसमा किन समाउनु हुन्छ भनेर मैले सोद्धा यसो यसो भयो भनेर त्यस्तो मुद्दाको कुरा गर्दा त भीरबाट खसेँ जस्तै भयो । *यस्तो गलत नगने मान्छे*। (सं ४००) ( परि. क ) |

माथिका सङ्कथनहरूमा आफ्ना छोरा छोरीले वा आफ्ना प्रिय मानिसहरूले कहिल्यै गल्ती वा कसुर गर्दैनन् भन्ने भाषिक अभिव्यक्ति पाइन्छ । सङ्कथनमा वक्ता सहभागी आमाले आफ्नो छोराले गल्ती नगर्ने मात्र नभई कहिल्यै गल्ती नै गर्न नसक्ने भाव (सं २८७) ले यही विचारलाई पुष्टि गरेको छ । प्रस्तुत पाठमा नेपाली समाजमा करणीको कसूरमा दोष पुरुषको नभई महिलाको हुन्छ भन्ने अवधारणाले जरो गाडेको विचारका रूपमा सहभागीको अभिव्यक्ति पाइन्छ (सं ३९६) । जबरजस्ती करणी जस्तो आपराधिक कार्यमा पनि अभिभावकले आफ्ना पुरुष सन्तानको दोष देख्दैनन् । कसूर गर्ने पुरुष तर दोष महिलामाथि थोपर्ने दमनात्मक (गौतम २०७५, पृ.१७६) विचार यस सङ्कथनात्मक

अभ्यासका क्रममा देखिन्छ । यसै गरी आमाबाबुका लागि आफ्ना छोराछोरीले कहिल्यै गल्ती गर्दैनन् (सं ४००) भन्ने दृढ विश्वास हुन्छ भन्ने विचार पनि आमा सहभागीका अभिव्यक्तिबाट प्रकट भएको छ । उक्त विचार ममताको शक्तिबाट सिर्जित भएको छ । यो विचार समाजमा मान्य र परम्परित छ ।

**(५) कसुर सम्बन्धी विचार :**

**कसुर प्रमाणित भएमा हरेक कसुरदारले दण्डसजायको भागीदार हुनुपर्छ :** कानुनले कसैलाई कुनै पनि अपराध गरेको हो भनेर अभियोग लगाएको अवस्थामा त्यस्तो अभियोग अनुसार लगाएको कसुर प्रमाणित हुन्छ कि हुँदैन भनेर निरूपण गर्ने स्थान अदालत हो । कानुनका आधारमा प्रमाणको मूल्याङ्कन गरेर तथा अभियुक्तको भनाइ तथा उसले आफ्नो पक्षमा पेश गरेका प्रमाणहरूको समेत मूल्याङ्कन गर्दा कसुर प्रमाणित भएमा त्यस्ता कसुरदारलाई कानुन बमोजिम सजाय तथा पीडितलाई क्षतिपूर्तिको व्यवस्था गरे अनुसार सङ्कथनमा सहभागी (प्रव) ले पक्षलाई यही वास्तविकता अभिव्यक्त गरेका पाइन्छ ।

न्या : के गर्छौ ? अब अहिले त म केही गर्न सक्दिन । अब बस । साक्षी आएर के भन्छन् ? ती महिलाले आएर होइन भन्दिन् भने तिम्रो कल्याण होला नत्र त खत्तम छ । ती १४ वर्षकी नानीको माल टन्ट्याङ्मन्ट्याङ भारछ । तिमीले गऱ्या हो कि अरूले गऱ्या हो ? (सं ७)

न्या : त्यो चै कहाँबाट देखिन्छ ? बेहोसी अवस्थामा होटलमा लगेको भनेर प्रतिवादीले पनि भनेको अवस्था छ नि ? यसमा सहमतिबाट काम भएको चै केबाट देखिन्छ ?(सं २६०)

वकिल : ठिक छ जति गन्थन गरेपनि यही हो । *तपाईले यहाँ भित्र बस्दा निस्कने मात्र होइन म सात वर्ष यही भित्र बस्नु पनि पर्न सक्छ भन्ने मानसिकता बनाउनु होला । भरसक हामी प्रयास गर्छौं । हाम्ले पनि त्यही मिसिल भित्रबाट बोल्ने हो*। सफाइ पाउनु भयो भने राम्रो । प्रयास गरौंला । ( सं.४२६) ( परि. क )

माथिका सङ्कथनात्मक अंशमा वक्ता सहभागीको अभिव्यक्तिका आधारमा यदि कानुन र प्रमाणका आधारमा दोषी प्रमाणित भएका हरेक अभियुक्तले सजायको भागीदार बन्नु पर्ने विचार अभिव्यक्त भएको छ । अभियोगबाट सफाइ पाउन अभियोग लगाउने पक्षले नै अदालतमा आएर मैले लगाएको आरोप होइन भन्ने अभिव्यक्ति दिनु पर्छ (सं. ७) । साक्षी प्रमाणले नै कसुरदार नभएको कुरा पुष्टि भएमा मात्र अभियोगबाट सफाइ मिल्छ अन्यथा जबरजस्ती करणी जस्तो गम्भीर प्रकृतिको कसुरमा सजायबाट छुटकारा मिल्दैन । जबरजस्ती करणीको कसुरमा उमेर पुगेका महिलाले होसमा सहमति वा मन्जुरी प्रकट गरेर करणी लिनु दिनु भएको अवस्थामा मात्र कसुर कायम नहुने अन्यथा सहमति प्रमाणित नभएमा अभियोग दावी अनुसार कसुरदार ठहर हुने अभिव्यक्ति सहभागी वक्ताले प्रकट गरेका छन् (सं. २६०) । प्रमाणले कसुरदार ठहर भएमा अभियुक्तले सजायको भागीदार बन्नु पर्छ र तोकिए बमोजिमको सजायको भागीदार बन्नु पर्ने अभिव्यक्ति सहभागी वक्ताले (सं ४२६) दिनुले गम्भीर प्रकृतिका फौजदारी कसुर प्रमाणित भएमा कसुरदारले कानुनले तोकेबमोजिमको दण्डसजायको भागीदार हुनुपर्छ भन्ने विचार माथिका सङ्कथनात्मक अंशहरूबाट प्रकट भएको पाइन्छ ।

**कसुरदारले आफूले कसुर गरेको कहिल्यै पनि स्वीकार गर्दैन :** भाषाका धेरै कार्यहरू मध्ये विरोध वा अस्वीकार पनि हो (ह्यालिडे २००४) । सङ्कथनात्मक अभ्यासका क्रममा फौजदारी मुद्दाका हरेक प्रतिवादी वक्ता सहभागीले आफू निर्दोष भएको र आफूले कहिल्यै

गल्ती नगरेको कुरा विरोध वा अस्वीकारका रूपमा अनुरोध (अपिल) गरेको पाइन्छ । यसरी आम कसुरदारको एउटै भावना प्रतिविम्बन भएको पाइन्छ ।

न्या : के गर्छौ त गुरुङजी, अब खत्तम गरेछौ त ? रातभरि बसेको भन्छन् त सगैँ । (सं.१)

प्रवा : काँ बस्ने हजुर ? बसेको छैन । (सं. २)

कर्म : तपाईले पीडितले भने अनुसार नै उसको सु सु गर्ने ठाउँमा अंकलको सु सु हाल्न खोज्नु भयो (यौन सम्पर्क गर्न खोज्नु भयो) अरे त । (सं १३५)

प्रवा : त्यस्तो भनेको होइन । गरेको होइन हजुर । (सं १३६)

प्रवा : होइन । त्यसो गरेको होइन । टि. भी पनि हेर्न आउने बच्चासँग पनि खेल्न आउने हो तर त्यस्तो काम मैले गरेको होइन । (सं १३८)

प्रवाः पुरै झुट छ सर किनभनेदेखि उल्ले भनेक दिनको मेरो टेलिफोनको लोकेसन हेर्दा पनि था हुन्छ । उल्ले भने ठाउँमा म गएकै छैन । उल्ले भनेको समयमा म घरमै छु । मेरो फोन घरमै उठिरहेको छ । उल्ले मलाई दिनको बार बजे रेप गर्‍यो भनेको छ । *त्याँचै सातसय जना पढ्ने स्कुल छ हाइस्कुल छ । अगाडिपटि ठूलो किनारा (किरानालाई यसो भनेको* ) पसल छ । *पिचरोडको घर, गाउँको बिचको घर छ सर त्यसको, सातसयजाना विद्यार्थी पढ्ने ठाउँ म गएँहुला, गरेँ हुला रिसइबिले गरे हुला* तर उल्ले कुनै पनि ऊ त गर्न सक्नु पर्ने नि तो केही पनि छैन सर । तेसैले सर यो झुठ आरोप हो सर ( न्यायाधीशसँग हात जोड्दै) । (सं. ६२१) ( परि. क )

प्रस्तुत सङ्कथनात्मक अभ्यासका क्रममा अदालत समक्ष बयान गर्ने जबरजस्ती करणीको अभियुक्त (प्रतिवादी) ले आफूले कसुर नगरेको कुरा व्यक्त गरेर कसुर नगरेको प्रमाणका रूपमा विभिन्न घटनाक्रमलाई पनि जोडेका छन् । सहभागी वक्ता न्यायाधीशको प्रश्नमा प्रतिवादी वक्ताले आफूले कसुर नगरेको (सं २), अदालतका कर्मचारी सहभागीको प्रश्न (सं १३५) मा प्रतिवादी वक्ताले आफूले बालिका माथि जबरजस्ती यौन सम्पर्क नगरेको इन्कार गर्नु (सं १३६) (सं १३८) तथा प्रतिवादीले आफूले जबरजस्ती करणी नगरेको र सो सम्बन्धी मौजुद प्रमाणले पुष्टि गरेकोले आफू निर्दोष भएको कुरा अभिव्यक्त (सं ६२१) गर्नु ले फौजदारी कसुर गर्ने अधिकांश प्रतिवादीहरूले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा कसुरलाई स्वीकार गरे पनि पछि अदालत प्रवेश गरेपछि आफ्ना पहिलेका बयानलाई फेरेर कसुरमा इन्कार गर्दछन् । कसुरलाई अस्वीकार गर्नका लागि प्रतिवादीले विभिन्न सामाजिक घटनाहरूलाई आफ्नो सङ्कथनमा प्रमाणका रूपमा प्रस्तुत गरेर कसुरलाई अस्वीकार गरेको छ । यसैले कसुरदारले आफूले कसुर गरेको कहिल्यै पनि स्वीकार गर्दैन भन्ने साझा विचार (ब्लोर एन्ड ब्लोर २०१३, पृ.१०) लाई यी सङ्कथनहरूले पुष्टि गरेको छ ।

(७) **महिला हिंसा र अपराध सम्बन्धी विचार** : यसमा पीडित सहभागीले आफू पीडित हुने कारण र परिणाम अभिव्यक्त गरेको पाइन्छ । समाजमा अपराध अन्धविश्वासका कारणले पनि अपराधिक घटनाहरू हुने गर्दछन् भन्ने मान्यतालाई यस सङ्कथनले देखाएको छ । अन्धविश्वासले सिर्जित पीडित भाषिक अभिव्यक्तिका माध्यमबाट विचार अभिव्यक्त भएको पाइन्छ ।

सव : तपाईले प्रहरीमा यी प्रतिवादी (झारफुक गर्ने मान्छे) ले झारफुक गर्न जाँदा जबरजस्ती करणी गरे भनेर जाहेरी गर्नु भएको रहेछ । के भएको हो बताइदिनु होस् न ।( सं. ५३२)

पीडित *मो बिरामी थ्यो । देउता बिग्रेर एस्तो भएको भनेर झारफुक गर्ने मान्छेले जाति बनाउँछ भनेर म आमा र दिदीसँग झारफुक गर्ने मान्छेको डेरामा गयो । अनि मलाई झारफुक गार्छ भनेर एक्लै कोठामा थुनेर जबरजस्ती गरेकोले* पुलिसलाई उजुर गरेको हो । ( सं. ५३३) ( परि. क )

प्रस्तुत पाठमा अपराधिक मानसिकताका मानिसले अपराध गर्न अनेक उपाय अपनाउने गर्दछन् र समाजमा अपराध घटाउने तथ्यलाई उजागर गरेको छ । सहभागी वक्ता सरकारी वकिलले पीडित पक्ष जाहेरवालालाई ( सं ५३२ ) प्रश्न गर्दा सहभागी पीडित वक्ताले आफू बिरामी भएकी र धामी झाँक्रीले जाति बनाउँछन् भन्ने विश्वास लागेर उपचार गराउन जानु र आफू सोही क्रममा जबरजस्ती करणीको अपराधको सिकार बन्नु परेको तथ्यलाई उजागर गरिएको छ (सं ५३३) । उपचारका नाममा अन्धविश्वासको आड लिएर पनि जबरजस्ती करणीजस्तो जधन्य अपराध घटाउने कार्यको अभिव्यक्ति प्रस्तुत सङ्कथनमा पाइन्छ । नेपाली समाज झारफुक, धामी झाक्रीले बिरामी जाति बनाउँछन् भन्ने अन्धविश्वासबाट ग्रस्त छ । समाजमा आफ्नो जिविकोपार्जनका लागि अन्धविश्वास गर्ने समुदायलाई भ्रम (गौतम २०७५, पृ.१७६) छरी झारफुकका नाममा अपराधिक मानसिकताका मानिसले आफ्नो प्रभुत्व स्थापित गरेका छन् । अन्धविश्वासी भावनाले समाजमा महिला हिंसा र अपराध घटित हुन्छन् भन्ने विचारको निर्माण भएको छ ।

लिङ्भेद जैविक वा शारीरिक र प्राकृतिक भिन्नताको विषय हो (पाण्डे पृ ९) । यही प्राकृतिक भिन्नताको आडमा समाजका हरेक क्षेत्रमा नारी र पुरुषका विचमा विभेद भएको

विषय सङ्कथनात्मक अभ्यासमा अभिव्यक्त भएको पाइन्छ । प्रस्तुत सङ्कथनमा पुरुष नारीबाट हेपिने होइन, सयौँ कमजोरी भए पनि कमजोरी नभएको नारी नै पुरुषबाट हेपिनु पर्छ भन्ने विचार निर्माण भएको पाइन्छ ।

न्या : फेरि सुन १८ वर्ष मुनिकालाई त ( हातले इसारा गर्दै) यसो पनि गर्न हुदैन । सुन फेरि नागरिक्ता सोराँ बन्छ, १८ नागिसकेपछि चै त्यो गर्न पाइयो । ब्या चै २० यता गर्न पाइदैन है । कुरा बुझ । (सं ३४)

पुरुषः उले नै मलाई यस्तो गरे पछि म किन यससँग बस्छु त । उसको बाबुको घरमा बसेर *मैले उसको जैले पनि हेपाइ मात्र खाने* । म पनि यससँग बस्न सक्दिन । मसँग पहिलेतिरको छोरा पनि थियो । *सौताको छोरालाई देखि नसहने* । (सं १६४)

(परि. क)

प्रस्तुत सङ्कथनात्मक अभ्यासका क्रममा पुरुष सहभागीको भाषिक अभिव्यक्तिमा पुरुष हुनुको दम्भ प्रकट भएको पाइन्छ । सहभागी वक्ताको अभिव्यक्तिमा महिला सधैँ पुरुषको नियन्त्रणमा रहने र पुरुषले चाहेमा ऊ माथि जबरजस्ती गर्न सक्ने तर नचाहेमा केही नहुने (सं ३४) अभिव्यक्ति नै पुरुषबाट महिला सधैँ हेपाइमा पर्नु पर्छ भन्ने मान्यता प्रकट भएको छ । यसै गरी यहाँ पुरुष वक्ताले (सं १६४) श्रीमतीको बाबुको घरमा हेपिएको, हेपिएर बस्न परेको, पुरुष कहिल्यै पनि हेपिएर बस्न सक्दैन, सधैँ हेपिने, पीडा भोग्ने महिला मात्र हो भन्ने अभिव्यक्तिका माध्यमबाट पुरुष नारीबाट हेपिने होइन, सधैँ नारी नै हेपिने हो, भन्ने पुरुषवादी साझा मान्यता वा विचारधारा (ब्लोर एन्ड ब्लोर २०१३,पृ.१०) प्रकट भएको छ । यो मान्यता वा विचार समाजमा स्थापित वा जरा गाडेर बसेको विचारका रूपमा लोग्ने वक्ताले अभिव्यक्त गरेको छ । यही मान्यताका आधारमा समाजमा महिला हिंसाको सिकार बन्न परेको कुरा पनि यस सङ्कथनमा अभिव्यक्त भएको छ ।

**नारी माथि पुरुष अत्याचार हुन्छन् र नारीको कानुनी रूपमा संरक्षण गर्नु पर्छ :** सामाजिक, आर्थिक, सांस्कृतिक, लैङ्गिक आदि रूपमा नारीमाथि पुरुष अत्याचार आदिकालदेखि हुँदै आएको पाइन्छ। भौतिक रूपमा हुने यस किसिमका अत्याचारका अलावा भाषिक रूपमा झन धेरै अत्याचार हुने गरेको पाइन्छ। तसर्थ नारीमाथि पुरुषबाट हुने यस किसिमका अत्याचारको कानुनी उपचार गरी नारीलाई कानुनी रूपमा संरक्षण गर्नु पर्छ भन्ने मान्यता सङ्कथनात्मक अभ्यासका क्रममा पाइन्छ। नेपाली समाजमा सबै गल्ती नारीले मात्र गर्छन् र सजायको भागीदार पनि नारी नै बन्नु पर्छ भन्ने विचारले जरा गाडेको थियो। माथिको पाठमा समाज परिवर्तन भएको र विचार पनि परिवर्तन भएको तथ्यलाई प्रस्तुत गरिएको छ। समाजमा अहिले महिला अधिकार र लैङ्गिक अधिकारका सन्दर्भमा थुप्रै कानुन बनेका र सोही अनुसार कार्यान्वयन भए पनि नेपाल कानुनले जबरजस्ती करणीको सिकार नारी मात्र हुने (मुअसं २०७४, पृ ८२) कुरालाई सङ्कथनात्मक अभ्यासका क्रममा पनि प्रकट भएको पाइन्छ।

न्या : कुरै बुझ्दैनौ अरू के भन्नु ? अहिले त छोरा मान्छेलाई कानुन नै छैन। छोरा मान्छेका लागि कानुनै छैन। घरकै बुढीले त कतिलाई रेपमा हालिराछन्। के गर्छौ त भन ? कि चाँहि मासु फिरीमा देर अर्कोतिर लागेको ? (सं ५)

वकिल यहाँ बयान लेख्दा सरहरूलाई भन्नु। सरहरूले लेखिदिनु हुन्छ आफ्नो इन्कारी बयान। साक्षीहरूको नाम सम्झी राख्नु। *तपाईका मान्छेले भन्दा पनि त्यै केटी जल्ले तपाईलाई आरोप लाकी छे नि त्यसैले अदालतमा आएर चै त्यसले यहा कागज गरेकी हुन्छे त्यसलाई अदालतले बोलाउँछ, त्यो सरकारी पक्षको गवाह हुन्छ। उल्ले तपाईको पक्षमा यल्ले यस्तो कार्य गरेको होइन भनिदिई भने वा*

*अहिले नै त्यस्तो बयान गरिदिन्छु भन्ने प्रतिवबद्धता जाहेर गरी भने हाम्लाइ सहज हुन्छ* । परिवर्तित नाम 'क' को *जस्तो छुट्न सकिन्छ*। परिवर्तित नाम 'क' छुटेकै त्यही कारणले हो । ती महिलाले होइन यस्तो कार्य भएकै थिएन भनी लिखित मौखिक बयान गरिन् अनि छुटे । परिवर्तित नाम 'क' कै जुक्ती अपनाउनु होला । *आफ्नै श्रीमतीलाई त जबरजस्ती गरेकामा ५ वर्ष कैद हुन्छ अहिलको कानुनमा अनि* । त्यसले गर्दा खेरि यसमा तपाई निरास पटक्के नहुनुहोस् यो धेरै मान्छेलाई परेको कुरा हो । यसमा होइन भन्ने प्रमाणित भएर निस्के पछि अझ पक्को बन्नु हुन्छ त्यो पो त कुरा त । (सं ३३७) ( परि. क )

प्रस्तुत पाठमा सङ्कथनको सहभागी वक्ताले जबरजस्ती करणीको पीडक वा कसुरदारलाई कसुरमा उन्मुक्ति दिलाउने र नदिलाउने अधिकार पीडित नारीमा रहेको तथ्यलाई (सं ५) स्पष्ट रूपमा प्रस्तुत गरेका छन् । यसै गरी महिलामाथि हुने अपराधका विरुद्धमा उजुरी परेपछि मुद्दाको सुनुवाईका सन्दर्भमा उजुरकर्ता पीडित महिला नै अदालतमा उपस्थित भएर कसुरदारलाई सजायबाट उन्मुक्ति दिलाउन पीडक भनिएका व्यक्तिले त्यस्तो कार्य गरेको होइन भनी आफ्ना विरुद्धमा बकपत्र गरेमा पीडकले कसुरबाट सफाइ पाउँछ (सं ३३७) भन्ने अभिव्यक्ति सहभागी वक्ताको सङ्कथनमा प्रकट भएको छ । यसरी नेपाल कानुनले महिला विरुद्ध हुने अपराध वा हिंसाका विरुद्धमा कडा कानुनी व्यवस्था गरेर महिलालाई संरक्षण गरेको छ । यसैले राज्यले नारी माथि पुरुष अत्याचार हुन्छन् र नारीको कानुनी रूपमा संरक्षण गर्नु पर्छ भन्ने जनप्रिय सहमति (गौतम २०७५, पृ. ४३) नै विचारका रूपमा प्रकट भएको छ ।

**शारीरिक र मनोवैज्ञानिक दबाब सिर्जना गरी महिला माथि अपराधजन्य कार्य हुने :** यो सङ्कथनमा नारी पुरुषका तुलनामा शारीरिक र मानसिक रूपमा कमजोर हुने तथा

पुरुषले शारीरिक बल र अन्य मानसिक दबाब सिर्जना गरी अपराध घटाउने कार्य गर्दछ। परम्परित रूपमा नारी शारीरिक र मानसिक रूपमा कमजोर हुन्छन् भन्ने धारणालाई यस सङ्कथनले विचारका रूपमा प्रकट गरेको पाइन्छ।

सव.: श्रीमान् *पीडितले जबरजस्ती भनिराको अवस्थामा तो विमती हो भन्ने कुरा स्पष्ट रूपमा देखिन्छ* श्रीमान् र तो कुरालाई कुनै मान्य हुदैन श्रीमान् । यी महिलाको जिउ ज्यान माथिको सार्वभौभसत्ता निज महिला माथि छ यदि उनको सार्वभौमसत्ता र उनको चेस्टीटी माथि कसैले बिना इच्छाले त्यातिखेरको डर धाक दवाब कर बल आदि इत्यादि प्रयोग गरेर यो कर्म गर्छ भने उमेरका कारणले मात्र यिनले उन्मुक्ति पाउने सम्भावना हुँदैन श्रीमान् र उनले प्रस्ट रूपमा राज्यको आफूलाई अन्याय भएको विषयमा कारबाही गर्ने अथोरिटेटिभ निकायमा उजुरी मलाई चै जबरजस्ती सँग भयो भनेबाट यो सहमतिजन्य करणी हो भनेर मान्न सकिने अवस्था देखिदैन नम्बर एक श्रीमान । र *श्रीमान् यिनले ब्ल्याकमेल पनि गरे श्रीमान् । यिनले ब्ल्याकमेल कसरी गरे भने एकचोटि गरिसके पश्चात फोरि पुनः त्यही कुरो देखाएर यिनलाई आउन बाध्य पारियो श्रीमान् ।* यिनी म गएँ भन्छिन् श्रीमान् । फोन गरेर बोलाइ सकेपछि तो ठाउँमा एउडा कुनै प्रुडेन्ट म्यान हुने हो भने पनि त्यसरी बनाइसकेको अवस्थामा त्यसरी प्रमावमा पारेको अवस्थामा आउनु पर्ने बाध्यता क्रिएट हुन्छ । यो सामान्य समझको विषय हो श्रीमान् । मोबाएलमा सारा कुरा राखीसकेको छ अब आइनस् भने तलाई म यसो गर्छु र उसो गर्छु भनिसकेपछि एउडा मान्छे परिबन्धमा परेर आफ्नो इज्जत, मान मर्यादा र प्रतिष्ठाका खातिर अघिल्लो घटनामा त ऊ फसेकै थ्यो । पछिल्लो घटनामा पनि यही कुरालाई क्वाइन

गर्दै उल्ले पटक पटक शोषण गर्न थालिसकेपछि अति सर्वत्र बर्जयेत भनिन्छ श्रीमान् त्यसकारण यिनलाई अति गर्न थालेपछि दोस्रो चोटि क्राइम भैसकेपश्चात् यिनले उजुरी हालेको स्पष्ट रूपमा देखिन्छ श्रीमान् । (सं. ६६७) ( परि. क )

प्रस्तुत सङ्कथनमा सरकारी वकिल वक्ता सहभागीका रूपमा प्रस्तुत भएका छन् । उनी इजलाशमा जबरजस्ती करणी मुद्दाकी पीडितका पक्षबाट बहसपैरवी गर्ने क्रममा सहभागीले नेपाली नारी कसरी अपराधिक कार्यको शिकार बन्न पुग्छन् भन्ने तथ्यलाई प्रस्तुत गरेका छन् । सहभागी सङ्थनात्मक अभ्यासका क्रममा नेपाली समाज पुरुषप्रधान भएको, र नारीको इज्जत प्रतिष्ठा अत्यन्त संवेदनशील रहेको तथ्य प्रकट भएको छ । कुनै पनि नारीले सामाजिक अन्यायका विरुद्धमा आफू पीडामा नपरेसम्म न्यायका लागि याचना नगर्ने तथ्य पनि यस सङ्कथनमा अभिव्यक्त भएको छ । नारीको इज्जत सामाजिक रूपमा संवेदनशील मानिने मान्यता समाजमा स्थापित भएको र कुनै पनि नारीले आफ्नो इज्जतमा आघात पुगेको कुरा समाजले थाहा नपाओस् भनेर सचेत बन्ने परम्परा रहेको छ । यस पाठमा सहभागीको सङ्कथानात्मक अभ्यासका क्रममा आएकी नारी यही इज्जतको संवेदनशीलताका कारणले जबरजस्ती करणी जस्तो जघन्य अपराधको बन्न बाध्य भएको, सामाजिक परम्पराले म पुरुषभन्दा कमजोर छु भन्ने विचारका कारणले यस्तो कार्य हुने गरेको तथ्य यस (सं ६६७) सङ्कथनमा अभिव्यक्त भएको छ । पीडकले पीडितलाई पहिले अनेक प्रलोभनमा पारेर पीडा दिने र पछि मोबाएलको भिडियो देखाउने डर, धाक देखाएर पीडा दिन बाध्य बनाएको, नारी स्वभावैले मानसिक रूपमा पुरुषभन्दा कमजोर र शारीरिक रूपमा पनि प्रतिवाद गर्न पुरुषभन्दा कमजोर भएका कारणले नसक्ने तथ्यलाई यस सङ्कथनले प्रकट गर्दै महिला पुरुषका तुलनामा मानसिक र शारीरिक रूपमा कमजोर हुन्छन्, त्यसैले पुरुषले चाहेमा सजिलै प्रभाव पारी उनीहरूबाट फाइदा लिन सक्छन् भन्ने मान्यता वा विचार प्रस्तुत गरेको छ ।

(८) **सौतेलो सम्बन्ध सम्बन्धी विचार :** नेपाली समाज एक पत्नी परम्पराबाट विकसित भएको हो । एक पतिका दुई वा दुई भन्दा बढी पत्नी भए भने सौताबाट जन्म भएका छोराछोरीलाई सौतेलो व्यवहार गर्ने र हेप्ने परम्परा आदिकालदेखि रहेको पाइन्छ । यो परम्परित मान्यता हालसम्म पनि नेपाली समाजमा विद्यमान भएको कुरा प्रस्तुत सङ्कथनबाट पाइन्छ ।

पुरुष : उले नै मलाई यस्तो गरे पछि म किन यससँग बस्छु त । उसको बाबुको घरमा बसेर *मैले उसको जैले पनि हेपाइ मात्र खाने* । म पनि यससँग बस्न सक्दिन । मसँग पहिलेतिरको छोरा पनि थियो । *सौताको छोरालाई देखि नसहने* । पहिलो स्वास्नीतिरको छोरालाई मैले गाउँमा राखेको छु । ( सं. १६४)

पीडित : (सुक्क सुक्क रुँदै) म सानै हुँदा आमाले छोडेर अर्को बिहे गरेर जानु भको रे । बुबाले कान्छी आमा ल्याउनु भएपछि कान्छी आमाले मलाई हेला गर्लिन् भनेर बुबाले नै खुमलटारमा हुने मेरो फुपुको छोरा दाजुसँग ल्याएर राखिदिनु भको हो । दाजुले नै मलाई पढाउने, हेरचाह सबै गर्नु हुन्छ । अहिले दाजु भाउजु र सानु भाइ छ। (सं ४६७)

प्रवा : म मेरो गाउँबड कामको खोज्न ५।६वर्ष अगाडि काठमाडौँ आयो । मैले काठमाडौँ आएर फोहोर भेला पार्ने रिक्सा चलायो । फोहोर भेला पार्दा आहिलेको मेरो स्वास्नीसँग भेट भायो । ऊ सानेपामा खाजा चियाको पसल गरेर बस्दो रहेछ । आउँदा खाजा खाँदा खाँदा माया पिरेम भयो । उसलाई पनि पहिले लोक्नेले छोडेर हिडको रहेछ । उसँग एउटा छोरी पनि रहेछ । मसँग माया पिरेम भएपछि हामी साँगै बस्न थाल्यो । मैले उसको छोरीलाई पनि आफ्नै छोरी जस्तो गर्यो । साँग साँगै बस्दा कहिले काहीँ हामी बुडाबुडाको झगडा परिरहन्थ्यो । एकदिन छोरीले धेरै

टि भि हेर्यो पढेन किन किन टि भि धेरै हेरेको भनेर मैले गाली गर्यो । यसरी गाली गर्दा छोरी मुखमुखै लाग्यो मैले रिसको झोकमा दुइ झापड हान्यो । त्यसपछि मेरो बुढी पनि मसँग आइलाग्यो । मेरो छोरी किन कुटिस् भनेर मलाई गाली गर्यो मैले उसलाई पनि एक झापड हान्यो । म सुँगुर फारममा काम गर्ने र दिनभरको कामले थाकेर आएको अनि झगरा गरेकोले म रिसले फेरि राती नै सुँगुर फारममा नै सुत्न गयो । त्यही बाट मलाई प्रहरीले पक्रियो । किन पक्रियो मलाई था छैन। मेरो बुडी र छोरीले उजुर गरेको छ भनेर पुलिसले भनेको हो । मैले केही गरेको छैन । (सं ६८०) ( परि. क )

यसै गरी यस सङ्कथनमा लोग्ने वक्ताले आफूसँग भएको पहिलो पत्नीतिरको छोरालाई पनि पछिल्लो श्रीमतीले हेला गरेको सन्दर्भ ( सं. १६४) प्रस्तुत गर्दै सौतेनी आमाले सौताबाट जन्मेका सन्तानलाई हेला होचो गर्छन् भन्ने पुरातन रूपमा स्थापित विचारलाई अभिव्यक्त गरेको छ । यसै गरी नेपाली समाजमा सौतेनी आमाले सौतेलो सन्तानलाई हेला गर्छन् भन्ने विचार निर्माण भएको र सोही अनुसारको कार्य हुने गरेको (सं ४६७) सन्दर्भ पनि माथिका सङ्कथनात्मक अभ्यासका क्रममा अभिव्यक्त भएको पाइन्छ । यसै गरी सौतेनी आमाले मात्र सौतेलो सन्तानलाई मात्र हेलाहोचो नगरी सौतेलो बाबुले पनि हेला होचो गर्दछन् । सौतेले असल नियतले आफ्ना सौतेला सन्तानलाई सत्मार्गमा लगाउन अर्ती उपदेश गर्दा समेत सौतेलो बाबुले गलत कार्य गर्‍यो भनेर आरोप गर्ने मान्यता विकास भएको छ (सं ६८०) । यसरी आधुनिक समाजमा पनि कतिपय पुरातन विचारले पनि अझै जरा गाडेर बसेका छन् र ती सामाजिक विकृतिका रूपमा रहेका छन् भन्ने कुरालाई देखाएको छ । यी सङ्कथनात्मक अभ्यासका क्रममा सौतेलो सन्तानलाई सौतेलो बाबु र आमाले हेला गर्दछन् भन्ने कुरा सङ्कथनहरूबाट विचार प्रकट हुन्छ भन्ने अल्थुजरको

विचारका आधारमा (गौतम २०७५, पृ. १७७) यो परम्परित अवधारणा अद्यापि कायम छ भन्ने विचार प्रकट भएको छ ।

**अध्याय निष्कर्ष**

निष्कर्षमा उल्लिखित कानुनी सङ्कथनमा पनि सङ्कथनात्मक घटनाहरूले समाजमा स्थापित विभिन्न विचार/मान्यताहरूलाई प्रतिनिधित्व गरी अभिव्यक्त गरेको छ । सङ्कथनका सहभागीहरूले अभिव्यक्त गरेको भाषामा प्रकट भएको शक्ति र भाषिक भिन्नताबाट नै विचारको जन्म भएको तथ्य यी सङ्कथनात्मक अभ्यास क्रममा पाइन्छ । नेपाली समाज पुरुषप्रधान भए पनि वर्तमान सामाजिक राजनैतिक चेतनाका कारणले महिला हक अधिकारको सुनिश्चित गर्ने क्रममा धेरै कानुनहरू निर्माण भएका छन् । पति पत्नीको संरक्षक हो, पत्नीलाई इज्जतआमद अनुसार संरक्षण गर्नु उसको दायित्व हो भन्ने मान्यता स्थापित भएको छ । नेपाली समाजमा महिलालाई उनीहरूको इच्छा विपरीत कुनै पनि कार्य गर्नु हुँदैन । महिलामाथि हुने सामान्य हिंसाजन्य घटनामा पनि पुरुषले गम्भीर सजायको भागीदार बन्नुपर्ने विचारको निर्माण भएको छ । समाजको चेतनाका कारणले पुरुषहरूले महिलामाथि गर्ने दुर्व्यवहार कम भएको तथा पुरुषमाथि आरोप मात्र लगाए पनि पुरुषले उन्मुक्ति नपाउने विचार पनि सङ्कथनका सहभागीले प्रकट गरेको छ । महिलाको इज्जत संवेदनशील हुन्छ र यो संवेदनशीलतालाई नेपाली समाज र राज्यले पनि कानुन बनाएरै सम्बोधन गरेको तथ्य यस विचारमार्फत अभिव्यक्त भएको छ ।

नारी समाजका इज्जत हुन्, उनीहरूको इज्जतको संवेदनशीलतालाई कानुनले पनि अङ्गीकार गरेको छ । सोही अनुसार समाजबाट अपहेलित हुन नपरोस् भनेर कानुन र कानुन प्रणालीको विकास भई नारीको इज्जतको गोपनीयता कायम गर्ने परम्परा स्थापित भएको छ । नारीमाथि गम्भीर प्रकृतिका अपराध गर्ने पुरुषले आफू अपराधबाट मुक्ति पाउन

र कानुनको नजरमा निर्दोष सावित गर्न झुठ अभिव्यक्तिको सहारा लिन्छन् । त्यसैले कसुरदारले आफू बेकसुर भएको तथ्य भन्दैमा ऊ सजायबाट उन्मुक्त बन्न सक्दैन भन्ने विचार माथिका सङ्कथनहरूले प्रस्तुत गरेको पाइन्छ ।

नेपालमा बालविवाहलाई प्रतिवन्ध लगाइएको छ । समाजमा बालबिवाह गर्नु अपराध मानिन्छ भने बालिका विरुद्ध हुने यौनजन्य हिंसा गम्भीर फौजदारी कसुरका रूपमा मानिन्छ । निश्चित उमेर समूहका महिलालाई विशेष संरक्षण गरी बालविवाह र बालिकाप्रति गरिने यौनजन्य कार्य गम्भीर गैरकानुनी कसुर हो भन्ने सामाजिक मान्यतालाई सङ्कथनात्मक तथ्यले विचारका रूपमा प्रस्तुत गरेको छ ।

न्यायालय न्याय सम्पादन गरिने स्थान भएकोले यहाँ प्रयोग गरिने भाषाले पनि कसैलाई अन्याय गर्न हुँदैन । पीडक, पीडित, अभियुक्त, साक्षी, जाहेरवाला, कर्मचारी, न्यायाधीश, वकिल सबैलाई आदरार्थी भाषाको उपयोग गरी सम्बोधन गर्नु पर्छ भन्ने विचारको प्रतिनिधित्व भएको छ ।

अन्याय अत्याचार भए पनि खपेर पारिवारिक जीवनलाई अगाडि बढाउनु पर्छ भन्ने परम्परागत विचारमा परिवर्तन भई पति वा पत्नी मध्ये कुनै एक पक्षले अर्को पक्षको हित विपरीतका कार्य गऱ्यो भने सहेर बस्न हुँदैन । त्यसको कानुनी समाधान खोज्नु पर्छ भन्ने विचार स्थापित भयो । यही विचारका आधारमा कानुनी व्यवस्थालाई व्यवस्थित गरेर विवाह सामाजिक बन्धन हो भन्ने पुरानो विचारलाई भत्काएर यदि वैवाहिक जीवनमा कुनै एक पक्षले अर्को पक्षको हित विपरीतका कार्य गर्दछ भने कानुन बमोजिम नै अलग अलग भएर जीवन बिताउन सक्छन् भन्ने मान्यता सङ्कथनात्मक अभ्यासका क्रममा पाइन्छ । सम्बन्ध विच्छेदको मूल कारण समाजमा पुरुषले महिलालाई सधैँ हेप्नुपर्छ र महिला सधैँ हेपिनु पर्छ

भन्ने पुरुषमा भएको उच्चताभावको कारणले हो भन्ने विचार रहेको छ। सौतेलो सन्तानलाई हेला होचो गर्ने परम्परागत विचारको कारक पारिवारिक बेमेल नै हो ।

विवाहिता पत्नीले आफ्नो पतिसँग मात्र शारीरिक सम्बन्ध स्थापित गर्नुपर्छ र नेपाली समाजमा विवाहिता महिलाले परपुरुषसँग शारीरिक सम्बन्ध राख्ने काम अनैतिक र समाजमा अपाच्य हुन्छ भन्ने मान्य विचार मुखरित भएको छ ।

नेपाली समाजमा पुरुषबाट कुनै पनि गल्ती, कमजोरी, अपराधजन्य कार्य हुदैनन्, ती सबै गल्ती, कमजोरी र अपराध नारीले मात्र गर्छन् र सजायको भागीदार पनि नारी नै बन्नुपर्छ भन्ने विचारले जरा गाडेको थियो । यो परम्परागत विचारमा परिवर्तन आई समाजमा नारीका कानुनी अधिकार स्थापित भएका छन् र सोही अनुरूप कानुनी रूपमा उपचार समेत प्राप्त सकिने परिपाटी स्थापित भएको छ । अध्ययनीय सङ्कथनको सहभागी वकिलले जबरजस्ती करणीको पीडक वा कसुरदारलाई कसुरमा उन्मुक्ति दिलाउने र नदिलाउने अधिकार पीडित नारीमा रहेको तथ्यलाई स्थापित गरेको पाइन्छ । यसैले नारी माथि पुरुषबाट अत्याचार हुन्छन् र नारीको कानुनी रूपमा संरक्षण गर्नु पर्छ भन्ने विचार अध्ययनीय सङ्कथनबाट स्थापित भएको छ । यसै गरी जबरजस्ती करणी जस्तो आपराधिक कार्यमा पनि अभिभावकले आफ्ना पुरुष सन्तानको दोष देख्दैनन् । कसूर गर्ने पुरुष तर दोष महिलामाथि थोपर्ने पुरातन विचार अध्ययनीय सङ्कथनात्मक अभ्यासका क्रममा देखिन्छ । यसै गरी आमाबाबुका लागि आफ्ना छोराछोरीले कहिल्यै गल्ती गर्दैनन् भन्ने दृढ विश्वास हुन्छ भन्ने विचार पनि सहभागीका अभिव्यक्तिबाट प्रकट भएको छ ।

अन्धविश्वास समाजमा अपराध घटाउने एक साधन हो । समुदायलाई भ्रम छरी झारफुकका नाममा अपराधिक मानसिकताका मानिसले आफ्नो प्रभुत्व स्थापित गरेका छन् । धामी झाँक्रीले झारफुकबाट बिरामी जाति बनाउँछन् भन्ने अन्धविश्वासी विचारले

मानिसलाई अन्यायमा पारेको तथ्य अध्ययनीय सङ्कथनमा पाइन्छ । वैवाहिक बन्धन सामाजिक बन्धन मात्र नभएर यो कानुनी बन्धन पनि हो, वैवाहिक सम्बन्धलाई कानुनी रूपमा मात्र अन्त्य गर्न सकिन्छ , विवाह गरेर ल्याएकी श्रीमतीलाई इज्जत अनुसार खानलाउन दिनु पर्छ । खानलाउन नदिए अंश दिनु पर्छ भन्ने विचारको निर्माण भएको पाइन्छ ।

जबरजस्ती करणीको पीडामा नारी पीडित बन्नु पर्छ । पुरुषप्रधान समाज तथा पुरुषले जे गरे पनि जायज हुन्छ तर नारीले गल्ती नगरे पनि त्यसको आरोप खेप्न बाध्य हुन पर्छ । परम्परागत मान्यताले म पुरुषभन्दा कमजोर छु भन्ने विचारको निर्माण भएको पाइन्छ । यही मान्यताका कारणले नारीमाथि शारीरिक र मानसिक दबाब र प्रभाव पारी नारीमाथि जघन्य अपराध घट्न पुग्दछन् भन्ने विचार अध्ययनीय सङ्कथनहरूबाट अभिव्यक्त भएको छ ।

पुरुषले नैतिकता विरोधी गतिविधि गरेमा औंलो नठड्याउने समाज नारीले नगरेका कमी कमजोरीको खोजिमा सधैँ क्रियाशील हुने गर्दछ । यही परम्परागत मान्यताका कारणले नारी आफ्नो सामाजिक इज्जत गुम्ने डरले आफूमाथि भएका अपराध खुलेर भन्न, उजुर गर्न नसक्ने कुरा प्रकट गर्दछन् । नारीका लागि आफ्नो सतित्व ज्यादै प्रिय हुन्छ, समाजले पनि नारीको सतित्वको संवेदनशीलतालाई उचो दर्जामा राख्दछ भन्ने विचार स्थापित भएको छ ।


# अध्याय सात

## सङ्कथनमा भाषिक पक्षधरता/स्वार्थ

### सङ्कथनमा भाषिक पक्षधरता/स्वार्थ

विषय क्षेत्रका आधारमा पक्षधरता/स्वार्थ भिन्न भिन्न हुन्छन् । कानुनी क्षेत्रमा पक्षले आफ्नो हितमा भाषालाई प्रयोग गर्दछ । अर्थात् वक्ताले भाषालाई आफ्नो पक्षधरता/स्वार्थअनुकूल उपयोग गर्दछ । यस अध्ययनमा सङ्कथनमा वक्ता सहभागीका रूपमा पीडित (जाहेरवाला), पीडक (अभियुक्त/प्रतिवादी), अदालतका कर्मचारी, न्यायाधीश, सरकारी वकिल, प्रतिवादीका वकिल, मुद्दाका पक्षका आफन्त (मुद्दामा सरोकारवाला) व्यक्तिहरू छन् ।

मुद्दाका पक्षहरूले कानुनी भाषाको प्रयोग गर्दा सङ्कथनात्मक अभ्यासका क्रममा सहभागी/ वक्ताहरूले निश्चित उद्देश्य परिपूर्ति गर्नका लागि वक्ताले स्वार्थअनुकूलको भाषाको उपयोग गर्दछन् । पीडितले आफू अन्यायमा परेको र न्याय प्राप्त गर्ने र पीडक/कसुरदारलाई सजाय गराउने, अभियुक्त/प्रतिवादीले आफूमाथि लागेको अभियोगबाट मुक्त हुने, वादीका वकिलले पीडितलाई न्याय दिलाउने र पीडकलाई सजाय गराउने, न्यायाधीशको वास्तविक रूपमा न्याय निरूपण गर्ने, अदालतका कर्मचारीको बयान बकपत्र दिने मुद्दाका पक्षले वास्तविक कुरा अभिव्यक्त गराउने लगायतका उद्देश्य केन्द्रित भाषाको उपयोग भएको पाइन्छ । यी उद्देश्य परिपूर्ति गर्ने गरी गरिएको भाषा नै वकताको पक्षपोषण वा स्वार्थका लागि उपयोग गरिएको भाषाका रूपमा अध्ययन विश्लेषण गरिएको छ :




*चित्र ६* सङ्कथनमा भाषिक पक्षधरता/स्वार्थ

**न्याय प्राप्तिको पक्षधरता/स्वार्थ :** सङ्कलित सामग्रीका सङ्कथनहरूमा वक्ता सहभागीका रूपमा (पीडित) जाहेरवाला/वादी रहेका छन् । वक्ताले प्रहरी प्रशासन समक्ष अन्यायमा परेका व्यक्ति नै जाहेरी गर्न पुग्दछन् । उनीहरूको अपेक्षा आफूमाथि कसैले अन्याय गरेमा वा अपराध गरेमा कानुनी उपचार गरी न्याय पाउने स्वार्थ लुकेको हुन्छ । भाषिक पक्षधरता/स्वार्थ पनि शक्तिबाटै सिर्जना हुन्छ । प्रस्तुत पाठहरूमा अभिव्यक्त भएका यस किसिमका भाषिक पक्षधरता/स्वार्थ समावेश गरिएको छ ।

पीडित : *म सारै पीडामा छु सर, यो* ( झुत्रे झाम्रे र निधारमा चोट लागेको, गालामा निल डाम भएको पुरुष) *मान्छेले मलाई सारै दुख दियो* । यो मेरो लोग्ने हो । हामी सुकेधारामा डेरा गरी बसेका थियौ । जतिखेर पनि जाड रक्सी खाएर

पिट्न थाल्यो । यसले दिक्दार बनायो । डेरा बसेको घरबेटीले रातीको ९ बजे ढोका लगाउनु हुन्थ्यो । ऊ राती मातेर घर आएर झगडा गर्थ्यो । सानो बच्चा जन्मेको थियो । अप्रेसन गरेको थियो अनि म बिरामी थियो । सधैँ मातेर आएर झगडा गरेपछि यसलाई छोडेर माइती गएर बसन थालेँ । त्यही गएर दुख दिन थाल्यो । *अब यससँग सँगै बस्न सकिदैन त्यसैले अदालतले हामी लोग्ने स्वास्नीलाइ छुट्याइदिन्छ रे कहाँ के गर्न पर्छ हजुर सारै अन्यायमा परेँ ।* (सं १४२)

पीडित : (हात जोड्दै न्यायाधीस तिर फर्कर्दै ) अरू त केही छैन हजुर । म सँगै लिएर जान्छु । *मेरो बाबुले यस्तो काम गर्दैन । गरेको होइन ।* (पाठ १०) (सं २८७)

काव्या : अनि तपाईलाई छोरोले बदमासी गऱ्यो भन्ने लाग्छ कि ? (सं. ३९५)

पीडित : *लाग्दैन हजुर । केटीले नै फसाको हो । मेरो छोरो सोझो छ हजुर । ऊ निर्दोष छ ।* (पाठ १४) (सं ३९६) ( परि. क )

सहभागी पीडितले पीडक पतिबाट मुक्तिका लागि अदालतमा सम्बन्ध विच्छेद गरी न्याय प्राप्तिको उद्देश्यले भाषिक अभिव्यक्ति दिएको पाइन्छ (सं १४२) । यस सङ्कथनमा सहभागी वक्ताले पीडाबाट मुक्त हुने उद्देश्यले भाषिक अभिव्यक्ति दिएको छ । सङ्कथनात्मक अभ्यासका क्रममा महिला सहभागीले (सं. २८७) न्यायाधीश समक्ष आफ्नो छोराले कुनै पनि कसुर नगर्ने र ऊ निर्दोष छ उसलाई सजाय हुन हुदैन भनेर न्याय प्राप्तिको स्वार्थपूर्ण अभिव्यक्ति दिएको पाइन्छ । यस सङ्कथनमा सहभागीबाट आफ्ना प्रिय व्यक्तिले कहिल्यै कसुर नगर्ने मान्यताबाट सङ्कथनात्मक शक्तिको दुरूपयोग गरी (भान डाइक २००६, पृ ३५९) पक्षधरता/स्वार्थजनित अभिव्यक्ति प्रकट भएको छ । वक्ता सहभागीले आफ्नो छोरोको कमजोरी वा कसुर नभई (सं ३९६) अरूकै वा जाहेरवालाकै दोष

हो त्यसैले न्याय पाउनु पर्ने भाषिक पक्षधरता/स्वार्थ प्रकट भएको छ । यी सङ्कथनात्मक अभ्यासका माध्यमबाट आफ्नो हित वा भलाइका लागि वक्ताले भाषा अभिव्यक्त गर्ने हुनाले पाठका सहभागीहरूले पनि न्याय प्राप्तिको पक्षधरता/स्वार्थ पूरा गर्ने खालका अभिव्यक्ति प्रकट गरेका छन् ।

**सफाइ प्राप्तिको पक्षधरता/स्वार्थ** : कानुनी सङ्कथनहरूमा वक्ता सहभागीका रूपमा प्रतिवादी/अभियुक्तले न्यायाधीश समक्ष बयान गर्दा आफूले कसैलाई अन्याय नगरेको र आफूमाथि लगाइएको आरोप झुठ भएको कुरा नम्र र शिष्ट शैलीको प्रयोग गरी पक्षधरता/स्वार्थका लागि भाषिक अभिव्यक्ति प्रस्तुत गरेको पाइन्छ । नम्रता वा शिष्टता भित्र सफाइ पाउने उद्देश्य रहेको छ । प्रस्तुत पाठहरूमा अभिव्यक्त भएका यस किसिमका पक्षधरता/स्वार्थजनित भाषिक अभिव्यक्तिहरूलाई प्रस्तुत गरिएको छ ।

| | | |
|---|---|---|
| (१) | न्या : | के गर्छौ त गुरुङ्जी, अब खत्तम गरेछौ त ? रातभरि बसेको भन्छन् त सँगै । |
| (२) | पक्ष : | काँ बस्ने हजुर ? बसेको छैन / |
| (३) | न्या : | त्यो दिदीलाई चै बाहिर निकालेर बहिनीसँग मात्रै बसेको ? |
| (४) | पक्ष : | होइन नि हजुर ? पुलिस बोलाको, पुलिसलाई बोलार पुलिसलाई बुझार पठाको हजुर । सिसी क्यामेरा नै देखेछ । |
| (५) | न्या : | कुरै बुझ्दैनौ अरू के भन्नु ? |
| (६) | पक्ष : | होइन हजुर / ( परि. क ) |

प्रस्तुत सङ्कथनात्मक अभ्यासमा सहभागी वक्ता मुद्दाका पक्ष (प्रतिवादी) ले आफू जबरजस्ती करणीको कार्यमा नलागेको कुरा अभिव्यक्त गरेका छन् (सं. २) । यहाँ बोलीको भद्रता (युल १९९६) का आधारमा सहभागी वक्ताले आफू लगाइएको अभियोगबाट सफाइ

पाई न्याय पाउने उद्देश्यका लागि अभिव्यक्ति दिएको छ । भाषाका माध्यमबाट आफ्नो स्वार्थ पूरा गर्न भद्रतापूर्ण अभिव्यक्तिको उपयोग भएको पाइन्छ । जसलाई प्रस्तुत पाठमा *'हजुर',* (सं ४) सम्बोधन सूचक उच्च आदरार्थी *र 'होइन'* ( सं. ४) निषेध वा इन्कारी भाषिक कार्यको उपयोग गरी अभियुक्तले आफ्नो निर्दोषिता पुष्टि गर्ने प्रयास गरेको छ । यहाँ उच्च आदरार्थीको नम्रता वा भद्रताले सफाइ प्राप्तिको उद्देश्यबाट भाषा अभिव्यक्त भएको पाइन्छ। यहाँ वक्ताले भाषिक चलाखी अपनाएको पाइन्छ । मानिसको स्वभाव नै आफ्ना अभिव्यक्तिले अरूलाई प्रभाव पार्नु हो । यो एक संज्ञानात्मक प्रक्रिया हो । यही प्रक्रियाका माध्यमबाट वक्ताले कसुर गरेपनि आफू बेकसुर भएको प्रमाणित गर्ने पक्षधरता/स्वार्थजनित अभिव्यक्ति दिन्छ ( भान डाइक २००६, पृ ३६०) ।

**तथ्य उजागरको पक्षधरता/स्वार्थ :** सङ्कथनात्मक अभ्यासका क्रममा अदालतका कर्मचारी र न्यायाधीशको बोलीमा तथ्य वा मुद्दाको वास्तविकतालाई बोध गरी वास्तविकतालाई बाहिर ल्याउने उद्देश्य वा वक्ताको पक्षधरता/स्वार्थमा केन्द्रित भएको पाइन्छ । कर्मचारी र न्यायाधीशले अदालत सधैँ न्याय निरूपणका क्रममा सत्य तथ्य उजागर गर्न तत्पर र क्रियाशील छ भन्ने कुरा तलका सङ्कथनहरूले पुष्टि गरेका छन् ।

| | |
|---|---|
| न्या : | के गर्छौ त गुरुङजी, अब खत्तम गरेछौ त ? *रातभरि बसेको* भन्छन् त सगैँ, । (सं १) |
| न्या : | त्यो *दिदीलाई चै बाहिर निकालेर बहिनीसँग मात्रै बसेको* ? (सं ३) |

न्या : कुरै बुझ्दैनौ अरू के भन्नु ? अहिले त छोरा मान्छेलाई कानुन नै छैन । छोरा मान्छेका लागि कानुनै छैन । घरकै बुढीले त कतिलाई रेपमा हालिराछन् । के गर्छौ त भन *? कि चाँहि मासु फिरीमा देर अर्कोतिर लागेको ?* (सं ५)

कर्म : यसमा नि एकजना जाहेरवाला (बच्चीको आमा) सँग तपाईको रिस इबी झैझगडा केही छ कि छैन ? चिनजान छ कि छैन ?(सं. ६८)

प्रवा : चिनजान त हामी अब एकै ठाउँमा बस्ने हो । त्यै टहारामा बस्दा खेरि चिनाजान भको हो, छ नि । (सं ६९)

(६) कर्म : ह्याँ चै तपाईले छ नि जाहेरी दरखास्तको व्यहोरालाई पुष्टि गर्ने गरी बयान गर्नु भा छ त । *बच्चाहरू टि.भी. हेरेर बसेको, बच्चा आएपछि तपाईले चाहि बच्चाको संवेदनशील अंग चलाउनु भयो अनि त्यसपछि पीडित ढ कुमारीसँग तपाईले पीडितले भने अनुसार नै उसको सु सु गर्ने ठाउँमा अंकलको सु सु हाल्न खोज्नु भयो* (यौन सम्पर्क गर्न खोज्नु भयो) अरे त । (सं १३५) (परि. क )

प्रस्तुत सङ्कथनात्मक अभ्यासमा सहभागीका रूपमा अदालतसम्बद्ध न्यायाधीश र कर्मचारी मुख्य सहभागी हुन् । माथिका सङ्कथन (१) (३) र (५) मा जबरजस्ती करणीका कसुरदारलाई न्यायाधीशले कसुर गरेको कार्यको वास्तविकता बताउनका लागि प्रेरित गरेका छन् । यहाँ वक्ताबाट तथ्य कुरालाई उजागर गर्ने उद्देश्यबाट प्रेरित भएर प्रश्नार्थ वाक्यको उपयोग गरिएको छ । प्रस्तुत पाठहरूमा *रातभरि बसेको* (१), *दिदीलाई चै बाहिर निकालेर*

*बहिनीसँग मात्रै बसेको (३), कि चाँहि मासु फिरीमा देर अर्कोतिर लागेको* (५) जस्ता चलाखीपूर्ण पदावलीको उपयोग गरेर वक्ताले तथ्य उजागर गर्न वा वास्तविकता खोतल्ने पक्षधरता/स्वार्थ भाषाका माध्यमबाट अभिव्यक्ति गरेको पाइन्छ । यसै गरी सं. ६८, सं ६९ र सं १३५ मा सहभागी वक्ताले निकटताको आभास आउने प्रश्नार्थक वाक्य (अधिकारी, २०७६) का सहायताले कसुरदारबाट घटनाको वास्तविकता उजागर गर्न प्रश्न सोधेका आधारमा न्यायालयले तथ्यलाई उजागर गर्न विभिन्न उपायको अबलम्बन गर्ने गरेको पाइन्छ। यस किसिमका पक्षधरता/स्वार्थजनित भाषिक अभिव्यक्तिले अन्य मानिस वा स्रोतालाई नियन्त्रणमा राख्ने प्रयास गर्दछ । यी सङ्कथनात्मक अभ्यासमा पनि सहभागी वक्ताको भाषिक चलाखी (भान डाइक, २००६) पाइन्छ ।

**सजाय गराउने र न्याय दिलाउने पक्षधरता/स्वार्थ :** कानुनी सङ्कथनहरूको अध्ययनबाट जाहेरवाला वा वादीका तर्फबाट बहसपैरवी गर्ने वा मुद्दा गरिदिने कानुन व्यवसायी वा सरकारी वकिल (सव) ले जाहेरवाला /पीडित (वादी) लाई न्याय दिलाउने र प्रतिवादी पीडक वा कसुरदारमाथि लगाइएको अभियोग प्रमाणित गरेर सजाय गराउने अभिप्रायबाट प्रेरित भएर भाषिक अभ्यास गरेको पाइन्छ । यस किसिमको अभिव्यक्तिमा भाषिक चलाखीलाई अभिव्यक्तिगत हित प्राप्तिको माध्यमका रूपमा सङ्कथनमा उपयोग गरिएको छ। जसलाई तलका सङ्कथनहरूले पुष्टि गरेका छन् :

सव: *यी पीडित गाउँबाट काठमाडौँ आएको अवस्थामा यी प्रतिवादी ललाई फकाइ होटेलमा लगेर गरेको करणी सहमतिले थियो भन्ने अवस्था नदेखिने सम्पूण प्रमाणका आधारमा यी प्रतिवादीले जबरजस्ती करणी गरेको तथ्य पुष्टि हुन आएकोले* तत्काल प्राप्त प्रमाणका आधारमा प्रतिवादी कसुरदार देखिने हुनाले थुनामा पठाइ मुद्दाको पुर्पक्ष गरी पाऊँ श्रीमान् । (सं २४९ )

सव: *...यी प्रतिवादीले पीडित महिलालाई होटलको कोठामा बोलाउने, मुख थुन्ने र करणी गर्ने जस्ता कार्य गरेका प्रमाण अभियोग पत्रका साथ प्रस्तुत भएका तथा मेडिकल रिपोट पनि सोही अनुसारको हुँदा यी प्रतिवादीलाई तत्काल प्राप्त प्रमाणका आधारमा थुनामा नै राखेर मुद्दाको पुर्पक्ष गर्नु पर्ने अवस्था भएको हुनाले थुनामा राखी मुद्दाको पुर्पक्ष गरी पाऊँ।* (सं ४१३)

सव : जहाँ सम्म रेप मुद्दामा श्रीमान् कसैले पनि देख्ने कुरा हुँदैन यसमा डाइरेक्ट *विटनेस भनेको पीडितै हो श्रीमान् । र भनिन्छ श्रीमान् पीडितको शरीर नै स्वयम् घटनास्थल हो ।* यसकारण पीडितले भनेको भनाइ, आफ्नो पतिलाई समेत दाउमा राखेर यस्तो यस्तो यस्तो हो भनेर स्पष्ट रूपमा किनभनेदेखि *मलाई फलानाले रेप गऱ्यो भनेर हतपति महिलाले पतिलाई सुनाउदैन किनभने बाँकी उसको भोलिको जीवनसँग सम्बन्धित प्रश्न हुने छ ।* सँगसगै श्रीमान् यो त महिलाको शारीरिक, मानसिक, सामाजिक ,आर्थिक, सांस्कृतिक सम्पूर्ण अधिकारमाथिको अपराध हो श्रीमान् । साइक्लोजिकल इफेक्ट ठूलो हुन्छ भनिन्छ श्रीमान् र *राइट टु चेस्टिटी भनेर हाम्रो कानुनले पनि ज्यादै उचो दर्जामा राखेको छ तो फन्डामेन्टल भोइसको पनि हनन हो श्रीमान् रेप भनेको ।* (सं ६६७) ( परि. क )

यी सङ्कथनहरूका सहभागी वक्ता सरकारी वकिलले जबरजस्ती करणी जस्तो जघन्य अपराधको सिकार बनेकी पीडित महिलाको पक्षमा न्याय दिलाउन तथा पीडकलाई थुनामा राखेर मुद्दाको पुर्पक्ष गर्न माग गर्नु (सं २४९), पीडितलाई न्याय दिलाउने र पीडकलाई सजाय दिलाउने पक्षधरता/स्वार्थबाट प्रेरित भएको सङ्कथनात्मक अभिव्यक्ति हो । यसै गरी पीडकले जबरजस्ती करणीका क्रममा महिलामाथि गर्ने अत्याचारका प्रमाण पेश भएपछि अपराध गर्ने पीडकलाई सजाय हुनु पर्ने तर्कपूर्ण अभिव्यक्ति सरकारी वकिलले

प्रस्तुत गर्नु पनि (सं ४१३) पनि पीडकलाई सजाय दिलाई पीडितलाई न्याय दिलाउने उद्देश्य नै हो । जबरजस्ती करणीको सम्पूर्ण साक्षी नै पीडित महिला हुने र आफूमाथि भएको पीडाले गम्भीर असर गरेपछि महिलाले समाजमा व्यक्त गर्ने हुनाले पीडा दिने पीडकलाई सजाय हुनु पर्ने तार्किक अभिव्यक्ति (सं ६६७) पनि पीडकलाई सजाय दिलाउने अभिप्रायका साथ प्रकट भएको पाइन्छ । यसरी माथिका बक्राङ्कित तथ्यहरूमा वक्ताले तार्किक भाषाका माध्यमबाट पीडक कसुरदार नै हो र पीडितमाथि अभियुक्तबाट अन्याय भएको तथ्यलाई प्रस्तुत गर्दै पीडकलाई जसरी पनि सजाय हुन पर्ने अभिव्यक्ति प्रकट भएको छ । यस किसिमका भाषिक अभिव्यक्तिमा वक्ताका पक्षधरता/स्वार्थ प्रकट भएका छन् । यस किसिमको अभिव्यक्तिमा सहभागी वक्ताले भाषिक शक्ति मात्र उपयोग नगरी शक्तिको दुरूपयोग गर्दछ । यसलाई वक्ताले आफ्नो सर्वोत्तम हितका लागि उपयोग गर्दछ ( भान डाइक २००६, पृ ३६१) । माथिका सङ्कथनहरूमा सरकारी वकिलको सर्वोत्तम हित वा भाषिक पक्षधरता/स्वार्थले पीडकलाई सजाय र पीडितलाई न्याय दिलाउन केन्द्रित भएको पाइन्छ ।

**सफाइ दिलाउने पक्षधरता/स्वार्थ** : सङ्कथनात्मक अभ्यासका क्रममा प्रतिवादीका वकिल (प्रव) ले आफ्ना तर्क र तथ्यका आधारमा आफ्नो पक्षका कसुरको अभियोग लागेका व्यक्तिलाई सफाइ दिलाउने उद्देश्यबाट प्रेरित भएर भाषिक अभिव्यक्ति दिएको पाइन्छ । नेपालको कानुनी व्यवस्थाले (नेकाव्यपऐ, २०५०) कानुन व्यवसायीले आफ्नो पक्षको हितमा मात्र कार्य गर्नु पर्ने निर्देशनात्मक व्यवस्था गरेको र सोही अनुरूप प्रतिवादीका वकिलले जबरजस्ती करणीको अभियोग लागेका व्यक्तिको सफाइको दिलाउने प्रयोजनले भाषिक चलाखीको प्रयोग गरेको पाइन्छ । जसलाई तलका सङ्कथनहरूले प्रस्ट पारेका छन् :

प्रव : *फौजदारी कानुनमा के छ भन्दाखेरिमा जुन कसूरमा जुन बखतको कानुन हो त्यही समयको कानुन लागु हुन पर्ने हो, यसमा मुलुकी ऐन टेकेकै छैन श्रीमान् ।* मेरो पक्षलाई वारेसनामा लिखत किर्ते गरेको भन्ने कसूर गरेको भन्ने आरोपका सन्दर्भमा बहसको विषय हुन सक्दैन श्रीमान् किनकि कानुन व्यवसायी समक्ष दुई जना मानिस आएर वारिस लिने दिने सहमतिमा वारिसनामा बनाई मागेमा हाम्ले बनाइदिने हो । *को सक्कली को नक्कली हाम्ले छुट्याउने कुरा हुदैन । तसर्थ वारेसनामा बनाउँदैमा किर्ते गरेको नहुने हुनाले मेरो पक्षले सफाइ पाउनु पर्दछ श्रीमान् ।* (सं २४८)

प्रवः *वादी पक्षबाट पेश भएको अभियोग दावी बमोजिम मेरो पक्षलाई थुनामा राख्ने तत्काल प्राप्त प्रमाण छैनन् श्रीमान् । र धरौट माग गर्ने आधार र प्रमाण पनि छैन । प्रमाण शून्य छन् र यो मुद्दा जबरजस्ती करणीको कसुर अन्तर्गत चल्न सक्दैन* र डाका चोरीको परिभाषा भित्र पनि पर्न सक्दैन । (सं २५७)

प्रव : अब तपाईलाई चै फेरि आज म्याद थप हुन्छ होइन ? सामान्यतया २४ दिनमा मात्र अदालतमा बयान गराउन लैजान्छन् । अब ९ गते २४ दिन पुग्ने रहेछ । त्यहाँ गएर बयान गरेपछि न्यायाधीशकोमा तपाईको बयान हुन्छ । *याँको बयान र त्याँको बयान मेल खानु पर्छ हैन त्याँ तपाईले दुइजना साक्षीको पनि नाम भन्नुपर्छ । नाम नागरिकतामा मिल्ने हुनु पर्छ । यो गरेको होइन, यो मान्छे असल चालचलनको छ त्यस्तो काम गर्ने उसको चरित्र होइन फसाउनका लागि यस्तो आरोप लगाएको हो भनेर डटेर बोलिदिने मान्छे साक्षी राख्नु पर्छ है ।* (सं. ३२८)

( परि. क )

प्रस्तुत सङ्कथनात्मक अभ्यासमा सहभागीका रूपमा कसुरदार वा पीडक रहेका छन् । माथिको सङ्कथनात्मक अभ्यासका क्रममा सरकारी कागज किर्तेको अभियोग लागेका प्रतिवादी वा कसुरदारलाई लगाइएको अभियोग कानुन विपरीत भएको र जुन कानुन अनुसार अभियोग दावी गर्नु पर्नेमा सो नगरेको कुरा ( सं २४८) आफ्नो भाषिक चलाखीको उपयोग गरिएको छ । यहाँ वक्ता सहभागी प्रतिवादी पक्षका वकिलबाट प्रतिवादी वा कसुरदार भनिएका व्यक्तिलाई सफाइ दिलाउने उद्देश्यबाट प्रेरित भएको अभिव्यक्ति प्रस्तुत भएको छ । यसै गरी जबरजस्ती करणीका कसुरदारलाई जे जुन अभियोग लगाइएको छ सो अभियोग पुष्टि हुने प्रमाण नभएकोले प्रतिवादीलाई थुनामा राख्न नहुने र तारेखमा राखेर मुद्दाको पुर्पक्ष गर्नुपर्ने (सं २५७) अनुनयात्मक तार्किक चलाखी (भान डाइक २००६) प्रस्तुत गरेको पाइन्छ । यस्तै प्रतिवादी पक्षका वकिलले प्रतिवादी वा आफ्ना पक्षलाई जबरजस्ती करणीको कसुरबाट सफाइ पाउन के कस्ता साक्षी राख्नु पर्छ, साक्षीले के कुरा भन्नु पर्छ जस्ता युक्ति सुझाएका छन् (सं ३२८) । यहाँ सुझावका रूपमा भाषिक चलाखीको प्रयोग गरेर सफाइ दिलाउने पक्षधरता/स्वार्थजनित भाषाको उपयोग गरेको पाइन्छ । प्रस्तुत भएका सङ्कथनात्मक कथनहरूका बक्राङ्कित सन्दर्भले फौजदारी कसुर लागेका व्यक्तिहरूलाई सफाइ दिलाउने पक्षधरता/स्वार्थ अभिव्यक्त भएका छन् ।

**न्याय निरूपणको पक्षधरता/स्वार्थ :** सङ्कथनात्मक अभ्यासका क्रममा इजलासमा बसेका न्यायाधीश तथा अदालतका कर्मचारीले पक्ष विपक्षका कुरा सुनेर उचित वा निष्पक्ष न्याय निरूपण गर्ने भाषिक अभिव्यक्ति दिएको पाइन्छ । न्यायाधीश जसले मुद्दामा सबै प्रमाण कागज जाँच गरी पक्ष विपक्ष वा उनीहरूका कानुन व्यवसायीका माध्यमबाट उनीहरूका कानुनी तथ्य, प्रमाण तथा ती तथ्य र प्रमाणका बारेमा व्याख्या तथा तर्कका आधारमा निष्पक्ष न्याय निरूपण गर्दछन् । यसै गरी अध्ययनका क्रममा न्यायाधीश र अदालतका कर्मचारीहरूले सही र सत्य कुरा उजागर गरी निष्पक्ष न्याय निरूपण गर्ने

उद्देश्यमा केन्द्रित भएर भाषिक अन्तर्क्रिया गरेको पाइन्छ । जसलाई तलका सङ्कथनहरूले प्रस्ट पारेका छन् :

न्या : *मैसँग रह्यो भने त एक महिनामा हेर्दिउँला काँ बाडिन्छ मुद्दा ?*(सं ३२)

कर्म : म तपाइले गरेको बयान नै पढेर सुनाउछु है । सुन्नुहोस्, नीज पिडित बालिका मेरो कोठामा बेला बेलामा टि. भी. हेर्न आउने गर्थिन् । यस्तैमा मिति २०७७०३।१४ गते निज बालिका मेरो कोठामा टि. भी हेर्न आएको र मेरो श्रीमती पनि कामले कोठा बाहिर गएकोले मेरो यौन चाहना मेटाउन जबरजस्ती करणी गरेको हुँ । करणी गरेपछि *कसैलाई नभन्नु भनेमा पिटी दिन्छु भनी सम्झाइ छोडेको हुँ । भन्नु भा छ त ? के हो साँचो सत्य कुरा बताउनु होस् ।* (सं १३७ )

न्या : विद्वानसँग मेरो जिज्ञासा , जुन यो....ले वडाको सिफारिस सहित निवेदन पेश गरेको छ नि यसको सक्कल त मिसिलमा देखिदैन ? *के हो कुरो स्पष्ट पारौँ न ।* ( सं २३६ )

न्या: *मादक पदार्थ सेवन गरेको अवस्थामा सहमतिमा गर्न (करणी) मिल्छ कि मिल्दैन ?* (सं. २५३)

न्या : (कर्मचारीतर्फ फर्केर ) *वहाँले जे जे भन्नुहुन्छ सबै खुलाउनु होस् है*। (सं. ३०२)

न्या : (ज.क.पीडित बालकतर्फ फर्कदै) *लौ बाबु नडराइ सबै वहाँ* (कर्मचारीतिर देखाउँदै) *ले सोधेका कुरा भन्नु है । तिमीले सबै कुरा भन्यौ भने मात्र तिमीलाई नराम्रो गर्नेलाई कारबाही हुन्छ । भन्छौ नि ?* (सं. ५०२)

न्या : *के हो त खास कुरो ? जाहेरवालालाई फोन गरेर बोलाएको भन्ने छ कुरो के हो ? बताउनु होस् ।* (सं ६२० )

कर्म : तपाईले छोरीमाथि यस्तो अनैतिक कार्य (करणी) गर्नु भयो भनी तपाईको श्रीमतीले नै जाहेरी गर्नु भएको छ अनि वहाँले बयान पनि गर्नु भएको छ ? *सत्य साँचो भएको कुरो केहो ? बताउनु होस् ? (सं ६८१ )* ( परि. क )

प्रस्तुत सङ्कथनात्मक अभ्यासमा सहभागी वक्तामा न्यायाधीश र कर्मचारी हुन् । न्याय निरूपणको दायित्व भएका र पदीय हैसियतको शक्ति भएका न्यायाधीशले अन्यायमा परेका प्रतिवादीलाई लक्षित गरी न्याय दिलाउने वा सफाइ दिने पक्षधरता/स्वार्थजनित भाषिक अभिव्यक्ति प्रकट गरेका छन् (सं ३२) । भाषामा अभिव्यक्त भएको छ । यस अभिव्यक्तिमा न्याय निरूपण गर्ने जिम्मेवारी आफ्नो भएको र आफूकहाँ मुद्दा रहिरहेमा छिटो छरितो न्याय सम्पादन गर्ने निहितार्थ (युल १९९६) अभिव्यक्त भएको छ । यहाँ मुद्दाको पक्षलाई छिटो न्याय निरूपण गर्ने भरोसाको अभिव्यक्ति अन्तर्निहित भएको पाइन्छ । यसै गरी सहभागी कर्मचारीले मुद्दाको प्रतिवादी वा जबरजस्ती करणी मुद्दाका अभियुक्तलाई सत्य साँचो कुरा बताउन प्रश्नार्थक वाक्यका माध्यमबाट सत्य तथ्य उजागर गरी न्याय निरूपण गर्ने अभिव्यक्ति भएको छ (सं.१३७) । सङ्कथनात्मक अभ्यासका क्रममा सहभागी न्यायाधीशले न्याय निरूपणका लागि कानुन व्यवसायीसँग मुद्दाको तथ्यमा प्रस्ट पार्न जिज्ञासा प्रकट (सं २३६) गरेको तथा जबरजस्ती करणी मुद्दामा सत्य निरूपण गरी न्याय प्रदान गर्न सत्य तथ्य उजागर गर्न प्रश्नार्थक अभिव्यक्ति गरेको (सं २५३) अभिव्यक्तिमा पनि न्याय निरूपणको पक्षधरता/स्वार्थजनित अभिव्यक्त भएको पाइन्छ । सहभागी वक्ता न्यायाधीशले अर्का सहभागी वक्ता कर्मचारीलाई न्याय निरूपण गर्न सहजताका लागि पक्षले

बोलेका कुरालाई जस्ताको त्यस्तै लेखन गर्न निर्देश गर्नु (सं ३०२), पीडित बालकलाई पीडकले गरेको अपराध खुलस्त बताउन आग्रह गर्नु (सं ५०२) न्याय निरूपण गर्ने अभिप्रायबाट अभिव्यक्त भएको छ । यो भाषिक अभिव्यक्तिमा वक्ता सहभागीको पक्षधरता/स्वार्थ प्रकट भएको छ। सहभागी वक्ता न्यायाधीशको बोलीमा पीडकबाट अपराध भएको हो होइन ( सं ६२०) तथ्य बाहिर ल्याउन केन्द्रित छ । यसरी नै सहभागी वक्ता कर्मचारीले पीडकबाट पीडितमाथि अन्याय गरेको हो होइन सो तथ्य उजागर गरेर न्याय निरूपणमा सहजता निर्माण गर्ने अभिव्यक्ति स्वरूप प्रश्नका माध्यमबाट पक्षधरता/स्वार्थजनित अभिव्यक्ति दिएको पाइन्छ (सं ६८१) । यी सङ्कथनहरूका आधारमा न्यायालयसँग सम्बद्ध वक्ताको भाषिक पक्षधरता/स्वार्थ न्याय निरूपण नै हुने गर्दछ भन्ने कुरा स्पष्ट भएको छ।

**अध्याय निष्कर्ष** : वक्ताले आफ्नो अभिव्यक्ति निश्चित उद्देश्य प्राप्तिका लागि उपयोग गर्दछ। हाइम्स (सन् १९२७-२००९) का अनुसार सम्प्रेषणात्मक घटनाले वा सङ्कथनात्मक अभ्यासका क्रममा सहभागी वक्ताको बोलीको अर्थ बोध गर्न सान्दर्भिक पक्ष भनेको उसको बोलीको अभिप्राय नै हो । यसलाई उनले लक्ष्य (घिमिरे, २०६५, पृ.१०४) भनेका छन् । लक्ष्य भाषिक अन्तर्क्रियाका क्रममा सहभागीले पूरा गर्न खोजेको अपेक्षा वा पक्षधरता/स्वार्थ केन्द्रित भएको हुन्छ । अदालतमा प्रयोग गरिने भाषामा पनि सहभागी वक्ताहरूका आधारमा भिन्न भिन्न आशय वा पक्षधरता/स्वार्थ केन्द्रित हुने गर्दछ।

कानुनी नेपाली सङ्कथनमा पीडितले अदालत समक्ष वा न्यायाधीश समक्ष न्याय प्राप्तिको लक्ष्य (घिमिरे २०६५) वा पक्षधरता/स्वार्थका लागि भाषिक अभिव्यक्तिको उपयोग गरेको पाइन्छ। न्यायालयमा भाषाको उपयोग गर्ने आम पीडित समुदायको भाषिक उद्देश्य पीडकलाई सजाय गराएर आफूले न्याय पाउने कुरामा केन्द्रित हुन्छ । त्यसैले यस

अध्ययनमा पनि आम पीडित वा वादी वा जाहेरवालाको भाषिक स्वार्थ न्याय प्राप्ति भएको पाइन्छ ।

अध्ययनमा सङ्कथनात्मक अभ्यासमा सहभागी वक्ता मुद्दाका पक्ष (प्रतिवादी) ले आफू जबरजस्ती करणीको कार्यमा नलागेको कुरा अत्यन्त शालीन र भद्र तरिकाले अभिव्यक्त गरेका छन् । भाषाका माध्यमबाट आफ्नो स्वार्थ पूरा गर्न भद्रतापूर्ण (युल १९९६) अभिव्यक्ति सूचकको उपयोग भएको पाइन्छ । यी सूचकका माध्यमबाट अभियुक्तले आफ्नो निर्दोषिता र सफाइ प्राप्तिको पक्षधरता/स्वार्थ पूरा गर्ने कार्य गर्न भाषिक चलाखी पनि गरेको पाइन्छ ।

सङ्कथनात्मक अभ्यासका क्रममा आएका न्यायाधीश र अदालतका कर्मचारीले कानुन व्यवसायी र अभियुक्तसँग निकटता (अधिकारी, २७६) दर्शाउने भाषिक पक्षको उपयोग गरी चलाखीपूर्ण (भान डाइक, २००६) पदावलीका माध्यमबाट घटना वा अपराधको तथ्य उजागर गर्न वा वास्तविकता खोतल्ने स्वार्थ भाषाका माध्यमबाट अभिव्यक्ति गरेको पाइन्छ ।

सहभागी वक्ताका रूपमा प्रस्तुत भएका सरकारी वकिलले जबरजस्ती करणी जस्तो जघन्य अपराधको सिकार बनेकी पीडित महिलाको पक्षमा न्याय दिलाउन र पीडकलाई सजाय दिलाउने उद्देश्य पूरा गर्न तार्किक भाषाका माध्यमबाट पीडक कसुरदार नै हो र पीडितमाथि ऊबाट अन्याय भएको तथ्यलाई प्रस्तुत गरेको पाइन्छ । वक्ता सहभागी सरकारी वकिलको भाषिक अभिप्राय पीडकलाई सजाय र पीडितलाई न्याय दिलाउन केन्द्रित भएको पाइन्छ ।

कसुरदार वा पीडक सहभागी वक्ताले जबरजस्ती करणीका कसुरदारलाई जे जुन अभियोग लगाइएको छ सो अभियोगबाट सफाइ पाउनु पर्ने अनुनयात्मक तार्किक चलाखी

(भान डाइक, २००६ ) प्रस्तुत गरेको पाइन्छ । कसुरदारका वकिलले सफाइ दिलाउने उद्देश्यबाट प्रेरित भएर तर्कद्वारा आफ्ना भनाइका आधारमा कसरी सफाइ पाउन सकिन्छ भनेर युक्ति वा सुझावका रूपमा भाषिक चलाखीको प्रयोग गरेर सफाइ दिलाउने उद्देश्य निहित भाषाको उपयोग गरेको पाइन्छ ।

सङ्कथनात्मक अभ्यासका क्रममा आएका सहभागी वक्ता न्यायाधीश र कर्मचारीले छिटो छरितो न्याय सम्पादन गर्ने निहितार्थ (युल १९९६) प्रकट गरी भरोसाको स्वार्थपूर्ण अभिव्यक्ति दिएको पाइन्छ । सहभागी वक्ताले मुद्दाको प्रतिवादी वा जबरजस्ती करणी मुद्दाका अभियुक्तलाई सत्य साँचो कुरा बताउन प्रश्नार्थक वाक्यका माध्यमबाट सत्य तथ्य उजागर गर्ने स्वार्थ अभिव्यक्त भएको छ । न्यायालयसँग सम्बद्ध वक्ताको भाषिक पक्षधरता/स्वार्थ न्याय निरूपण नै हुने गर्दछ भन्ने कुरा स्पष्ट भएको छ ।

माथि प्रस्तुत गरिएका छ किसिमका पक्षधरता/स्वार्थ वक्ता सहभागीले भाषिक शक्तिको उपयोग आफ्नो सर्वोत्तम हितमा गरेको पाइन्छ । सङ्कथनमा सहभागी वक्ताहरूमध्ये पीडितले न्याय प्राप्तिका लागि, पीडक वा प्रतिवादीले अभियोगबाट सफाइ पाउनका लागि भाषिक पक्षधरता/स्वार्थ उपयोग गरेको छ । यसैगरी सहभागी वक्ता न्यायाधीश तथा अदालतका कर्मचारीले आफ्नो पदीय शक्तिको उपयोग गरेर मुद्दाको सत्यतथ्य उजागर गर्ने भाषिक चलाखी स्वार्थप्रेरित अभिव्यक्तिका माध्यमबाट प्रकट गरेको छ । पीडितलाई न्याय दिलाउने र पीडकलाई सजाय गराउने उद्देश्य सहभागी वक्ता सरकारी वकिलको अभिव्यक्तिमा प्रकट भएको छ भने प्रतिवादी वा पीडकका वकिलको अभिव्यक्तिमा अभियुक्तलाई सफाइ दिलाउने पक्षधरता/स्वार्थ अभिव्यक्त भएको छ । यसरी विभिन्न तबरले प्रस्तुत भएका भाषिक पक्षधरता/स्वार्थ स्वीकार गराउनु वा मनाउनु भन्दा भिन्न प्रकृतिका हुन्छन् (भान डाइक २००६, पृ ३६१) । यस किसिमका पक्षधरता/स्वार्थजनित भाषिक अभिव्यक्तिमा शक्ति वा प्रभुत्व प्रकट भएको हुन्छ । यी सङ्कथनहरूमा पनि वक्ता

सहभागीले आफ्नो हितका लागि आफ्नो भाषिक शक्ति र ओहदागत शक्तिको उपयोग गरेको पाइन्छ । समग्रमा समाजमा हरेक व्यक्ति वा समुदायले आफ्नो हित अनुकूलको भाषिक उद्देश्य पूरा गर्ने गरी सङ्कथनात्मक कार्य सम्पादन गर्दछन् भन्ने नै यस अध्ययनको निष्कर्ष हो ।

# अध्याय आठ

# छलफल, निष्कर्ष र शैक्षणिक उपादेयता

कानुनी नेपाली भाषाको आलोचनात्मक सङ्कथन विश्लेषण शीर्षकमा आधारित प्रस्तुत शोध मूलतः चारवटा उद्देश्यमा केन्द्रित रहेको छ । यसमा कानुनी नेपाली भाषाका सङ्कथनमा पाइने भाषिक शक्तिको पहिचान, भाषिक शक्तिले सिर्जना गर्ने भिन्नता पहिल्याउने, कानुनी नेपाली भाषामा सामाजिक अन्तर्क्रियाका क्रममा निर्माण हुने विचारहरूको विश्लेषण गर्न र वक्ताको बोलीमा अन्तर्निहित भाषिक पक्षधरता/स्वार्थको निरूपण गर्नमा केन्द्रित भएको थियो । यसै गरी आलोचनात्मक सङ्कथन विश्लेषण गर्दा नेपाली भाषा शिक्षणका क्षेत्रमा यसको उपादेयताको समीक्षण गर्नु पनि यस अध्ययनको उद्देश्य रहेको थियो । जसलाई अध्ययनका क्रममा निर्धारण गरिएको अवधारणात्मक ढाँचाका आधारमा व्याख्या र विश्लेषण गर्ने कार्य गरियो । यसकारण यहाँ अध्ययनका क्रममा आएका संश्लेषित सारांश, अध्ययनका निष्कर्षहरू र कानुनी नेपाली भाषाको आलोचनात्मक सङ्कथन विश्लेषण अध्ययनका शैक्षिक उपादेयताहरूलाई प्रस्तुत गरिएको छ ।

## छलफल

अदालती प्रक्रियामा प्रयोग हुने भाषाका सङ्कथनहरूमा सहभागीहरूको पदीय अवस्था, देशको कानुनी व्यवस्था तथा प्रमाण कानुनको प्रयोग, सहभागीको आर्थिक स्थिति वा समाजको आर्थिक स्थिति, सहभागीको शिक्षा वा ज्ञानको अवस्था, समाज र व्यक्तिको मनोवैज्ञानिक पक्ष, बल वा तागत, बोलाइको शैली वा शालिनता वा भद्रता जस्ता शक्तिका कारकहरूले भाषा प्रभावित भएको पाइयो । सामाजिक रूपले तल्लो दर्जामा भएका सहभागीहरू शक्ति प्राप्त व्यक्तिहरूका बिचमा भाषिक अन्तर्क्रियामा प्रस्ट भिन्नता देखिने भाषाको प्रयोग भएको पाइन्छ । कानुनी सङ्कथनमा उच्च ओहदालाई सूचित गर्न

न्यायाधीशका लागि प्रयोग हुने सम्बोधन सूचक 'श्रीमान्' (सं २४, सं २८, सं. ५८, सं. ६२, सं.८१ ) शब्द र वकिलहरूका लागि प्रयोग हुने सम्बोधन सूचक 'विद्वान्' ( सं.६१, सं.२३६, सं.२५५, सं २५८, सं ३१४) शब्दमा पदीय शक्तिले भिन्नता सिर्जना गरेको पाइयो । यसका आधारमा न्यायाधीश पदीय दृष्टिले यस किसिमको भाषा प्रयोग गर्दछन् भने वकिलको सम्बोधनमा न्यून शक्तिका कारणले पुनरावृत्तिपरक प्रयोग 'श्रीमान्' को प्रयोग भएको पाइयो । यी प्रयोगहरू आआफ्नो समुदाय (न्यायाधीश र वकिल) मा प्रयोग प्रचलनमा भएका सम्बोधन सूचक शब्दहरू र यिनले ती समुदायगत शक्तिको प्रतिनिधित्व गरेका छन् । यी पाठहरूमा प्रयोगार्थ विज्ञानका दृष्टिले सामाजिक निर्देशन (युल, १९६६) अन्तर्गत सन्दर्भित आदरार्थीका रूपमा प्रयोग भएका पाइयो ।

शक्ति सवै क्षेत्रमा व्यापक हुन्छ (फुको, १९७९) यसैले यो भाषामा पदीय, आर्थिक, मनोवैज्ञानिक, कानुन/प्रमाण, शिक्षा/ज्ञान, बल/तागत, शिष्टता/भद्रताका रूपमा विभिन्न ढाँचामा अभिव्यक्त हुन्छ । कानुनी भाषाको प्रयोगमा पनि यसले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ भन्ने तथ्य स्थापित भएको पाइयो । सङ्कथनात्मक अभ्यासमा वक्ताले यहाँ जबरजस्ती करणी जस्तो गम्भीर कसुरको बात लागेपछि कानुन बमोजिम थुना वा कैदमा बस्नै पर्ने र प्रतिवादीको जीवन बर्बाद (सं ३३) भएको अभिव्यक्तिमा कानुनी शक्ति प्रकट भएको छ । यसै गरी कानुन बमोजिम सजाय भोग्नै पर्ने कुरा (सं ३४) सहभागी वक्ताका अभिव्यक्तिमा पनि कानुनको शक्तिका बारेमा विचार अभिव्यक्त भएको छ । भाषा कहीँ पनि तटस्थ हुँदैन ( फेयरक्लफ १९८९) त्यसैले कानुनी संवादमा शक्तिका कारणले मानिसलाई कानुनको अधीनस्थ हुनु पर्छ भन्ने बाध्यात्मक अवस्था भएको कुरा प्रस्ट पारेको छ ।

सहज न्यायको पहुँचका लागि आर्थिक शक्ति प्रभावकारी हुन्छ र यो शक्ति कानुनी सङ्कथनमा पनि प्रकट भएको छ । उत्पादनका श्रोतमा जसको कब्जा छ, उही शासन गर्छ,

उसकै आइडोलोजी अरूमा थोपरिन्छ ( गौतम, २०७५, पृ ३६) । यो आइडोलोजी भाषाका माध्यमबाट मुखरित हुन्छ । अदालती कार्यविधि ढिलो हुने (सं १४३) र अदालतमा न्याय माग्न जानेले वकिलको शुल्कका अतिरिक्त धेरै खर्च बेहोर्नु पर्ने (सं १४५) वास्तविकतालाई आफ्ना अभिव्यक्ति मार्फत प्रकट गरेका छन् । यसका अतिरिक्त पाठमा सहभागीको निम्न वर्गीय बोली (सं.१४६) प्रस्ट रूपमा झल्कन्छ । सङ्कथनका सहभागीका अभिव्यक्तिबाट आफ्नो गरिबी, गरिबीका कारणले अन्यायमा परेको कुरा प्रकट गरी आर्थिक शक्ति नै समाजमा अन्यायको कारक हो भन्ने कुरा प्रस्ट भएको छ (गौतम, २०७५, पृ २६) । समाजमा मानिस अन्यायमा पर्छ, अन्यायमा परेका विपन्नहरूलाई न्यायदिने न्यायालय/अदालतले त्यस्ता सामाजिक उत्पीडनमा परेका मानिसहरू आर्थिक शक्तिका कारणले अन्यायमा पर्नु पर्दैन भन्ने कुरा पनि वकिल सहभागीका अभिव्यक्तिमा अभिव्यक्त भएको छ ।

सङ्कथनमा बल वा तागतको शक्ति भएका सहभागीहरूले भाषाका माध्यमबाट कम शक्ति भएका सहभागीहरूलाई नियन्त्रणमा राख्दछन् । बल वा तागतका आधारमा सिर्जित शक्ति भाषामा अभिव्यक्त हुँदा वक्ता सहभागीले स्रोता सहभागीलाई नियन्त्रण गर्दछन् र अन्याय तथा विभेदको अवस्था सिर्जना हुन्छ । आफ्नो अनुकूलको काम लगाउन शक्तिवाला सहभागीले कम शक्ति भएका सहभागी बल वा तागत भाषाका माध्यमबाट प्रस्तुत गर्दछन् (गौतम, २०७५, पृ ३७) । समाजमा बालिका, महिला शारीरिक र भाषिक रूपमा प्रयोग हुने बलका कारणले बलात्कार जस्तो जघन्य हिंसाको शिकार हुनु परेको तथ्य (सं. ५१९) प्रकट भएको छ । पीडकले प्रयोग गरेको भाषाको शक्तिले बालिका अन्यायमा परेको प्रस्ट देखिन्छ । बलात्कारजस्तो जघन्य हिंसाको सिकार भएर अदालतमा न्याय माग्न पुगेकी बालिकालाई न्याय अन्याय छुट्याउन प्रमाण सङ्कलनको प्रमुख दायित्व बोकेको प्रहरी प्रशासनबाट बल र बर्दीको आडमा अश्लील र अभद्र अभिव्यक्तिका माध्यमबाट भाषिक बलको प्रयोग गरेर

भौतिक रूपमा बलात्कारको शिकार बनेकी बालिकालाई भाषिक र मानसिक रूपमा पनि बलात्कारको शिकार भई दोहोरो (सं ५२७, सं ५२९) अन्यायमा परेको देखिन्छ ।

सङ्कथनका वक्ताले बोल्ने शैलीमा पनि भाषिक शक्ति प्रकट हुन्छ (फेयरक्लफ, १९९२) । भाषा आफैमा शक्तिशाली होइन बरु यो त शक्तिशाली व्यक्तिहरूले उपयोग गर्दा यसले शक्ति प्राप्त गर्दछ (ग्राम्सी, २०११) । यही शक्तिका कारणले अन्याय/विभेद सिर्जना गर्दछ । अभिव्यक्तिगत शैली (शालीनता, भद्रता) ले सिर्जना गरेको शक्तिलाई यस अध्ययनमा प्रतिविम्बित भएको छ । नेपाली कानुनी सङ्कथनमा न्यायाधीशलाई वकिल र आम जनसमुदायले उच्चताभाव झल्कने सम्बोधन सूचक शब्द *'श्रीमान् '* पुनरावृत्तिपरक प्रयोग भएको पाइन्छ । यसरी न्यायाधीशलाई शैलीगत विभेदका रूपमा भद्रता वा शिष्टताको प्रयोग भएको पाइन्छ भने वकिललाई *'विद्‌वान', ' मेडम' 'हजुर' ,'वकिल साब'* जस्ता भद्रता वाचक सम्बोधन गरिएको छ । सङ्कथनमा संस्थागत संलग्नताका आधारमा शालीनता वा भद्रता निर्धारण भएको पाइन्छ। कानुनी नेपाली भाषाको प्रयोगमा पनि न्यायाधीशले वकिललाई गर्ने भाषिक व्यवहार, वकिलले न्यायाधीशमाथि गर्ने भाषिक व्यवहार, वकिलले पक्षमाथि गर्ने भाषिक व्यवहार, कर्मचारीले मुद्दाका पक्षमाथि गर्ने भाषिक व्यवहार भिन्न भिन्न रहेको पाइन्छ ।

पदीय शक्तिका कारणले उच्च ओहदामा भएका वक्ताले तल्लो तहका व्यक्तिलाई सम्बोधन गर्दा विभेदजन्य भद्रताको उपयोग गरेको पाइन्छ । यस किसिमको शिष्टता वा भद्रतालाई उपयोग गरेर वक्ताले स्रोतालाई हेपिएको विभेदमा पारेर सम्बोधन गरेको पाइन्छ। सङ्कथनात्मक अभ्यासका क्रममा हेपिनु संस्कारका रूपमा स्थापित देखिन्छ । सङ्कथनात्मक अभ्यासका क्रममा न्यायाधीशले आफ्नो आशनमा बसी बसी सम्बोधन गर्नु र वकिल तथा कर्मचारीले शालीन ढङ्गले आफ्नो स्थानबाट उठेर अभिवादनसहित प्रस्तुत

गरेको अभिव्यक्तिमा भाषिक भिन्नता प्रस्ट देखिएको छ । यसरी कानुनी नेपाली सङ्कथनमा समाजमा विद्यमान विभिन्न किसिमका शक्तिले भाषाको प्रयोगमा पनि भिन्नता सिर्जना गरेको पाइन्छ ।

नेपाली कानुनी सङ्कथनमा सहभागीका वर्गीय, लैङ्गिक, सामाजिक, सास्कृतिक भिन्नताले पनि भाषाको प्रयोगमा भिन्नता सिर्जना गरेको पाइन्छ । वर्गीय रूपमा उच्चस्तरका वक्ता र निम्नस्तरका वक्ताको बोलीमा ठूलो अन्तर पाइन्छ । नेपाली कानुनी सङ्कथनका सहभागीहरूले आफ्नो वर्ग, समाज, संस्कृति र लिङ्गका आधारमा सम्बोधन सूचक आदरार्थीमा विभिन्नता प्रयोग गरेको पाइन्छ । यसै गरी सहभागी वक्ताको सामाजिक स्तरगत परिवेशले समेत भाषिक भिन्नता सिर्जना गरेको पाइन्छ । धनीले गरिवलाई सम्बोधन गर्ने सूचक र गरिबले धनीलाई सम्बोधन गर्ने सूचकमा भिन्नता पाइन्छ । नेपाली समाजमा आर्थिक रूपमा सम्पन्नले विपन्न वर्गका मानिसहरूलाई आफूभन्दा तल्लो स्तरको रूपमा हेर्ने र सोही अनुरूपको सम्बोधन गरी भाषिक रूपमा भिन्न व्यवहार गरेको पाइन्छ ।

सामाजिक हैसियत उच्च भएका वक्तामा निम्नस्तरका हैसियत भएका मानिसहरूलाई भाषिक रूपमा भिन्न व्यवहार गर्नुपर्छ भन्ने मान्यता/विचारका आधारमा प्रतिवादी वा पक्षलाई न्यायाधीशले आफ्ना अभिव्यक्तिमा मध्यम आदरवाची सूचकको प्रयोग गरेका छन् । न्यायसम्पादन गर्ने, औपचारिक भाषाको अनिवार्य प्रयोग गर्नु पर्ने तथा कानुनमै न्याय सम्पादनका क्रममा न्यायालयमा मुद्दाका पक्षलाई आदरभाव जनाउने भाषाको प्रयोग गर्नु पर्छ भन्ने बाध्यकारी कानुनी व्यवस्थाको प्रतिकुल भिन्न भाषिक व्यवहार गरिन्छ । प्रतिवादी सहभागीले सामाजिक आर्थिक स्तर कमजोर भएका कारणले आफूलाई मध्यम आदर गरी गरिएको भिन्नताप्रति आपत्ति प्रकट नगरी भाषिक रूपमा आफू भिन्नतामा परे पनि न्यायाधीशलाई अति उच्च आदरवाची सम्बोधन गरेको पाइन्छ । कानुनी सङ्कथनमा

न्यायाधीशले वकिललाई विद्वान् र तपाई भनी सम्बोधन गरेको छ भने वकिलले श्रीमान् भनेर उच्च आदरार्थीको प्रयोग गरेको छ । नेपाली समाजमा न्यायाधीशको सामाजिक हैसियत अन्य पदीय हैसियतका दृष्टिमा भिन्न रूपमा परिभाषित भएको र सोही अनुसार न्यायाधीशले वकिल र अन्य सर्वसाधारणलाई भिन्नताजन्य सम्बोधन गर्ने गरेको पाइन्छ । भाषाको उपयोग तटस्थ नहुने (फेयरक्लफ, १९८९), शक्ति अन्तर्निहित क्षमता हो र यसबाट नै व्यक्ति, समाज, संस्था र राज्य सञ्चालित हुने तथा शक्ति आपसी अन्तर्क्रियाका आधारमा प्रकट हुने (टेलर, २०१२) हुनाले उच्च ओहदामा बसेका व्यक्तिले तल्लो स्तर र सामाजिक हैसियत कमजोर भएका व्यक्तिलाई भिन्न भाषिक व्यवहार गर्नुपर्छ र त्यस्ता व्यक्ति उच्च ओहदाका व्यक्तिबाट गरिएका भिन्न भाषिक व्यवहार सहज रूपमा स्वीकार गर्नुपर्छ भन्ने तथ्य उद्घाटन भएको छ । यो सन्दर्भलाई न्यायाधीशले सामाजिक हैसियतका दृष्टिले कमजोर सामाजिक हैसियत भएका प्रतिवादीलाई कड्किएर हप्काएको (सं. ३, सं ५), (सं १५), (सं ८२), सन्दर्भले न्यायालयमा भाषिक रूपमा पनि सामाजिक हैसियत कमजोर भएकाहरू हेपिनु पर्ने तथ्यलाई उद्घाटन गरेको छ । अदालती भाषामा सामाजिक हैसियत कमजोर भएकाहरू भाषिक रूपमा भिन्न व्यवहार गरिएका हुन्छन् भन्ने तथ्यलाई पनि स्पष्ट रूपमा प्रस्तुत गरिएको छ । न्यायाधीश (सं. ३१) र वकिल (सं ३०) सहभागीले मुद्दाका पक्षका बारेमा सोधेको प्रश्नमा महिलालाई अनादरवाची भाषाको प्रयोग गरेको पाइन्छ । यसरी सामाजिक हैसियतले भाषिक अभिव्यक्तिमा प्रत्यक्ष प्रभाव पार्ने र भाषाका माध्यमबाट मानिसहरू अन्यायमा पर्ने वास्ताविकतालाई यी तथ्यहरूले प्रस्ट पारेका छन् ।

कानुनी नेपाली भाषाका सङ्कथनमा सहभागीका लैङ्गिक भिन्नताका कारणले भाषाको प्रयोगमा भाषिक भिन्नता सिर्जना हुन्छ ( गौतम, २०७५, पृ ३६) । पुरुष वक्ताको बोली र महिला वक्ताको बोलीमा ठूलो अन्तर देखिन्छ । यस्ता सहभागीको मौखिक

अभिव्यक्तिका क्रममा गर्ने सम्बोधन (सं ३०), (सं १५२), आदरार्थीको प्रयोगले यो भिन्नता दर्शाउँछ । लैङ्गिक शक्ति नै भिन्नताको प्रमुख कारकका रूपमा देखिएको छ । पुरुष वक्ताको बोलीले नारीप्रति भाषिक भिन्न व्यवहार गरेको पाइन्छ । सङ्कथनमा महिला सहभागीका पति पुरुष सहभागीले महिला सहभागीलाई विभिन्न असामाजिक शब्दको (सं १५२), प्रयोग गरी गाली गलौज गरेका छन् । कानुनी रूपमा पीडित महिला भाषिक रूपमा समेत अदालत परिसरजस्तो सार्वजनिक स्थलमा समेत अन्याय/विभेदको सिकार बन्नुपरेको पाइन्छ । महिला सहभागीको अभिव्यक्तिमा पुरुष सहभागीले पारिवारिक पीडा दिएको र आफू कानुनी रूपमा अन्यायमा परेको कुरा प्रकट गर्दा भाषिक रूपमा समेत भिन्न व्यवहार गरेको पाइन्छ ।

जबरजस्ती करणीको शिकार भएर अन्यायमा परेका महिला यौन व्यवसाय गर्ने पात्र हुन् र यस मुद्दाकी पीडित भनिएकी महिला पनि त्यस्तै यौन व्यवसाय गर्ने मध्येकी एक हुन् भन्ने आरोप वक्ताको बोलीमा प्रस्ट देखिन्छ । समाजमा सामाजिक गल्ती महिलाबाट मात्र हुन्छन् त्यसमा पनि यौनजन्य क्रियाकलापमा महिला नै दोषको भागीदार बन्नु पर्छ भन्ने समाजको सचेत, सम्पन्न, र सामाजिक शक्ति भएका वकिल र न्यायाधीशबाट यस किसिमको विचार प्रकट भएर कानुनी सङ्कथनमा भाषिक रूपमा लैङ्गिक आधारमा पनि मानिस भाषिक भिन्नताको शिकार बन्नु पर्ने देखिन्छ । सहभागी पत्नी वक्ताले आफ्नो अभिव्यक्तिमा आफू पतिबाट पीडित भएको, महिला हिंसामा परेको, लैङ्गिक शक्तिका कारणले भिन्नतामा परेको तथ्य प्रस्तुत भएको छ । समाजमा पुरुषवादी अहम्का कारणले नारी वर्ग भाषिक भिन्नताको शिकार बन्न पुगेको कुरालाई यो सङ्कथनात्मक अभ्यासमा पाइन्छ । पुरुषवादी अहम्, बल तथा लैङ्गिक हिंसाका कारणले सयौँ नारीहरू भिन्नतामा परेको वास्तविकतालाई यस सङ्कथनमा देखिन्छ । यस्ता भाषिक भिन्नताको मुक्तिका लागि महिलाले न्यायालयको ढोका कुर्न वाध्य भएको तथ्य यसमा पाइन्छ ।

शैक्षिक शक्ति पनि भाषिक भिन्नताको प्रमुख कारकका रूपमा देखिएको छ । शिक्षित वक्ताको बोलीले कम शिक्षित वा अशिक्षितप्रति भिन्नताजन्य व्यवहार गरेको पाइन्छ । कानुनी सङ्कथनका सहभागी वक्ता वकिलले आफ्नो कानुनी ज्ञानका सहायताले जबरजस्ती करणीबाट पीडित भएर जाहेरी दिने महिलालाई आफ्नो बौद्धिक, शैक्षिक शक्तिका कारणले भाषिक रूपमा भिन्न व्यवहार गरेको देखिन्छ । यसमा तार्किक शक्तिका सहायताले आफ्नो शैक्षिक ज्ञानका आधारमा पीडित महिलालाई विवाहित भएर पनि परपुरुषसँग गएकी, रात बिताएकी, होटल होटल गएकी, छिटो छिटो मदिरा सेवन गरेकी जस्ता अनेकन कुराले सम्बोधन गरी भाषिक भिन्नता प्रकट गरेको देखिन्छ । पुरुषप्रधान समाजमा पुरुषले गरेका कमजोरीका बारेमा कसैले प्रश्न नउठाउने तर नारी वर्गले नगरेका कुरामा कमजोरी देखाएर व्याख्या गरी भाषिक रूपमा अन्याय गर्ने पुरुषवादी व्यवहार यस तथ्यले पुष्टि गरेको छ । शैक्षिक शक्तिको उपयोग गरी आफूले प्राप्त गरेको अदालतमा बोल्न पाउने अधिकार तथा कानुनका ज्ञाताले आफूले प्राप्त गरेको शिक्षालाई फरक ढङ्गले उपयोग गरी महिलामाथि भाषाका माध्यमबाट अन्याय गर्न उपयोग गरेको कुरा यस सङ्कथनमा वकिलले पीडित महिलालाई गरेको भाषिक आरोपले पुष्टि गरेको छ । यसैले शैक्षिक पक्ष पनि भाषिक भिन्नताको मुख्य कारण रहेको देखिन्छ । वक्ता सहभागी वकिलले आफ्नो शैक्षिक ज्ञानका आधारमा अशिक्षित स्रोतालाई गर्ने सम्बोधनमा प्रयुक्त मध्यम आदरार्थी तथा अभिव्यक्तिगत अशिष्टताले स्रोता अशिक्षाका कारणले वक्ताबाट अन्यायमा परेको प्रत्यक्ष देखिन्छ । मानिस कानुनी ज्ञान शिक्षाको अभावमा पनि अन्यायमा परेको तथ्यलाई यस सङ्कथनले पुष्टि गरेको छ । सङ्कथनमा जबरजस्ती करणी मुद्दाकी पीडित महिला जो आफू जबरजस्ती करणी जस्तो जघन्य अपराधको शिकार बनेर अन्यायमा परेर न्यायको याचना गरिरहेकी छिन्, उनलाई वक्ता सहभागीले आफ्नो कानुनी शिक्षा र तार्किक शक्तिको आडमा भाषिक

रूपमा अर्को अन्याय गर्दै करणी भएको होइन भनेर पीडितको पीडामा थप पीडा थप्ने कार्य गरिरेहेको तथ्य देखिन्छ । यसमा न्यायापेक्षी मानिसहरू कानुनी शिक्षाको अभावमा पनि न्यायमा वञ्चित हुन पर्ने तथ्य स्थापित भएको देखिन्छ । अशिक्षा, अन्धविश्वासले पनि भाषिक रूपमा भिन्नतामा परेको तथ्यलाई स्थापित गरेको छ ।

कानुनी नेपाली सङ्कथनमा सङ्कथनात्मक घटनाहरूले विभिन्न विचारहरू/ मान्यताहरूलाई उजागर गरेको पाइन्छ । सङ्कथनका सहभागीहरूले अभिव्यक्त गरेको भाषामा प्रकट भएको शक्ति र विभेदबाट नै विचारको जन्म भएको तथ्य यी सङ्कथनात्मक अभ्यास क्रममा पाइन्छ । नेपाली समाज पुरुषप्रधान भए पनि वर्तमान सामाजिक राजनैतिक चेतनाका कारणले महिला हक अधिकारको सुनिश्चित गर्ने क्रममा धेरै कानुनहरू निर्माण भएका छन् । विवाहलाई सामाजिक र कानुनी बन्धनका रूपमा स्वीकार गरी विवाह गरेपछि विवाहित पत्नीलाई पतिले बेघरबार र बेखर्ची बनाउन सक्दैन, इज्जत अनुसारको गाँस, बास र कपासको बन्दोबस्तको जिम्मेवार पति नै हो भन्ने मान्यता स्थापित बनेको तथ्यलाई सङ्कथनात्मक अभ्यासले पुष्टि गरेको छ । नेपाली समाजमा महिलालाई उनीहरूको इच्छा विपरीत कुनै पनि कार्य गर्नु हुँदैन । महिलामाथि हुने सामान्य हिंसाजन्य घटनामा पनि पुरुषले गम्भीर सजायको भागीदार बन्नु पर्ने विचारको निर्माण भएको छ । समाजको चेतनाका कारणले पुरुषहरूले महिलामाथि गर्ने दुर्व्यवहार कम भएको तथा पुरुषमाथि आरोप मात्र लगाए पनि पुरुषले उन्मुक्ति नपाउने विचार पनि सङ्कथनका सहभागीले आफ्नो अभिव्यक्तिमार्फत प्रकट गरेको छ । महिलाको इज्जत संवेदनशील हुन्छ भन्ने विचारको निर्माण भएको छ र यसै विचारका आधारमा कानुनको निर्माण भई कार्यान्वयन समेत भएको छ भने त्यसै अनुरूपको कानुनी भाष्य र त्यसैका आडमा विचार समेत निर्माण भएको पाइन्छ ।

नारी समाजका इज्जत हुन्, उनीहरूको इज्जतको संवेदनशीलतालाई कानुनले पनि अङ्गीकार गरेको छ । सोही अनुसार समाजबाट अपहेलित हुन नपरोस् भनेर कानुन र कानुन प्रणालीको विकास भई नारीको इज्जतको गोपनीयता कायम गर्ने परम्परा स्थापित भएको छ। नारीमाथि गम्भीर प्रकृतिका अपराध गर्ने पुरुषले आफू अपराधबाट मुक्ति पाउन र कानुनको नजरमा निर्दोष सावित गर्न झुठ अभिव्यक्तिको सहारा लिन्छन् । त्यसैले कसुरदारले आफू बेकसुर भएको तथ्य भन्दैमा ऊ सजायबाट उन्मुक्त बन्न सक्दैन भन्ने विचार पनि माथिका सङ्कथनहरूले प्रस्तुत गरेको पाइन्छ।

नेपालको वर्तमान कानुनी व्यवस्थाले बालविवाहलाई प्रतिवन्ध लगाइएको छ । मुलुकी अपराध संहिता २०७४ को दफा १७३ ले बीस वर्ष नपुगी कुनै पनि व्यक्तिको विवाह गर्न गराउन नहुने बाध्यकारी व्यवस्था गरेको छ (मुअसं. २०७४,पृ ६५) । समाजमा बालबिवाह गर्नु अपराध मानिन्छ भने बालिका विरुद्ध हुने यौनजन्य हिंसा गम्भीर फौजदारी कसुरका रूपमा मानिन्छ । निश्चित उमेर समूहका महिलालाई विशेष संरक्षण गरी बालविवाह र बालिकाप्रति गरिने यौनजन्य कार्य गम्भीर गैरकानुनी कसुर हो भन्ने सामाजिक मान्यतालाई सङ्कथनात्मक तथ्यले विचारका रूपमा प्रस्तुत गरेको छ।

न्यायालय न्याय सम्पादन गरिने स्थान भएकोले यहाँ प्रयोग गरिने भाषाले पनि कसैलाई अन्याय गर्न हुँदैन ( मुफौकानि, २०७५ पृ १२२)। पीडक, पीडित, अभियुक्त, साक्षी, जाहेरवाला, कर्मचारी, न्यायाधीश, वकिल सबैलाई शिष्ट र आदरार्थी भाषाको उपयोग गरी सम्बोधन गर्नु पर्छ भन्ने विचार सङ्कथनात्मक अभ्यासका क्रममा पाइन्छ।

अन्याय अत्याचार भए पनि खपेर पारिवारिक जीवनलाई अगाडि बढाउनु पर्छ भन्ने परम्परागत विचारमा परिवर्तन भई पति वा पत्नी मध्ये कुनै एक पक्षले अर्को पक्षको हित विपरीतका कार्य गऱ्यो भने सहेर बस्न हुँदैन । त्यसको कानुनी समाधान खोज्नु पर्छ भन्ने

मान्यता स्थापित भयो । यही विचारका आधारमा कानुनी व्यवस्थालाई व्यवस्थित गरेर विवाह सामाजिक बन्धन हो भन्ने पुरानो विचारलाई भत्काएर यदि वैवाहिक जीवनमा कुनै एक पक्षले अर्को पक्षको हित विपरीतका कार्य गर्दछ भने कानुन बमोजिम नै अलग अलग भएर जीवन बिताउन सक्छन् भन्ने मान्यता सङ्कथनात्मक अभ्यासका क्रममा पाइन्छ । सम्बन्ध विच्छेदको मूल कारण समाजमा पुरुषले महिलालाई सधैँ हेप्नु पर्छ र महिला सधैँ हेपिनु पर्छ भन्ने पुरूषमा भएको उच्चताभावको कारणले हो भन्ने विचार पनि पाइन्छ ।

विवाहिता पत्नीले आफ्नो पतिसँग मात्र शारीरिक सम्बन्ध स्थापित गर्नु पर्छ र नेपाली समाजमा विवाहिता महिलाले परपुरुषसँग शारीरिक सम्बन्ध राख्ने काम अनैतिक र समाजमा अपाच्य हुन्छ भन्ने विचार अभिव्यक्त भएको पाइन्छ ।

नेपाली समाजमा पुरुषबाट कुनै पनि गल्ती, कमजोरी, अपराधजन्य कार्य हुदैनन्, ती सबै गल्ती, कमजोरी र अपराध नारीले मात्र गर्छन् र सजायको भागीदार पनि नारी नै बन्नु पर्छ भन्ने विचारले जरा गाडेको थियो । यो परम्परागत विचारमा शिक्षाका कारणले परिवर्तन आई समाजमा नारीका कानुनी अधिकारहरू जस्तै सम्पत्तिमा छोरा सरह छोरीको पनि अधिकार (मुदेसं.,२०७४), मन्जुरी नलिई करणी गरेमा जबरजस्ती करणी हुने ( मुअसं.२०७४) जस्ता नयाँ विचार स्थापित भएका छन्  सोही अनुरूप कानुनी रूपमा उपचार समेत प्राप्त सकिने परिपाटी स्थापित भएको छ । अध्ययनीय सङ्कथनको सहभागी वकिलले जबरजस्ती करणीको पीडक वा कसुरदारलाई कसुरमा उन्मुक्ति दिलाउने र नदिलाउने अधिकार पीडित नारीमा रहेको तथ्यलाई स्थापित गरेको पाइन्छ (सं. ७) । यसैले नारी माथि पुरुषबाट अत्याचार हुन्छन् र नारीको कानुनी रूपमा संरक्षण गर्नु पर्छ भन्ने विचार अध्ययनीय सङ्कथनबाट स्थापित भएको छ । यसै गरी जबरजस्ती करणी जस्तो आपराधिक कार्यमा पनि अभिभावकले आफ्ना पुरुष सन्तानको दोष देख्दैनन् । कसूर गर्ने

पुरुष तर दोष महिलामाथि थोपर्ने पुरातन विचार अध्ययनीय सङ्कथनात्मक अभ्यासका क्रममा देखिन्छ । यसै गरी आमाबाबुका लागि आफ्ना छोराछोरीले कहिल्यै गल्ती गर्दैनन् भन्ने दृढ विश्वास हुन्छ भन्ने विचार पनि आमा सहभागीका अभिव्यक्तिबाट प्रकट भएको छ ।

अन्धविश्वास समाजमा अपराध घटाउने एक साधन हो (सं ५३७) । समुदायलाई भ्रम छरी झारफुकका नाममा अपराधिक मानसिकताका मानिसले आफ्नो प्रभुत्व स्थापित गरेका छन् । धामी झाँक्रीले झारफुकबाट बिरामी जाति बनाउँछन् भन्ने अन्धविश्वासी विचारले मानिसलाई अन्यायमा पारेको तथ्य अध्ययनीय सङ्कथनमा पाइन्छ । वैवाहिक बन्धन सामाजिक बन्धन मात्र नभएर यो कानुनी बन्धन पनि हो, वैवाहिक सम्बन्धलाई कानुनी रूपमा मात्र अन्त्य गर्न सकिन्छ, विवाह गरेर ल्याएकी श्रीमतीलाई इज्जत अनुसार खानलाउन दिनु पर्छ। खानलाउन नदिए अंश दिनु पर्छ भन्ने विचारको निर्माण भएको पाइन्छ ।

नेपाल कानुनमा जबरजस्ती करणीको पीडामा नारी पीडित बन्नु पर्छ (मुअसं२०७४ पृ ८२) । पुरुषप्रधान समाज तथा पुरुषले जे गरे पनि जायज हुन्छ तर नारीले गल्ती नगरे पनि त्यसको आरोप खेप्न बाध्य हुन पर्छ । परम्परागत मान्यता अनुसार नारीले पुरुषभन्दा कमजोर ठान्ने विचारको निर्माण भएको पाइन्छ । यही मान्यताका कारणले नारीमाथि शारीरिक र मानसिक दबाब र प्रभाव पारी नारीमाथि जघन्य अपराध घट्न पुग्दछन् भन्ने विचार अध्ययनीय सङ्कथनहरूबाट अभिव्यक्त भएको छ ।

पुरुषले नैतिकता विरोधी गतिविधि गरेमा औलो नठड्याउने समाज नारीले नगरेका कमी कमजोरीको खोजिमा सधैँ क्रियाशील हुने गर्दछ । यही परम्परागत मान्यताका कारणले नारी आफ्नो सामाजिक इज्जत गुम्ने डरले आफूमाथि भएका अपराध खुलेर भन्न, उजुर

गर्न नसक्ने कुरा प्रकट गर्दछन् । नारीका लागि आफ्नो सतित्व ज्यादै प्रिय हुन्छ, समाजले पनि नारीको सतित्वको संवेदनशीलतालाई उचो दर्जामा राख्दछ भन्ने विचार स्थापित भएको छ ।

कानुनी नेपाली सङ्कथनमा पीडितले अदालत समक्ष वा न्यायाधीश समक्ष न्याय प्राप्तिको लक्ष्य (घिमिरे, २०६५) वा स्वार्थ पूर्तिका लागि भाषिक अभिव्यक्तिको उपयोग गरेको पाइन्छ । न्यायालयमा भाषाको उपयोग गर्ने आम पीडित समुदायको भाषिक स्वार्थ पीडकलाई सजाय गराएर आफूले न्याय पाउने कुरामा केन्द्रित हुन्छ । त्यसैले यस अध्ययनमा पनि आम पीडित वा वादी वा जाहेरवालाको भाषिक स्वार्थ न्याय प्राप्ति भएको पाइन्छ ।

अध्ययनमा सङ्कथनात्मक अभ्यासमा सहभागी वक्ता मुद्दाका पक्ष (प्रतिवादी) ले आफू जबरजस्ती करणीको कार्यमा नलागेको कुरा अत्यन्त शालीन र भद्र तरिकाले अभिव्यक्त गरेका छन् । भाषाका माध्यमबाट पक्षधरता/स्वार्थका लागि भद्रतापूर्ण (युल १९९६) अभिव्यक्ति सूचकको उपयोग भएको पाइन्छ । यी सूचकका माध्यमबाट अभियुक्तले आफ्नो निर्दोषिता र सफाइ प्राप्तिका लागि भाषिक चलाखी पनि गरेको पाइन्छ ।

सङ्कथनात्मक अभ्यासका क्रममा आएका न्यायाधीश र अदालतका कर्मचारीले कानुन व्यवसायी र अभियुक्तसँग निकटता (अधिकारी, २०७६) दर्शाउने भाषिक पक्षको उपयोग गरी चलाखीपूर्ण (भान डाइक, २००६) पदावलीका माध्यमबाट घटना वा अपराधको तथ्य उजागर गर्न वा वास्तविकता खोतल्ने स्वार्थ भाषाका माध्यमबाट अभिव्यक्ति गरेको पाइन्छ ।

सहभागी वक्ताका रूपमा प्रस्तुत भएका सरकारी वकिलले जबरजस्ती करणी जस्तो जघन्य अपराधको सिकार बनेकी पीडित महिलाको पक्षमा न्याय दिलाउन र पीडकलाई

सजाय दिलाउन तार्किक भाषाका माध्यमबाट पीडक कसुरदार नै हो र पीडितमाथि ऊबाट अन्याय भएको तथ्यलाई प्रस्तुत गरेको पाइन्छ । वक्ता सहभागी सरकारी वकिलको भाषिक पक्षधरता/स्वार्थ पीडकलाई सजाय र पीडितलाई न्याय दिलाउन केन्द्रित भएको पाइन्छ ।

कसुरदार वा पीडक सहभागी वक्ताले जबरजस्ती करणीका कसुरदारलाई जे जुन अभियोग लगाइएको छ सो अभियोगबाट सफाइ पाउनु पर्ने अनुनयात्मक तार्किक चलाखी (भान डाइक, २००६) प्रस्तुत गरेको पाइन्छ । कसुरदारका वकिलले सफाइ दिलाउने उद्देश्यबाट प्रेरित भएर तर्कद्वारा आफ्ना भनाइका आधारमा सफाइ पाउने युक्ति वा सुझावका रूपमा भाषिक चलाखीको प्रयोग गरेर सफाइ दिलाउने पक्षधरता/स्वार्थनिहित भाषाको उपयोग गरेको पाइन्छ ।

सङ्कथनात्मक अभ्यासका क्रममा आएका सहभागी वक्ता न्यायाधीश र कर्मचारीले छिटो छरितो न्याय सम्पादन गर्ने निहितार्थ (युल १९९६) प्रकट गरी भरोसाको अभिव्यक्ति दिएको पाइन्छ । सहभागी वक्ता (न्या) (कर्म) ले मुद्दाको प्रतिवादी वा जबरजस्ती करणी मुद्दाका अभियुक्तलाई सत्य साँचो कुरा बताउन प्रश्नार्थक वाक्यका माध्यमबाट सत्य तथ्य उजागर गर्ने पक्षधरता/स्वार्थ अभिव्यक्त भएको छ । न्यायालयसँग सम्बद्ध वक्ताको भाषिक पक्षधरता/स्वार्थ न्याय निरूपण नै हुने गर्दछ भन्ने कुरा स्पष्ट भएको छ ।

यसरी सङ्कथनात्मक अभ्यासका क्रममा खास अवस्थामा सहभागी वक्ताले सम्पन्न गर्न खोजेको उद्देश्यसँग सम्बन्धित भएर भाषिक अन्तर्क्रियाहरू सम्पन्न हुने गर्दछन् । यस्तो उद्देश्य व्यक्तिगत र सामूहिक प्रतिनिधित्व गर्ने दुबै प्रकृतिको हुने तथ्य यस अध्ययनले प्रस्ट पारेको छ । हरेक अभियुक्तले आफूले सफाइ पाउने उद्देश्य अनुरूप सोही अनुसारको स्वार्थपूर्ण र चलाखीपूर्ण भाषिक अभिव्यक्ति दिने, अदालत सम्बद्ध न्यायाधीश र कर्मचारीले न्याय निरूपणका खातिर सत्य तथ्य उजागर गर्ने उद्देश्य अनुरूप सङ्कथनात्मक कार्य

सम्पादन गर्ने गर्दछन् । हरेक मुद्दाका पीडितले पीडकलाई सजाय दिलाउने उद्देश्यले तथा सहभागी वक्ता सरकारी वकिलले पीडितलाई न्याय दिलाउने र प्रतिवादीका वकिल (प्रव) ले पीडक वा अभियुक्तलाई सफाइ दिलाउने पक्षधरता/स्वार्थबाट प्रेरित भएर भाषिक अभिव्यक्ति दिने तथ्य स्पष्ट भएको छ । यसकारण भाषिक अभिव्यक्तिका क्रममा हरेक वक्ताले जहिलेसुकै पनि आफ्नो हित अनुकूल भाषिक उद्देश्य परिपूर्ति गर्न सङ्कथनात्मक कार्य सम्पादन गर्दछन् भन्ने कुरा यस अध्ययनबाट प्रस्ट भएको छ ।

## निष्कर्ष

प्रयोगार्थविज्ञान, सामाजिक भाषाविज्ञान, संरचनात्मक भाषा विज्ञान, मिसेल फुकोको शक्तिको सिद्धान्त, एन्टोनियो ग्राम्सीको हैकम वा प्रभुत्वको सिद्धान्त, अन्थुजरको संरचनात्मक मार्क्सवादी सिद्धान्तका आलोकमा आलोचनात्मक सङ्कथन विश्लेषणको सैद्धान्तिक अवधारणामा कानुनी नेपाली भाषाको अध्ययनका क्रममा निम्नलिखित निष्कर्षहरू प्राप्त भएका छन् :

### सङ्कथनमा भाषिक शक्ति

अदालती प्रक्रियामा प्रयोग हुने भाषाको सङ्कथनात्मक अभ्यासका क्रममा सहभागीहरूमध्ये माथिल्लो ओहदा/पद भएका सहभागीहरूको पदीय अवस्था, देशको कानुनी व्यवस्था तथा प्रमाण कानुनको प्रयोग, सहभागीको आर्थिक स्थिति वा समाजको आर्थिक स्थिति, सहभागीको शिक्षा वा ज्ञानको अवस्था, समाज र व्यक्तिको मनोवैज्ञानिक पक्ष, बल वा तागत, बोलाइको शैली वा शालिनता वा भद्रता जस्ता शक्तिका कारकका आधारमा तल्लो दर्जामा भएका सहभागीहरू जो शक्ति अप्राप्त छन् तिनका बिचको अन्तर्क्रियामा शक्ति प्राप्त व्यक्ति र शक्ति अप्राप्त व्यक्ति बिच प्रस्ट भेद देखिने भाषाको प्रयोग भएको पाइन्छ । अर्थात् पद, प्रतिष्ठा, शिक्षा अनुसारको बोली हुनु पर्ने कुरा प्रतिबिम्बित भएको

पाइन्छ । पदीय दृष्टिले उच्च तहका सहभागी (न्या) का लागि र निम्न तहका सहभागी (प्रवा) का लागि सम्बोधन सूचक शब्द क्रमश : *हजुर* र *तिमी* भनी भिन्न भिन्न प्रयोग गरेको पाइन्छ । त्यस्तै यो शक्तिका कारणले हुने भेद क्रियापदको प्रयोगमा पनि पाइन्छ । यसै गरी न्यायाधीशलाई सामाजिक सम्बोधनका रूपमा औपचारिक र अनौपचारिक भाषामा पनि *श्रीमान्* तथा वकिलका लागि *विद्वान्* सम्बोधन सूचक आदरार्थीको प्रयोग भएको पाइन्छ ।

कानुनी नेपाली भाषाको प्रयोगमा सङ्कथनात्मक अभ्यासका क्रममा कानुनी व्यवस्था तथा तथ्य र प्रमाण पनि शक्तिका रूपमा भाषामा प्रकट हुन्छन् । वकिलले प्रतिवादीलाई कानुन बमोजिम सजायको भागी बन्नु पर्ने तथ्य अभिव्यक्त भएको पाइन्छ । मानिसलाई दण्डको भागीदार बनाउने साधन कानुनी शक्ति नै हो भन्ने कुरा कानुनी शक्ति भाषामा अभिव्यक्त भएको पाइन्छ ।

आर्थिक शक्तिका कारणले समाजमा अन्यायमा पर्ने तथा न्यायको पहुँचभन्दा टाढा रहनु पर्ने कुरा पाइन्छ । समाजमा आर्थिक रूपमा सम्पन्नले विपन्नलाई विभिन्न किसिमका दबाब, प्रलोभन, फुस्ल्याहटमा पारेर आफ्ना गैरकानुनी इच्छाहरू पुरा गर्छन् र यस्ता गैरकानुनी इच्छा पूरा गरी आर्थिक रूपले कम शक्ति भएकाहरू आर्थिक कारणले नै न्यायको पहुँच भन्दा टाढा रहने कुरा पनि यी तथ्यहरूका आधारमा पाइन्छ ।

अदालतमा काम गर्ने वा कानुनको अध्ययन गरेका सहभागी र अदालत बाहिरका वा कानुनी ज्ञान कम भएका वा नभएका सहभागीका बिचमा कानुनी अन्तर्क्रिया हुँदा कानुनी ज्ञान भएका वक्ता सहभागीले कानुनी ज्ञान कम भएका सहभागीलाई कानुनी ज्ञानको शक्तिले भाषिक रूपमा नियन्त्रणमा राखेको पाइन्छ । शिक्षा/ज्ञानको शक्तिले भाषामा पर्याप्त सूचना प्रदान गरेको छ भने यहाँ शक्तिले विभेद अन्याय नगरी सहयोग गरेको पाइन्छ । सङ्कथनात्मक अभ्यासका क्रममा पक्ष सहभागीका जिज्ञासालाई कानुनी शिक्षाको शक्तिका

माध्यमबाट वकिल सहभागीले भाषाका माध्यमबाट प्रस्ट पारेको पाइन्छ । यसै गरी सङ्कथनात्मक अभ्यासका क्रममा अपराधिक मानसिकता भएका सहभागीले पीडितलाई शारीरिक बलका अतिरिक्त अनेक चलाखी/कपटपूर्ण भाषिक बलको प्रयोग गरेर पीडा दिएको र अपराधिक कार्य गरेको पाइन्छ। यसै गरी आफ्नो शक्तिको दुरूपयोग गरी पीडितको बयानका क्रममा प्रहरीले पीडितमाथि भाषिक दुर्व्यवहार गरेको पाइन्छ । प्रहरीले आफ्नो बलको शक्ति देखाएर सहभागीलाई बलजफती सहीछाप गराउने (सं ९९) जस्ता कार्य गराउँदा भाषिक दुर्व्यवहार गरेको पाइन्छ ।

आफ्नो अनुकूलको काम लगाउन शक्तिवाला सहभागीले कम शक्ति भएका सहभागीलाई मनोवैज्ञानिक वा तार्किक भाषाका माध्यमबाट प्रस्तुत गर्दछन् । यस्तो शक्ति सङ्कथनका सहभागीहरूका अभिव्यक्तिमा प्रकट भएको पाइन्छ । पीडक झारफुक गर्ने व्यक्तिले पीडितलाई मनोवैज्ञानिक रूपमा भाषिक प्रभावमा पारेर (सं. ५३५) सोही शक्तिको उपयोग गरी अपराधिक कार्य गरेको पाइन्छ । सङ्कथनात्मक अभ्यासका क्रममा पाठमा मनोवैज्ञानिक शक्तिका रूपमा अन्धविश्वास तथा समाजमा संस्कृतिका रूपमा स्थानान्तरण गर्दै लैजाने झारफुके धामीहरूको हिंसाजन्य क्रियाकलाप र त्यस्तो क्रियाकलापबाट पीडित बन्न पुगेको यथार्थ प्रकट भएको पाइन्छ । यसै गरी प्रहरीले साबिती बयान गराउन पीडितलाई वास्तविक कुरा अभिव्यक्त गराउन समेत भाषाको मनोवैज्ञानिक शक्तिको उपयोग भएको पाइन्छ ।

**सङ्कथनमा भाषिक भिन्नता**

कानुनी नेपाली भाषाको प्रयोगमा ओहदागत भिन्नताका आधारमा भाषिक प्रस्तुति, खासगरी सम्बोधनसूचक शब्दको चयनमा ठूलो भिन्नतामा देखिन्छ । सामाजिक, आर्थिक, शैक्षिक र पदीय दृष्टिमा उपल्लो ओहदामा हुनेले तल्लो ओहदामा हुनेलाई भाषिक रूपमा

हेप्ने, होच्याउने र तल्लो ओहदाकाले पनि माथिल्लो ओहदा भएकाहरूलाई उच्च र अतिउच्च आदरार्थीसूचक सम्बोधन गर्ने भाषिक प्रयोग परम्परा स्थापित भएको पाइन्छ । यसका आधारमा ओहदागत कारणले भाषिक भिन्नता प्रस्ट रूपमा देखिन्छ । प्रस्तुत पाठमा भद्रताभित्र न्यायाधीशले वकिललाई (सं. २३६) गर्ने सम्बोधनमा औपचारिक भाषाका रूपमा चलनचल्तीको सम्बोधन वा सांस्कृतिक रूपमा स्थापित सम्बोधनको प्रयोग भएको छ भने न्यायाधीशबाट पनि वकिललाई सोही अनुसारको सम्बोधन र भाषिक शैलीको प्रयोग भएको छ । यसरी हेर्दा वक्ताले बोलेको कुरा प्रभावकारी रूपमा सम्पादन गर्न भद्रता सिर्जित शक्तिको महत्त्वपूर्ण भूमिका देखिन्छ ।

वर्ग, लिङ्ग, शिक्षा र संस्कृतिबाट सिर्जित शक्ति नेपाली समाजको संरचनामा अन्तर्निहित भएर बसेका छन् । यिनै विभिन्न वर्ग, लिंग, जात, धर्म, पद प्रतिष्ठा आदिका आधारमा भाषाको प्रयोग हुने तथा भाषिक भिन्नताका कारक पनि यिनै पक्ष रहेका छन् । अदालती प्रक्रियामा प्रयोग हुने सङ्कथनमा अन्याय वा विभेद सिर्जना गर्न यी पक्षहरूको भूमिका प्रस्ट रहेको पाइन्छ । वर्गीय भाषिक भिन्नताको सूचकका रूपमा न्यायाधीशलाई गरिने सम्बोधन, वकिललाई गरिने सम्बोधन र मुद्दाका पक्ष (वादी, प्रतिवादी) लाई गरिने सम्बोधनका बिचको भिन्नताबाट नै सो तथ्य पुष्टि भएको छ ।

कानुनी नेपाली भाषाका सङ्कथनमा आर्थिक रूपले उच्च वर्गका वक्ताले निम्न वर्गका स्रोतालाई सम्बोधन गर्दा अनादर *ऊ* र मध्यम आदर *तिमी* को प्रयोग गर्ने गरेको पाइन्छ । यसै गरी मुद्दाका पक्षले वर्गीय रूपमा उच्च भएका न्यायाधीशलाई *हजुर* भनेर सम्बोधन पनि यही वर्गीय हेपाइको उपजको रूपमा प्रकट भएको पाइन्छ । यसै गरी आर्थिक रूपले विपन्नले मुद्दा गर्न र न्याय प्राप्तिका लागि दुःख हुने, खर्च नहुने समस्या हुने कुरा पनि सङ्कथनात्मक अभ्यासका क्रममा सहभागी वक्ताहरूबाट अभिव्यक्त भएको पाइन्छ ।

यसै गरी सामाजिक हैसियतले पनि भिन्नता सिर्जना गर्दछ भन्ने कुराको पुष्टि अध्ययन गरिएका सङ्कथनात्मक अभ्यासबाट प्रस्ट भएको छ । मुद्दाका पक्ष तथा वकिलले न्यायाधीशलाई सम्बोधन गर्दा *श्रीमान्* भनेर सम्बोधन गर्ने, वकिललाई विद्वान्, वकिलसाब भनेर सम्बोधन गर्ने तथा न्यायाधीश र वकिलले मुद्दाका पक्षलाई तँ, तिमी भनेर अनादर तथा मध्यम आदरको प्रयोग गरेर सम्बोधन गर्नु सामाजिक हैसियतका कारण सिर्जित भिन्नता हो ।

सङ्कथनमा लिङ्गका कारणले पनि भाषामा भिन्नता अभिव्यक्त भएको पाइन्छ । पुरूपले महिलालाई *रन्डी, सालाछ्चौडा* जस्ता असामाजिक शब्दको प्रयोग गरी गाली गरेको तथा वकिलले मुद्दाका पक्षलाई *तिमी, नकराऊ* जस्ता मध्यम आदरार्थी सूचक शब्दको प्रयोग गरेको तथ्यले यस कुराको पुष्टि गरेको छ ।

कानुनी सङ्कथनमा सहभागी वक्ता प्रतिवादीका वकिलले आफ्नो कानुनी ज्ञानका सहायताले जबरजस्ती करणीबाट पीडित भएर जाहेरी दिने महिलालाई आफ्नो बौद्धिक, शैक्षिक शक्तिका कारणले भिन्न किसिमको अभिव्यक्ति प्रस्तुत गरेको स्पष्ट देखिन्छ । यसमा तार्किक शक्तिका सहायताले आफ्नो शैक्षिक ज्ञानका आधारमा पीडित महिलालाई असामाजिक आरोप गरी सम्बोधन गरी भिन्नता प्रकट गरेको छ । पुरुषप्रधान समाजमा पुरुषले गरेका कमजोरीका बारेमा कसैले प्रश्न नउठाउने तर नारी वर्गले नगरेका कुरामा कमजोरी देखाएर व्याख्या गरी भाषिक रूपमा अन्याय गर्ने पुरुषवादी व्यवहार यस तथ्यले पुष्टि गरेको छ । शैक्षिक शक्तिको उपयोग गरी आफूले प्राप्त गरेको अदालतमा बोल्न पाउने अधिकार तथा कानुनका ज्ञाताले आफूले प्राप्त गरेको शिक्षालाई फरक ढङ्गले उपयोग गरी महिलामाथि भाषाका माध्यमबाट अन्याय गर्न उपयोग गरेको कुरा यस सङ्कथनमा वकिलले पीडित महिलालाई गरेको भाषिक आरोपले पुष्टि गरेको छ । आफूलाई शिक्षित भन्ने वर्गले

समेत कम शिक्षित मुद्दाका पक्षलाई *तिमी, तँ* जस्ता अनादरवाची शब्दको प्रयोग गरेर भाषिक रूपमा भिन्न व्यवहार गरेको पाइन्छ । कानुन व्यवसायीले आफ्नो वहसपैरवीका क्रममा मुद्दाका पीडक र पीडितका बारेमा दिएका अभिव्यक्तिमा पनि शैक्षिक भिन्नता प्रस्ट रूपमा देखिन्छ ।

**सङ्कथनमा भाषिक विचार**

अदालती प्रक्रियामा प्रयोग हुने भाषाका सङ्कथनमा पनि सङ्कथनात्मक घटनाहरूले विभिन्न विचार/ मान्यताहरूलाई उजागर गरेको पाइन्छ । सहभागीहरूले अभिव्यक्त गरेको भाषामा प्रकट भएको शक्ति र भिन्नताबाट नै विचारको जन्म भएको पाइन्छ । यस किसिमका सङ्कथनमा सामाजिक घटना वा अभ्यासहरूले विचारको निर्माण गरेको पाइन्छ । नेपाली समाजमा व्याप्त मान्यताहरू/विचारहरू कानुनी भाषाबाट कुनै न कुनै ढङ्गले मुखरित भएको पाइन्छ । यस अध्ययनमा सङ्कथनात्मक अभ्यासका क्रममा कानुनी नेपाली भाषामा प्राप्त विचारहरूलाई यसप्रकार प्रस्तुत गरिएको छ :

नेपाली समाजमा महिलालाई उनीहरूको इच्छा विपरीत कुनै पनि कार्य गर्नु हुँदैन भन्ने विचारको निर्माण भएको छ । महिलाको इज्जतको संवेदनशीलताका कारणले महिलामाथि हुने सामान्य हिंसाजन्य घटनामा पनि पुरुषले गम्भीर सजायको भागीदार बन्नु पर्ने, पुरुषमाथि लागेको जबरजस्ती करणीको अभियोगबाट सफाइ दिलाउन आरोप गर्ने महिला नै अदालतमा उपस्थित भएर यो आरोप गलत हो भनेर बयान गरिदिएमा मात्र पुरुष सजायबाट मुक्त हुन सक्छन् । यसरी महिलाको इज्जत संवेदनशील हुन्छ भन्ने विचार अभिव्यक्त भएको छ ।

महिलाहरूको सामाजिक सुरक्षालाई ध्यानमा राखेर कानुनी रूपमा नै गोपनियताको हक सुरक्षित गर्दै स्वच्छ सुनुवाइको हक सुरक्षित गर्न पीडित व्यक्तिको सामाजिक इज्जत

प्रतिष्ठामा प्रतिकुल प्रभाव पर्न सक्ने वा निज उपर अभियुक्त वा अन्य कुनै पक्षबाट अनुचित डर, त्रास वा भय हुन सक्ने वा निजको जिउ ज्यानको सुरक्षामा प्रतिकुल असर पर्न सक्ने देखिएमा त्यस्तो व्यक्तिको नाम, थर, वतन, बुबा आमाको नाम वा परिचय गोप्य राख्ने कानुनी व्यवस्था (मुफौकासं २०७४ को दफा १८३, पृ २३७) बमोजिम नेपाली समाजमा महिलालाई कुनै अपराध गरेको अभियोग लाग्यो वा कुनै अपराधीबाट पीडित बन्नु पर्‍यो भने समाजले राम्रो नजरले नहेर्ने हुनाले मुद्दाको कारवाही प्रक्रियामा वा कारवाही समाप्त भएपछि पनि त्यस्ता पीडित महिला वा बालबालिकालाई कुनै पनि सामाजिक अपहेलनामा पर्न नपरोस् भनेर कानुनी सुरक्षा प्रदान गरिएको कुरा अभिव्यक्त भएको पाइन्छ । यस सङ्कथनका आधारमा नेपाली समाजमा नारीको इज्जत संवेदनशील हुन्छ भन्ने विचार निर्माण भएको कारणले कानुनले महिलाको मर्यादा जोगाउन गोपनियता राख्ने बाध्यकारी कानुनी व्यवस्था गरेको पाइन्छ ।

नेपाली समाज पुरुषप्रधान समाज हो । नारी र पुरुष विचका हरेक विवादमा नारीका कमी कमजोरी केलाउने र पुरुषले जस्ता सुकै कमी कमजोरी गरेको भएपनि सजायको भागीदार नारी हुनु पर्ने परम्परागत मान्यता पौराणिक कालदेखि वर्तमानसम्म स्थापित भएको छ । पुरुषले नैतिकता विरोधी गतिविधि गरेमा औलो नठड्याउने समाज नारीले नगरेका कमी कमजोरीको खोजिमा सधैँ क्रियाशील हुने गर्दछ । नेपाली समाजको परम्परागत धारणाका कारणले नारी आफ्नो सामाजिक इज्जत गुम्ने डरले आफूमाथि भएका अपराध खुलेर भन्न, उजुर गर्न सक्दैनन् । नारी माथि हुने अत्याचार अति भएपछि सामाजिक इज्जतको वास्ता नगरी विष्फोट स्वरूप आफूमाथि भएको सतित्व सम्बन्धी अत्याचारको बारेमा खुलेर भन्न बाध्य हुन्छन् । यसर्थ नारीका लागि आफ्नो सतित्व ज्यादै प्रिय हुन्छ, समाजले पनि नारीको सतित्वको संवेदनशीलतालाई उचो दर्जामा राख्दछ भन्ने विचार स्थापित भएको छ ।

मानिसको बाच्न पाउने अधिकार (माअविघो १९४८) लाई नेपालको संविधान (२०७२) ले पनि व्यवस्थित गरेको छ । सो अनुसार कानुन पनि निर्माण भएका छन् । विवाहलाई सामाजिक र कानुनी बन्धनका रूपमा ग्रहण गरेपछि श्रीमान् र श्रीमतीलाई एक रथका दुई पाङ्ग्रा मानी श्रीमान्ले श्रीमतीप्रति निर्वाह गर्नु पर्ने कानुनी दायित्व र श्रीमतीले श्रीमान्प्रति गर्नु पर्ने कानुनी दायित्वलाई परिभाषित गरेको छ । सङ्कथनात्मक अभ्यासका क्रममा सहभागीले यही मान्यतालाई अभिव्यक्त श्रीमतीलाई इज्जत अनुसार खानलाउन नदिए अंश दिनु पर्छ भन्ने विचार प्रकट भएको छ ।

महिला २० वर्ष पूरा भएपछि मात्र विवाहका लागि योग्य हुने हुनाले त्यसभन्दा पहिले शारीरिक सम्बन्ध राख्ने मनसायले गरेका हरेक कार्य दण्डनीय हुने हुनाले २० वर्ष मुनिका महिलालाई बालिकाका रूपमा परिभाषित गरेर बालविवाह गैरकानुनी कार्य हो भन्ने सामाजिक मान्यतालाई कानुनले व्यवस्थित गरेको कुरा विचारका रूपमा प्रस्तुत भएको पाइन्छ ।

नेपाली समाजमा विवाह बन्धनमा बाँधिएपछि पतिले पत्नीलाई जहिलेसुकै जुनसुकै अवस्थामा पनि त्याग गर्न सक्छन् वा पतिले चाहेको बखतमा अर्की पत्नी ल्याउन सक्छन् । खुट्टा भए जुत्ता कति कति भन्ने मान्यताबाट जनसाधारणको मानसिकतामा परिवर्तन भई नयाँ विचारको निर्माण भएको तथ्यलाई स्थापित गरेको छ । विवाहित पुरुष र महिलाका बिच विवाह भएपछि शारीरिक सम्बन्ध स्थापित नभए र साथमा नबसे (सं ५४५) पनि उनीहरू पति पत्नी नातामा बाँधिएका हुन्छन् । यसरी स्थापित भएको वैवाहिक बन्धन सामाजिक बन्धन मात्र नभएर यो कानुनी बन्धन पनि हो, वैवाहिक सम्बन्धलाई कानुनी रूपमा मात्र अन्त्य गर्न सकिन्छ भन्ने विचारको निर्माण भएको छ ।

नेपाल कानुनले पनि विवाह पुरुष र महिला बिच दाम्पत्य तथा पारिवारिक जीवन प्रारम्भ गर्नका लागि कायम भएको एक स्थायी, अनतिक्रमय, तथा स्वतन्त्र सहमतिमा आधारित एक पवित्र सामाजिक तथा कानुनी बन्धन (मुदेस, पृ. २६) का रूपमा अर्थ गरेको छ। विवाह पवित्र बन्धन हो भन्ने विचारमा आधारित भएर विवाहिता पत्नीले आफ्नो पतिसँग मात्र शारीरिक सम्बन्ध स्थापित गर्नु पर्छ भन्ने व्यवस्था गरिएको छ ।

भाषा सामाजिक व्यवहार भएकोले समाजलाई शिष्ट र सभ्य बनाउन औपचारिक भाषाको प्रयोग गर्नु पर्छ भन्ने तथ्य अभिव्यक्त भएको पाइन्छ । औपचारिक भाषाको प्रयोगमा आदरार्थी भाषाको प्रयोग अनिवार्यतालाई अभिव्यक्त गरेको पाइन्छ (अधिकारी, २०६४) । आफूलाई सताउने, हेप्ने, पीडा दिने व्यक्तिलाई सम्बोधन गर्दा वक्ताले कहिल्यै आदरवाची शब्दको प्रयोग गर्दैन । विरोध जनाउने सङ्केतका रूपमा अनादरवाची भाषाको प्रयोग गर्दछ । सभ्य समाजमा हरेक वक्ताले सम्मानसूचक भाषाको प्रयोग गर्नु पर्दछ भन्ने विचार वा मान्यता स्थापित भएकोले न्यायाधीशको सङ्कथनमा अभिव्यक्त भएको छ । औपचारिक सम्बोधनमा दूर शिष्टताको प्रयोग गर्नुपर्दछ । औपचारिक भाषामा आदरार्थी सम्बोधनसूचकको प्रयोग अनिवार्य हुन्छ भन्ने विचार यस सङ्कथनमा अभिव्यक्त भएको छ ।

बुबा आमाले आफ्ना छोराछोरीले कहिलै पनि अपराधिक कार्य गर्दैनन् भन्ने आत्मविश्वास हुन्छ । विभिन्न अपराधमा संलग्न भएका मानिसका आमाबुबाले यही आत्म विश्वास बोकेका हुन्छन् । आफ्ना छोरा छोरीले वा आफ्ना प्रिय मानिसहरूले कहिल्यै गल्ती वा कसुर गर्दैनन् भन्ने भाषिक अभिव्यक्ति पाइन्छ । सङ्कथनमा वक्ता सहभागी आमाले आफ्नो छोराले गल्ती नगर्ने मात्र नभई कहिल्यै गल्ती नै गर्न नसक्ने भावले यही विचारलाई पुष्टि गरेको छ । जबरजस्ती करणी जस्तो आपराधिक कार्यमा पनि अभिभावकले आफ्ना पुरुष सन्तानको दोष देख्दैनन् । कसूर गर्ने पुरुष तर दोष महिलामाथि थोपर्ने पुरातन विचार

यस सङ्कथनात्मक अभ्यासका क्रममा देखिन्छ । यसै गरी आमाबाबुका लागि आफ्ना छोराछोरीले कहिल्यै गल्ती गर्दैनन् भन्ने दृढ विश्वास हुन्छ भन्ने विचार ममताको शक्तिबाट सिर्जित भएको छ ।

प्रमाणले कसुरदार ठहर भएमा अभियुक्तले सजायको भागीदार बन्नु पर्छ र तोकिए बमोजिमको सजायको भागीदार बन्नु पर्छ । गम्भीर प्रकृतिका फौजदारी कसुर प्रमाणित भएमा कसुरदारले कानुनले तोकेबमोजिमको दण्डसजायको भागीदार हुनुपर्छ भन्ने विचार अध्ययन गरिएका सङ्कथनात्मक अंशहरूबाट प्रकट भएको पाइन्छ ।

कसुरदारले आफूले कसुर गरेको कहिल्यै पनि स्वीकार गर्दैन । भाषाका धेरै कार्यहरू मध्ये विरोध वा अस्वीकार पनि हो (ह्यालिडे, २००४) । सङ्कथनात्मक अभ्यासका क्रममा फौजदारी मुद्दाका हरेक प्रतिवादी वक्ता सहभागीले आफू निर्दोष भएको र आफूले कहिल्यै गल्ती नगरेको कुरा विरोध वा अस्वीकारका रूपमा अनुरोध (अपिल) गरेको पाइन्छ । फौजदारी कसुर गर्ने अधिकांश प्रतिवादीहरूले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा कसुरलाई स्वीकार गरे पनि पछि अदालत प्रवेश गरेपछि आफ्ना पहिलेका बयानलाई फेरेर कसुरमा इन्कार गर्दछन् । कसुरलाई अस्वीकार गर्नका लागि प्रतिवादीले विभिन्न सामाजिक घटनाहरूलाई आफ्नो सङ्कथनमा प्रमाणका रूपमा प्रस्तुत गरेर कसुरलाई अस्वीकार गरेको छ । यसैले कसुरदारले आफूले कसुर गरेको कहिल्यै पनि स्वीकार गर्दैन भन्ने विचारलाई सङ्कथनहरूले पुष्टि गरेको छ ।

नेपाली समाज झारफुक, धामी झाक्रीले बिरामी जाति बनाउँछन् भन्ने अन्धविश्वासबाट ग्रस्त छ । समाजमा आफ्नो जिविकोपार्जनका लागि अन्धविश्वास गर्ने समुदायलाई भ्रम छरी झारफुकका नाममा अपराधिक मानसिकताका मानिसले आफ्नो प्रभुत्व स्थापित गरेका छन् । अन्धविश्वासी भावनाले समाजमा महिला हिंसा र अपराध घटित हुन्छन् भन्ने विचारको निर्माण भएको छ ।

लिङ्भेद जैविक वा शारीरिक र प्राकृतिक भिन्नताको विषय हो (पाण्डे २०६९, पृ. ९)। यही प्राकृतिक भिन्नताको आडमा समाजका हरेक क्षेत्रमा नारी र पुरुषका विचमा विभेद भएको विषय सङ्कथनात्मक अभ्यासमा अभिव्यक्त भएको पाइन्छ । प्रस्तुत सङ्कथनमा पुरुष नारीबाट हेपिने होइन, सयौँ कमजोरी भए पनि कमजोरी नभएको नारी नै पुरुषबाट हेपिनु पर्छ भन्ने विचार निर्माण भएको पाइन्छ।

महिला सधैँ पुरुषको नियन्त्रणमा रहने र पुरुषले चाहेमा ऊ माथि जबरजस्ती गर्न सक्ने तर नचाहेमा केही नहुने, पुरुषबाट महिला सधैँ हेपाइमा पर्नु पर्छ भन्ने मान्यता प्रकट भएको छ। पुरुष कहिल्यै पनि हेपिएर बस्न सक्दैन, सधैँ हेपिने, पीडा भोग्ने महिला मात्र हो भन्ने अभिव्यक्तिका माध्यमबाट पुरुष नारीबाट हेपिने होइन, सधैँ नारी नै हेपिने हो, भन्ने पुरुषवादी विचार प्रकट भएको छ । यो विचार समाजमा स्थापित वा जरा गाडेर बसेको विचारका रूपमा लोग्ने वक्ताले अभिव्यक्त गरेको छ । यही विचारका आधारमा समाजमा महिला हिंसाको सिकार बन्न परेको कुरा पनि यस सङ्कथनमा अभिव्यक्त भएको छ।

सामाजिक, आर्थिक, सांस्कृतिक, लैङ्गिक आदि रूपमा नारीमाथि पुरुष अत्याचार आदिकालदेखि हुँदै आएको पाइन्छ। भौतिक रूपमा हुने यस किसिमका अत्याचारका अलावा भाषिक रूपमा झन धेरै अत्याचार हुने गरेको पाइन्छ। तसर्थ नारीमाथि पुरुषबाट हुने यस किसिमका अत्याचारको कानुनी उपचार गरी नारीलाई कानुनी रूपमा संरक्षण गर्नु पर्छ भन्ने मान्यता सङ्कथनात्मक अभ्यासका क्रममा पाइन्छ । नेपाली समाजमा सबै गल्ती नारीले मात्र गर्छन् र सजायको भागीदार पनि नारी नै बन्नु पर्छ भन्ने विचारले जरा गाडेको थियो। माथिको पाठमा समाज परिवर्तन भएको र विचार पनि परिवर्तन भएको तथ्यलाई प्रस्तुत गरिएको छ। समाजमा अहिले महिला अधिकार र लैङ्गिक अधिकारका सन्दर्भमा थुप्रै कानुन बनेका र सोही अनुसार कार्यान्वयन भए पनि नेपाल कानुनले जबरजस्ती करणीको सिकार

नारी मात्र हुने (मुअसं २०७४, पृ ८२) कुरालाई सङ्कथनात्मक अभ्यासका क्रममा पनि प्रकट भएको पाइन्छ ।

नेपाल कानुनले महिला विरुद्ध हुने अपराध वा हिंसाका विरुद्धमा कडा कानुनी व्यवस्था गरेर महिलालाई संरक्षण गरेको छ । यसैले राज्यले नारी माथि पुरुष अत्याचार हुन्छन् र नारीको कानुनी रूपमा संरक्षण गर्नु पर्छ भन्ने विचारका आधारमा नारीलाई कानुनी अधिकार सम्पन्न बनाएको तथ्य यस पाठबाट स्पष्ट भएको छ ।

शारीरिक र मनोवैज्ञानिक दबाब सिर्जना गरी महिला माथि अपराधजन्य कार्य हुन्छन् । नारी पुरुषका तुलनामा शारीरिक र मानसिक रूपमा कमजोर हुने तथा पुरुषले शारीरिक बल र अन्य मानसिक दबाब सिर्जना गरी अपराध घटाउने कार्य गर्दछ । परम्परित रूपमा नारीको शारीरिक र मानसिक अवस्थाका बारेमा बनेको धारणालाई विचारका रूपमा प्रकट गरेको पाइन्छ ।

कुनै पनि नारीले सामाजिक अन्यायका विरुद्धमा आफू पीडामा नपरेसम्म न्यायका लागि याचना नगर्ने, नारीको इज्जत सामाजिक रूपमा संवेदनशील मानिने मान्यता समाजमा स्थापित भएको र कुनै पनि नारीले आफ्नो इज्जतमा आघात पुगेको कुरा समाजले थाहा नपाओस् भनेर सचेत बन्ने परम्परा रहेको छ । पीडकले पीडितलाई पहिले अनेक प्रलोभनमा पारेर पीडा दिने र पछि मोबाएलको भिडियो देखाउने डर, धाक देखाएर पीडा दिन बाध्य बनाएको, नारी स्वभावैले मानसिक रूपमा पुरुषभन्दा कमजोर र शारीरिक रूपमा पनि प्रतिवाद गर्न पुरुषभन्दा कमजोर भएका कारणले नसक्ने तथ्यलाई सङ्कथनले प्रकट गर्दै महिला पुरुषका तुलनामा मानसिक र शारीरिक रूपमा कमजोर हुन्छन्, त्यसैले पुरुषले चाहेमा सजिलै प्रभाव पारी उनीहरूबाट फाइदा लिन सक्छन् भन्ने विचार प्रस्तुत गरेको छ ।

नेपाली समाज एक पत्नी परम्पराबाट विकसित भएको हो । एक पतिका दुई वा दुई भन्दा बढी पत्नी भए भने सौताबाट जन्म भएका छोराछोरीलाई सौतेलो व्यवहार गर्ने र हेप्ने परम्परा आदिकालदेखि रहेको पाइन्छ । यो परम्परित मान्यता हालसम्म पनि नेपाली समाजमा विद्यमान भएको कुरा प्रस्तुत सङ्कथनबाट पाइन्छ ।

यसै गरी यस सङ्कथनमा लोग्ने वक्ताले आफूसँग भएको पहिलो पत्नीतिरको छोरालाई पनि पछिल्लो श्रीमतीले हेला गरेको सन्दर्भ ( सं. १६४) प्रस्तुत गर्दै सौतेनी आमाले सौताबाट जन्मेका सन्तानलाई हेला होचो गर्छन् भन्ने पुरातन रूपमा स्थापित विचारलाई अभिव्यक्त गरेको छ । यसै गरी नेपाली समाजमा सौतेनी आमाले सौतेलो सन्तानलाई हेला गर्छन् भन्ने विचार निर्माण भएको र सोही अनुसारको कार्य हुने गरेको सन्दर्भ पनि माथिका सङ्कथनात्मक अभ्यासका क्रममा अभिव्यक्त भएको पाइन्छ । यसै गरी सौतेनी आमाले मात्र सौतेलो सन्तानलाई मात्र हेलाहोचो नगरी सौतेलो बाबुले पनि हेला होचो गर्दछन् । सौतेले असल नियतले आफ्ना सौतेला सन्तानलाई सत्मार्गमा लगाउन अर्ती उपदेश गर्दा समेत सौतेलो बाबुले गलत कार्य गऱ्यो भनेर आरोप गर्ने मान्यता विकास भएको छ । यसरी आधुनिक समाजमा पनि कतिपय पुरातन विचारले पनि अझै जरा गाडेर बसेका छन् र ती सामाजिक विकृतिका रूपमा रहेका छन् भन्ने कुरालाई देखाएको छ। यी सङ्कथनात्मक अभ्यासका क्रममा सौतेलो सन्तानलाई सौतेलो बाबु र आमाले हेला गर्दछन् भन्ने परम्परित अवधारणा अद्यापि कायम छ भन्ने विचार पाइन्छ ।

**सङ्कथनमा भाषिक पक्षधरता/स्वार्थ**

अदालती प्रक्रियामा प्रयोग हुने भाषाका सङ्कथनमा वक्ता सहभागीले पक्षधरता/स्वार्थका लागि भाषाको प्रयोग गर्दछ । यसरी भाषाको उपयोग गर्दा भाषिक चलाखीको पनि उपयोग हुने कुरा अध्ययनका क्रममा देखिन्छ । सङ्कथनात्मक अभ्यासका

क्रममा समाजमा हुने हरेक भाषिक क्रियाकलापमा वक्ताले आफ्नो व्यक्तिगत वा सामूहिक पक्षधरता/स्वार्थका लागि भाषाको उपयोग गर्दछ । यसरी स्वार्थ पूरा गर्नका लागि उसले विभिन्न किसिमको भाषिक चलाखीलाई साधनका रूपमा उपयोग गर्ने गरेको पाइन्छ ।

मौखिक सङ्कथनात्मक कार्य सम्पादनका क्रममा तथ्यलाई उजागर गर्न र स्रोताबाट सत्य तथ्य कुरा अभिव्यक्त गर्न लगाउने अभिप्रायले वक्ताले भाषिक अभिव्यक्ति प्रस्तुत गर्दछ । भाषामा अन्तर्निहित वक्ताको स्वार्थ वा हित तथ्य उजागर गर्नु रहेको कुरालाई सङ्कथनहरूले प्रस्तुत गरेका छन् । यो आम वक्ताको उद्देश्य रहेको भए पनि अदालती प्रक्रियामा प्रयोग हुने भाषाका सङ्कथनमा वक्ताका रूपमा उपस्थित न्यायाधीश तथा बयान र बकपत्र गराउने कर्मचारीको अभिव्यक्तिमा यस किसिमको पक्षधरता/स्वार्थ पाइन्छ ।

कानुनी नेपाली सङ्कथनमा वक्ता (सव) ले कसुरदार वा अभियुक्तलाई सजाय गराउने तथा पीडितलाई न्याय दिलाउने उद्देश्यबाट अभिमुख भएर सङ्कथनात्मक कार्य सम्पादन गरेको पाइन्छ । सङ्कथनात्मक अभ्यासका क्रममा प्रतिवादीका वकिल (प्रव) ले आफ्ना तर्क र तथ्यका आधारमा आफ्नो पक्षका कसुरको अभियोग लागेका व्यक्तिलाई सफाइ दिलाउन प्रेरित भएर भाषिक अभिव्यक्ति दिएको पाइन्छ । नेपालको कानुनी व्यवस्थाले (नेकाव्यपऐ, २०५०) कानुन व्यवसायीले आफ्नो पक्षको हितमा मात्र कार्य गर्नु पर्ने निर्देशनात्मक व्यवस्था गरेको र सोही अनुरूप प्रतिवादीका वकिलले जबरजस्ती करणीको अभियोग लागेका व्यक्तिको सफाइको प्रयोजनले वक्ताले स्रोतासमक्ष अनुनयात्मक तार्किक चलाखी (भान डाइक २००६) को प्रयोग गरेको पाइन्छ ।

कानुनी नेपाली भाषाका सङ्कथनात्मक अभ्यासका क्रममा आएका सहभागी वक्ता - न्या) र (कर्म) ले छिटो छरितो न्याय सम्पादन गर्ने निहितार्थ (युल १९९६) प्रकट गरी भरोसाको अभिव्यक्ति दिएको पाइन्छ । सहभागी वक्ताले मुद्दाको प्रतिवादी वा जबरजस्ती

करणी मुद्दाका अभियुक्तलाई सत्य साँचो कुरा बताउन प्रश्नार्थक वाक्यका माध्यमबाट सत्य तथ्य उजागर गर्ने पक्षधरता/स्वार्थ अभिव्यक्त भएको छ । न्यायालयसँग सम्बद्ध वक्ताको भाषिक पक्षधरता/स्वार्थ न्याय निरूपण नै हुने गर्दछ भन्ने कुरा पुष्टि भएको छ ।

यसरी सङ्कथनात्मक अभ्यासका क्रममा खास अवस्थामा सहभागी वक्ताले सम्पन्न गर्न खोजेको उद्देश्यसँग सम्बन्धित भएर भाषिक अन्तर्क्रियाहरू सम्पन्न हुने गर्दछन् । यस्तो उद्देश्य व्यक्तिगत र सामूहिक प्रतिनिधित्व गर्ने दुबै प्रकृतिको हुने तथ्य यस अध्ययनले प्रस्ट पारेको छ । हरेक अभियुक्तले आफूले सफाइ पाउने उद्देश्य अनुरूप सोही अनुसारको पक्षधरता/स्वार्थजनित र चलाखीपूर्ण भाषिक अभिव्यक्ति दिने, अदालत सम्बद्ध न्यायाधीश र कर्मचारीले न्याय निरूपणका खातिर सत्य तथ्य उजागर गर्ने उद्देश्य अनुरूप सोही पक्षधरता/स्वार्थ पूरा गर्न सङ्कथनात्मक कार्य सम्पादन गर्ने गर्दछन् । हरेक मुद्दाका पीडितले पीडकलाई सजाय दिलाउन प्रेरित भएर तथा वादीका वकिलले (सव) ले पीडितलाई न्याय दिलाउने र प्रतिवादीका वकिलले पीडक वा अभियुक्तलाई सफाइ दिलाउने स्वार्थबाट प्रेरित भएर भाषिक अभिव्यक्ति दिने तथ्य स्पष्ट भएको छ । यसकारण समाजमा हरेक व्यक्ति वा समुदायले आफ्नो हित अनुकूलको भाषिक हित पूरा गर्ने गरी सङ्कथनात्मक कार्य सम्पादन गर्दछन् भन्ने नै यस अध्ययनको निष्कर्ष हो ।

समग्रमा उल्लिखित विविध किसिमका सङ्कथनात्मक अभ्यास, व्याख्या विश्लेषण तथा छलफलका आधारमा अदालती प्रक्रियामा प्रयोग हुने भाषामा भाषिक प्रस्तुतिको भिन्नै ढाँचा र परम्परा स्थापित भएको छ । यो परम्परा नेपाली समाजको संरचना अनुकूल पदीय वा पदानुक्रमगत रूपमा स्थापित भएको छ । सामान्य नेपाली भाषाका प्रचलित आदरार्थी रूपहरू भन्दा भिन्न प्रकृतिका आदरार्थी (श्रीमान्, विद्वान्, हजुर) को प्रयोग परम्परा स्थापित हुनु नै कानुनी नेपाली भाषाको विशिष्टता हो भन्न सकिन्छ ।

**शैक्षिक उपादेयता**

आलोचनात्मक सङ्कथन विश्लेषणको विकास र यसको भाषा तथा साहित्य अध्ययनमा भएका हालसम्मका उपलब्धिका आधारमा नेपाली भाषा शिक्षणमा पनि यसको उपयोग अपरिहार्य छ । कानुनी नेपाली भाषाको आलोचनात्मक सङ्कथन विश्लेषणमा आधारित प्रस्तुत अध्ययनले नेपाली भाषा शिक्षण र नेपाली भाषाका लिखित र मौखिक पाठहरू, साहित्यिक र साहित्येर पाठहरूको आलोचनात्मक सङ्कथन विश्लेषण गर्नका लागि उपयोगी अध्ययन पद्धति रहेको कुरा स्पष्ट भएको छ । कानुनी नेपाली भाषाको आलोचनात्मक सङ्कथन विश्लेषणका आधारमा यसको शैक्षिक उपादेयतालाई यसप्रकार प्रस्तुत गरिएको छ :

यस अध्ययनका आधारमा आलोचनात्मक सङ्कथन विश्लेषणका माध्यमबाट भाषाको अध्ययन गर्न सकिने कुरा स्पष्ट भएको छ । विद्यालयस्तरका नेपाली भाषाका पाठ्यक्रममा समावेश भएका भाषिक सीप शिक्षण तथा विधा शिक्षण गर्न यस पद्धतिको उपयोग प्रभावकारी हुने देखिन्छ । विद्यार्थीहरूलाई आलोचनात्मक बन्न र सोही अनुसार विधाको विवेचना गर्न यस पद्धतिले सहयोग पुऱ्याउँछ । यसका अतिरिक्त कक्षाकोठामा प्रयोग हुने मौखिक भाषाको उपयोग गर्दा अभिव्यक्ति विचारका आधारमा भाषिक शक्ति, भाषिक भिन्नता, विचार र पक्षधरता/ स्वार्थको पहिचान गर्ने क्षमता विद्यार्थीहरूमा विकास हुन्छ । वक्ताले प्रयोग गरेको भाषाका आधारमा स्रोताले भाषिक भिन्नतामा परे नपरेको पहिचान गरी आलोचनात्मक चेतको विकास गर्न पनि यो पद्धति उपयोगी देखिन्छ ।

कानुनी नेपाली भाषाको प्रयोग हुने न्यायालयमा भाषिक रूपले एक किसिमको परम्परा स्थापित भएको र यही परपम्परा विचारका रूपमा निर्माण भएको पाइन्छ । मुद्दाका पक्ष, आम सर्वसाधारण तथा वकिलले न्यायाधीशलाई गरिने सम्बोधनसूचक शब्द 'श्रीमान्'

ले एउटा मानक स्थापित गरिसकेको छ । यो कानुनी नेपाली भाषाको प्रयोगको एक अङ्ग बनिसकेको छ । यसैगरी वकिललाई गरिने सम्बोधनसूचक शब्द 'विद्वान्', 'वकिलसाब' जस्ता शब्दको प्रयोग पनि कानुनी नेपाली भाषाका मानक प्रयोग हुन् । कानुनी नेपाली भाषामा प्रयोग हुने यी शब्दहरूले न्यायाधीश र वकिलप्रति प्रस्ट भिन्नता प्रस्तुत गरेको पाइन्छ । यसैगरी अध्ययनका क्रममा न्यायाधीशले पक्षसँग गरेको अन्तर्क्रिया, प्रश्नउत्तर आदिमा भएको भाषिक भिन्नताले समेत सर्वसाधारण व्यक्ति न्यायका लागि अदालत समक्ष उपस्थित हुँदा पनि प्रत्यक्ष र परोक्ष रूपमा भाषिक भिन्नताको शिकार बन्नु पर्ने अवस्था भएकोले कानुनी नेपाली भाषाको प्रयोग परम्परामा स्थापित कतिपय भिन्न प्रयोगलाई परिमार्जन गर्न पनि कानुनी नेपाली भाषा शिक्षणका लागि छुट्टै पाठ्यक्रम निर्माण गरी विद्यालय स्तरदेखि नै भाषा प्रयोगमा अभ्यस्त बनाउनु पर्ने देखिन्छ ।

आलोचनात्मक सङ्कथन विश्लेषणले सामाजिक विज्ञानको भाषिक पक्षको अध्ययन विश्लेषणमा जोड दिन्छ । आलोचनात्मक सङ्कथन विश्लेषणका माध्यमबाट शिक्षाका सन्दर्भमा अर्थको निर्माण गर्न, अर्थ बोध गर्न, भाषा र समाजबीचको सम्बन्ध पत्ता लगाउन सहज हुने कुरा विगत केही वर्षदेखि संसारमा प्रचलनमा आएको छ (युवेन २०१८) । हालसम्म भाषिक विश्लेषणहरू सामाजिक भाषा विज्ञान ( गम्पर्ज, १९८२, ल्याबोभ १९७२), भाषिक समाजशास्त्र (सिल्भरस्टाइन र उर्वान १९९६) र जातिवादी अध्ययन (हाइम्स १९७२) आदि जस्ता सैद्धान्तिक अध्ययनसँग सम्बन्धित छन् । आलोचनात्मक सङ्कथन विश्लेषणका माध्यमबाट कक्षाकोठा सञ्चारलाई कसरी सामाजिक संरचनाका आधारमा प्रभावकारी बनाउन सकिन्छ भन्ने कुरा को सहजीकरणमा सहजता आउँछ । यसले अङ्गीकार गर्ने शक्ति, भाषिक भिन्नता वा विभेद, विचार जस्ता जटिल सम्बन्धहरू बोध गर्न, विश्लेषण गर्न सङ्कथनात्मक अभ्यासका माध्यमबाट सहज हुन्छ ( फेयर्क्लफ  १९९३) । आलोचनात्मक

सङ्कथन विश्लेषण वास्तविक भाषाका विशेषताहरू, भाषा व्यवहारहरू र अन्तर्क्रिया, भाषिक र भाषेतर सञ्चारको जानकारी, अन्तर्क्रियात्मक अनुभूति र शैक्षिक सन्दर्भमा सामाजिकतामा केन्द्रित हुन्छ (वोडाक र मेयर २००१) । प्रस्तुत अध्ययन नेपाली समाजको कानुनी क्षेत्रको बयान, बहस, बकपत्र जस्ता पक्षमा प्रयोग भएका सङ्कथनमा आधारित भएको र यी सङ्कथनमा अभिव्यक्त भाषिक शक्ति, भाषिक भिन्नता, विचार वा विचारधारा र भाषिक पक्षधरता/स्वार्थ वा स्वार्थको विश्लेषण गरेजस्तै कक्षा शिक्षणमा पनि हरेक किसिमका भाषिक अभिव्यक्ति, अन्तर्क्रिया आदिलाई आलोचनात्मक विश्लेषणका माध्यमबाट बोध गर्न सघाउ पुऱ्याउने स्पष्ट छ ।

कक्षाकोठा एक सूक्ष्म सामाजिक सन्दर्भ हो । भाषा शिक्षाका सन्दर्भमा शिक्षकलाई कक्षामा निर्णय लिन सङ्कथनात्मक अभ्यासको सामान्य रूपको प्रयोग गर्नु पर्ने हुन्छ । जसमा शिक्षक विद्यार्थी सम्बन्ध, संस्कृति, भाषा र इतिहासको शृङ्खलाबद्ध संरचनामा आबद्ध भएको हुन्छ । कक्षाकोठामा हुने निर्णय प्रक्रियाको विश्लेषण गर्न आलोचनात्मक सङ्कथन विश्लेषण एक सबल प्रक्रिया हो । यसैले शिक्षण सिकाइका क्रममा आलोचनात्मक सङ्कथन विश्लेषण प्रभावकारी उपकरणका रूपमा उपयोग गर्न सकिन्छ ।

शिक्षकले कक्षा कोठामा कुनै पनि निर्णय प्रक्रियामा सामेल हुन कुनै किसिमको सङ्कथनको प्रतिनिधित्व गर्दछ । जसमा शिक्षक कक्षाकोठाको सन्दर्भमा ज्ञानको विषय वा भण्डार हुन्छ । यो एक शिक्षण सङ्कथनको अभ्यासको तत्कालीक सूचक हो । शिक्षकले कक्षाकोठामा निर्णय लिने प्रक्रिया सङ्कथन अभ्यासको एक प्रक्रिया हो जसमा ज्ञान, आधिकारिकता, शक्ति र नैतिकता जस्ता जटिल पक्षहरूको अन्तरसम्बन्ध समावेश हुन्छ । यसरी कक्षाकोठाका निर्णय प्रक्रियामा समेत के कस्ता शक्तिसम्बन्धले के कस्तो भूमिका निर्वाह गर्दछन् भन्ने कुरा पनि आलोचनात्मक सङ्कथन विश्लेषणले अध्ययन गर्दछ ।

आलोचनात्मक सङ्कथन विश्लेषण शिक्षाको नियन्त्रणात्मक (आधिकारिक), शक्ति र नैतिक सवालमा सिद्धान्त र अवधारणाको स्तरमा बृहत् शैक्षिक समाख्यान र सङ्कथन अभ्याससँग सम्बन्धित छ जुन कक्षाकोठाको छलफलका लागि एक गहकिलो दार्शनिक विचार हुन सक्छ (युवेन, सन् २०१८) । भाषा र साहित्य शिक्षणका क्रममा पनि यसलाई उपयोग गर्न सकिन्छ। शिक्षकले कुनै पाठ दिएर विद्यार्थीहरूलाई त्यसको आलङ्कारिक संरचनाको विश्लेषण गराउन सक्छन् । यसका लागि विद्यार्थीलाई कुनै विश्लेषणको एक नमुना दिएर सोही अनुरूपको विश्लेषण अभ्यास गराउन सकिन्छ । यसका साथै भाषाका पाठलाई विभिन्न दृष्टिकोणका आधारमा आलोचना गर्ने अभ्यास गराउन सक्छन् ।

विद्यार्थीहरूलाई तयारी पाठ दिएर आलोचनात्मक सङ्कथन विश्लेषण गरी लेख्न लगाएर पढाइ तथा लेखाइ क्षमताको विकास गराउन सकिन्छ । यसै गरी सङ्कथनात्मक पाठका संरचनालाई विगारेर विद्यार्थी सामु दिएर उनीहरूलाई पुनसंरचित गराएर पनि आलोचनात्मक सङ्कथन विश्लेषण अभ्यास गराउन सकिन्छ। यसक्रममा शिक्षकले निर्देशित र सिर्जनात्मक लेखनको अभ्यास गराउन पनि सक्छन् ।

आलोचनात्मक सङ्कथन विश्लेषणले भाषाका चारवटै सीप सिकाइमा सहयोग पुऱ्याउँछ । पढाइ सीप शिक्षणको कक्षामा व्याकरण सम्बद्ध विषयवस्तु, पदलोप, शाब्दिक संसक्ति, संयोजन, आलंकरिक संरचना जस्ता पक्षको पहिचान र व्याख्या विश्लेषणमा सक्षम बनाउँछ । यसले विद्यार्थीहरूको तार्किक क्षमतालाई उजागर गर्दछ । सङ्कथनको सुनाइ र पढाइबाट मात्र त्यसको विभिन्न सैद्धान्तिक धरातलमा विश्लेषण गर्न सकिने हुनाले विद्यार्थीहरूमा पाठको सुनाइ र पढाइ क्षमताको वृद्धि भई पाठको बोध क्षमताको पनि विकास हुन्छ ।

कक्षाकोठामा शिक्षकले नमूना पाठ लिएर विद्यार्थीहरूलाई सुनाइ, पढाइका क्रियाकलापमा सहभागी गराएर लेखन र लेखिएका विश्लेषणात्मक सामग्री पठन गराएर भाषाका चारवटै सीपको अभ्यासमा सरिक गराउन सकिन्छ । यसका लागि शिक्षकले पाठ विश्लेषणका नमुना उपलब्ध गराएर तिनको पठन र बोध गराएर आलोचनात्मक सङ्कथन विश्लेषणको उपयोग गरी भाषिक क्रियाकलापमा सरिक गराउन सकिन्छ ।

आलोचनात्मक सङ्कथन विश्लेषणका युक्तिहरूलाई उपयोग गरी भाषा शिक्षण गर्दा विद्यार्थी सहभागितामा वृद्धि हुन्छ । विद्यार्थीको प्रतिभा प्रस्फुटनमा सहयोग पुग्दछ । विद्यार्थीहरूको आन्तरिक क्षमता उजागर भई व्यक्तिगत दृष्टिकोण प्रस्तुत गर्न सक्षम हुन्छन् । यसले कुनै पनि विषयवस्तु वा पाठका बारेमा आलोचनात्मक दृष्टिकोण निर्माण गर्न र प्रस्तुत गर्न सहयोग पुग्दछ ।

आलोचनात्मक सङ्कथन विश्लेषणले विविध विषय क्षेत्र (कानुन, शिक्षा, समाज, संस्कृति, राजनीति आदि) सन्दर्भमा पाठ र बोलीद्वारा भएको सामाजिक शक्तिको दुरूपयोग, शक्ति, असमानताको विश्लेषणात्मक अध्ययन गर्दछ ( भान डाइक, २००१, पृ ३५२) । शिक्षा क्षेत्रमा यस किसिमको अध्ययनको उद्देश्य विद्यार्थीहरूलाई पाठ र भाषामा अभिव्यक्त विषयवस्तुका आधारमा संसारको मूल्याङ्कन गर्ने क्षमताको विकास गर्नु हो । यस किसिमको अध्ययनका आधारमा शिक्षकलाई भाषिक प्रशिक्षण गर्न सहज हुनुका साथै विद्यार्थीमा पनि आलोचनात्मक क्षमताको अभिवृद्धि हुन पुग्दछ ।

आलोचनात्मक सङ्कथन विश्लेषणको अध्ययन विधिका आधारमा विद्यार्थीहरूलाई पठन क्षमताको विकास गर्न सकिन्छ । जसका लागि शिक्षकले फेयर्क्लफको विश्लेषणात्मक ढाँचा (२०१०) का आधारमा सामाजिक, सङ्कथनात्मक र पाठात्मक अभ्याससँग सम्बन्धित

प्रश्न बनाएर ती प्रश्नहरूको उपयोग गरी आलोचनात्मक प्रवृत्तिको विकास गरी भाषिक सीप शिक्षण गर्न सकिन्छ ।

आालोचनात्मक सङ्कथन विश्लेषणका माध्यमबाट मौखिक तथा लिखित भाषाका पाठहरूलाई आलोचनात्मक ढङ्गमा भाषामा अन्तर्निहित शक्तिको पहिचान गर्ने र शक्तिबाट सिर्जित भिन्नताको विवेचना गर्न सक्षम बनाउँछ । पाठमा अन्तनिहित सामाजिक व्यवस्था तथा त्यो सामाजिक व्यवस्थाका आधारमा निर्मित सङ्कथनात्मक अभ्यासका आधारमा विचारहरूको पहिचान गर्न सक्षम बनाउँछ । भाषामा हुने विविध पक्ष जस्तै भाषिक पक्षधरता/स्वार्थ, भाषिक पक्षधरता/स्वार्थका लागि वक्ताले अपनाउने भाषिक चलाखी जस्ता पक्षको समेत पहिचान गर्न सक्ने बनाउँछ ।

आलोचनात्मक सङ्कथन विश्लेषणलाई शिक्षकले सिकारु /विद्यार्थी भाषाको आलोचनात्मक दृष्टिले आलोचकका रूपमा, सामग्री निर्माता, पाठ्यक्रम निर्माता, पाठ्यपुस्तक लेखक आदिले आलोचनात्मक विश्लेषणका लागि सुहाउँदा वा उपयोगी पाठ र अन्य सामग्रीको निर्माण तथा छनोट, गर्नका लागि तथा नीतिगत तहमा राज्य र राज्य नियन्त्रित संस्थाहरूले शिक्षक तयारी, पेसागत विकास, तालिम आदि कार्यका लागि प्रभावकारी रूपमा उपयोग गर्न सक्दछन् ।

**अनुसन्धानका लागि सम्भाव्य विषयहरू**

कानुनी नेपाली भाषाको आलोचनात्मक सङ्कथन विश्लेषण शीर्षकको यस अनुसन्धानका आधारमा भाषाको आलोचनात्मक सङ्कथन विश्लेषणका क्षेत्रमा थप अध्ययन अनुसन्धानका प्रसस्त क्षेत्रहरू अध्ययनीय विषयका रूपमा प्रस्ताव गरिएको छ ।

१) कक्षाकोठा भित्रको शिक्षक र विद्यार्थीका बिचको भाषिक अन्तर्क्रियाको आलोचनात्मक सङ्कथन विश्लेषण

२) विद्यालय तहका नेपाली भाषा पाठ्यपुस्तकका कथा विधाको आलोचनात्मक सङ्कथन विश्लेषण

३) नेपाली कथा .......को कृतिको आलोचनात्मक सङ्कथन विश्लेषण

४) नेपाली उपन्यास........को आलोचनात्मक सङ्कथन विश्लेषण

५) भाषिक उपयोगका दृष्टिले नेपाल कानुन पत्रिकामा भएका फैसलाको आलोचनात्मक सङ्कथन विश्लेषण

६) कक्षा शिक्षणका क्रममा भएको भाषिक संवादको वाक्क्रियात्मक अध्ययन

७) कक्षाकोठामा विद्यार्थीहरूद्वारा गरिएको सङ्कथनात्मक आलोचनाको अध्ययन

## सन्दर्भ सामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०५६), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६७), *प्रयोगात्मक नेपाली व्याकरण,* रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्ग राज (२०७६), *समसामयिक नेपाली व्याकरण* (सातौं सं.), विद्यार्थी पुस्तक भण्डार ।

अल गुब्लान् बि.के.(सन् २०१४). जर्नल अफ ह्युमिनिटिज एन्ड सोसल साइन्स, *ए क्रिटिकल डिस्कोर्स एनालाइसिस अफ ए लिगल टेक्स्ट फ्रम ति स्पीच एक्ट थ्योरी प्रस्पेक्टिभ,* १९,२२-३०, *https://www. academia.edu.*

अल्थुजर, एल ( सन् २००१), लेनिन एन्ड फिलोसोफी एन्ड अदर एसेज, आकार बुक्स ।

आचार्य, व्रतराज ( २०४८), *हाम्रो भाषा* .(दो.सं.), लेखक स्वयम् ।

उप्रेती, सञ्जीव (२०६९), *सिद्धान्तका कुरा,* अक्षर प्रकाशन ।

कटिङ, जे. (सन् २००५), *प्राग्माटिक्स् एन्ड डिस्कोर्स ,* ए रिसोर्स बुक फर स्टुडेन्ट, रुटलेज ।

क्रेस, जि.(सन् १९९०), क्रिटिकल डिस्कोर्स एनालाइसिस, एनुअल रिभ्यु अफ एप्लाइड लिङ्विस्टिक्स, पृ. ८०-९९, क्याम्ब्रिज युनिर्भसिटी प्रेस ।

खरेल रुद्र, ( २०५५) *विशेष नेपाली* . (पाँ.संस्कं.), पैरवी प्रकाशन ।

गम्पर्ज, जे (१९८२) *डिस्कोर्स स्ट्राटेजिज* : क्याम्ब्रिज युके, क्याम्ब्रिज युनिर्भसिटी प्रेस ।

गाटिटु, के., (सन् २०१४) *अ क्रिटिकल डिस्कोर्स एनालाइसिस अफ ल्याङ्ग्वेज युज्ड इन सेलेक्टेड कोर्ट अफ ल इन केन्या* ,शोध प्रबन्ध ,केन्याटा विश्वविद्यालय, । https://ir-library.ku.ac.ke/handle.

ग्राम्सी एन्टोनियो (२०११) *सेलेक्सनस् फ्रम दि प्रिजन नोट बुक,* ओरिएन्ट ब्लयाक्स्वान, https://uberty.org

गिरी, जीवेन्द्र देव, (२०६९), *भाषा र नेपाली भाषा,* पाठ्य सामग्री पसल ।

गुयरो, एम (सन् २०१३), डिस्कोर्स एन्ड इन्टरेक्सन, *लिगल डिस्कोर्स पावर एन्ड प्राग्माटिक्स,* ६, २, ५-१३, https://www.researchgate.net/publication/

ग्रुन्डी, पि (सन् २००८), *डुइङ प्राग्माटिक्स,* होडेर एजुकेशन ।

गौतम, कृष्ण (२०६८), *उत्तर सिद्धान्त अद्यतन चिन्तनका महान् पश्चिमी प्रणेता,* भृकुटी एकेडेमिक पब्लिकेसन ।

गौतम, कृष्ण (२०७५), *मार्क्सवाददेखि उत्तर मार्क्सवादसम्म,* भृकुटी एकेडेमिक पब्लिकेसन ।

गौतम, देवीप्रसाद (२०४९), *नेपाली भाषा परिचय* , साझा प्रकाशन ।

गौतम, देवीप्रसाद र प्रेमप्रसाद चौलागाईं (२०६७), *भाषाविज्ञान,* पाठ्यसामग्री प्रकाशन ।

घिमिरे, वासुदेव (२०६५), *समाजभाषाविज्ञान,* वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र प्रा.लि. ।

घिमिरे, गोविन्दप्रसाद (२०६८), *कानुनी नेपाली भाषा* , साझा प्रकाशन ।

झ्याङ् युवेन (२०१८), *द क्रिटिकल डिस्कोर्स एनालाइसिस अफ ल्याङ्वेज टिचर्स इन्ट्रक्सनल डिसिजन,* इन्टरनेसनल जुर्नाल अफ एजुकेसनल टेक्नोलोजी एन्ड लर्निङ , भोलुम २, नं. २ ।

टेलर, डि. (२०१२) (सम्पा) *मिसेल फुको, कि कन्सेप्ट,* एक्युमिन ।

डिलार्ड जे.पि. र एम. पफु (२००२) , *द पर्सुएसन एन्डबुक डेभलपमेन्ट थ्योरी एन्ड प्राक्टिस,* सेग प्रकाशन ।

तिवारी भोलानाथ (सन् १९९३ ), *आधुनिक भाषाविज्ञान* . (द्वि.संस्क.)., लिपि प्रकाशन ।

तिवारी भोलानाथ (सन् १९९२ ), *भाषाविज्ञान,* किताब महल ।

थोम्सन जे.बी.(सन् १९९१), *आइडोलोजी एन्ड मोर्डन कल्चर,* पोलेसी प्रेस ।

धमला, भुपप्रसाद (सन् २०१७), *ल्याङ्वेज एन्ड पोलिटिक्स : द आइडोलोजिकल पावर अफ न्युजपीक इन प्रोमिनेन्ट नेप्लीज पोलिटिकल डिस्कोर्स,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, मानविकी तथा सामाजिक अध्ययन संस्थान, त्रि.वि. कीर्तिपुर ।

नासिर एच.एस.बुखारी, वाङ् झि. (२०१३), जर्नल अफ रिसर्च एन्ड मेथड इन एजुकेशन, *क्रिटिकल डिस्कोर्स एनालाइसिस एन्ड एजुकेशनल रिसर्च.*३,०९-१७, https://www.iosrjournals.org/iosr-jrme/papers/Vol-3%20Issue-1/B0310917.pdf

नुनान डि. (सन् १९९३), *इन्ट्रोडियुसिङ डिस्कोर्स एनालाइसिस,* पेन्गुइन पब्लिकेसन ।

नेपाल कानुन आयोग (२०६४), *कानुन तर्जुमा सम्बन्धी अवधारणात्मक पक्षहरू,* नेपाल कानुन आयोग, कानुन तर्जुमा दिग्दर्शन विकास आयोजना ।

नेपाल कानुन आयोग (२०६६), *कानुन तर्जुमा दिग्दर्शन,* नेपाल कानुन आयोग।

नेपाल कानुन आयोग (२०५०), *नेपाल कानून व्यवसायी परिषद ऐन,* नेपाल कानुन आयोग ।

कानुन किताब व्यवस्था समिति (२०७४), *न्याय प्रशासन ऐन,* २०७३ ।

कानुन किताब व्यवस्था समिति (२०६४), *मुलुकी ऐन* (बाह्रौं संशो.२०६४) ।

कानुन किताब व्यवस्था समिति (सन् १९४८), *मानवअधिकारको विश्वव्यापी घोषणापत्र :,* https://www.lawcommission.gov.np/

कानुन किताब व्यवस्था समिति (वि.सं २०७४), मुलुकी ऐन ।

कानुन किताब व्यवस्था समिति (२०७४), *मुलुकी देवानी संहिता,* ।

कानुन किताब व्यवस्था समिति (२०७४), *मुलुकी अपराध संहिता,* २०७४ ।

कानुन किताब व्यवस्था समिति (२०७४), *मुलुकी फौजदारी कार्यविधि संहिता,* २०७४।

कानुन किताब व्यवस्था समिति (२०७५), *मुलुकी फौजदारी कार्यविधि नियमावली,* २०७५ ।

पाण्डे, ज्ञानू (२०६९), *नेपाली उपन्यासमा लैङ्गिकता,* नेपाल प्रज्ञा प्रतिष्ठन ।

पोखरेल, बालकृष्ण (२०५५), *राष्ट्र भाषा.* (द.संस्क),.साझा प्रकाशन ।

पौडेल, कमलकुमार (सन् २०२१), *बिजिनेस सिचुएटेड ओरल नेपाली एक्स्प्लोर थ्रु इङ्लिस बेस्ड फङ्सनल कन्सेप्ट्स : इम्प्लिकेसनस् फर ल्याङ्वेज टिचिङ्,* शिक्षाशास्त्र सङ्काय, विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

फाउलर.आर.,आर.क्रेस, जी.एन्ड ट्रीउ, टी. (१९७९), *ल्याङ्वेज एन्ड कन्ट्रोल,* रुटलेज एन्ड केगान पाउल ।

फिन्च, जि (२०००), *लिङ्गुइस्टिक टर्म एन्ड कन्सेप्ट,* म्याकमिलन प्रेस लि ।

फूयाल, रामचन्द्र (२०७०), *मुलुकी ऐनमा प्रयुक्त कानुनी शब्दभण्डार* अप्रकाशित शोध प्रबन्ध,त्रिभुवन विश्वविद्यालय,कीर्तिपुर ।

फेयर्क्लफ, एन (१९८९), *क्रिटिकल डिस्कोर्स एनालाइसिस,* पियर्सन ।

फेयर्क्लफ, एन (१९९२), *क्रिटिकल डिस्कोर्स एवारनेस,* लङ्म्यान ।

फेयर्क्लफ, एन (१९९५), *क्रिटिकल डिस्कोर्स एनालाइसिस* (दोस्रो संस्क), लङम्यान ।

फेयर्क्लफ, एन (२००३), *एनालाइजिङ डिस्कोर्स* (दोस्रो संस्क), टेलर एन्ड फ्रान्सिस ।

फेयर्क्लफ, एन (२०१०), *क्रिटिकल डिस्कोर्स एनालाइसिस* (दोस्रो संस्क), रुटलेज ।

फेयर्क्लफ, एन (१९९२), *डिस्कोर्स एन्ड सोसियल चेन्ज,* पोलेसी प्रेस ।

फ्रो, इयान (सन् २००१), ल्याङ्वेज एन्ड एजुकेसनल रिसर्च, जर्नल अफ फिलोसोफी अफ एजुकेशन, भो.३५, नम्बर २, पृ १७५-१८६, https://onlinelibrary.wiley.com/

बन्जाडे, मोहन ( २०६४ *(सम्पा.), नेपाल कानुनमा प्रयुक्त भाषा, शैली र व्याकरण,* कानुन तर्जुमा सम्बन्धी अवधारणात्मक पक्षहरू, नेपाल कानुन आयोग ।

बन्धु, चूडामणि ( २०५३), *भाषा विज्ञानका सम्प्रदाय ,.* अक्षर सदन ।

ब्राउन, जि. र जि. युल (१९८३), *डिस्कोर्स एनालाइसिस,* क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

बुखारी एच.एस.एन, वाङ फियोयाङ (सन् *२०१३), क्रिटिकल डिस्कोर्स एनालाइसिस एन्ड एजुकेसनल रिसर्च,* जर्नल अफ रिसर्च एन्ड मेथड इन एजुकेशन, भो.३, इस्यु १ (सेप्टे-अक्टो २०१३) पृ ०९-१७ https://www.researchgate.net/publication

बिदुसी, बि.टी.( २०१६), *रिप्रेन्जेन्टेसन अफ वुमन इन इङ्लिस फर टुडे : ए क्रिटिकल डिस्कोर्स एनालाइसिस,* एम ए शोधप्रबन्ध, इस्ट वेस्ट युनिभर्सिटी, https://www.semanticscholar.org/

ब्लोर, एम. एन्ड ब्लोर, टि. (२०१३), *दि प्राक्टिस अफ क्रिटिकल डिस्कोर्स एनालाइसिस : एन इन्ट्रोडक्सन,* रुट्लेज ।

भट्टराई, गोविन्दराज र खगेन्द्रप्रसाद लुइटेल .(२०६१), *डा. बल्लभमणि दाहालका भाषिक चिन्तन,* रत्न पुस्तक भण्डार ।

भान डाइक, टि.ए (१९८४), *प्रेजुडिस इन डिस्कोर्स ,* जोन बेन्जामिन पब्लिसिङ कम्पनी ।

भान डाइक, टि.ए (१९८५) (सम्पा) , *हेन्डबुक अफ डिस्कोर्स एनालाइसिस, भोलुम १, डिसिप्लेन अफ डिस्कोर्स ,* एकेडेमिक प्रेस ।

भान डाइक, टि.ए (२००१), *क्रिटिकल डिस्कोर्स एनालाइसिस, द हेन्ड बुक अफ डिस्कोर्स एनालाइसिस (सम्पा) सिफ्रिन डि, डिबोरा तनेन र हेनारी द  ह्यामिल्टन, (पृ ३५२-३७१).* डिस्कोर्स एन्ड सोसाइटी, http://www.sagepublications.com ।

भान डाइक, टि.ए (२००६), *डिस्कोर्स एन्ड म्यानिपुलेसन* : डिस्कोर्स एन्ड सोसाइटी, http://www.sagepublications.com ।

भान डाइक, टि.ए (२०१४) (सम्पा), *डिस्कोर्स एन्ड नलेज ए सोसियोकग्नेटिभ एप्रोच,* क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

भान डाइक, टि.ए (सन्.२०१५), *प्रिन्सिपल अफ क्रिटिकल डिस्कोर्स एनालाइसिस,डिस्कोर्स एन्ड सोसाइटी (दो.संस्क),* सेग ।

भाटिया, भि.के. (२००८), *ल्याङ्ग्वेज अफ ल, ल्याङ्ग्वेज टिचिङ,* २०, ४, २२७ -२३४, http://journals.cambridge.org/LTA

भास्करन, जे. (सन् २०१६), *रेप न्यारेटिभस् एन्ड लिगल डिस्कोर्स : इस्यु इन इन्टरप्रेटिङ भिक्टिम टेस्टिमोनीज,* विद्यावारिधि शोधप्रबन्ध, इङ्लिस् एन्ड फरेन ल्याङ्वेज युनिभर्सिटी, हैदरावाद https://www.efluniversity.ac.in/these_literature.php

मर्फिन, रोस र रे सुप्रिया एम (१९९८) *दि बेडफोर्ड ग्लोसरी अफ क्रिटिकल एन्ड लिटरेरी टर्म्स* : बेडफोर्ड एसटी मार्टिनस ।

माचिन डि र मेर ए (२०१२), *हाउ टु डु क्रिटिकल डिस्कोर्स एनालाइसिस अ मल्टिमोडल इन्ट्रोडक्सन* , सेग ।

मास्लो ए.एच (सन् १९४३), *अ थ्योरी अफ ह्युमन मोटिभेसन* , मिडवेस्ट जर्नल प्रेस ।

मिल्स, सि.डब्लु, (१९५६), *सोसियोलोजिकल इम्याजिनेसन* , अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

मेई, जे एल. (१९९३), *प्राग्माटिक्स् : एन इन्ट्रोडक्सन,* बेस्ट सेट टाइपसेटर लिमिटेड ।

यादव, योगेन्द्र प्रसाद र भीम नारायण रेग्मी (२०५८),*भाषाविज्ञान.* (दो.संस्क.), न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

युल, जि.(१९९६), *प्राग्माटिक्स्,* अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

रेइसिगल एम. र वोडाक (२००१) *डिस्कोर्स एन्ड डिस्क्रिमिनेसन, रेटोरिक्स अफ रेसियम एन्ड एन्टीसेमिजम* , रुटलेज प्रकाशन ।

रोजर्स आर. (२००४), एन इन्ट्रोडक्सन टु क्रिटिकल डिस्कोर्स एनालाइसिस इन एजुकेसन, लरेन्स इर्बाम एसोसिएट्स पब्लिसर्स ।

लिटल एम, (२०१७), *दि डिस्कोर्स अफ सेक्स क्राइम,* विद्यावारिधि शोधप्रबन्ध, वासिङ्ट विश्वविद्यालय, https://digital.lib.washington.edu/

लिच, जि (१९८३) , *प्रिन्सिपल्स अफ प्राग्माटिक्स्,* लङ्गम्यान पब्लिसिङ ।

लि क्वानबो (२०१६). स्टडिज इन लिट्रेचर एन्ड ल्याङ्वेज. *थ्योरिटिक फ्रेमवर्क अफ क्रिटिकल डिस्कोर्स एनालाइसिस.* १३,५, ३६-४०, http://www.cscanada.net/

लेभिन्सन, एस्.सी., (१९८३), *प्राग्माटिक्स,* क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

लेभी, पाट्रिसिया (सन् २०१४) (सम्पा), *द अक्सफोर्ड हेन्डबुक अफ क्वालिटेटिभ रिसर्च,* अक्सफोर्ड युनिर्भसिटी प्रेस ।

बर्लेस्की, जे.(१९८५) ल एन्ड फिलोसोफी*, लिगल ल्याङ्ग्वेज एन्ड लिगल इन्टर्प्रिटेसन,* भोलुम ८, ४, २ ।

विडोसन, एच.जी.(१९९६), *लिङ्ग्वीस्टिकस्,* अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

विलिङ्स, के. (२०१४), *डिस्कोर्स र डिस्कोर्स एनालाइसिस,* द सेग हेन्डबुक अफ क्वालिटेटिभ डाटा एनालाइसिस, सेग पब्लिकेशन ।

वोडाक आर (सन् २०११), *क्रिटिकल लिङ्ग्विस्टिक्स एन्ड क्रिटिकल डिस्कोर्स एनालासिस*, रिसर्च गेट ।

वोडाक आर. (सम्पा.)(१९८९). *ल्याङ्वेज पावर एन्ड आइडियोलोजी, स्टडिज इन पोलिटिकल डिस्कोर्स,* जोन बेन्जामिन पब्लिसिङ कम्पनी ।

वोडाक आर. र माइकेल मेर (सम्पा.)(२००१). *मेथड अफ क्रिटिकल डिस्कोर्स एनालाइसिस्* (दो.सं.), सेग ।

साल्डाना जे. (२००९), *द कोडिङ म्यानुअल फर क्वालिटेटिभ रिसर्च* , सेग पब्लिकेसन ।

सिफ्रीन डि., डिबोरा तनेन र हेइदी ई. ह्यामिल्टन (२००१) (सम्पा.). *द हेन्डबुक अफ डिस्कोर्स एनालाइसिस* .ब्ल्याकवेल ।

स्कोलन, आर (२०१४ ) मेडिएटेड डिस्कोर्स एज सोसल इन्ट्र्याक्सन अ स्टडी अफ न्यु डिस्कोर्स : लन्डन, रुटलेज प्रकाशन ।

स्भोन्गोरो पि, जोसेफ मुतांगुरा, लामेक गोन्जो र जर्ज मभुंगा (२०१३), *ल्याङ्वेज एन्ड द लिगल प्रोसेसः ए लिङ्ग्विस्टिक एनालाइसिस अफ कोर्टरुम डिस्कोर्स इन्भोल्भ सेलेक्टेड केस अफ एलेग्ड रेप इन मुटारे जिम्बाबे,* साउथ अफ्रिकन जर्नल अफ अफ्रिकन ल्याङ्वेज, ३२ः २, ११७ -१२८, https://www.researchgate.net/publication/261592080।

हाइम्स डि.(१९७२) , *मोडेलस् अफ द इन्टरेक्सन अफ ल्याङ्वेज एन्ड सोसल लाइफ* (सम्पा) जे गम्पर्ज एन्ड डि. हाइम्स, डाइरेक्सनस् इन सोसियोलिङ्ग्विस्टिक्स, (पृ ३५-७१), ब्याल्कवेल प्रेस ।

ह्यालिडे, एम.ए.के (२००४)(ते.संस्क.) , *एन इन्ट्रोडक्सन टु फङ्सनल ग्रामरः* लन्डन, होडेर आर्नोल्ड ।

## परिशिष्ट

## परिशिष्ट क
## मौखिक तथ्याङ्कहरूको लिखित रूपान्तरण

**पाठ १**

जिल्ला न्यायाधीशको कार्यकक्ष ( इजलास) समक्ष सरकारवादी फौजदारी मुद्दा ( जबरजस्ती करणी) का प्रतिवादी ( करणी गरेको आरोप लागेको व्यक्ति) ले बयान गरिरहेका छन् । न्यायाधीशले प्रश्न सोध्दैछन् । पक्ष ( प्रतिवादी) ले उत्तर दिदै छन् । ( यसमा ३ जना सहभागी वक्ताहरू रहेका छन्, जसमा न्यायाधीश, मुद्दाका पक्ष अर्थात् प्रतिवादी र कानुन व्यवसायी )

**( पक्ष वा अदालतमा उपस्थित वर्ष ३८ का प्रतिवादी अशिक्षित र एक मासु काटेर व्यापार गर्ने श्रमजीवि छन् भने अर्को संवादको पक्ष अदालतका न्यायाधीश छन् जसले अदालतका कानुनका समाजका सबै राम्रा नराम्रा पक्ष पर्गेल्न सक्छन् ।)**

(१) न्या : के गर्छौं त गुरुङजी, अब खत्तम गरेछौ त ? रातभरि बसेको भन्छन् त सगैं,।

(२) पक्ष : काँ बस्ने हजुर ? बसेको छैन ।

(३) न्या : त्यो दिदीलाई चै बाहिर निकालेर बहिनीसँग मात्रै बसेको ?

(४) पक्ष : होइन नि हजुर ? पुलिस बोलाको, पुलिसलाई बोलार पुलिसलाई बुझार पठाको हजुर । सिसी क्यामेरा नै देखेछ ।

(५) न्या : कुरै बुझ्दैनौ अरू के भन्नु ? अहिले त छोरा मान्छेलाई कानुन नै छैन । छोरा मान्छेका लागि कानुनै छैन । घरकै बुढीले त कतिलाई रेपमा हालिराछन् । के गर्छौं त भन ? कि चाँहि मासु फिरीमा देर अर्कोतिर लागेको ?

(६) पक्ष : होइन हजुर ।

(७) न्या : के गर्छौं ? अब अहिले त म केही गर्न सक्दिन । अब बस । साक्षी आएर के भन्छन् ? ती महिलाले आएर होइन भन्दिन् भने तिम्रो कल्याण होला नत्र त

खत्तम छ । ती १४ वर्षकी नानीको माल टन्ट्याङ्मन्ट्याङ भारछ । तिमीले गऱ्या हो कि अरूले गऱ्या हो ?

(८) पक्ष : अर्कोलाई पनि फसा छ याँ । त्यै केटीले ।

(९) न्या : त्यो पनि भन्नु पऱ्यो नि । कुन मुद्दामा हो ?

(१०) पक्ष : यही मुद्दामा हो ।

(११) न्या : के नाम हो त्यो अर्को मान्छेको ?

(१२) पक्ष : सन्तोष परियार ।

(१३) न्या : यै अदालतमा छ ? कि ललितपुरमा ?

(१४) पक्ष : यै अदालतमा , त्यै केटीले हजुर ।

(१५) न्या : (कस्सिएर कराउँदै हप्काउँदै ) हो त्यसो भन्नु पऱ्यो नि ? त्यही भएर त काव्या राख भनेको ।

(१६) काव्याः (प्रतिवादी पक्षको ) त्यो चै सन्तोष कहाँ बस्छ ?

(१७) पक्ष : बालुवा खानी ।

(१८) (१८)काव्या : ऊ बालुवा खानी बस्ने, तपाई कपन बस्ने अनि त्यसै दिनको घटना हो दुइटै?

(१९) पक्ष : होइन फरक फरक दिनको हो ।

(२०) काव्याः खेती नै रहेछ ।

(२१) न्या : तिमीलाई पैसावाल देखी, २।४ लाख झार्न खोजेको हो ।

(२२) काव्याः त्यो लेख्नु भो त्याँ हजुरको पसल छेउमा घटना कहाँ घटेको चैँ कहाँ नेरी होनि?

(२३) न्या : पसलमा नि ।

(२४) काव्याः श्रीमान् पसलेको छेउमा सिसि क्यामेरै रैछ के । वहाँको भनाइ के छ भने १४ वर्षकी बच्ची पसल बाहिरबाट भित्र पसेकै छैन भन्ने छ ।

(२५) न्या : सिसि क्यामेरा नि छ ?

(२६) पक्ष : छ हजुर ।

(२७) न्या : सिसी क्यामेरा पनि बुझी पाऊँ भन्नु नि त याँ (कड्किएर) सिसि क्यामेरा जैले डाउन छ भन्दिन्छ । त्यो सुन पास गर्ने बेलामा चै डाउन हुने होला ।

(२८) काव्याः त्यै त श्रीमान् ।

(२९) न्या : याँ कतिवडा मागिसक्यौँ हामीले ।

(३०) काव्याः बिचरा वहाँको जिन्दगी बर्वाद बनाइदि ।

(३१) न्या : बर्बादै बनाइ दि ।

(३२) न्या : मैसँग रह्यो भने त एक महिनामा हेर्दिउँला काँ बाडिन्छ मुद्दा ?

(३३) काव्याः कानुनै कडा छ दाइ के गर्नु ?

(३४) न्या : फेरि सुन १८ वर्ष मुनिकालाई त ( हातले इसारा गर्दै) यसो पनि गर्न हुदैन । सुन फेरि नागरिक्ता सोराँ बन्छ, १८ नागिसकेपछि चै त्यो गर्न पाइयो । ब्या चै २० यता गर्न पाइदैन है । कुरा बुझ ।

(३५) न्या : घराँ ब्या गरेको छ ?

(३६) पक्ष : बुडी मेरो बितेको ।

पाठ २

कानुन व्यवसायी (पुरुष) सँग जग्गाको मुद्दा विषयमा मुद्दाका पक्ष (पीडित/पुरुष) कुराकानी गरिरहेका छन् । कानुन व्यवसायीसँग अस्पष्ट विषयमा जिज्ञासा राखिरहेका छन् । कानुन व्यवसायी मुद्दाका पक्षलाई विषयवस्तु वा समस्याको समाधानका उपाय बताइरहेका छन् । ( यसमा २ जना सहभागी वक्ताहरू रहेका छन्, जसमा वकिल, मुद्दाका पक्ष अर्थात् प्रतिवादी )

**( कानुन समाज, सबै जानेका शिक्षित कानुन व्यवसायी, आर्थिक रूपमा सबल छन् । मुद्दाका पक्ष आर्थिक रूपमा कमजोर, कम साक्षर, कानुन र समाजका बारेमा अत्यन्त कम ज्ञान,)**

(३७) काव्या : घरको जग्गाको अरू अरू ठाउँमा काँकाँ छ तो पहिचान गर्नु होस् ।

(३८) पक्ष : त्याँ जाने बित्तिकै ?

(३९) काव्या : त्यसैले तपाईले त्याँ गएर अमिनलाई भनेर न्याँको लोकेसन पत्ता लगाएर कित्ता नम्बर पत्ता लाउनुहोस् । पत्ता लाएपछि मालपोतमा गएर हेर्नु पर्छ ।

(४०) पक्ष : मालपोतमा त उसैले हेर्छ कि हामीलाई एकैचोटी डाइरेक्ट पर्सनल्ली हेर्न दिन्छ ?

(४१) काव्या : होइन त्याँ हेर्न दिदैन । अव त्याँ कोइ मान्छे लगाउनु पर्ने अवस्था रहन्छ ।

(४२) पक्ष : त्यस्तै परेछ भने त दिन्छ पनि होला ।

(४३) काव्या : होइन सरोकारवालालाई त नदिने भन्ने कुरो होइन त्यही अमिन ले गएर पनि खोजिदिन सक्छ है उसलाई था भैहाल्छ । कस्को नाममा फिल्ड बुक छ कस्का नाममा छ भन्न था भै हाल्छ । त्यो बिबरण आएपछि हामी जिल्ला अदालतमा अंश मुद्दा हाल्छम् बरु गोर्खाको उसको नागरिक्ता नम्बर तपैंको ससूराकै नाममा छ मानबाहादुरकै नाममा होला । त्याँ गएर मालपोतमा खोजे पछि फेला परिहाल्छ ।

(४४) पक्ष : गोर्खामा गएर सर ?

(४५) काव्या : गोर्खामा ।

(४६) काव्या : अहिले हामीले कुनै पत्ता लाएनौ भने पनि पछि अदालतमा मुद्दा दर्ता भएपछि अदालतबाट तायदाती फाँटबारी भन्ने माग्छ । त्यो बेला उसले दिनै पर्छ । पत्ता लागेन भने उसले दिनै पर्छ कुरो बुझ्नु भएन नि । त्यही भएर पत्ता लागेन भने उसले दिनै पर्छ । पत्ता लाग्यो भने रोक्का राख्थेम् हामी तुरुन्तै । पत्ता लागेन भने जहिले दिन्छ त्यहीले रोक्का राख्न हामी सक्छम् कुरा बुझ्नु भो ?

(४७) पक्ष : हजुर हजुर ।

(४८) काव्या : अब दुई छोराको पनि नाम पत्ता लाउनु परो तपैँको । साइली खत्री हो कि के हो त्यो प्रतिवादीको त्यो पत्ता लाउनुस् हैन ? पवनकली (परिवर्तित नाम) यो नागरिक्ता ल्याइहाल्नु भो हैन ?

(४९) पक्ष : पवनकली खत्री त आमाको भो ।

(५०) काव्या : आमाको भो अब वहाँको भैगो । अब जिल्ला अदालतमा मुद्दा दर्ता गर्नु परो अंश मुद्दा मानाचामल । दुईजना साक्षी ल्याउनु पर्छ । साक्षी को राख्ने ?

(५१) पक्ष : साक्षी हाम्रो तर्फबाट ? अब त्यहीको जानेमानेहरू बसे भने राम्रो हुन्छ नि ?

(५२) काव्या : बसे भने राम्रो । मानेनन् भने जो हाम्रो अनुकुल हुन्छ साथीभाइ राखे पनि हुन्छ है । भोलि....

(५३) पक्ष : भोलि के भन्नुभो हजुरले ?

(५४) काव्या : भोलि अदालतमा आएर बकपत्र गर्नु पर्छ , बोल्नु पर्छ । यसो भा हो । उसको श्रीमती हो । उसले अंश पाउनुपर्छ भनेर भन्नु पर्छ ।

(५५) पक्ष : उताको नभए पनि यता यताको मेरो मान्छेहेरु भए पनि हुन्छ ?

(५६) काव्या : हुन्छ । उनको नागरिकता ल्याउनु होला, फोटोकपी है ।

(५७) पक्ष : मान्छे खोद्नु परो होइन हजुर । यसो भन्दा माने भने त हो ।

(५८) काव्या : हो । अब मुद्दा जिल्ला अदालतमा दर्ता गरेपछि प्रक्रियामा जान्छ हैन । जिल्ला अदालतमा छ महिना एक वर्ष लाग्न सक्छ । तिनीहरू फेरि माथि गए भने माथि पनि समय लाग्न सक्छ । अलिकति समय लाग्न सक्छ । समय लागे पनि आफ्नो अधिकार सुनिश्चित हुन्छ । किनभने वहाँको जेठी श्रीमती भाहुनाले वाँको श्रीमानको कुनै पनि सम्पत्तिमा पूर्णतया हकअधिकार हुन्छ ।

(५९) पक्ष : त्यै बेलादेखि छोडेको । आइलेसम्म काँइ दायाँबायाँ छैन । ऊ आमाछोरी गाउँलेहरू सबै थाभएकै कुरा हो । गाउलेहेरु सबै त्यतै छन् नि उसको । अनि हजुरले हेरिसके पछि त्यो फिहेरु चाही कसरी हो त्यो भन्नुपरो । वहाँ हरूसँग हामीहरूसँग पनि छैन त्यस्तै फेमिलीमै हामी गुज्रेको हैन ।

(६०) काव्या : अब यस्तो हुन्छ । फिको कुरा के हुन्छ भने मुद्दा कति लामो हुन्छ त्यै अनुसार फि बड्दै जानेकुरा भयो है । शुरुमा लेख्ने कुरा हो । लेख्ने फि चाहियो । पछि बहस गर्दै जाँदा बहस फि चाहिन्छ । अब अहिले समस्या छ भने त्यै अनुसार मिलाएर गरौँला ।

**पाठ ३**

अदालतमा न्यायाधीश (पुरुष) इजलासमा बसेका छन् । काव्या (पुरुष) बहस पैरवी गर्दै हुनु हुन्छ । वैदेशिक रोजगारी पठाउने भनेर ठगी गरेको मुद्दामा प्रतिवादी तर्फका काव्याको बहस । ( यसमा २ जना सहभागी वक्ताहरू रहेका छन्, जसमा न्यायाधीश, सरकारी वकिल, )

**(पदीय मर्यादा, सामाजिक, आर्थिक हैसियत उच्च भएका न्यायाधीश(पुरुष), आम रूपमा काव्या र सामान्य मानिसको बुझाइमा कानुनका सर्वज्ञका रूपमा परिचित न्यायाधीश र कानुनका जानकार न्यायाधीशका तुलनामा सामाजिक आर्थिक स्तर कमजोर भएका कानुन व्यवसायीका बिचको संवाद)**

(६१) न्या : सरकारी वकिल आउनु भएन । (वकिलहरूलाई प्रश्न गर्दै) विद्वान्हरू कसको पक्षबाट आउनु भएको हो ? ल शुरु गरौँ । सरकारी वकिल आउदै गर्नु होला ।

(६२) काव्याः (उठेर रोस्टममा उभिदै) हस् श्रीमान् । म वादीको तर्फबाट कानुन व्यवसायी अधिवक्ता----बहस पैरवी गर्न उपस्थित भएको छु । श्रीमान् म मुद्दाको तथ्यका अतिरिक्त आफ्ना भनाइ राख्ने अनुमति चाहन्छु ।

(६३) म मुद्दाको तथ्य लगायत मेरा निवेदन जिकिर राख्ने अनुमति चाहन्छु श्रीमान्

मुद्दाको उठान एउटा डकुमेन्टमा सही गरिएको छ श्रीमान् २३ र २४ (सांकेतिक नाम) को हकमा । एउटा कागज बगाएर २०७३ चैत्र ३ मा उडे उनीहरू त्यो ठाउँमा उडे । उनीहरू बेखबर भएर आए । यहाँ एउटा कागज गराइएको छ जिम्मेवारी वा ज्वाफदेही हाम्रो हो है । ग्यारेन्टी दिनका लागि प्रतिवादीहरूले सल्लाह गरी कपाली तमसुकको एउटा स्वरूपमा आफ्नै प्रतिवादीहरूलाई साक्षी राखी एउटा देखौटी कागज तयार भाको छ श्रीमान् । यो कागजले के देखाइराखेको छ भने श्रीमान् प्रतिवादीहरूको यो कार्यमा संलग्नता निरन्तर थ्यो भन्ने स्थापित भएको छ, एउडा बलियो आधारका रूपमा यो देखिएको छ श्रीमान् । र त्यसरी वहाँ पुगिसकेपछि यी प्रतिवादीहरूको श्रम शोषण भयो अमानवीय व्यवहारको पीडामा परे भन्ने कुरा मिसिलमा रहेका डकुमेन्टहरूले स्थापित गरिराखेको अवस्था छ श्रीमान् । पहिलो जाहेरी अभियोगबाट त्यो पुष्ट्याँइँ भइराखेको छ । नेपाली दूतावासको एउटा पत्र छ श्रीमान् त्यो पत्रले पनि त्यहाँको ब्यहोरा हेर्दाखेरि यिनै प्रतिवादीहर समेतको नाम उल्लेख गरिकन त्यहाँ आफूले पाएको दुःख पाएको, फर्किन नसक्ने अवस्थामा पुगेको, समेतका विषयवस्तुलाई उल्लेख गरेर नेपाली दूतावासमा पनि उजुर गरेको अवस्थामा यी प्रतिवादीहकै कार्यले पीडितहरूले अन्यायमा पर्नु परेको कुरा स्थापित भएको छ श्रीमान् । त्यसैले यी प्रतिवादीहरूलाई अभियोग दावी बमोजिम सजाय गरी मागदावी बमोजिम क्षतिपूर्ति दिलाई पाऊँ ।

पाठ ४

अदालत परिसरभित्र जबरजस्ती करणी मुद्दाका अभियुक्त / प्रतिवादी (४५ वर्ष/पुरुष) कठघरामा उभिएका छन् । नजिकै अदालतका कर्मचारी (महिला) बसेका छन् । अभियुक्तको बयान भइरहेको छ । न्यायाधीश ( पुरुष) को च्याम्बरमा न्यायाधीश बसेर मुद्दाको अध्ययन गरिरहेका छन् । ( यसमा ३ जना सहभागी वक्ताहरू रहेका छन्, जसमा न्यायाधीश, मुद्दाका पक्ष अर्थात् प्रतिवादी र अदालतका कर्मचारी )

**(तामाङ जातिका साक्षर (सहीछाप गर्न मात्र जान्ने), मजदुर, गाडी चलाएर जिविकोपार्जन गर्ने व्यक्ति, समाज, कानुनका बारेमा अत्यन्त कम जानकार, सामाजिक आर्थिक रूपमा पछि परेका प्रतिवादीले कानुन जानेका, कानुन, समाज बुझेका, सामाजिक आर्थिक हैसियत माथिल्लो स्तरका कर्मचारी र न्यायाधीशका बिचको संवाद)**

(६४) कर्म : तपाई यहाँ किन आउनु भएको हो थाहा छ ? (कड्किएर)

(६५) प्रवा : (निन्याउरो अनुहार लगाएर) खोइ परहरीले पक्राउ गरेर थुन्यो अनि यहाँ ल्यायो । खोइ कोनी के बच्चीलाई के गरेको मुद्दा लगाएको छ रे अनि आको ।

(६६) कर्म : तपाईलाई यसभन्दा पहिले मुद्दा लागेको छ छैन ?

(६७) प्रवा : छैन ।

(६८) कर्म : यसमा नि एकजना जाहेरवाला (बच्चीको आमा) सँग तपाईको रिस इबी झैझगडा केही छ कि छैन ? चिनजान छ कि छैन ?

(६९) प्रवा : चिनजान त हामी अब एकै ठाउँमा बस्ने हो । त्यै टहारामा बस्दा खेरि चिनाजान भको हो, छ नि ।

(७०) कर्म : लेनदेन छ ?

(७१) प्रवा : लेनदेन छैन ।

(७२) कर्म : रिसइबी छ ?

(७३) प्रवा : एकचोटि के भयो भने मेरो भुराहरूले तिनारुको साइकल चलाएछ, मेरो साइकल

किन बिगार्दिस भने छ अनि उसले चिमाटेछ । उसको बच्चाहरूले उसको आमालाई दाबी गरेछ अनि आमाले मेरो बच्चालाई चिमोटे पछि झगडा भयो । भनाभन भयो । मलाई रिस उठ्यो अनि उसले पनि गाली गर्यो, मैले पनि गाली गरेँ भनाभन भयो ।

(७४) कर्म : तपाईलाई नि यो मुद्दामा छ नि जुन पीडित छ नि

(७५) प्रवा : अँ अँ

(७६) कर्म : तपाईलाई छ नि यो मुद्दामा जुन पीडित छ नि उसको सांकेतिक राखेको छ उसको वास्तविक नाम राख्न भन्न मिल्दैन हाम्ले, उसको गोपनियताका लागि , अनि उसको नाम चैँ परिवर्तित नाम चाहै चापागाउँ झ कुमारी भन्ने छ कि , अब तपाईलाई चापागाउँ झ कुमारी उसको नाम सम्बोधन गरेर भन्छु तपाईले चै त्यही यिनै पीडित भनेर बुझ्नु होस् ल । चापागाउ झ कुमारी भन्ने चाही पीडित र चापागाउँ घ एकबहादुर भन्ने चाहि जाहेरवाला भनेर बुझ्नु है । अब म जति प्रश्न सोध्छु नि सांकेतिक नामबाट सोध्छु है । नबुझे सोध्नु न है ल ।

(७७) प्रवा : त्यस्तो परेको छैन आजुसम्म नबुझ्न पनि सक्छु ।

(७८) कर्म : नबुझेको मलाई भन्नु होस् म बुझाउँछु नि है ।

(७९) प्रवा : हस् हजुर ।

(८०) (बाहिर गएका न्यायाधीशको प्रवेश , सबै जना उठ्छन् । न्यायाधीश उनको आशनमा बस्छन् )

(८१) कर्म : श्रीमान् नमस्कार ।

(८२) न्या : अब बयान सकिन कति समय लाग्छ ? छिटो गर्नु पर्यो । उता मिटिङ पनि छ । ल छिटो गर्नु होस् है । थुनछेकमा बहस पनि सुन्न पर्छ भ्याइदैन ।

(८३) कर्म : हस् श्रीमान्,

(८४) कर्म : तपाईलाई नि प्रहरी ले कहिले अनि कहाँबाट पक्राउ गरेको हो ?

(८५) प्रवाः म लगडाउनभन्दा अगाडि कोठामा गएका थिएन । म काम मै थेँ कामकै सिलसिलामा थ्यो । अनि म टेकु हस्पिटल गएर ८ गते रिपोट बनाएर ल्याउनु भो । पहिले घरबेटीले घरभित्र छिर्न दिएन । रिपोट लिएर आइज भन्यो ।

(८६) कर्म : तपाई पहिले घर जानु भा थ्यो ।

(८७) प्रवा : होइन हजुर म गाडीमा सामान ओसार्न जान्थेँ । उतै काममा थेँ ।

(८८) कर्म : सामान ओसार्न कता जानु हुन्थ्यो ?

(८९) प्रवा : हेटौडा तिर, धादिङतिर नुवाकोट तिर जान्थ्यो क्या ।

(९०) कर्म : ए ए ।

(९१) प्रवा : सामान लिन जान्थ्यो घरमा आउँदा घरबेटीले रुममा आउँदा छिर्न नदिने भन्यो अनि ८ गते रिपोट बनाएर ल्याउनु भयो । अनि बल्ल छिर्न दिनु भयो । १४ गते यस्तो गरेको छ भनेर रिपोट हालेको रैछ पुलिस चौकीमा ।

(९२) कर्म : पुलिस चौकीमा चाहि कहिले थुन्यो ?

(९३) प्रवा : म लेलेमा थ्यो । तैबेला मलाई चै फोन गरेर तपाई कहाँ हुनु हुन्छ भनेर सोध्यो अनि मलाई त्यैबाट समात्यो । २९ गते हो हजुर । पुलिस चौकी बयान छ भनेर पुलिसहरूले मलाई लिएर जानु भयो - आँखाभरि आँसु बनाउँदै) म फेरि घर जान पाएको छैन ।

(९४) कर्म : असार २९ गते पक्राउ गरेको हो तपाईंलाई ?

(९५) प्रवाः हो असार २९ गते । अनि त्यसपछि चौकीमा ल्याउनु भो । अनि मलाई चौकीमा सोध पुछ गर्नु भो दिनभरि । तिमीले किन यस्तो काम गऱ्यौ ? यस्तो रिपोट छ त भनेर सोध्नु भयो । मैले गरेकै छैन, उसको बच्चाहरू मेरोमा आउँछ ,मेरो बच्चासँग खेल्छ, उसको बच्चालाई आफ्नै बच्चा जस्तै सम्झेर माया गर्छु भने । अनि कसरी त्यस्तो रिपोट गरे त भनेर सोध्नु भो । मैले त्यस्तो गरेकै छैन भन्दा पनि चौकीको सरहरूले जबरजस्ती आफैं कागज बनाएर सही गर्न लगाउनु भयो ।

(९६) कर्म : तपाईलाई पढ्न आउँदैन ?

(९७) प्रवा : त्यति पढ्न आउँदैन,: अलि अलि पढ्न आउँछ ।

(९८) कर्म : कति क्लास पड्नु भो ?

(९९) प्रवा : म २ क्लास पडेर छोड्नुभो । प्रहरीहरू आइरहनु हुन्थ्यो । तिमीले यो कागजमा सही गर्‍यौ भने छुट्छौ चाँडै भन्नु हुन्थ्यो सही गर्न लगाउनु हुन्थ्यो अनि मैले सही गर्दिएँ ।

(१००) कर्म : लेलेबाट पक्राउ गरेपछि ?

(१०१) प्रवा : ले ले चंगेस्वरीबड ।

(१०२) कर्म: प्रहरीले तपाईलाई सोधपुछ गर्नु भएन ?

(१०३) प्रवा : बाटामा सोधपुछ गर्नु भयो । यहाँ आएर सही गर भन्नु भयो । के केमा सही गराउनु भयो थाहा भएन ।

(१०४) कर्म : यो घटना चाहिँ असारको १४ गते भएको हो है ?

(१०५) प्रवा : खोइ त्यसै भन्छ म चाहि ८ गते आएर ११ गते नै गाउँतिर गएको थिएँ ।

(१०६) कर्म : तपाई यता हुनुहुन्न गाउतिरै हुनुहुन्छ ?

(१०७) प्रवा : हजुर ।

(१०८) कर्म : तपाई १४ गतेको दिन यहाँ चापागाउँमा हुनुहुन्थेन ?

(१०९) प्रवा : म ८ गते आएर लेलेमै थियो ।

(११०) कर्म: तपाई ८ गतेदेखि १४ गतेसम्म लेलेमै थियो भन्ने प्रुफ गर्ने कुनै कागजहरू छ ?

(१११) प्रवा : त्यो चै छैन । हस्पिटलको त्यो रिपोट बनाएको ८ गतेको चै छ ।

(११२) कर्म : ८ गतेको ले भएन १४ गतेको चाहियो । १४ गते यहाँ घटना भएको हो भन्ने छ नि त ? टेकु अस्पतालमा पिसिआर गर्नु भो कि आरडिटि ?

(११३) प्रवा : घरबेटीले मलाई रिपोट नल्याई घरभित्र छिर्नै दिएन अनि रिपोट बनाउन गएँ त्यो त था छैन । कुन हो भन्ने ।

(११४) न्याः (अभियुक्ततिर फर्केर अलि जोसिलो पाराले ) तपाईले चै वकिल राख्नु भा छ छैन ?

(११५) प्रवाः (डराएको भावमा) छ ।

(११६) न्या : हुनुहुन्छ भन्नु न । को हुनुहुन्छ ? यो कोर्ट हो के यहाँ सम्मान गर्ने भाषा प्रयोग गर्नु पर्छ । त्यसरी बोल्नु हुदैन - (हप्काउँदै सम्झाएको भावमा )

(११७) प्रवाः हुनुहुन्छ ।

(११८) न्या : (अलि कडा स्वरमा ) मैले तपाई भनिराछु । सम्मान गरिराछु । आफूले सम्मान गरे मात्र अरूले सम्मान गर्छन् बुझ्नु भो ।

(११९) कर्मः तपाईले सरकारी काव्याको बयान गर्नु भो ? अधिकारप्राप्त अधिकारी भन्छन् त्यहाँ गर्नु भयो ?

(१२०) प्रवा : बयानमा गुनासो पोख्ने ठाउँमा लगेर सोध्नु भो, ७ नम्बरमा लगेर सोधे त्याँ लगेर सोध्नु भयो । श्रीमान् ले सोध्नु भयो , खान पिन राम्रो छ ? बस्ने ठाउँ राम्रो छ भनेर सोध्नु भयो ।

(१२१) कर्मः (लेखिएको कागजको सही छाप देखाउँदै) यो सही तपाई कै हो ?

(१२२) प्रवा : अँ मेरो हो ।

(१२३) कर्म : पढेर सही गर्नु भयो त्यतिकै सही गर्नु भो ?

(१२४) प्रवाः नपढीकन हो । पडेकै छैन ।

(१२५) कर्म : (पढ्दै गरेको फोटो देखाउँदै) अनि यहाँ त पढिराको फोटो छ त हेर्नु त ।

(१२६) प्रवा : यो अर्कै फोटा हो ।

(१२७) कर्म : यहाँ त प्रतिवादी.............ले आफूले दिएको बयान कागज लगायत सम्पूर्ण मिसिल सामेल कागज पढ्दै गरेको भनेर लेखेको छ त ?

(१२८) प्रवाः (अलमल गरेजस्तो गरेर ) यो कागज दिनु भो । पडेजस्तो गर भन्नु भो वहाँहरूले फोटो खिच्नु भो । मलाई पढ्न त्यति आउँदैन ।

(१२९) कर्म : साच्ची तपाईलाई पढ्न आउँछ कि आउँदैन ?

(१३०) प्रवाः (निन्याउरो अनुहार लगाएर) आउँदैन हजुर ।

(१३१) कर्म : हेरेको मात्रै ?

(१३२) प्रवाः हो हजुर ।

(१३३) कर्म : यसमा के के छ भनेर पढ्नु भएन ?

(१३४) प्रवाः त्यसमा १४ गते यस्तो भयो भन्ने मात्र लेखेको थियो ।

(१३५) कर्म : ह्याँ चै तपाईले छ नि जाहेरी दरखास्तको व्यहोरालाई पुष्टि गर्ने गरी बयान गर्नु भा छ त । बच्चाहरू टि.भी. हेरेर बसेको, बच्चा आएपछि तपाईले चाहि बच्चाको संवेदनशील अंग चलाउनु भयो अनि त्यसपछि पीडित ढ कुमारी सँग तपाईले पीडितले भने अनुसार नै उसको सु सु गर्ने ठाउँमा अंकलको सु सु हाल्न खोज्नु भयो (यौन सम्पर्क गर्न खोज्नु भयो) अरे त ।

(१३६) प्रवाः त्यस्तो भनेको होइन । गरेको होइन हजुर ।

(१३७) कर्म : म तपाइले गरेको बयान नै पढेर सुनाउछु है । सुन्नुहोस् , नीज पिडित बालिका मेरो कोठामा बेला बेलामा टि. भी. हेर्न आउने गर्थिन् । यस्तैमा मिति २०७७।०३।१४ गते निज बालिका मेरो कोठामा टि. भी हेर्न आएको र मेरो श्रीमती पनि कामले कोठा बाहिर गएकोले मेरो यौन चाहना मेटाउन जबरजस्ती करणी गरेको हुँ । करणी गरेपछि कसैलाई नभन्नु भनेमा पिटी दिन्छु भनी सम्झाई छोडेको हुँ । भन्नु भा छ त ? के हो साँचो सत्य कुरा बताउनु होस् ।

(१३८) प्रवाः होइन । त्यसो गरेको होइन । टि. भी पनि हेर्न आउने बच्चासँग पनि खेल्न आउने हो तर त्यस्तो काम मैले गरेको होइन ।

(१३९) कर्म : सही त तपाई कै हो ?

(१४०) प्रवाः सही मेरै हो ल्याप्चे पनि हो ।

**पाठ ५**

अदालत परिसरमा एक जोडी टोलाएर बसिरहेका छन् । एक जना युवक कानुन व्यवसायी ती जोडी दम्पत्तीलाई समस्या बताउन भन्दैछन् )

**( सामाजिक आर्थिक रूपमा कमजोर, अशिक्षित, दैनिक ज्याला मजुरी गरेर जीविकोपार्जन गर्ने तामाङ समुदायका व्यक्तिहरू (लोग्नेस्वास्नी) सम्बन्ध विच्छेदका लागि अदालतमा आएर कानुन जान्ने, उनीहरूका नजरमा सबै कुरा गर्न सकने काव्यासँग आफ्ना समस्या बिसाउँदै)** ( यसमा ३ जना सहभागी वक्ताहरू रहेका छन्, जसमा कानुन व्यवसायी, पीडक र पीडित )

(१४१) काव्या : (महिलातिर हेरेर) ल भन्नुहोस् तपाईहरू किन अदालत आउनु भएको हो :

(१४२) पीडित : म सारै पीडामा छु सर, यो ( झुत्रे झाम्रे र निधारमा चोट लागेको, गालामा निल डाम भएको पुरुष ) मान्छेले मलाई सारै दुख दियो । यो मेरो लोग्ने हो । हामी सुकेधारामा डेरा गरी बसेका थियौ । जतिखेर पनि जाड रक्सी खाएर पिट्न थाल्यो । यसले दिक्दार बनायो । डेरा बसेको घरबेटीले रातीको ९ बजे ढोका लगाउनु हुन्थ्यो । ऊ राती मातेर घर आएर झगडा गर्थ्यो । सानो बच्चा न्मेको थियो । अप्रेसन गरेको थियो अनि म बिरामी थियो । सधैँ मातेर आएर झगडा गरेपछि यसलाई छोडेर माइती गएर बसन थालेँ । त्यही गएर दुख दिन थाल्यो । अब यससँग सँगै बस्न सकिदैन त्यसैले अदालतले हामी लोग्ने स्वास्नीलाई छुट्याइदिन्छ रे कहाँ के गर्न पर्छ हजुर सारै अन्यायमा परेँ ।

(१४३) काव्या : तपाईहरूको केही बिग्रेको छैन । अझै पनि भरसक सँगै बस्नुस् केही फरक पर्दैन, अब कहिले काँही श्रीमान् श्रीमतीमा यताउता घच्याकघुचुक भैहाल्छ हैन । होइन सहनै नसक्ने भो । कुनै पनि हालतमा बस्न सकिएन, सधैँ कुटपिट हुने, खाने

आउने यता उता गऱ्यो ज्यानकै असुरक्षा भयो भने त सँगै बसेर पनि फाइदा छैन । होइन, भोलि तपाईको के हुन्छ भन्दा नानी छ नि त एउटा भरखर ४ वर्षको छोरी छ होइन ? भोलि म ऊसलाई आफ्नै तरिकाले पाल्न सक्छु, शिक्षा दिक्षा दिन सक्छु म आफैँ जे जसो गर्छु म आफै जे जसो गर्छु भन्ने हो भने सम्बन्ध विच्छेद गर्दा पनि भयो । होइन तपाईले सम्पत्ति पाउदै नपाउने भन्ने हुदैन के । उल्ले दिन्न भनेर काहाँ हुन्छ त नि ? यदि उसको सम्पत्ति ठिकै छ भने है । यदि छेन गाउँको भिर पाखा छ भने तो मुद्दा लड्दैमा अर्थ हुँदैन है ।

(१४४) पीडित : हजुर ।

(१४५) काव्या : मुद्दा लड्ने कुरो सजिलो पनि छैन । तपाईको अंश मुद्दा लड्ने कुरो डेढ दुई वर्ष लाग्छ । है जल्ले जे भने पनि कम्तीमा दुई वर्ष लाग्छ है । मुद्दा लड्ने कुरो उत्तिकै सहज हुँदैन । याँ सधैँ तारिखमा आउनु पर्यो , बहस हुन्छ तारेख हुन्छ , काव्यालाई फि बुझाउनु पर्छ । होइन ? अनि केही आउने छ राम्रै छ भने चैँ तपाईले अंश नै दावी गर्न मिल्यो । वहाँले दिन्न भन्न पाउनु हुन्न । यहाँबाट मालपोतमा चिठी लेखेर सबै बुझेर गर्दिन्छ । वहाँको कति दाजु भाइ हो बुबा आमा सबैको भाग लगाएर वहाँको भागबाट आधा तपाईले पाउने हो । अब छोरी भको हुनाले छोरीको विवाह खर्च यता उता भन्ने पनि हुन्छन् । छोरीलाई पाल्न परो, हुर्काउन परो होइन ? उसका लागि पनि निश्चित रकम त चाइयो नि त । अब बाँको के कति सम्पत्ति छ भन्ने त हाम्लाई थाहा हुदैन तपाइलाई थाहा होला ।

(१४६) पीडित : म सँग त पैसा छैन सर, मत झाडु लाएर हिड्ने मान्छे । मेरो त पछाडि खर्च गर्दिने पनि मान्छे छैनन् । मलाई त सम्पत्ति त चाहिदैन । नानीका लागि चै पढाइको खर्च पाए हुने थियो ।

(१४७) काव्या : तपाईले खर्चै नभएर अंश नपाउने भन्ने होइन के । यहाँ पनि वैतनिक कानुन व्यावसायीको व्यवस्था हुन्छ प्रत्येक अदालतमा हैन । जल्ले खर्च गर्न सक्दैन नि हो त्यस्तालाई सहयोग गर्ने काव्या हुन्छन् यही सरकारले नियुक्त गरेर राखेका

हुन्छन् । वहाँले सहयोग गर्नु हुन्छ । तर तपाईको लोग्नेबाट तपाईले अंश पाउने सम्पत्ति छ भने ती काव्यासँग सहयोग मागेर मुद्दा लड्नु होस् नभए लफडा नगर्नु राम्रो हुन्छ । मेरो कुरा बुझ्नु भो नि ।

(१४८) काव्या : तपाईको घर कहाँ नि ? नागरिकता कहाँको छ ?

(१४९) पीडित : मेरो घर सिन्धुपाल्चोक नागरिकता पनि त्यहीको छ ।

(१५०) काव्या : नागरिकता माइतीको कि घरको ?

(१५१) पीडित : माइतीको । म उसको त्यस्तो तालबाट वाक्क भएर हामीलाई घरबेटीले पनि निकालिदियो । म चार बर्ष देखि माइतिमै छु । ऊ त्यही आएर मलाई सताउँछ । म ऊ देखि छुटकारा चाहान्छु ।

(१५२) पीडक : त्यो झुटो कुरो चाहीँ नभन है रन्डी । साला छौडा । (लरबरिएको बोलीमा)

(१५३) काव्या : तपाई यसरी नकराउनु होस् । तपाई यहाँ पनि यसरी बोल्नु हुन्छ भने त कुटेन भनेर कसरी मान्नु त नि ।

(१५४) पीडित : घरबेटीले निस्की निस्की भनेर भनेको थियो ।

(१५५) पीडक : दुइ महिनाको भाडा तिर्न थियो । त्यै तिर्न बाँकी भएर घरबेटीले त्यसो भनेको हो ।

(१५६) काव्या : (महिलालाई सोध्दै ) तपाईका बा आमालाई तपाईहरूको बेमेल थाहा छ ?

(१५७) पीडित : छ । वहाँहरूले त तिमीहरू मिलेनौ बरु अब छुटानाम गरेर अलग अलग बस भन्नु भा भेर याँ आएका ।

(१५८) काव्या : तपाईका बुबा आमालाई अदालतले बोलाएर सोधेमा मिलेनन् भन्न सक्नु हुन्छ नि ।

(१५९) पीडित : वहाँहरू त भरसक मिले बस भन्नु हुन्छ तर यससँग बस्न सकिदैन ।

(१६०) काव्या : केही समय मिलेर बस्ने प्रयास गर्नु नि त ।

(१६१) पीडित : नाई सर म त मिलेर बस्न सक्दिन ।

(१६२) काव्या : अब तपाई डिभोर्स नै गर्नै हो त ?

(१६३) पीडित : मलाई डिभोस चाहियो ।

(१६४) पीडक : उले नै मलाई यस्तो गरे पछि म किन यससँग बस्छु त । उसको बाबुको घरमा बसेर मैले उसको जैले पनि हेपाइमात्र खाने । म पनि यससँग बस्न सक्दिन । मसँग पहिलेतिरको छोरा पनि थियो । छोरालाई देखि नसहने । छोरालाई मैले गाउँमा राखेको छु ।

(१६५) काव्या : (महिला तिर फर्केर ) तपाईको छोरा पनि छ ।

(१६६) पीडित : उसको पहिलेको बुढीतिरबाट छोरा र मपटि छोरी छ ।

(१६७) काव्या : ए तपाईको बिहे भएको चै कति भयो ?

(१६८) पीडित : भयो ५, ६वर्ष ।

(१६९) काव्या : तपाईहरूले सामाजिक परम्परा अनुसारकै बिहे गर्नु भा हो ?

(१७०) पीडित : हो हामी दुई जनाकै बुबा आमा भेला भएर बिहे गरेको हो । एरेन्ज म्यारिजै हो । छोरा चै नै उसैले आफैं बाहिर बाहिरै कोठा खोजेर बाहिर अलग्गै बसेर गरेको हो । म त कोठामा पनि गइन । मेरो कोठा छोडिन । मैले म बसेको भाडा तिर्ने कि उसको तिर्ने ।

(१७१) पीडक : (झोक्किएर) आफैले देखी नसहे पछि के गर्नु त ? मेरो दाइको घरमा गाउँबाट सुकुटी लेर आको रछ आउ भाइ खाऊँ भन्यो । होटेलमा एक गिलास खाएर गको थिएँ । एक्कासी निउ खोजेर ।

(१७२) पीडित : त्यस्तो पनि होइन । कस्तो सरल तरिकाले भन्छ । त्यसो होइन । होटेलमा एक माना खाएर पनि फेरि त्यो दाइकोमा गएर खाएर पनि खुट्टा नटेक्ने गरी आउँछ सधैं । बिहान ऊ काममा नगको दिनमा ब्यानदेखि खान सुरु गर्छ बेलुकासम्म अनि छाद्ने के के गर्ने ।

(१७३) काव्या : ल ठिकै छ ठिकै छ । विवादै छ तपाईहरूको ।

पाठ ६

**दुई जना महिला (सामाजिक आर्थिक रूपमा कमजोर, पति पिताद्वारा पीडित ) मुद्दाका पक्ष अदालत परिसर भित्र बसिरहनु भएको छ । एकजना काव्या (पुरुष) (कानुन, समाज का बारेमा जानकार, सामाजिक आर्थिक हैसियत बलियो देखिने ) वहाँहरूलाई अदालत आउनुको प्रयोजन सोध्दै हुनु हुन्छ । वहाँहरू आफ्नो समस्या सुनाउदै हुनु हुन्छ ।** ( यसमा ३ जना सहभागी वक्ताहरू रहेका छन्, जसमा कानुन व्यवसायी र , मुद्दाका पक्षहरू दुईजना आमा छोरी )

(१७४) काव्या : तपाईहरू यहाँ ( अदालत) किन आउनु भएको हो ?

(१७५) पीडित : घर जग्गाको मुद्दा भेर आएका ।

(१७६) काव्या : फैसला हुन आँटको छ कि भरखर दर्ता गर्नु भएको ?

(१७७) पीडित : दर्ता भएर पेस्की सेस्की (पेसी भन्ने शब्दलाई नबुझी प्रयोग गरेको) खोइ के के भैसकेको ।

(१७८) काव्या : ए अनि आज चै के कामले आउनु भको त ?

(१७९) पीडित : आज तै पेस्की की तारिख के छ भनेर । को नि के ओकिल कि ठूलो सर भा ठाममा मुद्दा जान्छ रे अनि आएका । नामै आएन कोनि के भा ठाम (सँगै बसेकी अलि प्रौढ महिलालाई संकेत गर्दै ) तपाई भन्नु न ।

(१८०) पीडित : अर्को सरको मा मुद्दा जान्छ भनेर भन्नु हुन्थ्यो ओकिलले ?

(१८१) काव्या : ए न्यायाधीशकोमा जान्छ मुद्दा भन्नुभा थ्यो हजुरको काव्या साबले ?

(१८२) पीडित : हजुर हजुर सर ।

(१८३) काव्या : आज कति बेलासम्म बस्नु पर्छ भन्नु भा छ अदालतमा ?

(१८४) पीडित : साडे ३ सम्म ।

(१८५) काव्या : अनि मात्रै सही गर्न पाइन्छ भन्नु भा छ ?

(१८६) पीडित : हजुर ।

(१८७) काव्या : अंश मुद्दा हो ? को सँगको ? परिवारका सदस्यसँग ?

(१८८) पीडित : हजुर ।

(१८९) काव्या : ए ए । बहिनीको कि हजुरको नि ?

(१९०) पीडित : हैन वहाँको ।

(१९१) काव्या : तपाईहरू आमा छोरी हो ?

(१९२) पीडित : हो म आमा ऊ छोरी । मुद्दा म आमाको हो । मेरो साथी गर्न मात्र छोरी आएकी ।

(१९३) काव्या : कति भो मुद्दा हाल्नु भको ?

(१९४) पीडित : यो बन्द भन्दा अगाडि हालेको । बन्दले गर्दा मात्रै ढिलो भयो ।

(१९५) काव्या : एकवर्षसम्म त फैसला हुन्छ भन्छन् ।

(१९६) पीडित : बन्दभन्दा २। ३ महिना अगाडि नै हालेको हो ।

(१९७) काव्या : कहाँ हो हजुरहरूको घर ?

(१९८) पीडित : हाम्रो घर यही ................भन्ने ठाउँमा हो ।

(१९९) काव्या : त्यहाँ स्थायी घर कि ?

(२००) पीडित : घरै इटाको भनौ न अब भुकम्पले चराक्चिरिक्क भको छ । बनाउनलाई के कसो हो ? बुझ्नका लागि के गऱ्या छ के गऱ्या छ भनेर मुद्दा हाल्या ।

(२०१) काव्या : अनि के रछ त ?

(२०२) पीडित : अब त्यो त के के हुन्छ था छैन अब

(२०३) काव्या : अनि विपक्षीले पनि मुद्दा फिराइ सके ?

(२०४) पीडित : फिरा छैन, अब जान्छ ऊ भा ठाम चै ।

(२०५) काव्या : ए अैलेसम्म गको छैन ?

(२०६) पीडित : छैन सर ।

(२०७) काव्या : लामो भो तेसो भने छ ।

(२०८) पीडित : लामै भयो । ख्वै शुरुमा चै बाउ पट्टिट मात्रै माग्नु भएको ममीले, बाबु आएन अनि उसलाई मत्लबै छैन । जो विपक्षीले हाम्रो बाउबाट किनेको छ नि उसकोमा जान्छ रे अब ।

(२०९) काव्या : ए बाबुले बचिसक्या ?

(२१०) पीडित : हजुर । लालपुर्जा नभएसम्म कै पनि गर्ने पाइएन । अब बेचे पनि वहाँको भाग त आउन पऱ्यो नि ।

(२११) काव्या : अँ । तपाईहरूले बदरमा हाल्नु भो ।

(२१२) पीडित : अँ । तर त्यो किन्ने मान्छे पनि आउँदैन के ? घरबाट निस्केर जानु भन्दैन । त्यो मान्छे किन आउँदैन भन्छौ त हामी त । न हामीले घर बनाऊँ अब घर बनाउने इच्छा हुन्छ ।

(२१३) काव्या : अनि त्यो मालपोतमा सार्दा कल्ले किनेको रछ भन्ने था भो त ?

(२१४) पीडित : त्यो त हेर्न पा छैन हाम्ले ।

(२१५) काव्या : काव्या साबलाई था होला नि त ।

(२१६) पीडित : काव्या साबले अब चै हेर्नु पर्छ भन्नु हुँदै थ्यो ।

(२१७) काव्या : को वकिल साब चै ?

(२१८) पीडित: खोइ नाम चै मलाई पनि था भएन । यतापट्टि बस्नु हुन्छ नि पछाडि । मलाई नाम चै था भएन । दिदीले गर्नु हुन्छ कि ।

(२१९) काव्या : महिला काव्या हुनु हुन्छ ?

(२२०) पीडित : पुरुष ।

(२२१) काव्या : पुरुष हुनु हुन्छ ए । ल ठिक छ , मुद्दा मोरो झन्झट हुन्छ । नगरी पनि नहुने ।

(२२२) पीडित : झ्याउ हुँदो रछ , भूकम्पको पैसा आउन आँट्या छ । पैसो आएर एउटा छाप्रो हाल्न पाए हुन्थ्यो भनेको ।

(२२३) पीडित : इन्जिनियरले *सित्तैमा नक्सा बनाइदिन्छु भन्नुभा छ । इन्जिनियर आफ्नै मान्छे छन् नक्सा बनाको पैसो लिँदैनन् । आफूसँग त दिने पैसो नै छैन ।* किन्ने मान्छे को रहेछ ? आयो भने त्यसलाई चुट्टेर लखेट्ने हो ।

(२२४) काव्या : अनि श्रीमान् (पति) चै के भन्नु हुन्छ त ?

(२२५) पीडित छोरी) बाबुले नै मतलब नगरेको भर । यत्रा छोरीहरू छन् ।

(२२६) काव्या : तपाईका कतिजना नानीहरू :

(२२७) पीडित : दुईटा छोरी ।

(२२८) काव्या : ऊ ठूली ।

(२२९) पीडित : पीडित : यो सानी ।

(२३०) काव्या : ल ल गर्नु होस् । अब हिम्मत चै हार्नु हुँदैन न्याय पाइन्छ । आफ्नो हकको जति काँही कसैले हरण गरेर लान सक्दैन ।

(२३१) पीडित : हजुर ।

(२३२) काव्या : कति आनामा बनेको छ । कति क्षेत्रफल जग्गा छ ?

(२३३) पीडित : पीडित : पहिले त थुप्रो थियो नै ।

(२३४) काव्या : अहिले मुद्दा हालेका ?

(२३५) पीडित : अहिले मुद्दा हालेका ३ आना छ । तीन आनामा घर बनेको छ । पुरानो घर छ । काँचो इँटाको घर छ । तर भूकम्प आउँदा पनि भत्किन चै भत्केन ।

पाठ ७

(जिल्ला अदालतको इजलास, कानुन व्यवसायी ( महिला ) (सरकारी कागज दस्तखत किर्ते मुद्दा) बहस गरिरहेका छन् । बेन्चमा न्यायाधीश बसेर विभिन्न प्रश्न गरिरहेका छन् । काव्या प्रश्नलाई स्पष्ट पार्ने प्रयास गरिरहेका छन् । इजलासमा वादी प्रतिवादी दुबैतर्फका काव्याहरू बसेका छन् । मुद्दाका प्रतिवादीहरू पनि बहस पैरवी सुनिरहेका छन् । ) ( यस संवादमा २ जना सहभागी वक्ताहरू रहेका छन्, जसमा न्यायाधीश र एकजना कानुन व्यवसायी )

(२३६) न्या : विद्वानसँग मेरो जिज्ञासा , जुन यो .....बहादुरले वडाको सिफारिस सहित निवेदन पेश गरेको छ नि यसको सक्कल त मिसिलमा देखिदैन ? के हो कुरो स्पष्ट पारौँ न ।

(२३७) प्रव : श्रीमान्, श्रीमान् ( हो हो भन्ने आशयमा सहमति दर्शाउँदै )

(२३८) न्या : मिसिल पनि गजबको रहेछ । प्रतिवादीहरूको सही सनाखत गराउने मुचुल्कामा मुद्दाको नाम लेख्या छ मोटरसाइकल चोरी । कहाँको लिखत सम्बन्धी कसूर कहाँको मोटरसाइकल चोरी । सरकारी पक्षको लापरवाही देख्दा पनि गजब लाग्छ ।

(२३९) न्या : मेडम भन्नु होस् न । हजुर कस्को पक्षबाट ?

(२४०) प्रव : श्रीमान् म प्रतिवादीबाट श्रीमान् । यो मिसिल भरि सबैतिर मुद्दा चाहि लिखत सम्बन्धी कसूर भनेको छ अनि मागदावी चै दफा ३४ लगाएको छ । यो के कस्तो किसिमको अभियोग दावी हो श्रीमान् ? अभियोग नै स्पष्ट छैन । यसमा अभियोग पूरा भा हो कि उद्योग मात्र हो भन्ने कुरा मिसिलले बोलेकै छैन श्रीमान् ।

(२४१) न्या : के अनुसन्धान गर्छन् ? अनुसन्धान अधिकारीहरू ? बिजोग छ ।

(२४२) प्रव : अव यसमा अर्को पनि कानुनी त्रुटि के छ भन्दा श्रीमान् , यो वारिसनामा बन्या छ पचहत्तरको असारको ३१ गते श्रीमान् । अनि श्रीमान् साउनको आठ गते वारिसनामाका आधारमा सिफारिस माग भा छ ।

(२४३) न्या : वारेसनामा बन्यो असारको ३१ गते ?

(२४४) प्रव : हजुर श्रीमान् ।

(२४५) न्या : यो ता अब घरायसी लिखत भयो ठिकै छ, केही भएन ।

(२४६) प्रव : घरायसी लिखत भन्दा पनि अझै छ श्रीमान्

(२४७) न्या : प्लिज प्लिज, अगाडि जानु होस् ।

(२४८) प्रव : अनि त्यसपछि साउनको ८ गते सिफारिसका लागि निवेदन गरेर त्यसै दिन सिफारिस पनि द्या छ श्रीमान् । अनि भूमिसुधारमा गएर ४ । १० मा शेरबहादुर महर्जन स्वयम् आफै गएर निवेदन सनाखत गरेको अवस्था छ श्रीमान् । यो मुद्दा श्रीमान् हाम्रो मुलुकी अपराध संहिता ७५ साल भदौ १ गते देखि लागु भयो श्रीमान् यता काम भने साउनको ८ गते भयो भने पछि फौजदारी कसूरमा जुन घटना घटेको समयको कानुन लागु हुने कि त्यो भन्दा पछि बन्या कानुन लागु हुने भन्ने कुरा यो चै एकदमै कानुनी प्रश्न छ श्रीमान् यो मुद्दामा । र फौजदारी कानुनमा के छ भन्दाखेरिमा जुन कसुरमा जुन बखतको कानुन हो त्यही समयको कानुन लागु हुन पर्ने हो, यसमा मुलुकी ऐन टेकेकै छैन श्रीमान् । मेरो पक्षलाई वारेसनामा लिखत किर्ते गरेको भन्ने कसूर गरेको भन्ने आरोपका सन्दर्भमा बहसको विषय हुन सक्दैन श्रीमान् किनकि कानुन व्यवसायी समक्ष दुई जना मानिस आएर वारिस लिने दिने सहमतिमा वारिसनामा बनाई मागेमा हाम्ले बनाइदिने हो । को सक्कली को नक्कली हाम्ले छुट्याउने कुरा हुदैन । तसर्थ वारेसनामा बनाउँदैमा किर्ते गरेको नहुने हुनाले मेरो पक्षले सफाइ पाउनु पर्दछ श्रीमान् ।

पाठ ८

**इजलाशभित्र न्यायाधीश आफ्नो स्थानमा बसेर जबरजस्ती करणी मुद्दाको बहस सुनिरहेका छन् । सरकारी काव्या (महिला) आफ्नो बहस गरिरहेका छिन् भने प्रतिवादीका काव्या (पुरुष) सरकारी काव्याको बहसका बुँदा टिपोट गरिरहेका छन् । प्रतिवादी उक्त बहस पैरवी सुनिरहेका छन् ।** ( यसमा ३ जना सहभागी वक्ताहरू रहेका छन्, जसमा न्यायाधीश, वादी र प्रतिवादीका कानुन व्यवसायीहरू )

(२४९) सव : यी पीडित गाउँबाट काठमाडौं आएको अवस्थामा यी प्रतिवादी ललाई फकाई होटेलमा लगेर गरेको करणी सहमतिले थियो भन्ने अवस्था नदेखिने सम्पूर्ण प्रमाणका आधारमा यी प्रतिवादीले जबरजस्ती करणी गरेको तथ्य पुष्टि हुन आएकोले तत्काल प्राप्त प्रमाणका आधारमा प्रतिवादी कसुरदार देखिने हुनाले थुनामा पठाइ मुद्दाको पुर्पक्ष गरी पाऊँ श्रीमान् ।

(२५०) प्रव : श्रीमान् यो बहस गर्नु भन्दा पहिले मिसिलसाथ भएको सि डी एकचोटी हेर्न पाऊँ न । मुद्दाको तथ्य र मुद्दाको उठान त्यही सिडिबाट भएको हुनाले यो हेर्न अनुमति पाऊँ श्रीमान् । करणी सहमतिमा भएको देखिन्छ ।

(२५१) न्या : खाएको बेलामा त्यस्तो कार्य भएको देखिन्छ । सहमतिमै भए पनि त्यस्तो अवस्थामा गर्न मिल्दैन । मैले अहिले के अनुमान गरे भने, काव्या साबकै भनाइमा सहमति मै भएछ रे ।

(२५२) प्रव : श्रीमान् । ठिक छ श्रीमान् म आउँछु श्रीमान् ।

(२५३) न्या : मादक पदार्थ सेवन गरेको अवस्थामा सहमतिमा गर्न (करणी) मिल्छ कि मिल्दैन ?

(२५४) प्रव : म नेगेटिभ पोजेटिभ दुइटै पक्षमा कुरा गर्छु श्रीमान् ।

(२५५) न्या : ल विद्वानका कुरा सुनौ न त । शुरु गरौं ।

(२५६) प्रव : हस् श्रीमान् । परिवर्तित नाम (काठमाडौं १) को जाहेरीले नेपाल सरकार वादी र प्रतिवादी रोसन क्षेत्री ( परिवर्तित नाम) भएको जबरजस्ती करणी मुद्दामा म

प्रतिवादी रोशनको तर्फबाट थुनछेकको प्रयोजनार्थ बहस पैरवी गर्न उपस्थित भएको छु । मुद्दाको समग्र तथ्य सरकारी काव्याबाट आइसकेका हुँदा म त्यतातर्फ गइन श्रीमान् । थुनछेक प्रयोजनार्थको छलफल भएको हुँदा मेरो पक्षलाई थुनामा राख्ने, धरौटीमा छोड्ने वा साधारण तारेखमा राख्ने भन्ने नै मूल विषय रहेको छ ।

(२५७) वादी पक्षबाट पेश भएको अभियोग दावी बमोजिम मेरो पक्षलाई थुनामा राख्ने तत्काल प्राप्त प्रमाण छैनन् श्रीमान् । र धरौट माग गर्ने आधार र प्रमाण पनि छैन । प्रमाण शून्य छन् र यो मुद्दा जबरजस्ती करणीको कसुर अन्तर्गत चल्न सक्दैन र डाका चोरीको परिभाषा भित्र पनि पर्न सक्दैन । भनेपछि श्रीमान् बुँदागत रूपमा निवेदन गर्दछु श्रीमान् । पहिलो कुरो यो घटना कहिले घट्यो त भन्दा श्रीमान् २०७७ साल कार्तिक २१ गते धादिङबाट काठमाडौँ आउँदा बसमा भेटघाट परिचित भएको र सोही स्थानबाट कुराकानी हुँदै बालाजुमा ओर्लेका दुबै जना बालाजुमा ओर्लेर चिया खान रहेका र त्यहाँबाट अलिपर होटलमा गएका भन्ने कुराहरू मिसिलले बोलेको छ मैले बोलेको होइन । र यी पीडित भनेकी व्यक्ति नाबालक पनि होइनन् श्रीमान् । अशिक्षित पनि होइन । १८ वर्ष कटेको विवाहित महिला हुन् । ७७ साल असारमा यिनको विवाह भएको छ । पलस्टु गरेकी छन् । काठमाडौँ जिल्ला गंगबुमा यिनको डेरा कोठा छ । मिसिलमा रहेको जाहेरीको प्रकरण १ नम्बरमा उल्लेख छ। वहाँको माइती नुवाकोट छ । भएको अवस्था देखिन्छ र यी व्यक्ति मेरो पक्ष प्रतिवादीसँग विगत लामो समयदेखि चिरपरिचित हो त ? होइन । धादिङबाट काठमाडौँ आउँदा बसमा चिरपरिचित । मलाई श्रीमान्‌बाट आज्ञा भएको कोइसनलाई पुष्टि गर्दै छु नेगेटिभमा पनि पोजेटिभमा पनि श्रीमान् । विषय वा प्रसङ्गले अर्को अर्थ नलागेका मेरो पक्षको हकमा असर नपरोस् म निवेदन गरैं मेरो पक्षसँग यी व्यक्तिको लामो समयदेखि चिरपरिचित भको, फेसबुकमा कुराकानी भको बसउठ भको अवस्था यदि थियो भने तो किसिमको तथ्य वादी नेपाल सरकारले प्रमाण ऐन २०३० को दफा २५ अनुसार दावी गर्नु पर्छ । तो विषयमा

छैन । दोस्रो कुरो यी जाहेरवाली भनिएकी जो पीडित हुनु हुन्छ वहाँको जाहेरी र मौकाको निवेदनमा हेर्नु पर्ने कुरा एउडै छ जबरजस्ती करणीको परिभाषा भित्र पर्छ वा पर्दैन ? साबालक रहेको छ, शिक्षित व्यक्ति हुनु हुन्छ । विवाहित महिला हुनु हुन्छ र आफ्नो पति साथमा रहेको, विवाहित महिलाको आफ्नो जीवन साथी साथमा रहँदा रहँदै परपुरुषसँग होटल होटल हिड्नु पर्ने कारण के ? परपुरुषसँग अपरिचित व्यक्तिसँग होटलमा हिड्नु पर्ने कारण के ? यो वादी पक्षले स्थापित गर्नु पर्दैन ? ७ वर्ष देखि १० वर्षसम्मको जबरजस्ती करणीको कसुर लिएर आउने कर्ताले प्रमाण ऐनको दफा २५ ले पीडित प्रतिवादीसँग हिड्नु पर्ने कारण के त्यो स्थापित गर्नु पर्छ श्रीमान् । अनि त्यसपछि मेरो पक्षले यी पीडित भनिएको व्यक्तिलाई ललाई फकाई प्रलोभन दिई गफलतमा पारी लिएर गएको हो ? श्रीमान् । गलत आशयले लगेको हो श्रीमान् होइन नि ? यिनलाई के जुरुक्क उठार लेर गको अवस्था हो र ? होइन नि । भरखर मैले सिडिमा हेरेँ यी सक्षम छन्, सबल छन्, सहमतिमा ट्याक्सीमा चडेर काष्ठमण्डप होटलामा गएका छन् । दरबारमार्ग होटलमा गएर नास्ता खाएको छ । दरबार मार्ग होटलमा नास्ता खाने अवस्थामा मेरो पक्षको हातमा वियरको ग्लास परेको अवस्था छैन । होटलमा काम गर्ने कामदारको हातबाट ग्लासमा मदिरा परेको छ । त्यो मदिरा मे्रो पक्षले भन्दा उल्ले छिटो छिटो खाएको अवस्था देखिन्छ । अब भन्नु पऱ्यो कि वादी नेपाल सरकारले जाहेरी दिएर मात्र हुँदैन, अभियोग पत्र दिएर मात्र हुँदैन श्रीमान् । मेरो पक्षले यी जाहेरवालीको हात समातेर जबरजस्ती मुखमा कोच्याइदिएको हो र ? तो मदिरा खाएको तथ्यबाट यी महिला २१ गते भन्दा पहिले पनि मदिरा खाने बानी परेकी रहिछन् । मेरो पक्षले भन्दा बढी तिनले रक्सी खाएको रहेछ । भन्ने कुराका आधारमा के तथ्य स्थापित हुन्छ भने श्रीमान् मेरो पक्षले जाहेरवालीलाई मदिरा सेवन गराएको होइन । मेरो पक्षका विरुद्धमा तो जाहेरी प्रमाण लाग्न सक्दैन दोस्रो । तेस्रो मेरो निवेदन गराई अघि नै मैले अर्को अर्थ नलागेका भनिसकेको छु । यी जाहेरवालीलाई

मेरो पक्षले यदि जबरजस्ती करणी गरे भने काठमाडौँ जिल्लाको मुटुमा रहेको, दरबारमार्गमा होटल रहेको त्याँ होटलका कामदार, होटलका म्यानेजरहरू, हुन्छन् श्रीमान् । मलाई रोसन ओझाले बहिनीको नाता बनाएर लेर आर जबरजस्ती करणी गरे मलाई सहयोग गरिदिनु पर्‍यो सुरक्षा दिनु पर्‍यो सम्बन्धित निकायमा जानकारी गराउन उचित पहल गरिदिनु पर्‍यो भनेर वहाँले भन्नु पर्ने नि श्रीमान् ।

(२५८) न्या : २५ गते त परेको छ त विद्वान् ।

(२५९) प्रव : श्रीमान् म त्यही २१ गते रातीको कुरा गर्दैछु श्रीमान् । २१ गतेको रातीको कुरा गर्दै छु श्रीमान् । म २२ गतेको कुरा गर्छु अनि २५ गते आउँछु श्रीमान् । सो राती सँगै बस्नु भको छ, सँगै खानु भको छ । सँगै रमाइलो गरिन्छ । आनन्द लिइन्छ । सँगै बसिन्छ अनि एउडा परपुरुषसँग सँगै खाने, सँगै बस्ने, अवस्थामा त्यस्तो अवस्थामा त श्रीमान् जबरजस्ती करणीको कसूर स्थापित हुन सक्दैन श्रीमान् । राती सहमतीमा काम भको छ । बिहान पनि सहमतीमा काम भको छ ।

(२६०) न्या : त्यो चै कहाँबाट देखिन्छ ? बेहोसी अवस्थामा होटलमा लगेको भनेर प्रतिवादीले पनि भनेको अवस्था छ नि ? यसमा सहमतिबाट काम भएको चै केबाट देखिन्छ ?

(२६१) प्रव : म आउँछु श्रीमान् । प्रतिवादीको बयानमा पनि यो कुरा खुलेको छ श्रीमान् । प्रतिवादीको बयानको स.ज १५ मा श्रीमान् । सज १५ मा पडेर सुनाएँ श्रीमान्लाई

पाठ ९

**अदालत परिसर, एकजना मुद्दा( जग्गा खिचोला मुद्दा) का पक्ष ( ३५ वर्षजति उमेरका हिन्दी मैथिली मातृभाषी वक्ता) अदालतमा मुद्दाको पेशी भएकोले बाहिर पेसीको पालो कुरिरहेका छन् । उनको लवाइ हेर्दा उनी अत्यन्त गरिब किसान वर्गका व्यक्ति देखिन्छन् । त्यतिकैमा आज न्यायाधीशहरूले मुद्दा हेर्न नभ्याउने सूचना जारी गरेपछि चिन्तित हुँदै नजिकै रहेका कानुन व्यवसायीसँग आफ्नो समस्या राख्दैछन् ।** ( यसमा २ जना सहभागी वक्ताहरू रहेका छन्, जसमा कानुन व्यवसायी र मुद्दाका पक्ष )

(२६२) काव्या : तपाई के कामले आउनु भएको ?

(२६३) पक्ष : हजुर मुद्दा थियो । तब त आजैको पेसी थियो अस्थगित *(स्थगित)* भइ हाल्यो ।

(२६४) काव्या : के मुद्दा थियो ? जग्गा खिचोला थियो हुजुर ?

(२६५) पक्ष : ना ना होइन । गाउँको मान्छे हो । हमी गरिब मान्छे हो हुजुर । पहिलैदेखि यसले यस्तै गर्दै आएको छ । त भन्छ कि जुन मेरो जग्गा छ उसमा पोखरी छ, त म भन्छु मेरो छ । यही हो हजुर । यो जग्गा हाम्रो बुबाको पालामा हाम्रो बाबा (हजुरबुबा) को पालादेखि हाम्रो छ । तब त अब आएर ऊ जो विपक्ष छ कि हाम्रो भनि हाल्छ । हमी वहीँ बस्दैछ । अब छोड् भन्छ त कसरी छोडुँ । हमी कहाँ जाऊँ ?

(२६६) काव्या : कति जग्गा छ ?

(२६७) पक्ष : धेरै छैन हजुर १२ धुर मात्र छ ।

(२६८) काव्या : तराईमा त १२ धुर धेरै नै हो नि ।

(२६९) पक्ष : उल्ले भन्छ पोखरीमा घर बनाएछ, मैले भन्छु पोखरीमा छ त कसरी मैले पुर्जा पाएँ ? गाउँवालाको पूर्जा पनि छ । पहिले पनि पाए छ मैले अहिले पनि पाएछ कसरी मेरो हुदैन ? तब ऊ भन्छ कि तेरो होइन । जब बन्जर थ्यो कसरी मैले पाएँ ।

(२७०) काव्या : जिल्लाले तपाईको ठहर गरेन उच्च अदालतले पनि गरेन ?

(२७१) पक्ष : जिलाले एकचोटी गरेको ।

(२७२) काव्या : तपाई तारेखमा आफैँ आउनु हुन्छ ?

(२७३) पक्ष : बुबा बित्नुभयो त्यसपछि म आफै आएछु हुजुर । बुबा बितिसके पछि सबै हमीले हेरिराछु हुजुर ।

(२७४) काव्या : कतिजना दाजुभाइ हुनु हुन्छ ?

(२७५) पक्ष : चारजना, सबै भन्दा कान्छा म हो ।

(२७६) काव्या : अब आते जाते खर्च काव्या खर्च धेरै दुःख हुने भो है ।

(२७७) पक्ष : हामी गरिब मान्छे हुजुर । अब कसरी आनेजाने गर्ने । आज पनि मुद्दा भएन अब कहिले हुन्छ ? विपक्षीले जिलामा पैसा खुवाएर मुद्दा आफ्नो पक्षमा पारेछ । हामी गरिब मान्छे । हामीले पैसा खर्च गर्न सकेन । के गर्नु ?

**पाठ १०**

**अदालतको इजलास, बेन्चमा न्यायाधीश बसेर सुनिरहनु भएको छ । इजलाशका अधिकृत जबरजस्ती करणी मुद्दाका अभियुक्त (प्रतिवादी) सँग बयान लिइ रहेका छन् ) यत्तिकैमा अभियुक्तकी आमाको इजलाशमा प्रवेश हुन्छ । न्यायाधीशले केही प्रश्न गर्दै त्यहाँको अवस्थाका बारेमा अवगत गराउँछन् ।** ( यसमा ४ जना सहभागी वक्ताहरू रहेका छन्, जसमा न्यायाधीश, अदालतका कर्मचारी, कानुन व्यवसायी र प्रतिवादीका आफन्त महिला )

(२७८) न्या : (इजलाशमा प्रवेश गरेकी महिलातर्फ हेर्दै) तपाईको के थ्यो ?

(२७९) काव्या : (अभियुक्तका काव्या) ए वहाँ आमा हो ।

(२८०) न्या : तपाई आमा हो ?

(२८१) महिला : हो हजुर ।

(२८२) न्या : अब याँ त बन्द इजलाश हुन्छ । अब बहस गर्दा चै यो बन्द इजलाश हुन्छ के । तपाईको कै थ्यो ? भन्नुपर्ने केही छ ?

(२८३) महिला: छैन (डराएको भावमा) ।

(२८४) न्या : त्यसो हो भने यो बहस गर्दा चै नबसिदिनु होला ल । काव्यासाबहरूले बहस शुरु गर्नु भो भने बन्द इजलाश हुन्छ । अरू मानिसलाई बस्न मिल्दैन है । यहाँ महिलाले बस्न मिद्ल्दैन ।

(२८५) महिला: म उसको ( प्रतिवादीतिर देखाउँदै ) आमा हो के मैले यहाँ छलफल भको कुरो सुन्न हुँदैन र ? मैले केही भन्न मिल्दैन र ?

(२८६) काव्या : तपाईले केही कुरा छ भन्नु भा थ्यो नि ? केही कुरा छ भने यहाँ कुरा राख्नु । अब यसपछि बहस हुन्छ त्यसमा चै तपाई बाहिर गएर बस्नु पर्छ है । यहाँ बालबालिका, महिलाको इज्जतसँग सम्बन्धित कुरा हुने भएको हुनाले त्यसबेलामा यहाँ कोही पनि बस्न पाउँदैन क्या । केही छ भने भन्नु ।

(२८७) महिला: (हात जोड्दै न्यायाधीस तिर फर्कर्दै ) अरू त केही छैन हजुर । आमाको मन । रातभर चिसो प्रहरीको खोरमा कसरी बस्यो होला मेरो बाबु । हजुर एउटी आमालाई कति मन दुखेको होला । जसरी पनि यहाँबाट घर पठाइदिनुहोला । म सँगै लिएर जान्छु । मेरो बाबुले यस्तो काम गर्दैन । गरेको होइन ।

(२८८) कर्म : (झर्किएर ) ल तपाईको कुरा सकियो भने बाहिर हिड्नु होस् ।

**(यसपछि ती महिलाको महिलाको छोरा जो यस मुद्दाको पतिवादी छन् उनको बयान शुरु हुन्छ । उनी धेरै मुद्दा खेपेर मुद्दाका बारेमा जानकार छन् । उनलाई कानुनी सजाय र यसको सजाय प्रक्रियाका बारेमा पनि जानकार भएजस्तै गरी बयान गर्दछन् । )** ( यसमा ५ जना सहभागी वक्ताहरू रहेका छन्, जसमा न्यायाधीश, अदालतका कर्मचारी, प्रतिवादी, सरकारी वकिल र प्रतिवादीका वकिल )

(२८९) कर्म : तपाईको बुबा के गर्नु हुन्छ :

(२९०) प्रवा : बुबा हुनु हुन्न । भाइ र आमा हुनु हुन्छ ।

(२९१) न्या : तपाईको पहिलेको मुद्दाहरू कैद भुक्तानी भै सक्या छ ?

(२९२) प्रवा : सरकारी छाप दस्तखत किर्ते मा चाहि भगवती माली भन्ने एडभोकेट हुनुहुथ्यो वहाँले यो मुद्दामा चै सफाइ पाको भन्नु भा थ्यो । अनि त्यसपछि लागुऔषध मुद्दामा चै म २ वर्ष २१ दिन कैद बसेर छुट्या हो । त्यतिबेला पनि फौजदारी मुद्दा लागेको भनेर किर्ते मुद्दाको मेन्सन गरेको थैं त्यसमा । कारागराबाट छुट्दा यो केही पनि प्रोब्लम होइन भन्ने लाग्या थ्यो अहिले मात्र था पाएँ ।

(२९३) न्या : तपाईलाई सजाय भएका दुइटा मुद्दा देखिए । एउटामा २ वर्ष र अर्कोमा ११ महिना । लागु औषध र सरकारी छाप दस्तखत किर्ते ।

(२९४) न्या : तपाई कति बस्नु भयो कैदमा । आमालाई त धेरै दुःख दिनु भयो नि । आमा रोइराख्नु भा होला । केके छोरोले गऱ्यो भनेर । अझ सिआरएस मा त तपाईको ५ ओटा मुद्दा देखिन्छ ।

(२९५) प्रवा : (निर्धक्क भएर) त्यै सिआरएस हेरेर नै त्याहाबाट जबरजस्ती । किनभने २२ गते समाउने बेलामा जबरजस्ती करणी मेन्सन नै भएको थिएन । उल्ले साडे चारलाखको धनमाल लिएर गको भनेर प्रहरीलाई उजुर द्या थ्यो अनि वाँहरूले सिआरएस हेरिसके पछाडि सिआरएस पछाडि पनि के भाको थ्यो भन्ने कुरा वाँहरूले बुझ्नु भएन । त्यो रेकर्ड हेर्ने बित्तिकै त्यो क्रिमिनल नै हो भनेर तपाईको तीन दिन पछि जबरजस्तीी करणी मुद्दामा मलाई म्याद थपेको हो । किनभने मलाई २२ गते समाउदा वहाँ बीर हस्पिटल लगेर मापसे चेक गराउनु भो २३ गते पनि मापसे चेक गराउनु भो । २४ गते बल्ल मेरो स्वाब स्याम्पल लिएर चेक गराउनु भा हो । अनि २५ गते बल्ल म्याद थप्न आउँदा मात्र जबरजस्ती करणी मुद्दा पऱ्या छ भनेर थाहा पाको ।

(२९६) न्या : रक्सी खान लगाउनको प्रयोजनले त्यस्तो बेलामा काम भा रछ हैन ?

(२९७) प्रवा : रक्सी खाको बेला श्रीमान् अब अगाडि नै ऊ चै अलिकति हिड्न नसक्ने अवस्था मै थियो । हामी काष्ठमण्डप पार्कबाट जाने बेलामा ऊ हिड्न नसक्ने अवस्थामा थियो छन चै । त्यहाँबाट काष्ठमण्डप होटल गैसके पछि अराउन्ड वन आवर वन एन हाफ आवरमा चै उलाई भमिट आयो भनेर मैले डसबिन ल्याएर, पहिले पनि बमिट गरिसकेको थियो अनि कागती पानीहरू पनि ख्वाइराथ्यो । अनि बभिट गऱ्यो अनि ऊ आफैँ उठेर बाथरुम गएर फ्रेस भैसकेर आएपछि कुराकानी गर्दा खेरि त्यतिबेला सम्ममा हामीले २ चोटिसम्म फिजिकल्ली रिलेसन भा हो अनि ब्यान उठिसके पछि फ्रेस भैसकेपछि ब्यान पनि एकचोटि सेक्सुअल रिलेसन भाको हो । त्यसपछि हामी दुई जना हास्दै तल काष्ठमण्डप को रिसेप्सनमा आयो त्यहाँ ड्यु एमाउन्ट बाँकी थियो त्यो मैले पे गरेँ । पे गरिसके पछि अगाडि ज्याँठासम्म सैगै आएर त्याँबाट नयाँबजारको भ्यु क्याफे आयो उसलाई कफी अडर गरेर त्यहाँबाट हामी छुट्टिएको हो । त्यो अन्कनसिनेस भको बेलामा चै फिजिकल रिलेसनसिप भाकै थेन । प्लस हामी ३ बजे साडे ३ बजे होटलमा चेक इन गरेको हो । चेकइन गरिसके पछि पनि फिजिकल रिलेसनसिप एकचोटि भाकै थ्यो सुरुमै । हामीले ड्रिङ गर्नु भन्दा अगि नै । अनि जाहेरवालाले चै के भने छ भने बालाजुमा फेन्टामा के लठ्ठ पार्ने औषधी ख्वायो रे अनि ख्वाइसके पछाडि उल्ले हजुर पनि खानु नि भन्दा खेरि मैले त्यो फेन्टा नखाइकन फाले रे । त्यो फेन्टा बालाजु पुलमा फ्यालो भनेको छ उल्ले । अनि हामी त्यहाँबाट अझ एता ए वन क्याफेमा कफी खान आउँदा आइसके पछि एवन क्याफेमा पनि सिसि टिभि फुटेजमा त्यो फेन्टा मेरो हातमै छ त्यो फेन्टा । उसले खाको पनि छैन । इभन ल मैले लट्ठ पार्ने दबै हाल्या भए ३ बजे ख्वाको एकै चोटि ११ बजे त मातिदैन नि श्रीमान् ।

(२९८) न्या : लोग्नेलाई छोडेर हिडेको आइमाइ हो ?

(२९९) प्रवा : लोग्नेलाई छोडेर भन्दा पनि कस्तो भने उस्को एउडा बोइफ्रेन्ड थियो भनौ न उनरुको घरमा के थियो भने

(३००) न्या : बिहे भैसकेको केटी हो ?

(३०१) प्रवा : बिहे भैसकेको केटी, अब मलाई ध्यान उठिसके पछि चै उसले कुराहरू सेयर गऱ्यो । उल्ले के भन्या थ्यो भने आफ्नो बुढाले र सासू आमा मिलरे बेस्सरी कुटे, ससूरा चै बिरामी । किन कुट्छ भन्दा उसको फोन चेक गर्दा एउटा बोइफ्रेन्ड थियो इन्डियन सिटिजन बोइ फ्रेन्ड थ्यो । त्यो कुराले उसको घरमा डिस्कसन भइरहदो रहेछ ।

(३०२) न्या : (कर्मचारी तर्फ फर्केर ) वहाँले जे जे भन्नुहुन्छ सबै खुलाउनु होस् है

(३०३) कर्म : हस् श्रीमान् सबै समावेश गरेको छु ।

(३०४) प्रवा : मलाई म्यारिड भनेर थापनि थिएन । पछि चै म्यारिड हो घरबाट भागेर आइसकेको हो भने पछि चै म अलि हच्केको हो । गल्ती चै त्यसपछि त्यति राम्रोसँग ऊ सँग रिलेनसिपमा बसिन । त्यस किसिमको रिलेनसिप भए पछि ऊसँग कन्ट्याकमा बसेको भए अथवा ऊसँग सम्पर्क गरिराखेको भए यो केश नै हुदैनथ्यो । पछाडि चै मैले के भनेको थिएँ भने तिमी मसँग बस्न चाहन्छौ भने तिमी आफ्नो फेमिली म्याटर सल्भ गर न भनेको थैँ । तिम्रो फेमिली म्याटर सल्भ गर अनि पो मेरो ममीलाई चिनाउन सजिलो हुन्छ अहिले एक्कासी मेरो ममीलाई म्यारिड केटी हो डिभोर्स सिभोर्स कै पनि भा छैन आफ्नो फेमिली म्याटर सल्भ गरेको छैन अनि मेरो ममीलाई भन्न पनि त गारै हुन्छ नि ।

(३०५) न्या : पीडित पनि आ छ यो मुद्दामा ?

(३०६) कर्म : आएको छ श्रीमान् ।

(३०७) न्या : सरकारी काव्याले उपस्थित गराएको हो कि ?

(३०८) कर्म : अहिलेको नयाँ व्यवस्था अनुसार ल्याएको होला श्रीमान् ।

(३०९) न्या : सरकारी काव्या मार्फत आएको भए हुन्थ्यो नभए त अहिले आएर के काम र ?

(३१०) सव : आफ्नो कुरा सुनाउन आएकी हुन् श्रीमान् ।

(३११) न्या : बकपत्र गराउन त ल्याएको होइन नि ?

(३१२) सव : छैन श्रीमान् ।

(३१३) प्रव : पछि ड्यु प्रोसेसमा सरकारी पक्षको गवाहका रूपमा आइ हाल्छ नि ।

(३१४) न्या : अहिले जबरजस्ती करणीको नयाँ कानुन अध्यादेश आएको छ नि यसमा यसै बेला उपस्थित गराउन सक्ने व्यवस्था भा छ नि त विद्वान् ।

(३१५) प्रव : हजुर हजुर श्रीमान् ।

(३१६) न्या : यसरी आ हो कि भनेर सोध्या ।

(३१७) सव : होइन श्रीमान् ।

**पाठ ११**

जिल्ला प्रहरी कार्यालय परिसर, हिरासतको बाहिर पट्टि ज. क. मुद्दाको अभियोग लागेका अभियुक्त / प्रतिवादी, उनका आफन्त र कानुन व्यवसायी बिचको वार्तालाप ।काव्या मुद्दासँग सम्बन्धित प्रश्न सोध्दै छन् । अभियुक्त जवाफ दिइरहेका छन् । ( यसमा २ जना सहभागी वक्ताहरू रहेका छन्, जसमा कानुन व्यवसायी र प्रतिवादी )

(३१८) काव्या : कसरी यो घटना घट्यो ? बताइदिनु होस् न ।

(३१९) प्रवा : कसरी भन्ने कसरी भन्ने ।

(३२०) काव्या : हाम्लाई के अभियोग लगाको छ ?

(३२१) प्रवा : जबरजस्ती करणी ।

(३२२) काव्या : म कानुन व्यवसायी । तपाईलाई भेटिदिनु पर्यो भनेर तपाईको भाइले भनेर आको । तपाईको यहाँ बयान भयो कि भएको छैन ?

(३२३) प्रवा : भैसक्यो ।

(३२४) काव्या : तपाईले बयान गर्दा खेरि साविती गर्नु भो कि इन्कारी गर्नु भो ?

(३२५) प्रवा : इन्कारी ।

(३२६) काव्या : इन्कारी बयान गर्नु भा छ । बयानमा हेरेर सही गर्नु भा छ ?

(३२७) प्रवा : हेरेर गरेको छु ।

(३२८) काव्या : अब तपाईलाई चै फेरि आज म्याद थप हुन्छ होइन ? सामान्यतया २४ दिनमा मात्र अदालतमा बयान गराउन लैजान्छन् । अब ९ गते २४ दिन पुग्ने रहेछ । त्यहाँ गएर बयान गरेपछि न्यायाधीशकोमा तपाईको बयान हुन्छ । याँको बयान र त्याँको बयान मेल खानु पर्छ हैन त्याँ तपाईले दुइजना साक्षीको पनि नाम भन्नुपर्छ । नाम नागरिकतामा मिल्ने हुनु पर्छ । यो गरेको होइन, यो मान्छे असल चालचलनको छ त्यस्तो काम गर्ने उसको चरित्र होइन फसाउनका लागि यस्तो आरोप लगाएको हो भनेर डटेर बोलिदिने मान्छे साक्षी राख्नु पर्छ है ।

(३२९) प्रवा : हामी पट्टिको ?

(३३०) काव्या : तपाई पट्टिको । है । तपाईलाई बयानका लागि अदालतमा लगेपछि तपाईंसँग हामी भेट गर्न पाउँछौ लामो कुराकानी गर्न पाइन्छ । तपाईहरू दुई जनाकै बयान एउटै हुनु पर्छ नि बाजिनु हुदैन । फलानो चै गयो म चै गइन, फलानोले चै यस्तो कार्य गऱ्यो मैले चै यस्तो गरिन भन्नु हुँदैन ।

(३३१) प्रवा : हस् (मुन्टो हल्लाउँछन्) लजाएको भावमा ।

(३३२) काव्या : एउटाले बोलेकामा अर्को सिद्धिन्छ नि । ती आरोप गर्ने महिलाले पछि आएर मलाई यस्तो गरेको होइन, मलाई डर धाक धम्की दिएर उजुर गर्न लगाएका हुन् भनेर भनिदिइन् भने सफाइ हुन्छ । त्यो प्रयत्न गर्नु पर्छ ।

(३३३) काव्या : त्यस दिन तपाईहरू त्यही बस्नु भा थ्यो ?

(३३४) प्रवा : त्यही बसेका थियौ । हामी दुईभाइ नै एउटै खाटमा सुतेका थियौँ नि ।

(३३५) काव्या : त्यसले कसरी लाई त यस्तो आरोप ।

(३३६) प्रवा : अर्को दाइ आउनुहुन्छ । वहाँलाई अस्तिदेखिको कुरा थाहा छ । वहाँले नै सबै गर्नु हुन्छ ।

(३३७) काव्या : यहाँ बयान लेख्दा सरहरूलाई भन्नु । सरहरूले लेखिदिनु हुन्छ आफ्नो इन्कारी बयान । साक्षीहरूको नाम सम्भी राख्नु । तपाईका मान्छेले भन्दा पनि त्यै केटी जल्ले तपाईलाई आरोप लाकी छे नि त्यसैले अदालतमा आएर चै त्यसले यहाँ कागज गरेकी हुन्छे त्यसलाई अदालतले बोलाउँछ, त्यो सरकारी पक्षको गवाह हुन्छ । उल्ले तपाईको पक्षमा यल्ले यस्तो कार्य गरेको होइन भनिदिई भने वा अहिले नै त्यस्तो बयान गरिदिन्छु भन्ने प्रतिवबद्धता जाहेर गरी भने हाम्लाई सहज हुन्छ । कृष्बहादुर महरा सरको जस्तो छुट्न सकिन्छ । महरा सर छुटेकै त्यही कारणले हो । ती महिलाले होइन यस्तो कार्य भएकै थिएन भनी लिखित मौखिक बयान गरिन् अनि छुटे । महरा सरकै जुक्ती अपनाउनु होला । आफ्नै श्रीमतीलाई त जबरजस्ती गरेकामा ५ वर्ष कैद हुन्छ अहिले कानुनमा अनि । त्यसले गर्दा खेरि यसमा तपाई निरास पटक्के नहुनुहोस् यो धेरै मान्छेलाई परेको कुरा हो । यसमा होइन भन्ने प्रमाणित भएर निस्के पछि अभ्र पक्को बन्नु हुन्छ त्यो पो त कुरा त ।

(३३८) प्रवा : हस् ।

(३३९) काव्या : अर्को साथीलाई पनि सम्भ्राउनुहोस् त्यसरी ।

(३४०) प्रवा : धरौटीमा छुट्न पाइन्छ होला ।

(३४१) काव्या : धरौटीमा छुटेर तारिख पाउनुभो भने त राम्रो भै हाल्यो नि । थुनछेकमा तपाईलाई थुनामा पठाइदियो भने चै गारो हुन्छ । त्यसका लागि प्रयत्न गर्नु पर्छ । त्यो केटीले पनि बयान कागज गरिहोला ।

(३४२) प्रवा : त्यसको भयो होला ।

(३४३) काव्या : केटी चै कहाँकी रहिछे ?

(३४४) प्रवा : खोइ कहाँकी हो घर गाउँ नै थाहा छैन । खोइ यता पूर्वतिर हो कि ?

(३४५) काव्या : होटलवालाकोमा त्यही बस्ने रहिछे ।

(३४६) प्रवा : होइन त्यहाँ बस्ने होइन ।

(३४७) काव्या : विवाहित हो ?

(३४८) प्रवा : विवाहित हो ।

(३४९) काव्या : छोरा छोरी पनि छ ?

(३५०) प्रवा : छोरा छ । एउटा ।

(३५१) काव्या : त्यसको बुढा के गर्छ ?

(३५२) प्रवा : था छैन ।

(३५३) काव्या : तपाईको अर्को दाइ भन्नुभो अर्को काव्या राख्नु भा छ कि छैन त ?

(३५४) प्रवा : वहाँ दाइले म खोज्छु भन्नु भा छ ।

(३५५) काव्या : ठिक छ जो राखे पनि । म त तपाईको आफन्तको छिमेकी भएकाले के रहेछ सहयोग गर्न सकिने रहेछ भने जाऊँ न त भनेर आएको । ठिक छ ।

पाठ १२

**बैङ्किङ कसुर मुद्दाको समस्या लिएर एकजना महिला (श्रमिक) पक्ष काव्याको मा समस्या लिएर आएकी छिन् । काव्या सामु आफ्ना समस्या बताइरहेकी छिन् । काव्या प्रश्न तथा समाधानका उपाय बताउदै छन् । उनी सामान्य कानुनको जानकार तर कानुनी उपचार र त्यसको प्रभावका बारेमा जानकार छैनन् । सामान्य आर्थिक अवस्था तथा शिक्षित नारीका रूपमा आफ्ना समस्या बताइरहेकी छिन् ।**

( यसमा २ जना सहभागी वक्ताहरू रहेका छन्, मुद्दाका पक्ष र कानुन व्यवसायी )

(३५६) काव्या : लु भन्नु ।

(३५७) पक्ष : सर मेरो बैंकसँग रिलेटेड हो हैन । त्यो ब्ल्याक् लिस्ट परेको, होइन ।

(३५८) काव्या : कस्को तपाई कै कि ?

(३५९) पक्ष : हजुर ।

(३६०) काव्या : अँ ।

(३६१) पक्ष : त्यो पहिला एकचोटि युवा स्वरोजगार सम्बन्धी सरकारले समूह बनाएर पैसा दिने भन्दै थ्यो हैन त्यसमा चै मेरो फुपूको छोरीहरू भनौ न दिदी अनि वहाँहरूले चै मलाई के भन्नु भो भने साछी मत्रै बस्ने हो भनेर नागरिक्ताहरू लगेर अनि त्यसमा राख्नु भा थ्यो मलाई अनि चै पछि त्यो रिन वहाँहरूले पाउनु भयो रिन चुक्ता नहुने यता बैंकतिर गाभ्देछ क्या, अनि ब्याङ्कले चुक्ता नभए पछि ब्ल्याक लिस्टमा पार्दियो ।

(३६२) काव्या : दिदी भिनाजुको ब्ल्याक लिस्ट पार्दियो ?

(३६३) पक्ष : होइन सप्पैको । मेरो लगायत सप्पै समूहको खोइ बाइस पच्चीस जना कति जना छ रे, मलाई चै साछी मत्रै भनेर राख्नु भा थ्यो । मैले चै उता इलामको जग्गा प्रोसेस गरेर त्यो मैले बिजिनेसको लागि लोन झिक्न लागेको थैँ ।

**पाठ १३**

बेन्चमा न्यायाधीश बसिरहनु भएको छ । जबरजस्ती करणीका प्रतिवादी/अभियुक्तको बयान सकिएर अभियुक्त कठघरामा उमिइरहेका छन् । स काव्या र न्यायाधीशका बिच संवाद चलिरहेको छ । पीडित (बलाकृत भनिएकी महिला) को बयान थुनछेकको बयान भन्दा पहिले गर्ने कि पछि गर्ने भन्ने विषयमा कुराकानी हुँदैछ ।

( यसमा ३ जना सहभागी वक्ताहरू रहेका छन्, जसमा न्यायाधीश, सरकारी वकिल र प्रतिवादीका कानुन व्यवसायी )

(३६४) सव : (महिला) : श्रीमान् नमस्कार ।

(३६५) न्या : यसमा अभियोगका साथ पीडित पनि आको छ काव्यासाब ?

(३६६) सव : पीडित लिएर आएकी छु श्रीमान् ।

(३६७) न्या : अब यसपछि के छ त ? प्राक्टिसमा नआएको विषय त ? अब उसको (पीडितको) बकपत्र गराएर थुनछेकको बहस गर्ने गऱ्या छ कि के छ त ?

(३६८) सव : श्रीमान् मैले नै १ नं. श्रीमान्कोमा पेश गरेको एउटा मुद्दामा प्रतिवादीको बयान गराए पछि थुनछेकको आदेशमा नै तत्काल पीडितको बयान गर्ने आदेश भयो र भोलिपल्टै बयान भयो श्रीमान् ।

(३६९) न्या : भने पछि थुनछेकको भोलिपल्ट ?

(३७०) सव : थुनछेकको आदेश पछि श्रीमान् ।

(३७१) न्या : त्यसो हो भने थुनछेकको आदेशमै पीडितको यस दिन बकपत्र गराउनु भनेर आदेश गर्नु पऱ्यो ?

(३७२) सव : श्रीमान् । श्रीमान् ।

(३७३) न्या : थुनछेकको आदेश पछि सोही दिन पीडितको बयान हुने भयो होइन ? (प्रतिवादीको काव्या तिर फर्कदै ) हँ काव्यासाब यस्तो प्राक्टिस पो हुने भयो त ?

(३७४) प्रव : मैले पनि ललितपुर जि अमा एउटा मुद्दामा बहस गरेको थिएँ श्रीमान् । त्यसमा प्रतिवादीको बयान भयो त्यसपछि तत्काल पीडितको बयान भयो त्यसपछि थुनछेकको बहस भयो श्रीमान् ।

(३७५) सव : एक नम्बर श्रीमान्ले पहिले थुनछेकको बहस गरौं त्यसपछि पीडितको बयान गरौं भन्नु भयो । आदेश नै त्यही अनुसार भयो अनि त्यसै गरियो श्रीमान् ।

(३७६) प्रव : हाम्रो अहिलेको फौजदारी कार्यविधि नियमावली २०७५ ले के भन्छ भन्दा श्रीमान् अभियोग पत्र साथ पेश भएका प्रतिवादीको बयान गराउनु पर्ने र अन्यको पनि बयान

गराउनु पर्ने भनेको छ भन्दा के भयो भने श्रीमान् प्रतिवादीको बयान समाप्त भएपछि थुनछेकको आदेश गरेर सोही आदेश बमोजिम पीडितको बयान गराउनु पर्ने हुन्छ ।

(३७७) न्या : त्यो चै काँ निर भन्छ मैले अघिदेखि त्यही खोजिरा क्या ?

(३७८) प्रव : यो चै श्रीमान फौजदारी कार्याविधि नियमावलीमा भएको व्यवस्था हो अब यहाँको चलन अनुसार चल्नु पर्ने भो श्रीमान् कानुन भन्दा पनि चलन हेर्नु पर्ने भो ।

(३७९) न्या : अरूले गरेको भन्दा पनि हामीले आफ्नै अदालतले जे गरेको हो त्यही अनुसार गर्नु परो नि ।

(३८०) प्रव : मैले भने नि कार्यविधि त्यही हो । सिस्टम के छ त्यसमा जाऊँ श्रीमान् ।

(३८१) न्या : यो भनेको कार्यविधिमा अझ प्रस्ट्याउनु पर्ने हुन्छ ।

(३८२) प्रव : मैले निवेदन के गर्न खोजेको भने प्रतिवादीको बयान गरेर पीडितको पनि बयान भएपछि थुनछेकको बहस गर्ने हो भने आदेश गर्न अझ क्लियर हुने थियो भन्ने हो श्रीमान् ।

(३८३) न्या : (सरकारी काव्यातर्फ फर्कदै) त्यसो गर्न सकिन्छ ?

(३८४) सव : त्यो छैन । श्रीमान् त्यसो गर्न मिल्दैन ।

(३८५) न्या : (प्रतिवादीतर्फ संकेत गर्दै) वहाँलाई तारेख तोक्छौं, अब वहाँलाई उता ( थुनामा बस्नका लागि जेल) जान पर्ने भो भने यहीबाट जानकारी दिएर पठाउँछौं बाहिर निस्किनु भो भने तारेख तोक्दिन्छौं भोलि, कन्टिन्यु हुने भयो यो पनि आज थुनछेक हुने भो भ्याइयो भने

(३८६) सव : आज थुनछेक हुने त्यही सँगसँगै

(३८७) न्या : आज थुनछेक हुने भो भ्याइयो भने नभए भोलि, पहिले थुन छेक अनि त्यही आदेशमा अभियोगसाथ पेश भएको जाहेरबालाको बयान गराउने । कार्यविधि पस्ट छैन भन्ने देखियो, यल्लाई सँगसँगै लैजाने कि थुनछेक पछि गर्ने भन्ने अझै कार्यविधि पस्ट

देखिएन । काव्यासाबले भन्याजस्तो पनि पस्ट छैन । ललितपुरले अपनाको ललितपुरले अपनाउने भो हामीले अपनाएको हामीले ।

(३८८) प्रव : अभियोगसाथ पीडितलाई पनि उपस्थित गराउनु पर्ने देखियो

(३८९) न्या : अभियोगमा स्पष्ट रूपमा भन्दिनु पऱ्यो नि ।

(३९०) सव : अभियोगमा उल्लेख छ श्रीमान् लास्टमा समावेश गरेको छु । मैले लेखेरै उपस्थित गराएकी छु । याँ छ श्रीमान् ( अभियोगपत्र न्यायाधीशलाई देखाउँदै )

(३९१) न्या : मलाई देखाइ रहनै परेन । त्याँ सम्म पुग्नु भएन कि के हो काव्या साब ?

पाठ १४

**जबरजस्ती करणी मुद्दाका प्रतिवादीकी आमा (४५ वर्ष उमेर, आर्थिक अवस्था निम्न) सँग कानुन व्यवसायीले गरेको संवाद । आमालाई मुद्दाका बारेमा कानुन व्यवसायी विभिन्न जिज्ञासा राखेर कुराकानी गरिरहेका छन् ।**

( यसमा २ जना सहभागी वक्ताहरू रहेका छन्, जसमा प्रतिवादीकी आमा र कानुन व्यवसायी )

काव्या : याँहाले चै यो घटनाको सुरुको दिन छोरोको समस्या हजुरले कसरी था पाउनु भो ? कहिलेबड यस्तो समस्या ( ज.क गऱ्यो भन्ने) देखापऱ्यो ? उधेरका बिच रिलेसन कस्तो थियो ? हजुरलाई बताको थ्यो नि पक्कै पनि छोराले ?

(३९२) आमा : छैन ।

(३९३) काव्या : थिएन, बताको थिएन ?

(३९४) आमा : थिएन ।

(३९५) काव्या : अनि तपाईलाई छोरोले बदमासी गऱ्यो भन्ने लाग्छ कि ?

(३९६) आमा : लाग्दैन हजुर । केटीले नै फसाको हो । मेरो छोरो सोझो छ हजुर । ऊ निर्दोष छ ।

(३९७) काव्या : किनभने पहिला चै म तिमीलाई माया गर्छु प्रेम गर्छु आदि इत्यादि भनेर सँग खाने सँगै बस्ने अनि पछि केही लोभलालचमा परेर जाहेरी दिने काम गरेको देखिन्छ । अनि हजुरलाई पनि त बताएको होला नि छोरोले ?

(३९८) आमा : अहँ यो बारेमा मलाई केही था छैन । बताएको छैन हजुर मलाई केही थाहा छैन ।

(३९९) काव्या : अनि कसरी थाहा पाउनु भयो त ?

(४००) आमा : मैले फोन गरेँ । छोरो घर आएन । के भयो भनेर फोन गर्दा एकै चोटि दरबार मार्गको एस पीले फोन उठाउनुभयो र तपाईको छोरो पक्राउ परेको छ भन्नु भयो । कुन केसमा किन समाउनु हुन्छ भनेर मैले सोद्धा यसो यसो भयो भनेर त्यस्तो मुद्दाको कुरा गर्दा त भीरबाट खसेँ जस्तै भयो । यस्तो गलत नगर्ने मान्छे । अनि त्यसपछि भोलिपल्ट व्यानै गएर भेटेँ है अनि सबै कुरा बुझेँ, काष्टमन्डप होटलमा सँगै गएका, खाएका, नाचेका, टकिला, सकिला के के खाएका भन्ने सुने । त्यही होटलमा मेरो देबरको छोरा काम गर्छ कुक छ । त्यहाँ सिसि टिभी सबै छ । चाहियो भने म सबै ल्याउन सक्छु ।

(४०१) काव्या : सिसि टिभि फुटेज त ल्याएको रहेछ ।

(४०२) आमा : यिनरले आफ्नो पक्षको ल्यायो । मेरो पक्षको ल्याएको छैन ।

(४०३) काव्या : रपनि धेरै कुरा उसलाई सपोर्ट गर्ने खालको रहेछन् ।

(४०४) आमा : हाम्रो सपोटको सिसी टिभी सबै उही छन् । तर म ल्याउन सक्छु ।

(४०५) काव्या : ती डिलिट गर्न सक्छन् ल्याइ हाल्नु पर्छ ।

(४०६) आमा : भोलि नै गएर ल्याइ हाल्छु । सर ले त्यहाँको इन्सपेक्टरले भन्नु भा छ कि त्यहाँ सबै सि सि टिभि सुरक्षित छन् तपाईलाई चाहिने भए म ल्याउन सक्छु भन्नु भा छ । यो कस्तो आइलाग्यो, म त खोइ केही पनि बुझ्नै सक्दिन ।

(४०७) काव्या : केटी पनि ल्याएको छ रे त खोइ ?

(४०८) आमा : पीडित तर्फ देखाउँदै ) ऊ तै हो । मैले पनि चिनेको थिएन । म त्यही चाहन्छु कि मेरो हाम्रो तर्फको काव्याले केटीसँग पनि प्रश्न गर्न पाओस् ।

(४०९) काव्या : पाउनु हुन्छ नि त्यो त कानुनले नै दिएको छ ।

(४१०) आमा : सरकारी काव्याले मेरो छोरासँग पनि प्रश्न गरोस् । अनि त्यही प्रश्न गर्दा गर्दै त्यही साँचो र झुटो छुट्टिहाल्छ नि । छुट्टिदैन सर । गल्ती जसले गरेको छ । आइहाल्छ । महिला हो उल्लाई पनि पिडितमा नपरोस् । छोरी मान्छे हो मेरा नि दुइटी छोरी छन् ।

(४११) काव्या : अहिले महिलाको पक्षमा कानुन बनेका छन् । त्यसैले कसैलाई छुन चलाउनै हुदैन । यसमा पनि न्यायाधीशले विवेकको प्रयोग गर्नु होला । न्याय अन्याय छुट्याउनु होला ।

**पाठ १५**

अदालतमा जबरजस्ती करणीका प्रतिवादी बसिरहेका छन् । इजलासमा न्यायाधीश बसेर काव्याहरूको बहस सुनिरहेका छन् । सरकारी काव्या र प्रतिवादीका काव्या आआफ्ना बहस पैरवी प्रस्तुत गरिरहेका छन् ।

( यसमा ३ जना सहभागी वक्ताहरू रहेका छन्, जसमा न्यायाधीश, सरकारी वकिल र प्रतिवादीका कानुन व्यवसायी )

(४१२) सव : श्रीमान् ( काल्पनिक नाम रमेश ) को जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी बिरेन अग्रवाल भएको जबरजस्ती करणी मुद्दामा वादी नेपाल सरकारको तर्फबाट थुनछेक बहसको क्रममा उपस्थित भएको छु । प्रस्तुत मुद्दामा म प्रतिवादी उपर मुलुकी फौजदारी अपराध संहिताको दफा २१९ को उपदफा १ विपरीत र २ मा वर्णित कार्य प्रतिवादीले गरेकोले २१९ को ३ को देहाय ६ अर्थात १६ वर्ष वा सोभन्दा बढी र १८ वर्ष भन्दा कम उमेरकी महिलालाई जबरजस्ती करणी गरे तसर्थ अभियोग मागदावी बमोजिम सजाय होस् भन्ने छ । अहिले थुनछेकको प्रयोजनका लागि श्रीमान् फैसला

कार्यान्वयनमा सहजता होस् पीडितले न्यायको महसुस गरोस् र प्रतिवादीको उपस्थितिको सुनिश्चितता होस् भन्ने समेतको उद्देश्य रहन्छ श्रीमान् । र यहाँ आदेश गरिरहँदा अहिले तत्काल प्रमाणहरूले मिसिल आबद्ध भएका डकुमेन्टहरूले कसुरदार हुन सक्ने सम्भावित आधारहरू, मनासिब आधारहरू छन् छैनन् तिनका आधारमा थुनछेक गर्नु पर्ने अवस्था रहँदा मेरो निवेदन श्रीमान् यी प्रतिवादीका हकमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६७ को २ (ख) को स्थिति रहेको हुनाले थुनामै राखेर मुद्दाको कारवाही गर्न निवेदन छ श्रीमान् ।

(४१३) अब प्रस्तुत् मुद्दामा हुन सक्ने सजाय हेर्दाखेरि श्रीमान् ३ वर्ष भन्दा बढी कैद सजाय हुन सक्ने मुद्दा रह्यो । र यी प्रतिवादीका हकमा हेर्दा यी प्रतिवादी नेपाल सरहदका होइनन् श्रीमान् त्यसैले यी प्रतिवादी भागेर जान सक्ने हुनाले कानुनी व्यवस्थाका परिधिमा रहेर यिनलाई थुनामा नै राख्नु पर्ने अवस्था छ । फेरि यी प्रतिवादीले पीडित महिलालाई होटलको कोठामा बोलाउने, मुख थुन्ने र करणी गर्ने जस्ता कार्य गरेका प्रमाण अभियोग पत्रका साथ प्रस्तुत भएका तथा मेडिकल रिपोट पनि सोही अनुसारको हुँदा यी प्रतिवादीलाई तत्काल प्राप्त प्रमाणका आधारमा थुनामा नै राखेर मुद्दाको पुर्पक्ष गर्नु पर्ने अवस्था भएको हुनाले थुनामा राखी मुद्दाको पुर्पक्ष गरी पाऊँ ।

(४१४) न्या : काव्या साब यसमा थुनछेक र सजायका सम्बन्धमा नयाँ कार्यविधिले के भन्छ ? त्यो स्पष्ट पारौँ न ।

(४१५) सव : श्रीमान् यसमा मुलुकी फौजदारी कार्यविधिले भने अनुसारकै कार्यविधि अपनाउनु पर्छ । अहिलेको अध्यादेशले यस सम्बन्धमा केही भनेको छैन श्रीमान् ।

(४१६) प्रव : श्रीमान् म यस मुद्दामा प्रतिवादीको तर्फबाट थुनछेक प्रयोजनार्थ बहस गर्न उपस्थित भएको छु । आज थुनछेक भएको हुनाले पहिले यो कार्य भयो कि भएन भन्ने तर्फ पस्ट पार्न चाहन्छु श्रीमान् । मेरो पक्ष श्रीमान भारतीय नागरिक नै हुन् । उनी व्यापारका शिलशिलामा यहाँ (.......) आएका थिए श्रीमान् । मासिक अठार सय तिरेर यहाँको होटलमा बस्थे श्रीमान् । उनी बसिरहेका हुन्छन् श्रीमान् । उनी बसिरहेको अवस्थामा

नचिनेको नम्बरबाट फोन आउँछ ती फोन गर्ने व्यक्ति यी पीडित भनिएकी महिला नै पहिला मेरो पक्षलाई फोन गर्थिन् । अनि फोन गरेर व्यापारिक गफ छ भनेर बोलाउथिन् । मेरो पक्ष तिनले बोलाए पछि जान्छ श्रीमान् । होटलका म्यानेजर बुझिएका मान्छे रहेछन् । यिनले पनि बयान गर्दा के भन्छन् भने श्रीमान् होटलमा बसेर यी दुबै जना रेस्टुरेन्टमा बियर खाइरहेका थिए भनी बयान गर्छन् । अनि त्यस सिलसिलामा बार्गेनिङ पनि हुन्छ श्रीमान् यिनीहरू बिचमा । र मेरो पक्षले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा मैले पढ्न दिएन । मैले नपढीकन सिग्नेचर गरेको हो । म हिन्दी भाषी भएकोले नेपालीमा लेखिएको बयान पनि मैले बुझिन भनेर अदालतको बयानमा खुलाएको छ श्रीमान् । तथापि मेरो पक्षले अधिकार प्राप्त अधिकारीसँग गरकौ बयानमा जाहेरबालको यो जाहेरी झुट्ठा हो मैले चाहि केही गरेको छैन भनेर बयान गरेका छन् । सम्मानित अदालतमा बयान गर्दा पनि श्रीमान् मेरो पक्षले विपक्षी र म मेरो कोठामा गएको होइन मैले विपक्षीलाई जबरजस्तीी गरेको छैन बाहिर रेस्टुरेन्टमा भेट भएको हो । जाहेरीको व्यहोरा झुटो हो विपक्षीलाई मैले छोएको पनि छैन । त्यस्तो मान्छे म होइन, मैले त्यस्तो गल्ती गर्दिन भनेर मेरो पक्षले अदालतमा बयान गरेको अवस्था छ श्रीमान् । र फौजदारी अपराध जस्तो गम्भीर अपराधमा कार्य भयो कि भएन भनेर हेर्दा श्रीमान् यो डक्टरी रिपोटले पनि धेरै कुरा क्लियर गर्दछ श्रीमान् । यो परोपकार प्रसूति अस्पतालको रिपोर्ट अनुसार श्रीमान् पीडित भनिएकी व्यक्तिको शारीरिक र मानसिक अवस्था सामान्य देखिन्छ निजको कन्या जाली पुरानो च्यातिएको देखिन्छ नयाँ होइन, निजको बुट्टे रंगको पेन्टी फोरेन्सिक जाँचका लागि पठाइएको छ भन्ने रिपोट यो परोपकार प्रसुति सेवाको रहेको छ श्रीमान् । यहाँ अर्को रिपोर्ट यौनजन्य आपराधिक परीक्षण प्रतिवेदनमा पनि छ जसमा पीडितको भनेको रिपोटमा हाइमेन ओल्डटियर भन्छ श्रीमान् । लिबिया मेजोरा भनेको छ । स्कलन भित्रै भयो भनेको छ । शारीरिक घर्षण भएको छेन । यी पीडित भनिएकीको भनाइ र मेडिकल रिपोर्ट का आधारमा मेरो पक्ष अहिले नै दोषी छन् भन्ने नदेखिने हुनाले मेरो पक्षलाई नोमिनल धरौटीमा राखी तारेखमा राखी मुद्दाको पुर्पक्ष गरी पाऊँ ।

पाठ १६

**जबरजस्ती करणी मुद्दाका प्रतिवादी र काव्या अदालत परिसरमा भेट हुन्छन् । काव्यासँग प्रतिवादीले आफ्ना गुनासा र जिज्ञासा राख्छन् ।**

( यसमा २ जना सहभागी वक्ताहरू रहेका छन्, जसमा प्रतिवादी र प्रतिवादीका कानुन व्यवसायी )

(४१७) प्रवा सर यो मुद्दा अब कति समयमा सकिन्छ ?

(४१८) प्रव : हिजो आदेश भएको मेडिकल रिपोट जति छिटो आँउँछ त्यति नै छिटो सकिन्छ ।

(४१९) प्रवा त्यो आदेश कति समयमा आउन सक्छ ?

(४२०) प्रव : त्यो त भन्न सकिदैन । अदालत, पुलिसको काम हो । हामी आफै दौडधुप गर्‍यौं भने छिटो पनि होला । अदालतकै बाटो हेर्दा त लाग्न सक्छ २,३ महिना ।

(४२१) प्रवा मेरो पहिलेको वकिलले मलाई किन ढाँटेको ( रिसाउँदै) हिजो मेरो परिवारसँग अब सात दिनमा सकिन्छ भन्यो रे । यो मुद्दा उसैले बिगारेको हो सर ।

(४२२) प्रव : शान्त भावमा ) वहाँले रिपोट आएपछि ७ दिनमा भन्नु भा होला ।

(४२३) प्रवा (रिसाउँदै, झोक्किदै) सब यो त्यही वकिलको काम हो । उसैले मलाई फसाको हो । यो उजुर गर्नु भन्दा पहिले नै धेरै बार्गेनिङ भएको थियो । त्यो आइमाइले मागेको पैसा दिएको भए म यसरी जेलको कालकोठरीमा पस्नै पर्दैनथ्यो । सबै त्यही काव्याको काम हो ।

(४२४) प्रव : त्यसो नभन्नु होस् । वहाँले पनि धेरै प्रयत्न गर्नु भएको रहेछ । मैले मिसिल हेरें । त्यही हो त्यो केटीले तपाईको पक्षका बयान गरिदिएको भए राम्रो हुन्थ्यो । तपाईको पक्षमा प्रमाण छन् । फेरि त्यो रिपोर्टमा केही छेन वा रिपोटमा केही देखिएन भनेर आउने सम्भावना छ त्यसैले तपाईलाई राम्रै हुन्छ नआत्तिनुस् ।

(४२५) प्रवा मैले गरेको भए पो रिपोट आउँछ त सर यो सब मलाई फसाउन गरेको काम हो । ( रिसाउँदै) म निस्कुन त्यसको जान्याछ -( दाह्रा किट्दै)

(४२६) प्रव : ठिक छ जति गन्थन गरेपनि यही हो । तपाईले यहाँ भित्र बस्दा निस्कने मात्र होइन म सात वर्ष यही भित्र बस्नु पनि पर्न सक्छ भन्ने मानसिकता बनाउनु होला । भरसक हामी प्रयास गर्छौ । हाम्ले पनि त्यही मिसिल भित्रबाट बोल्ने हो । सफाइ पाउनु भयो भने राम्रो । प्रयास गरौंला ।

(४२७) प्रवा (निरास मुद्रामा) म सड्ने भएँ यही सर । मलाई जसरी भए पनि निकालिदिनु पऱ्यो । म त बर्बादै हुन्छु ( रुन खोज्दै) मलाई सजाय भयो भने म त यही मर्छु होला सर ( हातजोड्दै) जसरी भएपनि सफाइ दिलाइदिनु परो सर ।

(४२८) प्रव : हुने सम्म प्रयास गर्ने हो । यो मुद्दा तपाईको भए पनि काव्याले आफैलाई परेको ठानेर काम गर्ने हो । हेरौं । लहै त फेरि पनि भेट्न आउँला ।

पाठ १७

**कलछली मुद्दाका पक्ष र काव्याका बिच कुराकानी भइरहेको छ । मुद्दाका पक्ष एकदमै अतालिएका छन् । उनी मुद्दाका बारेमा काव्यासँग कुराकानी गरिरहेका छन् र आफू कसरी मुद्दाबाट मुक्ति पाउने भन्नेमा चिन्तित छन् । पहिले पनि राजश्व छलीको मुद्दा चलिरहेको अवस्थामा अदालतबाट फेरि अर्को मुद्दाका बारेमा बुझ्न भनेर फोन आए पछि थुनामा परिने वा धेरै रकम धितो राख्न पर्ने र धितो राखेर तारेखमा बस्न नसक्ने डरले अत्यन्त अत्तालिएका छन् । ओठ मुख सुकेका छन् । रातभर अनिदो जस्तो अनुहार लगाएका छन् ।**

( यसमा २ जना सहभागी वक्ताहरू रहेका छन्, प्रतिवादी र प्रतिवादीका वकिल )

(४२९) **प्रवा : (निराश, हतास हुँदै** ) सर मलाई फेरि अदालतबाट फोन गरेर ल्यायो । म अब जानु पर्छ कि पर्दैन ? सर नै जाइदिनु परो । म गएँ भने उतै समातेर राखो भने के गर्नु । मलाई त मरुँ मरुँ लाग्न थाल्यो ।

(४३०) प्रव : (सम्झाउने शैलीमा हप्काउँदै) धत् त्यस्तो पनि हुन्छ । कति आतिनु भा । यसरी आतिनु हुन्छ ? तपाईले ज्यान मार्नु भा हो र ? अनैतिक काम गर्नु भा हो र ? लेखा परीक्षण त गर्नु भा हो नि । नआत्तिनु होस् ।

(४३१) **प्रवा :** सर अस्ति पनि पाँच लाख बुझाएर निक्ले अब फेरि कति माग्ने हो ? म त मर्ने भएँ ।

(४३२) प्रव : (सम्झाउँदै ) तपाईलाई फेरि मुद्दा परेको छ छैन टुंगो भएकै छैन । तपाई पैसा बुझाउने कुरा गर्नु हुन्छ । नआत्तिनु होस् । मुद्दा परेर तपाईलाई अदालतबाट म्याद आयो भने मात्र अदालत जाने हो । फोनका भरमा कोही अदालत जान्छ ? तपाई त्यतिकै आत्तिनु हुन्छ । (रिसाउँदै)

(४३३) **प्रवा :** सर बुझिदिनु पर्‍यो हजुरले । आजै बुझिदिनु पर्‍यो । मलाई किन बोलाएको हो ?

(४३४) प्रव : ल ल आज बुझौला । तर तपाईका कामका लागि मेरो समय जान्छ नि खर्च लाग्छ । मैले पनि अरू मान्छेलाई लगाउनु पर्छ ।

(४३५) **प्रवा :** सर हजुरको दुख सास्ती त दि हाल्छु नि । अहिले यति ल्याएको छु ( पाँचवटा हजारका नोट काव्याको हातमा राखिदिदै ) । हजुरले पार लाइदिनु परो ।

(४३६) प्रव : ल ल भरे ४ बजे तिर फोन गर्नु होला ।

**पाठ १८**

अदालतको इजलास, न्यायाधीश मुद्दाका पक्षलाई मुद्दा मिलाउन भन्दै छन् । मुद्दाका पक्षले कुरा नबुझेका कारणले न्यायाधीश सम्झाउदै छन् भने पक्षका काव्या पनि न्यायाधीशसँगै पक्षलाई सम्झाउदैछन् ।

( यसमा ३ जना सहभागी वक्ताहरू रहेका छन्, जसमा न्यायाधीश, मुद्दाका पक्ष र कानुन व्यवसायी )

(४३७) न्या : (पक्षतिर हेरेर सम्झाउँदै) तपाईको मुद्दामा सबै कुरा सर्बोच्चले बोल्या छ । अब के गर्नु पर्‍यो र ? कि. नं. ४४६ तपाईहरू तीन दाजुभाइको संयुक्त नाममा भएको अरूलाई अंश नलाग्ने भनेको छ । अरू सम्पत्ति ९ अंश लाग्ने भनेको छ । अब म यो भन्दा धेरै गर्न सक्दिन । अब के गर्नु पर्‍यो ? भन्नु होस् ।

(४३८) पक्ष : हजुर त्यो ४४६ को जग्गा बाडिनु भएन । त्यो मैले खान पाउने गरी फैसला गरेर ल्याइडिन परो । त्यो ३ भाइलाई नबाडी मलाई मात्र चाहियो भनेको हजुर ।

(४३९) न्या : खोइ मुद्दामा त यसो भनेको छैन । सर्बोच्चको फैसला बदर मात्र माग गरेको छ । म

त सर्वोच्चको फैसला भन्दा त गर्न सक्दिन । तपाईहरूले कुरै बुझ्नु भा छैन । ( काव्यातिर फर्कदै) ए काव्या साब कुरा बुझाउनु भएन । कि काव्या साबले पनि बुझ्नु भा छैन ?

(४४०) काव्या : श्रीमान् मैले वहाँहरूलाई पहिले नै भनेको । अब श्रीमान् मिसिलमा जे देखिन्छ आजै फैसला होस् ।

(४४१) न्या : ल ल म आजै हेर्छु । जानु होस् । तपाईको ४४६ कित्ता नम्बरको जग्गा अरू अंशीयारलाई बाडिदैन । तपाईहरू तीन भाइको संयुक्त हुन्छ ।

(४४२) पक्ष : हस् हजुर (नमस्ते गर्दै विदा हुन्छ) ।

**पाठ १९**

अदालत परिसरभित्र दुईजना व्यक्ति कुराकानी गरिहेका छन् । प्रहरीले पक्राउ गरेर हतकडी लगाएर ल्याएका मानिसहरूतिर हेर्दै कुराकानी गरिरहेछन् ।

( यसमा ३ जना सहभागी वक्ताहरू रहेका छन्, जसमा कानुन व्यवसायी र मुद्दाका पक्षका आफन्त २ जना बिचको संवाद )

(४४३) महिला : आइज मसँग बस् । तैले सामान पाउँछस् अनि लिएर जा भनेर होला ।

(४४४) पुरुष : होइन ।

(४४५) महिला : अब त्यो त अदालतले भन्छ नि सही गलत के हो त ।

(४४६) काव्या : जिज्ञासा राख्दै ) के मुद्दा रछ ?

(४४७) महिला : मेरो साथीको भाइ क्या । नुवाकोटमा होटलमा च्या खाएर सँगै बसिराख्या रे । चरेस बेच्ने मान्छे सँगै बस्या भेर ऊलाई पनि समात्यो ।

(४४८) अर्की महिला : सँगै बसे पछि त समातिहाल्छ नि फसायो भन्न मिल्छ र ।

(४४९) पुरुष : उलाई पनि आरोप लगायो ।

(४५०) काव्या : सँगै बस्ने उलाई था नहुन सक्छ नि । साथी साथी नहुन पनि सक्छन् नि ।

(४५१) महिला : था थेन ।

(४५२) काव्या : अब उल्ले याँ आएर तो कुरा भन्नु परो । मलाई यो बारेमा था छैन । उनीहरूलाई मैले यही मात्र चिनेको हो । अघिदेखि चिनेको छैन भन्नु परो ।

(४५३) महिला : चिनेकै साथी चै त्यस्तो बेकामे काम गर्दो रछ नि ।

(४५४) काव्या : कुरा बनाउनु परो । त्यसो भनो भने हुन्छ नभा त फस्यो । त्याँ उसको बयान भैसक्या छ ?

(४५५) महिला : खोइ भोलि हो कि कहिले छ र उसको बयान ।

(४५६) काव्या : धेरै जाना होलान् । धेरै जना भएपछि बयानमा समय लाग्छ । अनि न्यायाधीशका पुग्छ । फेरि लागु औषध मुद्दा कडा हुन्छ । त्यसका मात्राका आधारमा हुन्छ ।

(४५७) महिला : चरेस रे ।

(४५८) काव्या : त्यो चरेस कति पक्डेको छ त्यसमा भर पर्छ । थोरै पक्डेकोलाई अलिक कम सजाय हुन्छ । धेरै पक्डेको लाई अलि धेरै सजाय हुन्छ । कानुन व्यवसायी राख्नु भा होला नि वहाँहेरुले । कानुन व्यवसायीहरूले सिकाइहाल्नु हुन्छ नि के गर्दा उपयुक्त हुन्छ । के गर्दा अनुपयुक्त हुन्छ ।

(४५९) महिला : जति बुढा भएपनि आफ्ना छोरछोरी सानै देखिन्छ ।

(४६०) काव्या : एक अर्कालाई पोल उजुर गरे भने चै नराम्रो हुन्छ । यसले ल्याएको उसले ल्याएको भनेर एक अर्कालाई पोल उजुर गरे भने चै सबै फस्छन् ।

(४६१) महिला : जुन गल्ती गर्ने मेन मान्छे ले नै यो न्यायालयमा आएर साँचो भनो भने त ठिकै हो । यसमा मेन मान्छेकै गल्ती छ ।

पाठ २०

**जिल्ला अदालतमा विचाराधीन जबरजस्ती करणीको मुद्दामा पीडित १६ वर्षीय महिला अदालत परिसर बाहिर बसिरहेकी छिन् । उनीसँग कानुन व्यवसायी (महिला) ले घटनाका बारेमा सोधपुछ गरिरहेकी छिन् । पीडित अलि निन्याउरो अनुहार लगाएर आफ्ना पीडाका कुरा सुनाइरहेकी छिन् ।**

( यसमा २ जना सहभागी वक्ताहरू रहेका छन्, जसमा कानुन व्यवसायी र पीडितका बिचको संवाद रहेको छ । )

(४६२) काव्या : तपाई कति वर्षकी हुनु भयो ?

(४६३) पीडित : सोर ।

(४६४) काव्या : कति कक्षामा पढ्नु हुन्छ ?

(४६५) पीडित : ११ को जाँच दिएको अब कक्षा १२ पड्ने ।

(४६६) काव्या : तपाईको घरमा को को हुनुहुन्छ ? बुबा आमा के गर्नु हुन्छ ?

(४६७) पीडित : (सुक्क सुक्क रुँदै) म सानै हुँदा आमाले छोडेर अर्को बिहे गरेर जानु भको रे । बुबाले कान्छी आमा ल्याउनु भएपछि कान्छी आमाले मलाई हेला गर्लिन् भनेर बुबाले नै खुमलटारमा हुने मेरो फुपुको छोरा दाजुसँग ल्याएर राखिदिनु भको हो । दाजुले नै मलाई पढाउने, हेरचाह सबै गर्नु हुन्छ । अहिले दाजु भाउजु र सानु भाइ छ ।

(४६८) काव्या : अनि यी प्रतिवादी (जसले तपाईलाई यस्तो कार्य गऱ्या ) सँग कसरी भेट भयो ?

(४६९) पीडित : सानागाउँमा छिमेकी दिदीकी छोरी सपना राईको डेरा छ । भेनाजु गाडी एक्सीडेन्ट भएर बित्नुभो । सपना दिदीले मेरो दाजुसँग साथीका लागि बहिनी पठाइदिनु भन्नुभाको, त्यही भएर एक महिना अगाडिदेखि सपना दिदीको डेरामा दिदीसँगै बसेर त्यही बाट पढ्दै गर्दा यो मान्छे दिदीको आउदा चिनजान भयो ।

(४७०) काव्या : अनि उसले (प्रतिवादी) ले तपाईमाथि यस्तो काम (करणी) कसरी गऱ्यो ?

(४७१) पीडित : म सपना दिदीसँग बसेर पढ्दै गर्दा दिदी बिरामी परिन् अनि माइत गएर उपचार गराएर अलिदिन माइत बसेर आउन भनेर कात्तिक १४ गते काठमाडौँको बसपार्क गएर बस चढी माइत गइन् । म दिदीलाई गाडी चढाएर कोठामा फर्कें । फर्किदा झन्डै साझको ७ बजेको थियो । म खाना पकाएर खाएर बसिरहेको , साडे आड बजेतिर कोठाको ढोका ढकढकको आवाज आयो । मैले ढोका नखोली ढोकाबाट च्याााएर हेर्दा ती सधैँ आउने मान्छे रहेछन् । मैले चिनेको मान्छे ठानेर ढोका खोलेँ । त्यसपछि मैले किन राती आउनु भएको जानुहोस् भने । वहाँले श्रीमती आफन्त विरामीलाई खाना पुऱ्याउन अस्पताल गएकी छिन् । एक्लै भएकोले गफ गर्न आएको भने । म थाकेको छु । म सुत्छु तपाई तपाईको कोठामा जानु होस् भने । मैले त्यसो भन्दा के भाउ खाएकी नि भने । मलाई भित्र भित्र डर लाग्न थाल्यो यो मान्छेले केही पो गर्न आँटेको हो कि भनेर । त्यसपछि वहाँले किन यति चाडै सुतेको नि । एकछिन मोबाएलमा लुँडो खेलौ न भने । मैले पनि हुन्छ भनेर खेल्यौँ । खेल्ने क्रममा उनले तिमीले हाऱ्यौ भने के दिन्छ्यौ भनी सोधे । मैले के दिनु टायम पासका लागि खेलेको खेलमा भने । खेल्दा खेल्दै अनेक निहू बनाएर मेरो हात छुन थाले । मेरो कपाल सुम्सुम्याउने गर्न थाले । मलाई यस्तो मन पर्दैन भन्दा उनले म नेवारको छोरो हुँ इमान जमान छोड्दिन । म तिमीलाई खुब माया गर्छु भन्दै मलाई अँगालो हाले । मैले हात हटाउन खोज्दा उनको बलियो पकडलाई हटाउन सकिन । त्यसपछि उनले मेरो छातीमा हात लगे । मेरो स्तनमा हात राखेर माड्दै मलाई गालामा र मुखमा किस खान थाले । यत्तिकैमा म कराउन खोँजे । उसले मेरो मुख थुनी एक हातले मेरो हापपाइन्ट र कट्टु खोलेर वहाँले पनि आफूले लगाएका लुगा खोली पहिले नै उत्तेजित भएको लिंग मेरा योनीमा राखी जबरजस्ती ठेली भित्र पसाए । मलाई एकदमै दुख्यो । मेरो मुख थुनेकोले मैले चिच्याउन कराउन सकिन । त्यसपछि वहाँले लिंगलाई मेरो योनीमा केही समय बाहिर भित्र बाहिर गरेर लिंग बाहिर

निकाली तात्तातो पानी मेरो नाइटोमा झारे । म रोएँ । उसले मलाई अँगालोमा बेरेर फकायो । मोबाएल किनिदिन्छु कसैलाई नभन्नू । यदि कसैलाई भनेमा नराम्रो हुन्छ भनी मलाई फकाउने धम्क्याएर मेरो कोठाबाट बाहिर गयो ।

(४७२) काव्या : अनि त्यसपछि तपाईले के गर्नु भयो ?

(४७३) पीडित : त्यसपछि म एक्लै रुदै बसेँ । रातभर निद्रा लागेन । अब दाजुलाई कसरी मुख देखाउनु भन्ने पीर लाग्यो । मेरो जीवन वर्वाद भयो भन्ने लाग्यो । मेरो तल्लो पेट दुख्न थाल्यो पिसाब गर्दा पनि पोल्ने भयो । भोलिपल्ट बिहान केही नखाई मेरो साथीकी आमा बिना राईलाई सबै कुरा बताएँ । आमाले मेरो दाजुलाई भन्नु भएपछि प्रहरीमा उजुरी गरेका हौँ ।

(४७४) काव्या. : अनि तपाईलाई त्यस्तो काम गर्ने मान्छेले फेरि भोलिपल्ट भेट गरेन ?

(४७५) पीडित : अहँ गरेन ।

(४७६) काव्या. : तपाईले उसकी श्रीमतीलाई केही भन्नु भएन ?

(४७७) पीडित : भनिन ।

(४७८) काव्या. : तपाईको केही भन्न छ ? तपाई माथि यस्तो अपराध गर्नेलाई अब के होस् भन्ने चाहनु हुन्छ ?

(४७९) पीडित : ममाथि यस्तो काम गर्ने यस्तो अपराध गर्ने अपराधीलाई जेलको सजाय होस् ।

पाठ २१

जिल्ला अदालत परिसर भित्र जबरजस्ती करणी मुद्दाकी पीडित (२२ वर्ष/तामाङ मातृभाषी) सँग कानुन व्यावसायी (पुरुष) ले गरेको कुराकानी ।

( यसमा २ जना सहभागी वक्ताहरू रहेका छन् । यस संवादमा कानुन व्यवसायी र पीडितका बिचको संवाद रहेको छ । )

(४८०) काव्या. : तपाईको नाम के हो ?

(४८१) पीडित : मेरो नाम सुन्तली(?) तामाङ (परिवर्तित नाम) ।

(४८२) काव्या. : तपाईको घर कहाँ हो ? घरमा को को हुनुहुन्छ ?

(४८३) पीडित : मेरो घर काभ्रेपलाञ्चोक जिल्ला नमोबुद्ध न.पा. वडा नं. १० पुरानो गाउँ । मेरो घरमा बुबा आमा, भाइ र म । मेरा दिदीहरू २ जनाको पहिले नै बिहे भैसकेको छ ।

(४८४) काव्या. : तपाईको बिहे भएको छ छैन ?

(४८५) पीडित : (छैनको भावमा मुन्टो हल्लाउँदै ) ।

(४८६) काव्या. : तपाई आज अदालत किन आउनु भएको हो ?

(४८७) पीडित : मलाई सम्सेर तामाङ (परिवर्तित नाम) भन्ने मान्छेले बिहे गर्छु भनेर उसको दिदीको घरमा लगेर एकरात राखेर जबरजस्ती गरेर मेरो इज्जत लुटेर मलाई छोडी भागी गयो । मैले प्रहरीमा उजुरी गर्यो अनि पक्रेर राखेको छ अरे । अदालतमा बयान दिन बोलाकोले आकी ।

(४८८) काव्या. : तपाईले समसेर तामाङलाई कहिले कसरी चिन्नु भएको हो ?

(४८९) पीडित : ऊसँग मेरो फेसबुकमा एक वर्ष अगाडि चिनजान भको थ्यो । उसले मलाई फेसबुकमा नै तिमीसँग बिहे गर्छु । तिमीलाई एकदम माया गर्छु भनेर फकायो । म पनि काठमाडौँमा बसेर गिटी बालुवाको काम गर्थें । यत्तिकैमा म मेरी

बनेपामा बस्ने दिदी बिरामी म गाको थ्यो । म २०७६ सालको जेठको १ गते दिदीको मा गयो । म त्यहाँ गएपछि समसेरले मलाई म्यासेन्जरमा भेट गर्न आउछु भन्यो । मैले दिदीलाई यो कुरा भनिन । दिदी अलि सन्चो भएकोले मैले जेठको ४ गते अब काठमाडौं जान्छु भनी हिडे र बनेपा बजारमा नै समसेरसँग भेट भयो । त्यही दिनदेखि प्रत्यक्ष चिनजान भएको हो ।

(४९०) काव्या. : अनि तपाईले एकैपटकको भेटमा उसलाई मन पराएर बिहे गर्ने भनेर उसँग जानु भएको हो ?

(४९१) पीडित : फेसबुकमा जस्तो देखेको भेटेदा पनि उस्तै रहेछ । अनि उसले मलाई बनेपा बजारमा एकजोर कुर्ता सुरुवाल र चप्पल पनि किनिदियो । मलाई माया गर्ने रहेछ भन्ने लाग्यो । अनि गएँ ।

(४९२) काव्या. : समसेरसँग कहाँ जानु भयो ? अनि उसले के गऱ्यो ?

(४९३) पीडित : समसेरले मलाई मेरी दिदीको घर ठिमीमा छ त्यही जाऊँ, दिदीकै घरमा बस्नु पर्छ । म सबै बन्दोबस्त गरेर बिहे गर्छु भनी मलाई जेठ ४ गते साँझमा उसको दिदीको डेरामा लग्यो । मलाई कोठामा राखेपछि बाहिर निस्कन दिएन । मेरो मोबाएल पनि चलाउन दिएन । मसँग यौन सम्पर्क राख्छु मलाई एकपटक देऊ भनी फकाउथ्यो । म पहिले टिकाटालो गर अनि मात्र भनेर भन्दा पनि उसले मेरो इच्छा विपरीत जेठ ४ गतेदेखि जेठ १० गतेसम्म पटक पटक यौन सम्पर्क गरी जेठ ११ गते मलाई मेरो दिदीको घर बनेपामा पुऱ्याई त्यसपछि एकछिन बाहिर गएर आउँछु भनी बेपत्ता भयो ।

(४९४) काव्या. : समसेरले आफूलाई झुक्याएर करणी गरेको कुरा कसरी थाहा पाउनु भयो ?

(४९५) पीडित : मलाई दिदीको घरमा पुऱ्याएर एक छिन बाहिर पुगेर आउछु भनेर निस्किएको मान्छे बेलुकी पनि नफर्किएको भोलिपल्ट पनि नफर्किएको, फोन पनि स्वीच अफ गरेर राखेकोले उसले झुक्याएर मेरो इज्जत लुटको कुरा दिदीलाई बताएँ । त्यसपछि दिदीसँग बनेपा प्रहरी कार्यालय गएर जाहेरी दिएकी हुँ ।

(४९६) काव्या. : अनि कसरी कहिले पक्राउ पऱ्यो ? पक्राउ परेपछि तपाईले भेट गर्नु भयो कि भएन ?

(४९७) पीडित : पोखरा गएर लुकेर बसेको बेलामा पुलिसले पक्रेर ल्याएको रे भन्ने सुनेको हो । मैले यही अदालतमा भेटेर कुरा गर्दा उसले मलाई चिन्दिन । म बिबाहित मान्छे हो । मैले केही गरेको छैन भनेर बयान गऱ्यो रे । मलाई बरबाद बनायो ( रुँदै) ।

(४९८) काव्या. : अब अदालतले समसेरलाई के गरोस् भन्ने लागेको छ ?

(४९९) पीडित : म जस्तो सीधा मान्छेको भविष्य अन्धकार बनाउने अपराधीलाई कडा भन्दा कडा सजाय होस् भन्ने लागेको छ ।

## पाठ २२

जिल्ला अदालत परिसर भित्र जिल्ला न्यायाधीश (पुरुष) समक्ष यौन दुराचार मुद्दाका पीडित बालक (१२ वर्ष) ले गरेको बयान । निजलाई अदालतका न्यायाधीशको रोहबरमा अदालतका कर्मचारीले अत्यन्त मायालु पारामा बालमैत्री भाषाको प्रयोग गरेर प्रश्न सोध्नु भएको थियो ।

( यसमा ३ जना सहभागी वक्ताहरू रहेका छन्, जसमा न्यायाधीश, मुद्दाका पक्ष पीडित बालक र अदालतका कर्मचारी )

(५००) न्या : (बालकतिर देखाउँदै) यिनै बाबु हुन् पीडित ?

(५०१) कर्म : (उठेर अभिवादनको शैलीमा निहुरेर ) हजुर श्रीमान् ।(

(५०२) न्या : (ज.क.पीडित बालकतर्फ फर्कंदै) लौ बाबु नडराइ सबै वहाँ -(कर्मचारीतिर देखाउँदै) ले सोधेका कुरा भन्नु है । तिमीले सबै कुरा भन्यौ भने मात्र तिमीलाई नराम्रो गर्नेलाई कारबाही हुन्छ । भन्छौ नि ?

(५०३) पीडित : (स्वीकृतिको सूचक टाउको हल्लाउँदै ) हजुर भन्छु सर ।

(५०४) न्या : स्याबास्, ज्ञानी मान्छे ।

(५०५) पीडितः (मुस्कुराउँछ )

(५०६) कर्म : बाबु तपाई यी (फोटो देखाउँद) मान्छेलाई चिन्नु हुन्छ ?

(५०७) पीडित : चिन्छु नि । वाँ हाम्रै टोलको दाइ त हो ।

(५०८) कर्म : अस्ति ( मिति.............) मा यी दाइले तपाईलाई कोठामा लगेर दिशा गर्ने ठाउँमा छाडा छाडा गर्नु भयो भनेर तपाईको दाइले उजुर गर्नु भएको छ नि के भएको हो भन्न सक्नु हुन्छ ?

(५०९) पीडित : (निन्याउरो अनुहार लगाएर ) त्यो दाइसँग पहिले देखि नै चिनजान थियो । कहिले काँही हामीलाई घुम्न जाऊँ भन्नुहुन्थ्यो अनि हामीलाई मिठाइ किनेर दिनु हुन्थ्यो । अँगालो हाल्नु हुन्थ्यो । मेरो भाइ भनेर गालामा किस पनि खानु हुन्थ्यो । एकदम माया गर्नु हुन्थयो । अस्ति पनि दाइले घुम्न जाऊँ म तिमीलाई जुस किनेर खुवाउँछु आउ मेरो भाइ भनेर कपाल सुम्सुम्याउनु भयो । अनि मलाई दाइको कोठामा लग्नु भो । कोठामा पसेपछि कोठाको चुकुल लगाउनु भयो । त्यसपछि त्यो दाइले आऊ भाइ भनेर मेरो छेउमा बसी मलाई जुस खान दिनु भयो । अनि त्यो दाइले मेरो कट्टु तल सारेर मलाई पछाडि मुन्ढयाएर मेरो आची गर्ने ठाउँमा वहाँको सु सु ठाडो पारेर खाद्नु भयो मलाई एकदम दुख्यो म रोएँ चिच्याएँ । त्यो दाइलाई पछाडिबाट लात्तले दिएर म कोठाको चुकुल खोलेर भागेँ । र घरमा गएर सबै मेरो दाइलाई सुनाएँ । मेरो दाइले पुलिस लाउनुपर्छ भन्दै हुनुहुन्थ्यो ।

पाठ २३

घरको भूइतलाको एक कोठामा जिल्ला अदालतमा विचाराधीन जबरजस्ती करणी मुद्दाकी पीडित उनका बाबु र लाटी आमाका साथमा छिन् । बिहानको समय छ । बाबुलाई शोधार्थीलाई भेटेर बाबु तथा पीडितको अनुमति लिएर उक्त मुद्दाको वारदातका बारेमा बुझ्न खोज्दैछ । पीडित बालिकासँग प्रश्न गर्नु पूर्व निजको बुबासँग सोधखोजको प्रयोजन बताएपछि बाबु मन्जुर भए र निजको नाम र ठेगाना नखुलाउने शर्तमा बाबुले देख्ने गरी तर कुराकानी नसुन्ने गरी कुरा गर्न उनी मन्जुर बालिका पनि मन्जुर भइन् । बाबु पनि मन्जुर भए । त्यसपछि घरको बाहिर कम्पाउन्डको पल्लो छेउमा बसेर बालिकासँग गरिएको कुराकानी ।

( यसमा ३ जना सहभागी वक्ताहरू रहेका छन्, जसमा न्यायाधीश, मुद्दाका पक्ष अर्थात् प्रतिवादी र कानुन व्यवसायी )

( यसमा २ जना सहभागी वक्ताहरू रहेका छन्, जसमा कानुन व्यवसायी र पीडितका बिचको संवाद रहेको छ । )

(यहाँ पीडक/प्रतिवादीलाई **क** भनिएको छ ।)

(५१०) काव्या : नानी तपाईलाई केही प्रश्न सोध्छु नडराई जवाफ दिनु है । तपाईले बोल्नु भएका कुरा कतै कसैलाई बताइने छैन । भन्नु हुन्छ ?

(५११) पीडित : (स्वीकारोक्तिको भावमा मुन्टो हल्लाउछिन् )

(५१२) काव्या : तपाई यी **क**.को घरमा कहिलेदेखि किन बस्नु भएको हो ?

(५१३) पीडित : बुबा काममा जाने आमा घरमा बस्ने, यी **क** .की आमाले बिहान बेलुकी काम सघाउँछे दिउँसो नजिकैको स्कूलमा भर्ना गरिदिन्छु भनी बुबासँग मागेर मलाई एकवर्ष अगाडि लिएर जानु भएको हो । म सधैं **क** कै घरमा बस्थैं । त्यहीबाट स्कुल जान्थैं ।

(५१४) काव्या : अनि यी **क** ले तपाईलाई त्यहाँ बस्न थालेपछि कस्तो व्यवहार गर्थे ?

(५१५) पीडित : म त्यहाँ बस्न थालेको एक महिनासम्म त मलाई केही गर्नु भएन । जब बुबा आमा काममा निस्कनु हुन्थ्यो म घरमा बसेको बेलामा स्कुल जानु भन्दा पहिले स्कूलबाट आएपछि सधैँ मलाई जिस्क्याउने, माया गरेजस्तो गर्ने, शरीरमा सुम्सुम्याउने, मेरो छातीमा हात घुसार्ने गर्नु हुन्थ्यो ।

(५१६) काव्या : यसरी यी **क** ले यस्तो हर्कत गरेपछि के भन्थे ? तपाईले यो कुरा अरू कसैलाई भन्नु भयो कि भएन ?

(५१७) पीडित : मलाई यस्तो गरेपछि कसैलाई नभन्नु भनेर मलाई स्कूलजाँदा खाजा खानु भनेर पैसा दिनुहुन्यो । घरमा मेरो काम पनि सघाउनु हुन्थयो । मैले पहिला कसैलाई भनिन । पछि धेरै दुख दिन थाल्यो अनि भागेर घर गएर मेरी मिल्ने साथीलाई सुनाएँ । उसले मेरो बुबालाई भनेपछि बुबाले पुलिसमा उजुर गर्नु भयो ।

(५१८) काव्या : तपाईलाई अरू किसिमका कस्ता कस्ता व्यवहार गरे त उनले ?

(५१९) पीडित : एक महिना पछि एकदिन स्कूल बिदा थ्यो । बिहान आन्टीलाई खाना पकाउन, घर सफा गर्न सघाएँ । खाना खाएर अंकल आन्टी काममा जानु भयो । दाइ र म मात्र घरमा थियौं । म भान्सामा खाना खाएका भाँडा सफा गरिरहेको थेँ । त्यै बेला ऊ आएर मलाई पछाडिबाट च्याप्प समात्नु भयो । पछाडिबाटै मेरा दुध समातेर माड्न थाल्नु भयो । अनि गालामा किस पनि । यस्तो नगर्नु यो राम्रो होइन भनेर मैले उम्कन बल गरेँ उसले त्यसपछि छोड्नु भयो र माया पो गरेको त रिसाउनु पर्छ त भनेर कसैलाई नभन्न भन्नु भयो । मलाई कस्तो कस्तो भैरह्यो । मैले घरको धन्दा सकेर टि भि हेरेर बसिरहेको बेलामा पनि मभए ठाउँमा आएर मलाई त्यसै गर्नु भयो । मैले उम्कन खोजेँ तर सकिन । उसले मलाई त्यही लडार कराइस् भने कुट्छु भनी डरदेखाउनुभयो । अनि मेरो सुरुवाल खोलेर उसको पनि लुगा खोलेर उसको पिसाब फेर्ने ठूलो बनाएर मेरो पिसाब फेर्ने ठाउँमा छिराउन खोजनु भयो । मलाई एकदम दुख्यो । म रोएँ । उसले

बिस्तारै गर्छु भनेर फेरि २ /३ पल्ट छिरायो । तर भित्र पसाउन सकेन । मलाई एकदमै दुख्यो । मलाई सारै पीर भएपछि मैले मेरी साथीलाई यो सबै

(५२०) काव्या : यो क ले यस्तो नराम्रो काम गरेको कुरा उसका बुबा आमालाई किन नभनेको त ?

(५२१) पीडित : उसका बुबा आमा उसलाई धेरै माया गर्नु हुन्थ्यो । घरमा उसले काम बिगारे पनि मलाई नै गाली गर्नु हुन्थयो । ह्वाँहरूले नपत्याउनु होला भनेर डरले नभनेको ।

(५२२) काव्या : उसले तपाईसँग बिहे गर्छु । श्रीमती बनाउछु पनि भनेको थियो कि ?

(५२३) पीडित : थिएन ।

(५२४) काव्या : तपाईलाई प्रहरी कार्यालयमा र अदालतमा प्रश्न सोद्धा कसैले केही नराम्रो भने ?

(५२५) पीडित : प्रहरी कार्यालयमा चाहिँ पुलिस दाइहरूले माड्दा मजा भएन, छिराउँदा कस्तो भयो जस्ता अनेक कुरा भनेर मलाई गिज्याउनु भयो । मलाई मर्नु जस्तो लाग्यो । तर अदालतमा राम्रो व्यवहार भयो । वहाँहरूले नडराई सबै कुरा भन भन्नु भयो । मैले सबै कुरा बताएँ ।

(५२६) काव्या : पुलिस कार्यालयका पुलिस दाइहरूले के भने ?

(५२७) पीडित : छाडा छाडा बोले ।

(५२८) काव्या : के भने भन्न सक्नु हुन्छ ?

(५२९) पीडित : लजाएर घोसे मुन्टो लगाएर ) के मजा आयो । कस्तो हुँदो रहेछ भनेर गिज्याए । मैले सबै कुरा भन्न सकिन । के के लेखेर सही गर भने मैले सही गरिदिएँ ।

(५३०) काव्या : तपाईलाई पढेर सुनाए कि सुनाएनन् ?

(५३१) पीडितः सुनाएनन् ।

पाठ २४

जिल्ला अदालतमा जिल्ला न्यायाधीशसमक्ष जबरजस्ती करणी मुद्दाकी पीडितले गरेको बयान कागज । यसमा अदालतका सरकारी काव्याले प्रश्न सोधिरहनु भएको छ भने पीडित (वर्ष २७ की, तामाङ मातृभाषी समुदायकी) उत्तर दिइरहनु भएको छ । शोधार्थी अवलोकनकर्ताका रूपमा अदालतको अनुमति लिएर नजिकै बसेर सबै बयान टिपोट गरिरहेको छ । जिल्ला न्याायाधीश आफ्नो आसनमा बसेर बयान सुनिरहेका छन् । जिल्ला सरकारी काव्या पनि उपस्थित छन् ।

(यो संवादमा सरकारी वकिल र पीडित २ जना सहभागी वक्ता रहेका छन् । )

(५३२) सव : तपाईले प्रहरीमा यी प्रतिवादी (झारफुक गर्ने मान्छे) ले झारफुक गर्न जाँदा जबरजस्ती करणी गरे भनेर जाहेरी गर्नु भएको रहेछ । के भएको हो बताइदिनु होस् न ।

(५३३) पीडित : मो बिरामी थ्यो । देउता बिग्रेर एस्तो भएको भनेर झारफुक गर्ने मान्छेले जाति बनाउँछ भनेर म आमा र दिदीसँग झारफुक गर्ने मान्छेको डेरामा गयो । अनि मलाई झारफुक गार्छ भनेर एक्लै कोठामा थुनेर जबरजस्ती गरेकोले पुलिसलाई उजुर गरेको हो ।

(५३४) सव : तपाईलाई ती झारफुक गर्ने (प्रतिवादी) ले के गरे ?

(५३५) पीडित : साउनको २३ गते दिउँसो म दिदी र आमासँग झारफुक गर्ने मान्छेको मा गाको । आमा र दिदीलाई कोठा बाहिरै बस्न भन्यो मलाई झारफुक गर्ने मान्छेले भित्र लग्यो । मलाई भित्र लगेपछि पाहिले आँखा बन्द गरेर बस् भन्यो । एकछिन के के मन्त्र पढ्यो । मलाई आँखा बन्द गरी मुख आँ गर्न भन्यो । पानीले छर्कियो । मलाई शान्त भएर बस्न भन्यो । एकछिन पछि केही तातो तातो चिज मेरो मुखमा हालेर भित्र बाहिर गर्न थाल्यो र भन्यो आँखा नखोल म तिम्रो भूत भगाउदैछु भन्यो एकछिन पछि तातो तातो पानी जस्तो मेरो मुख भरि खस्यो आँखा खोल्दा त मेरो मुखमा उसको पिसाब फेर्ने ठाडो पारेर हालेर निकालेर सेतो पानी मेरो मुखमा पारेको देखेपछि म आत्तिएर चिच्याएँ । मलाई बान्ता भयो । म कराएको सुने पछि

दिदी र आमा कराउनु भयो । ढोका ढकढक गर्नु भयो । उसले लुगा लगाएर ढोका खोली आमा र दिदीलाई यो कुरा कसैलाई नभन्नु भनी पैसाको बिटो दियो । हामीलाई चाहिदैन तँलाई जसरी पनि कारवाही गर्छौं भनी आमा र दिदीले भन्नु भयो । त्यसपछि त्यो भाग्यो । हामीले प्रहरीमा गयो र भन्यो ।

(५३६) सव : अनि तपाईलाई आँखा बन्द गरेपछि के गर्न लाग्दैछ भनेर हेर्न मन लागेन ?

(५३७) पीडित : म बिरामी थियो । सबैले यो जान्नेले झारफुक गरेर निको पार्छ भन्ने सुनेर आकोले निको पार्न यसो गरेको होला भनेर जे भान्छ गऱ्यो ।

(५३८) सवः तपाईको अरू भन्न केही बाँकी छ कि ?

(५३९) पीडित : केही छैन ।

## पाठ २५

काव्याको च्याम्बरमा मुद्दाका पक्ष आएका छन् । काव्यासँग सम्बन्ध विच्छेदका बारेमा परामर्शमा जुटेका छन् । काव्या र मुद्दाका पक्ष बिच कुराकानी भइरहेको छ । काव्या त्यस्तै ५० वर्ष उमेरका छन् भने पक्ष लिम्बू मातृभाषी समुदायका ४५ वर्ष उमेरका छन् । उनीसँग आएका भान्जा २५ वर्ष उमेरका छन् ।

(यो संवादमा कानुन व्यवसायी, मुद्दाका पक्ष र पक्षका आफन्त समेत ३ जना सहभागी वक्ता रहेका छन् । )

(५४०) काव्या : लु के भयो भन्नु होस् ।

(५४१) पक्ष : यो मेरो भान्जा सर । दुई वर्ष अगाडि धनकुटाको केटीसँग बिहे भयो । यिनीहरू केटाकेटी बिहे गरेर त्यही चार पाँच दिन सँगै बस्यो होला । सँगै सुतेन पनि भन्छ मेरो भान्जा । लोग्नेस्वास्नीका बिच हुने केही सम्बन्ध भएन । मेरो भान्जा विदेश रोजगारीका लागि बिहे पछि जापान गयो । अहिले आएको छ । केटी तँसँग बस्दिन भन्छ । अब यिनीहरूका बिच डिभोर्स हुन्छ कि हुँदैन । डिभोर्स गर्न के पो गर्नु पर्छ ?

(५४२) काव्या : दुई वर्ष अगाडि भनेको कहिले बिहे भो ?

(५४३) पक्ष : अब वैशाख १८ गते दुई वर्ष हुन्छ ।

(५४४) काव्या : ए २०७६ साल वैशाख १८ गते बिहे भयो हैन त ?

(५४५) पक्ष : केटीसँग उसको चै फिजिकल रिलेसनसम्म पनि नभको आइलेसम्म ।

(५४६) काव्या : नाम मात्रको बिहे भए पनि र फिजिकल रिलेसन नभए पनि त्यो बिहे नै हो । बिहे भए पछि कानुनी रूपमा मात्र अन्त्य हुन्छ । त्यतिकै लोग्ने स्वास्नीको नाता सकिदैन ।

(५४७) पक्ष : केटीले पनि उलाई इग्नोर गऱ्यो । केटी पड्दै थी । के के भन्यो उसको फुपु र बाउले जापान जाने भनेर व्या गरेको रहेछ । केटोले पनि साँचै नै जापान लाने भनेर सोचेको रहेछ । अन्तिममा जापान जान पनि मिलेन । अनि केटीले उसलाई इग्नोर गऱ्यो । केटीले त्यति इन्ट्रेस गरेन । व्या पछि जापान जाने केटाले पनि लाने भनेर म्यारिज सर्टिफिकेट पनि बनायो । त्यसपछि के भएर मिलेन । केटो जापान गयो । केटीले कम्युनिकेशन नै गरेन । हिजो अस्ति भरखर केटो जापानबड आयो । आबो चै केटीले अब डिभोर्स दिन्छु भन्यो । यो भरखर हिजो को कुरा । केटी धनकुटाको केटो मोरडको । याँबड डिभोर्स गर्दा चै त्यो के टेम्पोररी रेसिडेन्सको प्रमाण चाहिन्छ रे भनेर केटोको बनायौं । आबो केटीको बनाउन बाँकी छ ।

(५४८) काव्या : मुद्दा हाल्ने कुनै एक पक्षको भए हुन्छ । केटाले हाल्ने कि केटीले हाल्ने हो त्यसमा भर पर्छ । जसले पहिले मुद्दा दायर गर्ने हो उसको भए भैहाल्छ ।

(५४९) पक्ष : होइन मुद्दा चै केटीले हाल्ने हो ।

(५५०) काव्या : मेलमिलापबाट सम्बन्ध विच्छेद गर्ने हो भने त केटैले हाल्दा पनि हुन्छ ।

(५५१) पक्ष : ए हजुर केटाले हाल्दा पनि हुने भए त केटीको बनाउनै परेन नि । त्याँदेखि आइले आएर केटीले के भन्छ भने हिजो म्यासेज गरेर के भनेछ भने तँ त केटा हो तँलाई केही हुदैन । म त केटी मान्छे हो एक पटक बिहे भए पछि

जिन्दगीभर ट्याग रहन्छ । मलाई पैसा चाहियो भनेर लेख्यो म्यासेजमा । हिजो अस्तिको दिनसम्म ठिकै छ तर आज कुरो अलि बिग्रिएको छ । त्याँदेखि उल्लाई कति पैसा चाहिएछ भनेर एकताल त सोध्नु पऱ्यो नि के मनसा हो ? त्याँदेखि फोन पनि उठाउदैन । म्यासेज पनि आछैन । यताबड पठाको म्यासेजको पनि रेस्पोन्स छैन । अब सर त्यो केटीले देओस् वा नदेओस् हामीले केस हाल्दा चैँ के हुन्छ ?

(५५२) काव्या : यो चै अलि अप्ठ्यारो हुन्छ । यसमा चै के हुन्छ भने कानुनले दुई तिनटा कन्डिसन राखेको छ केटाले हकमा । पहिलो बिहा गरेर तीन वर्ष सम्म लोग्ने स्वास्नी अलग अलग बसेका हुनु पर्छ । यसको जस्टिफिकेसन हुनुपर्छ । अब याँ तीन वर्ष भको छैन ।

(५५३) पक्ष : दुई वर्ष मात्रै हुदैछ ।

(५५४) काव्या : त्यसबाट हामी पछि पऱ्यौँ । त्यसमा हामी प्रमाण गुजार्न सक्दैनौँ । बिहे भएपछि तीन वर्ष अलग बसेको हुनुपर्ने मा न्यूनतम मापदण्ड पुगेन । दोस्रो अवस्था भनेको केटीले केटालाई शारीरिक र मानसिक क्षति पुग्ने कुनै कार्य गरेको देखिनु पर्छ । उल्लेचै गम्भीर किसिमको कुटपिट गरेको हुनुपरो ।

(५५५) पक्ष : त्यो त भएन तर मानसिक त छँदैछ ।

(५५६) काव्या : मानसिक त देखिदैन नि त । देखिने खालको हुनुपरो । केटाले हालेको मुद्दा पक्को हुदैन । केही गरी केटीले म सम्बन्ध विच्छेद गर्न मन्जुर छैन । मैले पतिलाई कुनै दुःख दिएकी छैन भनेर प्रतिउत्तर गरी भने अदालतले सम्बन्ध विच्छेद गरिदिदैन । फेरि केटीले अंशमा दावी गरी भने लोग्नेको अंशभागबाट एक अंश पाउँछे । त्यसैले पहिले केटीलाई सहमत गराऊँ अनि मुद्दा दायर गरेर सम्बन्ध विच्छेदको मिलापत्र गर्दा राम्रो हुन्छ । कानुन महिला मैत्री छ । कानुनुले पुरुषलाई ठगिरछ क्या । अन्याय चै महिलाले गर्दिन अन्यायी पुरुष मात्र हुन्छ भन्ने लाइनबाट कानुन बनेका छन् । त्यसैले अप्ठ्यारो छ ।

(५५७) पक्ष : केटीले माग्ने आधार त बिहे गरेको कारणले भयो होइन सर । ठ्याक्कै केटोको भागबाट आधा पाउने हो त ?

(५५८) काव्या : हो नि । कानुनले त्यही भन्छ । सहमतिमा उल्ले कति माग्ने हो त त्यो बुझ्नु पर्ने भो । तिमीलाई कति चाहियो खर्च सोध्नु परो नि ।

(५५९) पक्ष : सोधेको नि । पटक्कै बोल्दैन । भन्दै भन्दैन हौ सर चाहियो मात्रै भन्छ ।

(५६०) काव्या : खर्चै दिएर मेलमिलाप गरेर सम्बन्ध छोडाऊँ न त ।

(५६१) पक्ष : होइन हामीले केटातर्फबाट हाल्दा चै हुँदैन ?

(५६२) काव्या : हुन्छ तर अझै एक वर्ष पर्खिनु पर्छ ।

(५६३) पक्ष : अहिले केही उपाय छैन ?

(५६४) काव्या : म कानुनै देखाइदिहाल्छु हजुरलाई । दुबे तर्फको मिलेमतोमा मुद्दा हाल्ने हो भने चै आज बिहे गरेको आजै पनि सम्बन्ध विच्छेद हुन्छ ।

(५६५) पक्ष : होइन ऊ (केटी) त एकदम रेडी भयो । आहिले चै ङाङ्ङाङ ङुङ्ङुङ गर्न थाल्यो ।

(५६६) काव्या : कानुनले लेडिजलाई चै अंशको हक दिएको छ के सर । अंश दिएर मात्र सम्बन्ध विच्छेद गराउनु भन्छ कानुनले । सम्बन्ध विच्छेद गर्नु भन्दा पहिले अंश बण्डा गर्नु पर्ने । अंश लिन्न भनी भने चै अंश गर्नु परेन । लिन्छु भनी भने त दिनु पर्छ ।

(५६७) पक्ष : केही लिदिन गएर सही गरिदिन्छु भन्थी तर अहिले बाङ्गो बाङ्गो कुरा गर्छ ।

(५६८) काव्या : कति राम्रो कुरा फकाऊँ न फेरि एकपटक । (केटातिर फर्कदै) कस्तो बिहे गरेर पनि लभ गर्न नसकेको मान्छेले ?

(५६९) पक्ष : होइन यो बिहे गरेर जापान गै हाल्यो । केटी आफ्नो तालमा लागी ।

(५७०) काव्या : फोन गर्नु, मेरी प्राण प्यारी भन्नु यसो आनासुकी खर्च पठाउनु अनि पो माया पिरती बस्थ्यो त ।

(५७१) पक्ष(केटो) : कति फोन गरेँ गरेँ । फोन नै रिसिभ गरेन ।

(५७२) पक्ष : खोइ केटीको के हो के हो ? बुझ्नै सकिएन ।

(५७३) काव्या : केटी प्याक नै छ कि क्याहो ?

(५७४) पक्ष : बिहे गरेर फिजिकल रिलेसन सम्म पनि छैन अनि यो बिहे किन कायम राख्नु भनेर । सरले यो पार लगाइ दिनु परो । हामी केटी मनाएर लिएर आउँछौ ।

(५७५) काव्या : हस् केटी मनाएर लिएर आउनु । आउँदा केटा केटीका २ २ प्रति पासपोर्ट साइजका फोटा, बिहे दर्ताको प्रमाण पत्रको प्रतिलिपि, केटीको अस्थायी बसोबासको सिफारिस अनि केटा केटीको नागरिकता र नागरिकताको एक एक प्रति फोटोकपी लिएर आउनु । आउनुभन्दा पहिले मलाई फोन गर्नु ।

(५७६) पक्षहरू : हस हामी फोन गरेर मात्र आउँछौँ ।

## पाठ २६

जिल्ला अदालत परिसर, पीडित युवती (तामाङ मातृभाषी) र कानुन व्यवसायीका बिचको कुराकानी, युवती कानुन व्यवसायीलाई आफूमाथि कसरी जबरजस्ती करणी भयो भनेर सविस्तार बताउँदै छिन् । (यो संवादमा कानुन व्यवसयीी र पीडित २ जना सहभागी वक्ता रहेका छन् । )

(५७७) काव्या : तपाईले आफ्नै बाजेले यस्तो कार्य गर्नु भयो कारबाही गरी पाऊँ भनेर उजुरी गरेपछि बाजे पक्राउ परेर अदालत ल्याएको रहेछ । तपाईको बाजेले कसरी यस्तो काम गर्नु भयो ?

(५७८) पीडित : हाम्रो मामाघर तल र हाम्रो माथि घर थियो । हामी तलमाथि गरिरहन्थ्यौँ । माइजुले केही काम परो भने बोलाइ हाल्थ्यो हामी जान्थ्यो । भदौको महिना तिर हो बोडी गोड्न भनेर गको । यस्तो घटना घटेको दिन चै खास के भको थ्यो भने हाम्ले दिनभर चर्कै काम गरेको थ्यो । ब्यान दिउँसै खटिराखेको थ्यो । अनि बेलुकी आराम गर्ने बेलामा अलिकति थकै पनि लाग्याथ्यो, माइजुले छ्याङ राख्याथ्यो अनि

मैले आफ्नो मर्जीले माइजुलाई म अलिकति छ्याङ खान्छु नि मलाई अलि थकाइ लाग्या छ भने मैले अनि ल्यसपछि माइजुले ल न त खा काम गरेको मान्छेले खानु पर्छ भनेर माइजु ले दियो । अनि त्यसपछि मैले खाएँ त्यो छ्याङ खायो । कहिल्यै नखाको मान्छेलाई त लाग्छ अनि त्यसपछि दुई तीन जना नानीहरू पनि थ्यो मेरै मामाको छोरीहरू त्यो । बाजेको कोठामा रेड्योमा गीत बजेको थ्यो हामी त्यही गीतमा नाच्दै छ्याङ खाँदै थियो अनि बाजे पनि त्यही थियो । बाजेले मेरो यता उता छातीतिर हात लैजान थाल्यो पछाडि तिर योन अंग तिर हात हाल्ने गर्रिराखेको थ्यो (रुन थालिन् ) ।

(५७९) काव्या : पहिले पहिले पनि त्यस्तो किसिमको काम गर्नु हुन्थ्यो बाजेले ?

(५८०) पीडित : पैला चै हात मसार्ने खुट्टा मसार्ने गर्नु हुन्थ्यो । पछि असार साउनतिर चै मसँग नजिक नजिक हुने कोशिस गरिराथे ।

(५८१) काव्या : त्यसपछि के भयो ?

(५८२) पीडित : हामी रेड्योमा गीत सुन्दै नाच्दै जाँड खादै गरिराथ्यौं । नानीहरू पनि त्यौं थियो । बाजेले नाचेकै सुरमा मेरो छातीमा हात लाउने गरिराथ्यो, मैले किन यसो गरेको हुन्न बाजे यस्तो गर्न भनेर भनेँ मैले कैनी हुन्न एकै छिन त हो नि भने बाजेले । अन्त अन्त गोठाला जाँदा पनि बाजेले माग्ने । यसो गरौ भन्थे मैले हुन्न भन्थेँ । म आठ कक्षा पढेको मान्छे हो । मैले यस्तो गर्न हुन्न भनेर मैले बुझेको थेँ । त्यै भेर मैले बाजेले भनेको मानेको थिइन । पैले नमातेको बेलामा त मैले सधैँ जोगिएको थियो । म अरू कुनै केटा सँग बोल्दैन । केटासित पनि हिडडुल गर्दैन । मलाई कुनै केटाले पनि मन पराउँछ भन्दैन । म गाउँकै साथीहरूसँग बोल्छु । म घर छोडेर अन्त पनि बस्दिन । बस्यो भने मामा घरमा जान्छ । म साथीहरूको घरमा बस्ने चलन छैन । साथीले पनि बस म तिम्रो घरमा भनिदिन्छु भन्थ्यो तर म मेरो ड्याडीले कराउँछ भनेर घरै आउँथ्यो । अनि त्यसदिन हामी तेसरी खाएर

नाचिरहेको बेलामा मेरो मामाको ठूलो छोरी ८ , ९ वर्षको छ । उसले मेरो माइजु भान्सामा काम गरिरहेको बेलामा गएर भनेछ ममी ममी बाजेले त दिदीलाई हामीलाई यस्तो यस्तो गर्दै छ भनेर हाम्रो छातीमा हात हालेको कुरा भनेछ । माइजु आएर तिमी किन बाजेको कोठामा बसेको भनेर करायो त्यसपछि हामी बाहिर आएर बस्यौँ । बाजे भित्रै बस्यो । बाजेले पनि रक्सी खाएको थियो तर मैले जस्तो मात्ने गरी चै खाएको थिएन । खाना पाकेपछि माइजुले बोलायो । हात धोएर म खाना खान गयो । मैले खाना खाँदा पनि जाँड पनि खायो । खाना सँगै गरेर मैले ५, ६गिलास खायो । मलाई जाँडले झ्याम्मै लागेछ । म सुत्न जानका लागि भर्याङ चढेर माथि तलामा जानु पर्थ्यो । म जान सकेन । म त्यही तलामुनी बाजेको कोठामा सुत्यो । ममाथि बाजेले यस्तो (करणी...? ) गर्छ भनेर मलाई थाहै थिएन के ।

(५८३) काव्या : यो समयभन्दा पहिले पनि बाजेले यस्तो काम गर्न फकाउने गरेको बाजेदेखि डर लाग्ने कुरा कहिल्यै तपाईको ममीसँग गर्नु भएन ?

(५८४) पीडित : अँह मैले ममीलाई कहिल्यै सुनाएन । तर मेरो नि गल्ती थियो ।

(५८५) काव्या : अनि त्यसपछि के भयो ? त्यो दिन । तपाई सुतेपछि ।

(५८६) पीडित : माइजुको कोठा पनि तलामुनी नै थियो । म माइजुको कोठामा गएर सुतेँ । माइजुहरू सप्पै माथिको कोठामा गयो । बाजे पनि आफ्नो कोठामा थियो । म सुते पछि बाजे ममाथि आएर चढेको थाहा छ त्यसपछि के भयो थाहा भएन । भरे बिउँझिदा पनि म नसाकै तालमा थिएँ । म बिउँझिदा पनि बाजेले मेरो छातीमा हात लाउने, मेरो यौन अंगमा हात लाउने गरिराथ्यो । अनि म चिरिएर रोयो अनि त्यसपछि माइजुले मलाई लिन आयो । माइजुले मलाई उठाएर माथि लग्यो । यो घटना भदौको महिनाको हो । अनि पछि कात्तिकको महिनामा पनि बाजेले मेरो छातीमा हात लगाउने गर्‍यो ।

पाठ २७

जिल्ला अदालतमा जबरजस्ती करणी अभियोग लागेका प्रतिवादी अदालतका कर्मचारी र न्यायाधीश समक्ष बयान दिइरहेका छन् । पक्ष ४५ वर्ष (नेपाली मातृभाषी) उमेरका छन् । बेन्चमा न्याायाधीश बसेर बयान सुनिरहेका छन् ।

(यो संवादमा अदालतका कर्मचारी, प्रतिवादी (पीडक) पीडित न्यायाधीश ३ जना सहभागी छन् । )

(५८७) कर्म : जाहेरबालाले तपाईलाई दुइवटा मितिमा जबरजस्ती करणी गरेको भनेर जाहेरी दिएको छ ? तपाईले जबरजस्ती करणी गरेको फोटो र भिडियो पनि खिच्नु भएको छ भन्ने छ कुरो के हो ? बताइदिनु होस् ।

(५८८) प्रति : त्यो सबै झुठ हो सर । किनभने मलाई आरोप लगाएका मितिमा म त्यहाँ थिइन । मैले प्रुफ पनि पेश गरेको छु ।

(५८९) कर्म : अनि वाँलाई(जाहेरवालीलाई) चिन्नु हुन्छ ?

(५९०) प्रति : गाउँघरकै हो चिनिहाल्छु नि ।

(५९१) कर्म : सम्बन्ध कस्तो थियो नि ?

(५९२) प्रति : सम्बन्ध ? सम्बन्धै थिएन नि । गाउँघरको मान्छे हाम्रै घरको बाटो हिड्ने त्यतिमात्र हो ।

(५९३) कर्म : घरमा आउने जाने ?

(५९४) प्रति : तेस्तो केही थेन ।

(५९५) कर्म : जे होस् गाउँघरको सामान्य चिनजान थ्यो ?

(५९६) प्रति : अँ सामान्य चिनजान थ्यो ।

(५९७) कर्म : रिस इवि केही थियो कि ?

(५९८) प्रति : रिस इबि केही थिएन । उसले चै रिसइबि साधेको हो ।

(५९९) कर्म : उसले किन रिस इबि साधेको हो ?

(६००) प्रति : उसको जेठाजु पर्नेले मेरो पैसा लिएको थियो । गोबिन्द भण्डारीले । मैले त्यो पैसा पटक पटक माग्न जाँदा नदिएकोले त्यो पैसा पचाउने नियतले मलाई फसाउनका लागि यसो गरेको हो ।

(६०१) कर्म : त्यो मितिमा तपाई कहाँ हुनुहुन्थ्यो ?

(६०२) प्रति : २०७६। ५ । ५ मा म मेरो बनेपा बुडोलमा भएको कुखुरा फर्ममा थिएँ । २०७७ । ३।२२ मा मेरो सालो दुबईबाट आको हैन । ऊ क्वारेन्टाइनमा यही बसेको त्यही दिन भिकेर ऊसँगै ससुराली गएको हो । मेरो साथमा मेरो मिसेस पनि सँगै गएकी हुन् ।

यत्तिकैमा न्यायाधीशको प्रवेश

(६०३) न्या : अनि तपाईको कुरा के हो लौ सुनौ त (प्रतिवादीतिर फर्किएर) अनि तपाईको उता चलेको मुद्दा के भो ? पुर्पक्षलाई थुनामा बसियो ? हो ?

(६०४) प्रति : उता सकियो हजुर । सफाइ भयो । हजुर पुर्पक्षका लागि थुनामा बसेँ केन्द्रिय कारागारमा ।

(६०५) न्या : अनि यहाँ चै के हो त यो फरक हो कि उताको एउटै हो ?

(६०६) प्रति : हो हजुर । एउटै मान्छेले दुईतिर मुद्दा हालेको हो ।

(६०७) न्या : एउटै मान्छेले एउटै मितिको जाहेरी हो त ? एउटा घटना यता एउटा घटना उता भनेर हालेको ?

(६०८) प्रति : हजुर ।

(६०९) न्या : यताको घटना कहिलेको हो भनेको छ ?

(६१०) प्रति : २०७७ साल असार २२ गते ।

(६११) न्या : याँको ?

(६१२) प्रति : २०७६साल भदौ पाँच गते ।

(६१३) न्या : याँको झन पैला हो ?

(६१४) प्रति : याँको पैला भनेको छ हजुर ।

(६१५) न्या : यताको र उताको जाहेरी सँगै हालेको ?

(६१६) प्रतिः हजुर एकै चोटि नै हालेको ।

(६१७) न्या : के हो त घटना ? लु तपाईको भनाई के हो त सुनौँ न

(न्यायाधीशले इजलासमा बहस सुन्न बस्ने ठाउँमा बसेका मानिसहरूलाई देखाउँदै प्रतिवादीलाई पुन : प्रश्न गर्छन् ) वहाँहरू को नि ?

(६१८) प्रति : वहाँहरू एकजना मेरो दिदी र अर्को जना मेरो आफन्त ।

(६१९) न्या : (आदेशात्मक पारामा ) तपाईहरू यहाँ बस्न मिल्दैन । बालबालिका र महिलासँग सम्बन्धित मुद्दा अरूले सुन्न मिल्दैन, यहाँ त काव्यासाबहरू मात्र बस्न मिल्छ, यो बन्द इजलास हो । यहाँबाट बाहिर जानुहोस् है ।

(६२०) न्या : के हो त खास कुरो ? जाहेरवालालाई फोन गरेर बोलाएको भन्ने छ कुरो के हो ? बताउनु होस् ।

(६२१) प्रति : पुरै झुट छ सर किनभनेदेखि उल्ले भनेको दिनको मेरो टेलिफोनको लोकेसन हेर्दा पनि था हुन्छ । उल्ले भने ठाउँमा म गएकै छैन । उल्ले भनेको समयमा म घरमै छु । मेरो फोन घरमै उठीरहेको छ । उल्ले मलाई दिनको बार बजे रेप गऱ्यो भनेको छ । त्याँचै सातसय जना पढ्ने स्कुल छ हाइस्कुल छ । अगाडिपटि ठूलो किनारा *( किरानालाई यसो भनेको )*पसल छ । पिचरोडको घर, गाउँको बिचको घर छ सर त्यसको , सातसयजाना विद्यार्थी पढ्ने ठाउँ । म गएँहुला, गरैँ हुला रिसइबिले गरेहुला तर उल्ले कुनै पनि ऊ त गर्न सक्नु पर्ने नि तो केही पनि छेन सर । तेसैले सर यो झुठ आरोप हो सर ( न्यायाधीशसँग हात जोड्दै) उसको जेठाजु पर्नेले मेरो पैसा

लिएको रे, मैले घरी घरी माग्दा फेरि नदिएको,वर्षौ वितिसकेको लाखौं पैसा लिएको , उसाको घरपरिवार समेत साक्षी बसेर दिएको पैसा एउटा र अर्को म वडा नं.१० को सभापति पनि भएकोले पाटीगत रिसइबि पुरै अब पुरै मैले धारा पानी बनाउथे, सबै उ गर्थे, त्यस्ता काममा म अगाडि बढेको रिसबाट यो अगाडि बढ्यो भनेर । मलाई कसैको केही थिएन सर मलाई कसैको लिनु नि छैन खानुनि छैन तेस्तो बेबहार गरेर हिडको मान्छे, मेरो पैसाकै कारणले रिसइबि साधेर यस्तो भयो आज ।

(६२२) न्या : ऊ के गर्ने मान्छे हो ?

(६२३) प्रति : म कृषि नै गर्छु सर ।

(६२४) न्या : उजुरी गर्ने नि ?

(६२५) प्रति : उजुरी गर्ने नि कृषि नै गर्ने मान्छे हो । उल्ले अरूले उकासेको भरमा यस्तो गरेको । मेरो बाबाको पालादेखि नै उनीहरूले रिस गरेका त्यही रिसका कारणले यसो गरेको हो सर ।

(६२६) प्रतिः सातसयजना पढ्ने स्कुलको आमनेसामने हुने ठाउँमा जबरजस्ती हुन्छ कि हुँदैन श्रीमान् ? जुन भनेको दिन छ सर म त्यो दिन म मेरै कुखुरा फारममा बसेको छु । जुन दोस्रो घटना भएको भनेको छ तयो दिन विदेशबाट आएको मेरो सालो भाइलाई क्वारेन्टायनबाट छुटाएर मेरो नालामा भएको ससुराली मेरो मिसेसको साथमा गएको छु ।

(६२७) न्या : तपाईले यहाँ घटेको कुरा गर्दै हुनु हुन्छ कि ?

(६२८) प्रति : मैले यहीको भन्दैछु सर । त्यो दिन मैले रेउकाइमा मैले नै मेरो सालो भाइलाई बुझेर लिएर आएको प्रुफ छ सर ।

(६२९) न्या : (कर्मचारीलाई निर्देशन दिँदै) ल यो सबै कुरा मिलाएर लेखिदिनु होस् है ।

(६३०) कर्म : हस् श्रीमान् ।

## पाठ २८

लिम्बू मातृभाषी मुद्दाका पक्ष उमेर ५० वर्षका शिक्षक । आफ्नी जेठी श्रीमतीसँग अंश लगायतका मुद्दा अदालतमा विचाराधीन छन् । उनी कानुनका बारेमा धेरै जानकार छन् । कानुन स्वअध्ययन पनि गर्छन । जिल्ला अदालतले जेठी श्रीमतीलाई मुद्दाका पक्षको तलबबाट आधा मासिक १२०००। कट्टा गरी श्रीमतीको खातामा सोझै जम्मा गर्ने गरी अदालतले आदेश गरेपछि उनी आफ्ना काव्यासँग टेलिफोनमा कसरी श्रीमतीलाई मासिक रकम नदिने उपाय ल्याउन सकिन्छ भनेर टेलिफोनमा छलफल तथा कानुनी उपचारका बारेमा कुराकानी गरिरहेका छन् ।

(यो संवादमा कानुन व्यवसायी र निजका पक्ष वा प्रतिवादी २ जना सहभागी वक्ता रहेका छन् । )

(६३१) पक्ष : सर करणीमा श्रीमान श्रीमतीका बिच सम्बन्ध कतिसम्म रहने भनेर लेख्या रछ नि । सम्बन्ध विच्छेदको मुद्दा परिसकेपछि श्रीमान श्रीमतीको सम्बन्ध भएको मानिने छैन भनेको रहेछ नि सर

(६३२) काव्या : कतिमा व्यवस्था गर्या छ त्यो ?

(६३३) पक्ष : त्यो करणीको महलमा छ सर । परिच्छेद अठार ।

(६३४) काव्या : फौजदारी अपराध संहितामा ?

(६३५) पक्ष : करणीको महलमा । त्यो महललाई प्रयोग गरेर रिट दिन सकिन्छ कि भनेर नि ।

(६३६) काव्या : ए रिटमा जानु परो ?

(६३७) पक्ष : अनि घरेलु हिंसा त होइन नि अब घरेलु हिंसा गरेको छैन ।

(६३८) काव्या : त्याँ के आदेश गरो त अनि ?

(६३९) पक्ष : त्यै त बारहजार पो बुझाउने गरी आदेश भयो नि सर ।

(६४०) काव्या : बारहजार बुझाउने भनेको चै बार हजार मानाचामल ?

(६४१) पक्ष : अँ मानाचामल, तलबबाट नै काटेर पो पठाउन भनेर पो आदेश गरो त सर ।

अनि सम्बन्ध विच्छेदको मुद्दा परिसकेपछि श्रीमान् श्रीमतीको सम्बन्ध हुँदैन भने पछि पनि मैले पैसा दिनु पर्ने हो र सर ?

(६४२) काव्या : अनि अंश मुद्दा परेपछि मानाचामलमा दावी गरेपछि श्रीमतीलाई मानाचामल त भर्नु परिहाल्छ नि । अनि आफूले बिहे गरेकी श्रीमतीलाई खर्च दिन्न भन्न मिल्दैन नि ।

(६४३) पक्ष : तै त त्यो त निर्णय पछाडि सम्बन्ध विच्छेदको फैसला पछाडि अथवा कुनै पनि फैसला पछाडि निर्णय हुने होला नि त ।

(६४४) काव्या : अैले चि के तलब बडै भराउने भन्या छ ?

(६४५) पक्ष : अँ अँ हो तेसो भन्या छ ।

(६४६) काव्या : अनि तलबबडै काट्न थालिसको ?

(६४७) पक्ष : हैन त्याँ स्कुलले जानकारी गराइ सक्या छ अनि तलबबड काटिन्छ भन्या छ ।

(६४८) काव्या : ए त्यसमा चिँ तपाइको रिटमा जाने कि कसो गर्ने भन्ने तपैँको कुरो ।

(६४९) पक्ष : अँ हजुर सर । रिट हालेर त्यो तलबबड काट्ने गरेको आदेश रोक्नु परो सर ।

(६५०) काव्या : तपैँको त्यो मानाचामल भराउने आदेश के भएको रहेछ हेरौ मलाई पठाइदिनु न त ।

(६५१) पक्ष : हुन्छ सर हस् ।

(६५२) काव्या : मेरो मेलमा पठाइदिनु न ।

(६५३) पक्ष : हुन्छ सर ।

(६५४) पक्ष : श्रीमान् श्रीमतीको सम्बन्ध रहने छैन भनेर त लेख्या छ अब त्यो सम्बन्ध विच्छेदको मुद्दा परिसकेपछि भनेको छ त ।

(६५५) काव्या : ए कानुन त व्यापकै पढिसक्येछ त ?

(६५६) पक्ष : अँ होइन अनि सम्बन्ध विच्छेदको मुद्दा हालिसकेपछि घरेलु हिंसा मुद्दा लगाएर माना चामल भराउनै मिल्दैन अनि पढ्नुपरो नि सर ।

(६५७) काव्या : तेसो भए तीँ उच्च अदालतमा हाल्नु पर्छ । जिल्ला अदालतको आदेश विरुद्ध त्यहीको उच्च अदालतमा उजुर हाल्ने हो ।

(६५८) पक्ष : त्यो अस्ति लेखाउन त लगाको थ्यो त्यो कस्तो कस्तो पो भयो । जिल्लाको आदेश बदर गराउने भनेर । फेरि जिल्लाको आदेश नै सदर भयो भन्ने सुनेको हो सर ।

(६५९) काव्या : हामी मानाचामल भराउने आदेशका विरुद्धमा उच्च अदालत गयौं ?

(६६०) पक्ष : गयौं गयौ सर ।

(६६१) काव्या : अनि के आदेश सदर गर्द्यो ?

(६६२) पक्ष : सदर गराउँछ होला भन्दै थ्यो । अहिले फोन बिजि भएर होला अहिले कन्ट्याक भको छैन । सदर गराउछन् नै होला भनेर भनिराथ्यो ।

(६६३) काव्या : तपैको समस्या भनेको चै मानाचामल कसरी नदिने भन्ने बनाउने हो होइन ?

(६६४) पक्ष : हजुर ।

(६६५) काव्या : म त्यहाँका सर सँग ( उच्च अदालतमा मुद्दा हेरिरहेको पक्षको अर्को काव्या) सल्लाह गर्छु के गर्न सकिने रहेछ गरौंला नि । मलाई त्यो आदेश चै पठाइ दिनु न ।

(६६६) पक्ष : हुन्छ सर ।

पाठ २९

**अदालतको इजलाशमा न्यायाधीश आफ्नो आसनमा बसेर बहस सुनिरहेका छन् । वादी नेपाल सरकार र प्रतिवादीका तर्फबाट कानुन व्यवसायीहरू बहस पैरवी गरिरहेका छन् । प्रतिवादी पछाडि बसेर कानुन व्यावसायीहरूको बहस सुनिरहेका छन् ।**

(यो संवादमा सरकारी वकिल र प्रतिवादीका वकिल र न्यायाधीश ३ जना सहभागी वक्ता रहेका छन् । )

(६६७) काव्या : श्रीमान् म शारदाबतासेको जाहेरीले नेपाल सरकार वादी भएको जबरजस्ती करणी मुद्दामा म वादीको तर्फबाट थुनछेकको प्रयोजनमा बहस पैरवी गर्न उपस्थित भएको छु । सर्व प्रथम यी जाहेरवालीले भक्तपुरमा जाहेरी गरेपछि महानगरीय प्रहरी परिसर भक्तपुरले मिति.को पत्रबाट मुद्दा अगाडि बढेको देखिन्छ श्रीमान् । यी प्रतिवादीले जाहेरवालीलाई जबरजस्ती करणी गरेको भनी स्पष्ट रूपमा चारकिल्ला खुलाएर घटनास्थल प्रकृति मुचुल्का गरेको छ । र यो घटनाको सन्दर्भमा श्रीमान् यी पीडितका पतिले बयान गर्दा पत्नीले बिष सेवन गरेर अस्पताल पुराएपछि होसमा आएपछि किन बिस सेवन गरेको भनेर सोधनी गर्दा उनले यी प्रतिवादीले जबरजस्ती करणी गरेको र पटक पटक नगरे फोटो र भिडियो हालिदिन्छु भनी धम्क्याएको कुरा जुन जाहेरवालीले जाहेरीमा उल्लेख गरेकी छिन् त्यही हुबहु व्यहोरा पतिले पनि बयानमा खुलाएका छन् श्रीमान् म यसलाई रिपिट गर्दिन । उनले जाहेरीमा भनेको वेहोरामा मिति २०७६।५।५ मा मलाई मेरै घरमा आएर करणी गरेपछि फेरि मिति २०७७।३।२२ मा मलाई फोन गरेर बोलाइ २३ गतेका दिन पनि मलाई करणी गरेको हो भनेर उल्लेख गरेको र सोही अनुसार बयान कागजमा उल्लेख गरेको अवस्था छ । त्यस्तै जीवन अधिकारीले गरिदिएको घटना विवरण कागजमा पनि यी प्रतिवादीले यी पीडितलाई आफ्नै घरमा र पटक पटक करणी गरेको कुरा खुलाइदिएका छन् श्रीमान् । यी सम्पूर्ण प्रमाण कागजका आधारमा यी प्रतिवादी उपर मुलुकी

अपराध संहिताको दफा २१९ को १ र २ बमोजिमको कसुर गरेको देखिँदा निज प्रतिवादीलाई यही संहिताको दफा २१९ को ३ को ङ बमोजिम सजाय गरी २२८ बमोजिम क्षतिपूर्ति समेत दिलाई भराई पाउने मागदावी समेत वादी नेपाल सरकारको तर्फबाट सम्मानित अदालतमा अभियोग पत्र पेश भएको अवस्था र आजै यी प्रतिवादी सम्मानित अदालतसमक्ष हाजिर भई यी प्रतिवादीले अदालतमा बयान गर्दा खेरि आफ्नो उमेर त्रिचालिस बर्स र ५।५ गते बुडोलमा कुखुरा फारममा थिएँ र तीन बाइस गते सालो विदेशबाट आएको थियो र उसलाई लिएर ससुराली गएको थिएँ अर्थात् म कसुरदार होइन र म तो घटनास्थलमा थिइन भनेर यी प्रतिवादीले एलिबिको जिकिर लिएको देखिन्छ श्रीमान् समग्र रूपमा हेदाखेरि चै । अब यी प्रतिवादीको अवस्था यी प्रतिवादील अदालतमा इन्कार गरेजस्तै अवस्ताको हो या यी प्रतिवादी तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिन्छन् भन्ने सन्दर्भमा मिसिल संलग्न कागजात हरूको विश्लेषण गर्दा श्रीमान् यो मुद्दामा श्रीमान् पाँच पाँच गते वारदाद भएको छ । पाँच पाँच गते वारदात भैसके पश्चात् यी पीडितको भनाइ अनुसार करणी लेनदेन गर्दा पीडित प्रतिवादी श्रीमान् एकतीस वर्षकी छन् र दुइटा उमेर पुगेका मानिसहरू भएको हुदाखेरि यो रेप होइन भन्ने कुरा पनि पछि विपक्षी विद्वान मित्रहरूबाट आउन सक्ने हुँदा त्यो कुरालाई म शुरुमै के निवेदन गर्छु भने श्रीमान् पीडितले जबरजस्ती भनिराको अवस्थामा तो विमती हो भन्ने कुरा स्पष्ट रूपमा देखिन्छ श्रीमान् र तो कुरालाई कुनै मान्य हुदैन श्रीमान् । यी महिलाको जिउ ज्यान माथिको सार्वभौभसत्ता निज महिला माथि छ यदि उनको सार्वभौमसत्ता र उनको चेस्टीटी (Chastity) माथि कसैले बिना इच्छाले त्यातिखेरको डर धाक दवाब कर बल आदि इत्यादी प्रयोग गरेर यो कर्म गर्छ भने उमेरका कारणले मात्र यिनले उन्मुक्ती पाउने सम्भावना हुँदैन श्रीमान् र उनले प्रस्ट रूपमा राज्यको आफूलाई अन्याय भएको विषयमा कारबाही गर्ने अथोरिटेटिभ निकायमा उजुरी

मलाई चै जबरजस्ती सँग भयो भन्ने बाट यो सहमतिजन्य करणी हो भनेर मान्न सकिने अवस्था देखिदैन नम्बर एक श्रीमान । र श्रीमान् यिनले ब्ल्याकमेल पनि गरे श्रीमान् । यिनले ब्ल्याकमेल कसरी गरे भने एकचोटि गरिसके पश्चात फेरि पुनः त्यही कुरो देखाएर यिनलाई आउन बाध्य पारियो श्रीमान् । यिनी म गएँ भन्छिन् श्रीमान् । फोन गरेर बोलाइ सकेपछि तो ठाउँमा एउडा कुनै प्रुडेन्ट म्यान हुने हो भने पनि त्यसरी बनाइसकेको अवस्थामा त्यसरी प्रमावमा पारेको अवस्थामा आउनु पर्ने बाध्यता क्रिएट हुन्छ । यो सामान्य समझको विषय हो श्रीमान् । मोबाएलमा सारा कुरा राखीसकेको छ अब आइनस् भने तलाई म यसो गर्छु र उसो गर्छु भनिसकेपछि एउडा मान्छे परिबन्धमा परेर आफ्नो इज्जत, मान मर्यादा र प्रतिष्ठाका खातिर अघिल्लो घटनामा त ऊ पसेकै थ्यो । पछिल्लो घटनामा पनि यही कुरालाई क्वाइन गर्दै उल्ले पटक पटक शोषण गर्न थालिसकेपछि अति सर्वत्र बर्जयेत भनिन्छ श्रीमान् त्यसकारण यिनलाई अति गर्न थालेपछि दोस्रो चोटि क्राइम भैसकेपश्चात् यिनले उजुरी हालेको स्पष्ट रूपमा देखिन्छ श्रीमान् । र यो मुद्दामा श्रीमान् यिनले स्पष्ट रूपमा मलाई जबरजस्ती भएको भनी भनेको र उनका पतिले पनि उनले भनेको कुरा आएर स्पष्ट रूपमा यी प्रतिवादीले कसुर गरेको कुरा व्यक्त गरेको र यिनले, आर्को कुरो के देखिन्छ भने श्रीमान् इनकेस २३ गते पोइजन खानु पर्ने एउडा जीवन बाँच्ने जीजिविषा भएको महिलाले पोइजन खानु पर्ने कारण किन आयो ? ठ्याक्कै २३ गतेको काम भएको छ श्रीमान् । त्यसबाट पनि यिनी कति प्रताडित रहिछिन् भन्ने कुरो इनले उपचार गर्न गएको र यिनी यस्तो क्रिटिकल अवस्थामा रछिन् विभिन्न अस्पताल हुँदै तेस्रो अस्पतलमा गएर यिनी उपचार भएर यिनी डिस्चार्ज भएर आएको अवस्था छ । के बिचमा अरू कुरा केही भएका थिए भनेर तो मिसिलबड देखिदैन र पछि आएछ भने त्यसको म उपयुक्त र युक्तिसँगत जवाफ दिने नै छु श्रीमान् । र बुझिएका मान्छे श्रीमान् जीवन अधिकारीले पनि स्पष्ट रूपमा कागज गर्दिएको

अवस्था छ र जहाँ सम्म रेप मुद्दामा श्रीमान् कसैले पनि देख्ने कुरा हुदैन यसमा डाइरेक्ट विटनेस भनेको पीडितै हो श्रीमान् । र भनिन्छ श्रीमान् पीडितको शरीर नै स्वयम् घटनास्थल हो । यसकारण पीडितले भनेको भनाइ, आफ्नो पतिलाई समेत दाउमा राखेर यस्तो यस्तो यस्तो हो भनेर स्पष्ट रूपमा किनभनेदेखि मलाई फलानाले रेप गऱ्यो भनेर हतपति महिलाले पतिलाई सुनाउदैन किनभने बाँकी उसको भोलिको जीवनसँग सम्बन्धित प्रश्न हुने छ सँगसगै श्रीमान् यो त महिलाको शारीरिक, मानसिक, सामाजिक, आर्थिक, सांस्कृतिक सम्पूर्ण अधिकारमाथिको अपराध हो श्रीमान् । साइक्लोजिकल इफेक्ट ठूलो हुन्छ भनिन्छ श्रीमान् र राइट टु चेस्टिटी भनेर हाम्रो कानुनले पनि ज्यादै उचो दर्जामा राखेको छ तो फन्डामेन्टल भोइसको पनि हनन हो श्रीमान् रेप भनेको । यी प्रतिवादीले अदालतमा बयान गर्दा इन्कार भए, इन्कार हुँदा यिनले के भनेदेखि सवाल जवाफ दुईमा तीन बाइस गते सालो बिदेशबाट आएको थियो मलाई ससुराली नाला उग्रचन्डी गई त्यही बसी चौबिस गते फर्केको । दोस्रो वाारदात भएको भनिएको दिन म बुडोल कुखुरा फारममा थिएँ , बुडोल र त्यसको कुखुरा फारम कतिपनि फरक छैन श्रीमान् मेक्सिमम आधी घन्टामा जान सकिने ठाउँ त्यसकारण यो एलिबि पत्यार लायक छैन । र होइन भन्ने कुरालाई बस्तुनिष्ट तथ्ययुब्त प्रमाणले पुष्टि गरेको अवस्थामा मात्रै होइन हुन्छ नभए होइन आफै होइन हुदैन श्रीमान् । यिनले बुडोलमा सालोको कुरा गर्छन् श्रीमान् तर यो सालोको कुरो याँ साक्षीमा कतै देखिदैन । यदी त्यस्तो थ्यो भने त साक्षीमा त सालोको कुरो राख्नु पऱ्यो नि । काइ पनि देखिदैन । यसकारण यिनको यो भनाइ पनि प्रतीतलायक देखिदैन श्रीमान् । एउडा हाम्रो महत्त्वपूर्ण भनाइ छ “ जसले जुत्ता लगाउँछ त्यसलाई मात्र थाहा हुन्छ कि त्यो जुत्ताले कहाँनिर दुखाउँछ भनेर ” यिनलाई अति दुखेको कुरो स्पष्ट रूपमा याँ देखाइराखेको छ । जहाँसम्म भक्तपुर जिल्ला अदालतबाट सफाइ लिएको फैसलाको सन्दर्भको कुरो पनि लिइएको छ , यो इस्यु र त्यो इस्यु फरक

हो श्रीमान् त्यसकारण त्यहाँ सफाइ पायो भनेर यहाँ सफाइ पाउँछ भनेर पनि हाम्राा कानुनले बोलेको पाइदैन । यो मुद्दामा एउडा उमेर पुगेकी मान्छे छिन् । उमेर पुगेकी मान्छेलाई जुन मेडिकल रिपोटबाट केही पनि देखिएको छैन भने आउनु स्वाभाविक हो श्रीमान् । यदि आएको थियो भने थप प्रमाणका रूपमा हुने थ्यो श्रीमान् । त्यसकारण महिलाको भनाइ नै आधिकारिक छ । यो सन्दर्भमा कानुनी व्यवस्था हेर्दा श्रीमान् म कानुनी व्यवस्थातर्फ श्रीमानको ध्यानाकर्षण गराउन चाहन्छु श्रीमान् । यो दुइसय उन्नाइस को दुइको क को व्यवस्था आकर्षित हुन्छ । यो क मा व्यवस्था भएका कुराहरू यो मुद्दाको जाहेरी दरखास्तमा पीडितले भलिभाती रूपमा उठाएकी छिन् श्रीमान् । किनभने मलाई शुरुमा करणी लिँदा पनि त्यस्तै अनेक किसिमका डरत्रासमा पारेर करणी लियो त्यसपछिको करणी लिँदा पनि मलाई यही अनुचित प्रमाव डरत्रास आदि इत्यादिकाकारणबाट लिएको हो, म पटक पक प्रताडित भएकी छु मैले पहिलो पटकको सम्बन्ध सहन गरेकै थैँ । दोस्रो पटक आएपछि मेरो पनि धैर्यताको बाँध टुट्यो त्यसकारण मैले उजुरी गरेको हुँ भनेर प्रस्ट आफ्ना कुराहरू र तेस्रो कुरा श्रीमान् मलाई पोइजन खान सम्म बाध्य बनाइयो अर्थात् मलाई यो जीवन राख्नुको कुनै अर्थ छैन भन्ने तनाबमा भएको अवस्थामा सम्मानित एपेक्स कोर्टबाट प्रसस्त फैसलाहरू हुँदा खेरी के बोल्येको छ भने यल्ले त महिलाको शारीरिक, सामाजिक आर्थिक अवस्थामा मात्र होइन मानसिक अवस्थामा पनि ठूलो असर पार्छ भनेर बोलिएका भलिभाती निर्णयहरू रहेका र प्रस्तुत मुद्दाका सन्दर्भमा यी प्रतिवादीलाई १८ वर्षमाथिकी महिलालाई करणी गरेकोमा ७ वर्ष देखि १० वर्ष सम्म कैदको सजाय हुने गर अभियोग माग दावी लिइएको र मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ६७ ले पनि ३ वर्ष वा सोभन्दा बढी कैद सजाय हुने कसुरमा तत्काल प्राप्त प्माणबाट कसूरदार देखिने भएमा थुनामा राखी मुद्दाको पुर्पक्ष गरिनु पर्ने म्यान्डेटरी कानुनी व्यवस्था र यी प्रमाणहरूको

स्टाटस के हो भन्दा प्रमाण ऐनको दफा १८ र प्रमाण ऐनको दफा १० मा मौकामा व्यक्त गरेको कुरा प्रमाणमा लिन हुने कुरा प्रमाण ऐन २०३१ को दफा १० मा स्पष्ट रुमपा उल्लेख भएको र त्यस्तै प्रमाण एने २०३१ को दफा १८ मा अनुसन्धानका शिलशिलामा तयार भएका डकुमेन्टहरूको चै थुनछेकका प्रयोजनका लागि प्रमाणमा लिन मिल्ने कानुनी व्इवस्था भएको हुँदा यी दुईवटा कानुनी व्यवस्था र यो मुद्दामा प्रतिवादीको आफ्नो इन्कारी बाहेक र तो इन्कारी वा एलिबि जस्टिफाइ नभइरहेको अवस्थामा हुँदा अहिले हेर्दा प्राइमाफेसी रूपमा यी प्रतिवादीको एलिबिको जिकीर प्रतितलायक नहुदा खेरि यी प्रतिवादीले करणी गरेको कसूर स्थापित भइरहेको अवस्थामा यिनलार्य थुनामा नै राखेर मुद्दाको पुर्पक्ष गरिपाउन सम्मानित अदालत समक्ष सादर निवेदन र अनुरोध गर्दछु।

(६६८) काव्या : श्रीमान म प्रतिवादीको तर्फबाट बहस पैरवी गर्न उपस्थित भएको छु अनुमाति पाऊँ । श्रीमान् मुद्दाको तथ्य विद्वान सरकारी काव्याबाट आइसकेको हुनाले म संक्षिप्त रूपमा निवेदन गर्न अनुमति चाहन्छु । मेरो पक्ष प्रहरीमा आफै उपस्थित हुन गएका, सम्पूर्ण उजुरी र त्यसपछि बने बनाएका कागज प्रमाण बनावटी भएका, तथा अर्को समान अदालतले यसै वारदातका विषयमा सफाइ दिइसकेको हुनाले मेरो पक्षलाई साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गरी पाऊँ ।

(६६९) न्या : (प्रतिवादीका काव्यालाई संकेत गर्दै ) अँ यता सुन्नु होस् त प्रतिवादीले अर्को अदालतमा गरेको बयान, जाहेरवालाको बयान लगायतका कागजात छन् भने ती कागजकै पछाडि बहसका क्रममा पेश गरेको भनेर सही गरेर पेश गर्नु होस् न ।

(६७०) काव्या : हस् श्रीमान् ।

पाठ ३०

अदालत परिसरमा जबरजस्ती करणी मुद्दाका प्रतिवादी इजलासका कर्मचारीसँग बयान गरिरहेका छन् । कर्मचारी सवाल सोधिरहेका र मुद्दाका प्रतिवादी जवाफ दिइरहेका छन् ।

(यो संवादमा अदालतका कर्मचारी र पीडक (प्रतिवादी) २ जना सहभागी वक्ता रहेका छन् । )

(६७१) कर्मचारी : तपाईको यी जाहेरवालीसँग कसरी चिनजान भयो ?

(६७२) प्रवा : म मजदुर काम गर्ने मान्छे हो । म तेरथुम जिल्लाबड काम खोज्नु काठमाडौं आयो । मजदुरी काम गर्दै यतै बस्यो । म ललितपुरको धोबिघाटमा मजदुर काम गार्थ्यो, खाना खानु, खाजा नास्ता खानु एउटा होटेलमा जान्थ्यो । होटेलमा एउटी आइमाई मान्छे र उसको एउटा छोरी थियो । चिनजान भयो । आजु भन्यो भोलि भन्यो जाँदा जाँदा होटेलकी आइमाई र मेरो बीच माया पिरेम भयो । साँगै बसौ भन्यो आनि सँगै बस्यो । उजुर गर्ने आइमाई मेरो स्वास्नी हो । उसको पहिलेको लोक्नेले छोडी गएछ, छोरी पनि भाको भेर मोइले आमा छोरी साङ्गै राखेको हो । पोहिला देखिन् चिनेको होइना ।

(६७३) कर्म : तपाई अहिले कहाँ बस्दै हुनुहुन्थ्यो ?

(६७४) प्रवा : मेरो बुढी र छोरीको साथमा धोबिघाटमा नै डेरा गरी बसेको थियो ।

(६७५) कर्म : तपाईलाई आफूसँग बसेकी आफ्नै छोरीलाई जबरजस्ताी करणी ( बलात्कार) गर्नु भयो भनेर तपाईकी श्रीमतीले उजुर गर्नु भा छ नि कुरो के हो ? सबै कुरा बताउनु होस् ।

(६७६) प्रवा : (अँध्यारो र रुन्चे अनुहार लगाएर, घोसे मुन्टो लगाएर) एस्तो कुरा त सुन्नु पनि लाज लागेर आउँछा । आफ्नै छोरी मानेर दिनभर दुःख गारेको पैसोले इस्कुलमा पैसो तिरेर पढाएको छोरीलाई त्यस्तो भन्ने लाज लाग्ने काम कसोरी गर्न सक्छ ? मो त बाबु हो नि ।

(६७७) कर्म : आमा छोरीले तपाईलाई किन आरोप लगाएका हुन् त ?

(६७८) प्रवा : खोइ किन लायो लायो । उनरु नै जानुन् ।

(६७९) कर्म : तपाईलाई तपाईकी श्रीमतीले छोरी माथि यस्तो अपराध गर्यो भनेर यस किसिमको ( जाहेरी पढेर सुनाउँदै) उजुरी दिएको छ । तपाईले त आफ्नी छोरी माथि अनैतिक काम गर्नु भयो अरे नि के हो सबै कुरा भन्नु होस् ।

(६८०) प्रवा : म मेरो गाउँबड कामको खोज्न ५।६वर्ष अगाडि काठमाडौँ आयो । मैले काठमाडौँ आएर फोहोर भेला पार्ने रिक्सा चलायो । फोहोर भेला पार्दा आहिलेको मेरो स्वास्नीसँग भेट भायो । ऊ सानेपामा खाजा चियाको पसल गरेर बस्दो रहेछ । आउँदा खाजा खाँदा खाँदा माया पिरेम भयो । उसलाई पनि पहिले लोक्नेले छोडेर हिडकौ रहेछ । उसँग एउटा छोरी पनि रहेछ । मसँग माया पिरेम भएपछि हामी साँगै बस्न थाल्यो । मैले उसको छोरीलाई पनि आफ्नै छोरी जस्तो गर्यो । साँग साँगै बस्दा कहिले काहीँ हामी बुडाबुडाको झगडा परिरहन्थ्यो । एकदिन छोरीले धेरै टि भि हेर्यो पढेन किन किन टि भि धेरै हेरेको भनेर मैले गाली गर्यो । यसरी गाली गर्दा छोरी मुखमुखै लाग्यो मैले रिसको झोकमा दुइ झापड हान्यो । त्यसपछि मेरो बुढी पनि मसँग आइलाग्यो । मेरो छोरी किन कुटिस् भनेर मलाई गाली गर्यो मैले उसलाई पनि एक झापड हान्यो । म सुँगुर फारममा काम गर्ने र दिनभरको कामले थाकेर आएको अनि झगरा गरेकोले म रिसले फेरि राती नै सुँगुर फारम मा नै सुत्न गयो । त्यही बाट मलाई प्रहरीले पक्रियो । किन पक्रियो मलाई था छैन। मेरो बुडी र छोरीले उजुर गरेको छ भनेर पुलिसले भनेको हो । मैले केही गरेको छैन ।

(६८१) कर्म : तपाईले छोरीमाथि यस्तो अनैतिक कार्य (करणी) गर्नु भयो भनी तपाईको श्रीमतीले नै जाहेरी गर्नु भएको छ अनि वहाँले बयान पनि गर्नु भएको छ ? सत्य साँचो भएको कुरो केहो ? बताउनु होस् ?

(६८२) प्रवा : माइले केही पनि गारेको छोइन, तिनीहरूले मलाई उनीहरूबाड छुटाउन नभएको कुरा उजुर गारेको हो । मैले गारेको छैन ।

## परिशिष्ट ख

## नेपाली कानुनी शब्दहरूको सूची

| **शब्द** | | **अर्थ** |
|---|---|---|
| अदालत | – | न्यायाधीशबाट न्याय र अन्याय छुट्याई न्याय निरूपण गर्ने ठाउँ |
| अधिकार प्राप्त | – | फौजदारी मुद्दाको अनुसन्धान गर्नका लागि कानुन बमोजिम तोकिएका व्यक्ति अधिकारी |
| अधिवक्ता | – | कानुनमा स्नातक उत्तीर्ण गरी कानुन व्यवसायी परिषदले लिने वकिलको इजाजत पत्रको परीक्षा उत्तीर्ण व्यक्ति, कानुन व्यवसायी |
| अभियुक्त | – | फौजदारी अभियोग लगाइएका व्यक्ति |
| अभियोग | – | कसैका विरुद्धमा कुनै अपराध गरेको छ भनेर कानुनी रूपमा आरोप लगाउनु |
| अमिन | – | जग्गाको नापजाँच गर्ने व्यक्ति |
| इजलास | – | वादी र प्रतिवादीका सम्पूर्ण दावी र जिकिर सुनेर, प्रमाण हेरी जाँची न्यायाधीशले फैसला सुनाउने कक्ष |
| ऐन | – | संसदले राज्यका विविध विषयलाई व्यवस्थित गर्न बनाएको कानुन |
| कपाली तमसुक | – | कुनै एक व्यक्ति वा संस्थाले अर्को व्यक्ति वा संस्थासँग नगद ऋण लिएर ऋणको व्याजदर, तिर्ने बुझाउने भाखा समेत किटन गरी ऋण लिने व्यक्रिले ऋण दिने व्यक्तिलाई गरिदिएको कानुन बमोजिमको लिखत |

करार – कुनै पनि काम गर्न वा नगर्नका लागि दुई वा दुईभन्दा बढी व्यक्ति वा संस्थाका बिच गरिने सम्झौता

कसूर – अपराध

कागज – अदालत भित्र र बाहिर कानुन बमोजिम तयार गरिएका लिखतहरू

कानुन – राज्य सञ्चालनका लागि संसदले निर्माण गर्ने नागरिकका कर्तव्य, दण्ड र सजाय निर्धारण गरिएका दस्तावेज

कानुन व्यावसायी – कानुन जान्ने र कानुन व्यवसाय गर्न सरकारबाट इजाजतपत्र पाएका व्यक्ति, वकिल

किर्ते – झुट्ठो, बनावटी कागज वा सहीलाई केटमेट गरी परिवर्तन गर्ने वा थपघट गर्ने काम ।

जबरजस्ती करणी – मन्जुरी बेगर कानुन बमोजिम उमेर नपुगेका वा पुगेका जोसुकैलाई बल प्रयोग गरी प्राकृतिक वा अप्राकृतिक रूपमा यौन सम्पर्क गर्नु

जाहेरवाला – फौजदारी अपराधको घटना घटाउनेलाई कानुनी कारबाही गरी पाऊँ भनी उजुर गर्ने व्यक्ति

जाहेरी – कसैमाथि भएको अपराधका सम्बन्धमा अपराध घटाउने मानिसलाई कानुनी कारवाहीको माग गरी प्रहरी कार्यालयमा सबैभन्दा पहिले दिइने उजुरी

जिकिर – मुद्दाका वादीका भनाइलाई खण्डन गर्न लिइने तार्किक भनाइ वा तर्कपूर्ण बुँदा

| | | |
|---|---|---|
| चेस्टिटी (Chastity) | | सतित्व |
| तायदाती फाँटवारी | – | अंश मुद्दामा वादी प्रतिवादीले आफूसँग भएको चल अचल सम्पत्ति यति नै हो भनी पेश गर्ने विवरण |
| तारिख/तारेक | | अड्डा अदालतबाट मुद्दाका पक्ष वा पक्षको वारिस (प्रतिनिधि) लाई यस दिन अदालतमा उपस्थित हुन आउनु भनेर तोकिने दिन, |
| थुनछेक | – | सरकारवादी फौजदारी मुद्दामा पक्राउ परेका अभियुक्तलाई थुनामा राखेर मुद्दाको कारबाही गर्ने कि तारेखमा छोडेर मुद्दाको कारबाही गर्ने भनेर अदालतमा न्यायाधीशको इजलासमा गरिने बहस । |
| थुनछेक आदेश | | सरकारवादी फौजदारी मुद्दामा पक्राउ परेका अभियुक्तलाई थुनामा राखेर मुद्दाको कारबाही गर्ने कि तारेखमा छोडेर मुद्दाको कारबाही गर्ने भनेर अदालतमा न्यायाधीशको इजलासमा गरिने बहस पछि न्यायाधीशबाट गरिने आदेश । |
| दुनियावादी | – | व्यक्ति व्यक्ति बिचका सम्पत्ति र सामान्य किसिमका कसुरसँग सम्बन्धित |
| देवानी | – | सम्पत्तिसँग सम्बन्धित |
| धितो | – | अदालतको आदेश बमोजिम जमानतमा राखिने नगद वा अचल सम्पत्ति, आसामीले ऋण लिए वापत तमसुक गरिदिएर सो ऋण वापतको जमानत राखेको घर जग्गा वा सुन चाँदी । |

| | | |
|---|---|---|
| नियम | – | ऐन कार्यान्वयन गर्न राज्यले बनाउने कार्यविधि |
| न्यायाधीश | – | कुनै खास किसिमका फौजदारी र देवानी मुद्दाको कारवाही, सुनुवाई र किनारा गर्ने अधिकार प्राप्त अधिकारी |
| न्यायालय | – | न्याय पाइने घर वा ठाउँ, अदालत |
| पक्ष | – | मुद्दाका वादी वा प्रतिवादी |
| पुनरावेदनपत्र | – | तल्लो अदालतले गरेको फैसलामा चित्त नबुझेमा माथिल्लो अदालतमा गरिने उजुरी वा निवेदन |
| पुर्पक्ष | – | अनुसन्धान, छिनोफानो, छलफल, बहस |
| पेसी | – | मुद्दाको सुनुवाइ गर्न न्यायाधीश समक्ष इजलासमा मुद्दा पेश गरिने दिन वा कार्य |
| प्रतिउत्तरपत्र | – | फिरादपत्रमा गरिएको दाबीका विरुद्धमा अदालतमा दिइने जवाफी निवेदन |
| प्रतिवादी | – | वादीले अदालतमा उजुर गर्दा विपक्ष बनाइएका पक्ष - व्यक्ति वा संस्था) |
| फिरादपत्र | – | सम्पत्ति वा सामान्य किसिमका अपराध - लुटपिट, कुटपिट, गाली बेइज्जती) मा अदालतमा आफूलाई परेको अन्यायको विवरण प्रस्तुत गरी न्याय पाउनका लागि दिइने निवेदन वा उजुरी |
| फैसला | – | वादी र प्रतिवादीका कुरा सुनेर अदालतका न्यायाधीशले दिने अन्तिम निर्णय |

फौजदारी – करणी, ज्यान मार्ने, आगजनी जस्ता अपराधसँग सम्बन्धित

बकपत्र – अदालतमा वादी र प्रतिवादीका साक्षीले मौखिक रूपमा बोलेका कुरालाई लिपिबद्ध गरिएको कागज

बयान – फौजदारी मुद्दामा प्रतिवादीले अनुसन्धानका क्रममा वा अदालतमा बोलेका कुरा

बयानकागज – फौजदारी मुद्दामा प्रतिवादीले अनुसन्धानका क्रममा वा अदालतमा बोलेका कुरालाई लिपिबद्ध वा रेकर्ड गरिएको दस्तावेज

बहस – न्यायाधीश समक्ष पक्ष र विपक्षका वकिलले आफ्नो पक्षको तर्फबाट मौखिक रूपमा प्रस्तुत गर्ने कानुनी तथ्य तथा तर्कहरू, पैरवी , बहसपैरवी

मुचुल्का – कुनै पनि घटनाका बारेमा सरजमिनका क्रममा घटना देख्ने सुन्ने मानिसले आफूले देखेजाने सम्मको बताएको विवरण लेखिएको कागज

मुद्दा – व्यक्ति व्यक्ति, व्यक्ति र समूह, व्यक्ति र राज्य, राज्य र व्यक्तिका बिचका अदालतमा विचारधीन विवादहरू

मुलुकी फौजदारी अपराध संहिता – के कस्ता अपराध गरेमा के कस्तो सजाय गर्नु पर्छ भनी व्यवस्थापिक संसदले बनाएको कानुन ।

मिसिल – मुद्दाका सन्दर्भमा अदालतमा पेश गरिएका कागजहरूको सिलसिलेवार रूपमा राखिएको फाएल

वादी – आफूलाई अन्याय पऱ्यो भनेर पहिले अदालतमा उजुर लिएर जाने पक्ष(व्यक्ति वा संस्था)

जाने पक्ष(व्यक्ति वा संस्था)

| | | |
|---|---|---|
| वारदात | – | घटना |
| वारिस/वारेस | – | मुद्दामा पक्षको प्रतिनिधित्व गरी अदालतमा उपस्थित हुने व्यक्ति |
| वारिसनामा | – | आफ्नो मुद्दामा आफू यसकारणले आउन नसकी फलानो व्यक्तिलाई पठाएको छु भनी प्रतिनिधित्व गराउने व्यक्तिले प्रतिनिधित्व गर्ने व्यक्तिलाई लेखिदिएको कागज |
| विचाराधीन | – | अदालतमा चलिरहेको, विचार गरी रहेको |
| विधायिकी | – | विधायिका वा संसदसँग सम्बन्धित |
| विनियम | – | नियमलाई स्पष्ट पार्नका लागि बनाइएका कार्यविधि |
| वैतनिक वकिल | – | आर्थिक स्तर कमजोर भएका निजी वकिल नियुक्त गरेर कानुनी सहायता लिन नसक्ने मानिसहरूका लागि सरकारद्वारा वेतन - तलब) दिने गरी नियुक्त वकिल |
| संविधान | – | देशको मूल कानुन, राज्य सञ्चालन गर्ने मूल कानुन |
| सङ्कथन विश्लेषण | – | भाषिक उपकरणका आधारमा सङ्कथनको विश्लेषण गर्ने काम |
| सजाय | – | दण्ड, कैद, जरिवाना |
| सफाइ | – | लगाइएको अभियोगबाट छुटकारा पाउनु, निर्दोष सावित हुनु |
| सम्बन्धबिच्छेद | – | लोग्ने स्वास्नीको नाता सम्बन्ध कानुनी रूपमा अन्त्य गर्ने काम |
| सरकारी वकिल | – | फौजदारी मुद्दामा सरकारको तर्फबाट नियुक्त गरिएका वकिल |
| सरहद | – | सीमा, सीमाना |

| | | |
|---|---|---|
| सर्वोच्च | – | सर्वोच्च अदालत |
| साक्षी | – | मुद्दामा वादी प्रतिवादीले आफ्ना दावी प्रमाणित गर्नका लागि प्रस्तुत गर्ने देख्ने सुन्ने मानिस |
| सार्वभौमसत्ता | – | जनतामा रहेको सर्वोच्च शक्ति , स्वामित्वको शक्ति |
| हाइमेन -(कन्याजाली) | – | स्त्री जातिको योनीद्वारको वरिपरिको पातलो झिल्ली |
| हतकडी | – | कुनै फौजदारी अभियोगमा पक्राउ परेका वा सजाय पाएका मानिसलाई थुना वा कैदबाट बाहिर ल्याउँदा भाग्न नदिन नारीमा लगाइने फलामे बन्धन |

## परिशिष्ट ग

## शोधमा उपयोग भएका अङ्ग्रेजी नेपाली पारिभाषिक शब्द सूची

| नेपाली | अङ्ग्रेजी |
|---|---|
| कार्य अनुक्रम | Act Sequence |
| एजेन्ट | Agents |
| प्राचीनता विरोधी | Anti-Semitism |
| प्रतिज्ञामूलक वाक्क्रिया | Ccommissive speech act |
| वर्ग | Class |
| संसक्ति | Coherence |
| सहमत | Comply with |
| बेवास्ता | Condone |
| सन्दर्भ | Context |
| परम्परागत | Convensational |
| संवादात्मक | Conversational |
| संवादात्मक व्यञ्जना/निहितार्थहरू | Conversational implicature |
| संवादात्मक व्यञ्जना | Conversational implicutare |
| सहयोगात्मक सिद्धान्त | Co-operative theory |
| आलोचनात्मक भाषाविज्ञान | Critical Linguistics |
| घोषणात्मक वाक्क्रिया | Declarative speech act |
| निर्देशक कोटि | Deictic experession |
| निर्देशन | Deixis |

| | |
|---|---|
| विवरण | Description |
| विवरण | Description |
| वर्णन ( पाठ विश्लेषण)/ | Description(text analysis |
| आयाम | Dimension |
| सङ्कथनको त्रिआयाम | Dimensions of discourse |
| सङ्कथन विश्लेषणको त्रिआयाम | Dimensions of discourse analysis |
| दिशा | Direction |
| निर्देशनात्मक वाक्क्रिया | Directive speech act |
| सङ्कथनात्मक अभ्यास | Discourse practice |
| विभेद | Discrimination |
| सङ्कथनात्मक अभ्यास | Discursive practice |
| प्रभुत्व | Dominance |
| प्रभुत्व/बर्चस्व | Dominance |
| प्रभावशाली शैली | Dominant styles |
| ज्ञानशास्त्रीय | Epistemological |
| अनुभवजन्य | Empirical |
| अनुभवजन्य तथ्याङ्क | Empirical data |
| अनुभवजन्य विधि | Empirical method |
| उद्देश्य वा लक्ष्य | End (E) _ |
| आधारभूत सर्त | Essential condition |
| स्पष्टीकरण | Explanation |
| स्पष्टीकरण/आलोचनात्मक व्याख्या | Explanation |

| | |
|---|---|
| वर्णनात्मक व्याख्या ( सामाजिक विश्लेषण) | Explanation(social analysis |
| अभिव्यक्तिमूलक वाक्क्रिया | Expressive speech act |
| लिङ्ग | Gender |
| सामान्यिकृत संवादात्मक | Generalized conversational |
| उदार | Generous |
| विधा | Genres (G) |
| आधिपत्य | Hegemony |
| व्याख्यासँग सम्बन्धित, खासगरी बाइबल अथवा साहित्यिक पाठ | Hermeneutic |
| हिचकिचाहट | Hesitation |
| दर्जानुक्रम | Hierarchy |
| अतिशयोक्तिपूण | Hyperbolas |
| विचारधारा | Ideology |
| इल्लोक्युसनरी क्रिया | Illocutionary act |
| इल्लोक्युसनरी शक्ति | Illocutionary force |
| व्यञ्जना | Implicature |
| व्यञ्जित | Implied |
| संस्था | Institution_, |
| साधन वा माध्यम | Instrumentalities (I) |
| रुचि | Interess |
| व्याख्या | Interpretation |

| | |
|---|---|
| व्याख्या | Interpretation |
| व्याख्या ( विश्लेषणको प्रक्रिया ) | Interpretation (processing analysis |
| अन्तर्पाठात्मकता | Intertextuality |
| अन्तर्पाठात्मकता | Intertextuality |
| कुञ्जी/उपाय | -Key (K)_ |
| विचारधारात्मक आलोचना | ldeological Criticism |
| शाब्दिक शैली | lexical style |
| भाषिक विश्लेषण | Linguistic analysis |
| भाषिक आलोचनावाद | Linguistic Criticism |
| नकारात्मकतामा सकारात्मक अभिव्यक्ति | litotes |
| स्थानीय बोलीको अर्थ ( स्थानीय बोलीचाली) जस्तै अस्वीकरण | local semantic moves such as disclaimers |
| लोक्युसनरी क्रिया | Locutionary act |
| लोक्युसनरी शक्ति | Locutionary force |
| उक्ति वा सूत्र | Maxim |
| व्यवहारोक्ति | Maxim of manner |
| गुणोक्ति | Maxim of quality |
| परिमाणोक्ति | Maxim of quantity |
| सम्बन्धोक्ति | Maxim of relevance |
| मध्यस्थ कार्य | Mediated action |
| मध्यस्थताका साधन | Mediational means |

| | |
|---|---|
| रूपकहरू | Metaphors |
| उपमा | Metonymies |
| उपहासपूर्ण | Mocking |
| मोडालिटी | Modality |
| नम्र वा विनीत | Modest |
| अभ्यासको शृङ्खला | Nexus |
| गैरप्राकृतिक अर्थ | Non-natural meaning |
| मापदण्ड | Norms (N) |
| आलोचनात्मक भाषाविज्ञानका बुँदा | Notes on Critical Linguistics |
| विकास प्रक्रिया | Ontogenesis |
| तत्वशास्त्रीय | Ontological |
| सहभागी | Participant (P) |
| विशेषीकृत संवादात्मक व्यञ्जना | Particularized conversational implicature |
| पाण्डित्यपूर्ण | Pedantic |
| मनाउने वा फकाउने | Persuasive |
| भद्रता | Politeness |
| शक्ति | Power |
| शक्ति घेरा | Power circle |
| अभ्यासहरू | Practices |
| प्रयोगार्थ उपकरणहरू | Pragmatic tools |

| | |
|---|---|
| प्रयोगार्थ | Pragmatics |
| प्रयोगार्थविज्ञान | Pragmatics |
| औचित्यपूर्ण | Precise |
| पूर्व तयारी सर्त | Preparatory condition |
| सुबोध | Prespicuous |
| पूर्वअवधारणा | Presupposition |
| पूर्वानुमान | Presuppositions |
| पूर्वकल्पना/पूर्वधारणा, | Presuppositions, |
| व्याख्याको प्रक्रिया | Process of interpretation |
| उत्पादनको प्रक्रिया | Process of production |
| प्रतिज्ञप्ति | Proposition |
| प्रतिज्ञप्तिपरक वस्तुको सर्त | Propositional content condition_ |
| प्रस्तावित संरचना | Propositional structures |
| जातजाति | Race |
| सन्दर्भ विन्दु | Reference point |
| दुरता | Remoteness |
| सुधार वा मर्मत | Repairs |
| प्रतिनिधिमूलक वाक्क्रिया | Representative speech act |
| उत्पादन | Reproduction |
| सन्दर्भपरक भनाइ वा भनाइका हाउभाऊ मुखाकृति आदिका आधारमा आउने अर्थ | Rhetorical figures |

| | |
|---|---|
| कथित | Said |
| व्यङ्ग्यात्मक | Sarcastic |
| योजनाबद्ध सङ्गठन वा रेखाचित्रात्मक सङ्गठन | Schematic organization |
| विचारधारात्मक समूह | Schools |
| सन्दर्भगत अर्थ | Semiosis |
| साङ्केतिक/भाषेतर पक्ष | Semiotic aspect |
| गम्भीर | Serious |
| सद्भावनाको सर्त | Sincerity condition |
| संलग्नताका क्षेत्र | Site of engagement |
| परिस्थिति | Situation (S) |
| सन्दर्भपरक, संस्थापरक, समाजपरक | Situational, institutional, societal |
| सामाजिक ऐतिहासिक सन्दर्भ | Social historical context |
| सामाजिक मर्यादा | Social order |
| सामाजिक मर्यादा | Social order |
| सामाजिक शक्ति | Social Power |
| सामाजिक संरचना | Social structure |
| सामाजिक संरचना | Social structure |
| समाज-साँस्कृतिक अभ्यास | Sociocultural practice |
| वाक्क्रिया | Speech acts |
| बलाघात र आरोह अवरोह | Stress and intonation |
| सहानुभूतिशील | Sympathetic |

| | |
|---|---|
| वाक्यात्मक संरचना | Syntactic structures |
| वाक्यविन्यास वा गठन | Syntax |
| व्यवस्थापरक कार्यात्मक भाषा विज्ञान | Systematic Functional Linguistics /SFL |
| व्यवस्थापरक कार्यपरक व्याकरण | Systemic-functional grammar |
| समझदार | Tactful |
| काल | Tense |
| पाठ | Text |
| अभ्यासको समुदाय | The community of practice |
| अभ्यासको शृङ्खला | The nexus of practice |
| हृदयस्पर्शी | Tight-hearted |
| समय | Time |
| शीर्षक चयन | Topic choice |
| सकर्मकता | Transitivity |
| सत्यता मूल्य | Truth value |
| पालो प्रणाली | Turn takings |
| उच्चार | Utterance |
| शब्दक्रम | Word order |

## परिशिष्ट घ

## अदालती प्रक्रियामा प्रयोग हुने भाषाका सङ्कथनहरूका सहभागी वक्ताहरू स्थिति

### सङ्कथनका सहभागीहरूको कानुनी भाषिक पृष्ठभूमि

| पाठ | मुद्दा | संवादको प्रकृति | सहभागी | लिङ्ग |
|---|---|---|---|---|
| १ | जबरजस्ती करणी | बयान | न्यायाधीश -<br>पक्ष ( प्रतिवादी )<br>वकिल | पुरुष<br>पुरुष<br>पुरुष |
| २ | अंशबण्डा | कुराकानी | वकिल<br>पक्ष - | पुरुष<br>पुरुष |
| ३ | ठगी | बहस | न्यायाधीश<br>वकिल | पुरुष<br>पुरुष |
| ४ | जबरजस्ती करणी | बयान | कर्मचारी<br>अभियुक्त<br>न्यायाधीश | महिला<br>पुरुष<br>पुरुष |
| ५ | देवानी/फौ | कुराकानी | वकिल<br>स्वास्नी ( पक्ष)<br>लोग्ने -( पक्ष) | पुरुष<br>महिला<br>पुरुष |

| | | | | |
|---|---|---|---|---|
| ६ | देवानी | कुराकानी | वकिल<br>पीडित (१)<br>पीडित(२) | पुरुष<br>महिला<br>महिला |
| ७ | जबरजस्ती करणी | बहस | न्यायाधीश -<br>वकिल | पुरुष<br>पुरुष |
| ८ | जबरजस्ती करणी | बहस | स वकिल<br>प्र वकिल<br>न्यायाधीश | पुरुष<br>पुरुष<br>पुरुष |
| ९ | जग्गा खिचोला | कुराकानी | वकिल<br>पक्ष -पु) | पुरुष<br>पुरुष |
| १० | जबरजस्ती करणी | बयान | न्यायाधीश<br>वकिल<br>महिला ( प्र.आमा (म)<br>कर्मचारी<br>अभियुक्त (पु) | पुरुष<br>पुरुष<br>महिला<br>पुरुष<br>पुरुष |
| ११ | जबरजस्ती करणी | कुराकानी | वकिल<br>अभियुक्त<br>अभियुक्तको आफन्त | पुरुष<br>पुरुष<br>पुरुष |
| १२ | बैङ्किङ कसूर | कुराकानी | वकिल<br>पक्ष | पुरुष<br>महिला |

| | | | | |
|---|---|---|---|---|
| १३ | जबरजस्ती करणी | बहस | स.वकिल | पुरुष |
| | | | न्यायाधीश | पुरुष |
| | | | प्र वकिल | पुरुष |
| १४ | जबरजस्ती करणी | कुराकानी | वकिल | पुरुष |
| | | | प्रतिवादीकी आमा (म) | महिला |
| १५ | जबरजस्ती करणी | बहस | न्यायाधीश | पुरुष |
| | | | स वकिल | पुरुष |
| | | | प्र वकिल | पुरुष |
| १६ | जबरजस्ती करणी | कुराकानी | वकिल | पुरुष |
| | | | प्रतिवादी | पुरुष |
| १७ | कर छली | कुराकानी | वकिल | पुरुष |
| | | | पक्ष (प्रतिवादी) | पुरुष |
| १८ | अंशबण्डा | छलफल | न्यायाधीश | पुरुष |
| | | | पक्ष ( प्रतिवादी ) | पुरुष |
| | | | वकिल | पुरुष |
| १९ | लागुऔषध | कुराकानी | महिला | महिला |
| | | | पुरुष | पुरुष |
| | | | वकिल | पुरुष |

| | | | | |
|---|---|---|---|---|
| २० | जबरजस्ती करणी | कुराकानी | वकिल<br>पीडित | पुरुष<br>महिला |
| २१ | जबरजस्ती करणी | कुराकानी | वकिल<br>पीडित | पुरुष<br>महिला |
| २२ | बालयौन दुराचार | बयान | न्यायाधीश<br>बालक<br>कर्मचारी | पुरुष<br>पुरुष<br>पुरुष |
| २३ | जबरजस्ती करणी | कुराकानी | बालिका म)<br>शोधार्थी | महिला<br>पुरुष |
| २४ | जबरजस्ती करणी | बयान | स वकिल<br>पीडित (म) | पुरुष<br>महिला |
| २५ | सम्बन्ध बिच्छेद | कुराकानी | वकिल<br>पक्ष<br>पक्षको आफन्त | पुरुष<br>पुरुष<br>पुरुष |
| २६ | जबरजस्ती करणी | कुराकानी | वकिल<br>पीडित | पुरुष<br>महिला |
| २७ | जबरजस्ती करणी | बयान | कर्मचारी<br>प्रतिवादी<br>न्यायाधीश | पुरुष<br>पुरुष<br>पुरुष |

| | | | | |
|---|---|---|---|---|
| २८ | अंश | कुराकानी | वकिल<br>पक्ष | पुरुष<br>पुरुष |
| २९ | जबरजस्ती करणी | बहस | स.वकिल<br>प्र वकिल<br>न्यायाधीश | पुरुष<br>पुरुष<br>पुरुष |
| ३० | जबरजस्ती करणी | बयान | कर्मचारी<br>प्रतिवादी | पुरुष<br>पुरुष |

**अदालत र भाषिक घटना सङ्ख्या**

| अदालत | तथ्याङ्क सङ्ख्या |
|---|---|
| काठमाडौ जिल्ला अदालत | ८ |
| ललितपुर जिल्ला अदालत | ८ |
| भक्तपुर जिल्ला अदालत | ९ |
| वकिलको कार्यालय | ४ |
| सर्वोच्च अदालत | १ |

**सहभागीको स्थिति**

| **सहभागी** | **सङ्ख्या** |
|---|---|
| न्यायाधीश | १२ |
| कानुन व्यवसायी (प्रतिवादीका) | २३ |
| सरकारी वकिल | ७ |
| अदालतका कर्मचारी | ७ |
| पीडित | ७ |
| प्रतिवादी | २८ |
| अन्य | ७ |
| जम्मा सहभागी | ९० जना |